श्री

5085

5075

अनुवादक

पुष्कर शमशेर

प्रकाशक

ने. भा. प्र. समिति, नेपाल

New number
62-36

D D Sharma

८२३
का १८सी



बट्टा

डाक्टर
८०६९

236

श्री

हेन्रि राइडर ह्यागर्डको प्रसिद्ध उपन्यास

अनुवादक

मे. क. पुष्कर शमशेर ज. ब. राणा,

अध्यक्ष, नेपाली भाषानुवादपरिषद्

नै.भा.प्र.स.

नेपाली भाषानुवाद-परिषद्

प्रकाशक

मे. क. बालकृष्ण शमशेर ज. ब. राणाका

अध्यक्षतामा

नेपाली भाषाप्रकाशिनी समिति

काठमाडौं, नेपाल

मूल्य मो. रु. १।

हाकिम मास्टर खड्गमान मल्लको
प्रबन्धबाट

१९९८ सालमा प्रथम संस्करण १०००

मुद्रक
माधव विष्णु पराड़कर
ज्ञानमण्डल यन्त्रालय, काशी

परिचय

नेपाली भाषानुवादपरिषद्‌बाट तयार भएको यो पहिलो पुस्तकको परिचय लेख्ता मलाई सन्तोष लागेको छ ।

नेपाली भाषाप्रकाशिनी समितिले विभिन्न रूपका काम गर्नु-पर्ने भई श्री ३ महाराजबाट लेखाइको काम एकत्रित र अटूट होस् भनी यो नेपाली भाषानुवादपरिषद् खड़ा गरिबक्सिएको हो ।

कामको शुरूमै, हाम्रो साहित्यको आधुनिक अवस्थामा कुन किसिमको पुस्तक लेखाउने भन्ने प्रश्न उठ्यो । सबै भाषाप्रेमीका राय लियौं, तर प्रश्नको टुङ्गो लाग्न सकेन । विश्वविद्यालय र परीक्षातर्फ सम्बन्ध भएकाले पाठ्य-पुस्तकपट्टि नै जोड़ दिए । परीक्षालयहरूबाट उचित स्थान नपाएसम्म भाषा उच्च श्रेणीमा चढ्‌नै सक्तैन, तसर्थ पाठ्य-पुस्तक नै उल्था गर्नुपर्ने यस पक्षको राय भयो। यो कुरा होइन भन्न सकेनौं । शिक्षालयबाहिरका मानिसहरूको भनाइ अर्कै भयो । अहिले हाम्रो भाषातर्फ नयाँ जोश र उत्साह फैलिन लागेको छ । हरेक नवयुवकले कलम चलाउन लागेका छन् । यस्तो बढ्न लागेको उत्साहलाई मर्न दिन हुन्न । अहिले यस्ता मौलिक लेख जति आए उति लिंदै उत्साह बढाइदिनालाई छपाउँदै जानुपर्छ । कुनै लेख कमती दर्जाका हुन सक्छन्, तर यस्तै जोशको बीजबाट नै साहित्यकुञ्ज हराभरा हुन्छ । यो कुरा पनि बेमुनासिब थिएन । उत्साह-पुष्प उम्रन गाह्रो हुन्छ, तापनि थोरै सहानुभूतिले नै चाँड़ो बढ्दै जान्छ, तर

पहिलो बहाड़मै ओइलाउन दियो भने फेरि धेरै कालसम्म उम्रनै नसक्ने गरी मर्दछ । तसर्थ जागृत उत्साहलाई कुठाराघात गर्नु सुनको फुल पार्ने कथाको हाँसलाई मार्नु जस्तो हुन्छ । तेस्रा थरीको राय पनि उत्तिकै सत्य र प्रामाणिक थियो । साहित्यको काम एकाध विद्वान् या एउटा सानो शिक्षित समुदायलाई विद्या-रसमा भुलाउने वा साहित्यनशाको कल्पित संसारमा झुलाउने होइन । सर्वसाधारणमा भाषाको विकास गरी सबैलाई एकै किसिमबाट विचार गर्न र भाव प्रकट गर्न सिकाई एकत्वको सूत्रमा बाँध्नु नै यसको मुख्य मुराद हो र हुनुपर्दछ । यो कुरा पुऱ्याउना-लाई हरेकले बुझ्न सक्ने, सबैले रुचाउने, सारा आकर्षित हुने पुस्तक तयार गर्नुपर्दछ ।

यी सब कुराको विचार गरी नेपाली भाषानुवादपरिषद्का अध्यक्ष मे० क० पुष्कर शमशेर ज० ब० राणा दाजीसित सल्लाह गरी हामीले एक योजना खड़ा गर्यौं । अहिलेको हकमा नेपाली पुस्तक आफूखुशीले पढ्ने ४।५ सयभन्दा बढ्ता भएको बुझिन्न । यो संख्या नबढाएसम्म जस्तै उपयोगी पुस्तक तयार गरे तापनि फाइदा उठाउने बहुतै कम भए । यो संख्या बढाउन पढाइका किसिम र तरीकाबाहेक मुख्य उपाय त रोचक पुस्तक नै हुन्छ । रोचकको हकमा संसारभरको रुचि संख्याको गणनामा उपन्यासले प्रथम स्थान पाएको छ । तसर्थ भाषाको विकास र उन्नतिमार्गमा उपन्यासलाई प्रधान नभए पनि उच्च स्थान दिन करै लाग्यो ।

नेपाली भाषानुवादपरिषद्बाट तर्जुमा भएका पुस्तकहरूमध्ये पहिलो हूलमा 'शी'ले स्थान पाएको कारण यही हो । हाम्रो

परिस्थितिको प्रतिकुल पनि नहुने, ज्यादा आधुनिक ढङ्गको भई हामीले बुझ्न नसक्ने पनि नहुने पुस्तक छान्दा, झन्डै ५० वर्ष-अगाड़ि वेलायतमा खूब लोकप्रिय भई सनसनी फैलाएको, पूर्वीय र झन् पहाड़ी समाजलाई पत्यार पर्ने तिलस्मी र अद्‌भुत घटनाको अंश भएको यो अङ्ग्रेजी उपन्यास नै वेस हुने ठहरायौं। हाम्रो अडकल कत्तिको असल भयो पछि मात्र थाहा हुने कुरा छ।

पुस्तकका अनुवादक दाजी मे० क० पुष्कर शमशेर ज० ब० राणाको लेखाइको शैली र गुणको बारेमा मैले भन्ने कुरा होइन, पाठकवर्गले कदर गर्ने कुरा हो। तर उहाँको निरंतर जाँगर र उत्साही मेहनतविना यो र यसपछि ताँति लाग्ने पुस्तकहरू यति चाँडो पाठकवर्गको अगाड़ि आउन सक्ने थिएनन् भनी म निश्चयसाथ भन्न सक्तछु।

अरू के भनूँ, यो कथा हो। सुन्नेले सुनको माला पाऊन्, भन्नेले फूलको माला पाऊन्, अनि यसमा मेहनत गर्नेहरूले यशको माला पाऊन्!

श्री मृगेन्द्र शमशेर

दुइ चार कुरा

यहाँ सकेसम्म लेखकको कुनै पद नछोड़ी नेपाली लेखन-शैलीमा ढाल्न कोशिश गरेको छु, यद्यपि कहीं कहीं लेखकको भनाइको कित्ता ल्याउनालाई शैली बेढंगको हुन गएको छ ।

चिह्नको सहारा लिन उचित नदेखिएको हुनाले नेपाली पद-संग भ्रम नहोस् भनी कुनै कुनै व्यक्तिगत नामको उच्चारणमा स्वतन्त्रता लिएको छु, जस्तोः—जौब, आश्शा, इत्यादि । तैपनि हुन सकेसम्म अंग्रेजी उच्चारणको नजीक पुग्ने प्रयत्न पनि गरेको छु ।

कृष्णप्रसाद पन्तको छोटकरी अंग्रेजीमा K. P. Panta हुन्छ Kri. Pra. Panta हुँदैन, उस्तै Ludwig Horace Holly को अंग्रेजी छोटकरी L. H. H. नेपालीमा लेख्ता ल० हो० हो० हुनुपर्ने भन्ने समझ लिएको छु। तर छोटकरी नाउँ नै व्यक्तिगत नाउँले चलेको भए, यो कुरा लागू होओइन ।

यस उपन्यासमा पाठकहरूको रुचि देखियो भने उनै लेख-कको 'आश्शा, द रिटर्न अव शी (=शीको प्रत्यागमन)' को अनुवाद हुनेछ ।

अनुवादक

परिच्छेद-सूची

		पृष्ठ
	परिचय	क
	दुइ चार कुरा	घ
	उपोद्घात	१
परिच्छेद		
१	मेरो पाहुना	९
२	वर्ष बित्तै गए	२२
३	अमेनर्टसको खपटा	३०
४	तूफान	५२
५	हवशीको टाउको	६६
६	उहिलेको क्रिस्तानी रीत भाँत	८२
७	अस्टेनले गाउँछे	९९
८	भोज, त्यसपछि !	११५
९	सानो खुट्टा	१२९
१०	कल्पना	१४१
११	कोरको मैदान	१५४
१२	'शी'	१६८
१३	आइशा घुम्टो झिक्छिन्	१८३
१४	नरकमा परेको आत्मा	२०४
१५	आइशा इनसाफ गर्छिन्	२१७
१६	कोरका च्याहान	२३०

पृष्ठ

१७ तराजू अर्कोपट्टि ढल्कन्छ २४५
१८ 'जा, स्वास्नीमान्छे !' २६४
१९ 'मलाइ कालो बोका देऊ !' २८२
२० विजय २९६
२१ मृत र जीवित भेट्छन् ३१३
२२ जौवलाइ पूर्वसूचना भयो ३२५
२३ सत्यको मन्दिर ३४३
२४ फल्याकको फट्के ३५७
२५ प्राणको आत्मा ३७२
२६ हामीले के देख्यौं ३९१
२७ हामी फट्कन्छौं ४०५
२८ पर्वतमा ४१७

चित्र-सूची

नाम	पृष्ठ
बट्टा	मुखपृष्ठपट्टि फर्केको
'आफ्नो ज्यानको लागि हाँक्, महम्मद !' ...	६१
उसको सुन्दर गोरो मुख सबैलाइ नाँघी माथि रहेको थियो	१२७
आरशा घुम्टो झिक्छिन्	१९९
'आऊ !'	३०५
सत्यको मन्दिर	३५४
म तर्लङ्ग झुण्डिएर झुलें	४१२

श्री पं० धरणीधर शर्मालाई उपहार

पुष्कर

उपोद्घात

मैले संसारलाइ दिन लागेको यो बयान एउटा अद्भुत घटनाको रूपले मात्र विचार गर्दा पनि अझसम्म नश्वर मनुष्यले देखे सुनेकोमा अति आश्चर्यजनक र रहस्यमय अनुभवमध्येको हो भन्ने मैले ठानेको हुनाले यससँग मेरो के सम्बन्ध छ त्यसको परी लाउनु आवश्यक सम्झन्छु । उसैले भनिहाल्छु, यो असाधारण इतिहासको बयान मैले गरेको होइन, म त सम्पादक मात्र हुँ, अनि यो लेख कसरी मेरो हात पर्‍यो बयान गर्न शुरू गर्दछु ।

म सम्पादक केही वर्षअगाडि कुनै विश्वविद्यालयमा (त्यसलाइ यो इतिहासको निमित्त केम्ब्रिज भन्दछु) एउटा मित्रसँग बस्थें । एक दिन सड़कमा हातेमालो गरी हिंड्न लागेका दुइ जना मानिसको अनुहार देख्ता छक परें । एक जना निस्सन्देह मैले देखेभरमा सबभन्दा राम्रो थियो । उ अग्लो थियो, उसको छाती चौडा थियो, जंगली हरिणमा जस्तै स्वाभाविक शक्ति र लावण्य उसको हावभावबाट प्रकट हुन्थ्यो । यति मात्र होइन उसको हिसी परेको सुन्दर मुखमा खोट लाउने कुनै कुरा नै थिएन भने पनि हुन्थ्यो । बाटो हिंड्न लागेकी एउटी महिलालाइ देखेर शिष्टाचारपूर्वक टोप फुकाल्दा उसका केशका प्रशस्त साना साना सुनौला मुन्द्रा देखिए ।

आफूसँगै हिंडेका मित्रलाइ मैले भनें, 'तिमीले त्यस मान्छेलाइ देख्यौ ? त्यो ता अपलोको सालिग जिउँदो भएर आएको जस्तो देखिन्छ । ओहो, के बिघ्न तेजस्वी !'

उनले जवाब दिए, 'हो विश्वविद्यालयभरमा त्यो सबभन्दा राम्रो ठहरिएको छ, त्यसको बानी पनि चौपट्टै जाती छ । त्यसको नाउँ भिन्सि हो तर त्यसलाइ "ग्रीक देवता" भन्द-

छन् । फेरि अर्को चार्हिलाइ हेर त; त्यो भिन्सिको संरक्षक हो । त्यसलाई जतातत्तैको खबर थाहा छ रे । त्यसलाइ "केरन" भन्दछन् । त्यसो भन्नाको कारण उसको हेरिनसक्नु अनुहारले हो वा आफ्नो संरक्षणमा रहेको युवकलाइ परीक्षाको गहिरो समुद्र-पार तारेकोले हो—म यसै भन्न सक्तिन ।'

मैले हेर्दा त्यो पाको चार्हिलाइ उसँगको मानवजातिको गौरवशाली नमूना जत्तिकै उसको आफ्नो किसिममा चाख-लाग्दो देखें । त्यो पुगनपुग चालीस वर्षको हुँदो हो । त्यसको साथी जत्तिको राम्रो थियो त्यत्तिकै त्यो नराम्रो थियो । त्यसको पुड्को कद, अलिअलि बामखुरे खुट्टा, सुत्त भित्र पसेको छाती, ज्यादा लामा हात, कालो कपाल, साना आँखा, निधार-सम्म झ्यापझ्यापति उम्रेका रौं, कपालैसित जोरिन पुगेका खातापाता, थोरै हिस्सामा मात्र देखिने मुख देख्ता त्यसले मलाइ गोरिला वानरको संझना नगराइछाडेन । तर त्यति भई-कन पनि त्यसको आँखातिर खूब हृदयग्राही र फरासिलो केही कुरा थियो । त्यस वेला मैले उसँग चिनाजानी गर्न पाए हुन्थ्यो भनेको अझ पनि संझन्छु ।

मेरा मित्रले भने, 'हुन्छ, सजिलै छ । भिन्सिसित मेरो जानपहिचान छ; म तिमीलाइ चिनाइदिन्छु,' अनि उनले चिनाइदिए । त्यसपछि केही बेरसम्म हामीले खडाको खडै कुरा गरिरह्यौं—जुलु जातिको बारेमा हो क्यारे, किनभने त्यस वेला भर्खर म उत्तमाशा अन्तरीपबाट फर्केको थिएँ ।

एकै छिनपछि, नाउँ भने संझन सकिनँ, खैरो कपाल भएकी ठिटीलाइ साथ लिएर एउटी मोटीघाटी स्वास्नीमान्छे त्यही सडकमा आइपुगी । ती दुवैलाइ भिन्सिले चिनेको स्पष्टै थाहा हुन्थ्यो, किनभने त्यो पनि तुरुन्तै उनीहरूसित लागेर सँगसँगै

गयो। पाको मान्छे चाहिँको (उसको नाम 'होलि' रहेछ भन्ने मैले पछि पत्ता लाएँ) मुखको भाव त्यो स्वास्नीमान्छे आउँदा वदलिएकोमा मलाइ हाँसो उठेको अद्यापि बिर्सेको छैन। कुरा गर्दा गर्दै त्यो सहसा रोकियो, आफ्नो साथीलाइ तिरस्कारको दृष्टिले हेर्‍यो, त्यसपछि मलाइ सलाम गरेको रूपमा झट्ट टाउको झुकाएर फर्क्यो, अनि एक्लै सरासर गयो। वहुला कुकुरदेखि धेरैजसो मानिसहरू डराए झैं स्वास्नीमान्छेदेखि त्यो ज्यादै डराउँछ भन्ने कुरा मैले पछिवाट सुनें, त्यसै कारण अवझटमा त्यो गएको रहेछ। यस मौकामा जवान भिन्सिले स्त्रीसङ्गतलाइ उस्तो नफरत देखायो भन्न सकिंदैन। त्यस वेला मैले हाँसेर आफ्ना मित्रलाइ भनें, 'आफूले विहा गर्न आँटेकी आइमाईसँग चिनाजानी गराउन माफिकको मानिस त्यो रहेनछ, किनभने चिनाजानी गराउनासाथ त्यो आइमाई उसैमा लहसिनु ज्यादै संभव छ।' यो कुरा अझै संझिराखेको छु। त्यो ज्यादा राम्रो त छँदै थियो, उसमाथि प्रायः राम्रा मान्छे मा हुने आत्माभिमान र अहङ्कार त्यसमा कत्ति पनि थिएन, जुन अहङ्कारले गर्दा राम्रा मान्छे आफ्ना साथीहरूको अप्रिय हुनु स्वाभाविकै हो।

मित्रको पाहुना भएर वस्ने मेरो दिन त्यही बेलुका समाप्त भयो, त्यसपछि धेरै दिनसम्म 'केरन' र 'ग्रीक देवता' लाइ देख्नु सुन्नु केही भएन। साँचै नै त्यस वेलादेखि अहिलेसम्म मैले ती दुवैलाइ देखेको छैन, फेरि देखुँला भन्ने सम्भव छ जस्तो पनि लाग्दैन। तर हालै महीना दिनअगाडि मैले एउटा चिट्ठी र दुइटा पुलिन्दा पाएँ। एउटा पुलिन्दा चाहिं लेखोटहरूको रहेछ। चिट्ठी खोलेर हेर्दा 'होरेस होलि' भन्नेले लेखेको रहेछ। त्यस वेलासम्म त्यो नाउँ मेरो निमित्त नौलो थियो। चिट्ठीको बेहोरा यो होः—

'केम्ब्रिज कलेज, १ मे १८–

'प्रिय महाशय !

'हाम्रो चिनाजानी सारै कम भएकोले मेरो यो पत्र पाउँदा त्यहाँलाइ अचम्म लाग्नेछ। त्यसैले कैयन् वर्षअगि हाम्रो एक पटक भेट भएको संझना गराई यो पत्र शुरू गर्नु बढिया संझन्छु। त्यस वेला केम्ब्रिजको सडकमा म र मेरो संरक्षणमा रहेको युवक लिओ भिन्सि त्यहाँसँग चिह्नाइएका थियौं। अब लम्बे चौडे कुरा छोडी म आफ्नो कामको कुरा उठाउँछु। त्यहाँले लेख्नुभएको मध्य अफ्रिकाको घटनाको बयान भएको पुस्तक मैले हालैमा खूब चाख मानी पढें। त्यो पुस्तकलाइ मैले केही अंशमा सत्य र केही अंशमा कल्पित ठहराएँ। तर जे भए ता-पनि त्यस पुस्तकले मेरो मनमा एक खयाल पैदा गरिदियो। फेरि यस्तो संयोग पनि पर्‍यो कि मेरो संरक्षणमा रहेको अथवा आफ्नै धर्मपुत्र भने पनि हुने सो युवक लिओ भिन्सि र मसमेत दुवै जनालाइ हालसालैमा अफ्रिकाको एक साँच्चिकै अद्भुत घटनाको अनुभव गर्नुपर्‍यो। कसरी पर्‍यो त्यो कुरा यसैसाथ मानिसहस्ते पठाएका लेखोट, स्कारब रत्न, 'सूर्यको राजसी पुत्र,' र माटाको भाँडाको मूल खपटामा देख्नुहुन्यैछ। त्यो घटना त्यहाँले बयान गर्नुभएको भन्दा पनि यति बढ्ता अद्भुत किसिमको छ कि साच्चै भनूँ भने मेरो बयानमा त्यहाँ-लाइ पत्यार परोइन कि भन्ने लाग्छ। त्यसैले यो बयान त्यहाँ-लाइ संकोच मानी मानी सुम्पिरहेछु। त्यस लेखोटमा यो कुरा लेखिएको त्यहाँले देख्नुहुनेछ कि मैले, आच्चे हामीले, आफ्नो सम्मिलित जीवनभर यस इतिहासलाइ प्रकाशित नगर्ने भनी मसक्क आँटेका थियौं। त्यस अठोटलाइ अहिले यो परिस्थिति परिनआउँदो हो ता बदल्ने पनि थिएनौं। त्यो लेखोट राम्ररी

हेरेपछि हामी फेरि किन जान लाग्यौं त्यसका अनेक कारणहरू त्यहाँले आफै अडकल गर्न सक्नुहुनेछ। यस पटक हामी संसार-भरमा अन्त पाउन नसकिने बुद्धि पाइने ठाउँ, अर्थात् मध्य एशियातिर जान आँटेका छौं। हाम्रो त्यहाँको सफर लामो होला भन्ने अन्दाज गरेका छौं, शायद हामी त्यहाँबाट फर्कने पनि छैनौं। यस्तो परिवर्तित अवस्थामा आफूले अनुपम रोचक भनी ठहराएको घटनालाइ केवल आफ्नो जीवन त्यसभित्र मुछि-एको छ भनेर वा आफ्नो बयान हास्यपात्र र शङ्कनीय हुनेछ भन्ने भयले गर्दा संसारलाइ त्यस घटनाबाट वञ्चित गराउनु हाम्रो निमित्त उचित हो कि होइन भन्ने प्रश्न उठ्यो। यस विषय-मा पहिले हाम्रो राय बाझियो तापनि अन्त्यमा धेरै छलफल भएपछि हामीले एउटा कुरा मिलायौं, अर्थात् आफ्नो वास्तव नाउँ र यो वृत्तान्त साँचो हो भन्ने पत्यार पार्नसम्म चाहिने-बाहेक आफ्नो व्यक्तिगत परिचयको बारेमा सबै कुरा गोप्य राखी छपाउने ठहरियो। अतः त्यहाँ योग्य ठान्नुहुन्छ भने त्यति कुराको मात्र बाधा राखी प्रकाश गर्न त्यहाँलाइ पूर्ण अधिकार सुम्पी यो इतिहास त्यहाँको समीपमा पठाइएको छ।

'यसभन्दा बढ़ता अरू के भनूँ? साँच्चि नै मलाइ थाहा छैन, सिरिफ एकपटक फेरि दोहोऱ्याउँछु, यस पत्रसाथ पठाएको लेखोटमा जे जति बयान गरिएको छ त्यो सबै भएका कुरा हो। 'शी' को बारेमा मेरो केही भन्नु छैन। ती अचम्मकी आइमाई-बाट अधिक मात्रामा ज्ञान पाइने आफ्नो मौकाको हामीले राम्ररी उपयोग गर्न सकेनौं भनी पश्चात्ताप गर्ने ठूला ठूला अव-सरहरू दिन परदिन आउँदा छन्। तिनी को थिइन्? कसरी कोरका गुफामा आइन्? तिनको वास्तव धर्म के थियो? हामीले कहिल्यै ठेगान लाउन सकेनौं, अफसोस! अब पनि कहिल्यै

सक्के छैनौं। यस्ता अरू पनि कैयन् प्रश्नहरू मेरो मनमा उठ्छन्, तर अब ती प्रश्नहरू गरेर पो के फाइदा ?

'यो काममा त्यहाँले हात हाल्नुहोला ? हामी त्यहाँलाइ पूरा स्वतन्त्रता दिन्छौं। भएकै कुरा हो तापनि यस लोकको प्रमाणपत्रबाट थाहा पाएसम्ममा सबभन्दा गजबको इतिहास संसारलाइ चढाएकोमा निश्चय पाउनुहुने जस नै त्यहाँलाइ यो कामको पुरस्कार हुनेछ। मैले त्यहाँलाइ भनी राम्रोसित साफी गरेको लेखोट पढ्नुभएर त्यहाँबाट त्यो काम हुने नहुने निकासा मलाइ दिनुहोला।

'त्यहाँको भलो चाहने,

'ल० होरेस होलि'[1]।

'पुनश्च—त्यहाँले यो प्रकाश गर्न मञ्जूर गर्नुभएको पक्षमा त्यो लेखको विक्रीबाट केही नाफा भयो भने त्यो नाफा त्यहाँ-लाइ नै लागोस्; तर टुट्टा पर्‍यो भने त्यो टुट्टा उपर गर्नू भनी मेरा वकील मिस्टर जेफ्रि र मिस्टर जर्डनलाइ अह्राउनेछु। खपटा, स्क्यारब रत्न, र चर्मपत्रहरू हामीले फिर्ता माग्ने मौका नआएसम्म त्यहाँकै जिम्मामा रहून्।--ल० हो० हो०,

यो चिट्ठी हेर्दा म कत्तिको छक परें हुँला पाठकले अनुमान गर्नुहुन्यैछ; तर जब मैले दुइ हफ्तापछि अरू कामबाट फुर्सत पाउनासाथ त्यो लेखोट हेरेथें, झन् मेरो ताजुबको ठेगानै रहेन। पाठकलाइ पनि जरूरै ताजुब लाग्नेछ भन्ने ठानी त्यो लेख छपाउने तुरुन्तै निश्चय गरें। यही कुरा मैले मिस्टर होलिलाइ लेखें, तर साता दिनपछि त्यो भलादमीका वकीलले मेरो चिट्ठी फिर्ता गरेर

१. लेखकको इच्छाबमोजिम उनको साँच्चिको नाउँ लुकाई यो नकली नाउँ मात्र यस पुस्तकमा राखिएको छ।—संपादक।

मिस्टर होलि र मिस्टर लिओ भिन्सि भोट जानालाइ यहाँबाट हिंडिसके, हाल, उनीहरूको ठेगाना थाहा छैन भन्ने वेहोराको पत्र लेखे।

बस, मेरो भन्नु यत्तिकै हो। इतिहासको बारेमा चाहिं पाठकहरूले स्वयं विचार गर्नुपर्ला। त्यसमा सर्वसाधारणबाट पात्रहरूको परिचयलाई गोप्य राख्ने अभिप्रायले गरिएका थोर बहुत हेरफेरबाहेक अरू कुरामा यो इतिहास जस्तो मकहाँ आएको हो ठीक उस्तै म पाठकको सेवामा चढाउँछु। यसमा मैले आफ्नो तर्फबाट टीकाटिप्पणी नगर्ने विचार गरेको छु। पहिलो झमटमा, यस इतिहासकी नायिका झण्डै अवधिरहित उमेरको गौरवले भूषित भएकी र उनमा अनन्त कालको छाया नै रातको कालो पखेटा जस्तो गरी परेकोले, यो इतिहास आफूले अर्थ बुझ्न नसकेको कुनै विशाल रूपक हो भन्नेतिर मेरो विश्वास ढल्केको थियो। त्यसपछि मेरो मनमा अर्को विचार आयो—पृथ्वीबाट अझै आफ्नो शक्ति थुतिरहेकै र आफ्नो मानवी हृदयमा वरिपरिको अविनाशी संसारमा हावा र भेल झैं मनोवृत्तिहरू अझै अविच्छिन्न रूपले चढ्ने ओर्लने तथा ठक्कर खाने गरिरहेकै एक नश्वर जीवको सत्तालाइ मूर्तिमान् बनाएर प्रयोगात्मक अजम्मरीको हुन सक्ने परिणामको तस्वीर खिच्ने आँटिलो प्रयत्न यो इतिहास हुन सक्छ। तर पढ्दै जाँदा मैले त्यो विचार पनि छोडें। यस कथाको चेहरामा सत्यको छापा लागेको छ भन्ने मेरो चित्तमा प्रतीत परेको छ। यसको अर्थ अरूले जे जे गर्छन् गरून्, म त परिस्थितिले आवश्यक पारेको यो छोटो भूमिका दिएर संसारलाइ आश्शा र कोरका गुफासित परिचित गराउँछ।—संपादक।

पुनश्च—यसो विचार गर्दा अर्को थोक संझें। यो इतिहासलाइ दोहऱ्याएर हेर्दा मेरो मनमा एउटा कुराको प्रभाव यत्तिको

जोडसित पर्‍यो कि पाठकको ध्यान त्यसतर्फ नखिंचिसक्किन। पाठकलाई लाग्नेछ हामीले लिओ भिन्सिको जत्तिको परिचय पाएका छौं त्यसबाट आश्शाको शक्तिशाली बुद्धिलाइ आकर्षित गर्न सक्ने भनी धेरैजसो मानिसको मनले खाने कुनै कुरा पनि लिओ भिन्सिको चरित्रमा देखिंदैन। कमसेकम मेरो विचारमा त उ खास गरेर चाखलाग्दो पनि छैन। वास्तवमा मासूली हिसावमा मिस्टर होलिले शीको अनुग्रहको हकमा लिओलाइ सजिलैसँग जित्न सक्तथ्यो भन्ने हामी अनुमान गर्न सक्छौं। के अति भिन्न भिन्न दुइ प्रकृतिको मेल हुन्छ? उनको मनको अचाक्लिपन र प्रभावले नै कुनै अनौठो शारीरिक प्रतिक्रियाको जरियाले उनलाई भौतिक वस्तुको मन्दिरमा पूजा गर्न लाएको हो कि? त्यो प्राचीन क्यालिक्रटीज आफ्नो वावु वाजेको गोता गएर ग्रीक सौन्दर्य पाएको हुनाले प्यारो गरिएको प्रशंसनीय जीवबाहेक केही होइन? अथवा यसको साँचो अर्थ यो हो कि--आश्शाले हामीले भन्दा धेरै भित्रसम्म देख्न सक्ने हुनाले आफ्ना प्रियतमको आत्माभित्र लुकेर रहेको महत्त्वको वीज र भुतभुते झिल्को देखेर राम्रोसँग थाहा पाइन् कि आफ्नो जीवनको ईश्वर-दत्त गुणको प्रभावमा परी, आफ्नो वुद्धिरूपी पानीमा भिज्नाले र आफ्नो उपस्थितिको घाम पाउनाले, उज्यालो र सुवासले संसारलाई व्याप्त गरी त्यो वीज फूल जस्तो फुल्नेछ तथा त्यो झिल्का तारा जस्तै चम्कने छ? मलाई त साँचो अर्थ यही हो भन्ने लाग्छ।

यस कुराको पनि म उत्तर दिन सक्तिन। अब आउने पृष्ठहरूमा मिस्टर होलिले बयान गरेका यथार्थ कुरा हेरी आफ्नो राय ठीक गर्न दिन पाठकलाई मैले करैसित छोड्नुपर्दछ।

श्री

पहिलो परिच्छेद

मेरो पाहुना

कुनै घटनाका हरेक परिस्थिति र आसपासका विवरणहरू बिर्सनै नसकिने गरी हाम्रो मनमा गाडिए जस्तो लाग्छ। मैले बयान गर्न लागेको दृश्यको पनि त्यही हालत छ; त्यो दृश्य मानो हिजै मात्र भए झैं अहिले मेरो मनको अगाडि सफासँग खडा हुन्छ।

लगभग बीस वर्षअगाडि यही महीनामा म—लड्विग होरेस होलि—एक रात केम्ब्रिजमा आफ्नो कोठामा एउटा हिसाब खूब मिहिनतसाथ गरिरहेको थिएँ—कुन चाहिं हो मैले बिर्सें। साता दिनभित्र मैले जाँच दिनुपर्ने भएको थियो, मेरा अध्यापक र मेरो कलेजैले म नाउँ कमाउनेछु भन्ने आशा गरेका थिए। आखिरमा, थाकेर, मैले किताप फ्याकें, अनि आतशा-खानको तखतामा गएर पाइप झिकी भरें। त्यस तखतामा मैनबत्ती बलिरहेको थियो, त्यसको पछाडि लामो सानो फाँद भएको ऐना थियो, पाइप सल्काउन के लागेको थिएँ ऐनामा आफ्नो अनुहार देखेर मेरो मन त्यतैपट्टि गयो। बालेको सला-इले सल्कँदै गई मेरो औंला पोलेपछि त्यसलाई फ्याँक्न मलाइ करै लाग्यो; फ्याँकेपछि पनि म उभिएर नै, ऐनाको आफ्नो प्रति-विम्बमा ट्वालट्वालति हेरेर गौड गर्दै रहें।

आखिरमा सुन्ने गरी मैले भनें, 'भइगयो म आफ्नो टाउकाको भित्रबाट केही काम गर्न सकुँला भन्ने आशा छ, किनभने बाहिरको मदतले निश्चय नै म केही गर्न सक्तेछैन।'

यो सुन्ने जुनसुकै मानिसलाइ पनि निस्सन्देह यो वचन केही अस्पष्ट जस्तो लाग्नेछ, तर वास्तवमा मेरा शारीरिक त्रुटिहरूलाइ मैले सूचन गरिरहेको थिएँ। घेरैजसो मानिसहरू बाईस वर्षको उमेरमा जवानीको छोर्लेपनको कमसेकम केही न केही अंशले विभूषित हुन्छन्, तर मलाइ त त्यो पनि नसीब भएको थिएन। पुड्को, गिठे, बिग्रेकै भने पनि हुने गरी ज्यादै भित्र पसेको छाती, नसै नसा भएका लामा हात, भद्दा अनुहार, कोप्चा फुस्रा आँखा, फाँडी छोडिराखिएको हुनाले फेरि जंगल हुन लागेको जग्गा जस्तै बाक्लो कालो कपालका टुटाहरूले आधा ढाकिएको दुइऔंले निधार; करीब पच्चीस वर्षअगाडि मेरो अनुहार यस्तो थियो, र आजतलक थोरै हेरफेर भएकोले उस्तै छ। केन जस्तै, म डामिएको थिएँ—असामान्य कुरूपताको छापा लाग्ने गरी प्रकृतिदेवीले मलाइ डामेकी थिइन्, उनले मलाइ अघोर तथा असामान्य बल र ज्यादै मानसिक शक्ति पनि दिएकी थिइन्। म यत्तिको नराम्रो थिएँ कि मेरो कलेजका राम्रा राम्रा युवकहरू खप्ने हुपी र शारीरिक शक्तिमा मेरा कुद्रतहरू देखेर प्रशस्त गौरव मान्दथे तापनि मसित हिंडेको देखिनसम्म पनि चाहँदैनथे।

म नरद्वेषी र अँध्यारमुखे भएकोमा के ताजुब थियो? म एकलै काम गर्दथें, घोरिइरहन्थें, मेरो कोही मित्र थिएन—कमसेकम एउटामात्र थियो, त्यसमा के ताजुब? प्रकृतिदेवीले एकलै बस्नालाइ र उनको मात्र छातीबाट सान्त्वना लिन मलाइ छुट्ट्याएकी थिइन्। आइमाईहरू मलाइ देख्तैमा घृणा गर्दथे।

साता दिनअगाडि एउटी ठिटीले म टाढा हुनाले सुन्दैन भन्ने ठानी मलाइ 'राक्षस' भनेको र मैले गर्दा बाँदर मान्छेको आदि पुरुखा हो भन्ने कुरामा उसलाइ पत्यार पर्न थाल्यो भनेको सुनेको थिएँ। एक पटक साँच्चि नै एउटी आइमाईले मेरो वास्ता गरेको भान देखाई, मैले आफ्नो प्रकृतिमा थुनिएर रहेको सबै स्नेह उसमाथि पोखें। त्यसपछि मकहाँ आउने भएको सम्पत्ति अन्यत्र गएपछि उसले मलाइ त्यागी। मैले उसलाइ जसरी बिन्तिभाउ गरें, त्यसरी त्यहाँभन्दा अगि वा पछि कुनै जीवित प्राणीलाइ मैले गरेको छैन, किनभने उसको मनोहर चेहराले मलाइ मोहनी लाएको थियो, म उसलाइ प्रेम गर्दथें, अन्त्यमा मेरो जवाबको रूपमा उसले मलाइ ऐनाको सामुन्ने लगी र मसित सँगसँगै उभिएर त्यसमा हेरी।

उसले भनी, 'अब म सजीव सौन्दर्य हुँ भने तिमी को हौ?'

त्यो कुरा हुँदा म बीस वर्षको मात्र थिएँ।

त यस्तै कुरा मनमा खेलाएर मैले उभिई ट्वालट्वालति हेरें, अनि त्यसबाट मलाइ आफ्नो अकेलापनको ज्ञानमा एक किसिमको विकट सन्तोषको अनुभव भयो—किनभने न त मेरा बाबु थिए, न आमा, न त दाज्युभाइ; ट्वालट्वालति हेरिरहेकै थिएँ, त्यस्तैमा मेरो ढोका कसैले घचघच्यायो।

बोल्नुभन्दा अगाडि सुनेर बसिरहें, किनभने त्यस वेला लगभग रातको १२ बजेको थियो, फेरि म कुनै नौलो मान्छेलाइ पस्न दिने मिजाजमा थिइनँ। कलेजमा अथवा साँच्चि भनूँ भने संसारैमा मेरो एकमात्र साथी थियो, शायद घचघच्याउने त्यही हो कि भन्ने लाग्यो।

त्यही वेला ढोकाबाहिरको मान्छेले खोक्यो। त्यो खोकेको अवाज मैले चिनेको हुनाले ढोका खोल्न हतपताएर गएँ।

अनौठो व्यक्तिगत सौन्दर्यको शेष रहेको, करीब ३० वर्षको अग्लो मान्छे कडामा दाहिने हातले समाती बोकेको गहुँगो फलामे बाकसको बोझले ढुनमुनाउँदै हत्तपत्त भित्र पस्यो। उसले त्यो बाकसलाइ टेबिलमा राख्यो, आफू चाहिं डरलाग्दोसँग दनादन खोक्न लाग्यो। खोक्ता खोक्ता उसको मुख बिलकुलै गोलसजन भयो, अनि आखिरमा मेचमा थचारिएर रगत थुक्न लाग्यो। अलिकता ह्विस्की गिलासमा खन्याएर दिएँ। त्यो खाएपछि उसलाइ केही फाइदा देखियो, तर उसको त्यो केही फायदा हकीकतमा ज्यादै खराब थियो।

उसले च्याँठ्िएर सोध्यो, 'तिमीले मलाइ किन ठण्डीमा उभ्याइराखेको ? तिमीलाइ थाहा छ सिरेटो मेरो निमित्त काल हो।'

मैले जवाब दिएँ, 'तिमी ह्वौ भन्ने मैले थाहा पाइनँ, अबेर आयौ।'

उसले मुसुक हाँस्न दारुण प्रयत्न गरेर जवाब दियो, 'हो; साँच्चि नै मलाइ विश्वास छ यो मेरो अन्तिम भेट हो। म बितें, होलि। म बितें। भोलिको दिन देख्न पाउँला भन्ने मलाइ विश्वास छैन !'

मैले भनें, 'वाहियात ! म डाक्टर बोलाउन जान्छु।'

प्रभुतापूर्ण रूपमा हातको इशाराले उसले मलाइ फर्कायो। मेरो बुद्धि ठेगानमा छ, मलाइ डाक्टर चाहिन्न। मैले औषधिको विषय अध्ययन गरेको हुनाले त्यस बारेमा मलाइ सबै थाहा छ। मलाइ डाक्टरले सहायता गर्न सक्तैन। मेरो आखिरी घड़ी आइपुगेको छ। गएको एक साल एउटा चटकले मात्र म बाँचें। अब त्यसरी मेरो कुरा सुन जसरी आजसम्म तिमीले कसैको

कुरा सुनेको होओइन। दुइ वर्षदेखि हाम्रो दोस्ताना भएको छ; भन त, मेरो बारेमा तिमीलाइ कति थाहा छ?'

'मलाइ थाहा छ—तिमी धनी छौ, धेरैजसो मानिसले कलेज छोड्ने उमेर निकै बिताइसकेपछि तिमीले कलेजमा आउने लहड गरेथ्यौ। तिम्रो विहा पनि भइसकेको छ, तर जहान खसिन्; अझसम्मका मेरा मित्रहरूमध्ये सबभन्दा बेस तिमी छौ, साँच्चि भनूँ भने त मेरो मित्र भन्नु तिमी एउटा मात्र हौ।'

'मेरो छोरो छ भन्ने तिमीलाइ थाहा छ?'

'अँहँ।'

'मेरो छोरो छ। त्यो पाँच वर्षको भयो। त्यो जन्मँदा मैले त्यसकी आमाको ज्यान गुमाउनुपर्‍यो, यस कारण त्यसको मुखमा हेर्ने सामर्थ्य ममा कहिल्यै भएन। होलि, नासो लिन तिमी मञ्जर गर्छौ भने, मैले त्यो बालकको एकमात्र संरक्षक तिमीलाइ बनाउन आँटेको छु।'

झन्डै मेचबाट खस्ने गरी उफ्रें। मैले भनें, 'मलाइ!'

'हो, तिमीलाइ। दुइ वर्षसम्म सित्तैंमा तिमीलाइ मैले पारख गरेको होइन। केही दिन अगाडि नै म टिक्न सक्तिनँ भन्ने मलाइ थाहा थियो। त्यो कुरा थाहा भएदेखि त्यो बालक र यसलाइ,' त्यसले त्यो फलामे बाकसलाइ हातले थ्यापथ्याप गर्‍यो, 'सुम्पन सकिने कुनै मानिसको खोजतलासमा छु। त्यो मान्छे तिमी नै भयौ, होलि, किनभने दरखस्याउने रूख जस्तै तिमी अन्तस्करणमा विशुद्ध र कडा छौ।

'सुन; संसारमा पहिल्याउन सकिनेसम्ममा सबभन्दा प्राचीन परिवारहरूमध्ये एउटाको एकमात्र प्रतिनिधि यो बालक हो। त्यो कुरा भन्दा तिमी मलाइ खिसी गर्लाउ, तर मेरा पैंसट्ठियौं वा छयसट्ठियौं पिंढीका पुरुखा आफू ग्रीकवंशका थिए तापनि

आइसिसका मिश्रदेशीय पुरोहित थिए भन्ने र उनलाइ क्यालिक्रटीजं भन्दथे भन्ने कुरा निस्सन्देह एक दिन तिमीलाइ नै प्रत्यक्ष हुनेछ । उनका वाबु उनन्तींसौं पिढीको मेन्डीशन फेरो ह्याक्-हरले वढाएको ग्रीक बेपारी पल्टनहरूमध्येका एउटा थिए, उनका वाजे वा जिज्यूबाजे, हेरोडटसंले भनेकै क्यालिक्रटीज हुन् भन्ने मलाई विश्वास छ । क्राइस्टभन्दा अगाडि ३३९ वर्षमा वा त्यसको लगभगमा फेरोहरूको अन्तिम

---

१. बलियो र सुन्दर व्यक्ति, अथवा, अझ ठीक अर्थ, बलमा राम्रो व्यक्ति ।

२. मेरा मित्रले यहाँ भनेको क्यालिक्रटीज, हेरोडटसले आफ्नो सौन्दर्यको निमित्त प्रख्यात थियो भनी बयान गरेको स्पार्टन हो । प्लटिअको गौरवपूर्ण लडाइँ (बी० सी० ४७९, सेप्टेम्बर २२) मा त्यो मर्‍यो, जब ल्यासिडीमोनिअनहरू र अथीनिअनहरूले पसेनियासका मातहतमा रही करीब तीन लाख पर्शियनहरूलाइ कत्तल गरी भगाए । त्यो लेखांशको अनुवाद तलको हो:—"किनभने क्यालिक्रटीज त्यो लडाइँमा मर्‍यो; पल्टनमा भर्ना हुँदा त्यस वेलाका ग्रीकहरूमध्ये त्यो सबभन्दा राम्रो मान्छे थियो— ल्यासिडीमोनिअनमध्ये मात्र होइन, अरू ग्रीकमध्ये पनि त्यो सबभन्दा राम्रो थियो । पसेनियासले छटाछट काटिरहेकै वेलामा उसको कोखालाइ काँडले जखम पार्‍यो; अनि त्यसपछि उनीहरू लड्दै गए, तर, बोकेर लाँदा आफ्नो मृत्युको दुःखमनाउ गर्दै उसले अरिम्नेस्टस भन्ने एक प्लटिअनलाइ भन्यो, 'ग्रीसको निमित्त मर्दा मलाइ अफसोस छैन, तर एक प्रहार नगर्न पाएकोमा, अथवा, इच्छा हुँदा हुँदै पनि आफूसुहाउँदो काम गर्न नसकेकोमा मलाइ खेद लागेको छ ।,'' यो क्यालिक्रटीज जत्तिको वहादुर थियो उत्तिको राम्रो पनि देखिन्छ । हेरोडटसले यसलाइ अरू स्पार्टन र हेलटबाट छुट्टै तरुना कमानवालाहरूसँग गाडेको कुरा छोएका छन् ।—ल० हो० हो०

पतनकै समयमा यी क्यालिक्रटीज(पुरोहित)ले ब्रह्मचर्यको प्रतिज्ञा भङ्ग गरेर आफूसँग फसेकी शाही कुलकी एउटी शाहजादी टिपेर मिश्रदेशबाट भागे । उनको जहाज अफ्रिकाको समुद्रतटमा चकनाचूर भयो। अहिले डेलगोअ खाडी भन्ने ठाउँको आसपासमा वा त्यसको उत्तरपट्टि त्यो भएको हो कि भन्ने लाग्छ । ती जोईपोइ बाँचे, उनीहरूका साथी सबै कुनै केही कुनै केही भएर मरे। यहाँ तिनीहरूले ठूलो दुःख भोग्नुपर्‍यो, तर आखिरमा जंगली जातिकी शक्तिमती महारानीले उनीहरूको स्वागत गरिन् । तिनी अनौठो सौन्दर्यकी गौराङ्गी थिइन्, तिनैले अन्त्यमा मेरो पुरुखा क्यालिक्रटीजको हत्या गरिन्। किन गरिन् त्यो कुरा अहिले म भन्न सक्तिनँ, तर बाँच्यौ भने त्यो बाकसमा रहेका कुराबाट एक दिन तिमीले थाहा पाउनेछौ । उनकी स्वास्नी भने भागेर आएथिन्जमा पुगिन्, कसरी भागिन् मलाइ थाहा छैन । त्यस वेला तिनको गर्भमा बालक थियो, जसको नाउँ तिनले टाइसिस्थेनीज अथवा महान् वैरसाधक राखिन् ।

'पानसय वा केही बढी वर्षपछि के कुरा परेर हो कुन्नि, त्यो परिवार रोममा बसाइँ सर्‍यो । यहाँ, संभवतः टाइसिस्थेनीजको नाउँमा शुरू भएको भनी हामीले थाहा पाएको बदलाको खयाल राखिछोड्ने विचारले होला, उनीहरूले केही नियमसँग भिन्डेक्स वा वैरसाधकको उपाधि लिएको देखिन्छ । यहाँ तिनीहरू अर्को पानसय वर्ष वा त्यसभन्दा बढ्ता करीब ७७० ए. डी. सम्म बसे । त्यसै ताक शार्लमेनले लम्बर्डिमा हमला गरे जहाँ त्यस वेला तिनीहरूको बस्ती थियो । ती ठूला सम्राट्सँग त्यस परिवारका थकाली साथ लागी आल्प्स पहाड पार गरी उनीसँग फर्केको, र आखिरमा ब्रिटनिमा घरजम गरी

वसेको देखिन्छ। आठ पुस्तापछि उसको पिंढीका प्रतिनिधिले धर्मात्मा एड्वर्डको राज्य कालमा इङ्ल्याण्ड पार गरे, र विजयी विलियमको पालामा ठूलो इज्जत र हैकम पाए।

'त्यस वेलादेखि अहिलेसम्म नटुटाएर म आफ्ना पुस्ता गन्न सक्छु। भिण्डेक्स नाउँ भएकाहरूले अंग्रेजी माटोमा जरा हालेपछि त्यो नाउँको अन्तिम अपभ्रंश भई भिन्सि हुन आएको हो। भिन्सिहरू उस्तो प्रख्यात त भएनन्–उनीहरू अगिल्तिर पर्दै परेनन्। तिनीहरू कहिले सिपाही भए, कहिले बेपारी, तर सबै कुरा विचार गर्दा उनीहरू सामाजिक मर्यादामा एकनाससँग रहेर मध्यम कक्षाभन्दा कहिले पनि वढेनन्। वादशाह द्वितीय चार्लसको समयदेखि वर्तमान शताब्दीको शुरूसम्म उनीहरू बेपारी थिए। करीव १७९० मा मेरा बाजेले रक्सी पारेर प्रशस्त पैसा कमाउनुभयो, अनि त्यो काम छाडिदिनुभयो। १८२१ मा उहाँ परलोक हुनुभएपछि, मेरा बाले उहाँको ठाउँ लिनुभयो र धेरैजसो धन कुव्यसनमा उडाउनुभयो। दश वर्षअगाडि उहाँको पनि देहान्त भयो। उहाँले मलाइ वर्षको करीव दुइ हजारको चोखा आमदानी छोडनुभएको थियो। त्यसपछि', फलामे वाकसलाइ देखाएर भन्यो, 'यसको सम्वन्धमा एउटा सफर गरें, त्यो ठूलो विपत्साथ खतम भयो। म फर्कंदा यूरोपका दक्षिणमा भ्रमण गरी आखिरमा आएथिन्जमा पुगें। त्यहाँ मैले आफ्नी प्यारी पत्नी भेटें। उसलाइ पनि मेरा प्राचीन ग्रीक पुरुखालाइ जस्तै 'सुन्दरी' भने हुन्थ्यो। त्यहीं मेरो उसँग विहा भएको हो, त्यहीं एक वर्षपछि यो छोरो पाउँदा त्यो मरी।'

उ एक छिन थामियो, उसको मुन्टो उसको हातमाथि भर परी निहुर्‍यो, अनि भन्न थाल्योः—

'मेरो बिहाले मेरो एउटा तर्जुमालाइ भङ्ग पार्‍यो, अब म त्यो काम गर्न सक्तिन। मेरो समय छैन, होलि–मेरो समय छैन। एक दिन, तिमीले मेरो नासो लियौ भने, यस बारेमा तिमीलाइ सबै थाहा होला। मेरी स्वास्नी मरेपछि फेरि यसपट्टि ध्यान दिएँ। तर पहिले पूर्वीय भाषाको खास गरी अरबी भाषाको पूरा ज्ञान हासिल गर्नु आवश्यक थियो, अथवा कमसेकम, आवश्यक थियो भन्ने मैले सझें। म यहाँ आएको पनि त्यही अध्ययनलाइ सजिलो पार्न हो। तर चाँडै नै मेरो रोग बढ्दै गयो र अहिले मेरो अन्त्य आयो।' अनि आफ्नो वचनलाइ जोड दिए जस्तै गरी अर्को पटक डरलाग्दोसँग दनादन खोक्न लाग्यो।

मैले उसलाइ फेरि अलिकति ह्विस्कि दिएँ, अनि आरामी लिएपछि उसले भन्न थाल्योः––

'सानो थाङ्ने बालकअवस्थादेखि आजसम्म मैले आफ्नो छोरो लिओलाइ देखेको छैन। उसलाई हेर्न साहस पनि गर्न सकिनँ, तर त्यो छिटो र राम्रो बालक छ रे। यस खाम मा,' मेरो नाममा लेखेको चिट्ठी उसले आफ्नो खल्तीबाट झिक्यो, 'त्यो लडकाको शिक्षापद्धति जस्तो होस् भन्ने मेरो इच्छा छ त्यो मैले यहाँ लेखेको छु। यो केही अनौठो छ। जेसुकै होस्, परचक्रीको हातमा यसलाइ म सुम्पन सक्तिनँ। फेरि सोध्दछु, तिमी यसको जिम्मा लिन्छौ त ?'

मैले जवाब दिएँ, 'मैले के कुराको जिम्मा लिनुपर्ने हो मलाइ पहिले थाहा देऊ।'

'लिओ २५ वर्षको नभएसम्म आफूसित राख्नालाइ तिमीले अंभर गर्नुपर्छ—फेरि उसलाइ स्कूल पठाउने पनि होइन नि, याद राख। उसका २५ सौं जन्म-दिनमा तिम्रा संरक्षकताको अन्त्य हुनेछ, अनि मैले अहिले दिएका यस साँचोले' (टेबिलमा

साँचो राख्तै), 'त्यो फलामे बाकस खोल, उसलाइ भित्र रहेको कुरा हेर्न र बाँच्न लाऊ, अनि त्यस कुराको खोजी गर्न त्यो चाहन्छ कि चाहँदैन सोध । खोजी गर्नैपर्छ भन्ने उसलाइ केही कर छैन । अब शर्तको बारेमा सुन । मेरो अहिलेको आमदानी सालको २२०० छ । संरक्षकता तिमीले अंगेर गरेको पक्षमा त्यो आयस्ताको आधा तिमीले जिउताभर खान पाउने गरी मैले वकसपत्र गरिदिएको छु—अर्थात् सालको १००० भत्ता तिमीलाइ, किनभने यो काम लिएपछि तिमी अरू काममा लाग्न पाउने-छैनौ, सालको सय त्यो लडकाको घर भाडा र खानाखर्च निमित्त । अरू बाँकी चाहिं त्यो २५ वर्ष नभएसम्म जम्मा भइर-हनेछ, मैले भनेको खोजी गर्न लिओले कस्सर कस्यो भने उसलाइ खर्चले खाँचो हुनेछैन ।

मैले सोधें, 'म मरें भने नि ?'

'त्यसो भयो भने त्यस लडकाले चान्सरिंको हेरचाहमा रहेर संयोगमा टेलुपर्दछ । केवल यति होश राखे, तिम्रो इच्छापत्रद्वारा मात्र त्यो फलामे बाकस उसको हात परोस् । सुन, होलि; मेरो कुरालाइ इनकार नगर । मलाइ पत्यार गर, यसो गर्नाले तिमीलाइ फाइदा हुनेछ । तिमी संसारसँग हेलमेल गर्न योग्य छैनौ–त्यसो गर्न खोज्यौ भने तिमी विरक्तै मात्र हुनेछौ । तिमी केही हप्तामा नै आफ्नो कलेजको फेलो हुनेछौ, त्यसबाट तिमीलाइ जे आमदानी होला त्यसमा मैले दिएकोसमेत गाभ्दा तिमीलाइ विद्वान् भएर मजासँग बस्न प्रशस्त पुग्नेछ । त्यसबाट तिमीलाइ ज्यादै चाह भएको र तिमीलाइ एकदम सुहाउने लहडबाजी गर्न पनि बीचबीचमा पाउनेछौ ।'

यति भनेर त्यो थामियो र उत्कण्ठित भावले मतिर हेर्‍यो, तैपनि म अनकनाएँ । त्यो नासो विझै अनौठो लाग्यो ।

'मेरो निमित्त, होलि । हामी यति घनिष्ठ मित्र भएका छौं, फेरि अरू वन्दोवस्त गर्ने स्यादै छैन ।'

मैले भनें, 'हुन्छ त, यो काम म गर्छु, तर यस कागतमा मेरो मन वदल्ने केही छैन भने मात्र नि,' अनि उसले साँचोसित टेविलमा राखेको खाम मैले समातें ।

'तिमीलाई धन्यवाद, होलि, तिमीलाइ धन्यवाद । त्यहाँ केही पनि छैन । म त्यो लडकाको वावु हुनेछु, चिट्ठीमा लेखे वमोजिम गर्नेछु भनी मेरो निमित्त ईश्वरलाइ संझेर किरिया हाल।'

'म किरिया हाल्छु,' मैले गंभीरतापूर्व्वक जवाव दिए ।

'भइगयो, याद राखे, कदाचित् एक दिन तिमीले आफ्नो किरियावमोजिम गऱ्यौ गरेनौ भनी सोधुँला, किनभने म मरेर वेपत्ता भए तापनि वाँचिरहनेछु । मृत्यु भन्ने केही कुरा छैन, होलि, केवल परिवर्तन मात्र हो । शायद पछि पछि त्यो कुरा तिमी थाहा पाउनेछौ । यहाँ पनि त्यो परिवर्तन कुनै परिस्थितिमा वेहदसंग टंग्याउन सकिन्छ भन्ने मलाई विश्वास छ,' यति भनेर फेरि डरलाग्दोसँग दनादन त्यसले खोक्न थाल्यो ।

उसले भन्यो, 'अव म जान्छु; तिमीले वाकस पाइहाल्यौ। मेरा कागतपत्रहरूमा मैले लेखेको इच्छापत्र पाइनेछ, त्यो इच्छापत्रवमोजिम त्यो वालक तिमीलाई सुम्पिनेछ । कामअनुसारको पूरा माम पाउनेछौ, होलि । मलाई थाहा छ, तिमी ईमानदार छौ; तर तिमीले मलाई धोखा दियौ भने, ईश्वर साक्षी छन्, म तिम्रो खेदो गर्नेछु ।'

वास्तवमा, वोल्न नसक्नेसम्म भई गला खाएकोले मैले केही भनिनँ ।

उसले मैनवत्ती उठाएर ऐनामा आफ्नो चेहरा हेऱ्यो । उसको चेहरा पहिले राम्रो थियो, तर अहिले रोगले विग्रिसकेको

थियो। उसले भन्यो, 'कीराहरूको खानेकुरो। विचार गर्दा अचम्म लाग्छ, केही घण्टामा नै म ठर्रो र ठण्डा हुन्छु— सफरको टुङ्गो लाग्छ, सानो खेल खतम हुन्छ। ओहो, होलि! प्रेममा छँदा बाहेक, यस जीवनमा हुने दुःख हेरेरे यो जीवन आग्रह गर्नुपर्ने कुरा देखिँदैन—कमसेकम मेरो हकमा जीवन आग्रह गर्नुपर्ने कुरा भएन; तर लिओको जीवन, उसको साहस र विश्वास भयो भने सुखमय हुनेछ। विदा भएँ, मेरो मित्र!' अनि अचानक मन पग्ली उसले मलाइ अङ्कमाल गरेर निधारमा म्वाइ खायो, र जानालाइ फर्क्यो।

मैले भनें, 'यता हेर, भिन्सि, तिमी साँच्चै विरामी छु भन्ने ठान्छौ भने मलाई डाक्टर बोलाएर ल्याउन दिए पनि त हुन्थ्यो।'

उत्सुकतापूर्वक उसले भन्यो, 'हुन्न, हुन्न! बोलाउँदिन भनेर प्रतिज्ञा गर। म मर्न लागिहालें, अब विख लागेको मुसो जस्तै म एक्लै मर्न चाहन्छु।'

मैले जवाब दिएँ, 'तिमी मर्न लाग्यौ भनेर म त पत्याउन्न।'

उ मुसुक्क हाँस्यो र 'संझ' भनेर गयो।

म बसेर आँखा मिच्न लागें। निदाएको छु कि विउँझै छु भन्ने शङ्का उठ्यो। तर यो अनुसन्धान गर्न विषय नहुनाले मैले त्यस विचारलाई छाडेर भिन्सिलाई रक्सी लागेको हो कि भनेर विचार गर्न थालें। त्यो साह्रै विरामी थियो र छ भन्ने मलाई थाहा थियो, तर तैपनि त्यो रात काट्न नसक्नेसम्मको अवस्थामा छ भन्ने कुरा असंभवै लाग्यो। त्यो यति चाँडो मर्ने भए फलामको गह्रुँगो बाकस बोकेर निश्चय नै हिड्न सक्तैनथ्यो। गौर गर्दा त्यो कथा पनि मलाई बिलकुलै अनपत्यारको लाग्यो, किनभने त्यस वेला मेरो उमेर कच्चै थियो यस कारणले

मानिसको मामूली बुद्धिबाट हुनै नसक्नेसम्मको असम्भव ठानिने धेरै कुराहरू संसारमा हुन सकछन् भन्ने मलाई थाहा थिएन। यो कुरा हालसालै मात्र मेरो मगजमा चढ्यो। थाङ्ने बालकअवस्थादेखि पाँच वर्षको उमेरसम्म आफ्नो छोरालाई देख्तै नदेखेको मानिस हुनु संभव छ? अहँ। फेरि यस्तो पक्कापक्कीसँग म मर्छु भनी मानिसले अगिबाटै भन्न सक्नु संभव छ? अहँ। क्राइस्टभन्दा अगि ३ शताब्दीभन्दा पनि बढ्तासम्म उसले आफ्नो पुर्ख्यौली पत्ता लाउनु, वा कलेजको साथीलाई आफ्नो छोराको पूर्ण संरक्षकता अचानकसँग सुम्पेर आफ्नो आधा धन दिनु संभवको कुरो हो? बिलकुलै होइन। भिन्सि-लाई कित रक्सी लागेको छ, कित त्यो बहुलायो भन्ने त स्पष्टै देखिन्छ। त्यसो भएको पक्षमा, यसको के मतलब हो? अनि छाप लागेको फलामे बाकसमा के छ?

त्यस अवस्थाले मलाई यति छक पाऱ्यो तथा मेरो मगज यति खायो आखिरमा यसको विचारसम्म पनि मैले खप्न सकिन। यही कुरा मनमा खेलाएर सुत्न निश्चय गरें। उसैले, भिन्सिले मलाई दिएको साँचो र चिट्ठी कन्तुरमा हालेर, ठूलो छालाको सन्दूसमा फलामे बाकस लुकाएर म पलंगमा पसें, अनि तुरुन्तै निदाइ पनि हालें।

केही मिनेट मात्र निदाएको थिएँ त्यत्तिकैमा कसैले बोलाएको-ले बिउँझें भन्ने मलाई लाग्यो। टुक्रुक्क बसेर आँखा मिच्न थालें; झलमल्ल भइसकेको पो रहेछ—नभन्दै आठ पनि बजिसकेछ।

मेरो र भिन्सिको साझा जिप्सी नोकरसित मैले सोधें, 'किन, के भयो जोन? तेरो अनुहार त भूत देखेको जस्तो पो छ ए!'

उसले जवाब दियो, 'हो साहेब मैले देखें—कमसेकम मुर्दा

देखें—झन् खराब कुरा। सँधैको जस्तो मिस्टर भिन्सिलाई उठाउन जाँदा त उहाँ ठण्डाराम भइसक्नुभएको रहेछ !'

दोस्रो परिच्छेद

वर्ष बित्तै गए

बिचरा भिन्सिको अवझटको मरणले कलेजमा ठूलो हल्लीखल्ली हुनु मामूली कुरै हो; तर, उ ज्यादै बिरामी थियो भन्ने थाहा हुनाले र डाक्टरले चित्तवुझ्दो मुचुल्का लेखिदिएको हुनाले मुद्दा उठेन। यस्तो कुरामा अहिले हामी जति खोजीनीति गर्छौं त्यति उस वेलाका मानिसहरू गर्दैनथे; वास्तवमा, दुर्नाम चल्ने हुनाले लासजाँच धेरैलाइ मन पर्दैनथ्यो। यस अवस्थामा, कसैले केही नसोधेकोले भिन्सि मरेको रातमा हाम्रो मुलाकात भएको कुरा आफै अगिसरा भई भन्न आवश्यक ठानिन। अगि पछि मकहाँ त्यो आउने गरे जस्तै त्यस रातमा पनि मेरो कोठामा आएको थियो, यत्ति भनें। सद्गतको दिन लण्डनबाट एउटा वकील आयो, मेरो मित्रको लासलाइ च्याहानमा पुर्‍यायो, अनि त्यसपछि उनीकहाँ रहेका कागतपत्रहरू लिएर फर्क्यो। फलामे बाकस चाहिं मसितै रह्यो। त्यसपछि एक हप्तासम्म मैले त्यतापट्टिको केही कुरा सुनिनँ; हकीकतमा अरू कुरामा म ज्यादै व्यस्त थिएँ, किनभने त्यस वेला म फेलोशिपको निमित्त जाँच दिन लागेको थिएँ। त्यसैले गर्दा मलामी जान र त्यस वकीललाइ भेट्नसमेत पाइनँ। आखिरमा जाँच खतम भयो, जाँचमा राम्रोसंग लेखेकोले म आफ्नो कोठामा फर्केर आई आनन्द मानी आरामी मेचमा थचक्क बसें।

तर केही दिनअगाडिदेखि एउटै खाँदमा जवर्जस्तीसित कोन्ने दवाउबाट छुट्नाले, मेरो विचार भिन्सि मरेको रातका घटनाहरूतिर चाँडै फर्क्यो। फेरि यी सवैको के अर्थ हो भनी आफैसँग सोधें। यसवारेमा अव फेरि केही सूचना मलाइ आउँछ कि आउँदैन, आएन भने, त्यो आनौठो फलामे वाकस· लाइ के गर्नुपर्ला भनेर सोचें। त्यहाँ वसेर सोच्ता सोच्ता त्यस घटनाको वारेमा म ज्यादै विचलित हुन लागें: त्यो रहस्यमय आधारातको भेट, यति चाँडै पूर्ण हुने मृत्युको भविष्यवाणी, मेरो गंभीर शपथ जसलाइ भिन्सिले यसभन्दा वाहेक अर्को संसारमा जवाव दिनुपर्छ भनी मलाइ अह्राएको थियो। त्यो मानिसले अपहत्ते गरेको हो कि? त्यस्तै छाँट देखिन्छ, उसले भनेको खोजी के होला? यो परिस्थिति इन्द्रजाल थियो, यति विघ्न कि, यद्यपि कुनै हालतमा कमजोर दिलको अथवा प्रकृतिको हदलाइ नाघ्ने कुनै कुरादेखि तर्सने किसिमको म होइनँ, तैपनि मलाइ डर लाग्यो र ती कुराहरूसित मेरो सम्वन्धै नभएको भए हुन्थ्यो भन्ने पनि लाग्यो। अहिले २०,२२ वर्षपछि मलाइ झन् वढ्ता त्यस्तो लाग्छ।

वसेर विचार गर्दै थिएँ; कसैले ढोका घचघच्यायो, अनि ठूलो नीलो खाममा हालेको चिठी मकहाँ ल्यायो। यो वकीलको चिट्ठी हो भन्ने मैले तुरुन्त थाहा पाएँ र आफूकहाँ रहेको नासोसित यसको सम्वन्ध छ भन्ने मलाइ आफ्नो व्रह्मले थाहा दियो। त्यो चिट्ठी अझ मसंग छँदैछ। त्यसको वेहोरा यो हो:—

'महाशय,—केम्व्रिज कलेजमा यसै महीनाका ९ तारीखमा परलोक भएका, हाम्रो ग्राहक, मिस्टर एम. एल. भिन्सिले इच्छापत्र लेखेर छोडेका रहेछन्, त्यसको कारवाई गर्ने हामी

हुनाले इच्छापत्रको नक्कल खामी त्यहाँ पठाएका छौं। यो इच्छापत्रबमोजिम उनको एकमात्र छोरो पाँच वर्षको नाबालक लिओ भिन्सिको संरक्षकता तपाईंले स्वीकार गर्नुभएको पक्षमा अहिले कन्सलमा लाइराखेको मिस्टर भिन्सिको जेथाको लगभग आधा तपाईंले पाउनुहुनेछ भन्ने तपाईंलाइ जाहेर हुनेछ। मिस्टर भिन्सिको मौखिक र लिखत प्रस्टाप्रस्टी अह्रोटअनुसार हामीले नै यो पत्र खडा नगरेको भए, र उनले गर्न लागेको कामका साह्रै बेस कारणहरू छैनन् भनी उनैले हामीलाइ निश्चय नदिलाएको भए हामीले तपाईंलाइ भन्नै पर्थ्यौं—यसका दफाहरू यत्तिको अनौठा लागे कि त्यस नाबालकको कल्याणका लागि दाताको त्यसो गर्ने हक छैन भनी वा अरू किसिम जे गर्नाले ठीक पर्छ सोही कुरा गर्नालाइ कोर्ट अव चान्सरिमा ती दफाहरू जाहेर गर्न हामीलाइ करै लाग्यो। तर यस हालतमा, मिस्टर भिन्सि खूब जेहनदार र तीखो बुद्धि भएका भलादमी थिए भन्ने र त्यस बालकको संरक्षकता सुम्पनालाइ उनका जीवित नातादार बिलकुलै कोही छैनन् भन्ने हामीलाइ थाहा हुनाले, कोर्ट अव चान्सरिमा भन्न ठीक ठहऱ्याएनौं।

'नाबालकलाइ जिम्मा लाउने र तपाईंले पाउनुभएको भागको आयस्ता बुझाउने बारेमा तपाईंले अह्राउनुभएको गर्न हामी तयार छौं।

'तपाईंका आज्ञाकारी,

'जेफ्रि र जर्डन

'मिस्टर होरेस ल० होलि।'

मैले चिठी राखेर इच्छापत्रमा आँखा दौडाएँ। केही नबुझिने भएकोले त्यो ठीक ठीक अदालती बोलीमा खडा भएको

देखियो। तर मैले बुझ्न सकेसम्म त मेरो दोस्त भिन्सिले आफू मर्ने रातमा मलाइ भनेकै कुरा रहेछ। उसो भए त्यो कुरा साँचो रहेछ। मैले त्यो बालकलाइ लिनैपर्छ। बाकससित भिन्सिले दिएको चिट्ठी मैले अकस्मात् सम्झें। मैले ल्याएर त्यसलाइ खोलें। लिओको २५सौं जन्मदिनमा त्यो बाकस खोल्ने बारेमा उसले मलाइ भनिसकेकै कुरा मात्र त्यसमा रहेछ। अनि त्यस बालकको शिक्षाको रूपरेखा लेखेको थियो। त्यस शिक्षामा ग्रीक, उच्च गणित, र अरबी भाषा गाभ्नू भनेको थियो। पुच्छरमा थपेको थियो—'त्यो बालक २५ वर्ष नपुगी मर्‍यो भने, हुनत त्यसो होला भन्ने म पत्याउन्न, तिमीले त्यो बाकस खोलेर योग्य ठहर्‍यायौ भने त्यसभित्र रहेको सूचनाबमोजिम काम गर्नू। योग्य ठहर्‍याएनौ भने भित्र रहेका सबै मालताल फ्याँकिदिनू। कुनै हालतमा पनि परचक्रीको हातमा नपरोस्।'

यस चिट्ठीबाट मलाइ कुनै बढता कुरा थाहा नभएको हुनाले र यसले आफ्नो मरेको मित्रसँग अम्भर गर्छु भनी आफूले प्रतिज्ञा गरेको काममा हात हाल्न मनमा कुनै बाधा जरूरै नउठाएकोले मेरो अगाडि एउटा बाटो मात्र खुला थियो— अर्थात् दश दिनभित्रमा लिओको संरक्षकता लिन तयार छु भनी आफूलाइ सुम्पिएको नासो स्वीकार गरेर जेफ्रि र जर्डनलाइ लेख्नु। यति गरेपछि आफ्नो कलेजका अख्तियारवालाकहाँ गएर त्यो कुराको भन्न हुने छोटो कुरा उनीहरूलाइ भनें। मैले फेलोशिप पाएको पक्षमा (पाउने निश्चय जस्तै थियो) त्यस बालकलाइ मसँग बस्न दिन उनीहरूलाइ बल्लबल्ल मनाएँ। तर कलेजका कोठा छाडी बाहिर बहालमा मैले बसेको खण्डमा मात्र उनीहरूको मञ्जूरी भयो। मैले खोजतलास गरेर कलेजकै ढोकानेरखू व असल कोठाहरू भेट्टाएँ। अर्को कुरा गुहुधाई

खोज्नु थियो। यस विषयमा मैले एउटा अठोट गरें। त्यस बालकको बारेमा मलाइ सिकाउने र मबाट उसको माया हर्ने कुनै आइमाई किमार्थ राख्तिनँ। त्यस लडकाको उमेर आइ-माईको मद्दत नभए पनि हुनेसम्म पुगेको थियो, उसैले एउटा त्यस कामलाई सुहाउँदो लोग्नेमान्छे नोकर खोज्न लागें। बहुतहु भाग्यले खूब ईमानदार चनौटे मुख भएको ठिटोलाइ भर्ना गरें। त्यो शिकारी घोडाको तबेलाको मद्दतगार रहेछ। फेरि उसले भन्यो, 'म सत्र जना छोराछोरीमध्येको हुनाले केटाकेटीको राम्रोसँग आनीबानी पाएको छु। लिओबाबु आइपुग्नु भएपछि उहाँको हेरचाहा गर्ने काम अंभर गर्न राजी छु।' त्यसपछि त्यो फलामे बाकस शहरमा लगेर मेरै हातले आफ्नो ब्याङ्कवाला-कहाँ राखें। नाबालकको स्वास्थ्य र बन्दोबस्तको बारेका केही कितापहरू किनेर ती कितापहरूलाइ पहिले आफै पढें, अनि जौब(त्यस ठिटोको नाउँ)लाइ बाँचेर सुनाएँ, अनि बाटो हेरेर बसिरहें।

आखिरमा एउटी बूढी आइमाई त्यस केटाकेटीलाइ लिएर आई। उसित छुट्टिएर जाँदा त्यो बूढी नराम्रोसित रोई। त्यो बालक राम्रो थियो। हकीकतमा, त्यसभन्दा अगि वा पछि त्यत्तिको बत्तीसै लक्षणले युक्त भएको केटाकेटी मैले कहिले देखे जस्तो लाग्दैन। उसका आँखा विभूति रंगका थिए, निधार चौडा थियो, चेहरा त्यति केटाकेटी उमेरमा पनि सेप्रो वा ख्याउटे नभई रत्न जस्तो कुँदिएको थियो। तर शायद उसको सबभन्दा आकर्षक कुरा उसका केश थिए। ती केशहरू उसको छाँट परेको टाउकोमा चोखा सुन जस्तो सुनौला रंगको मुन्द्रा मुन्द्रा परी लटरम्म उम्रेका थिए। उसकी गुहुधाईले बडो मुश्कीलसँग हामीकहाँ छोडेर जाँदा त्यो बालक अलि अलि

रोयो। म त्यो दृश्य कहिल्यै बिर्सन्न। त्यो उसिंदा उसको सुनौला मुन्द्रामा झ्यालबाट आएको घाम खेलिरहेको थियो, मूठी पारेको हातले एउटा आँखा छेकी अर्को आँखाले हामीलाई उसले हेरिरहेको थियो। म मेचमा बसिरहेको थिएँ, मसित त्यो आओस् भनेर हात पसारें। जौबले चाहिं कुनामा बसेर सुख बजायो। उसले पहिलेको अनुभवबाट वा कुखुरीको दृष्टान्तबाट, यसो गर्नाले बालक फुलिन्छ र धकाउन छोड्दछ भन्ने ठान्यो होला। त्यसपछि जौबले वहुलट्ठी तानासँग एक तमासको नराम्रो काठको घोडालाई अगिल्तिर र पछिल्तिर दौडायो। केही मिनेटसम्म यस्तै भइरह्यो, अनि एकासि त्यो लडका दुवै हात पसार्दै मकहाँ दौडेर आयो।

उसले भन्यो, 'मलाइ तिमी मन पर्‍यो; तिमी नराम्रो छ, तर तिमी असल छ।'

दश मिनेटपछि सन्तोक मानेर त्यसले नौनी दलेको पाउरोटीका ठूला ठूला टुक्रा खान लागेको थियो; जौबले त्यो रोटीमाथि मरुवा हाल्न खोज्यो, तर मैले उसलाई हप्काई हामीले हेरेको यस विषयको उत्तम किताबको संज्ञना दिलाएर त्यसो गर्न दिइनँ।

थोरै दिनमा (किनभने आशा गरे जस्तै मैले फेलोशिप पाएँ) त्यो लडका सारा कलेजको प्यारो भयो। त्यहाँको नियमविरुद्ध त्यो बराबर भित्र आउने जाने गर्दथ्यो, उसलाइ कुनै नियमले छुँदैनथ्यो। धेरै जनाले उसलाइ पुज्न लागे। त्यसै बारेमा कलेजभित्र बस्ने एउटा बूढो फेलोसित मेरो गडबड पनि पर्‍यो। अहिले त्यो बूढो मरेको धेरै भयो। विश्वविद्यालयमा त्यो सबभन्दा रूखो र केटाकेटीहरूलाइ देखिनसहने ठहरिएको थियो। तैपनि त्यो बालक बराबर बेरामी भइरहनाले जौबले

कडा निगरानी गर्नुपरेको वेलामा मैले पत्ता लाएँ, त्यो वद-नियतको बूढाले त्यस लडकालाइ आफ्नो कोठामा फकाएर लगी पिपलमेट उग्र खुवाउने र त्यो खाएको कुरा कसैलाइ नभन्नू भनी किरिया हलाउने गरेको रहेछ। जौवले उसलाइ भन्यो, 'यस्तो गर्न तपाईंलाइ लाज लाग्दैन ? गर्नुपर्ने कुरा गरेको भए यस उमेरसम्ममा तपाईं नातिको मुख देखिसक्नुहुने थियो।' जौवले 'गर्नुपर्ने कुरा' भनेको विहा थियो। यसवाट झगडा उठ्यो।

केही आनन्दका वर्षहरूको वारेमा लेखूँ भने धेरै जग्गा खान्छ, तर त्यसमा अझै सुखका संझना झुण्डिरहेका छन्। एक एक गरेर ती वर्ष विते, साथसाथै हामी दुइ जना परस्परको झन् प्यारो हुँदै गयौं। मैले लिओलाइ गरे जति प्रेम थोरै छोराले मात्र पाएका होलान्, लिओले मलाइ गरेको गहिरो र अवि-छिन्न माया थोरै वावुहरूलाइ मात्र थाहा होला।

त्यो वालक वढेर लडका भयो, लडका वढेर युवक भयो, साथसाथै एक एक गरेर पश्चात्तापरहित वर्ष पनि उड्दै गए, जति त्यो वढ्दै ठूलो हुँदै गयो उति उति उसको शारीरिक सौन्दर्य र मानसिक सौन्दर्य पनि वढ्दै गयो। उ १५ वर्षको हुँदा कलेजतिरका मानिसहरूले उसलाई सौन्दर्य भन्ने नाउँ राखे, मलाइ भने पशु भन्ने उपनाम दिए। जव हामी सँगसँगै हिड्थ्यौं—दिनहुँ सँगसँगै हिंड्ने हाम्रो वानी नै थियो—मानिसहरू हामीलाइ सौन्दर्य र पशु भन्दथे। एकपटक हाम्रो पछाडिवाट त्यो नाउँ लिएर कराएको हुनाले वगरेको हट्टाकट्टा मान्छेलाइ लिओले झस्टेर चुट्नसम्म चुट्यो। त्यो चुटिने मान्छे लिओभन्दा दोवर अग्लो थियो। नदेखे जस्तो गरी म सरासर हिंडें। जव त्यो लडन्त ज्यादै चर्क्यो, मैले फर्केर आई लिओ-लाइ सुम्याउन थालें। त्यसबाट कलेजले झन् ठट्टा गर्ने निहुँ

पायो, तर केही लागेन। त्यसपछि जब त्यो अलिकति ठूलो भएथ्यो, ग्र्याजुएट नभएका लडकाहरूले हाम्रो अर्को नयाँ नाउँ राखे। उनीहरूले मलाइ 'केरन' र लिओलाइ 'ग्रीक देवता' भन्न थाले। मेरो नाउँको बारेमा नम्रतापूर्व्वक यति मात्र भन्दछु कि म कहिल्यै राम्रो थिइनँ, अझ बूढो हुँदै जाँदा झन् नराम्रो भएँ हुँला। उसको नाउँ एकदम सुहाउँदो थियो भन्ने कुरामा शङ्का थिएन। २१ वर्षको उमेरमा लिओ जवान अपलोको सालिकको नमूना बन्न सक्तथ्यो। अनुहारमा उसको दाँज लाग्ने वा अनुहारको बारेमा यति विघ्न बेवास्ता भएको कसैलाइ आजतक मैले देखेको छैन।

उसको मनको हकमा उ बडो जेहनदार तीक्ष्ण बुद्धि भएको थियो, तर विद्वान् भने थिएन। विद्वान् हुनालाइ चाहिने संयम उसमा थिएन। उसको शिक्षाको बारेमा हामी उसको बाबुको अर्तीमा मात्र हिंड्यौं। सबै कुरा विचार गर्दा खास गरेर ग्रीक र अरबी भाषामा परिणाम सन्तोषजनक थियो। उसलाइ सिकाउन सकाइलाग्नालाइ मैले पनि अरबी भाषा सिकें, तर पांच वर्षपछि मैले जत्तिकै त्यो भाषा उसले जान्यो--झण्डै हामी दुबैलाइ सिकाउने प्रोफेसर जत्तिकै बन्यो। म बेस शिकारी थिएँ। मेरै इच्छाले हरेक शरद्‌ऋतुमा हामी कहिले स्कट्ल्याण्ड, कहिले नर्वे, एकचोटि त रूसमा पनि, शिकार खेल्न र माछा मार्न जान्थ्यौं। म बेस गोलीहनैया थिएँ, तर यसमा पनि उसले अभ्यास गरेर मलाइ जित्यो।

लिओ १८ वर्ष भएपछि मात्र म आफ्नै कोठामा सरें, अनि उसलाइ आफ्नै कलेजमा भर्ना गरें। २१ वर्षमा उसले डिग्री लियो, बेस तर उच्च चाहिं होइन। त्यही समयमा पहिलाचोटि मैले उसलाइ उसको कथाको बारेमा र डरलाग्दो गरी सामुन्ने रहेको

रहस्यको बारेमा केही कुरा भनें। स्वभावतः त्यसको बारेमा त्यसले सारै चाउचाउ मान्यो, 'तर हालसाल तिम्रो कौतूहल साम्य पार्न सक्दिन' भनी मैले उसलाइ सम्झाइदिएँ। त्यसपछि समय बियाँल्नालाइ लिओले वकालत पढ्नु वेस होला भन्ने कुरा उठाएँ; उसले मैले भनेको कुरा मानी केम्ब्रिजमा पढ्ने र खानालाइ लण्डन जाने गर्‍यो।

लिओको बारेमा मलाइ एउटामात्र फिक्री थियो। जो जो तरुनी उसलाइ देख्तथे, तीमध्ये सबै वा धेरैजसो उसँग आसक्त हुन खोज्दथे। यसबाट धेरै अपठ्यारो पर्‍यो। त्यसको बारेमा म यहाँ केही भन्दिनँ तापनि त्यसले बडो फसाद पार्‍यो। सबै कुरा विचार गर्दा उसको आचरण वेसै थियो; त्यसभन्दा बढ्ता म केही भन्न सक्तिनँ।

यसरी ती वर्षहरू बिते र आखिरमा लिओले २५ सौं जन्म दिनमा प्रवेश गर्‍यो। त्यस मितिदेखि यो अनौठो र, कुनै हाल-तमा, डरलाग्दो इतिहास वास्तवमा शुरू हुन्छ।

तेस्रो परिच्छेद

अमेनर्टसको खपटा

लिओ को २५ सौं जन्मोत्सवको अगिल्लो दिनमा हामी दुवै जनाले लण्डनमा गएर बीस वर्षअगाडि जिम्मा लाइराखेको त्यो रहस्यपूर्ण बाकस ब्याङ्कबाट झिकयौं। म सम्झन्छु, जुन कारिन्दाले त्यो बाकस लगेको थियो उसैले ल्यायो। उसले भन्यो, 'त्यो बाकस लुकाएको मैले राम्रोसँग सम्झें। नत्र त्यो पत्ता लाउन गाह्रो पर्दथ्यो, किनभने माकुरोका जालोले त्यस-लाइ बेसरी ढाकेको थियो।'

साँझमा हामी त्यो गह्रुंगो बाकस लिएर केम्ब्रिज फर्क्यौं। त्यस रातमा हामीलाइ जति सुते पनि पुग्दैनथ्यो। उज्यालो भएपछि बाहिरी लुगा नलाएर लिओ मेरो कोठामा आइपुग्यो, अनि तुरुन्त काम शुरू गरूँ भन्न लाग्यो। मैले तातै खाऊँ जस्तै मरूँ गर्न दिइनँ। २० वर्षसम्म पर्खेको बाकसले हामीले बिहानको खाना खाइनसकेसम्म सहजै पर्खन सक्तछ भन्ने कुरा गरें। त्यहीबमोजिम नौ बजे—ठ्याक्क नौ बजे—हामीले बिहानको खाना खायौं; त्यस बेला म आफ्नो विचारमा यत्तिको निमग्न थिएँ कि लिओको चियामा मिश्रीको सट्टा माछुको चोक्टा हालिदिएछु। त्यही छाँट जौबको पनि थियो, किनभने उसले मेरो चिया खाने सेभर्स चिनियाँ कचौराको बीँड फुटाल्यो। त्यो कचौरा आफ्नो स्नान कोठामा छुरी घसिनुअगाडि मराटले चलन गरेकै चाहिं थियो।

आखिरमा खाने कुराको भाँडो पन्छाएपछि जौबलाइ त्यो बाकस ल्याउन अह्राएँ। त्यसले मानो त्यस कुरामा अनपत्यार मानेको देखाएर केही झोक्का दिंदै त्यो बाकस टेबिलमा राख्यो। त्यसपछि त्यो कोठा छोडेर जान लाग्यो।

मैले भनें, 'एक छिन पर्ख्, जौब। मिस्टर लिओलाइ केही आपत्ति छैन भने यो कामको बेसरोकारवाला साक्षी बनाएर राख्न चाहन्छु, किनभने यो मान्छे नबोलाएसम्म चुप लाग्छ भनेर भर पर्न सकिन्छ।'

लिओले जवाब दियो, 'जरूरै, होरेस काका', किनभने मलाइ काका भन्न सिकाएको थिएँ—तैपनि कहिले कहीं अनादर गरी 'बूढा' वा 'मेरो काका भनाउँदो' सम्म पनि भन्थ्यो।

टोप नलाएको हुनाले जौबले आफ्नो टाउको छोयो।

मैले भनें, 'ढोका बन्द गर्, जौब, मेरो सफरी ब्याग ल्याइदे।'

त्यसले ब्याग ल्याइदिएपछि लिओको बाबु विचरो भिन्सिले आफू मर्ने रातमा मलाई दिएका साँचा त्यसबाट झिकें। तीन-वटा साँचा थिए : सबभन्दा ठूलो चाहिं हालसालैको छाँटको थियो, दोस्रो चाहिं ज्यादै पुरानो किसिमको, र तेस्रो चाहिं मैले देखेको कुनै किसिमसित पनि मिल्दैनथ्यो । यो देख्ताखेरि खँदिलो चाँदीको साँपलाबाट छाँट पारी बींडको निमित्त यसको किनारामा केही खाँदहरू काटिएका थिए। मैले संझेको अरू कुराभन्दा रेलको भद्दा साँचोसित यो धेरै मिल्दथ्यो ।

स्याङ प्वाल सल्काउन लाग्दा मानिसहरूले भने झैं गरी मैले भनें, 'अब, तिमी दुवै तयार भयौ त ?' जवाव पाइनँ, उसैले ठूलो चाहिं साँचोको दाँतमा केही तेल दलेर हात काँपेको हुनाले एक दुइ पटक कुठाउँमा पारेपछि प्वालमा हाली घुमाएँ। लिओले निहुरेर दुवै हातले गऱ्हुँगो बिर्कोलाई अँठ्याएर बलैसित खोल्यो, किनभने कब्जाहरूमा खिया परेको थियो। भित्रपट्टि धूलोले ढाकिएको अर्को सन्दूस देखियो। त्यसलाई हामीले साजिलैसित फलामे बाकसबाट झिक्यौं र वर्षौंदेखि थुप्रिएको धूलो बुरुस लाएर टकटकायौं।

यो आवनूस काठको थियो वा त्यस्तो देखियो, अथवा कुनै त्यस्तो कालो काठको थियो, र चारैपट्टि फलामका पाता ठोकेको थियो। त्यो ज्यादै पुरानो हुनुपर्छ, किनभने बलियो काठ भए तापनि पुरानो भएर ठाउँ ठाउँमा मक्किइसकेको थियो।

दोस्रो चाहिं साँचो घुसारेर मैले भनें, 'अब यसलाई खोल्ने।'

ज्यादै उत्कण्ठित भएकाले सासै नफेरी जौब र लिओ निहुरेर अगिल्तिर झुके। साँचो घुम्यो, मैले बिर्को खोलेर कराएँ; यसमा कही ताजुब छैन, किनभने आबनूसको सन्दूस-भित्र आठ इञ्ची उच्चा बारह इञ्ची वर्गाकारको खासा चाँदीको

बट्टा थियो। यो निस्सन्देह नै मिश्रदेशीय कालिगढीको थियो, किनभने चारै खुट्टा स्फीङ्क्सका बनेका थिए, र गोल परी हुट्ट उठेको बिर्कोमा पनि स्फीङ्क्स थियो। जरूरै त्यो बट्टा पुरानो भएकोले निकै कालो भएको र कुच्चिएको थियो, तर अरू कुरा केही बिग्रेको थिएन।

मैले यसलाई झिकेर टेबिलमा राखें, त्यसपछि पूरा निस्तब्धतामा त्यो अनौठो छाँटको चाँदीको साँचोलाई घुसारी यताउता थिचें। आखिरमा ताल्चा खुली हाम्रो अगाडि त्यो बट्टा उदाङ्ग भयो। यो बीँटैसम्म कागतभन्दा सागपातका त्यान्द्रासित मिल्ने केही खैरो धुजा धुजा परेको वस्तुले भरिएको थियो। त्यो के कुरा हो मैले अझसम्म पत्ता लाउन सकेको छैन। लगभग तीन इञ्चीको गहिराइसम्म मैले यसलाई झिकें, अनि मामूली आजकलको छाँटको खाममा बन्द भएको चिठी देखियो त्यसमा मेरो मरेको मित्र भिन्सिको हस्ताक्षरमा लेखेको थियोः—

'यो बट्टा खोल्नालाई बाँच्यो भने मेरो छोरा लिओके।'

त्यो चिठी मैले लिओलाइ दिएँ। उसले त्यो खाममा हेरेर त्यसलाई टेबिलमा राख्यो, अनि बट्टा खोल्ने काम शुरू गर्न मलाई इशारा गर्‍यो।

यसपछि होशियारीसँग बेह्रेको एउटा चर्मपत्र पाएँ। त्यसलाई फुकाएर हेर्दा भिन्सिको हस्ताक्षरमा लेखेको र शिरमा 'खपटाको अन्शिअल ग्रीक लेखको अनुवाद' देखेर चिठीसँगै राखें। त्यसपछि चर्मपत्रको अर्को प्राचीन मूठा झिकें, त्यो समयले गर्दा पहेंलो र चाउरी परेको थियो। यो पनि मैले फुकाएँ। त्यो पनि उही ग्रीक मूलको अनुवाद थियो, तर ल्याटिन

भाषामा ब्ल्याक-लेटर अक्षरमा गरिएको थियो। एकै पटक हेर्दा अक्षर र शैलीबाट यो सोह्रौं शताब्दीको शुरूतिरको हो भन्ने मलाइ थाहा भयो।

त्यो मुट्ठाकै मनि पहेंलो कपडामा बेह्रेको साह्रो र गह्रुंगो केही चीज थियो। त्यो त्यान्द्रादार वस्तुको अर्को तहमा रहेको थियो। विस्तारै होश गरेर हामीले त्यो कपडा फुकायौं। धेरै ठूलो तर निस्सन्देह नै प्राचीन मड्किलो पहेंलो रंगको माटाका भाँडाको खपटा देखियो। मेरो विचारमा यो खपटा मझौला कद्को मामूली आएम्फोर भाँडाको टुक्रो थियो। त्यसको लमाइ साँढे १० इञ्ची, चौडाइ ७ इञ्ची र मोटाइ एक इञ्ची थियो। बाकसको पिंधपट्टि रहेको यसको हुट्ट उठेको पाटो अन्शिअल ग्रीक अक्षरले बाकूलोसँग ढाकिएको थियो। ठाउँ ठाउँमा अक्षर उडेका भए तापनि धेरैजसो राम्रोसंग बुझिन्थ्यो, किनभने त्यो लेखाइ ज्यादै होशियारीसँग प्राचीन लेखकहरूले अक्सर प्रयोग गर्ने निगालाको कलमले लेखिएको जस्तो थियो। कुनै प्राचीन समयमा यो अचम्मको खपटालाई दुइ टुक्रा पारी फेरि टाँस्ने मसला र आठवटा लामा कीलाले जोडेको कुरा भन्न मैले बिर्सन हुन्न। भित्रपट्टि धेरै लेखहरू थिए, तर ती धेरैजसो अशुद्ध अक्षरका थिए, र भिन्नभिन्न समयमा भिन्नभिन्न हस्ताक्षरले लेखिएको भन्ने स्पष्टै थाहा हुन्थ्यो। उनीहरूको बारेमा र चर्मपत्रका लेखहरूका बारेमा एक छिनपछि म भन्नेछु।

उत्तेजित भएर कानेखुसी गरी लिओले सोध्यो, ‘अरू केही कुरा छ कि?’

मैले कुना काप्चीमा छामेर साह्रो वस्तु निकालें। त्यसलाइ एउटा सानो कपडाको थैलामा हालेको थियो।

थैलीबाट हामीले पहिले हस्तिहाडमा लेखेको साह्रै राम्रो चित्र झिक्यौं, अनि एउटा सानो चकलेट रंगको स्क्यारब रत्न झिक्यौं। त्यसमा यस्तो चिह्न थियोः—



त्यस चिह्नको हामीले पछिबाट ठेगान लायौं, 'रा अथवा सूर्यको शाही पुत्र' भन्ने त्यसको अर्थ रहेछ। सानो चाहिं लिओकी यूनानी आमाको तस्वीर थियो—त्यो मनोहर, कालो आँखा भएकी थिई। त्यसको पछिल्तिर विचरा भिन्सिको हस्ताक्षरमा 'मेरी प्यारी स्वास्नी' लेखिएको थियो।

मैले भनें, 'त्यति मात्र हो।'

प्रेमपूर्वक हेरिरहेको तस्वीर राखेर लिओले जवाब दियो, भइगयो, अब हामी चिट्ठी पढौं, अनि खुरु खुरु छाप फोडेर सुन्ने गरी पढ्न थाल्योः—

'मेरो छोरा लिओ,—तिमी यो खोलन बाँचेको पक्षमा तिमीले यसलाइ खोल्दा गधे पच्चीसी पार गरिसकेका हुनेछौ र मलाइ चिन्ने जति करीब सबैले बिलकुल बिर्सिने गरी म मरेको धेरै भइसके छ। तैपनि यो चिट्ठी पढ्दा संझ कि म एक पटक थिएँ र तिमीले नपत्याए पनि अझतक हुन सक्छु, अहिले कलम कागतको संसर्गद्वारा मृत्युको खाडलपारीबाट म तिमीसंग हात पसार्छु. च्याहानको चकमन्दबाट आफ्नो अवाजले म तिमीसित बोल्छु। म मरेको हुँ, तिम्रो मनमा मेरो कत्ति पनि संझना छैन, तैपनि तिमीले यो पत्र पढ्दा यस समयमा म तिमीसितै छु। तिमी जन्मेदेखि आजसम्म मैले तिम्रो मुख

देखेकै छैन भने पनि हुन्छ। यस कुरामा मलाइ माफ देऊ। आइमाईहरूसँग अक्सर जति प्रेम गरिन्छ त्यसभन्दा वढ़ता मैले प्रेम गरेको प्राणीको ज्यानको ठाउँ लियौ, त्यो सुर्ता अझै रहिरहेको छ। केही गरी म बाँचेको भए, रहँदा वस्ता यो वेकूफी भावनालाइ दमन गर्दो हुँ, तर बाँच्नु मेरो भाग्यमा लेखेको रहेनछ। मेरा शारीरिक र मानसिक दुःख मैले सहन सक्ने-भन्दा वढ्ता छन्, यसैले तिम्रो भाविष्यमा कल्याणको निमित्त गर्नुपर्ने थोरवहुत वन्दोवस्त सिद्धिएपछि ती दुःखहरूलाइ अन्त गर्ने मेरो इच्छा छ। मैले वेजाइँ गरको भए परमेश्वरले मलाइ क्षमा गरून्। बढीमा अर्को सालभन्दा म जीवित रहने छैन।'

मैले कराएँ, 'उसो भए उनले आत्महत्या गरेछन्। मैले त्यही ठानेको थिएँ।'

जवाव नदिएर लिओले बाँच्तै गयो, 'अब, मेरो वारेमा भइगयो। अहिले जो भन्न लागिरहेछु त्यसको सम्बन्ध तिमी बाँच्ने मानिससँग छ, मसित छैन। म त मरेको मान्छे हुँ, हुँदै नभएको मान्छे जत्तिकै विर्सिइसकेको छु भने पनि हुन्छ। मेरो दोस्त होलिले (जसलाइ उनले नासो जिम्मा लिन स्वीकार गरेको पक्षमा तिमीलाइ सुम्पने मेरो इच्छा छ) तिम्रो कुलको असामान्य प्राचीनताको वारेमा केही कुरा तिमीलाइ भन्नेछन्। यस बट्टामा रहेका वस्तुबाट त्यो कुरा पूरासंग सावित हुनेछ। तिम्रो टाढा टाढाकी पुरुखाले खपटामा लेखेको अनौठो उपा-ख्यान मेरा बाबुले आफ्नो मृत्युशय्यामा मलाइ दिनुभएको थियो। यसले मेरो कल्पनामा जवर्जस्तीसंग घर वनायो। सम्राज्ञी इलिजावेथको समयतिर हाम्रा पुर्खाहरूमध्येका एउटाले यसको खोजी गर्दा आपद्मा पर्नुपरेथ्यो। मैले पनि

उन्नाईस वर्षको उमेर मात्र हुँदा, त्यसको सत्यको अनुसन्धान गर्न मसक्क आँटेको हुँ। ममाथि के के परिआयो अहिले त्यसको बारे म केही भन्न चाहन्न। तर यो कुरा मैले आफ्नै आँखाले देखें। अफ्रिकाको समुद्रतटमा ज्याम्बीजि नदी समुद्रमा खसेको ठाउँभन्दा उत्तरदेखि केही टाढा अझसम्म गम नपाइएको जग्गामा एउटा अन्तरीप छ। त्यसको छेउमा टाकुरा उठी लेखमा भनेकै जस्तो हबशीका टाउकोको बान्की परेको छ। म त्यहाँ उत्रें। त्यसको निकै भित्रपट्टि कचौरा जस्ता बान्की परेका ठूलाठूला पहाडभित्र अपरिमित भासहरूले घेरिएका गुफाहरू छन् भन्ने एउटा भौंतारिन लागेको हबशीबाट थाहा पाएँ। त्यो हबशीलाइ केही कसूर गरे बापत उसका मानिस-हरूले त्यहाँ छोडेर गएका रहेछन्। मैले यो पनि थाहा पाएँ कि त्यहाँका मानिसहरू अरबी भाषा बोल्छन् तथा त्यहाँ एउटी राम्री गौराङ्गीको शासन छ। तिनलाइ तिनीहरू कसैले देखेकै छैन भने पनि हुन्छ। ती आइमाईको प्रभुता सजीव निर्जीव सबै कुराउपर छ भन्ने हल्ला पनि सुनेको छु। मैले त्यो कुरा पत्ता लाएको दुइ दिनपछि धाप तर्दा जरोले पक्रेर त्यो मानिस मर्‍यो। रसद सिद्धिएको हुनाले र रोगको लक्षण देखिएकोले (नभन्दै त्यस रोगले मलाइ पछिबाट सोत्र्यासम्म पार्‍यो) जहा-जमा नफर्की सुखै पाइनँ।

'यसपछि ममाथि परेका दुर्घटनाहरूको बारेमा लेख्ने प्रयो-जन छैन। म्याडग्यास्करको तीरमा मेरो जहाज भताभुङ्ग भयो र एउटा अंग्रेजी जहाजले केही महीनापछि उद्धार गरेर एडनमा ल्यायो। त्यहाँबाट म इङ्ल्याण्डतिर रमाना भएँ। पूरा बन्दो-बस्त गर्नासाथ त्यस खोजतलासको काम फेरि शुरू गर्ने मेरो इच्छा थियो। ग्रीस मेरो बाटोमा परेको हुनाले म त्यहाँ अडें।

प्रेमले सबै कुरालाइ परास्त गर्नै हुनाले त्यहीं तिम्री प्यारी आमालाइ भेटें र विहा गरें। त्यहीं तिमी जन्म्यौ र तिम्रो आमा पनि मरिन्। त्यही मौकामा यो आखिरी रोगले मलाइ पक्रयो, त्यसैले मर्ना निमित्त म यहाँ फर्कें। सास भएसम्म आसले नछोडेकोले रोग कम भयो भने हाम्रो कुलमा यति शताव्दी-सम्म रहेको परम्परादेखि चलिआएको विश्वासको रहस्य खुलाउन पाउँला भन्ने आशाले, अफ्रिकाको समुद्रतटमा फेरि पनि जाने इच्छा हुदा म अरबी भाषा सिक्न लागें। तर मलाइ फाइदा भएन, बस अब मेरो हकमा कथा टुङ्गियो।

'तर मेरो छोरा, तिम्रो निंति कुरा खतम भएको छैन, म तिमीलाइ यसको उत्पत्तिका परम्परानुगत प्रमाणहरूको साथ-साथै आफ्नो परिश्रमका यी परिणामहरू सुम्पन्छु। तिमी पचीस वर्षको नभएसम्म तिम्रो हातमा यी कुरा नपर्ने बन्दोवस्त गर्ने मेरो आशय छ। त्यस उमेरमा तिमी आफै विवेक गर्न सक्नेछौ, अनि त्यस वेला कित साँचो ठहरिएको पक्षमा तिमी संसारमा सबभन्दा ठूलो रहस्यमय कुरा अनुसन्धान गर्न तयार हुनेछौ, कित एउटी आइमाईको गोलमालिऐको मगजबाट उत्पन्न भएको फजूल किस्सा भनी यसलाइ एकातिर फ्याक्नेछौ।

'यो झूठा किस्सा हो भन्न म त सक्तिनँ; म त विश्वास गर्छु, यसलाइ फेरि पत्ता लाउन सकियो भने संसारको प्राणशक्ति प्रत्यक्ष रहेको जग्गा पाइनेछ। जीवन छ, यसैले यसलाइ बेहद-सँग रहिरहने पारी जोगाउने उपाय किन नहुनु? तर तिम्रो मनलाइ यस विषयमा एकातिर लहस्याउने मेरो इच्छा छैन। पढेर आफै निर्णय गर। खोजतलास गर्नापट्टि तिमी लहसि-एको पक्षमा तिमीलाइ खर्चको खाँचो नहुने बन्दोवस्त मिलाइ-दिएको छु। तर त्यो कथा कल्पना मात्र हो भन्ने तिमीलाइ यकीन

हुन्छ भने, म कर जोरी विन्ती गर्छु, खपटा र लेखहरूलाई फ्याकिदेऊ र हाम्रो जातिबाट सदाको निमित्त दुःखको काँढो पन्छाऊ। त्यही सबभन्दा बुद्धिमानी कुरा हो कि जस्तो लाग्छ। उखानले भने जस्तै मानिसको प्रकृतिमा घुसेको बूढीरूढ बाट होइन, अक्सर डरलाग्दो हुने भएर नै थाहा नपाइएको कुरा डरलाग्दो हुन्छ भन्ने साधारणतः ठानिन्छ। संसारलाइ सजीव पार्ने विशाल र गुप्त शक्तिहरूमा हात हाल्ने मानिस उनीहरूकै शिकार बन्न सक्तछ। फेरि उद्देश्य हासिल गरेको पक्षमा, आखिरमा समय र अनिष्टलाइ हाँक दिंदै शरीर र बुद्धिको प्राकृतिक नाशभन्दा माथि उचालिएर सँधैको राम्रो सँधैको जवान भई परीक्षाबाट उत्रन सक्यौ भने, त्यो भयलाग्दो परिवर्तनले तिमीलाइ आनन्द दिलाउँछ भनेर कसले भन्न सक्छ? रोज, मेरो छोरा, सबै चीजमाथि शासन गर्ने र "यतिसम्म मात्र तँ सिक्न सक्छस्" भन्ने महाशक्तिले तिम्रै कल्याण र संसारको कल्याण हुने गरी तिम्रो रोजाइको बाटो लगाओस्। सफलता भएको पक्षमा तिमी एक दिन संचित अनुभवको स्वच्छ शक्तिद्वारा निश्चय नै त्यस संसारमा शासन गर्नेछौ।—विदा!'

मिति र नाउँ नभएको त्यो चिट्ठी यसरी एक्कासि टुङ्गियो।

त्यो कागतलाइ टेबिलमा राख्तै निसासिएर लिओले भन्यो, 'यसलाइ तपाईंले के ठान्नुभयो काका? हामी रहस्य खोजिरहेका थियौं, पक्कै एउटा पाप जस्तो देखिन्छ।'

मैले च्याँठिएर जवाव दिएँ, 'यसलाइ मैले के ठान्ने? केही न केही, तिम्रा विचरा बावुको हावा अवश्य खुस्केको रहेछ। २० वर्षअगि उनी मेरो कोठामा आउँदा त्यस रात मैले त्यही

लख काटेको थिएँ। तिमीले देखिहाल्यौ उनले आफ्नो दिन आफै छोट्याएछन्, बिचरा। यो एकदम वाहियात हो।'

गम्भीरतापूर्वक जौबले भन्यो, 'त्यही हो, हजुर !' जौब छक्कापञ्जा नहुनेहरूमध्ये पूरा छक्कापञ्जा नभएको नमूना थियो।

लिओले भन्यो, 'भइगयो जे भए पनि खपटामा के लेखेको रहेछ हेरूँन,' अनि आफ्नो बाबुको हस्ताक्षरमा लेखेको अनुवाद टिपेर पढ्न लाग्यो:—

'म, अमेनर्टस, मिश्रदेशका फेरोको राजवंशकी, क्यालिक्रटीज(**बलमा सुन्दर**)की पत्नी, देउताहरूले हृदयमा स्थान दिने र राक्षसहरूले मान्ने आइसिसकी पुरोहितनी मर्न लागेकी हुनाले मेरो सानो छोरा टाइसिस्थेनीज(**बलवान् प्रतिघातक**)के। नेक्टनीबिर्सको समयमा, तिम्रा बाबुले गरेको प्रतिज्ञा उनलाइ भङ्ग गर्न लगाई उनीसित म मिश्रदेशबाट भागें। समुद्र पार गरी हामी दक्षिणपट्टि भाग्यौं, उदाउने सूर्यपट्टि फर्केको लिबिया(**अफ्रिका**)मा २४ महीनासम्म भौंतारियौं, जहाँ एउटा खोलाको नजीक हबशीको टाउकोको बान्की पारी कुँदिएको ठूलो पहरो छ। बाढीले हुत्याएर ल्याएको हुनाले हामीले नदीको मुहानबाट निस्केको पानीमा ४ दिनसम्म बस्नुपर्‍यो। कोही डुबेर मरे, कोही बिरामी भएर मरे, तर हामीलाइ जंगली मानिसहरूले सिमकुखुराले ओत लिने पर्ती जग्गा र भासबाट लिएर गए। दश दिनमा हामी एउटा खोक्रो पहाडमा पुग्यौं। त्यहाँ पहिले एउटा ठूलो शहर थियो, अहिले नष्ट भएको रे। त्यहाँ कुनै मानिसले टुङ्गो लाउन नसक्ने गुफाहरू रहेछन्। उनीहरूले हामीलाइ परदेशीको टाउकोमा भाँडा राख्ने जातिकी महारानीकहाँ लगे। ती महारानी

---

१. द्वितीय नेक्टनेबो, मिश्रदेशको अन्तिम स्वदेशी फेरो, ओकसबाट ईथिओपिअमा भागे, ३३९ बी० सी०—सम्पादक।

सबै चीजको ज्ञान भएकी र कहिले नमर्ने जीवन तथा सौन्दर्य भएकी जादूगर्नी रहिछन्। तिनले तिम्रा बाबु क्यालिक्रटीजउपर प्रेमको दृष्टि दिइन्, र मलाइ मारेर उनलाइ पोइ पार्न खोजिन्, तर उनले मलाइ माया मार्न सकेनन्। तिम्रा बाबु उनीदेखि डराए तापनि उनले भनेको मानेनन्। त्यसपछि तिनले हामीलाइ गुप्त जादूगरीको प्रभावले ठूलो खाल्डोमा लगिन्, त्यस खाल्डोको मुखमा एउटा दार्शनिक बूढाको लास पडिरहेको रहेछ। त्यहाँ लगेर उनले जीवनको घुमिरहने लट्टा हामीलाइ देखाइन्, त्यस लट्टाबाट आएको अवाज मेघको जस्तो थियो। तिनी त्यो ज्वालाभित्र उभिइन् र पहिलेको भन्दा पनि राम्री भएर साबुत निस्किन्। त्यसपछि तिम्रा बाबुले केवल मलाइ मारेर उनको लोग्ने हुन मञ्जूर गरे भने आफू जस्तै उनलाइ अमर पार्छु भनी तिनले किरिया हालिन्। तर आखिरमा मेरो आफ्नै जातिको जादूगरीको अगाडि केही नचलेर तिनले मलाइ मार्न सकिनन् र आजसम्म म उनको इच्छाविरुद्ध खडै छु। उनको सौन्दर्य छेक्नालाई तिम्रो बाबुले आफ्नो आँखालाइ हातले छोपेर उनले भनेको मानेनन्। त्यसपछि तिनले जागेर आफ्नो जादूगरीद्वारा उनलाइ हानिन्, उनी मरे; तर तिनले उनमाथि छाँद हाली विलाप गरिन्, शोक गर्दै उनको लासलाइ त्यहाँबाट बोकेर लगिन्। तिनले डराएर मलाइ त्यो ठूलो नदीको जहाजहरू आइरहने मुहानमा पठाइन्। त्यहाँबाट जहाजले मलाइ धेरै टाढा लग्यो। जहाजैमा तिम्रो जन्म भयो। धेरै ठाउँमा घुमेपछि आखिरमा म यहाँ आएथिन्जमा आएँ। अब, म आफ्नो छोरा तिमी टाइसिस्थेनीजलाइ भन्छु, त्यस आइमाईलाइ खोज र जीवनको रहस्य सिक, कुनै जुक्ति भेट्टाउन सक्यौ भने उनलाइ मारी बाप-वैरी साध; केही गरी तिमी डरायौ अथवा विफल भयौ भने, तिमीपछि जन्मने तिम्रा सन्तान दर सन्तानलाइ यही कुरा भन्छु। आखिरमा तिनीहरूमध्ये एउटा न एउटा बहादुर मानिस निस्कनेछ, त्यही आगोमा नुहाउला र फेरोको ठाउँमा बस्ला। यस कुराको बारेमा म बोल्छु, किनभने नपत्याइसक्नु भए तापनि मलाइ त सबै थाहा छ, म झूटो बोल्दिनँ।'

डा. दिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय
८०६४

जौबले मुख बाएर यो अद्भुत लेख सुनिरहेको थियो, उसले कनेर भन्यो, 'ए परमेश्वर, यस निमित्त उनलाइ क्षमा गर !'

मेरो हकमा मैंले केही भनिनँ : मेरो मित्रले मगज बिग्रँदा यो सारा कथा जोडेको हो भन्ने मेरो पहिलो विचार आयो, तैपनि यस्तो कथालाइ कसैले जोड्न सक्नु संभव लागेन। यो बिलकुल मौलिक थियो। आफ्नो शङ्का निवारण गर्नालाइ मैले त्यो खपटा टिपेर यसमा खाँदेर लेखेको अन्‌शिअल ग्रीक अक्षर पढ्न थालें। मिश्रदेशमा जन्मेको मान्छेको कलमबाट आएको भन्ने विचार गर्दा त्यस शताब्दीको साह्रै बेस ग्रीक भाषामा यो लेखेको रहेछ।

सबै कुरा जाँच्ता त्यसको अंग्रेजी अनुवाद ठीक र बहुतै बेस लाग्यो।

खपटाको हुट्ट उठेकोपट्टि लेखिएको अन्शिअल लेखको शिरमा एकचोटि आएम्फोरको बींट बनेको ठाउँमा मड्किलो रातो रंगले लेखिएको गूढचित्राक्षरी नाउँ र दर्जा भएको राजसी बदामी चक्का थियो। यो चक्का दुरुस्तै हामीले बट्टामा पाएको स्क्यारब रत्नमा देखिएको भनी अगि बयान गरेको जस्तै थियो। तर मैनमा गाड्दा खेरि जस्तै ती गूढाक्षर वा चिह्न उल्टा थिए। त्यो गूढाक्षरी बदामी चक्का आदिको क्यालिक्रटीजं-

---

१. त्यो गूढाक्षरी बदामी चक्का, साँच्चिको गूढाक्षरी चक्का हो भने, मिस्टर होलिले सूचन गरे बमोजिम क्यालिक्रटीजको हुन सक्तैन। क्यालिक्रटीज पुरोहित थियो, उसैले त्यो चिह्न उसको होइन, किनभने यो चिह्न मिश्रदेशीय राजाको निजी हकको थियो, यद्यपि क्यालिक्रटीजले आफ्नो नाउँ र पदवी बदामी चक्कामा कप्नु केही बेर थिएन।—सम्पादक।

को हो वा उसकी स्वास्नी अमेनर्टसको पुरुखा कुनै राजा वा फेरोको हो, मलाइ निश्चय छैन । अन्शिअल ग्रीक अक्षर खोदेकै वेलामा त्यो खपटामा लेखिएको हो, वा त्यस परिवारको अरू कुनै मान्छेले धेरैपछि स्क्यारब रत्नबाट सारेको हो त्यो पनि म यसै भन्न सक्तिनँ। यतिमात्र होइन। त्यस लेखको-मन्तिर उही मड्किलो रातो रंगमा लेखिएको राजसी चिह्न, दुइ प्वाँख लाएको एउटा स्फिङ्क्सको टाउको र कुमको केही खस्रा चित्रको रूपरेखा देखिन्थ्यो, जुन प्वाँख पवित्र साँढे र देवताका मूर्तिमा साधारण भए तापनि स्फिङ्क्समा मैले कहिले देखेको थिइनँ ।

त्यस खपटाको यस पाखाको दाहिने कुनामा पनि अन्शिअल अक्षरले नढाकेको ठाउँमा रातो रंगले छड्के गरी लेखेको र नीला रंगले सही गरेको अनौठो लेख थियो। त्यसको अनुवाद यही होः—

पृथ्वी र आकाश, समुद्रमाहाँ
हुनेछ अद्भुत् घटना त ताहाँ।

लिखितं डरथिअ भिन्सि ।

ज्यादै अलमल्ल परेर त्यो प्राचीन लेखलाइ मैले पल्टाएँ। यो माथिदेखि तलसम्म ग्रीक, ल्याटिन, र अंग्रेजीमा लेखिएका टीका टिप्पणी र दस्कतहरूले ढाकिएको थियो। पहिलो चाहिं त्यस लेखमा सम्बोधन गरिएको छोरो टाइसिस्थेनीजले अन्शिअल ग्रीक अक्षरमा लेखेको थियो। त्यसको अनुवादः—

'म जान सकिनँ । टाइसिस्थेनीजले निजको छोरा क्यालिक्रटीजके ।'

यो क्यालिक्रटीजले (संभवतः ग्रीक ढाँचामा, आफ्नो बाजेको जस्तै नाउँ राखिएको होला) खोजी शुरू गर्न केही प्रयत्न गरेको स्पष्टै देखिन्छ, किनभने साह्है फीका करीब करीब नबुझिने अन्शि-अल अक्षरमा उसले लेखेको छ। त्यसको अनुवाद पनि दिन्छु :—

'देउताहरू मेरा विपरीत भएकाले मैले जानाबाट रोकिनुपऱ्यो। क्यालि-क्रटीजले निजको छोराके।

यो लेख चाहिँ उभिण्डो र यति धमिलो तथा खिइएको थियो कि भिन्सिले नसारेको भए मैले यसलाइ पढ्न सक्ने थिइनँ कि क्या, किनभने खपटाको ज्यादा हात पर्ने छेउमा यो लेखिएको हुनाले वर्ष बित्ते जाँदा करीब करीब मेटिइसकेको थियो। माथिका यी दुइ प्राचीन लेखको बीचमा एउटा लाइअनल भिन्सि भन्नेको उज्जर हालसालैको जस्तो देखिने दस्कत खोदिएको थियो। त्यो लिओको बाजे हुनुपर्छ। यसको दाहिनेपट्टि आद्याक्षर 'जे. बी. भी.' थिए। त्यसभन्दा तल कुनै अन्शिअल कुनै लेख्ने अक्षर-मा किसिम किसिमका दस्कत थिए। ती दस्कतहरू बेवास्ता-संग दोहोऱ्याइएका 'मेरो छोराके' भन्ने वाक्य हुनाले यो पुरानो चिह्न पुस्ता दर पुस्तामा धार्मिक रूपले सर्दै गएको देखिन्थ्यो।

ग्रीक दस्कतपछि अर्को बुझिने कुरा 'रोमी. ए. यू. सी.,' भन्ने शब्द थियो। त्यसबाट त्यस परिवारले रोममा बसाइँ सरेको देखिन्थ्यो। तर दुर्भाग्यवश उनीहरू त्यहाँ बस्न गएको मिति पुछारको (सी भी आई) बाहेक बेपत्तै भएको छ, किनभने त्यो रहेकै ठाउँमा त्यस खपटाको चोइटो गएको छ।

त्यसपछि खपटामा जहाँ जहाँ उनीहरूको नाउँ लेख्न सुहा-उँदो जग्गा छ, जथाभावी लेखिएका बाह्र ल्याटिन दस्कत थिए। तीनवटा यी दस्कतहरूको अन्त्यमा 'भिन्डेक्स' वा 'वैरसाधक'

भन्ने नाउँ थियो। यो नाउँ त्यस परिवारले रोममा बसाइँ सरेपछि ग्रीक 'टाइसिस्थेनीज'को सट्टा लिएको देखिन्छ। 'टाइ-सिस्थेनीज'को माने पनि वैरसाधकै हो। आखिरमा यो ल्याटिन उपाधि भिन्डेक्सको पहिले ड भिन्सि त्यसपछि साधा आजकलको भिन्सिमा बदलिनु मामूली नै हो। क्राइस्टको समयभन्दा पनि अगाडिकी एउटी मिश्रदेशवासिनीले दिएको पुस्ता दरपुस्तादेखि चलिआएको यो वैरसाधनको कर्तव्य, यसरी अंग्रेजी परिवारको नाउँमा मानो मसलाले कुहिनुबाट झैं जोगाइएको देख्ता अनौठो लाग्छ।

त्यस खपटामा खोदिएका रोमन नाउँहरूमध्ये केही मैले इतिहास र अरू कागतपत्रहरूमा पछि पाएँ।

रोमन नाउँहरूको सिलसिलापछि धेरै धेरै शताब्दीसम्म टुटेको छ। ती अभेद्य जुगभरी यो पुरानो चिह्नका इतिहास क्या हो, अथवा त्यस परिवारमा यो कसरी जोगिन आयो कहिल्यै कसैलाइ थाहा हुनेछैन। पाठकहरूले संझनुहुनेछ, मेरो मित्र बिचरो भिन्सिले मलाइ भनेको थियो—उसका रोमन पुरुखाहरूले अन्त्यमा लम्बर्डिमा बस्ती जमाए, र शार्ल-मेनले त्यस मुलुकलाइ हमला गरेपछि उनीसितै आल्प्स पहाड पार गरेर फर्की ब्रिटनिमा घरजम गरी बसे, त्यताबाट उनीहरू धर्मात्मा एडवर्डको राज्यकालमा इङ्ल्याण्डमा आए। उसले यो कसरी पत्ता पायो मलाइ थाहा छैन, किनभने त्यस खपटामा लम्बर्डि अथवा शार्लमेनको केही कुरा छोएको छैन, यद्यपि ब्रिटनिलाई भने छोएको छ; त्यो कुरा अहिल्यै देखिन्छ। हाम्रो कुराको सिलसिला न छोडूं: रगत हो कि अथवा केही किसिमको रातो रङ्गको हो एउटा लामो टाटालाइ छोडी त्यस खपटामा अर्को कुरा रातो रङ्गले लेखेका दुइ क्रस थिए,

संभवतः यिनले क्रूसेडरका तरवार दर्शाउंथे। अनि उज्जर रातो र नीलो रङ्गले लेखेको निकै सफा मनोग्राम (डी. भी.) थियो, शायद श्लोक लेख्ने डरथिअ भिन्सिले लेखेको हुनुपर्छ। यसको बायाँपट्टि फीका नीलो रङ्गले लेखेको आद्याक्षर ए. भी. छन्, त्यसपछि तारीख १८०० छ।

त्यसपछि प्राचीन कालको यस असामान्य चिह्नमा शायद अरू जस्तै अनौठो कुरा थियो। यो १४४५ मिति दिएर क्रस वा क्रूसेडरका तरवारमाथि ब्ल्याक-लेटर अक्षरमा लेखिएको छ। यसबाट लेखक मध्ययुगको ल्याटिन भाषा वेसै जान्ने रहेछ भन्ने देखिन्छ। त्यसपछि हामीले झन् अनौठो कुरा, त्यो ब्ल्याक-लेटर अक्षरमा लेखिएको ल्याटिनको अंग्रेजी अनुवाद भेट्टायौं। यो पनि ब्ल्याक-लेटर अक्षरैमा सन्दूसको दोस्रो चर्मपत्रमा लेखिएको रहेछ। अन्शिअल ग्रीकको मध्ययुगी ल्याटिन अनुवाद लेखिएको चाहिंभन्दा यो केही अगाडिको देखिन्थ्यो। यो ल्याटिन अनुवादको बारेमा पछि कुरा गर्नेछु।

खपटामा ब्ल्याक-लेटर अक्षरमा खोदेको लेखको अनुवाद।

'यो प्राचीन चिह्न साँच्चि नै रहस्यमय र अद्भुतको कुरा हो, यसलाई मेरा पुरुखाहरूले आफूसित आर्मेरिकबाट ब्रिटनिमा ल्याए। एउटा पादरीले जादूगरी र पैशाचिक कामद्वारा शैतानकै यो बनेको हो भन्ने विश्वास मेरा बालाई दिलाई यो चिह्नलाई भाँच-कुँच गरी फयाक्कालाई च्याकच्याकति लायो। यसै कारण मेरा बाले यस चिह्नलाई दुइ टुक्रा पारी भाँच्नुभयो। तर म, जोन ड भिन्सिले सन् १४४५ मा कुमारी मेरीको चाडपछिके सोमवारको

दिन ती दुवै टुक्रालाई बचाई जोडें। कसरी जोडेको छु त्यो तिमीहरू देख्नेछौ।'

खपटाको एउटाबाहेक पछिल्लो लेख चाहिं सम्राज्ञी इलिजावेथको समयको थियो, मिति सन् १५६४ को थियोः—'ज्यादै अनौठो इतिहास, जसले गर्दा मेरा बाबुको ज्यान गयो; किनभने अफ्रिकाको पूर्व समुद्रतटमा यो जग्गा खोज्दा उहाँको डुङ्गालाई लोरेन्जो मार्कजबाट आएको पोर्च्युगलको जहाजले डुबाइदियो, त्यहीं उहाँको देहान्त भयो।—जोन भिन्सि।'

त्यसपछि आखिरको लेख थियो, जो लेखको शैलीबाट विचार गर्दा १८ रौं शताब्दीको मध्यमा त्यस परिवारको कुनै मानिसले लेखेको बुझिन्थ्यो। ह्याम्लेट नाटकको प्रसिद्ध पङ्क्तिको अशुद्धसँग उद्धृत भएको यो थियो। त्यसको अनुवादः—'तिम्रो वेदान्तले सपना देखेको भन्दा स्वर्ग र पृथिवीमा धेरै कुरा छन्, होरेशिओ।'[1]

अब जाँच्नुपर्ने एउटा मात्र बाँकी रह्यो—अर्थात्, खपटाको अन्शिअल ग्रीकको मध्ययुगी ल्याटिनमा प्राचीन ब्ल्याक-लेटर

---

१. यो लेख १८ रौं शताब्दीको मध्यमा लेखिएको हो भन्नालाइ मलाई अर्को कुराले पनि सजिलो पार्‍यो। सन् १७४० तिर लेखिएको 'ह्याम्लेट' को पाठ भएको कापी गजबसँग मकहाँ आइपुगेको छ। त्यसमा यी दुइ पङ्क्ति ठीक त्यस्तै किसिमले बिरिएर उद्धृत भएका छन्। उसैले मलाई केही शङ्का छैन, त्यस खपटामा लेख्ने भिन्सिले त्यही मितिमा यसरी अशुद्धसँग उद्धृत भएका ती पङ्क्ति सुन्यो। वास्तवमा शुद्ध पङ्क्ति यी हुन्ः—

तिम्रो वेदान्तमा सपना देखिएको भन्दा धेरै कुरा, होरेशिओ,
आकाश र पृथिवीमा छन्।

ल० हो० हो०

अक्षरमा गरिएको अनुवाद। पाठकले थाहा पाउनुहुनेछ, यो अनुवाद सन् १४९५ मा एड्मण्डस ड प्राटो (एड्मण्ड प्याट) नाउँ भएका, 'क्यानन ला'मा उपाधि पाएका एक्सिटर अक्सफोर्ड कलेजका कुनै विद्वान् मानिसले गरेका थिए। इङ्ल्यांण्डमा ग्रीक सिकाउन आउने पहिला विद्वान् ग्रसिनका ती साक्षात् चेला थिए। निस्सन्देह यी नयाँ विद्यार्थीको कीर्ति त्यस बेलाको भिन्सिको कानमा पुग्यो। त्यो भिन्सि शायद जोन ड भिन्सि नै हुन सक्छ, जसले दर्बौंअगाडि नासिनाबाट त्यो प्राचीन चिह्नलाई बचाएर सन् १४४५ मा त्यस खपटामा ब्ल्याक-लेटर अक्षरमा लेखेको थियो। त्यस रहस्यमय लेखको गुप्ति कुरा खुल्न सक्छ कि भनी हेर्नालाई अक्सफोर्डमा त्यो हतपताएर गयो। हुन पनि त्यसले निराश हुनुपरेन, किनभने विद्वान् एड्मण्डस त्यो काम गर्न समर्थ थिए। वास्तवमा उनको अनुवाद मध्ययुगी विद्वत्ता र ल्याटिन प्रवीणताको साँच्चै उत्तम नमूना छ। त्यस अनुवादमा कैय्यन् विशेषता छन्, तर तिनको बारेमा लेख्ने ठाउँ यो होइन।

आखिरमा ती लेख र लेखांशहरू, कमसेकम तिनीहरूमध्ये सजिलोसँग बुझिने चाहिं, बाँचेर राम्रोसँग जाँचेपछि मैले भनें, 'ल, सबै कुराको मजमून बुझिहाल्यौ, लिओ, अब यसबारेमा अठोट गर। मैले त एउटा अठोट गरें।'

आफ्नो चञ्चले ढङ्गले उसले सोध्यो, 'के अठोट गर्नुभयो ?'

'यो गरें। त्यो खपटा एकदम साँच्चिको हो भन्ने मलाई

---

१. इन्याज्मसका गुरु ग्रसिनले फ्लोरेन्समा क्याल्कन्डिलस द बाइ-ज्यान्टाइनसँग ग्रीक अध्ययन गरे, सन् १४९१ मा अक्स्फोर्डमा एक्सिटर कलेजको दलान बैठकमा पहिलो पटक व्याख्यान दिए। —सम्पादक।

पत्यार लाग्यो, गजबको कुरा हो तापनि, क्राइस्टभन्दा अगाडि चौथो शताब्दीदेखि तिम्रो कुलमा पुस्ता दरपुस्तादेखि आइरहेछ। लेखहरूले यसलाई बिलकुल साबित गर्छन्, त्यस कारणले, जतिसुकै असम्भव देखिए तापनि, त्यो कुरा मान्नैपर्छ। तर त्यहाँनेर म थामिन्छु। तिम्रा टाढाकी पुरुखा मिश्रदेशीय शाहजादीले, वा उनको अह्राटबमोजिम कुनै लेखनदासले हामीले खपटामा देखेको कुरा लेखेकोमा केही शङ्का छैन, अनि आफ्नो लोग्ने मर्नाले र धेरै पीर परेको हुनाले उनको मगज खडबडिएको थियो, उसैले यो लेख्ता तिनको होश ठेगानमा थिएन भन्ने कुरामा कत्ति पनि शङ्का छैन।'

लिओले सोध्यो, 'मेरा बाले त्यहाँ देख्नु र सुन्नुभएको कुराको कसरी परी लाउनुहुन्छ त ?'

'संजोग। हकीकतमा अफ्रिकाको समुद्रतटमा मान्छेका टाउका जस्तै देखिने बुच्का बुच्की, र ठिमाहा अरबी भाषा बोल्ने प्रशस्त मान्छे छन्। फेरि त्यहाँ भासका भास छन् भन्ने कुरा पनि म पत्याउँछु। अर्को कुरा, लिओ, यो कुरा भन्दा मलाइ अफसोस लाग्छ तापनि, त्यो चिट्ठी लेख्ता तिम्रा बाको मगज एकदम ठीक थियो भन्न सकिन्न। उनलाइ ठूलो शोक परेको थियो, फेरि यस कथालाइ आफ्नो मगजमा चक्कर खान दिन्थे, अनि ज्यादै कल्पना गर्ने उनको बानी थियो। जे होस्, हामीकहाँ यो आइपुग्दा जुन किसिमको बनेको छ, त्यस हालतमा म यसलाइ रद्दी संझन्छु। हो, प्रकृतिमा अनौठा शक्तिहरू छन्। तिनलाइ हामी विरलाकोटी भेट्टाउँछौं र भेट्टाउँदाखेरि हामी तिनलाइ बुझ्न सक्तैनौं। तर मेरा आँखाले नदेखेसम्म, मैले देख्नु संभवै छैन, म कहिल्यै पत्याउन्न कि एक छिनसम्म पनि काल टार्ने कुनै उपाय छ, वा अफ्रिकाको धापको बीचमा

बस्ने कुनै बोक्सी छ वा थिई। यो वाहियात हो, बाबु, सबै वाहियात!--तँ के भन्छस्, जौब?'

'हजुर यो झूटा कुरा हो। साँचो भए तापनि मिस्टर लिओले यस्ता कुराहरूमा हात हाल्नुहुनेछैन, किनभने यस-बाट असल कुरा केही निस्कँदैन।'

खूब शान्तिसँग लिओले भन्यो, 'तपाईंहरू दुवैले भनेको कुरा ठीक होला, म आफ्नो राय दिन्नँ। तर म यो कुरा भन्छु। आखिरको निमित्त यस कुरालाइ भित्ता लाउन मन लाग्यो। तपाईं मसँग आउनुहुन्न भने म एक्लै जान्छु।'

मैले त्यस ठिटोपट्टि हेर्दा साँच्चिकै जान आँटेको रहेछ भन्ने बुझें। लिओले जो बोलेको छ त्यही पुऱ्याउन आँटेको वेलामा उसको खाने मुखतिर अनौठो भाव देखिन्छ। केटाकेटीदेखि नै उसको यस्तो गर्ने वानी थियो। वास्तवमा उसको निंति नभए तापनि मेरै निंति लिओलाइ कतै एक्लै जान दिने मेरो इच्छा थिएन। मलाइ उसको ज्यादै माया लाग्ने भइसकेको थियो। मेरा नाता जोडिएका वा माया बसेका धेरै जना थिएनन्। यसवारेमा परिस्थिति नै मेरो विपरीत थियो, मर्दाना जनाना दुवै मदेखि परपरै हुन्थे, अथवा कमसेकम हुन्छन् भन्ने म ठान्दछु, दुवै एउटै कुरा हो। शायद उनीहरू मेरा केही अरुचि-कर वाहिरी हिस्सालाइ मेरो चरित्रको साँचो ठान्छन्। यसरी त्यागिनुभन्दा वरु आफै समाजमा मिसिन धेरै छोडें, धेरै मानिसहरूसित थोर वहुत घनिष्ठ मित्रता हुने मौकावाट आफू-लाइ छुटाएँ। त्यस कारणले भाइ भने पनि, छोराछोरी भने पनि, मित्र भने पनि लिओ नै मेरो निमित्त सारा संसार थियो, उसले वाक्क नमानेसम्म जहाँ त्यो जान्छ उहीं म जान्छु। तर जरूर, उसलाइ म यति माया गर्छु भन्ने थाहा दिनुहुँदैन, यस

कारणले राम्रो कुरा पारेर उसको कुरा मानेको देखाउने केही जुक्ति खोज्न लागें।

उसले दोहोऱ्याएर भन्यो, 'हो, म जान्छु, काका। "जीवनको घुम्ने लट्टा" पाइनँ भने पनि अबल दर्जाको शिकारै सही।'

त्यो मौका मैले छोपिहालें।

मैले भनें, 'शिकार? हो, हो; त्यो कुरा त मैले विचारै गरेको थिइनं। त्यहाँ बडेबडेमा० जन्तुहरूले भरिभराउ भएको ज्यादै ठूलो जंगल हुनुपर्छ। मर्नुअगाडि मलाई एउटा अर्ना मार्ने धोको छ। तिमीलाइ थाहा छ, बाबु, मलाइ यस खोजीमा सफलता होला भन्ने लाग्दैन, तर ठूलाठूला जन्तुहरूको शिकार अवश्य हुन्छ, साँचै नै आखिरमा, फेरि गौर गर्दा पनि जानैलाइ तिमीले मसक्क आँट्यौ भने म पनि बिदा लिएर तिमीसित जान्छु।'

लिओले भन्यो, 'हो, यस्तो मौका चुक्क दिनुहुनेछैन भनेर मैले विचार गरिसकेको थिएँ। तर पैसाको बारेमा के गर्ने? हामीलाइ त धेरै खर्च चाहिन्छ।'

मैले जवाब दिएँ, 'त्यतापट्टि तिमिले फिक्री लिनुपर्दैन। बर्सौंदेखि तिम्रो आमदानी जम्मा भइरहेछ, त्यसबाहेक तिम्रा बाबुले तिम्रो निमित्त मलाइ जिम्मा दिएको भन्ने मैले ठानेको रुपियाँको तीन खण्डमा दुइ खण्ड उबारेको पनि छु। नगद प्रशस्त छ।'

'त्यसो भए, भइगयो त; यी मालहरू थन्क्याएर शहरमा बन्दूक हेर्न जाऔं। साँच्चि जौब, तैं पनि हामीसित जाने? तेरो संसार हेर्ने मौका परेको छ है।'

भावरहित हिसाबले जौबले जवाब दियो, 'हेर्नौस, हजुर, बिरानो मुलुकको केही कुरा मलाइ थाहा छैन, तर हजुरहरू

दुवै जना जानुहुन्छ भने हजुरहरूलाइ एउटा काम गर्ने मान्छे अवश्य चाहिन्छ। फेरि २० वर्षसम्म नोकरी गरेर परदेश जाँदा छाडेर घरै बस्ने मान्छे म होइनँ।'

मैले भनें, 'ठीक हो, जौब। त्यहाँ अरू अचम्म कुरा भने केही भेट्टाउन्नस् तर शिकार भने खूब पाउलास्। यता हेर, दुवै जना। यस वाहियात कुराको वारेमा म कसैलाइ एक वचन भन्दिनँ,' मैले त्यस खपटालाई देखाएँ। त्यो कुरा थाहा भयो भने, मलाइ केही भयो भने, म बौलाएं भनेर मेरो इच्छा पत्रलाइ मेरो हकवालाले बदर गर्न खोज्नेछ, अनि केम्ब्रिजको हास्य-पात्र बन्नेछु।'

त्यसको तीन महीनामा ज्यान्जिबार जान भनी हामी समुद्रमा दाखिल भयौं।

चौथो परिच्छेद

तूफान

मैले भर्खर बयान गरेको र अब बयान गर्नुपर्ने दृश्यमा कत्रो विभिन्नता छ! कलेजका सुनसान कोठा गए, हावाले हल्लने अंग्रेजी एलम रूख, काका गर्ने लेकाली कौवा, तखताका परिचित पुस्तका ठेलीहरू, सब गए; उनीहरूको सट्टामा अफ्रिकाको पूर्ण चन्द्रमाको ज्योतिमा दोछाया परेका रुपौला उज्यालो बनी टल्कने ठूलो शान्त महासागरको दृश्य खडा हुन आयो। मन्द हावाले हाम्रो जहाजको बडेमा पाललाइ हुट्ट उठाउन थाल्यो, आफ्नो बगलमा कल कल अवाजमा संगीत गर्ने पानीको बीच-

बाट हामीलाइ लैजान लाग्यो । अगिल्तिर धेरैजसो मानिसहरू सुतिरहेका थिए, किनभने अहिले मध्यरात नजीकै थियो, तर महम्मद नाउं गरेको एउटा वलियो धम्मरधूस अरबी मान्छे तारा हेरी आलस्यसंग हाँकेर कर्णनजीक उभिइरहेको थियो। हाम्रो जहाजको दाहिनेपट्टि ३, ४ माइल पर एउटा होचो धमिलो रेखा थियो । यो मध्य अफ्रिकाको पूर्वीय तट हो। यो जोखिमको तीरलाइ सयकडौं माइलसम्म घेरेको चट्टान र मध्य मूल भूमिको बीचमा हामी उत्तर-पूर्वी हावाको अगाडि, दक्षिणतिर दौडिरहेका थियौं। रात चकमन्द थियो, यस्तो चकमन्द कि कानेखुसी गरेको पनि जहाजको टाउकोदेखि पुच्छरसम्म सुनिन्थ्यो; कहाँसम्म चकमन्द भने मधुरो गुड्डुको आवाज टाढाको जमीनवाट समुद्रलाइ नाघी हामीकहाँ पल्टाबाजी खाँदै आउंथ्यो ।

कर्णनेर वसेको अरवी मान्छेले आफ्नो हात उठाएर एक शब्द भन्यो—'सिंह !'

हामी सबैले टुक्रुक्क वसेर सुन्यौं । धीमा रवाफिलो आवाज फेरि आएर हामीलाइ हाडभित्रसम्म कंपाउन लाग्यो ।

मैले भनें, 'कप्तानको हिसाब ठीक हो भने, मलाइ त विरिए जस्तो लाग्छ, भोलि दश वजे हामी मानिसको टाउको भएको त्यस रहस्यमय चट्टानमा पुगेर आफ्नो शिकार शुरू गर्छौं ।'

'र जीर्ण भएको शहर र जीवनको आगोको निमित्त हाम्रो खोजी शुरू गर्छौं,' मुखबाट पाइप झिकेर अलिकता हाँसेर लिओले सच्च्यायो ।

मैले जवाव दिएँ, 'वाहियात ! हिजो साँझतिर कर्णमा वस्ने त्यो मान्छेसँग तिमी अरबी भाषा छाँटिरहेका थियौ । त्यसले के भन्यो ? उसले आफ्नो अपराधी आधा जीवनसम्म यी

अक्षांशबाट आउने जाने गरी बेपार (शायद कमारा कमारीको बेपार) गरिरहेको थियो, र एक पटक त्यही 'मान्छे' चट्टानमा उत्रेको थियो। त्यसले भत्केको शहर वा गुफाको बारेमा केही सुनेको रहेछ ?'

लिओले जवाब दियो, 'अँहँ। त्यो भन्छ, पछिल्तिर त्यो जग्गा सबै भासै भास छ, त्यहाँ सर्पहरू खास गरेर अजिंगरहरू, र जनावरहरू टिनु छन्, मान्छे भने त्यहाँ कोही वस्तैनन्। तर पूर्व अफ्रिकाको तीरभरी नै भासको पेटी गएको हुनाले उस्तो केही गर्दैन।'

मैले भनें, 'किन गर्दैन ? गर्छ—त्यहाँ औलो लाग्छ। तिमीले देखिहाल्यौ त्यस मुलुकको बारेमा यिनीहरूको कुन किसिमको विचार रहेछ। उनीहरू कोही पनि हामीसित आउँदैनन्। हामी-लाइ बौलाहा ठान्छन्, यसैले म जे भने पनि सक्छु, उनीहरूको कुरा ठीक हो। फेरि हामीले बूढी इङ्ल्याण्डलाइ देख्यौं भने, म यहीं छु। तैपनि यस उमेरमा मलाइ त्यस कुराको केही वास्ता छैन, तर मलाइ तिमीहरूको निंति चिन्ता छ, तिमी लिओ र जौवको निंति। यो बेवकूफ मान्छेको काम हो, बाबु।'

'भइगयो, होरेस काका। मेरो हकमा भाग्य जोग्यमा भर पर्ने मेरो इच्छा छ। ओहो हेर्नोस्! त्यो बादल क्या हो ?' यति भन्दै उसले हाम्रो केही माइलअगाडिको ताराले ढकमक ढाकेको आकाशको एउटा कालो टाटालाइ देखायो।

मैले भनें, 'कर्णनेरको मान्छेकहाँ गएर सोध।'

उ उठ्यो, आङ तान्यो, अनि गयो। एक छिनपछि नै उ फर्केर आयो।

'उसले भनेको यो तूफान रे, तर हामीबाट धेरै टाढा एकापट्टि जाला भन्छ।'

त्यही वेलामा जौब आयो, खैरो फलाटिनको शिकारी पोशाक लाएको हुनाले खूब बलियो र अंग्रेज जस्तो देखिन्थ्यो। उसको ईमानदार चनौटे मुखमा एक किसिमको अलमल्ल परेको भाव झल्कन्थ्यो। जहाजमा चढेदेखि उ त्यस्तै अनुहार लाइ-रहन्थ्यो।

केही हाँसोउठ्तो किसिमले टाउकाको पछाडिपट्टि कोचेर लाएको घाममा लाउने आफ्नो टोप छोएर उसले भन्यो, 'हजुर, बाकसहरूका रसदहरूको कुरै नगरूँ भने पनि, हाम्रा सबै बन्दूक र मालमत्ताहरू पछाडि डुङ्गामा हुनाले मैले सुरुक्क गएर त्यही डुङ्गामा सुत्नु बढिया होला। ती काला भलादमीहरूको अनुहार मलाई' (यहाँ उसले आफ्नो स्वरलाई डरलाग्दो कुरा जनाउने शैलीमा ओह्राल्यो) 'निको लाग्दैन; तिनीहरूको चोरको जस्तो एउटा गजबको चाला छ। अहिले उनीहरूमा कुनै मानिस राती त्यो डुङ्गामा सुटुक्क पसेर लखाकी काटी बेपत्ता भयो भने! हामीले चीत खानुपर्नेछ।

त्यो डुङ्गा स्कट्ल्याण्डको डण्डी भन्ने ठाउँमा हाम्रो निमित्त खास रूपले बनेको चाहिं थियो। यो तीरमा चट्टानहरू छ्यास-छ्यासति छन् भन्ने थाहा पाएको र उनीहरूलाई कहाँ कहाँ छन् भनी जाँची हेर्नालाई चढेर जान केही कुरा चाहिएला भनी हामीले त्यो डुङ्गा ल्याएका थियौं। त्यो साह्रै राम्रो डुङ्गा, तीस फीट लमाइको, सफर गर्नानिमित्त बीचमा फलैंचा भएको, कीरा टाँसिन नदिनालाई पींधमा तामाको पाताले मोहोरेको, र पानी नछिर्ने कोठाहरूले भरिभराउ भएको थियो। जहाजको कप्तानले हामीलाई भनेको थियो, हामी उसले चिन्हेको तथा खपटामा र लिओको बावुले बयान गरेको चाहिंसित मिलेको देखिने चट्टानमा पुग्दा, त्यहाँ चाहिने जति गहिरो पानी

नभएको र छाल आउने हुनाले त्यस चट्टानसम्म जहाज लान होओइन। त्यस कारणले सूर्योदयमा हावा चल्न छाडी हामीलाई विलकुल शान्ति मिलेको हुनाले त्यही विहान तीन घण्टासम्म हाम्रा धेरैजसो मालताल र कसनतमन त्यो डुङ्गामा ओसार्न, तथा बन्दूक, गोलीगट्ठा, र नकुहुने गरी राखेका रसदहरू उनीहरूका निमित्त खास गरी तयार पारिएका पानी नछिर्ने बाकसभित्र बन्द गर्ने काममा लाग्यौं। अब त्यो कथाको चट्टान हामीले देख्नासाथ त्यो डुङ्गामा चढेर किनारमा जाने काम मात्र बाँकी थियो। यो खबरदारी गर्नाको अर्को कारण पनि थियो, यी अरबी कप्तानहरूको, लापरवाहीले हो वा चिन्न भूल गरेर हो, जहाँ पुग्नु छ त्यस ठाउँलाई पार गरेर जाने बानी थियो। त्यसो भएको पक्षमा, नाविकहरूलाई थाहै छ, सामुद्रिक हावाको अगिल्तिर बगेर जानालाई मात्र बनाएको जहाजलाई फर्काएर पछाडि लानु विलकुलै असम्भव हुन्छ। त्यस कारणले भनेको वेलामा चट्टानमा ख्याएर जान हाम्रो डुङ्गालाई तयारी राख्यौं।

मैले भनें, 'हो, जौब, शायद त्यसै गर्नु बेस होला। त्यहाँ प्रशस्त कम्वल छन्, केवल जूनवाट बच्, किनभने कि यसले तेरो मगज विगार्छ कित तँलाई अन्धो पार्छ।'

'ओहो, हजुर! त्यसो भए पनि उस्तो हानि केही छैन, किनभने यी कल्चौंडाहरू र तिनीहरूको घीनलाग्दो चोरको जस्तो चाल देखेर मेरो मगज अगि नै विग्रिसक्यो। तिनीहरू मलको निमित्तमात्र योग्य छन्; अहिले नै तिनीहरू मल भए सरी गह्राइरहेछन्।'

हाम्रा काला भाइहरूको चाल-चलन र रीत भाँत जौबलाई मन पर्दैन भन्ने स्पष्टै देखिन्थ्यो।

हाम्रो मल्लाहबमोजिम जहाजको पछाडिको हिस्सामनि नै लखाकीद्वारा त्यो डुङ्गालाइ तान्यौं, र जौव आलुको बोरा खसेकै छाँटले डुङ्गाभित्र हामफाल्यो । त्यसपछि हामी फर्केर जहाजको कौसीमा बसी चुरोट खाएर सानो झोक्का र ढुरीमा गफ गर्न लाग्यौं । त्यो रात यस्तो मनोहर थियो, त्यस बेला हाम्रा मगज दबाइएका किसिम किसिमका उत्तेजनाले यसरी भरिएका थिए कि हामीलाई सुत्न जानै मन लागेन । करीब एक घण्टासम्म यसरी बस्यौं होला, अनि हामी दुवै उङ्न थाल्यौं । कमसेकम लिओले निद्राले लस्त भएर, सीङको ठीक बीचमा पारेर हान्न सकियो भने भनेको हो कि, उसको घोक्रोसम्म गोली पुर्‍याउन सकियो भनेको हो, यस्तै फजूल कुरा गरेर अर्नोलाइ हान्नालाई टाउको पनि खराब ठाउँ होइन भनेको मलाइ अलि अलि संझना छ ।

अरू मलाइ संझना छैन; बिलकुल अचानकसँग हावाको भयानक गर्जन, बिउँझेका मल्लाहको डरको चित्कार र हाम्रो मुखमा पानीको कोर्रा जस्तो पिटाइ । कोही मानिसहरू डोरी खोलेर पाल ओह्राल्न दगुरे, तर मुन्द्रो अँठिएकोले पाल ओर्लेन । म जुरुक्क उठेर डोरीमा झुण्डिएँ । पछिल्तिरको आकाश चुक घोप्ट्याए जस्तो काालो थियो, तर हाम्रो अगिल्तिर भने जून लागेर कालोपनलाइ उज्यालो दिइरहेको थियो । यस टलकमा परी सेतो टाउको भएको २०-२२ फीट अग्लो बडेमा छाल परबाट हामीलाइ छोप्तै आइरहेको थियो । त्यो छालको शिरमा चन्द्रमाको तेज परी त्यसको फींजलाइ उज्यालो किनारा दियो । मसी जस्तो आकाशमनि भयानक तूफानले हुत्त्याएको हुनाले यो छुटेर आयो । अचानक आँखा झिम्म गर्दा नगर्दै, त्यो छालको शिरमाथि हावामा उडेको हाम्रो डुङ्गाको कालो

आकार मैले देखें। त्यस पछि—पानीको मुस्लो, उम्लेको फींजको प्रचण्ड वैराइ, अनि म आफ्नो ज्यान बचाएर डोरीमा झुण्डिएको थिएँ, त्यहाँ म हुरीमा झण्डा जस्तै त्यो डोरीको भरले हावामा उडिरहेको थिएँ।

हाम्रो जहाजको पछिल्तिर त्यो छालले ठूलो ठक्कर दिएछ।

छाल गयो। कैय्यन् मिनेटसम्म–वास्तवमा कैय्यन् सेकेण्ड मात्र–म पानीभित्र थिएँ जस्तो लाग्यो। मैले अगिल्तिर हेरें। हुरीले ठूलो पाललाइ चुँडेर लगेछ, माथि हावामा बडेमा घाइते चरो जस्तै त्यो फरफराइरहेको थियो। एक छिनसम्म अगिको भन्दा सुनसान भयो, यसै बीचमा प्रचण्डतासँग 'डुङ्गामा आउनुहोस्' भनी जौवले चिच्याएको आवाज सुनें।

म विचलित र आधा डुवेको भए तापनि पछिल्तिर दगुर्नें-सम्मको होश ममा थियो। मेरो मन्तिर जहाज डुब्दै गएको मैले थाहा पाएँ—जहाजभर पानी भरिएको थियो। जहाजको टाउकोमनि त्यो डुङ्गा उग्रसँग नाचिरहेको थियो। जहाज हाँक्ने अरवी महम्मद त्यो डुङ्गामा हामफालेको देखें। जहाजको हारा-हारी ल्याउनालाइ, तन्काएको डोरीलाइ आँखा चिम्लेर तानें। अनि बेफूकसँग आफू पनि हामफालें; जौवले पाखुरामा मलाइ समात्यो, म लड़ीबडी खेल्दै डुङ्गाको पींधमा पुगें। त्यो जहाज स्वात्तै डुब्यो र त्यो डुब्दा नडुब्दै महम्मदले आफ्नो घुँगुरिएको छुरी झिकेर हाम्रो जहाजसित जोल्ट्याउने लखाकी काट्यो। त्यसपछि नै डुङ्ग नपाउँदा जहाज रहेको ठाउँमा हामीलाइ तूफान-ले हुत्त्याएर लग्यो।

मैले चिच्याएँ, 'हे परमेश्वर! खै लिओ? लिओ! लिओ!'

जौवले मेरो कानैमा चिच्याएर भन्यो, 'उहाँ त बेपत्ता हुनुभयो, हजुर, परमेश्वरले उहाँलाइ सहारा दिऊन्!' तूफानको

वेग यति विघ्न थियो कि उसले कराएको आवाज पनि साउती गरे जस्तो सुनिन्थ्यो ।

मैले अधीर भएर हात माडें । लिओ डुबेर मर्‍यो, म उसको निम्ति बिलौना गर्न जिउँदो रहें ।

जौबले चिच्यायो, 'हेर्नुहोस्, फेरि अर्को आयो ।'

मैले फर्केर हेरें; अर्को अजङ्को छालले हामीलाइ भेट्टाउन लागे जस्तो देखियो । एक मनले त त्यसले मलाइ डुबाए पनि हुन्थ्यो भन्ने लाग्यो । अनौठोसँग लट्ठिएर त्यसको भयानक आगमन हेरिरहें । हुत्तिएर आएको तूफानका मालाले चन्द्रमा-लाइ करीब करीब ढाकिसकेको थियो, तर निल्न लागेको त्यो छालको शिरलाइ अलिकति उज्यालोले अझै समातेको थियो । त्यसमा एउटा कालो केही चीज थियो—डुबेको जहाजको एक अङ्ग । अब त्यो छाल हामीमाथि आइलाग्यो, करीब करीब डुङ्गा-भर पानी भयो । तर त्यो डुङ्गामा हावा नछिर्ने खण्डहरू थिए—त्यो आविष्कार गर्ने मान्छेलाइ ईश्वरले आशीर्वाद दिऊन् !—उसैले त्यो हालतमा पनि रजहाँस जस्तै माथि उचालिएर रह्यो । त्यो फींज र हलचलको बीचमा मैले त्यस छालमाथिको कालो चीजलाइ सीधा मतिर हुत्तिएर आएको देखें । आफूतिरबाट त्यसलाइ हटाउनालाइ दाहिने हात पसारेको त मेरो मूठीमा अर्को पाखुरा आयो, जसको नारीलाइ मेरा औंलाले सनासोले जस्तै गरी च्याप्यो । म ज्यादै बलियो मान्छे छु, फेरि पक्रेर अडिने केही कुरा थियो, तापनि त्यो बगेर आएको चीजको झोक्का र बोझले गर्दा मेरो कुम झण्डै गेडीबाट फुस्केको थियो । त्यो झोक्का अर्को दुइ सेकेण्ड मात्र अडेको भए कि मैले त्यसलाइ छोड्नुपर्थ्यो कि त्यसैसँग मैले जानुपर्थ्यो । तर हामीला घुँडासम्म पानीमा छाडेर त्यो छाल गयो ।

कुराअनुसारको काम गर्दै जौवले चिच्यायो, 'पानी उल्झ ! पानी उल्झ !'

तर मैले त्यस वेलामा पानी उल्झन सकिनँ, किनभने त्यसै वेला चन्द्रमा लुकेर हामीलाइ बिलकुल अन्धकारमा पारे, उज्यालोको एउटा फीका क्षणिक किरणले मैले अँठ्याएको मानिसको मुखलाइ उज्यालो पाऱ्यो। त्यो मान्छे अहिले डुङ्गाको पींधमा आधा लेटेर आधा उत्रिरहेको थियो।

त्यो त लिओ रहेछ। लिओ, कालको मुखबाट छालले फिर्ता ल्याएको—मरेको हो वा जिउँदो।

जौवले चिच्याएर भन्यो, 'पानी उल्झ! पानी उल्झ! नत्र हामी डुबेर मर्नेछौं।'

बेन्चमनि अड्काइराखेको बींड भएको ठूलो टीनको डबका समातेर हामीमध्ये तीन जनाले प्यारो प्राणको निम्ति पानी उल्झथौं। त्यो प्रचण्ड तूफान हामीमाथि र हाम्रो वरिपरि आएर त्यो डुङ्गालाइ कहिले यता कहिले उता पछार्दथ्यो। हावा र तूफान तथा चिल्ने फोहोराका पर्दाले हामीलाइ अन्धो पारी आकुल व्याकुल पाऱ्यो। तर यति हुँदा हुँदै पनि निराशाको वहुलट्टी उत्साहले गर्दा हामीले पैशाचिक काम गऱ्यौं, किनभने निराशाले पनि उत्साहित गर्न सक्तछ। एक मिनेट! तीन मिनेट! छ मिनेट! डुङ्गा हल्का हुन लाग्यो, अर्को छालले हामीलाइ छोपेन। फेरि पाँच मिनेटपछि डुङ्गामा पानी नै थिएन भने पनि हुने भयो। त्यसपछि एकासि हुरीको भयानक सुइँ सुइँको तीखो आवाजमाथि धीमा गहिरो गर्जनको आवाज आयो। हे परमेश्वर! यो छालको आवाज थियो।

त्यस वेलामा फेरि जून लाग्यो—यस पटक तूफानको बाटोको पछिल्तिर जूनको उज्यालोका छिया छिया परेका

किरण धेरै टाढासम्म समुद्रको खलबलिएको छातीमा तेर्सिएका थिए, त्यहाँ हाम्रो आधा माइल अघिल्तिर फींजको सेतो रेखा गइरहेको थियो, त्यसपछि खुला मुख भएको कालो सानो थोप्लो, अनि त्यसको पल्लोपट्टि अर्को सेतो धर्सो देखियो। यिनीहरू छाल थिए, हामीहरू गौंथली जस्तो गरी उनीहरूतिर सुइँकेर जाँदा उनीहरूको गर्जन झन् सफा हुँदै गयो। त्यहाँ तिनीहरू फोहोराका हिउँ जस्ता सेता मुस्ला वन्दै उम्लिरहेका र नरकका टल्कने दाँत झैं उनीहरूका चुचुराहरू परस्पर जुध्ने र पिसिने गरिरहेका थिए।

अरवी भाषामा मैले कराएर भनें, 'महम्मद, कर्णलाइ समात्! हामीले तिनीहरूलाइ छेडेर जान कोशिश गर्नुपर्छ।' त्यसै वेलामा मैले वहना समातें, अनि जौवलाइ त्यसै गर्नू भन्ने इशारा गरें।

महम्मदले चार हात खुट्टा टेकेर डुङ्गाको पुच्छरमा पुगी कर्णलाइ समात्यो, जौवले पनि केही मुश्किलसँग वहना चलाउन थाल्यो, किनभने उसले कहिले कहिले घरमा बाटालाइ पानीमा ख्याएको थियो। तुरुन्तै यो डुङ्गाको टाउको नजीक हुँदै आएको फींजको सोझासोझी भयो, त्यसपछि दौडको घोडाको वेगले हानिएर बिजुली जस्तै गरेर गयो। ठीक हाम्रो अगाडि छालको पहिलो रेखा दायाँ र बायाँभन्दा केही पतला देखियो, किनभने यहाँ केही गहिरो पानीको खाल्डो थियो। मैले फर्केर यसलाइ देखाएँ।

मैले चिच्याएँ, 'आफ्नो ज्यानको लागि हाँक्, महम्मद!' त्यो निकै चलाक नाविक थियो, र ज्यादै जोखिमका तीरका खतराहरू राम्रोसँग बुझेको थियो। त्यसले त्यो कर्णलाइ पक्रेर आफ्नो भद्दा शरीर अगिल्तिर झुकाएको र आफ्ना

ठूला बल्ढ्याङ्ग्रे आँखा टाउकोबाहिर निस्कला जस्तो गरी फीँजै फीँजले ढाकिएको भयानक चीजलाइ ट्वालट्वालति हेरेको मैले देखें। समुद्र ओह्वालोपट्टि लागेको हुनाले डुङ्गाको र टाउको दाहिनेतिर घुमाइरहेको थियो। हामी खाँदको पचास गज दाहिने छालहरूको पङ्क्तिमा पुगेको भए जरूरै डुब्थ्यौं, किनभने त्यहाँ निमोठिँदै उम्लेका छालहरूको ठूलो पाटो थियो। महम्मदले आफ्नो अगाडिको बेन्चमा खुट्टाले पैठ लायो। उसतिर हेर्दा मैले देखें कर्णलाइ अचेट्ता उसको बोझ पर्नाले उसका खुट्टाका कैला औंलाहरू हातका जस्तै छरिएका थिए। डुङ्गा अलिकति घुम्यो, तर पूरा घुमेन। मैले जौवलाइ बेसरी बल गर्नालाइ डाँको फिँजाएर कराएँ, त्यसै वेला आफ्नो बहनालाइ तानेर ख्याएँ। अब डुङ्गा केही सोझियो, त्यस वेला मात्र नसोझिएको भए सर्वनाश हुन्थ्यो।

परमेश्वर, हामी त्यसभित्र पर्‍यौं! बल्लतल्ल छाती चिर्ने उत्तेजनाका दुइ मिनेट बिते। त्यसलाइ बयान गर्ने मेरो तागत छैन। मैले संझेको त फीँजको चिच्याउने समुद्र मात्र हो, जहाँ ती छालहरू जताततै आफ्ना सागरीय च्याहानबाट बदला लिने प्रेतहरू झैं उठिरहेका थिए। एक पटक हामी पूरा दाहिनेपट्टि घुम्यौं, तर मौकाले हो वा महम्मदका सिपालु हँकाइले हो त्यो डुङ्गाको टाउको एउटा छालले हामीलाइ नछोप्तै सीधा भयो। फेरि एउटा अजङ्को छालले हामीलाइ छोप्यो। हामी यसको बीचमा थियौं वा यसमाथि–माथिभन्दा बीचमा भन्नुपर्छ–अनि त्यो अरबी मान्छेले विजयको बहुलट्टी चित्कार निकाल्यो, त्यसै वेला हामी पिस्ने छालहरूका दाँत जस्ता पङ्क्तिलाइ छेडेर समुद्रको मुहानको अगिभन्दा शान्त पानीमा पुग्यौं।

तर हाम्रो डुङ्गामा फेरि पानी भरिनै आटेको थियो, उता

आधा माइलभन्दा पनि कम अगिल्तिर छालहरूको दोस्रो पंक्ति कराइरहेको थियो। फेरि हामीले प्रचण्ड रूपले पानी उल्झन थाल्यौं। भाग्यवश अहिले तूफान हराइसकेको थियो, पूरासँग जून लागिरहेको थियो। जूनले गर्दा समुद्रभित्र आधा वा पौने माइल घुसेको चट्टानी अन्तरीप देखियो। त्यसका चोसाहरू यी छालका चोसाहरूसित मिली सिलसिला नटुटेको जस्तो देखिन्थ्यो। कमसेकम ती छालहरू यसका फेदीवरिपरि उर्लिरहेका थिए। शायद अन्तरीप बनेको पर्वतश्रृङ्खला होचो भई महासागरमा समेत घुसी पानीभित्रभित्र चट्टान बनेको थियो। यो ठाडो चाक्लो पाटा भएको अन्तरीप हामीबाट एक माइलभन्दा पनि कम फासलामा अनौठो चुचुरो भई टुङ्गिएको देखिन्थ्यो। दोस्रो पटक त्यस डुङ्गाबाट पानी उल्झिसकेका मात्र थियौं लिओले आँखा खोलेको देख्ता मलाइ सारै खुशी लाग्यो। आँखा खोल्नासाथ उसले भन्यो, 'मेरो पलङबाट सिरकहरू खसेछन्, गिर्जाघरमा जाने वेला भयो क्यारे।' मैले उसलाइ आँखा बन्द गरेर आरामी लिनू भने। के अवस्था थियो कत्ति पनि नबुझी उसले मैले भने बमोजिम गर्‍यो। मेरो हकमा, उसले गिर्जाघरको नाउँ लिनासाथ केम्ब्रिजका आफ्ना सुबिस्ताका कोठाहरूको नराम्रोसँग तिर्सना उठ्यो। किन मैले यस्तो बेकूफ भएर ती सब छोडे हुँला? त्यस रातदेखि मलाइ त्यही विचार बराबर आउँदो छ, र जति जति पछि हुँदै गयो उति उति कडासँग असर गर्दै जाँदो छ।

अब फेरि हामी छालहरूपट्टि बगिरहेका थियौं, तर अगि जत्तिको वेगले होइन, किनभने हावा मत्थर भएको थियो, र प्रवाह वा भेल(पछि भेलै भन्ने ठहरियो)ले मात्र हामीलाइ घुचेटिरहेको थियो।

एक छिनपछि नै हामी त्यसभित्र पस्यौं । त्यो अरबी मान्छेबाट अल्लाहप्रति, निरानन्द डाँको मबाट धार्मिक चिच्याहट, र जौवबाट अधार्मिक बोली निस्क्यो । त्यसपछि आखिरमा हामी नउम्केसम्म त्यही कुरा दोहोरिइरह्यो, तर त्यत्तिको जोडतोडले भने होइन । महम्मदको असल हँकाइ र हावा नछिर्ने खण्डहरूले हाम्रो ज्यान बचाए । पाँच मिनेटमा हामी पार भयौं र ज्यादै छकलाग्दो वेगसित मैले बयान गरेको अन्तरीपमा बगेर पुग्यौं, किनभने डुङ्गाको टाउको सीधा राख्नुबाहेक ख्याउन ओर्न नसक्ने गरी हामी थाकेका थियौं ।

भेलसित हामी मोडिएर गई आखिरमा अन्तरीपको छहारीमा पुग्यौं । त्यसपछि अचानकसँग वेग घट्यो, हामी बग्न छाड्यौं, आखिरमा जमेको पानीमा पुगे जस्तो लाग्यो । तूफान बन्द भयो, अनि आकाश शान्त र निर्मल भयो । तूफानले गर्दा छाल उठेको समुद्रलाई त्यस अन्तरीपले छेकेको हुनाले नदीसम्म यस्तो प्रचण्डतासँग आएको भेल मोडिनासाथ मन्द भयो, किनभने अहिले हामी नदीको मुहानमा थियौं । यस कारण हाम्रो डुङ्गा शान्तिसँग बहँदै गयो र जून नहराउँदै डुङ्गाबाट राम्रोसँग पानी उल्झी डुङ्गालाइ ठीकठाक पार्‍यौं । लिओ मस्तसँग निदाइरहेको थियो, सबै कुरा विचार गर्दा उसलाइ नउठाउनै बुद्धिमानी ठानें । हुन त भिजेको लुगामा त्यो पल्टिरहेको थियो, तर त्यो रात यस्तो गरम भएको थियो कि मैले र जौवले उसको जस्तो असामान्य वलियो प्रकृति भएको मानिसलाइ त्यसले केही गर्न संभव छैन भन्ने ठान्यौं । उसमाथि हामीसँग नभिजेको फेर्ने लुगा पनि थिएन ।

एक छिनपछि नै जून आउन छोड्यो, अहिले कुनै दुःखित आइमाईको छाती जस्तो केवल उर्लिरहेको पानीमा हामी तेरि-

रहेका थियौं । त्यस वेला आफूले भोगेको सबै कुरा र उस्केको सबै कुरा विचार गर्ने हामीलाइ फुर्सत थियो । जौव डुङ्गाको टाउकोमा बस्यो, महम्मदले कर्णनेर आफ्नो ठाउँ लियो, म चाहिं पल्टिरहेको लिओको नजीक डुङ्गाको बीचमा बसें ।

चन्द्रमा सौन्दर्यले युक्त भएर विस्तारै विस्तारै तल ओर्लिरहेका थिए, उनी क्षितिजको गहिराइमा डुबे, अनि लामो घुम्टो जस्तो छायाँ आकाशमा सर्दै आयो, त्यसको भित्रपट्टि ताराहरू देखिन थाले । तर चाँडै नै उनीहरू पनि पूर्वको तेजको अगाडि फुस्किन थाले, बिहानको आगमनले आकाशको भर्खर जन्मेको नीलोपनद्वारा आफूलाइ प्रकाश गऱ्यो । समुद्र झन् झन् शान्त हुँदै गयो । जस्तो हाम्रो सन्तापपूर्ण जीवनमा निद्राको क्षणिक मालाले दुःखले छिया छिया भएको आत्मालाइ गुट्टमुट्ट पारेर यसको शोकलाइ बिर्साउँछ, त्यस्तै समुद्रको छातीलाइ गुट्टमुट्ट पारेर ढाकी उसको आँधीबिहेरीलाइ छोपछाप पार्ने नरम हुस्सु जस्तै त्यो समुद्र शान्त भयो । उषाका देवदूतहरू पूर्वबाट पश्चिमतिर, एक समुद्रबाट अर्को समुद्रमा, एउटा पहाडको टाकुराबाट अर्को पहाडको टाकुरामा छाती र पखेटाबाट उज्यालो छर्दै दगुरे । ती गौरवशाली देवदूतहरू पूरा अन्धकारबाट निस्की अगाडि बढे; शान्त समुद्रमाथि, होचो तीरको पङ्क्तिमाथि, त्यसभन्दा पारीपट्टिका भासहरूमा. र उनीहरूमाथिका पहाडहरूमा अगाडि बढे; शान्तिसँग सुत्नेहरूमाथि र अफसोसले बिउँझै रहनेहरूमाथि; खराब कुराहरूमाथि र असल कुराहरूमाथि; जीवित र मृतमाथि; समस्त जगत्माथि र त्यहाँ सास फेर्ने वा सास फेरेका प्राणीहरूमाथि ती दगुरे ।

यो मनोहर दृश्य थियो, तैपनि अफसोसको चाहिं, शायद, सौन्दर्यको अचाक्लिपनले भएको होला । उदाउंदाका सूर्य;

अस्ताउँदाका सूर्य ! यी दुइटामा मनुष्यताको, र मनुष्यतासित सम्बन्ध भएका सबै कुराको चिन्ह र नमूना पाउँछौं। त्यस बिहान मलाइ यो कुराको खूब घत लाग्यो। हाम्रो निमित्त आज उदाएका सूर्य हाम्रा साथी जात्रुहरूमध्ये १८ जनाको निमित्त हिजो राति अस्ताए!--हामीले चिनेका १८ जनाको निमित्त सदाको लागि अस्ताए!

उनीहरूसमेतलाई लिई त्यो जहाज डुब्यो; चट्टानहरू र सामुद्रिक झारहरूको बीचमा उनीहरू झुलिरहेका थिए, मृत्युको ठूलो महासागरमा यति मानवी कसिङ्गर! हामी चार जना भने बाँच्यौं!

पाँचौं परिच्छेद

हबशीको टाउको

आखिरमा सूर्यराजका दूतहरू र अगुवा रिसल्लाहरूले आफ्नो काम सिद्ध्याए, अँध्यारोलाई खोजी खोजी धपाए। त्यसपछि आफ्नो महासागरीय ओछ्यानबाट उनी गौरवसाथ उठे, अनि पृथ्वीमा न्यानो र उज्यालो प्रशस्तसँग वैरे। म डुङ्गामा बसी पानीको मन्द कलरव सुनेर साथसाथै सूर्य उदाएको हेर्न थालें। त्यो डुङ्गा अलि अलि बगिरहेको हुनाले, यति भुक्तमान गरी हामी आइपुगेको अन्तरीपको छेउमा रहेको अनौठो आकार परेको चट्टान वा टाकुराले त्यो गौरवपूर्ण दृश्य मेरो बीचमा आई सूर्यलाई केही बेरमा नै छेकिदियो। तैपनि त्यो चट्टानमा हेरि-रहें, तर मन अर्कैतिर गएकोले केही देखिनँ। एक छिनपछि

त्यसको पछाडिको बढ्दो उज्यालोले गर्दा त्यसमा आगोको किनारा लागेको जस्तो देखियो। त्यसपछि म झस्कें, झस्कनुपर्ने कुरै हो, किनभने मैले देखें करीब असी फीट ऊचो र फेदीमा डेढसय फीट चौडाइको त्यो टाकुराको टुप्पो हबशीको टाउको र चेहरा जस्तो बान्की परेको थियो। त्यसमा ज्यादै पैशाचिक र डरलाग्दो भावप्रकाश अङ्कित थियो। त्यसमा केही शङ्का थिएन; मोटा ओठ, उठेका गाला, डरलाग्दो नाक त्यस उज्वल भूमिमा छकलाग्दो स्पष्टतासँग मेरै अगाडि खडा थिए। शायद १००० रौं वर्षको हावा र यामको करामतले बान्की पारेको बाटुलो खोपडी पनि मौजूद थियो। सादृश्य पूरा गर्नालाइ त्यसमाथि झार वा झ्याउहरू खस्रोसित उम्रेका थिए, तिनमा सूर्यको टक पर्नाले दुरुस्त अजङ्को हबशीको टाउकोमा घुम्रेका रौं जस्तो देखिन्थ्यो। साँच्चिनै यो ज्यादै अनौठो थियो; यतिको अनौठो कि अहिले मलाइ लाग्छ यो प्रकृतिको केवल लहडले मात्र बनेको होइन। प्रख्यात मिश्रदेशीय स्फिङ्क्स जस्तै, बिर्सने गरी बेपत्ता भएका :मानिसहरूले उनीहरूका नक्साबमोजिम बनाउन सजिलो हुने चट्टानको ढीकबाट बनाएको अजङ्को स्मारक स्तम्भ हो। शायद यो किनाराको नजीक आउने जुनसुकै शत्रुहरूलाई हाँक र जनाउको चिन्ह हुनुपर्छ। दुर्भाग्यवश यो कुरा हो कि होइन भन्ने कुराको यथार्थ हामीले कहिले पनि गर्न सकेनौं, किनभने त्यो चट्टानमा जमीन र पानी दुवैबाट जान मुश्किल छ, फेरि हामीले अर्कै कुरापट्टि ध्यान दिनुपरेको थियो। आज, हामीले पछि देखेको कुराको तर्फबाट विचार गर्दा यसलाइ मानिसले बनाएको हो भन्ने लाग्छ; तर जेसुकै होस्, त्यहाँ त्यो मूर्ति खडा छ र परिवर्तन भइरहने महासागरको पारी जुगजुगान्तरदेखि हेरिरहेको छ—दुइ हजारभन्दा बढ्ता

वर्षअगाडिदेखि त्यो त्यहाँ खडा थियो, जब मिश्रदेशीय शाहजादी अमेनर्टसले, अर्थात् लिओको टाढाको पुरुखा क्यालिक्रटीजकी पत्नीले, यसको शैतानी मुखमा हेरेकी थिइन्—मलाइ शङ्का छैन, अझ लाखौं वर्ष रहिरहनेछ ।

त्यो झलमलाउँदो पैशाचिक टाउको देखाएर मैले जौवसँग सोधें, 'त्यसलाई तैंले के ठानिस्, जौव ?' त्यस बेला डुङ्गाको किनारमा बसेर त्यसले जति सकिन्छ उति घाम सोस्न खोजिरहेको थियो, साधारणतः साह्रै दुःखी देखिन्थ्यो ।

अहिले भर्खर पहिलो पटक त्यो चीज देखेर जौवले जवाफ दियो, 'हे ईश्वर, क्या हो हजुर ! मलाइ त त्यो बूढो भलादमी आफ्नो तस्वीर खिंचाउनालाइ ती चट्टानमा बसिरहे जस्तो लाग्छ ।'

म हासें, त्यो हाँसोले लिओ बिउँझ्यो ।

त्यसले भन्यो, 'ओहो ! मलाइ के भयो ? म त एकदम कक्रक्क परेको छु । जहाज कहाँ छ ? मेहरबानीसाथ मलाइ केही ब्र्यान्डी दिनुहोस् ।'

मैले जवाफ दिएँ, 'झन् कक्रक्क नपरेकोमा ईश्वरलाइ धन्यवाद देऊ, बाबु । जहाज डुब्यो, हामी ४ जनाबाहेक त्यसमा आएका सबै जना जहाजसितै डुबे । तिम्रो प्राण चाहिं एउटा अचम्मसँग बाच्यो ।' त्यसपछि अहिले राम्रै उज्यालो भइसकेको हुनाले लिओले मागेको ब्र्यान्डी जौवले बाकसमा खोजुन्ज्याल मैले उसलाई हाम्रो रातिको दुर्घटनाको इतिहास सुनाएँ ।

उसले सुस्तसँग भन्यो, 'धन्य परमेश्वर ! यो दुर्घटनाबाट उत्रन हामीलाइ परमेश्वरले रोज्नु कत्रो निगाहाको कुरा !'

त्यस वेलासम्ममा ब्र्यान्डी आइपुग्यो, परमेश्वरलाइ धन्यवाद दिंदै हामी सबैले पियौं । घाम पनि न्यानो हुँदै गएको थियो,

हाम्रो कठाङ्ग्रिएका हाडलाइ सेकायौं, किनभने पाँच छ घण्टासम्म हामी भिजेर बसेका थियौं ।

ब्यान्डीको बोतल राख्ता निसास्सिएर लिओले भन्यो, 'क्याहो, लेखमा सूचन गरेको टाउको त्यही हो, "हवशीको टाउकोको बान्की पारी खोदेको चट्टान ।"'

मैले भनें, 'हो, त्यही हो ।'

उसले जवाब दियो, 'उसो भए सबै कुरा साँचो रहेछ ।'

मैले जवाब दिएँ, 'त्यसबाट यो कसरी सिद्ध हुन्छ र ? यो टाउको यहाँ छ भन्ने हामीलाइ थाहा थियो; तिम्रा बाले यसलाई देखे । लेखमा सूचन गरेको टाउको यो नहुनु धेरै संभव छ; अथवा यही हो भने पनि, यसले केही सावित गर्दैन ।'

लिओले मलाइ खिसी गरेर हाँस्यो । उसले भन्यो, 'तपाईं त संख्यौटे यहूदी हुनुहुन्छ, होरेस काका । बाँचे के कुरा देखिं-दैन ।'

मैले जवाफ दिएँ, 'त्यसै हो; हेर नि अब बालुवाको ढिस्को-लाइ पार गरेर नदीको मुहानभित्र बत्तिएर पर्न लागिरहेछौं । तेरो बहना समा जौव, उत्रने ठाउँ कतै पाइन्छ कि ख्याएर हेरूँ ।'

अब हामी नदीको मुहानभित्र पसिरहेका थियौं । हुन त किनारामा अझ हुस्सु छँदै थियो, नदीको मुहानको ठीक नाप हामी देख्न सक्तैनथ्यौं तापनि त्यो उस्तो चौडा जस्तो लागेन । लगभग हरेक पूर्वीय अफ्रिकाका नदीको मुहान जस्तै पानीभित्र वारपारै निकै अग्लो ढिस्को थियो । त्यहाँ तीरमा हावा लाग्ने हुनाले र भाटा हुनाले केही इञ्ची पानीमा मात्र हिंड्ने डुङ्गा चलाउनालाइ पनि बिलकुल असम्भव थियो । तर संजोगले हाम्रो डुङ्गा लान गाह्रो भएन, एक थोपा पानी पनि हाम्रो डुङ्गामा

पसेन। हामीले उस्तो बलै नगरीकन यसलाई बीस मिनेटमा राम्रैसँग पार गर्‍यौं, बन्दरगाहसम्म नै केही बदलिने भए तापनि कडा हावाले हामीलाइ लगिदियो।

त्यस बीचमा घाम लागेको हुनाले हुस्सु हराइसकेको थियो, घाम भने चर्कैर असाध्य गर्मीसमेत हुन लागेको थियो। हामीले देख्यौं त्यो मुहान यहाँ करीब आधा माइल चौडा थियो, तीर साह्रै धापिलो थियो, त्यहाँ हिलोमा मुढा जस्तै पल्टिरहेका गोहीहरू थुप्रै थिए। हाम्रो एक माइल जति अगाडि साह्रो जमीनको धर्सो जस्तो देखिन्थ्यो, त्यसैतर्फ हामी गयौं। अर्को १५ मिनटमा त्यहाँ पुगेर हामीले एउटा राम्रो रूखमा डुङ्गा बलियोसँग बाँध्यौं। त्यो रूख पानीमाथि झुकेको थियो, त्यसका फराकिला टल्कने पात र चाँपाका जातका फूल थिए। ती फूलहरू सेता होइनन्। गुलाफी रंगका थिए। डुङ्गाबाट ओर्लेर हामीले लुगा फुकाल्यौं, नुहायौं, आफ्ना लुगा र डुङ्गाभित्रका मालतालसमेत घाममा फिंजाएर सुकायौं। चर्को घाम हुनाले तिनीहरू चाँडै नै सुके। त्यसपछि रूखका छाहारीमा बसेर आफूसित ल्याएको खाने कुरा मजासित खायौं। साथसाथै, हुरीले जहाज सखाप पार्नुभन्दा अगिल्लो दिनमा भाग्यले डुङ्गामा रसद भर्न बुद्धि पुर्‍याएकोमा आफ्नो सौभाग्यलाइ सह्रनी गर्‍यौं। हामीले खाने कुरा खाइसकुन्ज्यालसम्ममा हाम्रा लुगा बिलकुलै सुकिसकेका थिए। निकै चङ्गा भएर लुगा लायौं। वास्तवमा थकाइ र अलि अलि नीलडामबाहेक, हाम्रा सारा साथीको ज्यान गएको भयानक दुर्घटनाले हामीलाइ केही चाटेको थिएन। हुन त लिओ

---

१. गुलाफी रंगका चाँपाको थाहा पाइएको एक जात छ। यो सिकिममा हुन्छ।—सम्पादक।

डुबेर आधा मरिसकेको थियो, तर २५ वर्षको कसरती ठिटोको निमित्त ठूलो कुरा होइन ।

विहानको खाना खाएपछि हामी वरिपरि हेर्न लाग्यौं । हामी अन्दाजी २०० गज चौडाइ ५०० गज लमाइको सुक्खा जमीनको पाटोमा थियौं । त्यो जमीन एकापट्टि नदी र तीनपट्टि आँखाले भेटेसम्म फैलिएको अनन्त न्यास्रा भासहरूले घेरिएको थियो । यो जमीनको पाटो, वरिपरिका समतल र नदीको तलभन्दा अन्दाजी २५ फीट माथि उठेको थियो; हकीकतमा मानिसको हातले यो बनेको हो भन्ने हरेक रूपरङ्गबाट देखिन्थ्यो ।

पक्कापक्की गरेर लिओले भन्यो, 'यो जग्गा बन्दरगाह रहेछ ।'

मैले जवाफ दिएँ, 'वाहियात ! यी डरलाग्दा धापको वीच-मा वन्दरगाह वनाउने कुन चाहिं मूर्ख होला, उही पनि जङ्गली-हरूको मुलुकमा--अर्थात् मानिसको यहाँ वास छ भन्ने संझूँ भने पनि ?'

ठाडो तीरको मन्तिर हेरेर उसले रूखोसँग भन्यो, किनभने हामी नदीको नजीकै उभिरहेका थियौं, 'शायद यो संधै धाप थिएन, कदाचित् ती मानिसहरू सँधै जंगली थिएनन् ।' त्यस ठाउँमा देखाएर उसले भन्यो, जहाँ हिजो रातीको तूफानले पानीसम्म सलामी परेर गएकै ठाउँमा तीरको छेउमै उम्रेका चाँपका रूखहरूमध्ये एउटालाइ जरैदेखि उखाडेको थियो; साथ-साथै माटाको एउटा ठूलो चपरी पनि उखाडेको थियो, 'त्यहाँ हेर्नुहोस्, त्यो ढुङ्गाको गाह्रो होइन ? होइन भने, त्यस्तै केही हो ।'

मैले फेरि भनें, 'वाहियात;' तर हामी ओर्लेर त्यो जग्गामा पुग्यौं, अनि उखेलिएको जरा र तीरको बीचमा उभियौं ।

उसले सोध्यो, 'अब नि ?'

तर यस पटक मैले जवाफ दिइनँ। मैले केवल सुसेलें। किनभने माटो हटेर खुला भएको हुनाले त्यहाँ शङ्का नहुने गरी खँदिलो ढुङ्गाका ठूलाठूला चप्लेटाले बनेको गाराको पाटो देखिएको थियो। त्यो गारो खैरो सिमन्तीले लाएको थियो। त्यो सिमन्ती यति साह्रो थियो कि मेरो गन्जवाल चक्कुको रेतले यसमा केही दाग लाउन सकेन। यति मात्रै होइन, गाराको खुला भएको चोक्टामन्तिर माटोबाट केही कुरा हुट्ट उठेको देखेर मेरो हातले फुका माटो पन्छाउँदा एक फुटभन्दा बढ्ता व्यास र अन्दाजी तीन इञ्ची मोटाइको अजङ्को ढुङ्गाको मुन्द्रा निक्ल्यो। यो देखेपछि म बिलकुलै चुप लागें।

उत्तेजित भएर किच्च परी लिओलेभन्यो, 'ठूलाठूला जहाज बाँधिएको बन्दरगाह जस्तो देखिन्छ, होइन त होरेस काका ?'

फेरि 'वाहियात' भन्न खोजें, तर यो शब्द मेरो घाँटीमा अड्क्यो—त्यो खिएको मुन्द्राले यथार्थ कुरा बोलिरहेकै थियो। कुनै गएका जुगमा जहाजहरू त्यहाँ बाँधिएका थिए, त्यो ढुङ्गाको गारो निस्सन्देह नै खँदिलोसँग बनाइएको बन्दरगाहको अवशेष थियो। सम्भवतः यो बनाउने शहर यसपछाडिको भासमन्तिर गाडिएर रहेको होला।

लिओले विजयी भएर भन्यो, 'आखिरमा त्यो कथामा केही छ भन्ने देखिन थाल्यो, ए, होरेस काका।' रहस्यपूर्ण हबशीको टाउको र त्यत्तिकै रहस्यपूर्ण ढुङ्गाको गारोलाइ विचार गरेर मैले सहसा उत्तर दिइनँ।

मैले भनें, 'अफ्रिका जस्तो मुलुकमा धेरै अगाडि मरेका र बिर्सिएका सभ्यताका चिन्हहरू भरिभराउ हुनु निश्चय नै छ। मिश्रदेशीय सभ्यताको युग कसैलाई थाहा छैन, यसका हाँगा-

हरू पनि हुनु धेर संभव छ। फेरि व्याविलोनिअनहरू, फिनि-शिअनहरू, पार्सीहरू, र अरू जातिहरू थिए, तिनीहरू सबै केही न केही सभ्य थिए। अझ यहूदीहरूको कुरै नगरूँ जसलाइ सबैले आजकल चाह गर्छन्। उनीहरू वा उनीहरूमध्ये कसैको उपनिवेश वा व्यापार गर्ने जग्गाहरू हुनु संभव छ। किल्वा[1]मा कन्सलले हामीलाइ देखाएका गाडिएका ती पार्सी शहरहरू संझ।'

लिओले भन्यो, 'त्यसै हो, तर अगि त तपाईं त्यसो भन्नु-हुँदैनथ्यों।'

त्यो कुरालाइ अर्कोतिर लगेर मैले सोधें, 'ल त, अब के गर्ने हो ?'

उसले केही जवाफ दिएन, त्यसैले भासको किनारमा गएर हामीहरू हेर्न लाग्यौं। देख्ताखेरि यो सीमारहित थियो। यसका

१. किल्वाको नजीक, अफ्रिकाको पूर्वतटमा ज्यान्जिबारको दक्षिण अन्दाजी ४०० माइल टाढा हालसालै छालले खियाएको चट्टान छ। यस चट्टानको टाकुरामा पार्सी च्याहानहरू छन्। ती च्याहानमा लेखिएका अझ बुझिने मितिद्वारा ती कमसेकम ७ शताब्दीअगाडिका हुन् भन्ने थाहा भएको छ। यी च्याहानमनि कुनै शहरलाइ दर्साउने भाँचकुँच भएका मालतालको पत्र छ। त्यो चट्टानको अझ मनि झन् पुरानो शहर जनाउने दोस्रो पत्र छ, त्यसभन्दा मनि अझ तेस्रो पत्र छ। विशाल र अपरिचित प्राचीनताको अझ अर्को शहरको अवशेष त्यो हो। त्यो तल्लो शहरको मन्तिर माटाका टल्काएका भाँडाका केही नमूना हाल-सालै पाइए। जुन भाँडा आजतक त्यस तटमा कहिंलेकहीं पाइन्छन्। तिनीहरू अहिले सर जोन कर्कसँग छन् भन्ने मलाइ विश्वास छ।

—सम्पादक

कुना काप्चामा बसेका किसिम किसिमका पानीचराहरूका बथानका बथान उडे। ती चराहरू यतिका थिए कि कहिले त आकाशै देख्न मुश्किल पर्थ्यो। अहिले घाम ज्यादै चर्केको हुनाले यसले धापको सतहबाट र जमेको पानीको तर बसेका पोखरीबाट विखालु बाफको फीका रुमलो खिच्यो।

विलखबन्द परेर यो दृश्य हेर्न लागेका आफ्ना तीन जना साथीलाइ मैले भनें, 'दुइ कुरा मैले स्पष्ट देखें, पहिलो, यसको पार जान सक्दैनौं' (त्यो धापलाइ औंल्याएँ), 'दोस्रो, हामी यहाँ बस्यौं भने जरोले पक्का मर्छौं।'

जौवले भन्यो, 'त्यो कुरा त देखी नै छ।'

'भइगयो त अब, हाम्रो अगाडि दुइ मार्ग खुला छन्। कि हामीले फर्केर जानुपर्‍यो र त्यो डुंगामा चढी कुनै बन्दरगाह पाइन्छ कि खोजी गर्नुपर्‍यो, त्यसो गर्दा पनि पूरा जोखिमी छ; कि सरासर नदीउँभो जाने र हामी कहाँ पुग्छौं हेर्नें।'

लिओले दृढ भएर भन्यो, 'तपाईं के गर्न लाग्नुभयो मलाइ थाहा छैन, म त नदीउँभै जान्छु।'

जौवले मास्तिर आँखा पल्टाएर चुइचुइँ गर्‍यो। अरवी मान्छेले गुनगुनाएर 'अल्लाह' भन्यो, उसले पनि चुइँचुइँ गर्‍यो। मेरो हकमा, मैले मसिनैसँग भनें, 'शैतान र गहिरो समुद्रको बीचमा यसै छौं उसै छौं, जहाँ गए पनि के भयो र।' तर हकीकतमा म पनि लिओ जत्तिकै अगाडि बढ्न उत्सुक थिएँ। त्यो अजङ्को हबशीको टाउको र ढुंगाको बन्दरगाहले भित्रभित्र लाजै लाग्ने गरी मलाइ चाउचाउ पारेको थियो, जस्तै परे तापनि त्यो तिर्सना मेट्न म तैयार थिएँ। उसैले होशियारीसाथ मस्तूल जडेर डुङ्गामा मालताल थन्क्यायौं, अनि आफ्ना बन्दूकहरू झिकेर डुङ्गामा चढी रमाना भयौं। भाग्यवश,

हावा समुद्रपट्टिबाट किनारातिर चलिरहेको थियो, उसैले पाल जड्न सक्यौं। पछिबाट हामीले थाहा पायौं, मामूली हिसाबले झिसमिसैदेखि केही घण्टासम्म किनारामा हावा चल्दो रहेछ, साँझमा फेरि किनाराबाट समुद्रातिर कर्कंदो रहेछ। यो हुनाको कारण यसो हुनुपर्छ—शीत र रातले पृथ्वी ठण्डा हुँदां गरम हावा माथि उड्छ, सूर्यले फेरि गरम नगरुन्‌ज्यालसम्म समुद्रबाट स्याँठ आउँछ। कमसेकम यस अक्षांशमा त्यो नियम देखिन्छ।

यो अनुकूल हावाबाट फाइदा उठाएर तीन चार घण्टासम्म नदीउँभो रमाइलोसँग हामी गयौं। एक पटक हामी पानी-गैंडाको बथानमा पुग्यौं। ती जन्तु माथि उत्रेर हामीलाइ देखी डरलाग्दोलँग कराए। त्यो जन्तु ४०-५० हातमात्र टाढा हुनाले जौब ज्यादै डरायो, म पनि, ढाँट्‌तिनँ, निकै डराएँ। हामीले आजतलक पानी-गैंडा देखेका थिएनौं। उनीहरूको नमेटिने आग्रह देख्ता उनीहरूले पनि गोरा मान्छे देखेको आजै होला भन्ने मलाइ लाग्यो। साँच्चिनै त्यो आग्रह पूर्ण गर्न एक दुइ पटक उनीहरू डुंगैमा आउन लागे जस्तो ठानें। लिओले उनीहरूलाइ गोली हान्न इच्छा गर्‍यो, तर परिणामको खयाल गरेर मैले उसलाइ रोकें। हामीले त्यो दलदले तीरमा घाम तापिरहेका सयकडौं गोही र हजारौं पानीचरा देख्यौं। हामीले केही चरा मार्‍यौं। तिनीहरूमध्ये एउटा जङ्गली हाँस थियो, त्यसका पखेटामा चुच्चो परी घुमेका चोसाबाहेक आँखाको बीचमा टाउकोबाट उम्रेको तीनचौथाइ इञ्ची लामो सीङ थियो। यस्तो हाँस हामीले कहिले मारेका थिएनौं, उसैले यो विलक्षणको हो कि नयाँ किसिमको हो मलाइ थाहा छैन। नयाँ किसिमको भएको पक्षमा स्थावरजङ्गम-शास्त्रशलाइ यो

कुराको चाख लाग्नेछ। जौवले यसलाइ एकसीङ्गे हाँस भनेर नाउँ राख्यो।

मध्यान्हमा घाम असाध्य चर्क्यो, नदीको निकास गएका धापबाट घामले खिंचेको बाफ ज्यादै डरलाग्दो हुनाले हामीले तुरुन्त बचाउको निमित्त क्विनाइन खायौं। केही पछि नै हावा चल्न छाड्यो, त्यस्तो गर्मीमा खोलाउँभो हाम्रो गहुँगो डुंगा ख्याउन असम्भव हुनाले नदीको किनारमा उम्रेको एक किसिमका बैंसका रूखको छाहारीमा उत्रँदा अहोभाग्य सम्झ्यौं। अनि सूर्यास्त भएर हाम्रो बेचैनी नहटेसम्म त्यहाँ पल्टेर स्याँ स्याँ गरिरह्यौं।

सीधा हाम्रो अगाडि पानीको खुला पाटो जस्तो देखेर राती के गर्ने भन्ने ठेगान गर्नुभन्दा अगि त्यहाँ जान निश्चय गर्‍यौं। तर डुंगा फुकाउन के लागेका थियौं, अगिल्तिर झुकेका ठूलाठूला सीङ भएको र पुट्ठामा सेतो पाटा भएको एउटा राम्रो सीममिर्ग त्यो नदीमा पानी खान आयो। ५० गज टाढा बैंसका रूखमनि लुकेका हामीलाइ त्यसले देखेन। पहिले त्यसलाइ लिओले देख्यो। ३ महीनौंदेखि सपना देखिरहेको ठूलो जन्तुको रगतको प्यासो उत्सुक शिकारी हुनाले, तुरुन्तै कक्रक्क परेर सेटर जातको कुकुरले जस्तै शिकारको उपस्थिति जतायो। कुरा बुझ्नासाथ मैले उसलाइ उसको एक्सप्रेस बन्दूक दिएँ, आफूले पनि आफ्नो बन्दूक लिएँ।

मैले भनें, 'हेर नि, मिस नगरे।'

हियाएर उसले साउती गरेर भन्यो, 'मिस! मिस गर्न खोजे पनि मिस गर्न सक्तिनँ।'

उसले बन्दूक उठायो, त्यो सन्दली रङ्गको मिर्गले पेटभरी पानी खाएपछि आफ्नो टाउको उठाएर नदीको पारीतिर हेर्‍यो।

सूर्यास्तको आकाशअगाडि भासको बीचबाट गएको केही उठेको जमीन वा ढिस्को, हिसाबले जन्तुहरूको मन परेको बाटोमा त्यो खडा भइरहेको थियो। किन हो किन, त्यो साह्रै राम्रा देखिएको थियो। साँच्चै नै, म सय वर्ष बाँचें भने पनि यो न्यास्रो तैपनि ज्यादै मनोहर दृश्य कहिले विर्सने छैन; मेरो हृदयमा यसको छाप लागेको छ। दायाँ बायाँपट्टि मृत्यु पैदा गर्ने सुनसान धापका बड़ेमा फांटका फांट थिए। यी धापमा कतै कतै अस्ताउन लागेका सूर्यका राता किरणलाइ प्रतिविम्बित पार्ने दर्पण जस्ता, झारपात सडेको कालो पानी भएका पोखरी थिए । तीबाहेक यी धाप आँखा पुगेसम्म एकनासका र अटूट थिए। हाम्रो अगाडि र पछाडि मन्द नदीको दृश्य फैलिएको थियो । त्यो दृश्य ठुङ्गिंदा नर्कटले घेरेको ताल झल्याकझुलुक देखिन्थ्यो, त्यसको सतहमा साँझका ज्योतिरेखाहरू मन्द पवनले छायांलाइ हल्लाउँदा खेल्दथे । पश्चिमपट्टि डुब्न लागेका सूर्य बड़ेमा राता भकुन्डो जस्ता देखिन्थे। अहिले ती सूर्य तुवाँलो उठेको क्षितिजमा डुब्न लागेका थिए, उनले त्यो ठूलो आकाशलाइ उडिरहेका सुनौला झलक र रगत जस्ता राता चड्का रङ्गले भरिरहेका थिए । किनभने आकाशको निकै माथि कस्याङकुरुङ र पानीचराहरू कहिले लामो डोरा, कहिले चारकुने, र कहिले त्रिकोण बनी बनी उडिरहेका थिए । आधुनिक अंग्रेजी डुंगामा बसेका हामी तीन जना आधुनिक अंग्रेजहरू त्यो सीमारहित न्यास्रो जग्गामा अमिल्दा र नसुहाउँदा देखियौं। हाम्रोअगाडि त्यो अशराफ मिर्ग रातो आकाशको भूइँमा चित्रित भएको थियो ।

ढ्यास्म ! त्यो बुर्लुक्क उफ्रेर भाग्यो । लिओले उसलाइ मिस गर्‍यो। ढ्यास्म! फेरि गोली ठीक उसको मन्तिरबाट

गयो। अब मेरो पाली आयो। मैले एक चोट हान्नैपर्‍यो, यद्यपि त्यो कांड़ जस्तो गरी दगुरिरहेको थियो, फेरि १०० गज-भन्दा पनि टाढा थियो। ईश्वर! चट, चट, चट! जीवनको यस्तो उत्तम समयमा खूब सदाचारी शिकारीको छातीमा पनि उठने अनुदार उज्ज्वल विजयोल्लासलाइ दबाउँदै मैले भनें, 'लिओ महाशय, अहिले त तिमीलाइ जितें जस्तो लाग्छ।'

लिओले दाह्रा किटेर भन्यो, 'तपाईंको नाक! हो;' अनि मोह पार्ने उसका कैयन् खूबीमध्येको छिटो मुस्कुराहटले राम्रो चेहरालाइ उज्ज्वल पार्दै, 'माफ दिनोस्, बूढा बा। म तपाईंलाइ बधाई दिन्छु; तपाईंको हनाइ बडो राम्रो भयो, मेरो त रद्दी।

हामी डुङ्गाबाट हामफाली मिर्गकहाँ दगुरेर गयौं। गोलीले त्यस मिर्गलाइ डंडालो छेडेर भुतुक्कै पारेको थियो। त्यसलाइ सफा गर्न र हामीले लान सके जति फल मासु काट्न पौने घण्टाभन्दा बढ्ता लाग्यो। उसैले त्यो मासुलाइ प्याक गरी त्यो ताल जस्तो ठाउँसम्म पुग्दा झमक्कै भइसकेको थियो। त्यहाँ भासमा खाडल पर्न गएको हुनाले नदी यहाँनेर चौडा थियो। अँध्यारो हुनासाथ त्यो पोखरीको किनाराबाट तीन सय गज जति टाढामा लंगूर खसाल्यौं। पाल टांग्न हुने असल सुक्खा जग्गा पाइन्छ पाइंदैन भन्ने थाहा नहुनाले र धापबाट आउने विखालु ग्यांसबाट पानीमा बस्नाले केही बचिन्छ भन्ने संझेकोले पनि हामीले किनारमा जान साहस गरेनौं। लालटिन बालेर आफूसङ्ग ल्याएको खानेकुरो खायौं, अनि सुत्न खोज्यौं, तर निद्रा पर्न असंभव थियो। किनभने, लालटिनले आकर्षण गरेर हो वा उनीहरूले हजार बाह्र सय वर्षसम्म कुहिरहेको गोरा मानिसको अनौठो गन्धले हो, मैले देखेको वा सुनेको भन्दा

ज्यादै बढ्ता रगतका प्यासा जिद्दीवाल अजङ्का दश हजारौं लामखुट्टेहरूले तुरुन्तै हमला गर्न थाले। रुमलो भएर तिनी-हरू आएर टुइँ टुइँ र हुन्न हुन्न गर्दै हामीहरूलाई यसरी टोके कि हामी करीब करीब बौलाहा जस्तै भयौं। चुरोटको धूँवाले उनीहरूलाइ झन् खुशीयाली र झन् फूर्तिलो जीवन दिए जस्तो मात्र भयो। आखिरमा हामीले टाउकोदेखि खुट्टासम्म कम्बलमा गुट्मुट्ट भएर बस्नैपऱ्यो। हामी बिस्तारै बिस्तारै उसि-निन थाल्यौं, कहिलेकहीं कन्याउने र उनीहरूलाइ सराप्ने गर्थ्यौं। त्यसरी बसिरहेकै थियौं, अचानक त्यस निस्तब्धतालाइ छेडेर सिंहको गहिरो गर्जन मेघ गर्जे जस्तै गरी निक्ल्यो, अनि दोस्रो सिंहको गर्जन। त्यो सिंह हाम्रो साठी गज टाढा नर्कटघारीमा हिंडिरहेको थियो।

कम्बलबाट टाउको झिकेर लिओले भन्यो, 'बडो भाग्यले हामी किनारामा गएनछौं, होइन त, काका भनाउँदा ?' (लिओले कहिलेकहीं यस्तो अपमान गरी बोलाउँथ्यो।) 'यसको सत्या-नाश होस्! एउटा लामखुट्टेले मेरो नाकैमा टोक्यो', फेरि त्यो टाउको बेपत्ता भयो।

यसको केही बेरपछि नै चन्द्रमा उदाए, तीरका सिंहहरूबाट पानीबारी गुंजेर हरेक किसिमको गर्जन हामीकहाँ आउँथ्यो तापनि, हामी पूरा निर्विघ्न छौं भन्ने ठानेकोले उङ्न लाग्यौं।

कम्बलको मित्रभावको ओतबाट केले हो मलाइ टाउको झिक्न लायो राम्रो थाहा छैन, शायद लामखुट्टेहरूले यस-लाइ छेडेर टोक्ता रहेछन् भन्ने थाहा पाएर हो कि। जे होस्, मैले यसो गर्नासाथ जौबले डराएको अवाजमा साउती गरेको सुनें:--

'ओहो, भगवान्, त्यहाँ हेर्नोस्!'

तुरुन्तै हामी सबैले हेर्दा जूनमा यो देख्यौं। तीरका नजीक पानीको सतहमा ठूलो हुँदै गएका छालका दुइ चक्का थिए, ती चक्काहरूको माझमा दुइ काला र चल्ने वस्तु देखिन्थे।

मैले सोधें, 'यो क्या हो ?'

आदर गर्ने उसको बानी बसेकै थियो, त्यससित मलाइ के हुन आँट्यो भन्ने डर र खुल्लमखुल्ला त्रासको भाव मिसिनाले अनौठो भएको स्वरमा जौबले जवाफ दियो, 'त्यही चण्डाल सिंह, हजुर! हामीलाइ खाहान यहाँ पौडेर हाइरहेको छ', डरले थरहरी भएको हुनाले उसको बोलीमा "ह" थपियो।

मैले फेरि हेरें: त्यस कुरामा केही शंका थिएन; उनीहरूका डरलाग्दा आँखाका चमक देखिन्थ्यो। भर्खर मारेको मिर्गको मासुको हो वा हाम्रो गन्धले हो लोभिएर ती भोका पशुहरू हामीमाथि आइलागेका थिए।

लिओको हातमा अगिदेखि नै बन्दूक थियो। मैले उसलाइ उनीहरू नजीक नआएसम्म पर्खनू भनी आफूले पनि बन्दूक लिएँ। हाम्रो १५ गज जति टाढा पानीभित्र ढिस्को हुनाले त्यहाँ १५ इंची जति मात्र गहिरो थियो, चाँडै नै सिंहिनी चाहिं त्यो ढिस्कोमा चढी, पर्सी, अनि गर्जी। त्यही बखतमा लिओले हान्यो; त्यो गोली उसको खुला मुखभित्र पसी गर्धनपछाडि-बाट निक्लेर गयो। त्यो ठाउँमै छ्यापल्यांग गरेर घुसुक्क परी। अर्को चाहिं छिप्पिएको भाले-उभन्दा दुइ कदम जति पछि थियो। त्यस वेलामा उसले त्यस ढिस्कोमा अगिल्लो पञ्जा के राखेको थियो, केही कुरा घटित भयो। वेलायतको पोखरीमा पाइक माछाले सानो माछालाइ समात्ता देखिने जस्तो पानीमा छत्ल्याङ र छुत्लुङ देखियो, केवल यहाँ त्यसभन्दा १००० गुना प्रचण्ड र ठूलो थियो। त्यसपछि त्यो सिंह भयानक

रूपले ड्यारर गरेर करायो र आफूसित केही कालो चीजलाइ घिसारेर त्यो ढिस्कोतिर उफ्रयो ।

महम्मदले चिच्यायो, 'अल्लाह ! गोहीले उसको खुट्टालाइ समातेछ !' नभन्दै समातेको थियो । यसका झल्कने दाँतका पंक्तिसहित लामो थुतुनु र त्यसको पछिल्तिर यो जन्तुको शरीरलाइ हामी देख्न सक्थ्यौं ।

त्यसपछि एउटा ज्यादै अनौठो दृश्य देखियो । सिंह यसो-उसो गरी ढिस्कामा चढ्यो, गोहीले चाहिं केही उभिएर केही पौडेर, उसको पछिल्लो खुट्टो दाहिराखेकै थियो । त्यसले गर्जंदा हावा काँप्यो; त्यसपछि, उन्मत्त तीखो ड्यारर आवाज गरी फर्केर त्यो गोहीको टाउकोलाइ पंजाले पक्र्यो । गोहीले पनि आफूले पक्रेको ठाउँ सार्‍यो, र अलिकति अगाडि सर्‍यो (हामीले पछि थाहा पायौं उसको एउटा आंखा कोपरिएर झिकिएकोले रहेछ); उसले त्यसो गर्नासाथ सिंहले उसको घोक्रो समातेर अंठ्यायो, र उग्रसंग जुधेर ढिस्कामाथि दुवै पुर्लुङ पुर्लुङ पल्टे । तिनीहरूले के के गरे त्यो सब हेर्नालाइ असं-भव थियो, तर फेरि हामीले राम्रोसंग देख्न पाउँदा गोहीको जित भएको थाहा पायौं । किनभने गोहीले आफ्नो टाउको काँचो मासुको थुप्रो जस्तो देखिने गरी घावै घाउ भए तापनि आफ्नो फलामे दाह्राले ठीक सिंहको पुट्ठामाथि दाह्री उसलाइ टकटकाइ-रहेको थियो। आपतमा परेको सिंहले चाहिं दुखेको हुनाले गर्जंदै आफ्नो शत्रुको कत्ले टाउकोमा उन्मत्तसंग नंग्र्याउने र दार्ने गर्‍यो, र आफ्नो ठूलो पछिल्लो पन्जा गोहीको घोक्रोको नरम छालामा गाडेर थैलोलाइ जस्तै उघार्‍यो ।

त्यसपछि, एकदमसंग लडाइँ खतम भयो । सिंहको टाउको गोहीको आङमा लत्रक परेर खस्यो, खस्नासाथ डरलाग्दोसंग

घुरेर त्यो मऱ्यो। गोही चाहिं एक मिनेटसम्म हलचल नगरेर उभिइरह्यो, पछिवाट बिस्तारै बिस्तारै पल्टेर कोल्टे पऱ्यो। तैपनि आफ्नो दाह्राले मारिएको सिंहलाइ च्यापिराखेकै थियो; पछि हेर्दा थाहा पाइयो झण्डै आधा हुने गरेर टोकिसकेको रहेछ।

ज्यान रहेसम्म नटुङ्गिने यो जुद्ध गजबको र डरलाग्दो दृश्य थियो, त्यसलाइ थोरै मान्छेले मात्र देखे होलान्। आखिरमा यसरी यसको अन्त भयो।

यो खतम भएपछि, महम्मदलाइ पालो राखेर हामीले लामखुट्टेले दिएको दुःखबाहेक शान्तिमा बाँकी रात बितायौं।

छैटौं परिच्छेद

उहिलेको क्रिस्तानी रीत भाँत

भोलिपल्ट, सखारै उठ्यौं, परिस्थितिले दिएसम्म नुहाइ धुवाइ गर्‍यौं, अनि हिंड्न तयार भयौं। म नभनी सक्तिन, जब परस्परको मुख देख्न सक्नेसम्मको उज्यालो भयो, कमसेकम मलाइ हाँसो उठ्यो, किनभने लामखुट्टेले टोकेर जौबको मोटो चनौटे मुख सुनिएर झण्डै डब्बल भएको थियो, लिओको अवस्था पनि उस्तो असल थिएन। वास्तवमा, तीन जनामध्ये मेरो अवस्था सबभन्दा वेस थियो, शायद मेरो अँध्यारो रङ्गको छाला चाम्रो हुनाले होला, र मेरो मुखको धेरैजसो हिस्सा रौंले ढाकिएको हुनाले होला, किनभने इङ्ल्याण्ड छोडेदेखि प्रकृतिले नै वाक्लो दाह्री मैले पालेको थिएँ। तर ती दुइ जनाले सफासंग दाह्री जुंगा खौरेका थिए, उसैले शत्रुलाइ दाइँ

गर्न खुला र विस्तृत जग्गा मिल्यो। तर महम्मदलाइ भने खुदा-लाइ पत्याउनेको स्वाद चिह्नेको हुनाले लामखुट्टेले छुँदै छोएनन्। १४, १५ दिनसम्म अरबी मान्छेको जस्तो हाम्रो स्वाद भइदिएको भए हुन्थ्यो भन्ने कति पटक चाहें!

हाम्रो सुनिएको आटले दिएसम्म पेट मिची मिची हाँसि-सक्ता राम्रै उज्यालो भइसकेको थियो, समुद्रबाट आएको मन्द पवनले भासका घना हुस्सुमा बाटाहरू काटी कुनै कुनै ठाउँमा उनीहरूलाइ भुसभुसे बाफका ठूलाठूला भकुण्डा बनाई आफ्नो अगाडि गुडाइरहेका थिए। उसैले हामीले पाल जड्यौं, अनि मरेका दुइ सिंह र गोहीलाई राम्रोसँग जाँच्यौं। छाला पाको गर्ने सर्जाम हामीसंग नहुनाले छाला काढेनौं। अनि प्रस्थान गर्‍यौं र तालको बीचबाट गई त्यसको पारीपट्टि नदीको बाटो लाग्यौं। मध्याह्नमा, हावा बन्द भएपछि भाग्यले सुबिस्ताको सुखा जमीन पायौं। त्यहाँ हामीले वास बस्ने ठाउँ बनायौं, आगो बाल्यौं, अनि दुइटा पानीहाँस र सिर्मामिर्गको केही मासु पकायौं। ज्यादै मीठो त भएन, साँचै हो, तैपनि चाहिने जति मीठो थियो। त्यो मिर्गको बाँकी मासुलाइ सेला-सेला पारी काट्यौं र सुकुटी पार्न घाममा सुकायौं। यो स्वागतको सुखा जमीनको टुक्रामा हामी भोलिपल्ट विहानसम्म बस्यौं। अगिल्लो दिन जस्तै लामखुट्टेहरूसित लडाइँ गर्‍यौं, तर अरू दुःख केही भएन। भोलिपल्ट पर्सिपल्ट त्यही किसिमले बित्यो। कुनै अनौठो घटना घटेन, केवल सीङ नउम्रने अनौठो किसि-मको राम्रो सिर्गलाइ मार्‍यौं, र ढकमक फुलेका जलकमल-हरूका धेरै किसिम देख्यौं। तिनीहरूमध्ये कुनै नीला र ज्यादै राम्रा थिए, तर तिनीहरूलाइ खाने हरियो टाउको भएको सेतो पानी-कीरा हुनाले थोरै फूल मात्र सद्दे थिए।

हाम्रो सफरको पाँचौं दिन थियो, हाम्रो हिसावले तीरवाट करीव १३५—४० माइल पच्छिमतिर सफर गरेका थियौं, वास्तविक महत्त्वको पहिलो घटना घऱ्यो । त्यही विहान ११ वजेतिर साविकको हावा चलेन । केही टाढासम्म ख्याएपछि थोर वहुत थाकेकाले हामी आउन लागिरहेको खोला र करीव ५० फीटको एकनासको चौडाइ भएको अर्को खोलाको दोभान देखिएको हुनाले त्यहीं हामीले रोकिनै पऱ्यो । नजीकै केही रूखहरू उम्रेका थिए, किनभने यस मुलुकमा सर्वपूँजी रूखहरू नदीका किनारैमा थिए। ती रूखमुनि हामीले विश्राम गऱ्यौं; त्यसपछि, त्यो जमीन यहाँनेर निकै सुकेको हुनाले, ठाउँ जाँच्नालाइ र खानाको निम्त्ति केही पानी-चराहरू मार्नालाइ नदीको किनार किनारै केही टाढासम्म हिंड्यौं । ५० गज पनि गएका थिएनौं हामीले थाहा पायौं, त्यो डुङ्गामा नदीउँभो जाने सवै आशा टुट्यो, किनभने हामी ओर्लेको ठाउँदेखि २०० गजभन्दा पनि कम माथितिर हामीले छिपछिपे जग्गा र दलदलेको सिलसिला भेट्टायौं, जसमाथि ६ इञ्ची गहिरो पनि पानी थिएन । मुख वन्द भएको सडक जस्तै यहाँ खोलाको मुख वन्द भएको थियो ।

फर्केर, अर्को नदीको किनाराकिनारै केही वाटो गएपछि घाँडै नै धेरै कुरावाट हामीलाइ निश्चय भयो, यो नदी नै रहेनछ । ज्यान्जिवारको तीरमा मंवासामाथि देखिने नहर जस्तै यो एउटा प्राचीन नहर रहेछ। त्यो मंवासामाथिको नहरले टाना नदीउधो आउने जहाज डुङ्गाहरूलाइ ओजि नदी पार गर्न सक्ने र यसद्वारा समुद्रमा पुग्ने, अनि यसरी टानाको मुहानलाइ छेकेर रहेको साह्रै जोखिमको ढिस्को छल्न सक्ने हिसावले टानालाइ ओजिसित जोड्छ । हाम्रो अगाडिको

नहर सबै प्रमाणबाट संसारको इतिहासको कुनै प्राचीन समयमा मानिसले खनेको थियो, र उठेका ढिस्काहरूको रूपमा उसले खनेका परिणाम अझै रहिरहेको थियो। ती ढिस्काहरू निःसन्देह एक पटक डुङ्गाहरू तान्ने बाटो बनेका थिए। कहीं कहीं तिनीहरूलाइ पानीले खुंडे पारेको थियो अथवा भत्केको थियो, नत्र साह्रो चिस्टिलो माटाले बनेका यी ढिस्काहरू उत्ति उत्ति फरकमा रहेका थिए, खोलाको गहिराइ पनि एकनासको देखिन्थ्यो। त्यहाँ प्रवाह छँदै थिएन भने पनि हुन्छ त्यसै कारणले त्यो नहरको सतहमा झारहरू मौलाएर उम्रेका थिए। बीचबीचमा भने सफा पानीका साना साना डोराहरू गएका थिए। ती डोराहरू, पानी-हाँस, छेपारो, र अरू कीरा बराबर हिंड्नाले बनेका होलान्। अब जस्तो हामी नदीउभो जान सक्तैनौं भन्ने प्रत्यक्ष थियो, यो पनि उत्तिकै प्रत्यक्ष भयो—या त हामीले त्यो नहरबाट जान कोशिश गर्नुपर्दछ, हैन भने समुद्रतिर फर्कनुपर्छ। त्यो उच्चाटलाग्दो धापमा ज्वरो आई नमरेसम्म घाममा सेकिन र लामखुट्टेले टोकिमाग्न जहाँ थियौं त्यहीं अड्न सक्तैनथ्यौं।

मैले भने, 'लौ त, हामीले अगाडि बढ्न कोशिशै गर्नुपर्छ क्यारे।' अरूहरूले पनि त्यही कुरामा मन्जूर गरे, तर आफ्ना आफ्ना किसमले—लिओले चाहिं, यसलाइ संसारभरको सबभन्दा असल ठट्टामा लग्यो; जौबले, आदरपूर्वकको विरक्तिसाथ; अनि महम्मदले, मुहम्मदलाइ आह्वान गर्‍यो र उसको धर्मलाइ नपत्याउने सबैलाइ, उनीहरूका विचार गर्ने तथा सफर गर्ने तरीकालाइ पांडे सराप दिई मन्जूर गर्‍यो।

उसैले जब सूर्य पश्चिम दिशातिर लागे, हाम्रो मित्र-भावको हावाबाट आशा गर्ने कुरा केही नदेखी हामीले प्रस्थान गर्‍यौं।

एक घण्टा ज्यादै परिश्रम पऱ्यो तापनि जसो तसो गरी डुङ्गा खियायौं; तर त्यसपछि ती झारहरू ज्यादै बाक्लो हुनाले ख्याउन सकेनौं । आखिरमा डुङ्गा तान्ने आदिकालको र ज्यादै थकाउने जुक्तिको आश्रय लिन हामीलाइ कर्रै लाग्यो । दुइ घण्टासम्म हामीले परिश्रम गऱ्यौं । महम्मद, जौब, र मैले ढिस्कोमा हिंडेर डुङ्गा घिस्स्यायौं । म एउटैमा उनीहरू दुइजनाको बल छ भन्ने ठहरिएको थियो । लिओ चाहिं डुङ्गाको टाउकोमा बसेर पानी काट्ता अगिल्तिर गुजुल्टिएका झारहरूलाइ महम्मदको तरवारले फाँड्थ्यो । अँध्यारो भएपछि थकाइ मार्न र लामखुट्टेहरूलाइ भोज खुवाउनालाइ केही घण्टासम्म मुकाम गऱ्यौं । तर आधा राततिर फेरि बाटो लाग्यौं । किनभने दिउँसो हेरी राती शीतल हुनाले डुङ्गा तान्न सुविस्ता हुन्थ्यो । बिहानपख तीन घण्टासम्म हामीले थकाइ माऱ्यौं, अनि फेरि प्रस्थान गऱ्यौं, र दश बजेसम्म मेहनत गऱ्यौं । त्यसपछि गड्याङगुडुङ भई मुसलधारे पानी पऱ्यो । वास्तवमा हामीले ६ घण्टा पानीभित्रै बितायौं ।

त्यसपछिका हाम्रो चार दिनको सफरको विवरण खोलेर बयान गर्न कत्ति आवश्यक छैन भन्ने संझन्छु । म केवल यति भन्दछु, सबै कुरा विचार गर्दा ती दिन, कडा मेहनत, गर्मी, दुःख, र लामखुट्टेहरूको एकनासको वृत्तान्त बन्ने मेरो जीवनका सबभन्दा दुःखमय दिन थिए । हामीले पार गरेको त्यो सारा उचाटलाग्दो बाटो झण्डैले अनन्त भासको जग्गा बीचबाट गएको थियो । हामीलाइ जरो नआउनु र नमर्नाको कारण बराबर कुइनाइन खानु जुलाब लिनु, र हामीलाइ गर्नै कर लागेको अवच्छिन्न परिश्रम थिए । नहरै नहर गएको हाम्रो सफरको तेस्रो दिनमा त्यो धापको वाफबाट धमिलोसंग थुप्रिएको

चाउलो पहाड देख्यौं। चौथो दिनको सांझमा हामीले मुकाम गर्दा त्यो पहाड हामीबाट २५।३० माइल मात्र ठाढा देखिन्थ्यो।

अहिलेसम्ममा हामी ज्यादै थाकिसकेका थियौं। त्यो डुंगालाइ एक गज टाढा पनि हाम्रो फोका उठेको हातले तान्न सक्तैन भन्ने ठानी हामीले गर्न सक्ने सबभन्दा असल कुरा भासै भासको त्यो डरलाग्दो निर्जन स्थानमा लेटेर मृत्युलाइ पर्खनु हो भन्न लाग्यो। यो साह्रै भयंकर अवस्था थियो। यो अवस्था कुनै गोरालाइ कहिले पर्नेछैन भन्ने विश्वास गर्छु। जसै म नितान्त ग्लानीको निद्राको काखमा निदाउनालाइ त्यो डुंगामा पछारिएँ, यस्तो बौलाहा काम गर्नालाई सरिक भएको मेरो मूर्खतालाइ अफसोससाथ सरापें। जुन काम, मैले देखें, यो भयंकर जमीनमा हाम्रो मृत्युले मात्र टुंगिन्थ्यो। जब म बिस्तारै बिस्तारै उङरूपी समुद्रमा डुब्न लागें, त्यस दिनको ३।४ महीनामा त्यो डुंगा र उसमाथि चढेका अभागी मानिसहरूको कस्तो अनुहार हुन्थ्यो भन्ने मैले विचार गरेको संझन्छु। डुंगा चाहिं जोर्नी फुस्कनाले प्याक्क परी मैला पानीले आधा भरिएर रहनेछ। हुस्सु भरिएको हावाले त्यो डुंगालाइ हल्लाउँदा त्यहाँभित्रको पानी हाम्रा मक्किन लागेका हाडहरूमा छिरी छिरी कहिले अगिल्तिर कहिले पछिल्तिर ठक्कर खालान्। त्यसरी यो डुंगाको, र त्यसभित्र चढेका, उपाख्यानको पछि लाग्ने तथा प्रकृतिका गुप्त कुराहरू खोज्ने मान्छेहरूको अन्त हुनेछ।

पानी छर्लकिदा सुकेका हाडहरू जुधेको अघिबाटै सुने जस्तो लाग्यो। मेरो खप्परले महम्मदको खप्परलाइ ठक्कर दियो, उसको खप्पर मेरोमा ठक्कर खायो। आखिरमा महम्मदको खप्परले आफ्नो डँड़ाल्नुको हाडमाथि खडा भएर रित्ता आंखाका दुलाबाट मलाइ कारकारति हेर्‍यो, र किच्च परेका

बंगारा देखाउँदै मलाइ सराप्यो, किनभने म क्रिस्तानको कुकुरले कुरानको सच्चा भक्तको अन्तिम निद्रालाइ खलबल्याएँ। मेरो आँखा खुल्यो, त्यो डरलाग्दो सपना देखेर काम्में, अनि त्यसपछि विपनाकै केही चीज देखेर फेरि काम्में, किनभने हुस्सु लागेको अन्धकारलाइ छेडेर दुइटा ठूला आंखाले मलाइ ड्वालड्वालति हेरिरहेका थिए। म छटपटाएं, डर र हडबडीमा चिच्याएँ, अनि फेरि चिच्याएँ, उसैले अरूहरू पनि निद्रा र आतसरूपी रक्सी लागेकोले धुन्मुनाउँदै जस्याकजुरुक उठे। त्यसपछि अकस्मात्संग चिसो इस्पात झल्क्यो, एउटा ठूलो भाला मेरो घोक्रोमा तेर्सियो, त्यसको पछाडि अरू भालाहरू पनि निष्ठुरतासंग चम्के।

अरबी भाषा वा धेरै जसो अरबी भाषा मिलेको कुनै अरू भाषामा एउटा आवाजले भन्यो, 'शान्ति, पानीमा पौडेर यहाँ आउने तिमीहरू को हौ? भन्, नत्र मारिनेछस्', त्यो इस्पातले मेरो शरीरभित्र ठण्डा सन्सनी पुऱ्याएर मेरो घोक्रोमा कडासंग थिच्यो।

मैले जानेको सबभन्दा राम्रो अरबी भाषामा जवाव दिएँ, 'हामी मुसाफिर हौं, संयोगवश यहाँ आइपुगेका छौं।' त्यो मानिसले मेरो कुरा बुझेर होला, आफ्नो हात झिक्यो र पछिल्तिर देखिएको अग्लो मान्छेलाई भन्यो, 'पिता, मारूँ?'

त्यसको जवाबमा गहिरो आवाजले सोध्यो, 'ती मानिसको कस्तो वर्ण छ?'

'तिनीहरूको वर्ण गोरो छ।'

जवाव आयो, 'नमार। चार वर्षअगाडि "आज्ञा-मान्नैपर्नेशी" बाट मलाइ सन्देश आएको थियो, "गोराहरू आउँछन्; गोरा आए भने तिनीहरूलाइ नमार्नू।" तिनीहरूलाई "आज्ञा-

मान्नैपर्नें-शी" को घरमा ल्याउनू। ती मानिसहरूलाई ल्याऊ, तिनले आफूसित ल्याएका माल पनि ल्याउन लाऊ।'

त्यो मानिसले डुंगाबाट मलाइ केही डोऱ्याएर केही घिसारेर भन्यो, 'आइज!' मेरा साथीहरूलाइ पनि अरूले त्यस्तै मेहरवानीको काम गरेको मैले देखें।

तीरमा ५० मानिस जतिको एक हूल जम्मा भएको थियो। त्यस उज्यालोमा मैले के देखें भने, उनीहरूले वडेमा भाला लिएका थिए, तिनीहरू साढे' अग्ला, वलियो डिलडौलका, अरू हेरी कम कालो वर्णका, र चितुवाको छालाको कछाडबाहेक निर्वाङ्ग थिए।

एक छिनपछि लिओ र जौब अगिल्तिर घुचेड़िएर मसंग राखिए।

आँखा मिचेर लिओले सोध्यो, 'कुरा क्या हो?'

जौवले करायो, 'हे भगवान्! हजुर, यहाँ त गजब भइरहेछ;' ठीक त्यही वेला एउटा हलचल मच्चियो, भाला उजाएको छाया जस्तो मूर्तिले खेदिएको महम्मद हाम्रो बीचमा घुस्सुन्टियो।

त्यो मानिसवाट आस गर्ने केही कुरा छैन भन्ने ठानी महम्मदले चिच्यायो, 'अल्लाह! अल्लाह! मलाइ वचाऊ! मलाइ बचाऊ!'

एउटा आवाजले भन्यो, 'पिता यो त कालो रहेछ। कालो मानिसको वारेमा "आज्ञा-मान्नैपर्नें-शी" को के सन्देश छ?'

'उसको वारेमा उनले केही भनेकी थिइनन्; तर उसलाइ नमार। यहाँ आऊ, मेरो पुत्र!'

त्यो मानिस अगिल्तिर बढ्यो, अनि त्यो अग्लो छायात्मक रूपले अगिल्तिर झुकेर केही कुरा साउती गऱ्यो।

अर्को चाहिंले जवाब दियो, 'हो, हो,' अनि सातो पुत्लो उडाउने स्वरमा खुत खुत हांस्यो।

त्यो रूपले सोध्यो, 'गोरा तीन जना छन् ?'

'हो, तीन जना छन्।'

'उसो भए उनीहरूको निमित्त तयार पारेको कुरा ल्याऊ, र त्यो तैरेको कुराबाट तिमीहरू जति सक्छौ लिएर हिंड।'

उसले बोलेको मात्रै थियो, ढाकिएका कैयन् डोलीहरू कुममा बोकेर धेरै मानिस अगाडि बढे। हरेकलाइ चारजनाले बोकेका थिए, दुइ जना मानिस जगेडा थिए। त्यसभित्र चढ्नालाइ हामीलाइ इशारा गरे।

लिओले भन्यो, 'भइगयो! यतिका सम्म हामीले आफैलाइ बोक्नुपरेको थियो, अहिले हामीलाइ बोकिदिन अर्को मान्छे पाउनु भाग्यै हो।'

जे परे तापनि लिओ संधै आनन्दी विचार लिन्छ।

नाईं नास्ति गर्ने कुरा थिएन, उसैले अरूहरूलाइ आफ्नाआफ्ना डोलीमा चढेको देखेपछि म पनि आफ्नो डोलीमा चढें। त्यो असाध्य सुविस्ताको रहेछ। त्यसको दरवर झारको सूतले वुनेको कपडाको जस्तो देखिन्थ्यो। त्यो कपडा शरीरको हरेक गति-अनुसार तन्कने फुक्के गर्थ्यो, र डांडीमा दुइ टुप्पा बांधिएकोले टाउको र घांटीलाइ साह्रै सुविस्ताको सहारा दियो।

म त्यहाँ पल्टि मात्र सकेको थिएँ, ती डोलेहरू एकनासको गतिसित आफ्नो पाइला मिलाएर झुलाउने दुल्कीमा हिंड्न थाले। करीव आधा घण्टासम्म चुप लागेर लेटी लेटी त्यस वेलामा हामीले भोगेका साह्रै अनौठा अनुभवहरू मनमा खेलाएँ, ती अनुभवहरू वयान गर्नाको निमित्त, कुनै जादूगरीले चिरपरिचित खाना खाने टेविलमा म पुर्याइएँ भने केम्ब्रिजका



आफ्नो ज्यानको लागि हाँक्, महम्मद !

मेरा प्रख्यात, विचार सडिसकेका माननीय मित्रहरूले मेरो कुरा पत्त्याउंछन् कि पत्त्याउंदैनन् भनी सोचें। ती असल र विद्वान् मानिसहरूलाइ सडिसकेका विचारवाला भन्दा कुनै दोष लाउनु वा हेला गर्नु मेरो इच्छा होइन, तर मेरो अनुभवले भन्छ— मानिसहरूले एउटै बाटोमा ज्यादै खुरन्धारसंग लागिरह्यो भने विश्वविद्यालयमा पनि मानिस सडेर जान सक्छ। मेरो विचार पनि सडेर जान लागेको थियो, तर हालसाल मेरो खयालको पूँजी ज्यादै बढेको छ। जे होस्, पल्टेर विचार गर्दै रहें, यी सब कुराको के अन्त होला भनी अचम्म मानें। आखिरमा म अचम्म मान्न छोडी निदाएँ।

जहाज डुब्नुभन्दा अगिल्लो रातदेखि पहिलो वास्तविक विश्राम लिन पाएको हुनाले सात आठ घण्टा सुते हुँला, किनभने म बिउँझदा सूर्य धेरै माथि पुगिसकेका थिए। हामी अझै घण्टाको चार माइलको दरले सफर गरिरहेकै थियौं। डांडी-मा बुद्धिमानीसाथ बाँधेको पतला झापनबाट च्याउँदा अनन्त भासको जग्गा पार गरी कचौराको आकारको पहाडतिर उठेको हरियो मैदानमा अहिले हामी जान लागेको थाहा पाई मेरो दिलबाट ठूलो बोझ हट्यो। यो हामीले नहरबाट देखेकै पहाड हो कि होइन मलाइ थाहा छैन, आजसम्म पत्ता लाउन पनि सकेको छैन, किनभने, हामीले पछिबाट थाहा पायौं, यी मानिसहरू यस विषयमा हामीलाइ केही सूचना दिंदा रहेनछन्। त्यसपछि मलाइ बोक्ने मानिसहरूलाइ हेरें। तिनीहरूका शरीर-को बनावट गजबको थियो, तिनीहरूमा ६ फीटभन्दा होचा कोही कोही मात्र देखिन्थे, तिनको वर्ण पहेंलो थियो। पूर्व अफ्रिका-का सोमालिको अनुहारसित तिनीहरूको अनुहार सर्वसाधा-रणतः धेरै मिल्थ्यो, केवल यिनीहरूका केश मुन्द्रा नपरेर बाक्ला

काला गुच्छा परी कुममा लट्केका थिए, उनीहरूका अनुहार सल्याक सुलुक परेका र धेरैजसो सुन्दर थिए । खास गरी दाँत मिलेका र राम्रा थिए। उनीहरूको सौन्दर्य त्यस्तो भए तापनि, मेरो मनमा लाग्यो, सबै कुरा विचार गर्दा त्यत्तिको दुष्टता झल्कने अनुहार मैले कहिले पनि देखेको थिइन । तिनी-हरूको चेहरामा अंकित भएको लापरवाहीको र अंध्यारमुखे निष्ठुरताको भाव देखेर मेरो चित्त कुंडियो। त्यो भाव कसै कसैमा अति हुनाले झण्डै अमानुषिक देखिन्थ्यो ।

तिनीहरूको बारेमा मैले देखेको अर्को कुरा तिनीहरू कहिले पनि हाँस्तैनथे । कहिलेकहीं अगि मैले भनेको एकनासको गीत गाउँथे, नगाउँदाखेरि चाहिं एकदम चुपचाप रहन्थे भने पनि हुन्छ। हाँसोको उज्यालो उनीहरूको अंध्यारो र दुष्टतापूर्ण चेहरालाइ उज्यालो पार्न कहिल्यै निस्कँदैनथ्यो । यी मानिसहरू कुन जातिका होलान् ? उनीहरूको भाषा ठिमाहा अरबी थियो, तैपनि ती मानिसहरू अरबी मानिसहरू थिएनन्; मलाई त्यस कुराको एकदम निश्चय थियो। उनीहरू ज्यादै काला वा केही पहेंला थिए। किन हो म भन्न सक्तिन, तर तिनीहरूको अनुहार देख्दा मलाई लाजै लाग्ने गरी साह्रै डर लाग्यो । म अचम्म मानि-रहेकै थिएँ, अर्को डोली मेरो हाराहारि आइपुग्यो। झापन खोलिएको हुनाले मैले देखें, त्यसभित्र एउटा बूढा मान्छे बसेको रहेछ । त्यसले खस्रा सन कपडाको ह्वाल्र्याङ ह्वाल्र्याङ परेको सेतो सेतो अलखा लाएको थियो । अगि तीरमा उभिएको र "पिता" भनी बोलाइएको छायात्मक मूर्ति त्यही रहेछ भन्ने मैले तुरन्तै लख काटें। त्यो बूढो मान्छेको गजबको अनुहार थियो। त्यसका हिउं जस्ता सेता दाह्री यति लामा थिए कि तिनका टुप्पाहरू डोलीबाट बाहिर निस्केका झुण्डिए र थिए।

त्यसको सुगाठुंडे नाक थियो, त्यसमाथि सर्प जस्ता एक जोडा तीखा आँखा चम्किरहेका थिए। उसको सारा चेहरालाइ कागतमा बयान गर्न असंभवको बुद्धिमानी र कटुहास्य-रसको अनुहारले व्याप्त पारेको थियो।

गहिरो र धीमा आवाजले उसले सोध्यो, 'बिउंझै छौ, परदेशी ?'

यो विधर्मी बूढासँग खुशामद गर्नु बेस हो भन्ने निश्चय ठानी मैले मिजासैसंग जवाब दिएँ, 'हो, मेरो पिता।' उसले आफ्नो राम्रो सेतो दाह्री मुसारेर हल्कासंग खिस्स हाँस्यो।

उसले भन्यो, 'जुनसुकै मुलुकबाट आएको भए पनि कुराको छांटले तिमी हाम्रो भाषा केही जानेको मुलुकबाट आएको रहेछौ। त्यहाँ केटाकेटीहरूलाइ मिजास गर्न सिकाइँदो रहेछ, परदेशी पुत्र। अहिले, यो मुलुकमा तिमी किन आयौ, जुन मुलुकमा मानिसले थाहा पाएको सयमदेखि कुनै परदेशी खुट्टाले शायदै छोएको होला ? तिमी र तिम्रा साथमा आएकाहरू जीवनदेखि विरक्त भयौ कि ?'

मैले नथकाएर जवाब दिएँ, 'हामी नयां नयां कुरा खोज्न आएका हौं, किनभने पुराना कुराले अघाइसकेका छौं; नजाने-सुनेका कुरा जान्ना निमित्त समुद्रबाट निस्केका छौं। मेरो अति माननीय पिता, मर्नुअगाडि केही नयाँ खबर पाउन सकिए, मृत्युदेखि नडराउने बहादुर जातिका मानिस हामी हौं।'

बूढो भलादमीले भन्यो, 'हुँ! त्यो कुरा साँचो हुन सक्छ; कुरा काट्नु मूर्खता हो, नत्र तिमीले ढांट्यौ भन्थें, मेरो पुत्र। तर म भन्न साहस गर्छु, "आज्ञा-मान्नैपर्ने-शी"ले तिम्रो धोको पुऱ्याउनेछन्।'

खुलदुली मानेर मैले सोधें, "आज्ञा-मान्नैपर्ने-शी" भन्ने को हो ?'

त्यो वूढा मान्छेले डोलेहरूतिर हेर्‍यो, अनि केही मुस्कुराएर जवाब दियो, जुन मुस्कुराहट देख्ता किन हो किन हो मेरो मुटुले ढ्यांग्रो ठोक्यो :—

'मेरो परदेशी पुत्र, केही गरी यही शरीरमै तिमीलाइ भेट्ने उनको इच्छा भएको खण्डमा निश्चय नै त्यो कुरा चांडै तिमी स्वयं थाहा पाउनेछौ ।'

मैले सोधें, 'यही शरीरमै ? मेरो पिताको भनाइको मतलब क्या हो कुन्नि ?'

तर त्यो वूढो मान्छेले खालि डरलाग्दोसँग हाँस्यो, केही जवाव दिएन ।

मैले सोधें, 'मेरा पिताका मानिसहरूलाइ के भन्छन् ?'

'मेरा मानिसहरूलाइ अमाह्गर, याने चट्टानका मानिस भन्दछन् ।'

'पुत्रले सोध्न हुन्छ भने मेरो पिताको नाउँ क्या हो कुन्नि ?'

'मेरो नाउँ विलाली हो ।'

'मेरो पिता, हामी कता जान लागेका ?'

'तिमी थाहा पाउनेछौ,' अनि उसले इशारा दिएको हुनाले उसका डोलेहरू दगुरेर अगिल्तिर बढे । एउटा खुट्टा वाहिर-पट्टि खसाली जोव लेटिरहेको डोलीमा पुगेपछि उनीहरू थामिए । रूप रंगवाट मैले वुझें, जोबवाट उसले उस्तो कुरा थाहा पाउन सकेन, किनभने एक छिनैमा उसका डोले-हरूले दगुरेर अगिल्तिरको लिओको डोली भेट्टाएको देखें ।

यसपछि, नयाँ कुरा केही नभएको हुनाले डोलीको मजाको झुलाइमा परी फेरि निदाएँ। म उग्र थाकेको थिएँ। मैले बिउँझेपछि थाहा पाएँ, ज्वालामुखीबाट पग्लेर आएको ढुंगाबाट बनेको भिरालो पाटा भएको पहराको खोंचबाट हामी गइरहेका थियौं। त्यहाँ धेरै राम्रा रूखहरू र फूल फुलेका बुटाबुटी थिए।

एक छिनपछि यो खोंच मोडियो, र आँखाको अगाडि एउटा राम्रो दृश्य पट्ट खुल्यो। हाम्रो अगाडि पांच छ माइल चौडा पृथ्वीको अजङ्को कचौरा थियो, त्यो रोमन गोल घरको छांटमा बनेको थियो। यो अजङ्को कचौराभित्रका पाखाहरू झाडीहरूले ढाकिएका ढुंगाका थिए, तर यसको बीचमा भने खूब मौलाएको गौचर थियो जसको बीच बीचमा ढकमक्क भई उम्रेका फुट्टा फुट्टा रूखहरू थिए। यसमा नागबेली परेर आएका खोलाहरूबाट पानी आउँथ्यो। यो लहलह परेको मैदानमा बाखा र गाईभैंसी बथानका बथान चरिरहेका थिए, तर मैले भेंडा भने देखिन। पहिले यो अनौठो जग्गा क्या हो मैले अनुमान गर्न सकिन, तर एक छिनमा झलक्क संझे यो धेरै अगाडि निभिसकेको कुनै ज्वालामुखीको मुख हुन सक्छ, त्यही पछिबाट ताल बन्यो, अनि आखिरमा कुनै रीतले निकास खोलियो। अहिले नै भनिहाल्छु, यसको र यसभन्दा ठूलो तर अरू कुराले उस्तै ठाउँको पछि पछिको मेरो अनुभवबाट यो अनुमान ठीक हो भन्ने धेरै कुराबाट देखिन्छ। यस्तै तर यसभन्दा ठूलो ठाउँको बयान गर्ने मौका केही पछि आउँनेछ।

बाखा र गाईभैंसीहरू चराइरहेका मानिसहरू देखिन्थे तापनि मानिसको बस्तीको कुनै चिन्ह यहां नदेख्ता मलाई छक लाग्यो। ती सबै कहां बस्थे? मेरो खुलदुली चांडै नै हराउने

कारण पऱ्यो। वायांतिर मोडिएर डोलीहरूको तांति आधा माइल जति वा शायद त्यसभन्दा पनि कम टाढासम्म त्यो ज्वाला-मुखीको मुखका चट्टानी बगलहरूको बाटो गए, त्यसपछि रोकिए। मेरो धर्म 'पिता' बिलाली उसको डोलीबाट ओर्लेको देखेर मैले पनि उसै गरें, लिओ र जौब पनि ओर्ले। पहिलो कुरा मैले देखें, हाम्रो अभागी अरबी साथी महम्मद जमीनमा थकित भएर पस, रिइरहेको थियो। उसलाइ डोली दिएन छन् भन्ने बुझियो, उसैले भरबाटो दगुर्न करै लाग्यो। हामी बाटो नलाग्दै उ बिलकुलै थाकिसकेको हुनाले अहिले थलै परेको देखियो।

वरिपरि हेर्दा मैले देखें, हामी थामिएको ठाउँ एउटा ठूलो गुफाको मुखअगाडिको समथर जग्गा रहेछ। त्यसै जग्गामा त्यस डुंगाका सारा माल, वहना पालसमेत थुप्र्याइए। गुफालाइ घेरेर हामीलाइ ल्याउने मानिसहरूको जमात र तिनी-हरू जस्तै अरू मान्छे उभिए। तिनीहरू सबै अग्ला र सबै राम्रा थिए। वर्णमा भने तिनीहरू सबै एकनासका काला थिएनन्, कुनै महम्मद जस्तै काला पनि थिए, कुनै चिनियाँ जस्ता पहेंला पनि थिए। उनीहरू चितुवाको छालाको कछाडबाहेक निर्वाङ्ग थिए, सबैले अजङ्को भाला बोकेका थिए।

तिनीहरूको हूलमा केही आइमाईहरू पनि थिए। आइमाईले चाहिं चितुवाको छालाको सट्टामा सानो राते मिर्ग जस्तो जन्तुको पाको छाला लाएका थिए। यी आइमाईहरू वर्गको रूपमा विचार गर्दा अति राम्रा थिए। उनीहरूका आंखा ठूलाठूला काला, बनौट सल्याकसुलुक परेका, केश हवशीको जस्ता मुन्द्रे होइनन् तर बाङ्गा घुंगरवाल—कालोदेखि लिएर गाढा खैरोको बीचमा सबै रंगका थिए। कसैले, तर उनीहरूमध्ये धेरै कमले

पहेँलो पहेँलो सनको, विलालीले लाएको भनेर मैले बयान गरेको जस्तै, लुगा लाएका थिए, तर पछिबाट हामीले पत्ता लायौं यो लुगा लाउने प्रयत्न मात्र होइन कि दर्जाको सूचना दिने चिन्ह रहेछ। उनीहरूको अनुहार लोग्नेमान्छेको जस्तो डरलाग्दो विलकुल थिएन। उनीहरू कहिलेकहीं हांस्थे, तर उस्तै मौकामा मात्र। हामीहरू ओर्लहँनासाथ उनीहरू हाम्रा वरिपरि जम्मा भएर हामीलाई अनौठो मानेर जांचे, तर उत्तेजित भएर होइन। लिओको अग्लो कसरती जीउ र केट्ट काटिएको युनानी चेहराले उनीहरूको ध्यानलाइ खिचेको स्पष्टै देखियो। उसले उनीहरूलाइ आदर गरेर टोप फुकाल्दा उसको घुंगरवाल पहेँलो कपाल देखियो, प्रशंसाको हल्का गुन गुन उठ्यो। त्यो प्रशंसा त्यतिमा नै अडेन, किनभने उसलाइ टाउकोदेखि खुट्टासम्म निहारेर हेरेपछि अलखा लाउने, कैलो र गाढा खैरोको बीचको रंग भएको कपाल भएकी सबभन्दा राम्री ठिटी कत्ति नहडबडाएर उसकहां गई, चुपचापसँग उसको घांटीमा अंगालो हाली, निहुरी, र उसको ओठमा म्वाइ खाई। यति दृढ भावले यो काम नगरेकी भए उसको चालले मोह पार्दथ्यो।

लिओलाइ तुरन्त भाला रोप्नेछन् भन्ने संझी म सुनिने गरी निसासिएँ; जौब करायो, 'बजिनी!—मैले त यस्तो कहिले देखेको थिइन!' लिओको हकमा, त्यसले केही अचम्म मानेको जस्तो देखियो; अनि, प्राचीन क्रिस्तानहरूका रीतभाँत मान्ने मानिसहरूको मुलुकमा हामी पुगेका छौं भन्ने स्पष्टै देखिन्छ भनेर, उसले पनि नहडबडाएर अंकमाल गऱ्यो।

फेरि म आत्तिएँ, किनभने केही भाम्लो उठ्ला भन्ने ठाने; कुनै कुनै ठिटीले झर्को मानेको चिन्ह देखाए तापनि, उमेर पुगेकाहरू र लोग्नेमान्छेहरू हल्कासंग मुस्कुराएको मात्र देख्ता अचम्म

भएँ। यो गजबको जातिको रीतभाँत हामीले बुझेपछि त्यो रहस्य खुल्यो। त्यस वेला थाहा भयो, संसारका करीब जम्मै अरू असभ्य जातिको वानीको एकदम उल्टा, अमाहगरका आइमाई एकदम लोग्नेमान्छेसरहको कक्षैमा छन्, कुनै वन्धनले उनीहरू बाँधिएका छैनन्। पुस्ता आमापट्टिबाट गनिन्छ, यहाँका मानिस लामो र उच्च स्त्रीपुरुखयौलीको त्यति गौरव लिन्छन् जति हामी यूरोपमा आफ्ना घरानाको लिन्छौं। उनीहरू कुनै लोग्नेमान्छेलाइ ध्यान दिँदैनन् वा आफ्नो वावु भनेर सम्म पनि स्वीकार गर्दैनन्, चाहे उनीहरूको वावु राम्ररी चिन्हिएको होस्। थरीलाइ उनीहरू 'घराना' भन्दछन्। हरेक घरानाको नाउँ मात्रको फकत एउटा वावु हुन्छ। त्यो मान्छे घरानाले रोजेको चाहिं हुन्छ, अनि सवैमाथि उसैले हैकम चलाउँछ। त्यसको पदवी 'पिता' हुन्छ। दृष्टान्तको निमित्त, सबैलाइ गन्दा अन्दाजी सात हजार जना भएको यो 'घराना'को पिता त्यहीं विलाली भन्ने मान्छे थियो, अरू कोही मानिस कहिले यो नाउँले वोलाइँदैनथ्यो। कुनै आइमाईलाइ कुनै लोग्नेमान्छे मन परेको खण्डमा उसले खुलेआममा अगाडि सरी त्यो लोग्नेमान्छेलाइ अंकमाल गरी आफ्नो रोजाइ दर्साउंथी। त्यही रीतबमोजिम यो अस्टेन नाम गरेकी राम्री र ज्यादै अगिसरा युवतीले लिओ-लाइ अंकमाल गरेकी थिई। लोग्नेमानिसले जवावमा त्यो स्वास्नीमानिसलाइ म्वाइ खायो भने त्यसले त्यो स्वास्नीमानिसलाइ मन्जूर गरेको वुझिन्थ्यो र दुइजनामध्ये एउटा नअघाएसम्म यो वन्दोवस्त कायम रहन्थ्यो।

मैले यति कुरा भन्नैपर्दछ, जति ठानिन्छ त्यति चाँड-चाँडो लोग्नेहरूको अदली वदली हुंदैनथ्यो। न त त्यसबाट कमसेकम लोग्नेमानिसहरूमा झगडा उठ्तथ्यो। आफ्ना स्वास्नी-

हरूले आफूलाइ छाडी पोइल गए भने ती लोग्नेहरूले कुनै खास व्यक्तिलाइ जतिसुकै मन नपरे तापनि जनताको हित गर्ने तथा अकाट्य कुराको सरहै त्यो विषयलाइ मन्जूर गर्थे जसरी हामी आमदानीमा लाग्ने महसूल वा बिहावारीको ऐनलाइ मन्जूर गर्छौं।

यस कुरामा मनुष्यजातिको रीत भाँत भिन्न भिन्न मुलुकमा कति फरक छ! यसले गर्दा सदाचार त अक्षांश र धर्मको कुरा हुन आउँछ। एक ठाउँमा उचित् ठहरिएको कुरा अर्को ठाउँमा अनुचित ठहरिन आउँछ। यी कुरा विचार गर्दा साह्रै अनौठा लाग्छ। तर यो कुरा बुझ्नुपर्छ, सबै सभ्य राष्ट्रहरूले रीत भाँत सदाचारको कसो हो भन्ने कुरालाइ स्थापित नियम मानेका देखिनाले, र हाम्रै धार्मिक प्रणालीले पनि, यो अमाहगरको रीत भाँतको बारे सदाचारविरुद्ध केही कुरा छैन। किनभने साराको मुख्यान्जि परस्पर अंकमाल गर्नु बिहाको हाम्रो रीत भाँत जस्तो हो, जुन रीत भाँतले धेरै कुराको समर्थन गर्छ भन्ने हामीलाइ थाहा छ।

सातौं परिच्छेद

अस्टेनले गाउँछे

साराको मुख्यान्जि म्वाइ खाने काम सकिएपछि—साँच्चि, त्यस किसमले मलाइ प्यारो गर्न कुनै तरुनी अगाडि सरेनन्, बरु जौबको वरिपरि एउटी ठिटीलाइ रुङिरहेकी देखें, त्यो इज्जतदार भलादमी चाहिं तर्सेको देखिन्थ्यो—बूढो बिलालीले अगाडि बढेर हामीलाइ गुफाभित्र पस्नालाइ काइदासाथ हातले इशारा गर्‍यो। त्यसभित्र हामी पस्यौं। हामी

एकलै वस्त्र निको मान्छौं भन्ने मैले दिएको संकेतलाइ वास्ता नगरी अस्टेन पनि हामीसँगै आई।

पाँच कदम नजाँदैमा हामी पसेको गुफा प्रकृतिको कालिगडी होइन, मानिसको परिश्रमले खोदेर बनाएको भन्ने मलाइ थाहा भयो। मेरो विचारले यो अन्दाजी १०० फीट लामो, ५० फीट चौडा, साह्रै अग्लो र अरूसितभन्दा गिर्जाघरभित्रको वाटोसँग मिलेको देखिन्थ्यो। यो मूल वरण्डाबाट बाह्र वा पन्ध्र फीट टाढाठाढासम्म बाटाहरू गएका थिए। ती बाटा सानासाना कोठाहरूमा जाने होलान् भन्ने मैले ठानें। त्यस गुफाको द्वारदेखि अन्दाजी ५० फीट भित्रपट्टि, उज्यालो नपुग्ने ठावँनेर आगो बलिरहेको थियो, त्यसैले वरिपरिका काला भित्ताहरूमा बडेबडेमा छाया परेका थिए। त्यहाँ बिलाली थामियो, अनि 'तिमीहरूलाइ खाने कुरा ल्याउने छन्, यहीं बसिरहनू' भनी हामीलाइ अह्रायो। उसैले हामीलाइ भनी ओछ्याइएको छालामा बसी पर्खिरह्यौं। एक छिनपछि ठिटीहरूले खाने कुरा ल्याए। त्यसमा बोकाको उसिनेको मासु, माटाका भाँडामा हालेको ताजा दूध र सेकेका मकैका घोगा थिए। भोकले मर्न लागेको हुनाले मेरो जिन्दगीमा मैले त्यति मीठोसँग खाएको होओइन। साँच्चि भनूँ भने, हाम्रो अगाडि राखेको सबै थोक चाटचुट गरी खाइसक्ता पनि हामी अघाएका थिएनौं।

हामीले खाइसकेपछि बिलकुल चुपचाप लागेर हामीलाइ हेरिरहेको केही दिग्दार मिजाजको हाम्रो सत्कार गर्ने बिलालीले उठेर हामीलाइ बुझाएर भन्यो, 'यो अचम्मको कुरा भयो। यहाँ गोरा परदेशी आएको आजसम्म कसैले जानेसुनेको छैन। विरलाकोटि कहिले कहिले काला मान्छे यहाँ आएका थिए, तिनी·

हरूबाट मात्र हामीले उनीहरूभन्दा ज्यादै गोरा, जहाजमा जलयात्रा गर्ने मानिसहरू छन् भन्ने सुनेका छौं, तर त्यस्ता मान्छे यहाँ आइपुगेको केही प्रमाण छैन। नहरउँभो डुङ्गा तानिरहेका तिमीहरूलाइ हामीले देख्यौं, अनि मैले तिमीहरूलाइ मार्न तुरन्त आज्ञा दिएँ, किनभने कुनै परदेशीले यहाँ पस्नु ऐनविरुद्ध छ। त्यही वेलामा "आज्ञा-मान्नैपर्ने-शी" बाट तिमीहरूको ज्यान नलिईकन यहाँ ल्याउनू भन्ने संदेश आइपुग्यो।'

यहाँनेर मैले कुरा काटें, 'माफ रहोस्, मेरो पिता; मेरो समझअनुसार "आज्ञा-मान्नैपर्ने-शी" यहाँबाट टाढा वस्छिन् भने कसरी तिनले हामी आएको थाहा पाउन सकिन्?'

विलाली पछिल्तिर फर्क्यो, र हामीलाइ एक्लै देखेर—किनभने युवती अस्टेन उसले वोल्न शुरू गर्नासाथ गएकी थिई—अनौठोसँग अलिकति हाँसेर भन्योः—

'आँखाविना देख्न सक्ने र कानविना सुन्न सक्ने तिम्रो मुलुकमा कोही छैनन्? प्रश्न नगर; शीले थाहा पाइन्।'

यो कुरा सुनेर मैले कुम हल्लाएँ। उ चाहिं भन्दै गयो, 'तिमीहरूलाइ के गर्ने हो त्यसको वारेमा केही प्रमाज्ञी आएको छैन, उसैले "आज्ञा-मान्नैपर्ने-शी" सँग भेट गरेर उनको के इच्छा छ वुझ्न जान आँटेको छु। तिनलाइ छोट्करीको निमित्त अगिपछि "हिया" वा "शी" मात्र भन्छन्।' उनी अमाहगरकी महारानी हुन् भनी उसले हामीलाइ संझायो।

'कतिसम्म तपाईं यहाँ हुनुहुन्न' भनी मैले उसँग सोध्दा उसले भन्यो, 'सरासर हिंडें भने पाँच दिनको दिनमा म यहाँ फर्कन सक्छु, तर शी भएको ठाउँमा पुग्नुअगाडि मैले माइलका माइल भास पार गर्नुपर्छ। म नभएको वेलालाइ पनि तिमीहरूको सुविस्ताको निम्ति हरेक वन्दोबस्त गरिदिन्छु। तिमी-

हरू मलाइ बडो निको लागेका छौ, त्यसैले दिलदेखि विश्वास गर्छु, शीबाट मैले ल्याउने निकासा तिमीहरूको ज्यान न-लिनू भन्ने हुनेछ। तर साथसाथै यस कुरामा दोधार छ भन्ने कुरा पनि तिमीहरूसँग म लुकाउन चाहन्न। किनभने मेरी बज्यैको पालो, मेरी आमाको पालो, र मेरो पालोसम्म यस मुलुकमा आएका सबै परदेशी दया नगरी मारिँदै आएका छन्। कुन रीतले मारिन्छन् त्यसको बयान गरेर म तिमीहरूको मनमा पीर पार्दिन। त्यो सारा काम शीकै हुकुमले गरिएको हो भन्ने कमसेकम मैले ठानेको छु। जे होस्, उनीहरूलाइ बचाउनालाइ उनले हस्तक्षेप कहिल्यै गरिनन्।'

मैले भनें, 'किन, त्यो कुरा कसरी हुन सक्छ? तपाईं बूढो मानिस हुनुहुन्छ, तपाईंले कुरा गरेको समय तीन जना मानिसको आयुभन्दा अगाडिको हुनुपर्छ। त्यसो भएपछि तपाईंकी बज्यैको उमेरको शुरूतिर कुनै मान्छेलाइ मार भन्ने शीले आज्ञा दिन कसरी सक्थिन्? किनभने त्यस वेला तिनी आफै जन्मेकी होओइनन्।'

बिलाली उसै गरी अनौठासँग फेरि मुस्कुरायो, अनि केही जवाफ नदिएर खूब झुकी सलाम गरेर निस्क्यो। फेरि पाँच दिनसम्म उसलाइ हामीले देखेनौं। उ गएपछि हामीले त्यस अवस्थाको बारेमा छलफल गर्‍यौं, जुन अवस्थाले हाम्रो मनमा ठूलो डर पैदा गर्‍यो। यस्तो निर्दयी हिसाबले जुनसुकै अभागी परदेशीलाइ मार्न आज्ञा दिने भनी गनिएकी 'आज्ञा-मान्नैपर्ने-शी' वा छोटकरीमा शी नाउँ गरेकी रहस्यमयी महारानीको बयान मलाई कत्ति मन परेन। लिओ पनि यसबारेमा खिन्न थियो। तर खपटाको लेखमा र आफ्नो बाबुको चिठ्ठीमा सूचन गरेको मान्छे निःसन्देह नै यही शी हो भन्ने कुरा विजयपूर्वक

देखाई आफ्नो चित्त बुझायो । शी त्यही व्यक्ति हो भन्ने कुराको प्रमाणमा उनको उमेर र शक्तिको बारेमा बिलालीले छोएका कुरा उसले पेश गऱ्यो । त्यस वेलासम्ममा घटनाहरूको सिलसिलाले म यत्तिको विह्वल भएको थिएँ कि यस्तो अनौठो कुरा छलफल गर्नसम्म पनि मेरो दिल थिएन, त्यस कारण नुहाउनालाइ हामीले बाहिर जान कोशिश गर्नुपर्छ भन्ने कुरा उठाएँ, किनभने हामी सबैले ननुहाई नहुने भएको थियो ।

उसैले त्यो गाउँको पिता गएपछि यो दिग्दार मिजाजको जातिमध्ये पनि असाधारण रूपले दिग्दार चेहरा भएको शायद हाम्रो हेरचाह गर्न राखिएको एउटा अधबैंसे मानिसलाइ हामीले आफ्नो इच्छा लागेको कुरा सुनायौं । त्यसपछि पहिले पाइप सल्काएर हामी सबै एकै चोटि निस्क्यौं । गुफाबाहिर हामी निस्कन्छौं कि भनी हेरिरहेका होलान्, मानिसहरुको एक हूल थियो । तर हामीलाइ धूवाँ उडाउँदै निस्केको देख्ता 'ठूला ठूला जादूगरहरु रहेछन्' भन्दै उनीहरु यताउता बेपत्ता भए। हकीकतमा, हामीले पाइपमा सुर्ती[1] हाली खाँदा जत्ति ठूलो हलचल मच्चियो त्यत्ति हामीसितको अरू कुनै कुराले—हाम्रो बन्दूकैले पनि मचाएन। यसपछि हामी जमीनको ठूलो मूलबाट निस्केको एउटा खोलामा पुगेर अस्टेनसमेत केही आइमाईले हामीसित त्यहाँ आउने दृढ आग्रह देखाए तापनि शान्तिपूर्वक नुहायौं ।

---

१. अफ्रिकाको अरू सबै भागमा जस्तै यस मुलुकमा पनि सुर्ती उम्रेको रहेछ । अमाहगर यसको अरू असल गुणहरूको बारे बिलकुलै अनभिज्ञ भए तापनि यसलाइ नसको रूपमा र औषधिमा पनि बराबर प्रयोग गर्छन् । —ल० हो० हो०

नुहाएर ज्यादै चंगा भएपछि सूर्य पनि अस्ताउन लागे, हामी त्यो ठूलो गुफामा फर्केर आउँदा अस्ताइसकेका थिए। आगोवरिपरि जम्मा भएका मानिसहरूले त्यो गुफा भरिभराउ थियो—किनभने अहिले कैयन् धुनी बलिरहेका थिए। ती मानिसहरु त्यो ज्वाल्ल परेको टक र यताउता राखिएका वा भित्तामा झुण्ड्याइएका वत्तीहरूको उज्यालोमा आफ्नो बेलुकाको भोजन गरिरहेका थिए। यी वत्तीदानहरु पाको माटाले खस्रोसँग बनाइएका र धेरै बान्कीका थिए। कुनै कुनै निकै राम्रा पनि थिए। ठूला बत्तीदान चाहिं खारेको बोसो भरेका राता माटाका ठूला गोल्फु थिए। गोल्फुको मुख काठको चक्काले बन्द भएको थियो, त्यसको बीचबाट नर्कटको सिट्ठी गएको थियो। त्यो सिट्ठीलाइ सल्कँदै जाँदा उकास्ने केही कुरो नहुनाले काठ सल्कन नदिनालाई बराबर होश गरी रहनुपर्थ्यो। सानो हाते बत्तीदान पनि पाकै माटाको बनेको थियो। त्यसका सिट्ठी चाहिं ताडको रूखको गुदीको वा कहिलेकहीं साह्रै राम्रो किसिमका उन्यूँको डाँठबाट बनेका हुन्थे। यो किसिमको सिट्ठी बत्तीदानको छेउमा पारेको वाटुलो प्वालबाट हालिएको हुन्थ्यो। त्यसमा साह्रो काठको घोचो घुसारिएको हुन्थ्यो, जसबाट सिट्ठीलाइ घोच्ने र उकास्ने काम लिइन्थ्यो।

केही बेरसम्म हामीले बसेर यो उदासलाग्दो जातिले आफू जस्तै उदासलाग्दो निस्तब्धतामा बेलुकाको भोजन गरेको हेर्यौं। आखिरमा उनीहरुलाइ र पहरे भित्तामा चलिरहेका काला छायालाइ देख्ता देख्ता पट्ट्याइ लागेर मैले हाम्रो गोठालो लाग्ने नयाँ मान्छेलाइ हामीलाई सुत्न जान मन लाग्यो भनें।

चुँक्क नबोलेर त्यो उठ्यो र नम्रतापूर्वक मेरो हात समातेर बत्ती देखाई ती साना बाटाहरुमध्ये एउटामा लाग्यो जो

मैले बीचको गुफाबाट गएको देखेको थिएँ। अन्दाजी पाँच कदम जति यस बाटोबाट गएपछि हामी करीब आठ फीट लमाइ र गज भएको सानो कोठामा पुग्यौं ।

यो कोठा वरिपरिका पहरा ताछेर बनाएको थियो । यस कोठाको एकापट्टि जमीनबाट ३ फीट उठाएको ढुंगाको चप्लेटो थियो । त्यसले कोठाको पूरै लमाइ खाएको थियो । मेरो अगुवा-ले मलाइ त्यहाँ सुत्नू भन्यो । त्यस कोठामा कुनै झ्याल अथवा हावा जाने प्वाल थिएन, न मेच टेबिलहरू थिए; राम्रोसित हेरे-पछि मैले अनुमान गरें, पहिले त्यो जिउँदो मान्छे सुत्ने कोठा होइन, मरेको मान्छे राख्ने च्याहान होला, त्यो ढुंगाको चौकी चाहिं लास राख्न बनाएको होला । पछिबाट थाहा पाएँ, मेरो अनुमान बिलकुलै ठीक रहेछ । यो विचार मनमा चढ्नासाथ नकाँपी सकिनँ; तर, एक ठाउँमा सुत्नैपर्ने हुनाले बकतले भेटेसम्म आफूलाइ लागेको कुरा दबाएर आफ्नो गुन्टा ल्याउन त्यो गुफामा फर्कें । किनभने अरू मालसित त्यो गुन्टा पनि ल्याएको थियो । त्यहाँ मैले जौबलाइ भेटें । उसलाइ पनि त्यस्तै कोठामा लगेछन्, तर उसले त त्यहाँ बस्नालाइ बिलकुल इनकार गरेर भनेछ, 'त्यो कोठामा मलाई डर लाग्छ, त्यहाँ सुत्न चाहिं त बरु भुतुक्क भएर आफ्नो बाजेको ईंटको च्याहानमा गाडिउँला नि ।' मैले मानेको खण्डमा मसित सुत्ने इच्छा उसले प्रकट गर्‍यो । त्यो कुरा जरूरै मैले अति खुशीसंग मञ्जुर गरें ।

जे भए तापनि त्यो रात बडो सुबिस्तासंग बित्यो । जे भए तापनि भन्नाको मतलब क्या हो भने, खास गरी मैले एउटा साह्रै डरलाग्दो जिउँदै गाडिएको सपना देखें । तर निःसन्देह मेरो वरिपरिको च्याहानसम्बन्धी प्रकृतिले गर्दा त्यस्तो देखिएको होला । विहान ठूलो विगुलको आवाजले हामी बिउँझ्यौं । पछि

हामीले पत्ता लायौं, खोक्रो पारेको हात्तीको दाह्राको कोखामा छेडेको प्वालमा एउटा जवान अमाहगरले फुकेर त्यो आवाज निकालेको रहेछ। त्यो दाह्रो त्यही कामको निमित्त राखेको रहेछ।

त्यो संकेतबमोजिम हामी उठेर खोलामा नुहाउन गयौं। त्यसपछि बिहानको खाना हाम्रो अगाडि राखिदिए। हामी भोजन गर्दै थियौं, एक जना अधबैंसे आइमाईले अगाडि बढेर सबैको अगाडि जौबलाई म्वाइ खाइदिई। केही बेरको निम्ति यसको बेकाइदातर्फको कुरालाइ एकातिर हालेर यो किसिममा यत्तिको रमाइलो कुरा आजसम्म मैले देखेको थिइन। इज्जतदार जौबको नीच डर र घृणा म कहिल्यै पनि बिर्सन्न। जौब पनि मै जस्तो केही स्त्री-निन्दक थियो, उ १७ जना छोराछोरी-मध्येको हुनाले होला जस्तो लाग्छ। सबैको अगाडि खुले-आममा मात्र होइन आफ्नो मालिकहरूको सामुन्नेमा आफ्नो मञ्जूरीविना अंकमाल गरिएको खयाल मनमा चढ्नासाथ उसको मुख यत्तिको भावनामिश्रित र यत्तिको पीडित देखियो कि राम्रोसित बयानै गर्न सकिन्न। उ जुरुक्क उठ्यो र अन्दाजी ३० वर्षकी थसुल्लीलाइ घच्याड्यो।

उसले निसासिएर भन्यो, 'अँहँ, मत नाइँ!' त्यसो गरे-कोमा शायद उसले खालि लाज मानेको संझी त्यो आइमाईले उसलाइ फेरि अंकमाल गरी।

त्यो स्वास्नीमानिसको मुखअगाडि आफूले खानेकुरो खान लागेको काठको चम्चा तल माथि हल्लाएर उसले चिच्यायो, 'छोड्दे जा! पर हट् वेस्से! भलादमी हो, माफ बक्स्योस्, मैले यसमाथि निश्चय नै मन दिएको छैन। हे ईश्वर, त्यो फेरि मकहाँ आउन लागी मिस्टर होलि, उसलाइ

समात्नुहोस् ! विन्ति छ उसलाइ समात्नु होस् ! म यो सहन सक्तिन; म सक्तिन नि । यस्तो मलाइ कहिले परेको थिएन, भलादमी हो, कहिले पनि परेको थिएन । मैले केही बेकाइदा गरेको छैन ।'

यति भनेर गुफाको भित्रातिर सुइँकुचा ठोक्यो । त्यस वेला एक पटक अमाहगर हाँसेको मैले देखें । तर त्यो स्वास्नी-मानिस हाँसिन । बरु उ एकदम् जागी । उसका वरिपरिका अरू आइमाईले गिज्याउँदा झन् उसको रिस प्रचण्ड भयो । रिसले साँच्चि नै ङ्यार ङ्यार गरी थरथर काँपी । त्यो देख्ता मलाइ जौबले संकोच नमानेको भए हुन्थ्यो भन्ने लाग्यो, किनभने उसको प्रशंसनीय बानीले गर्दा हाम्रो घोक्रो जोखिममा पर्ने देखें । पछिको कुराबाट देखिन्छ मेरो अन्दाज गलती थिएन ।

त्यो आइमाई गएपछि जौब ज्यादै डराएको अवस्थामा फर्क्यो । आफ्नो नजीक आउने सबै आइमाईलाइ चिन्तित आँखाले हेर्न थाल्यो । त्यसै वेला मौका पाई हाम्रो सत्कार गर्ने मानिसहरूलाइ मैले बुझाइदिएँ, 'जौबले बिहा गरिसकेको छ । त्यस बिहाबाट उसलाइ साह्रै दुःख भोग्नुपर्‍यो । उसैले उ यहाँ आएको र आइमाईहरू देख्ता डराएको हो ।' मेरो कुरा उनी-हरूले चुपचापसँग सुने, किनभने यो स्पष्टै थियो कि हाम्रो जौबको आचरण 'घराना' प्रति नै हेलाको रूपमा उनीहरूले मानेका थिए । यद्यपि यी आइमाईहरूले, आफूहरूभन्दा बढ्ता सभ्य बहिनीहरूमध्ये कसै कसैको बानीबमोजिम आफ्नो साथीले लोप्पा पाएकोमा खुशी माने ।

बिहानको खाना खाएपछि हामी डुल्न निस्केर अमाह-गरका गाई बाखाहरू र खनजोत गरेका जग्गाहरू हेर्न गयौं । उहाँ गाई दुइ जातका रहेछन्, एउटा ठूलो र दुब्लो

सीङ नभएको, तर असल दुधालु; अर्को चाहिं, रातो जातको, धेरै सानो र मोटो, मासुको निम्ति बेस, तर दूधको निमित्त एकदम काम नलाग्ने । यो पछिल्लो जात चाहिं नर्फक रेड्पोल जातसँग एकदम मिल्दो रहेछ। खालि यसको चाहिं अक्सर अगाडितिर घुमेको सीङ हुँदो रहेछ। कहिलेकहीं त्यो सीङ यति घुम्रेर बढ्दो रहेछ कि खप्परको हाडमा घोचिन नदिनालाइ करौंतीले नकाटी हुँदो रहेनछ। बाखाहरू लामा लामा रौं भएका र खानको निमित्त मात्र प्रयोग गरिंदा रहेछन्; कमसेकम उनीहरूको दूध दुहेको मैले कहिले पनि देखिनँ । अमाहगरको खेतीपाती ज्यादै पुरानो ढंगको रहेछ, उनीहरूको हतियारमा फलामको कोदालो मात्र रहेछ, किनभने यिनीहरू फलामको काम गर्ने र पगाल्ने गर्दा रहेछन्। उनीहरूको कोदालो हारीजिती ठूलो भालाको टाउकोसित मिल्दो रहेछ, अनि (अंग्रेजी कोदालोमा जस्तो) यसमा खुट्टा हाल्ने चोसो हुँदो रहेनछ। त्यसैले खन्दाखेरि ज्यादै परिश्रम पर्ने रहेछ। तर यो खन्ने काम लोग्नेमानिसहरूले मात्र गर्दा रहेछन्। धेरैजसो जंगली बानीको उल्टा यहाँ आइमाईहरू हातले गर्ने परिश्रमको काम एकदमै गर्दा रहेनछन्। तर मैले अर्को ठाउँमा भनेको हुँला, अमाहगर जातिमा स्वास्नीमानिसले आफ्नो हक जमाएका छन् ।

पहिले यो साह्रै असामान्य जातिको उत्पत्ति र ऐनको बारेमा हामी ज्यादै अलमल्ल पर्यौं। त्यस बारेमा उनीहरू पनि अचम्मसँग केही कुरा खोल्दैनथे। कुनै अनौठा घटना नभईकन अरू चार दिन बिते। त्यस बीचमा छायाँ जस्तो गरेर झुण्डिरहने लिओकी आइमाई-साथी अस्टेनबाट हामीले केही कुरा थाहा पायौं। उत्पत्तिको बारेमा, उनीहरूको केही थिएन, कमसेकम

त्यसलाइ थाहा नै थिएन। उसले हामीलाई भनी, 'शी वसेको ठाउँनेर कोर भन्ने गारोको ढिस्का र धेरै लट्ठाहरू छन्। बुद्धिमान् मानिसहरू भन्छन्, ती ढिस्का र लट्ठाहरू एक चोटि मानिस वसेका घरहरू थिए, तिनै मानिसहरूबाट अमाहगर निस्केका हुन्। ती ठूलाठूला घर भत्केका ठाउँहरूमा भूत छन् भनेर नजीक जान यहाँका कोही मानिस साहस गर्दैनन्; टाढाबाट मात्र ती भत्केका घरहरूलाई हेर्छन्। यो मुलुकका धेरै खण्डमा, अर्थात्, पहाडहरूमध्ये कुनै भासको तलभन्दा माथि उठ्यो कि त्यही किसिमका अरू भत्केका घरहरू देखिन्छन् भन्ने मैले सुनेकी छु। हामी वसेका गुफा पनि शायद त्यही शहरहरू वनाउने मान्छेहरूले पहरा खोदेर वनाएका हुन्। हामीहरूको लेखिएको कुनै ऐन छैन, केवल रीत भाँत मात्र छ, तर ऐन जत्तिकै त्यो कडा छ। कुनै मानिसले त्यो रीत भाँतलाइ नाध्यो भने "घराना"को पिताको आज्ञाले मारिन्छ।' कुन किसमले मारिन्छ भनी मैले सोध्दा त्यसले केवल मुस्कुराएर भनी, 'चाँडै नै एक दिन देख्नेछौ।'

'तर हामीहरूकी एउटी महारानी छन्। शी हाम्री महारानी हुन्, तर तिनी ज्यादै कम देखा पर्छिन्। शायद दुइ तीन वर्षमा एक पटक कुनै अपराधीहरूलाइ सजाय तोक्नुपर्‍यो भने मात्र तिनी देखा पर्छिन्। त्यस वेला ठूलो अलखामा वेह्रिएर निस्किन्छिन्, त्यसैले उनको मुख कसैले देख्न पाउँदैनन्। उनको सुसार गर्नेहरू वहिरा र लाटा मात्र हुन्छन्। त्यस कारण उनीहरू केही कुरा भन्न सक्तैनन्। तिनी सारा राम्रा आइमाईभन्दा, वा आजसम्म जन्मेका आइमाईहरूमा सवभन्दा राम्री छन् भन्ने हल्ला चलेको छ। तिनी अजम्मरी पाएकी र सवै कुराहरूउपर आफ्नो शक्ति फैलाउन सक्छिन्

भन्ने पनि हल्ला छ। तर मलाइ केही कुरा थाहा छैन। ती महारानीले समय समयमा पोइ रोज्छिन् र छोरी पाउनासाथ त्यस पोइलाइ मार्छिन् भन्ने मेरो विश्वास छ, किनभने त्यो पोइ फेरि कहिले देखिंदैन। छोरी चाहिं ठूली हुन्छिन्, अनि आफ्नी आमा मरेर ठूलो गुफामा गाडिएपछि ती महारानीको ठाउँ लिन्छिन्। तर यी कुराहरूको बारे कोही पनि यसै हो भन्न सक्तैनन्। मुलुकभरी नै सबैले शीलाइ मान्छन्, उनको आज्ञा आलेटाले गर्ने मानिस तुरुन्तै मारिन्छ। उनले आठपहरिया-हरू राखेकी छन् तर नियत पल्टन भने छैन। कुनै आठपहरि-याले उनको आज्ञा उल्लंघन गरे मारिन्छ।'

मुलुक कत्रो छ, यसमा कति मान्छे बस्छन् भनेर मैले सोधें। त्यसले जवाफ दिई, 'महारानी भएको ठूलो "घराना" समेत यो जस्ता दस "घराना"सम्म मलाइ थाहा छ। विस्तृत भासको यताउता छरिएका यस्तै पहाडहरूका गुफाभित्र ती सबै "घराना" बस्छन्। यी भासहरूमा गुप्त बाटोले मात्र जान सकिन्छ। अक्सर घरानाहरूको बीचमा लडाइँ पर्छ। तर शीले थाम्नू भन्ने हुकुम पठाउनासाथ उनीहरू तुरुन्त मान्दछन्। लडाइँहरू र भास पार गर्दा आउने जरोले यहाँको मान्छेको संख्या बढ्न पाउँदैन। अरू कुनै जातिसँग यहाँको मानिसको सम्बन्ध छैन, हुन पनि हाम्रो नजीक कुनै जाति बसेका छैनन्; फेरि कुनै शत्रुहरूले पनि यहाँको भास पार गर्न सक्तैनन्। एक चोटि ठूलो नदी(शायद ज्याम्बीजि)पट्टिबाट एउटा फौजले हामीमाथि हमला गर्न खोजेको थियो, तर भासमा बाटो अलमलियो। राती आगाका ठूलाठूला डल्ला यताउता चलेको देखेर तिनीहरुलाइ नै शत्रुको क्याम्पको चिह्न सम्झी त्यहां जान खोज्दा आधा फौज गाडिएर मरे। बाँकी

चाहिं चाँडै नै जरोले र खान नपाएर मरे। उनीहरूलाइ एक चोट पनि हान्नुपरेन। तिमीलाई थाहै होला, बाटो चिन्ने मानिसले बाहेक अरूले यी भास पार गर्न बिलकुल असंभव छ। यहाँ नल्याएको भए तिमीहरू यस ठाउँमा कहिल्यै आइपुग्न सक्ने थिएनौ।'

आफ्नो वास्तविक अद्‌भुत् घटना शुरू हुनुभन्दा अगाडिका चार दिनमा अस्टेनबाट हामीले यी र अरू धेरै कुराहरु थाहा पायौं। यी कुराहरु सुन्दा स्वभावतः हामीहरूलाइ धेरै विचार गर्न खण्ड पऱ्यो। उसले भनेका सारा कुरा पत्याइनसक्नु र ज्यादा अनौठा थिए। सबभन्दा गजब कुरा त अहिलेसम्ममा यो कुरा खपटाको प्राचीन लेखसँग निकै मिल्थ्यो। किनभने अहिले डरलाग्दी र गजबका गुणहरु भएकी एउटी रहस्यमयी महारानी छन् भन्ने हल्ला चलेको देखियो। तिनी शी भन्ने अव्यक्तिवाचक नाउँकी भए पनि केही धकलाग्दो पदवीले सर्वसाधारणतः प्रख्यात थिइन् भन्ने मलाइ लाग्यो। मैले यो कुरा बुझ्न सकिनँ न लिओले बुझ्न सक्यो। हुन त त्यो मलाइ जितें भनेर निकै फुलेको थियो, किनभने मैले बराबर त्यो दन्त्यकथालाई गिज्याएको थिएँ।

जौबको हकमा, त्यसले धेरै अगाडिदेखि आफ्नो विवेक बुद्धिबाट काम लिन छाडी परिस्थितिको समुद्रले जता जता लायो उतै उतै आफ्नो विवेक बुद्धिलाइ जान दिएको थियो। महम्मद भन्ने हाम्रो अरबलाइ अमाहगरहरूले मिजासै गरेका थिए तापनि भित्र घृणा देखाउँथे। उ चाहिं ज्यादै डराएको थियो, के कुरा देखेर डराएको थियो मैले एकदम बुझ्न सकिनँ। त्यो दिनभरी गुफाको एक कुनामा कुचुरुक्क परेर बसिरहन्थ्यो, रक्षाको निम्ति अल्लाह र मुहम्मदलाइ पुकारिरहन्थ्यो। मैले

जोड गरेर सोध्दा, यिनीहरू एकदमै मान्छे होइनन् राक्षसहरू हुन्, यो जादूको मुलुक हो भन्थ्यो। त्यस वेलादेखि साँच्चि नै एक दुइ पटक म पनि उसकै मतमा मिलें। विलाली गएको चौथो रातसम्म त्यही किसमले दिन विते, अनि एउटा कुरा भयो।

हामी तीन जना र अस्टेन गुफामा सुत्ने वेलाभन्दा अलि अघि आगोको वरिपरि वसिरहेका थियौं। त्यो आइमाई चुप लागेर घोरिइरहेकी थिई, अकस्मात् उठी, र लिओका सुनौला सुन्द्रामा आफ्नो हात राखी। अहिले पनि, आँखा चिम्लँदा, अँध्यारो छायाँ र आगोको रातो धिप धिप गर्ने उज्यालोले आलोपालोसँग रंगिएको उसको अभिमानी छाँट परेको रूपलाइ आजसम्म नदेखेको उद्दण्ड दृश्यको उद्दण्ड केन्द्र वनी उभिएको र आफ्नो विचार र भविष्यवाणी तल लेखिएको मतलव भएको छन्द मिलेको वोलीमा पोखेको म देख्न सक्छु। लिओलाइ भन्दै गई :—

तँ मेरो रोजिएको मान्छे होस्—शुरूदेखि तँलाइ पर्खिरहेकी हुँ !

तँ धेरै राम्रो छस्। तेरो जस्तो कपाल, यस्तो गोरो छाला कसको होला ?

यस्तो वलियो पाखुरा कसको होला, तँ जस्तो मानिस भन्न खुल्ने को होला ?

तेरो आँखा आकाश हो, ती आँखाको उज्यालो तारा हुन्।

तँ पूर्ण छस्, आनन्दी अनुहारको छस्, यसैले मेरो दिल आफै तँतिर फर्क्यो।

हो, जव मेरो आँखा तँमाथि पर्‍यो तँलाइ मैले इच्छा गरें,—
त्यस पछि मैले तँलाइ लिएँ—ए प्यारा,
तँलाइ केही हानि आइपर्ला भनी वेसरी पक्रें।

हो, सूर्यले आहत नगरून् भनी तेरो टाउकोलाइ मेरो कपालले छोपें;
बिलकुल म तेरो थिएँ, तँ बिलकुल मेरो थिइस् ।

अनि केही समयसम्म यसरी बित्यो, आखिर खराब दिनलाइ पाउन समय प्रसववेदनामा थिई;

अनि त्यसपछि, त्यो दिनमा के भयो ?

अफसोस ! मेरो प्रियतम, मलाइ थाहा छैन !

तर मैले, मैले तँलाइ फेरि देखिनँ—म, म अन्धकारमा बेपत्ता भएकी थिएँ ।

अनि मभन्दा बलिई अर्कीले तँलाइ लिई; हो, तिनी अस्टेनभन्दा राम्री छन् ।

तैपनि तैंले आफ्नो काम गरिस् र मलाइ बोलाइस् , अनि तेरो आँखालाइ अन्धकारमा खोज्न लगाइस् ।

तर, तैपनि, सौन्दर्यले गर्दा तिनले जितिन् , र तँलाइ डरलाग्दा ठाउँहरुतिर लगिन् ।

अनि त्यसपछि, हा ! त्यसपछि मेरो प्रियतम—

यहाँ यो असामान्य आइमाईले बोल्न वा गाउन छाडी, जुन बोली उसले भनेको बुझ्न नसक्ने हाम्रो निमित्त बिघ्नै संगीतमय गल्याङमल्याङ थियो । त्यसले चाहिं आफ्नो अगाडिको अँध्यारो छायाँमा आफ्नो तेजिला आँखा जमाएको जस्तो देखियो । त्यसपछि एक छिनैमा ती आँखाको हेराइ डराएको र शून्य भयो, मानो ती आँखा कुनै आधा मात्र देखिएको डरलाग्दो कुराको फोटु खिच्न लागिरहेका थिए । उसले लिओको टाउकोबाट हात उठाएर अन्धकारमा देखाई । हामी सबैले त्यता हेर्दा केही देखेनौं, तर उसले केही कुरा देखे जस्तो ठानी । त्यस कुराले उसको फलाम जस्तो कडा दिललाइ पनि असर

गरेको देखियो, किनभने केही अवाज नगरेर हामीहरुको बीचमा बेहोश भई त्यो ढली ।

लिओको दिल यो अनौठी युवतीसँग साँच्चिनै फसिसकेको थियो । यसैले उ ज्यादै भयभीत र दुःखी भयो । सफासफी भनूँ भने, भूतप्रेतको डरले मेरो आफ्नै अवस्थालाइ कम असर गरेको थिएन । यो दृश्य र परिस्थिति यति विघ्नका अमानुषिक थिए ।

तर, एक छिनपछि नै उ बिउँती र थरथर काँपै टुक्रुक्क बसी ।

'तिम्रो भनाइको मतलब क्या हो, अस्टेन ?' लिओले सोध्यो, जो वर्षौंको शिक्षाले गर्दा ज्यादै राम्रोसँग अरबी भाषा बोल्थ्यो ।

बल गरेर अलिकति हाँसी उसले जवाफ दिई, 'केही होइन, मैले रोजेको मान्छे, मेरो जातिको किसमले तिमीलाइ गाएर सुनाएको मात्र हो । साँच्चि नै मैले केही भनेको होइन । न-भएको कुरा मैले कसरी भन्न सक्थें ।'

उसको मुखमा कारकारति हेरेर मैले सोधें, 'तिमीले के देख्यौ अस्टेन ?"

उसले फेरि जवाफ दिई, 'अँहँ, मैले केही देखिनँ । मैले देखे-को कुरा मसँग नसोध । तिमीहरुलाइ किन तर्साउनू ।' त्यसपछि, त्यो लिओपट्टि फर्की । त्यसको अनुहार यति बिघ्न मायाले पूर्ण थियो जो सभ्य होस् वा असभ्य होस् कुनै आइमाई-को मुखमा मैले देखेको थिएन । अनि दुवै हातले लिओको टाउको समाती र आमाले झैं निधारमा म्वाइ खाई ।

उसले भनी, 'जब म तिमीकहाँबाट जान्छु, मेरो रोजिएको मान्छे, जब राती आफ्नो हात पसार्दा तिमी मलाइ पाउँदैनौ, त्यस वेला तिमी कहिलेकहिले मलाइ संझनेछौ, किनभने साँच्चि नै

म तिमीलाइ राम्रोसँग प्रेम गर्छु, हुन त म तिम्रो खुट्टा धुनसम्म पनि सुहाउँदिनँ। ल हामी अब प्रेम गरौं, हामीलाइ दिएको कुरा लिऔं, र सुखी हौं; किनभने च्याहानमा न प्रेम छ न न्यानो, न कुनै ओठको स्पर्श। शायद केही पनि छैन, अथवा कदाचित् हुन सक्ने केही कुराको छाती चिरिने संझना मात्र। आज रातीको समय हाम्रो छ; भोलिको समय कसको हुने हो कसलाइ थाहा छ?'

आठौं परिच्छेद

भोज, त्यसपछि !

बाहिर प्रकाश गरेको भन्दा सूचन गरेको र लच्छिन देखाएको कुराले हेर्ने जति सबैलाइ बढ्ता असर पार्ने छाँटको यस अनौठो दृश्यको भोलिपल्ट हाम्रा सन्मानको निमित्त बेलुका भोज हुने भन्ने खबर आयो। मैले हामी ठूला मान्छे होइनौं यसैले भोजभतेर उस्तो निको लाग्दैन भनी इनकार गर्न भरमग्दूर गरें, तर तिनीहरूले मेरो कुरा निको नमानेर चुप लागी सुनेका हुनाले, धेरै नाइँनास्ति गर्न बुद्धिमानी ठानिन।

सूर्यास्तको केही अघि भोज तयार भयो भन्ने सूचना आएपछि जौबलाई लिएर गुफाभित्र गएँ। त्यहाँ मैले साबिकको जस्तो अस्टेनको साथमा लिओलाई भेटें। कतै डुल्न गएका हुनाले त्यसै वेलासम्म पनि भोज हुने कुरा ती दुइ जनाले थाहा पाएका रहेनछन्। अस्टेनले यो कुरा सुन्नासाथ उसको राम्रो चेहरामा डरको भाव झ्वाट्ट झल्केको मैले देखें। फरक्क फकर उसले गुफाभित्र पस्न लागेको एउटा मान्छेको पाखुरामा समाती अधिकारपूर्ण

स्वरमा केही कुरा सोधी। त्यसको जवाबले उसको केही शंका समाधान भए जस्तो भयो, किनभने चित्त बुझे जस्तो त होइन तर उसको अनुहार उग्रेको देखियो। त्यसपछि त्यहाँको मुख्य मानिससँग केही कुरा गरिदेऊ भनी अस्टेनले कोशिश गरेको जस्तो देखियो,तर त्यसले उसँग रिसाएर कुरा गरी उसलाइ पन्छायो। अनि त्यसले मन बद्लेर, अस्टेनलाइ पाखुरामा समाती आफू र अर्को मानिसको बीचमा आगो वरिपरि घेरा लाएर बसेको लहरमा राख्यो। आफ्नै केही कारणको निमित्त त्यसले भनेको मात्र अस्टेनले बढिया ठानी भन्ने मैले बुझें।

त्यस रातमा त्यो गुफाभित्रको आगो ज्यादै ठूलो थियो। यसको वरिपरि ठूलो चक्का पारी करीव ३५ जना लोग्नेमान्छे र २ आइमाई जम्मा भएका थिए—आइमाईमा एउटी अस्टेन, अर्की चाहिं उही जसबाट छुट्न जौवले बाइबिलका पात्रको पाठ खेलेको थियो। लोग्नेमानिसहरू आफ्नो चलन-बमोजिम बिलकुल चुपचापसँग बसेका थिए। हरेक मान्छेको पछाडि त्यस कामको निमित्त पहरामा पारेको प्वालमा ठाडो पारी घुसारेको आफ्ना आफ्ना ठूला भाला थिए। एक दुइ जनाले मात्र अघि मैले भनेको जस्तो पहेंलो २ सन कपडा लाएका थिए, बाँकीले चितुवाको छालाको कछाडसिवाय केही लाएका थिएनन्।

सशंक भई जौवले भन्यो, 'अब के हुन लाग्यो, हजुर ? हे ईश्वर हामीलाइ आशीर्वाद दिनुहोस् र रक्षा गर्नुहोस्, त्यहाँ फेरि त्यो आइमाई रहिछ। अब, मैले मन नदिएको देखेर पक्कै त्यो मेरो पछि लाग्नेछैन। उनीहरु जोसुकैलाइ देख्ता पनि मेरो आङ सिरिङ्ग हुन्छ, यो कुरा साँच्चै हो। किन, हेर्नुहोस्, उनीहरुले महम्मदलाइ पनि खान डाकेका रहेछन्। ओहो, मेरी युवती

सकेसम्म फरासिलो र मिजासिलोसँग उसँग कुरा गरिरहेकी छ। महम्मदको ठाउँमा म नभएकोमा साह्रै खुशी छु, त्यत्ति हो!'

हामीले त्यतापट्टि हेर्‍यौं, साँच्चि नै त्यो आइमाई उठेर गई। उ बसेको कुनाबाट अभागी महम्मदलाइ डोर्‍याएर ल्याइरहेकी थिई। महम्मद त्यस कुनामा, डरको कुनै तीक्ष्ण दूरदृष्टिले आहत भई अल्लाहलाइ पुकार्दै काँपीकाँपी बसिरहेको थियो। अरू कारणले नभए तापनि अजसम्म नगरेको इज्जत देखाएको हुनाले त्यहाँ आउन उसको बिलकुल इच्छा नभए जस्तो देखियो, किनभने अहिलेसम्म उसलाइ छुट्टै राखी खानेकुरा खुवाउँथे। जेसुकै होस्, उ डरले खंख्याङखुंग्रुङ परेको मैले राम्रोसँग देखें, किनभने लगलग कामेको खुट्टाले उसको थसुल्ले भद्दा शरीरलाइ बल्लतल्ल थामेको थियो। उसलाइ हातमा समाती डोर्‍याउने आइमाईको ललाइफकाइले भन्दा उसको पछाडि बसेको आफू सुहाउँदो अजङ्को भाला लिएको लविधरे अमाहगरको असभ्यताको खानीको कारणले उसले आउन मञ्जूर गरेको हुनुपर्छ।

मैले अरूलाइ भनें, 'यहाँ निको रंग छैन, तर जे परे पनि हामीले भोग्नैपर्छ। तिमीहरूसित पिस्तौल छ, छ भने भरी राख्नु बढिया होला।'

आफ्नो पिस्तौल ठ्याप ठ्याप हानेर जौबलेभन्यो, 'मसँग त छ, हजुर, तर मिस्टर लिओले शिकारी खञ्जर मात्र भिर्नुभएको छ, हुन त त्यो निकै ठूलो छ।'

नभएको हतियार नल्याएसम्म पर्खन ठीक नठानेर हामी निर्धक्कसँग अगाडि बढ्यौं र आफ्नो पिठिउँ गुफाको बगलतिर पारी लहरै बस्यौं।

हामी वस्नासाथ लागू वस्तु हालेका माटाका भाँडा वस्ने-हरूमा घुस्न थाले। यो पेय पदार्थ मीठो थियो तापनि वमन गराउन खोज्थ्यो। यो मकै होइन, अफ्रिकाको दक्षिण हिस्सामा हुने काफिर अन्न नाउँ गरेको अनाज जस्तै झुत्ता झुत्ता भई फल्ने सानो खैरो दाना पिंधेर बन्छ। यो रक्सी हालेको भाँडा ज्यादै अनौठो थियो। यो भाँडा अमाहगर जातिले प्रयोग गरिने अरू सयकडौं भाँडासँग थोर बहुत मिल्ने हुनाले यसको वर्णन गर्छु। यी भाँडाहरू धेरै अगाडि बनेका र सबै कदका थिए। यस्ता कुनै भाँडाहरू सयकडौं त के हजारौं वर्षसम्म त्यो मुलुकमा बन्न सक्केछैन। तिनीहरू पहरे च्याहानमा पाइन्छन्। ती च्याहानहरूको बयान उनीहरूको उचित ठाउँमा म दिनेछु। मेरो आफ्नै विश्वास यो छ, यस मुलुकका पहिलेका वासिन्दा-हरू, संभवतः केही सम्बन्ध भएका मिश्रदेशवासीहरूको किस-मले, मरेका मानिसहरूका भाँडाकुँडा झिक्के गर्दा रहेछन्। तर लिओको राय छ, इट्रस्कन आएम्फरोर भाँडाको हकमा झैं, प्रेतको चलनको निमित्त ती त्यहाँ राखिएका थिए।

तिनीहरू धेरैजसो दुइटा वींड भएका र सबै कदका हुन्छन्, अन्दाजी ३ फीट अग्लादेखि लिएर करीब ३ इञ्चीसम्म अग्ला पनि हुन्छन्। आकारमा तिनीहरू फरक फरक हुन्छन्, तर सबै धेरै बढिया कालो माटाका, नटल्कने, केही खस्रा, ज्यादै राम्रा र बान्की परेका हुन्छन्। यसमा, अरू जुनसुकै प्राचीन भाँडामा मैले देखेको भन्दा ज्यादै बढ्ता छाँट परेका र जिउँदा जस्ता मूर्तिहरू लेखिएका हुन्छन्। यी चित्रहरूमध्ये कुनै, आजकालको रुचिलाइ मन नपर्ने छाँटको केटाकेटीको सरलता र स्वतंत्रतासहितको प्रेमका दृश्यहरूका हुन्छन्। कुनैमा ठिटीहरू नाच्न लागेका तस्वीर, कुनैमा शिकार खेलेको तस्वीर

हुन्छन् । अहिले हामीले खान लागेको रक्सीको भाँडामा एका-पट्टि गोरा गोरा मानिसले भाला लिएर मत्ता हात्तीलाइ खेदेका तस्वीर, अर्कोपट्टि दगुरिरहेको वराँठ जस्तो जन्तुलाइ धनु काँडले हानिरहेको शिकारीको तस्वीर थिए ।

संकटमय समयमा प्रसङ्गबाहिरको कुरा भयो, तर भोजमा लागेको समय हेरी यो कुरा ज्यादा लामो होइन, किनभने भोज खान उग्र बेर लाग्यो । रक्सीको भाँडा बीच बीचमा भोज खानेहरूमा घुमाउनु र आगोमा दाउरा हाल्नालाइ चलमलाउनु-बाहेक पूरा एक घण्टाभर जस्तै केही भएन । कसैले चुँक बोलेन । हामी सबै चुपचाप लागेर ठूलो आगोको तेज र उज्यालोमा र माटाको गोल्कुमा (साँच्चि यो चाहिं त प्राचीन कालमा बनेका होइनन्) बालेका धिप धिप गर्ने बत्तीले पारेका छायामा हेरी टोलाएर बसिरहेका थियौं । हाम्रो र आगाको बीचको खुला ठाउँमा छोटाछोटा चारोटा बींड भएको काठको ठूलो किस्ती थियो । यो ठीक वगरकसाईको किश्ती जस्तो थियो, केवल त्यतिको कोप्रो थिएन । त्यो किश्तीको छेउमा एउटा ठूलो लामो बींड भएको फलामे चिम्टा थियो, आगाको अर्कोपट्टि पनि अर्को त्यस्तै चिम्टा थियो । किन किन मलाइ त्यो किश्ती र चिम्टाको छाँट निको लागेन । मैले त्यहाँ बसेर ती मालहरू र ती मान्छेका क्रूर घोसे मुखहरूको निस्तब्ध घेरामा ट्वालट्वालति हेरें, अनि गौड गरें, सबै कुरा साह्रै भयानक छन् , तथा हामी यो डरलाग्दो जातिको पंजामा बिलकुल परेका छौं । कमसेकम मलाइ यी जाति झन् भयङ्कर लाग्यो, किनभने यिनीहरूको साँच्चिको चरित्र अझै हामीलाइ रहस्यै थियो । मैले विचार गरेको भन्दा तिनीहरू असल पनि हुन सक्छन् , झन् खराब पनि हुन सक्छन् । मेरो मनमा भने

तिनीहरू मैले ठानेको भन्दा झन् खराब छन् भन्ने लागेको थियो, मेरो खयाल गलत रहेनछ। मैले विचार गरें, यसो बाहिर देख्दा यो अनौठो किसमको भोज रहेछ, सहस्ररजनीको शाहजादा बरमकीले दिएको भोज जस्तै लाग्यो, किनभने खाने कुरा बिलकुलै शून्य थियो।

आखिरमा, मलाइ मेस्मरिजम लागेको जस्तो ठान्न मात्र थालेको थिएँ सऱ्याकसुरुकको आवाज भयो। अलिकति पनि जनाउ नदिई आगाको पल्लोपट्टि बसेको एउटा मान्छेले ठूलो स्वरमा भन्यो—

'हामीले खाने मासु कहाँ छ?'

त्यसपछि घेराको सबै मानिसले दाहिने हात आगोतिर पसारी गहिरो आवाजमा अडी अडीकन जवाफ दिए—

'मासु आइपुग्छ।'

उही मानिसले भन्यो, 'बोका हो?'

एकै स्वरले तिनीहरूले जवाफ दिए, 'सीङ नभएको बोको हो, तर बोकाभन्दा उपल्लो, हामी त्यसैलाइ मार्छौं', अनि सबै जनाले केही मोडिएर दाहिने हातले आफ्नो आफ्नो भालाका बींड पक्रे, त्यसपछि एकै चोटि छोडिदिए।

त्यही मानिसले फेरि सोध्यो, 'साँढे हो?'

जवाब आयो, 'सीङ नभएको साँढे हो, तर साँढेभन्दा उपल्लो, त्यसैलाइ हामी मार्छौं', तिनीहरूले भाला पक्रेर फेरि छोडिदिए।

त्यसपछि चकमन्द भयो, महम्मदसित बसेकी आइमाईले

---

१. 'नाई के शाहकबक नामक छठे भाई की कहानी जिसके ओठ खरगोश के मानिन्द थे' मा यो कथा छ।—अनुवादक।

आफ्नो क्रूर आँखा महम्मदको कामेको शरीरको तलमाथि नचाउँदै उसलाई मायाको बोली प्रयोग गरीगरी मुसारमुसुर गर्दै गालामा प्याट प्याट हान्न शुरू गरेको देख्ता मेरो मुटुले ढ्यांग्रो ठोक्यो, रौं ठाडठाडा भए। त्यो दृश्यले मलाइ कति भयभीत पार्‍यो थाहा छैन, तर यसले हामी सबैलाइ अत्यन्त थरहरी पार्‍यो, खास गरी लिओलाइ। त्यो चुम्बनादि यस्तो सर्प जस्तो थियो, प्रायः कुनै पैशाचिक रीतभाँतको हिस्सा हो भन्ने स्पष्ट हुन्थ्यो। मैले महम्मदलाइ डरले कहालिएर खैरो छालामनि पनि नीलो हुने गरी, अस्यांङ्ग परेको देखें।

त्यही आवाजले छिटोसँग सोध्यो, 'पकाउनालाइ मासु तयार भयो ?'

'तयार भयो, तयार भयो।'

त्यो आवाजले गुफाका ठूलाठूला कुनाकाप्चाहरूमा दुःखदायी हिसाबले प्रतिध्वनित हुने गरी एक किसमसँग चिच्याएर सोध्यो, 'त्यो पकाउने भाँडा तात्यो ?'

'तात्यो, तात्यो।'

लिओले चिच्यायो, 'हे परमेश्वर! लेख संझ, "परदेशीहरूका टाउकोमा भाँडा राख्ने जाति।"

उसले यसो भन्नासाथ, हामीहरू चल्नु त के त्यो कुरा मनमा भास हुनुअगाडि दुइ ठूलाठूला बदमाश ,जुरुक्क उठे। लामा चिम्टा समाती आगाको आँतमा घुसारे। त्यही वेला

१. हामीले पछिबाट थाहा पायौं, यसको मनसाय शिकार बन्ने मानिसलाइ प्रेम र तारीफको पात्र उ हो भन्ने भान पार्नालाइ, र यसरी उसको व्यथित हृदयलाइ सान्त्वना दिई दिलमा सुखी र संतोष हुँदाहुँदै मार्नालाइ रहेछ।—ल० हो० हो०।

महम्मदलाइ मुसारमुसुर गरी माया देखाउन लागेकी आइमाईले आफ्नो पेटी वा पटुकाबाट डोरीको सुर्काउने अवझटमा झिकी महम्मदको कुममा छिराएर बेसरी कसी, उसको वगलमा वसेका लोग्नेमानिस चाहिंले उसको खुट्टा समाते। यी चिस्टा लिने दुइ जना मानिसले एकै चोटि उधिनेर चट्टानी भूईंमा आगो यता-उति छरी आगोको फिलिङ्गो झैं तातेको ठूलो माटाको भाँडालाइ त्यहाँबाट उठाए। एक निमेषमा एकै फड्काले जस्तो उनीहरू महम्मद छटपटाइरहेको ठाउँमा पुगे। महम्मद, सुर्काउने कसिएको र मानिसहरूले उसको खुट्टा समातेका थिए तापनि निराशले मनपरीसँग चिच्याई पिशाचझैं जुधिरहेको थियो, त्यसैले अगाडि वढेका चण्डालहरूले आफ्नो काम गर्न सकेनन्। उनीहरूको काम, डरलाग्दो र पत्याइनसक्नु लाग्छ तापनि, उसको टाउकोमा त्यो तातो भाँडा राख्ने थियो।

डरले कोहोलो हालेर म जस्याकजुरुक उठें, अनि आफ्नो पिस्तौल थुत्त झिकेर महम्मदलाइ मसारमुसुर गर्ने पिशाच्नीलाई अन्तरज्ञानैले सोझै ताकेर हानें। त्यस वेला त्यो महम्मदलाइ अँगालो हाली अँठ्याइरहेकी थिई। गोली उसको पिठिउँमा लागेर उसलाइ भुतुक्क पार्‍यो। यो काम गरेमा आजसम्म मलाइ खुशी छ, किनभने पछिबाट थाहा भयो त्यस आइमाईले जौवले आफूलाइ गरेको हेलाको बदला लिन यो नरमेद गर्नालाइ अमाहगर जातिको मान्छेको मासु खाने रीतभाँतबाट फाइदा उठाएकी रहिछ। त्यो मरेर ढलेपछि महम्मद अमानुषिक वलले आफूलाइ दुःख दिनेबाट फुत्की एकदम माथि उफ्रेर उसैको लासमाथि ढली फुस्रो आँखा पल्टायो, त्यो देख्ता म भयभीत र दुःखित भएँ। मेरो पिस्तौलको ठूलो गोलीले दुवै जनाको शरीरलाइ पार गरेछ, र एकै चोटि हत्यारिणीको प्राण लिई उसको फन्दामा

परेको मानिसलाइ १०० गुना बढ्ता डरलाग्दो मृत्युबाट बचाए-छ। यो भयंकर भए तापनि ज्यादै दयालु संजोग थियो।

सबैले अचम्म मानेकोले एक छिनसम्म सुनसान भयो। अमाहगरले यसभन्दा अगाडि बन्दूकको आवाज कहिले सुनेका थिएनन्, उसैले यो सुन्दा उनीहरू अलमल्ल परे। एक छिनपछि नै हाम्रो नजीकको एउटा मान्छेको होश ठेगानमा आयो र आफू नजीकैको लिओमाथि रोप्नालाइ आफ्नो भाला समात्यो।

मैले पनि खुट्टा चलेसम्म छिटो गुफाको भित्रतिर दगुरेर चिच्याएँ 'भाग !' सम्भव भएको भए गुफाको मुखतिर दगुर्नें थिएँ, तर जाने बाटोमा मानिसहरू थिए; त्यसबाहेक गुफाको मुखबाहिर एकदम आकाशको अगिल्तिर उभिएका मानिस-हरुका ठूलका मूर्ति देखेको थिएँ। म गुफाभित्र दगुरें, मपछि अरूहरू आए र उनीहरूपछाडि मानिसको मासु खानेहरुका सारा हूल त्यो आइमाई मरेकोले रिसैले गुट्टुङ्ग गर्दै आए। मैले उफ्रेर महम्मदको लम्पसार परेको शरीरलाइ फड्कें। उसलाइ फड्कँदा नजीकै रहेको आगोको फिलिंगा जस्तो भाँडाबाट आएको राप मेरो खुट्टामा पर्‍यो, त्यो भाँडाको उज्यालोमा उसको अझै सुस्तसँग चलिरहेको हात देखें, किनभने त्यो राम्रो-सँग मरिसकेको थिएन। त्यो गुफाको सिरानमा तीन फीट जति अग्लो आठ फीट जति चौडा चट्टानको सानो चौकी थियो, यसैमाथि राती दुइटा ठूला बत्ती राखिन्थ्यो। यो चौकी बस्नाको निमित्त छोडिएको हो कि अथवा यसमाथि चढी पहाड फोड्ने काम सकिएपछि यसलाइ फोडी फ्याक्नाको निमित्त उठाएको जग्गा हो, मलाइ थाहा छैन—साँच्चि नै त्यस वेला मलाइ थाहा थिएन। आखिरमा हामी तीनै जना त्यहाँ पुगेर त्यसमाथि उफ्र्यौं, अनि मर्नु जति परेपछि खुट्टै तानेर मर्नालाई तयार भयौं।

एक निमेषसम्म हामीलाइ लगारेर आएको हूल हामीलाई मुखामुख गरी अकडिएको देखेर टक्क अडे । जौब त्यो चट्टानको बायाँपट्टि, लिओ बीचमा, म दायाँपट्टि थिएँ । हामीहरूको पछि-ल्तिर ती बत्ती थिए । लिओले निहुरेर आगो र बलेका बत्ती-हरूले टुंगिएको छायाँहरूको लामो सोतोमा हेर्‍यो । आगो र बत्तीको उज्यालोमा हाम्रा हत्यारा हुन खोज्नेहरूका चुपचाप लागेका मूर्तिहरू आफ्ना भाला अलि अलि झल्काउँदै यताउता हिंडेको देखिन्थ्यो । किनभनें उनीहरूको जगाइ पनि बुल्डग कुकुरको जस्तै आवाजहीन भयो । अर्को देखिने कुरा अंध्यारो-मा अझै प्रचण्डसंग बलिरहेको फिलिंगो जस्तो रातो भएको भांडो मात्र थियो । लिओका आंखामा अनौठा तेज थियो, उसको सुन्दर मुख रत्न जस्तो जडिएको थियो । उसको दाहिने हातमा गहुँगो शिकारी खंजर थियो । उसले त्यसको बींडमा बांधेको छाला नारीको अलिकति मास्तिर हुल्यो, त्यसपछि एक हातले मलाइ अंगालो हाल्यो ।

उसले भन्यो, 'बिदा, बूढा बा, मेरो प्रिय मित्र—मेरो बाबु-भन्दा प्रिय । यी दुष्टहरूबाट बच्ने हामीलाई संजोग पर्दैन; उनीहरूले केही मिनेटैमा हामीलाइ खतम पार्नेछन्, अनि त्यसपछि हामीलाइ खानेछन् जस्तो लाग्छ । बिदा । मैले तपाईं-लाइ यो फजितीमा पारें । मलाइ माफ दिनुहोला भन्ने आशा गर्छु । बिदा, जौब ।'

मर्नाको निमित्त म तयार भएकोले दाह्रा किटी भनें, 'पर-मेश्वरको जे इच्छा छ त्यही हुन्छ ।' त्यही वेलामा कराएर जौबले आफ्नो पिस्तौल दागेर हानी एउटा मानिसलाइ खुत्रुक्क पार्‍यो—उसले ताकेको मान्छेलाइ होइन नि; जौबले जसलाइ हान्छ त्यो पूरा निर्विघ्न हुन्छ ।

उनीहरू होम्मिएर अगाडि बढे, मैले पनि जति हुन सक्छ उति छिटो हान्न थाली जौव र म भएर उनीहरूलाइ रोक्यौं। त्यो आइमाईबाहेक, हाम्रो पिस्तौल खलास हुनुअगाडि हामीले पाँच जना मानिस माऱ्यौं वा मरणान्त घाइते पाऱ्यौं। तर फेरि पिस्तौल भर्नें हामीलाइ फुर्सद थिएन, उनीहरू भने एक हिसाबले तारीफ लाग्दो हेलचक्र्याइंले अगाडि बढ्दै गए, किनभने हामी संधै गोली चलाइरहन सक्तैनौं भन्ने उनीहरू-लाइ थाहा थिएन ।

एउटा बडेमा मान्छे त्यस चौकीमाथि उफ्रेर चढ्यो, लिओले आफ्नो शक्तिशाली बाहुको एकै प्रहारले खंजर भित्र-सम्म घुसाई उसलाइ भुतुक्क पाऱ्यो। मैले अर्कोलाइ त्यसै गरें, तर जौवले भने एउटालाइ मिस गऱ्यो, अनि एउटा गहुं-गोरो अमाहगरले त्यसलाइ कम्मरमा अंठ्याई त्यस चौकीबाट तलतिर फ्यांकेको मैले देखें। त्यस वेला जौवले आफ्नो खन्जर छालाको डोरीले नारीमा नबाँधेको हुनाले हातबाट खस्यो, उसको निमित्त साह्रै भाग्यको संजोगले, बींड तलतिर परी चौकीमा खस्यो, ठीक त्यही वेला तलतिर परेको अमाहगरको शरीर यसको टुप्पामा गएर लागी त्यहीं उनियो। त्यसपछि जौवलाइ के भयो मलाइ थाहा छैन, तर मेरो मनमा, मरेको शत्रुको लासमाथि आफू पनि मरे जस्तो भान पारी चुपचाप-संग पल्टिरह्यो होला भन्ने लाग्छ।

मेरो हकमा, चाँडै नै म दुइटा बदमाशसित घमासान युद्धमा भिडिएं। मेरो भाग्यले तिनीहरू आफ्ना आफ्ना भाला छोडेर आएका रहेछन्। प्रकृतिले मलाइ दिएको ठूलो शारीरिक बलले मेरो जीवनमा पहिलो पटक मलाई ठूलो काम दियो। मैले छोटो तरवार जत्तिकै गहुँगो ठूलो आफ्नो शिकारी खन्जरले

एउटा मानिसको टाउकोमा यस्तो जोडसित हानें कि त्यो धारिलो इस्पातले उसको खप्परलाइ आँखासम्म फक्लक्क पाऱ्यो, तर त्यो फ्याकमा खन्जर यस्तो बलियोसंग अड्क्यो कि मेरो शत्रु मबाट एक्कासि बगलतिर खस्ता मेरो हातबाट थुतियो।

त्यसपछि ती दुइ जना ममाथि आइलागेका थिए। उनीहरू आएको देखी मैले दुवै जनाको कम्मरमा दुइ हातले बेसरी गमक्र्याएं, अनि संगसंगै त्यो गुफाको भूईंमा खसी गुडिन थाल्यौं। उनीहरू बलिया थिए, तर प्रहार धमाधम शुरू हुंदा, जीवन र मृत्यु सियोको टुप्पामा धरमर भई रहंदा हामीहरूमध्ये सबभन्दा सभ्यका दिलमा पनि सुस्तसंग घुस्ने लडाइँको भयंकर लालसा र रिसले म बौलाएको थिएँ। मेरा पाखुरा करीब करीब दुइ बलवान राक्षस बनेका थिए, मैले उनीहरूलाइ यसरी अंठ्याएं कि उनीहरूको करङ मेरो पक्राइले कल्याककुरुक भई भांचिएको मैले सुनें। तिनीहरू निमोट्ठिएर सर्प जस्तो बटारिए, अनि मलाइ चिथर्नें, मुड्की कसी हान्ने गरे, तर मैले छोडिनँ। त्यहाँ उत्तानो परी, माथिबाटका भाला घोचाइबाट उनीहरूको शरीरले आफूलाइ जोगाएं र बिस्तारै बिस्तारै निचोरी निचोरी उनीहरूको प्राण लिएं। पाठकहरूलाइ अनौठा लाग्ने छ, तर त्यस वेला मैले विचार गरें, सबैलाइ छोडी मैले यस्तो हत्याकाण्ड गरेको भूतसाधनद्वारा देखे भने मेरो केम्ब्रिज कलेजका फरासिला प्रिन्सिपल (जो शान्ति-समाजका मेम्बर छन्) र मेरा साथी फेलोहरूले के भन्लान्। चांडै नै मेरा शत्रुहरू मूर्छा परेर चलमलाउन करीब करीब छोडे; उनीहरू सास रोकिएर मर्न लागेका थिए, तैपनि मैले उनीहरूलाइ छोडने साहस गरिनँ, किनभने उनीहरू ज्यादै ढीलो मरे। मेरो पक्राइ खुकुलो गरें भने



उसको सुन्दर गोरोमुख सबैलाई नाघी माथि रहेको थियो।

उनीहरू फेरि ताजा हुन्छन् भन्ने मलाइ थाहा थियो। त्यो चौकीको छायामा पल्टिरहेका हुनाले हामी तीनै जना मरेको भन्ने अरू जंगलीहरूले ठाने होलान्; कमसेकम उनीहरूले हाम्रो सानो दुःखान्त नाटकमा हस्तक्षेप गरेनन्।

त्यो भयंकर लडन्तको परिश्रमले स्वाँ स्वाँ गरी लेटिरहेको वेलामा, यसो टाउको फर्काउँदा त्यसवेला लिओलाइ ढिस्को-मन्तिर देखें किनभने बत्तीको उज्यालो उसमा परेको थियो। ब्वाँसाले जरायोलाइ ढलाउन खोजे जस्तै उसलाइ ढलाउन कोशिश गरी जुध्न लागेका मानिसहरूको कहिले यता कहिले उता पुग्ने थुप्राको बीचमा अझै लिओ खडाको खडै थियो। उ यता उता हत्तिँदा चहकिला घुँगुरवाल केशको मुकुट लाएको उसको सुन्दर गोरो मुख सबैलाइ नाघी माथि रहेको थियो। मैले देखें, उ निराश भई मनपरीसित देख्तैमा एकदम गौरव-पूर्ण र घृणित शक्तिले जुधिरहेको थियो। उसले एउटा मानि-सलाइ न्वास्स छुरा धस्यो—उनीहरू उसको यति नजीक र यसरी भिडिएका थिए कि उनीहरूले उसलाइ मार्न आफ्ना वडेमा भाला चलाउन सक्तैनथे, उनीहरूसित खञ्जर वा लाठी पनि थिएन। छुरा धसिएको मानिस ढलेपछि कसरी कसरी लिओको हातबाट त्यो खञ्जर फुत्क्यो। उसैले उसित बचाउ गर्ने केही कुरा भएन र अन्त्य आइपुग्यो भन्ने मैले ठानें। तर होइन; आफ्नो ज्यानको परवाह छाड्दाको प्रयासले उनीहरू-बाट फुत्क्यो, उसले भर्खर मारेको मानिसको शरीरलाइ नै उचालेर आफूमाथि हमला गर्नेहरूको हूलतिर सोझै हुत्यायो। त्यस शरीरको झोका र वोझले गर्दा पाँच छ जना मान्छे जमीनमा पछारिए। तर एकै मिनेटमा खप्पर चुर भएको एउटा मानिस-वाहेक उनीहरू सबै फेरि उठे, र फेरि एक पटक उसमाथि

जाइलागे। अब विस्तारै विस्तारै अनन्त परिश्रम र जुधाइले गर्दा ती ब्वाँसाहरूले त्यस सिंहलाइ ढलाए। त्यसपछि पनि एक चोटि उसले खडा भएर आफ्नो मूठीले एउटा अमाहगरलाइ गिरायो, तर यतिका जनासित यतिसम्म लडेर धान्न सक्नु मानिसको शक्तिबाहिर थियो, आखिरमा बाँझको रूख ढले जस्तै आफूवरिपरि झुण्डिनेहरूसमेतलाइ आफूसितै घिच्याउँदै ढुङ्गाको भूइँमा दुङ्ग पछारियो। उनीहरूले उसका पाखुरा र खुट्टामा अंठ्याए, त्यसपछि उसको शरीरबाट हटे।

एउटा आवाजले कराएर भन्यो, 'एउटा भाला, यसको घोक्रो काटनालाइ एउटा भाला र रगत थाम्ने एउटा भांडो।'

मैले आंखा चिम्लें, किनभने भाला लिएर एउटा मान्छे आएको मैले देखें। म चाहिं, लिओलाइ मदत गर्न चल्न सकिनँ, किनभने म कमजोर हुंदै गएको थिएं; ममाथि का दुइ जना मानिस अझै राम्ररी मरिसकेका थिएनन्, मलाइ ज्यादै वाक-वाकी लागिरहेको थियो।

त्यसपछि एक्कासि केही गोलमाल भयो, त्यसैले आपसैं आप मेरो आंखा फेरि खुल्यो, र हत्याको दृश्यतिर हेरें। लिओको लम्पसार परेको शरीरमा युवती अस्टेनले छांद हाली दुवै हातको अंगालोले उसको घांटीलाइ कसी आफ्नो शरीरले उसको शरीरलाइ ढाकिराखेकी रहिछ। उनीहरूले लिओबाट उसलाइ छुट्ट्याउन खोजे, तर उसले आफ्नो खुट्टा लिओको खुट्टा-संग जोल्ट्याएर वुलडग कुकुर जस्तो गरी वा रूखमा लहरा जस्तो गरी टाँस्सिएकी हुनाले उनीहरूले छुट्ट्याउन सकेनन्। त्यसपछि उनीहरूले अस्टेनलाइ चोट नपारी लिओको कोखामा भाला रोप्न कोशिश गरे, तर यसो उसो गरी उसले लिओलाइ वचाई, त्यसलाइ घाउ मात्र भयो।

आखिरमा धैर्य गर्न सकेनन् ।

त्यो पैशाचिक भोजमा सवाल गर्ने चाहिं आवाजले भन्यो, 'त्यो लोग्नेमान्छे र स्वास्नीमान्छे दुवैलाइ एकै चोटि भालाले रोप, अनि सांच्चि नै उनीहरूको विहा हुनेछ ।'

मैले त्यो भाला लिएको मानिसलाइ त्यसै गरी हान्नालाइ तन्केको देखें । मैले त्यो जबरदस्त चहकिलो भालालाइ मास्तिर टल्केको देखें । अनि फेरि एक पटक आंखा चिम्लें ।

मैले त्यसो गर्नासाथ एउटा मानिसको आवाज, पहरे ओडारहरूसम्म थर्कने र गुंज्ने स्वरमा गर्ज्यो—'थाम् !'

त्यसपछि म मूर्छा परें, जसै म बेहोश हुंदै गएको थिएं अन्धकार हुन लागेको मेरो मनमा झल्क्यो, म मृत्युको अन्तिम विस्मृतिमा गइरहेको छु ।

नवौं परिच्छेद

सानो खुट्टा

फेरि आँखा खोलेर हेर्छु त त्यस भयानक भोजको निंति हामीहरू जुन आगोको वरिपरि जम्मा भएका थियौं त्यसैको केही ठाढा एउटा छालामा म लेटेको रहेछु । मेरो नजीक लिओ लम्पसार परेको रहेछ, उसको मूर्छा अझ खुलेको थिएन । अस्टेनको अग्लो रूप उसमाथि झुकेको थियो । उसले लिओको कोखामा भालाले पारेको गहिरो घाउलाइ कपडाले बाँध्नुभन्दा पहिले चिसो पानीले धोइरहेकी थिई । अस्टेनको पछाडि गुफाको भित्तामा अडेस लागेर जौब उभिइरहेको थियो । देख्ता

खेरि घायल भएको थिएन, तर छाला खोस्सिएको र नीलडाम परेको हुनाले काँपिरहेको थियो। आगोको अर्कोपट्टि, मानो ज्यादै थाकेको वेलामा सुत्नालाई लडेका हुन् क्यारे भने झैं गरी, ज्यानको सौदा गरेर भयंकरसंग लड्दा हामीले मारेका मानिसहरूका लास यता उता फ्यांकिएका थिए। मैले ती लास गनें: त्यो आइमाई र विचरो महम्मदको लासबाहेक बाह्रवटा रहेछन्। मेरो हातबाट मरेको महम्मद आगोमा पोलिएको भांडो संगसंगै अनियमित पंक्तिको छेउमा राखिएको थियो। बायांपट्टि केही मानिसले बांकी रहेका नरमांसाहारीहरूलाइ पाता फर्काई दुइ दुइ जनालाइ जोल्ट्याई बांधिरहेका थिए। ती चण्डालहरू आफ्ना आफ्ना भाग्यमा लेखेका कुरा ठुस्स परेको लापरवाहीले स्वीकार गरिरहेका थिए, जुन भाव उनीहरूको दिग्दारी आंखामा झल्केको असन्तुष्ट क्रूरतासित मेल खांदैनथ्यो। यी कैदीहरूको सामुन्ने यसो गर् उसो गर् भनी अह्राई हाम्रो दोस्त साक्षात् बिलाली उभिइरहेको थियो। उ थाकेको जस्तो देखिन्थ्यो, तर उसको लम्बे दाह्रीले गर्दा खास गरी थकालीपना झल्कन्थ्यो। गोरुलाइ काटेको वेलामा अह्राउ पराउ गर्दा जस्तै उ बेवास्ता र वेफिक्रीमा थियो।

एक छिनमा उ फर्क्यो र मलाइ टुक्रुक्क बसिरहेको देखेर नगीचै आई खूब मिजाससंग भन्यो, 'तिमीलाइ अहिले केही सुबिस्तै होला भन्ने लागेको छ।' मैले जवाब दिएँ, 'अहिले मलाइ कस्तो छ आफैलाइ थाहा छैन खालि सारा जीउ दुखिरहेछ।'

त्यसपछि निहुरी लिओको घाउ जांचेर उसले भन्यो, 'वडो नराम्रो घाउ लागेछ, तर भालाले आन्द्रालाइ छेड्न त पाएको रहेनछ, उसैले निको हुन्छ।'

मैले जवाब दिएँ, 'मेरो पिता, धन्य भाग्यले तपाईं आइपुग्नु भयो। नत्र एक निमेषमा हामी सबै औषधिमूलोले नछुने भइसक्थ्यौं, किनभने तपाईंका पिशाचहरूले हाम्रो नोकरलाइ जस्तै हामीलाइ मार्न खोजेका थिए', अनि मैले महम्मद तिर देखाएँ।

त्यो बूढो मानिसले दाह्रा किट्यो, मैले उसको आँखामा द्वेषको असामान्य भावप्रकाश झल्केको देखें।

उसले जवाब दियो, 'नडराऊ, मेरो पुत्र। सुन्दैखेरि मात्र पनि हाडमाथि मासु बटारिनेसम्मको बदला उनीहरूलाइ दिइनेछ। उनीहरू शीकहाँ लगिनेछन् र उनले दिने बदला उनके महत्तासुहाउँदो हुनेछ। त्यो मान्छे', महम्मदलाइ देखाएर, 'म तिमीलाइ भन्दछु, जुन किसमले यी लकरुवा जस्ता मानिस मारिनेछन् त्यसको लेखा बरु त्यो मान्छे दयासाथ मारिएको ठहरिनेछ। मेहरबानीसाथ मलाइ भन, पहिले के के भयो।'

छोटकरीमा भएभरको कुरा मैले बयान गरें।

उसले जवाब दियो, 'ए, त्यसो! बुझ्यौ, मेरो छोरा, यहाँ यो मुलुकमा आउने परदेशीलाइ भाँडाले मारेर खाए हुने चलन छ।'

मैले कमजोरी संग जवाब दिएँ, 'त्यो उभिण्डो पारेको अतिथिसत्कार हो। हाम्रो मुलुकमा हामी परदेशीलाइ सत्कार गर्छौं, खान पिन दिन्छौ, यहाँ तपाईंहरू उसलाइ खानुहुन्छ, आफू सत्कार गरिनुहुन्छ।'

उसले कुम हल्लाएर जवाब दियो, 'यो एउटा चलन हो। म त, यसलाइ खराब ठान्छु; तर', एकछिन विचार गरेर उसले भन्यो, 'मलाइ परदेशीहरूको स्वाद निको लाग्दैन, खास गरेर उनीहरूले धाप धापमा भौतारिएर लुइँचे खाएपछि। "आज्ञा-

मान्नैपर्नै-शी"ले तिमीहरूलाइ जिउँदै राख्नू भन्ने हुकुम पठाउँदा त्यो कालो मानिसको बारे यसो गर्नू भन्ने केही सूचना पठाउनु-भएन। त्यस कारण लकरुवा भएका हुनाले यी मानिसले उसको मासुमा राल चुहाए, तिमीले मुनासिबसँग मारेकी त्यो आइ-माईले उसलाइ तातो भांडो टाउकोमा राखी मार्ने कुरा उनीह-रूका दूषित हृदयमा घुसाई। भइगयो, उनीहरूले आफ्नो करनीको फल भोग्नेछन्। भयंकरसंग रिसाएकी शीको अगाडि खडा हुनुभन्दा बरु उनीहरू जन्मदै नजन्मेका भए हुन्थ्यो। तिम्रा हातबाट मरेकाहरू बरु भाग्यमानी रहेछन्।'

उसले भन्दै गयो, 'ओहो, तिमीहरू बहुतै बहादुरीसाथ लड्यौ। तिमीलाइ थाहा छ, तिमी लामो हात भएको बूढो बबून बाँदरले त्यहाँ पसारिएका ती दुइ जनाको करंगलाइ फुलको बोक्रालाइ जस्तो कस्यापकुरुप पारेछौ ? जवान चाहिंले, याने सिंहले बहुतै राम्रोसंग अडेर बस्यो—एक जना यति-कासित; तीन जनालाइ उसले भुतुक्कै पाऱ्यो, त्यहाँको त्यो चाहिं पनि'—अनि त्यसले अझै चलिरहेको लम्पसार परेको मानिसलाइ देखायो—'चाँडै नै मर्छ, किनभने उसको टाउको चरक्कै चिरिएको छ, ती बाँधिएकाहरूमा पनि धेरैलाइ चोट लागेको छ। यो साह्रै बहादुरीसाथको लडाइँ हो। यसले गर्दाको त्यो र तिमी मेरो मित्र भयौ, किनभने राम्ररी लडेको लडाइँ हेर्न मलाइ साह्रै बेस लाग्छ। तर मलाइ भन, मेरो छोरा, बबून बाँदर-साँच्चि अहिले विचार गर्दा त, तिम्रो मुख पनि रौं नै रौंले ढाकेको रहेछ, दुरुस्त बबून बाँदरकै जस्तो—मलाइ भन, शरीरमा प्वाल पारेर उनीहरूलाइ तिमीले कसरी माऱ्यौ ?—तिनीहरू भन्छन्, तिमीले आवाज गऱ्यौ, अनि उनीहरूलाइ माऱ्यौ रे—आवाज हुनासाथ उनीहरू घुप्लुक्क परे रे?'

वारूदको यो यो गुण हुन्छ भनेर; तर उग्र थाकेको हुनाले ज्यादै छोटकरीसँग भनें । नगरूँ भने यस्तो शक्तिशाली मानिस मसित रिसाउला कि भन्ने डरले मात्र त्यति भन्न करै लाग्यो । त्यति सुनेपछि उसले कैदीहरूमध्ये एउटाको शरीरमाथि प्रयोग गरेर आफ्नो कुराको दृष्टान्त देखाऊ भन्यो । उसले भन्यो, 'एउटाको केही लेखा हुंदैन । त्यो अनुभवले मलाई मात्र मज्जा दिंदैन, तर तिमी पनि तुरून्त वदला लिने मौका पाउँछौ ।' मैले जवाफ दिएँ, 'रिसको झोकमा वाहेक अरू वेलामा अन्यायको वदला लिने हाम्रो चलन छैन, पछि वदला लिने काम हामी ऐन र उपल्लो अख्तियारको हातमा सुम्पन्छौं ।' यो कुरा उसलाई थाहा रहेनछ, उसले ज्यादै अचम्म मान्यो । फेरि मैले भनें, 'म निको भएपछि तपाईलाइ हामी शिकार खेलन लैजाऔंला, अनि तपाईं आफै एउटा जन्तु मार्नुहोला ।' यो आशा देखाउँदा नयां खेलाउने कुरो दिउँला भन्दा केटाकेटी झैं उ खुशी भयो ।

ठीक त्यही वेला, जौवले हामीसित अझै अलिकति बाँकी रहेको केही ब्र्यान्डि खुवाइदिएको हुनाले त्यसैको तासीरले लिओले आँखा उघार्‍यो, अनि हाम्रो वातचीत वन्द भयो ।

त्यसपछि हामीले वास्तवमा साह्रै नाजुक हालतमा भएको र आधा मात्र होश खुलेको लिओलाइ निर्विघ्नतापूर्वक ओछ्यानमा लाने वन्दोवस्त गर्‍यौं । जौव र वहादुर लडकी अस्टेनले उसलाई वोके । अस्टेन रिसाउँछे भन्ने डर नलागेको भए म निश्चय नै आफ्नो ज्यान जोखिममा पारी मेरो नानीको ज्यान वचाइदिने साहस गरेकोमा कृतज्ञता प्रकट गर्न उसलाइ म्वाइ खान्थें । तर अस्टेन तरुनी थिई उसैले मैले गरेको कुराको भाव वुझ्छे भन्ने निश्चय नभई म्वाइ खानु अयोग्य हुनेछ भन्ने ठानेर आफ्नो मनको

मनसाय मनैमा दवाएं। त्यसपछि ठाउँठाउँमा छाला खोस्रि-एको र नील परेको भए तापनि कैयौं दिनदेखि विदेसिएको निर्विघ्नताको खयाललाइ मनमा लिई मेरो आफ्नै सानो च्याहा-नमा चार हातखुट्टा टेक्कै पुगें। यो साँच्चि नै च्याहान नभए-कोमा भित्र अन्तःकरणदेखि जगदीशको जय मनाउन, यसमा पल्टनुअगाडि मैले विर्सिन, किनभने उहाँले रक्षा गर्ने मन-सायले कुनै घटनाहरूको दयामय संजोग नजुराएको भए साँच्चि नै यस रातमा यो मेरो च्याहान हुनेथियो। त्यस भयंकर रातमा हामीभन्दा, थोरै मानिस कालको मुखैमा पुगेर यसरी उम्केका होलान्।

सुखमा पनि मलाइ राम्रो निद्रा पर्दैन, त्यस रातमा पनि मलाइ निद्रा परेपछि मेरा सपनाहरू रमाइला थिएनन्। आगोको पोला भएको भांडोवाट उम्कन विचरा महम्मद छट-पटाएको भयंकर दृश्यले ती सपनाको पीछा छोडेन। त्यसपछि त्यस दृश्यको पछिल्तिर कपडाले ढाकिएको मूर्ति एकनाससंग घुम्यो जसले बीच बीचमा, कहिले वलिबैंसले पट्ट फुट्न लागेकी सुन्दरी आइमाईको पूर्णरूप, कहिले किच्च परेको कङ्कालका सेता हाडहरू देखाउँदै आफ्नो शरीरबाट घुम्टो झिके जस्तो देखिन्थ्यो। त्यस मूर्तिले घुमटो उतार्दा ढाक्ता, रहस्यमय र वाहिर देख्ता विना अर्थको कुरा बोल्थ्यो :—

'जो जिउँदो छ त्यसले मृत्युलाइ चिहेको छ, जो मरेको छ तैपनि त्यो कहिले पनि मर्न सक्तैन, किनभने आत्मचक्रमा जीवन शून्य छ तथा मृत्यु शून्य छ। सवै चीज संधै वांचिरहन्छन्, यद्यपि कहिलेकहीं उनीहरू निदाउँछन् र विर्सिइन्छन्।'

आखिरमा दिन वियायो, तर त्यस विहान उठ्नै नसक्ने

गरी मलाइ कँडा लागेको र सारा जीउ दुखेको रहेछ। सात बजेतिर जौव ज्यादै खोच्याउँदै आयो। उसको चनौटे मुखमा कुहिएको स्याउको रंग थियो। उसबाट लिओ वेसैसंग सुत्यो तर ज्यादै कमजोर छ भन्ने कुरा थाहा पाएँ। दुइ घन्टापछि विलाली (उसलाई जौवले 'विली बाखा भन्थ्यो, किनभने सेतो दाह्रीले गर्दा विलाली बाखासित केही मिल्थ्यो, वा अझ छोट करी गरी 'विली' मात्र भन्थ्यो) आफ्नो हातमा बत्ती लिएर आयो। उसको लामघारे शरीर त्यो सानो कोठाको करीव करीब छतसम्म पुग्थ्यो। मैले निदाएको जस्तो भान पारेर आफ्नो पलकको चिराबाट उसको दिक्दार तर राम्रो, वुढ्याईले छोएको चेहरालाइ हेरें। उसले वाज जस्तो आँखाले मलाइ एक दीठसंग हेऱ्यो, आफ्नो गौरवशाली सेतो दाह्री मुसाऱ्यो। त्यो दाह्रीलाइ लण्डनको जुनसुकै हजामले विज्ञापनको रूपमा वर्षको १०० दिनेथियो।

उसले गुनगुनाएको मैले सुनें (विलालीको एकलै फतफताउने बानी थियो), 'ओहो ! यो नराम्रो छ—जति अर्को चाहिं राम्रो छ त्यति यो नराम्रो छ—बबून बाँदरै हो; यो खुल्दो नाउँ छ। तर यो मानिस मलाइ मन पर्छ। अहिले यस उमेरमा मलाइ लोग्नेमानिस मन पर्नु अनौठो हो। उखानले के भन्छ—"सबै लोग्नेमानिसको अनपत्यार गर्, अनि जसलाइ तं सबभन्दा अनपत्यार गर्छस् त्यसलाई मार्; आइमाईको हकमा, उनीहरूदेखि पर भाग् , किनभने उनीहरू अनिष्ट हुन्, आखिरमा तँलाइ विताउलान् ।" यो बेस उखान हो, खास गरेर यसको पछिल्लो भाग; यो प्राचीन पुरुषहरूबाट आएको हुनुपर्छ। जेसुकै होस् मलाइ यो बबून बाँदर मन पर्छ। उसलाई चलाकी कहाँ सिकाएको होला, शीले उसलाइ मोहनी लाउने-

छैनन् भनिठान्छु । बिचरा बबून बाँदर ! त्यो लडाइँपछि थाक्यो होला । फेरि म बिउँझाइदिउँला नि; जान्छु ।'

उ फर्केर चाल मारी ढोकामा नपुगेसम्म पर्खें; अनि उसलाइ बोलाएँ ।

मैले भनें, 'मेरो पिता, तपाईं हो ?'

'हो, मेरो छोरा, मै हुँ; म तिम्रो आरामीलाई बिथोल्दिन । म खालि तिमीलाइ कस्तो छ हेर्न र तिमीलाइ मार्न खोज्नेहरू शीकहाँ चलान भई अहिले धेरै टाढा पुगिसके भनेर तिमीलाइ सुनाउन आएको हुँ, मेरो बबून बाँदर, शीले तिमीहरूलाई तुरुन्त आउनू भनेकी छन्, तर तिमीहरू अहिले सकनेछैनौ भन्ने लाग्छ ।'

मैले भनें, 'अँहँ, अलिकति कम नभई हामी सक्तैनौं; तर म तपाईलाइ बिन्ति गर्छु मेरो पिता, मलाइ बोकेर उज्यालोमा लान लाउनोस् । मलाइ यो ठाउँ मन पर्दैन ।'

उसले जवाब दियो, 'यस्तो ठाउँ किन मन पर्थ्यो, यसको हावा रद्दी छ । म संझन्छु म लडको छंदा अहिले तिमी पल्टिरहेको टाउँमा एउटी राम्री आइमाईको शरीर मैले देखेथें—हो, त्यही चौकीमा । त्यो यस्ती सुन्दरी थिई कि बराबर बत्ती लिएर यहाँ सुटुक्क आई उसलाइ हेर्ने मेरो बानी थियो । उसका हात चिसा नभएका भए त्यो सुतेकी रहिछ एक दिन बिउँझन्छे भनी मैले विचार गर्न केही बेर थिएन, सेतो अलखामा उ त्यत्तिकी राम्री र शान्त देखिन्थी । त्यो गोरी पनि थिई, उसका कपाल पहेंला र झण्डै खुट्टासम्म पुगेका थिए, शी भएको ठाउँका च्याहानहरूमा अझै यस्ता धेरे छन्, किनभने तिनीहरूलाइ त्यहाँ राख्ने उहिलेका मानिसहरूको, कालले मारिसकेको मानिसलाइ पनि नाशको सडाउने हातबाट उनीहरूको प्यारो

रूपलाइ बचाउने कुनै उपाय रहेछ। त्यो उपाय के हो मलाइ थाहा छैन। हो, दिनौं म यहां आउँथें, र उसलाई हेर्थें, आखिर-मा--मलाइ खिसी नगर, परदेशी, किनभने म केवल मूर्ख बालक थिएं--त्यो मृत शरीरलाइ प्रेम गर्न मैले सिकें, त्यो खोक्रो बोक्रोलाइ जसले अब नरहेको प्राणलाई एकचोटि वन्द गरिराखेको थियो। म विस्तारै उसकहाँ गई उसको चिसो गालामा म्वाइ खान्थें, अनि मन मनै छक खान्थें, यो आइमाईको सृष्टि भएदेखि कति मानिस जन्मदैं मर्दै गएका होलान्, ती बितेका दिनमा कुन चाहिंले यसलाई प्रेम गरेको तथा अंगालो हालेको होला। अनि, मेरो बबून, त्यही मृत व्यक्तिबाट मैले बुद्धि सिकेको हो भन्ने ठान्छु, किनभने वास्तवमा यसले मलाइ जीवनको क्षुद्रता, मृत्युको अवधि, कसरी सूर्यमनिका सबै कुरा एकै बाटाले जाने र सधैंको लागी बिर्सिने हुन्छन् भन्ने सिकायो। यस कारण गौड गरी हेर्दा मृत व्यक्तिबाट वगेर मकहाँ ज्ञान आए जस्तो मलाइ लाग्यो। आखिरमा एक दिन सतर्क तर हतपते मिजाजकी मेरी आमाले, म बदलिएको देखी मेरो पछि पछि लागेर आउँदा त्यो राम्री गोरीलाइ देख्नुभएछ। मलाइ मोहनी लागेको संझी डराउनुभयो, हुन पनि मलाइ मोहनी लागेकै थियो। उसैले केही डराएर केही रिसले आमाले वत्ती लिनुभयो र त्यो मृत स्त्रीलाई त्यो सामुन्नेको भित्तामा ठड्याएर कपालमा आगो सल्काइदिनुभयो। त्यो उग्रसँग खुट्टैसम्म सल्केर खाग भई, किनभने यसरी जोगाइ-राखेका लासहरू चौपट्ट राम्रोसंग बल्छन्। हेर, मेरो छोरा, उ बल्दाको ध्वाँसो अद्यापि छतमा झुण्डिरहेको छ।'

मैले शंका मानेर मास्तिर हेरें, नभन्दै त्यो च्याहानको पहरामा टल्केको र ध्वाँसो लागेको टाटो तीन चार फीट तेर्सिएर

फैलिएको रहेछ। निसन्देह वर्ष बित्तै जांदा त्यस सानो गुफाका वगलमा भने त्यो ध्वाँसो मेटिएको थियो, तर छतमा चाहिं छँदै थियो, त्यसको छाँटवाट झुक्किने कुरा केही थिएन।

घोरिएको आवाजमा उसले भन्दै गयो, 'खुट्टासम्म नै त्यो जल्यो, तर फर्केर आई अंगार भएको हाडलाइ काटी खुट्टालाइ चाहिं बचाएं, अनि त्यो सामुन्नेको ढुंगाको वेञ्चमनि ती खुट्टा-लाइ एउटा कपडामा वेह्रेर लुकाएं। साँच्चि नै, त्यो कुरा हिजो मात्र भए जस्तो गरी म संझन्छुं। शायद ती खुट्टालाइ कसैले नझिकेको भए ती अहिलेसम्म पनि त्यहीं होलान्। सांच्चि भनूं भने त्यस वेलादेखि आजै मात्र हो यस कोठामा पसेको। पख, म हेर्छु,' घुंडा टेकेर, बिलालीले ढुंगाको वेञ्चमनिको दुलामा लामा हातले छामछुम गर्‍यो। एक छिनपछि उसको मुख उग्रियो, कराएर धूलोले रोटो भएको केही चीज झिक्यो, अनि भूईंमा धूलो टकटक्यायो। यसलाइ बेह्रेको कुहिएको टालोको वांकी रहेको चिथ्रो फुकाएर मेरो ताजुब मानेको आंखा अगाडि राम्रो वान्की परेको झण्डै मिम जत्तिकै गोरी आइमाईको खुट्टा निकाल्यो। त्यो खुट्टा हिजो मात्रै त्यहां राखे जस्तो आलो र पुष्ट देखिन्थ्यो।

दिकदार स्वरले उसले भन्यो, 'तिमीले देख्यौ, मेरो छोरा, वबून, मैले तिमीलाइ सत्य कुरा भनेको हुँ, किनभने अझै यहां एउटा खुट्टो बांकी रहेको छ। ल समात, मेरो छोरा, यसलाइ राम्रोसंग हेर।'

मैले मनुष्यत्वको यो चिसो टुक्रालाई हातमा लिएं, र वत्ती-को उज्यालोमा हेरें। त्यस वेलाको मेरो भावना म वयान गर्न सक्तिनँ, किनभने ताजुब, डर, र मोह सँगसँगै मिसिएका थिए। जिउँदो हुंदाखेरिको भन्दा त्यो खुट्टो हल्का, निकै हल्का थियो,

मासु पनि हेर्दाखेरि जस्ताको तस्तै थियो, केवल त्यसबाट हल्का पिरो गन्ध आउँथ्यो । मासु सुकेको वा चाउरी परेको वा मिश्रदेशका मसला लाएर राखिएका मुर्दाको मासु जस्तो कालो र नराम्रो पनि थिएन । केही डढेको ठाउँबाहेक बिलकुल मरेकै दिनमा जस्तो पुष्ट र राम्रो--मुर्दालाइ मसला लगाई न-कुहुने पार्ने विद्याको हद्दै थियो ।

विचरो सानो खुट्टो ! मैले त्यसलाइ त्यही ढुंगाको बेश्वमा राखें जहां यो कैयन् हजारौं वर्ष पडिरहेको थियो । मैले अचम्म मानें, विस्मृतिको पर्दाले ढाकेको सभ्यताको खाफ र भडकमा कसको सौन्दर्य यसले बोकेको होला--पहिले हंसिली बालिकाको रूपमा, त्यसपछि लाजले गाला रातो पार्ने कुमारीको रूपमा, आखिरमा पूर्णयौवनावस्थाकी ललनाको रूपमा । जीवनका कुन कुन दलान-बैठकमा यसको पाइला प्रतिध्वनित भयो होला, आखिरमा, कुन साहसले यसले मृत्युका धूले बाटोमा टेक्यो होला ! रातको निस्तब्धतामा सिंगमरमरले छापेको भूईंमा काला कमाराहरू सुतेपछि कोसित घुस्रन यो सुटुक्क गयो होला, कसले यो आएको आवाजलाइ कान थाप्यो होला ? बान्की परेको सानो खुट्टो ! आखिरमा स्वास्नीमानिसको सौन्दर्य-संग हारी झुकेको विजयी वीरको घमण्डी गर्धनमा यो राखिन केही बेर छैन; यसको रत्नमय सेतोपनमा भारादारहरू तथा राजाहरूका ओठ थिचिन केही बेर छैन ।

भूतकालको यो चिन्हुलाइ पुरानो झुम्रोका चिथ्रामा बेह्रें । यो त्यही लासको कात्रोको टुक्रो हुनुपर्छ, किनभने यो अलि-कति डढेको थियो । अनि त्यो चिन्हुलाइ सफर गर्दा लाने ब्यागमा लुकाएं--त्यो खुट्टाको निमित्त सांच्चि नै अनौठो विश्रामको ठाउं । त्यति गरेपछि बिलालीको सहाराले लिओलाइ

हेर्न ढुनमुनाउंदै बाहिर निस्कें। उसलाई मलाइ भन्दा बढ्ता उग्रसंग नीलडाम परेको रहेछ, शायद उसको अति गोरो छाला हुनाले देखिएको होला। कोखाको मासुमा परेको घाउबाट रगत बग्नाले उ साह्रै कमजोर र लस्त थियो, तैपनि निकै खुशी थियो, केही खाने कुरो पनि मागिरहेको थियो। जौब र अस्टेनले उसलाइ उचालेर त्यही कामको निमित्त डांडीबाट फुकाएर ल्याएको डोलीको दरबरमा राखे, अनि बूढो बिलालीको मदतले गुफाको मुखमा लगी ओझेलमा राखे। सांच्चि, हिजो रातीको हत्याकाण्डको हरेक चिन्ह त्यस ठाउंबाट हटाइसकेका थिए। त्यहां हामी सबैले बिहानको खाना खायौं, त्यहीं दिन बितायौं। त्यसपछिका दुइ दिन पनि धेरैजसो त्यहीं बिते।

तेस्रो दिनको बिहान जौब र मलाई राम्रै निको भइसकेको थियो। लिओलाइ पनि यत्तिको फाइदा भएको थियो कि बिलालीले बराबर भनिरहेको कुरा मानेर तुरन्त कोरतिर हुरमाना न मंजूर गरें। यो रहस्यमयी शी बस्ने ठाउंको नाउं हो भन्थे। तैपनि यसले लिओलाइ के असर गर्ला, अनि खास गरी बाटोको घच्याकघुचुकले उसको घाउमा बल्लतल्ल बसेको खाटा उप्कन्छ कि भन्ने डर मलाइ छंदै थियो। सांच्चि भनूं भने, रमाना हुन बिलाली देखादेखी चिन्तित नभएको भए, र त्यसैले गर्दा हामीले बिलालीको कुरा मानेनौं भने केही अप्ठ्यारो वा खतरा पर्छ कि भन्ने शंका नलागेको भए, यति चांडो जान सहमत हुंदैनथें।

दशौं परिच्छेद

कल्पना

रमाना गर्ने भन्ने हामीले पक्का ठेगान दिएको एक घण्टाभित्रै गुफाको ढोकामा पाँच डोली र हतियार भिरेका ५० अमाह्गरको फौज आइपुगे। हरेक डोलीका चार डोले र दुइ जना जगेरा मानिस थिए। ती ५० जना चाहिं हामीलाई लान र भारीतारी बोक्नाको निमित्त थिए। तीनौटा डोली हाम्रो निमित्त र एउटा चाहिं बिलालीको निमित्त थियो। उ हामीसित जाने भनेको सुन्दा मेरो मन साह्रै हलुको भयो। बांकी एउटा डोली चाहिं अस्टेनको निमित्त हो कि भन्ने लाग्यो।

उभिएर बन्दोबस्त मिलाउन लागेको बिलालीसंग मैले सोधें, 'त्यो आइमाई पनि हामीसंग जाने, मेरो पिता ?'

उसले आफ्नो कुम उचालेर जवाब दियोः—

'उसलाइ मन लागे जान्छे। यस मुलुकमा आइमाईहरूले आफूलाइ जे मन लाग्यो उही गर्छन्। हामी उनलाई पुज्छौं, मनपरी गर्न दिन्छौं, किनभने उनीहरू नभईकन संसार चल्न सक्तैन; उनीहरू जीवनका मुहान हुन्।'

मैले भनें, 'ओहो !' किनभने पहिले त्यो रूपमा त्यस विषयलाइ मैले कहिले पनि विचार गरेको थिइ।

उसले भन्दै गयो, 'हामी उनीहरूलाई केही हदसम्म पुज्छौं, अनि आखिरमा उनीहरू सहिनसक्ना हुन्छन्, जुन कुरा करीब दोस्रो दोस्रो पुस्तामा हुन आउँछ।'

मैले खुलदुली लागेर सोधें, 'अनि तपाईहरू के गर्नुहुन्छ ?'

अलि अलि मुस्कुराएर उसले जवाब दियो, 'त्यसपछि, हामी उनीहरूको विरुद्ध खडा हुन्छौं, अनि तरुनीहरूलाइ तर्साउनालाइ र उनीहरूभन्दा हामी बलिया छौं भन्ने देखाउनालाइ बूढी जतिलाइ मार्छौं। तीन वर्षअगाडि मेरी बिचरी स्वास्नी त्यही किसिमले मारिई। अफसोसको कुरा हो, तर सांच्चि नै भनूं भने, मेरो छोरा, त्यस दिनदेखि मेरो जीवन सुखमय भएको छ, किनभने कुमारीहरूबाट मेरै उमेरले बचाउँछ।'

मैले त्यो राजनीतिज्ञको वचनलाइ उद्धृत गरेर भनें जसको बुद्धिले अमाहगर जातिको बुद्धिलाइ उज्यालो पारेको छैन, 'छोटकरीमा, तपाईंले आफ्नो अवस्थालाइ बढ्ता स्वतन्त्रता र कम जवाबदेहीको बनाउनुभएको छ।'

अस्पष्ट हुनाले मेरो अनुवादले राम्ररी अर्थ दिएको छ तापनि यो वाक्यांशले उसलाइ केही अलमल्ल पार्‍यो, तर आखिरमा बुझेर यो वाक्यांशलाइ कदर गर्‍यो।

उसले भन्यो, 'हो, हो, मेरो बबून, अहिले मैले बुझें, तर सबै "जवाबदेहीहरू" मारिन्छन्, कमसे कम कुनै कुनै मारिन्छन्, उसैले अहिले बुढियाहरू यति थोरै छन्। जे होस्, उनीहरू आफैले गरेर यसो भएको हो। यो ठिटीको हकमा,' उसले अलि गंभीर स्वरमा भन्न थाल्यो, 'के भनूं, खोइ। ठिटी बहादुर हो, सिंहलाइ प्रेम पनि गर्छे; तिमीले देख्यौ उसित कसरी टांस्सिएर उसको ज्यान बचाई। फेरि, हाम्रो रीतभाँतअनुसार, उसले लिओसँग विवाह गरेकी हुनाले उ जहाँ जान्छ त्यो ठिटीको जाने हक छ; तर,' उसले अर्थपूर्ण हिसाबले भन्यो, 'शीले हुन्न नभनुन्ज्यालसम्म मात्र, किनभने उनको हुकुमले सबै हकलाइ बदर गर्न सकूछ।'

'लिओलाइ छाडिदिनू भन्ने शीले उसलाइ हुकुम दिइन् भने, र त्यो ठिटीले मानिन भने ? अनि के हुन्छ ?'

उसले कुम उठाएर भन्यो, 'हुरीले रूखलाइ निहुरी भनी हुकुम दिंदा रूखले मानेन भने के हुन्छ ?'

त्यसपछि जवाब नपर्खेर उ फर्क्यो र सरासर आफ्नो डोलीतिर गयो। त्यसको १० मिनिटमा हामी सबै बाटो लागिसकेका थियौं।

त्यो ज्वालामुखीले बनेको मैदानको खाल्डोलाइ पार गर्न हामीलाइ एक घण्टा लाग्यो, पल्लोपट्टिको डाँडामा उक्लन आधा घण्टा जति लाग्यो। त्यहाँ पुगेपछि साह्रै राम्रो दृश्य देखियो। हाम्रो अगाडि बीच बीचमा ज्यास्ता कांढे जातका रूखहरूका थुस्का उम्रेको हरियो घाँसिलो लम्बे ओह्रालो थियो। त्यो हल्का ओह्रालाको फेदीमा, करीब ९–१० माइल टाढा, हामीले भासको धमिलो फांट देख्न् सक्थ्यौं, जसमाथि खराब बाफ शहरमाथि धूँवा जस्तै रङ्मङ्गिरहेको थियो। डोलेहरूलाइ ओह्रालो लाग्नु सजिलै थियो, उसैले मध्यान्हमा हामी उच्चाटलाग्दो भासका किनारमा पुग्यौं। यहां हामीले दिउँसोको खाजा खान थाल्यौं, त्यसपछि घुमाउरो र नागबेली बाटो लागी धापभित्र पस्यौं। केहीपछि त्यो बाटो, कमसे कम हाम्रो बानी नपरेको आंखालाइ, यस्तो फीका भयो कि जलजन्तु र चराले पारेको बाटोसित छुट्टयाउनै नसकिने जस्तो थियो। हाम्रा डोलेहरूले ती भासको बीचमा कसरी आफ्नो बाटो पहिल्याए आजसम्म पनि मलाइ रहस्य नै छ। सबभन्दा अगाडि दुइ जना मानिसले लामा लामा घोचा लिएर हिंडे। तिनीहरू बीच बीचमा ती घोचालाइ आफ्नो अगाडिको जमीनमा गाड्थे, किनभने माटाको प्रकृति बराबर बदलिरहन्थ्यो, किन हो मलाइ थाहा

छैन, उसैले एक महीनाअगाडि हिंड्नालाइ बिलकुल निर्विघ्न भएका ठाउँहरूले अर्को महीनामा बटुवालाइ एकदम निल्दिन्थ्यो।

त्यस्तो न्यास्रो र खिन्न पार्ने ठाउँ मैले कहिले देखेको थिइनँ। माइलका माइल भासै भास, केवल अरू हेरी केही साह्रो जमीनमा उज्जर हरिया घर्सा, र अग्ला नर्कट-हरूले घेरिएका गहिरा काला दहहरूले एकनासपनलाई बिगारेका थिए। यस्ता दहहरूमा एकनाससंग विटरन चरा कोकोलो शब्द गर्थे र भ्यागुता वाइँ वाइँ गर्थे। माइलका माइल अटूटसंग यही किसिमले गएको थियो, टूट भनूँ भने ज्वरो निकाल्ने त्वाँलो देखिन्थ्यो। यस ठूलो भासमा जिउँदा कुरा भन्नु पानीचरा, र तिनीहरूलाइ खाने जन्तुहरू मात्र थिए; यी दुइ कुरा भने हूलका हूल थिए। हांस, सारस, जलेवा, सिमकुखुरा, बकुल्ला, चाहा, र पानीढुकुर हाम्रो वरिपरि थुप्रै थिए। ती चराका धेरै जातहरू मलाइ बिलकुलै नयां लागे, अनि सबै चराहरू यस्तो रत्तिएका थिए कि लट्ठीले हानूँ भने पनि हुने जस्तो गरी नजीकै बसिरहन्थे। यी चराहरूमध्ये खास गरी रंगित चाहाको साह्रै राम्रो जात मैले देखें। यो झण्डै सिमकुखुरा जत्रो थियो, यसको उडाइ अंग्रेजी चाहाभन्दा त्यहीं चरासित मिल्थ्यो। दहमा पनि, सानो ग्राहको हो वा ठूलो छेपारोको हो, मलाइ थाहा छैन, एक किसिम हुँदो रहेछ। ती जीवहरूले पानीचरा खान्छन् भन्ने कुरा बिलालीबाट मैले थाहा पाएँ। डरलाग्दा काला सर्पका थुप्राका थुप्रा पनि त्यहाँ हुँदा रहेछन्। ती सर्पहरू विखालु हुन्छन्, तर मैले बुझें, गोमन वा पफ आएडर सर्प जत्तिका ती विखालु रहेनछन्। भ्यागु-ताहरू पनि साह्रै ठूला, र शरीरअनुसारका स्वर भएका थिए;

लामखुट्टेहरूको हकमा पनि हुन सक्छ भने नदीमा आएका-भन्दा पनिखराब थिए, र हामीलाइ साह्रै दुःख दिए। तर निस्सन्देह नै त्यो भासको सबभन्दा खराब कुरा कुहेको झारपातको यसमा रहिरहेको भयंकर गन्ध थियो, जसले कहिलेकहीं त विताइहाल्थ्यो। यसको साथसाथै औलाको बाफ पनि आउँथ्यो, त्यसमा हामीले सास नफेरी सुखै थिएन्न।

यी सबैको बीचबाट हामी गयौं। आखिरमा नरमाइलो झलमलमा ठिक्क सूर्य डुब्दा हिलै हिलोको पर्ती जग्गाको बीचमा उठेको करीब दुइ एकड चौडा सुक्खा जमीनको मलिलो पाटोमा हामी पुग्यौं। बिलालीले हामीले वास बस्ने त्यही जग्गा हो भन्यो। वास बस्ने काम त साह्रै सजिलो पो रहेछ किनभने वास्तवमा आफूसित ल्याएको केही दाउरा र नर्कटले बालेको सानो धनीवरिपरि वस्नु मात्र थियो, तापनि हामीले यसबाट हुन सके जति आनन्द लियौं, चिसो जग्गाको गन्ध र निसासिने गर्मीले जति दिन्छ त्यति रुचिले खाइपिइ गरी पाइप भरेर खायौं। किनभने यो होचो जग्गामा अहिले साह्रै गर्मी थियो, तैपनि अनौठोसंग कहिलेकहीं जाडो हुन्थ्यो। गर्मी भए तापनि आगाको नजीक बस्न खुशी मान्यौं, किनभने लामखुट्टेलाइ धूँवा मन पर्दो रहेनछ भन्ने कुरा हामीले पत्ता पायौं। एक छिनपछि कम्बलमा गुट्मुट्ट भएर निदाउन खोज्यौं। तर, मेरो हकमा, हाम्रो अरू बेसुबिस्ताको कुरै नगरूं भने पनि, भ्यागुता, र आकाशमा घुमिरहेका सयकडौं चाहाले कराएको अनौठो गर्जन र तर्साउने आवाजले निद्रालाइ असम्भवको कुरा पार्‍यो। मैले फर्केर लिओलाइ हेरें, उ मेरो नजीकै उङिरहेको थियो, तर उसको मुख रातो पिरो भएको देखेर मलाइ निको लागेन। धुनीको धिपधिपे उज्यालोमा मैले देखें, उसको अर्को-

पट्टि सुतेकी अस्टेनले बराबर कुहुना टेकेर केही उठी खूब व्यग्रतापूर्वक उसलाइ हेर्ने गर्थी।

हामीसंग सर्वपूंजी भएको क्विनाइनको ठूलो मात्रा हामीले अघि नै खाइसकेका थियौं, उसैले लिओलाइ गर्ने अरू कुरा केही नहुनाले पल्टेर हजारौं हजारौंको पटक गरी निस्कन लागेका ताराहरू हेर्न थालें। आखिरमा आकाशको अजङ्को गुमजमा एक ठाउँ पनि बांकी नराखी झल्कने विन्दुहरू छरिए। हरेक विन्दु एक संसार थियो!

त्यहां गौरवशाली दृश्य थियो, जुन दृश्यसित मानिसले आफ्नो क्षुद्रतालाई दांजे हुन्थ्यो! चांडै नै मैले यस विषयमा विचार गर्न छाडिदिएं, किनभने यो मन, अनन्तलाइ बुझ्न, खोज्दा, र सर्वशक्तिमान् परमेश्वर एक मण्डलबाट अर्को मण्डलमा फर्कनुहुंदा उहांको पाइला पत्ता लाउन खोज्दा, वा उहांका सृष्टिबाट उहांको मनसाय ताड्न खोज्दा सजिलै संग थाक्छ। यस्ता कुरा हामीले जान्नाको निमित्तका होइनन्। ज्ञान बलियाको निमित्त हो हामी त निर्धा छौं। ज्यादा बढ्ता बुद्धिले शायद हाम्रो अपूर्ण दृष्टिलाइ अन्धो तुल्याउला, तथा ज्यादा बढ्ता बलले हामीलाई लागुले जस्तै लठ्याउला, हाम्रो कमजोर विवेकलाइ बढ्ता भार परी आखिरमा त्यो ढल्ला तथा हाम्रो आफ्नै व्यर्थाभिमानको गहिराइमा हामीलाइ डुबाउला। किनभने मानिसको अर्धान्ध निरीक्षणको लगातारको प्रयत्नले प्रकृतिको पुस्तकबाट अर्थ लाउँदा बढेको मानिसको बुद्धिको पहिलो परिणाम क्या हो? आफ्नो सृष्टिकर्ताको अस्तित्व, वा, वास्तवमा, आफ्नो बाहेकको जुनसुकै बुद्धिमानी मनसायको अस्तित्व छ कि छैन भनी ज्यादै बराबर मानिसलाइ सोध्न लाउनु नै त्यसको पहिलो परिणाम होइन? सत्य लुकेको छ, किनभने जस्तो हामी

सूर्यको तेजलाइ हेर्न सक्तैनौं, त्यस्तै सत्यलाइ हेर्न सक्तैनौं। यसले हाम्रो नाश गर्दछ। अहिले मानिस जस्तो छ त्यस्तो मानिसको निमित्तको पूरा ज्ञान होइन, किनभने उसको सामर्थ्य, उसले ठूलो ठान्छ तापनि वास्तवमा सानो छ। भांडा चांडै नै भरिन्छ, ती झल्कने मण्डलको फनफन घुमाइलाइ र उनीहरू-लाइ घुमाउने शक्तिलाई संचालन गर्ने अकथनीय र मौन बुद्धिको हजार खण्डको एक खण्ड पनि यसमा कोचियो भने त्यो भांडो चूर चूर भई फुट्नेछ। शायद कुनै अर्को ठाउँ र समयमा यो कुरा बेग्लै हुन सक्ला। को भन्न सक्छ? यहां मासुबाट जन्मेको मानिसरूपी बिन्दु परिश्रम र कडा यातना भोग्नालाइ मात्र हो; भाग्यले फुकेर पठाएका साबुने पानीका फुकुण्डाहरू समातालाइ मात्र हो, जसलाइ मानिस आनन्द भन्दछ, ती फुकुण्डा नफुट्तै उसको हातमा एक छिन अडे भने पनि उ अहो-भाग्य ठान्दछ, अनि जब, दुःखान्त नाटक खतम हुन्छ, उसको मर्ने घडी आइपुग्छ, उसले थाहा नपाएको ठाउंमा लुत्रुक्क परेर जानु मात्र हो।

पल्टिरहेको वेलामा मेरो माथितिर अनन्त ताराहरू उदाएका थिए, मेरो खुट्टामनि धापबाट निस्केका आगाका भूत जस्ता, वाफले हुत्याइने तथा मट्टीलाइ रुचाउने डल्लाहरू यता उता गुडिरहेका थिए, अनि ती दुइ कुरामा, अहिले भएको मानिसको, र उसलाइ तथा उनीहरूलाइ प्रबन्ध गर्ने सजीव शक्तिले यो कुरा पनि प्रबन्ध गऱ्यो भने मानिस कस्तोसम्म शायद हुन सक्छ त्यसको किसम र मूर्ति देखें भन्ने मैले ठानें।

यस्ता धेरै कल्पनाहरू त्यस रात मेरो मनमा उठे। सबै बखतमा हामीलाइ दुःख दिन तिनीहरू आउँछन्। म दुःख दिन भन्छु, किनभने, अफसोस! विचार गर्नाले विचारको निस्सहा-

यता नाप्ने काम मात्र दिन सक्छ। अन्तरीक्षको शून्यतामा हाम्रो कमजोर रुवाइले के काम दिन्छ? के हाम्रो धमिलो बुद्धिले ताराहरू छरिएका आकाशको रहस्य बुझ्न सक्छ? यसबाट केही जवाब आउंछ? कहिले पनि केही आउँदैन—प्रतिध्वनि र नाना रंगका तरङ्गका चीजहरूबाहेक केही पनि होइन तैपनि च्याहानको क्षितिजपल्लापट्टि जवाफ छ, र विश्वासले त्यो जवाब दिन्छ भन्ने हामी पत्याउँछौं। विश्वासविना हामी चरित्रको लेखा मृत्यु नै भोग्छौं, विश्वासैको सहाराले अझै हामी स्वर्गमा उक्लन सक्छौं।

थाकेको भए तापनि अझै निद्रा नपरेकोले, हामीले अंभर गरेको कामको बारेमा र त्यो कस्तो बौलट्टी कुरा हो भन्ने विचार गर्न लागें। तैपनि कस्तो अनौठोसंग यो वृत्तान्त कैय्यन् शताब्दीअगाडि लेखिएको त्यो खपटासंग ठ्याक्क मिलेको देखिन्थ्यो! प्रत्यक्ष रूपले, आफै जस्तो अनौठो जातिकी महारानी भएकी र हराइसकेको सभ्यताको चिन्हको बीचमा राज्य गर्ने यो अनौठी आइमाई क्या हो? अनन्त आयु दिने आगाको कथाको के माने हो? यी मासुका पर्खाललाइ बलियो पारी जुगजुगान्तरसम्म ह्रासले चुटेको र वम छोडेको खप्न सक्ने पार्ने कुनै तरल पदार्थ वा सत हुन संभव हुन सकछ? यो संभव छ, तर हुन सक्ने कुरा होइन। विचरा भिन्सिले भने जस्तो कहिले नटुंगिने गरी जीवन लम्मिनु जीवनको उत्पत्ति र यसको अस्थायी खपाइ जत्तिको गजबको कुरा होओइन। यो साँच्चै कुरा हो भने, त्यसको नतीजा के हुन्छ? यो पाउने मानिसले सारा संसारमा पक्का रजाइँ गर्नेछ। उसले संसारको सारा धन, सारा शक्ति, र शक्तिरूपको सारा बुद्धिलाइ गुटमुट्याउन सक्नेछ। सबै ज्ञान वा विज्ञानको अध्ययनलाइ भर-

जीवन त्यो दिन सक्नेछ। त्यो कुरा सांच्चि भएदेखि, र सांच्चि नै शीले अजंमरी पाएकी भए, जुन कुरा म एक निमेष पनि पत्याउन सक्तिन, आफ्नै पैतालामनि यी सबै कुरा छंदा छंदै पनि, किन तिनले नरमांसाहारीको समाजको बीचमा एउटा ओडारमा बस्न रोजिन् ? निश्चय नै यी कुराले सबै शंकालाइ टुंगो लाउँछ। त्यो कथा अचाक्लीको छ, जुन कालमा यो लेखिएको हो त्यही बूढीरूढी पत्याउने कालको योग्य मात्र छ। जेसुकै होस्, कहिले नटुंगिने जीवन पाउन कोशिश गर्नेछैन भन्ने मलाइ दृढ निश्चय थियो। आफ्नो ४० वर्ष च्यानचुनको उमेरमा ज्यादै धेरै झन्झट, निराशता, र गुप्त दुःख मैले भोगिसकेको थिएँ, उसैले यसलाइ नटुंगिने गरी लम्याउने मेरो इच्छा थिएन। तैपनि अरूसित दांज्दा मेरो जीवन सुखमय भए जस्तो लाग्छ।

अहिलेको अवस्था विचार गर्दा हाम्रो पहिलेका जीवनको गति नचाहिने गरी लम्मिनुभन्दा ज्यादै छोटिनु संभव छ भन्ने विचार गर्दै आखिरमा म निदाएं। म निदाएकोमा, यो वृत्तान्त कसैले पढिहाले भने, जोसुकैले पनि खुशी मान्नु धेरै संभव छ।

फेरि म बिउंझंदा भर्खर झिसमिसे उज्यालो हुन लागेको थियो। रक्षकहरू र डोलेहरू हाम्रो यात्राको तयारी गर्दै बिहानको घनो हुस्सुमा भूत जस्तो गरी यता उता गरिरहेका थिए। आगो स्यामसुम्म निभिसकेको थियो। मैले बिहानको ठण्डीले हातखुट्टा कमाउँदै उठी आङ तानेर लिओलाइ हेरें। उ आफ्नो टाउको समातेर टुक्रुक्क बसिरहेको थियो। मैले देखें, उसको मुख रातो र आंखा तेजिला भएका थिए, तैपनि नानीको वरिपरि पहेंलो थियो।

मैले भनें, 'अं, लिओ, तिमीलाइ कस्तो छ ?'

उसले धोत्रे आवाजमा जवाब दियो, 'मत मर्न लागें क्यारे। मेरो टाउको फुट्न लागिरहेछ, शरीर कांपिरहेछ, चौपट्ट वाकवाकी पनि लागिरहेछ।

मैले सुसेलें, वा नसुसेले तापनि सुसेलन मन लाग्यो, किनभने लिओलाइ कडा ज्वर आएको थियो। मैले जौब-कहां गएर किनाइन मागें। भाग्यले, हामीसित किनाइन प्रशस्त थियो। जौबलाइ पनि लिओलाइ भन्दा केही कम रहेनछ। उसले आङ दुख्छ, रिंगटा लाग्छ भन्यो, त्यो करीब करीब असक्तै थियो। त्यहांपछि त्यस परिस्थितिमा गर्न सकिने केवल एउटा कुरा गरें—अर्थात् उनीहरूलाइ दश दश ग्रेन किनाइन दिएं, र बचाउको निमित्त आफूले पनि त्यसभन्दा केही सानो मात्रा खाएं। त्यसपछि बिलालीकहां पुगी भएभरको कुरा भनें, अनि साथसाथै यस्तोमा के गर्नु असल हो भनी उसंग सोधें। उसले मसंगसंगै आएर लिओ र जौबलाइ हेर्‍यो। सांचि उसले जौबलाइ मोटो वाट्टुलो मुख र साना साना आंखा भएकोले सुंगुर भन्ने नाउं राखेको थियो।

उनीहरूले नसुन्ने ठाउंमा पुगेपछि उसले भन्यो, 'ओहो! जरो! त्यही हो। सिंहलाइ बेसरी आएको छ, तर तरुनो छ, बांच्ला। सुंगुरको हकमा, उसलाइ त्यति खराबसंग आएको छैन; उसलाइ आएको "सानो जरो" हो; त्यो जरो सधैं पिठिउं दुखेर शुरू हुन्छ; यो उसको बोसोमा पुगेर हराउंछ।'

मैले सोधें, 'उनीहरू बाटो लाग्न सक्छन् त, मेरो पिता?'

'होइन, मेरो छोरा, उनीहरूले नगइहुंदैन। यहां मुकाम गरे त तिनीहरू पक्कै मर्छन्; फेरि, भूइंमा भन्दा डोलीमा उनीहरूलाइ बेस हुनेछ। आज रातीसम्ममा, सबै कुरा बढिया भयो भने, हामी-

हरू धाप पार गरी असल हावामा पुग्नेछौं। आऊ, उनीहरूलाइ उचालेर डोलीमा राखौं र बाटो लागौं, किनभने यो बिहानको हुस्सुमा चुप लागेर बस्नु साह्रै खराब छ। हामीले जाँदा जाँदै खानेकुरो खाए हुन्छ।'

त्यहीबमोजिम गरेर मनमा साह्रै खेद मानी फेरि हाम्रो अनौठो यात्राको बाटो लाग्यौं। पहिला तीन घण्टासम्म सबै कुरा खोजे जत्तिकै असल भयो, त्यसपछि एउटा घटना घट्यो, जसले गर्दा लामको अगाडि अगाडि डोलीमा गएको हाम्रो बूढो मित्र बिलालीको साथमा हुने आनन्द झण्डै हामीले गुमाएका थियौं। हामी धापको खास गरी जोखिमको पाटामा हेलिइरहेका थियौं, जसमा डोलेहरू कहिलेकहीं घुंडा घुंडासम्म डुब्थे। वास्तवमा हामी पार गर्न लागेको यस्तो जग्गामा त्यस्ता गह्रौं डोलीहरू बोक्नै कसरी सकेको भन्ने मलाइ रहस्य थियो, हुन त जगेडा दुइ जना मानिस र चार जना डोलेले त्यो डांडीलाइ बोकेका थिए।

एक छिनपछि, जसै हामी बाटो बिराउँदै एकातिर पुग्दै जान लाग्यौं, तीखो आवाज आयो, त्यसपछि धेरै जनाले कराएको सुनियो, आखिरमा उग्र ठूलो ङ्वाम्ल्याङ्ङ गरेको आवाज भयो र सारा लाम रोकियो।

म आफ्नो डोलीबाट हामफाली अगिल्तिर दगुरेर गएँ। अन्दाजी बीस गज अगिल्तिर मैले बयान गरेका काला झारपात कुहेका दहहरूमध्ये एउटाको डील थियो। यसको तीर तीरमा हाम्रो बाटो गएको थियो, त्यो बाटो संयोगले साह्रै भिरालो थियो। यो दहतिर हेरी बिलालीको डोली यसमाथि तैरेको देख्ता म खङ्ख्याङखुङ्रुङ परें, बिलालीको चाहिं पत्तै थिएन। कुरा छर्लङ्ग पार्नालाइ के भएको थियो म त्यो तुरुन्त भन्दछु।

बिलालीको एउटा डोलेले घाम तापिरहेको सर्पलाइ दुर्भाग्यवश कुल्चेछ । सर्पले उसको गोलीगांठामा टोकिहालेछ, अनि स्वभावतः उसले डांडी छोडिदिएछ । त्यसपछि ओह्रालोतिर घुसमुन्टिन लागेको हुनाले उसले डोलीलाइ समातेछ । त्यसको परिणाम ठाने जस्तै भयो । डोली तीरको छेउतिर तानियो, अरू डोलेहरूले छाडिदिए, अनि डोली, बिलाली, र सर्पले टोकेको मानिससमेत गुटमुटिएर लटपटिंदै त्यो लेदोको दहमा खसे । त्यो दहको किनारामा पुग्दा मैले दुवै जनालाइ देखिनँ; हकीकतमा, त्यो डोले फेरि कहिले पनि देखिएन । या त उसको टाउको केही कुरामा ठोकियो या हिलामा गाडियो, वा संभवतः सर्पले टोकेकोले उसको जीउ लाटियो । जेसुकै होस् त्यो बेपत्ता भयो । तर बिलाली गायब भए तापनि, तैरिरहेको डोली चलेकोबाट, त्यो यस ठाउंमा दरवर झापनभित्र अल्झिरहेको छ भन्न स्पष्टै थाहा हुन्थ्यो ।

एक जना मानिसले भन्यो, 'ऊ, त्यहां हुनुहुन्छ ! हाम्रो पिता त्यहां हुनुहुन्छ !' तर उसलाइ मदत गर्न भने उसले एक औंलो पनि चलाएन, न अरूले चलाए । उनीहरू खालि उभिएर त्यस दहमा वाल्ल परेर हेरिरहे ।

मैले अंग्रेजीमा कराएं, 'छाडिदेऊ, कहींका पशुहरू !' अनि, आफ्नो टोप फ्यांकेर, दगुर्दै त्यस डरलाग्दो फोहर लेदो भएको दहमा निकै टाढा पुग्ने गरी हामफालें । दुइ चोटि वांकटे हान्दा ती कपडाको मन्तिर छटपटाउन लागेको बिलालीकहां पुगें ।

जेनतेन गरी, यसरी भन्न मलाइ राम्रो थाहा छैन, मैले उसलाइ ती कपडाहरूवाट फुत्काएं, अनि उसको आदरणीय टाउको, आइभि लहराका पातहरूले ढाकिएको पहेंलो पहेंलो

वेकसको टाउको झैं हरियो लेदाले लटरम्म ढाकिएर दहको सतहमाथि निस्क्यो। अनि त अरू कुरा सजिलै थियो, किन-भने बिलाली ज्यादै अनुभवी मान्छे हुनाले डुब्न लागेको मान्छेले अक्सर गरे झैं मलाइ च्याप्प नसमातालाई होश पुग्यायो। उसैले मैले उसको पाखुरामा समातेर बडो मुश्किलसित हिलो-मा उसलाइ घिसार्दै किनारामा ल्याएं। त्यस बेलामा हामी जत्तिका ज्यादा गद्दर देखियौं त्यस्तो यसभन्दा अगि वा पछि कहिले मैले देखेको छैन। उ खोक्तै, डुबेर आधा मरेको, हिलो र हरियो लेदोले पोतरिएको, आफ्नो राम्रो दाह्रीबाट भर्खर तेल हालेको चिनियाँ चुल्ठो जस्तो चुच्चो परी पानी तप तप चुहाइरहेको थियो, तापनि थकाली जस्तो र रवाफिलो देखिए-को थियो। यसबाट बिलालीको अनुहारको करीब करीब अति-मानुषिक रवाफको पाठकवर्गलाइ केही खयाल हुनेछ।

बोल्न सक्नेसम्म ताकत हुने बित्तिकै डोलेहरूलाइ उसले भन्यो, 'कहींका कुकुरहरू! म तिम्रो पितालाइ तिमीहरूले डुबेर मर्नालाइ छोडिदियौ। यो परदेशी, मेरो छोरा बबूनले यति नगरेको भए म निश्चय नै डुबेर मर्नेथिएं। भैगो, म यो कुरा याद राख्नेछु,' अनि केही पानी टलपल भएको थियो ता-पनि तेजिलो आंखाले उसले ती मानिसहरूलाइ ट्वालट्वालति हेर्‍यो। त्यो हेराइको किसिम उनीहरूले नरुचाएको मैले पत्ता पाएं, किनभने उनीहरूले घोसे किसमले बेवास्ता गरे झैं देखाए।

मतिर फर्केर मेरो हात पक्री त्यो बूढो मानिसले भन्यो, 'निश्चिन्त रहू, जस्तै परे पनि म तिम्रो मित्र रहनेछु। तिमीले मेरो प्राण बचाएका छौ: शायद मैले तिम्रो प्राण बचाउने दिन आउनेछ।'

त्यसपछि हामीले हुन सकेसम्म राम्ररी पुछपाछ गर्‍यौं, डोली झिक्यौं, अनि डुबेको मानिसलाइ छोडेर बाटो लाग्यौं। मलाइ थाहा छैन, संयोगले त्यो सबभन्दा मन नपरेको मानिस भएकोले हो वा तिनीहरूको जातै बेवास्ता गर्ने र स्वार्थी मिजास भएर हो, तर मैले भन्नैपर्छ कि उसको काम खप्टनुपर्ने मानिसले बाहेक अरूले उ अचानकसंग र सधैंको लागि गायब भएकोमा उस्तो दिक माने जस्तो देखिएन।

एघारौं परिच्छेद

कोरको मैदान

सूर्यास्त हुनुभन्दा करीब एक घन्टाअगि, हामी आखिरमा भासको ठूलो पेटीबाट तरंग जस्तै चढ्दै गएको जमीनमा उत्र्यौं, जसको निमित्त मैले ईश्वरप्रति असीम कृतज्ञता प्रकट गरें। पहिलो तरंगको चुचुराको ठीक वल्लोपट्टि वास बस्नालाई हामीले मुकाम गर्‍यौं। मेरो पहिलो धन्दा लिओको अवस्था जान्ने थियो। उसको अवस्था बिहानको भन्दा झन् खराब भएको थियो, अनि एउटा नयां र साह्रै अत्त्याउने प्रकृति, वमन, शुरू भई बिहानसम्म रहिरह्यो। त्यस रात एक घन्टा पनि सुत पाइनँ; किनभने लिओ र जौबको सुसुर्का गर्न अस्टेनको सगाइ लाग्दैमा रात बित्यो। अस्टेन मैले देखेको भरीमा सबभन्दा बढ्ता भोला र थाक्तै नथाक्ने नर्समध्येकी थिई। जेभए पनि यहांको हावा अति गर्मी नभई न्यानो र मनपर्दो थियो, धेरै लामखुट्टे लाग्दैनथे। यहां हामी भासको हुस्सुको तलमाथि पनि थियौं। त्यो भास हाम्रो मन्तिर शहरमाथिको धमिलो

धूँवाको चँदुवा जस्तो गरी फैलिएको थियो, जसको बीच बीचमा भासको आगोका हिँड्ने डल्लाले उज्यालो पारेको थियो। उसैले पहिलेको अवस्थासित दाँज्दा हामीलाइ निकै सुबिस्ता भए जस्तो लाग्यो।

भोलिपल्ट बिहान लिओको मगज बिलकुल सड्केको थियो, त्यो आफ्नो टाउको दुइ फ्याँक भएको छ भन्ने ठान्थ्यो, उसैले म असाध्य आत्तिएको थिएँ। उसको व्यथाको के अन्त होला भन्ने बिचार गर्दा एक किसिमको खङ्ख्याङखुङ्रुङ पार्ने डर मनमा पस्न थाल्यो। अफसोस! यो जरो यसरी टुंगिन्छ भनेर मैले धेरै पटक सुनेको थिएँ। म बिलखबन्द परिरहेको बेलामा बिलाली आएर हामीले बाटो लाग्नुपर्छ भन्यो, खास गरेर किन-भने, अब बाह्र घण्टाभित्र लिओ शान्त र योग्य सुसार पुग्ने कुनै जग्गामा पुगेन भने अब एक दुइ दिनमै उ मर्नेछ भन्ने उसको राय थियो। म उसंग सहमत भएं, उसैले लिओलाइ डोलीमा हाली हामीले प्रस्थान गर्‍यौं। अस्टेन चाहिं लिओलाइ झिंगा धपाउनालाइ र उ भूईंमा हामफाल्न नपाओस् भनी उसको डोलीसित पैदल हिंडी।

सूर्योदय हुनु आधा घण्टाअगाडि मैले अगि भनेको डाँडामा हामी पुग्यौं, अनि साह्रै राम्रो दृश्य हाम्रो आंखाअगाडि झलमल्ल भयो। हामीमनि घांसले हरियो भएको र झारपात तथा फूलले राम्रो भएको जमीनको ढकमक परेको फांट थियो। पछिल्तिर, मेरो अन्दाजले हामी भएको ठाउँबाट करीब अठार माइल टाढा एउटा अजङ्को अनौठो पहाड मैदानबाट एक्कासि उठेको थियो। त्यो ठूलो पहाडको फेदीमा घाँसिलो सलामी देखिन्थ्यो, तर यसभन्दा माथि पछिबाट हेर्दा थाहा पाएँ, मैदानको तलभन्दा करीब

५०० फीटको उच्चाइमा, नांगो पहराको डरलाग्दो र बिलकुल ठाडो एकदम बाह्र पन्द्र सय फीट अग्लो भित्तो थियो। निसन्देह ज्वालामुखीबाट बनेको त्यो पहाडको आकार गोल जस्तो देखिन्थ्यो तर, यसको वृत्तको एक खण्ड मात्र देखिएको हुनाले यसको उग्र ठूलो कद ठीकसँग अन्दाज गर्न गाह्रो थियो। पछिबाट मैले पत्ता लाएं, यसले जमीनका ५० वर्ग माइलभन्दा कम ढाकेको हुनुपर्दैन। मैदानको तलबाट एकलासको खाफमा शुरू भएको यो ठूलो प्राकृतिक बुर्जाले उपस्थित गरेको दृश्य-भन्दा बढ्ता महान् र प्रभाव पार्ने अरू कुरा मैले कहिले देखेको थिइनँ, न कहिले देखुंला भन्ने लाग्छ। यसको एकान्तताले नै यसको महिमा बढाएको थियो। यसका धेरै माथि पुगेका चुचुराहरूले आकाशलाइ चुम्बन गरे जस्तो देखिन्थ्यो। धेरै-जसो त उनीहरूले आफ्ना चौडा सम्म परेका कुमहरूमाथि भुस भुस परिरहेका बादलको लुगा लाउंथे।

मैले आफ्नो डोलीमा टुक्रुक्क बसेर मैदानपारीका रोमाञ्च पार्ने र तेजस्वी दृश्य हेरें। मैले त्यसरी हेरेको बिलालीले देख्यो क्यारे, किनभने उसले आफ्नो डोलीलाइ मेरो हाराहारी ल्याउन लायो।

उसले भन्यो, ' "आज्ञा-मान्नैपर्ने-शी"को महल हेर! यस-भन्दा अगाडि कुनै महारानीको यस्तो सिंहासन थियो?'

मैले जवाब दिएं, 'यो अचम्मको रहेछ, मेरो पिता। तर यस-भित्र हामी कसरी पस्ने? ती भीरमा चढ्न त मुश्किल जस्तो देखिन्छ।'

'तिमी देखौला, मेरा बबून। अहिले हामीमनिको बाटो हेर। यो के हो भन्ने तिमीलाइ लाग्छ? तिमी बुद्धिमान् छौ। ल, भन।'

मैले हेरें, र पहाडको फेदीतिर सीधै गएको चपरीले छोपेको भए तापनि सडकको धर्सो जस्तो देखें। यसको दुवै-पट्टि अग्ला डीलहरू थिए। बीच बीचमा भत्केका भए तापनि यी डील धेरैजसो निकै अटूटसंग गएका थिए; जसको अर्थ मैले बुझ्न सकिनँ। सडकलाइ दुवैपट्टि गारोले बन्द गरेकोमा साऱ्है अनौठो लाग्यो।

मैले जवाब दिएं, 'मेरो पिता, यो सडक हो भन्ने लाग्छ, नत्र म यसलाइ नदी वा,' त्यो धर्सो अनौठोसंग सीधा गएको देख्ता मैले भनें, 'नहर सुकेको जग्गा भन्न लहसिन्थें।'

विलालीले अगिल्लो दिन गाडिएकोमा केही जति मानेको थिएन। उसले बुद्धिमत्ता झल्काई टाउको हल्लाएर जवाब दियोः—

'तिमीले ठीक भन्यौ, मेरो छोरा। यो यस ठाउंका हामी-भन्दा अगाडिका मानिसले पानी लान खनेको नहर हो। यो कुराको मलाइ निश्चय छ, हामी जान लागेको पहाडको डुङ्गाको चक्काभित्र एक पटक एउटा ठूलो पोखरी थियो। आखिरमा हामीभन्दा अगाडिका मानिसले मलाइ थाहा नभएको गजबको कलाले त्यो पोखरीको पींधसम्म छेडेर पहाडको खँदिलो डुङ्गामा पानी जाने निकास खोदे। तर पहिले उनीहरूले मैदानको बीचमा तिमीले देखेको नहर खने। त्यसपछि जब आखिरमा त्यो पानी उथलपुथल भई निस्क्यो, सो पानी अटा-उनालाइ बनेको नहरबाट जोडसँग गई यसले यो मैदानलाइ पार गऱ्यो र आखिरमा यो डांडापछाडिको होचो जमीनमा पुगी त्यहां, शायद, यसले हामीले पार गरेर आएको भास बनायो। त्यसपछि,जब त्यो पोखरी सुक्खा भयो मैले भनेका मानिसहरूले त्यस जग्गामा एउटा ठूलो शहर बनाए, जसको अहिले भत्केका

घरहरू र कोर भन्ने नाउँबाहेक अरू केही बांकी रहेको छैन। ती मानिसले जुगजुगान्तरसम्म गुफाहरू र बाटाहरू खन्दै गए जो तिमी अहिले देख्नेछौ।'

मैले जवाव दिएं, 'त्यो कुरा हुन सक्छ, तर त्यसो हो भने परेको पानी र मूल फुटी निस्केको पानीबाट त्यो पोखरी कसरी नभरिएको त ?'

'होइन, मेरो छोरा, ती मानिसहरू बुद्धिमान् थिए, उसैले पानी निकाल्न निकास बनाएका थिए। तिमीले दाहिनेपट्टिको खोलो देख्यौ ?' अनि त्यसले हामीबाट करीब ४ माइल टाढामा मैदानलाइ घुमेर पार गरेको निकै ठूलो खोलो देखायो। 'निकास त्यहीं हो, यो नहर गएकै जग्गामा पहाडको भित्ता बाट त्यो निस्कन्छ। पहिले, शायद त्यो पानी यो नहरबाट गयो, तर पछिबाट ती मानिसहरूले पानीलाइ फर्काएर त्यो नहरलाइ सडकको काममा लाए।'

मैले सोधें, 'उसो भए निकासबाट बाहेक त्यो ठूलो पहाड-भित्र पस्ने अर्को बाटो छैन त ?'

उसले जवाब दियो, 'गाई बाखा र पैदल मानिस बडो मुश्किलसित जाने एउटा ठाउं छ, तर त्यो गुप्त छ। एक महीनासम्म तिमीले खोजे तापनि त्यो ठाउँ भेट्टाउन सक्तैनौ। त्यस पहाडका सलामी र यस मैदानमा चरी मोटाएका गाई बाखाका बथानलाई भित्रको जग्गामा डुल्नालाई वर्षको एक पटक मात्र यस बाटोको चलन हुन्छ।'

मैले सोधें, 'शी संधै त्यहीं बस्छिन्, वा कहिलेकहीं पहाडबाहिर आउंछिन् ?'

'होइन, मेरो छोरा, जहां तिनी छन्, त्यहीं तिनी रहन्छिन्।'

अहिलेसम्ममा हामी ठूलो मैदानको निकै भित्र गइसकेका थियौं। म चाहिं आनन्दसाथ त्यहाँका केही गरम मुलुकमा हुने फूलहरू र रूखहरूका भिन्न भिन्न सौन्दर्यलाई जाँचिरहेको थिएँ। रूखहरू चाहिं फाट्टफुट्ट वा बढ्तामा पनि तीन चार-वटाको झाङ भई उम्रेका थिए। धेरैजसो रूख ठूलठूला र बाह्र-मासे बाँझका जातका जस्ता थिए। त्यहाँ धेरै ताडका रूख पनि थिए, तिनमध्ये कुनै कुनै सय फीटभन्दा अग्ला थिए। अनि त्यहाँ मैले अझसम्म नदेखेका ज्यादै ठूला र राम्रा उनि-उँका रूखहरू थिए, तिनको वरिपरि रङ्गीचङ्गी मह खाने चरा र ठूलठूला पखेटा भएका पुतलीहरूका बथानका बथान पटेर थिए। ती रूखहरूको बीचमा हिंडिरहेका वा अग्ला अग्ला र भुवा भएका घाँसभित्र लुकिरहेका गैंडादेखि चौघोडासम्म सबै किसिमका जन्तु थिए। अरू धेरै किसिमका जन्तुहरूको नाउँ नलिऊँ भने तापनि, मैले एउटा गैंडा, अर्नाको ठूलो बथान, मिर्ग, जिब्रागधा, हरिणहरूमध्ये सबभन्दा राम्रो कृष्णसार, अनि तीनवटा सुतुरमुर्ग देखें। ती सुतुरमुर्ग हामी आएको देखेर हुरीको अगाडि पानीमा बगेको सेतो वस्तु झैं खुर्र दगुरे। ती जन्तुहरू यति प्रशस्त थिए कि आखिरमा मैले मन थाम्न सकिन। मसित डोलीमा शिकार खेल्ने एकनाले मार्टीनि बन्दूक थियो, एक्सप्रेस बन्दूक साह्रै भद्दा हुनाले साथमा लिएको थिइन। एउटा राम्रो मोटो मिर्गले बाँझ जस्तो रूखमा आङ दलेको देखेर, म डोलीबाट हामफाली हुन सकेसम्म उसको नजीक कुप्रे र गएँ। उसले मलाइ अन्दाजी ८० गजभित्रसम्म आउन दियो, त्यसपछि भाग्न सुरखुर गरेर टाउको फरक्क फर्काई मलाइ एक टकसंग हेर्‍यो। मैले बन्दूक उठाएँ, अनि उसको पाखा मतिर परेको हुनाले अगिल्लो पातामनि करीब

बीचमा ताकी गोली छोडें। आफ्नो सानो अनुभवभरीमा त्यत्तिको सफासँग गुल्जाइ मारेको वा त्यत्तिको असल शिकार मैले कहिले पाएको थिइन, किनभने यो ठूलो हरिण सीधा आकाशमा उफ्र्यो र भुतुक्क भएर खस्यो। के भयो भनी हेर्न अडेका डोलेहरूले अचम्म मानी गुनगुनाए। केही कुरामा अचम्म मानेको कहिले पनि नदेखिने यी घोरमुखा जातिबाट यो हतपती नसुनने तारीफ थियो। त्यसपछि रक्षकका एक डफ्फा त्यो जन्तुलाइ काटकुट गर्न तुरुन्त दगुरे। मेरो हकमा, मलाइ त्यो जन्तु हेर्न आग्रह लागेको थियो तापनि, मेरो डोलीतिर बेवास्तासंग टहलिएर हल्ली हल्ली फर्कें मानो मेरो जीवनभर नै त्यस्तो जन्तु मार्न मलाइ बानी परेको थियो, कारण त्यस बेला अमाहगर जातिको मनमा म कैयन् मात्रा माथि पुगें भन्ने मलाइ लागेको थियो, किनभने उनीहरूले यो कामलाइ उच्च कक्षाको जादूगरी प्रदर्शन ठाने। तर साँच्चि भनूं भने, त्यस जन्तुलाइ जंगली अवस्थामा मैले कहिले देखेको थिइनँ। बिलालीले मलाइ बडो जोशसाथ सन्मान गर्‍यो।

उसले करायो, 'साह्रै अचम्म गर्‍यौ, मेरो छोरा बबून, अचम्म! तिमी यस्तो नराम्रो भए तापनि साह्रै ठूलो मान्छे रहेछौ। मैले नदेखेको भए पक्कै म पत्याउने थिइनँ। यसरी मार्न तिमीले मलाइ सिकाउँछु भनेको होइन?'

मैले बेवास्तासंग भनें, 'अवश्य मेरो पिता; यो कत्ति कुरा हो र।'

तैपनि 'मेरो पिता' बिलालीले हान्न लाग्दा म जमीन लिन वा रूखपछाडि आड लिन त्रिर्सनेछैन भन्ने मेरो मनमा नसक्क आँटें।

यो सानो घटनापछि सूर्यास्त हुनुभन्दा करीब डेढ घण्टा

अगाडि अगि मैले लेखेको अग्लो पहाडको छायामनि हामी नपुगेसम्म लेख्न लायकको केही कुरा भएन । मेरा धीर डोलेहरूले प्राचीन नहरको जिमोनको बाटो गरी उज्जर खैरो रंग भएको टिप्पा एक भीरबाट अर्को भीरमा गई बादलमा चुचुरो हराएको ठाउँतिर परिश्रमसाथ जाँदा जस्तो मैले त्यसलाइ देखें त्यसको भयानक रवाफ बयान गर्नु मेरो निमित्त बिलकुल असम्भव छ । म यति मात्र भन्न सक्छु, यसले आफ्नो एकान्तता र ज्यादै गम्भीर महत्ताको गहिराइले मलाइ करीब करीब विचलित पाऱ्यो । त्यो उज्जर र घाम लागेको भिरालामा हामी चढ्यौं, आखिरमा माथिबाट सर्दै आएको छायाले यसको उज्ज्वलतालाइ निल्यो र एक छिनपछि हामी चट्टानमा काटेको बाटोबाट जान लाग्यौं । यो अचम्मसंग खोदेको बाटो झन् झन् गहिरो हुँदै गयो, यो बनाउनालाई मेरो अन्दाजले धेरै वर्षसम्म हजारौं मानिसले काम गरेको हुनुपर्छ । साँच्चि भनूँ भने, त्याउप्वालको मदत वा बारूदले नउडाई यो काम कसरी हुन सक्यो म आजतलक अडकल गर्न सक्तिनँ । त्यो कुरा यो जंगली मुलुकको एक रहस्य हो जो पछिसम्म रहनेछ । म केवल अडकल गर्न सक्छु, यी खनेर बनाएका बाटा र उनीहरूले छेडेका चट्टानहरू खारी बनाएका विशाल गुफाहरू कोरको जातिका सरकारी काम थिए । ती जातिहरू यहाँ संसारका अस्पष्ट अत्तापत्ता नभएका जुगहरूमा बस्थे । अनि मिश्रदेशका स्मारकस्तम्भको हकमा जस्तै यी कामहरू दश हजारौं कैदीको अवर्णनीय शताब्दीसम्म लगातार लागिरहेको परिश्रमले गरिएका थिए । तर यी जातिको हुन् ?

आखिरमा हामी त्यो भीरैको पाटामा पुग्यौं, हाम्रा १९ सौं शताब्दीका इंजिनियरहरूले रेल जाने टनेल बनाएको स्पष्टसंग

सम्झाउने अँध्यारो सुरुङ्को मुखमा पुग्यौं । यो सुरुङ्को बाहिर निकै ठूलो खोलो बगेको थियो । वास्तवमा, यो कुरा मैले अगि भने जस्तो लाग्दैन तापनि, पहरामा खनेको बाटो शुरू भएको ठाउँदेखि नै हामी त्यस खोलाको बाटो आएका थियौं, जुन खोलो आखिरमा अगि मैले बयान गरेको दाहिनेपट्टि घुमेर गएको ठूलो नदी बनेको थियो । खनेको बाटोको आधाले खोलो जाने बाटो बनेको र आधा चाहिंले, करीब ८ फीट उच्चो भई सडकको काम दिएको थियो । तर त्यो खनेको बाटोको अन्तमा त्यो खोलो घुमी मैदानको बीचबाट अर्को बाटो बनाई गएको थियो । गुफाको मुखमा हाम्रो लाम थामियो, र ती मानिसहरू केही माटाका टुक्रा बाल्ने काममा लाग्दा बिलालीले आफ्नो डोलीबाट ओर्ली नम्रतापूर्वक तर दृढतासंग भन्यो, 'पहाडको आँतमा पस्ने बाटोको रहस्य तिमीहरूलाइ थाहा नदिनाको लागि तिमीहरूको आँखामा पट्टी बाँध्नू भन्ने शीको हुकुम छ। यो कुरालाइ मैलै खुशीसाथ मन्जूर गरें, तर सफर गरे तापनि अहिले धेरै नै फाइदा भइसकेको जौबले कत्ति पनि यो कुरा निको मानेन । तातो भाँडो टाउकोमा राख्नुअगाडिको यो सुरसार हो भन्ने शायद उसले ठान्यो होला । तर नजीकमा तातो भाँडाहरू छैनन्, फेरि मैले जानेसम्म उनीहरूलाइ तताउने आगो पनि छैन भन्ने कुरा मैले उसलाइ देखाएपछि उसको केही केही चित्त बुझ्यो । बिचरा लिओको हकमा, ईश्वरलाइ मेरो भित्री दिलदेखिको धन्यवाद छ, घण्टौंसम्म बेचैनीसंग ओल्टेकोल्टे फर्केपछि आखिरमा, मलाइ थाहा छैन, निद्रा हो कि मूर्छा पर्‍यो, उसैले उसको आँखामा पट्टी बाँध्न केही जरूरत थिएन । लुगाको नमूनाको केही कुरा लाउन हीनता स्वीकार गर्ने अमाहगरले आफ्नो लुगा सिइएका पहेंला पहेंला

कपडाको टुक्रा आंखामा कसी बांधेर यो आंखा छोप्ने काम गरियो। मैले पछिबाट पत्ता लाएँ यो कपडा च्याहानबाट झिकेको रहेछ, मैले पहिले ठानेको जस्तो स्वदेशी बनौटको रहेनछ। त्यो पट्टी टाउकोपछाडि बांधियो, अनि सर्न नदिनालाइ टुप्पा च्यूँडोमनि गाँठो पारियो।

अस्टेनको आँखामा पनि पट्टी बांधियो, त्यस बाटाको रहस्य हामीलाइ त्यसले भन्छे भन्ने डरले हो, नत्र अरू कुरा मलाइ थाहा छैन।

यो काम खतम भएपछि फेरि हामी बाटो लाग्यौं, अनि चाँडै नै, डोलेहरूको पाइलाको आवाजको प्रतिध्वनिले र बन्द भएको ठाउँमा गुंज्नाले भएको पानीको बढ्दै गएको आवाजले, त्यो ठूलो पहाडको आंतभित्र पसिरहेका छौं भन्ने मैले थाहा पाएँ। यता भन्ने हामीले थाहा नपाएको चट्टानको चुरोभित्र बोकेर लगिंदा एकतमासको अनुभव भयो, तर मलाइ अहिलेसम्ममा यस्ता अनुभवमा र केही कुरामा पनि अचम्म नमान्ने बानी परिसकेको थियो। उसैले चुपचाप लेटी लेटी डोलेहरूको दुङदुङ आवाज र पानीको स्वाइँ स्वाइँ आवाज सुनेर म आनन्द मानिरहेंछु भनी पत्याउनालाइ कोशिश गरें। एक छिनपछि ती मानिसहरूले त्यही दिक्कलाग्दो छोटो गीत शुरू गरे जो मैले डुंगामा हामी पक्रिएको बेलुकी पख सुनेको थिएँ। उनीहरूको आवाजले निकालेको प्रभाव सान्है अनौठो थियो; बिलकुलै अवर्णनीय। केहीपछि गुंसिएको हावा ज्यादै उकुसमुकुस पार्ने र हप्प भयो, कहाँसम्म भने वास्तवमा मलाइ निसासिउँला जस्तो लाग्यो। आखिरमा डोली मोडियो, त्यसपछि फेरि मोडियो, अनि बगेको पानीको आवाज थामियो। यसपछि हावा झन् ताजा भयो तापनि लगातार मोड खाइरहेके र पट्टी

बाँधिएको हुनाले म ज्यादै अलमल्ल परें। यस बाटोले हामीले भाग्न कोशिश गरेको खण्डमा काम लाग्छ भनी मेरो मनमा यी बाटोको नक्सा बनाउन खोजें, तर भन्नु नै व्यर्थ छ, म विलकुल असफल भएँ। अर्को आधा घण्टा जति गएपछि अचानकसंग हामी खुला ठाउँमा पुगेको थाहा पाएँ। मेरा आँखाका पट्टीबाट उज्यालो देख्न र चेहरामा खुला हावाको ताजापन थाहा पाउन थालें। केही मिनेटपछि डोलीहरू थामिए, बिलालीले अस्टेन-लाइ आफ्नो र हाम्रो पट्टीसमेत फुकाउनू भनी अन्हाएको सुनें। तर अस्टेनको मदतलाइ नपर्खेर आफै मैले आफ्नो गाँठो फुकाएँ र वरिपरि हेरें।

मैले ठाने जस्तै, हामी भीरलाइ छेडेर अहिले पल्लोपट्टि, एकदमै यसको डरलाग्दो गरी झुण्डिएको पाटामन्तिर पुगेका थियौं। मैले देखेको पहिलो कुरो, त्यो पहाड यहाँ उस्तो अग्लो थिएन, अर्थात् ५०० फीटले होचो थियो। यसबाट यो सिद्ध हुन्थ्यो कि पोखरीको जिमीन, वा हामी उभिएको प्राचीन विशाल ज्वालामुखीको मुखको जिमीन, वरिपरिको मैदानको तलभन्दा धेरै माथि थियो। चट्टानले घेरिएको अजङ्को खाल्डो-मा हामी पुगेका रहेछौं। यो हामीले सफर गरेको पहिलेको जग्गा जस्तो थियो, केवल १० गुना ठूलो थियो। हकीकतमा, म अर्कोपट्टिका पहाडको कालो रेखा मुश्किलसंग खुट्याउन मात्र सक्थें। प्रकृतिले यसरी घेरिएको मैदानको ठूलो हिस्सा खनजोत गरिएको र ढुङ्गाका पर्खालले घेरिएको थियो। त्यहाँ गाईबाखाका ठूलाठूला बथान हुनाले बगैंचामा फुत्कन नदिना-लाई त्यही घेराभित्र राखिएका थिए।

यो मैदानमा छरिएका घाँस उम्रेका ढिस्काहरू थिए। मैदानको बीचतिर हामीबाट केही माइल टाढा ठूला भत्केका

घरहरूका रूपरेखा देखे जस्तो लाग्यो। त्यस बखतमा अरू अरू कुरा हेर्नें मलाइ फुर्सत थिएन, किनभने अगिबाट हाम्रीहरूको चिनाजानी भइसकेका अमाहगरसित काटीकुटी मिल्ने अमाहगरका हूलले हामीलाइ तुरुन्त घेर्‍यो। तिनीहरू उस्तो नबोले तापनि हाम्रो यति नजीक आए कि डोलीमा पल्टने मानिसले अरू कुरा हेर्नै पाइएन। त्यसपछि अवझटमा कम्पनी कम्पनी भएर मिलेका हतियारबद्ध मानिसहरूको एक फौज देखियो। अनि हातमा हस्तिहाड़का छडी लिएका अफिसरहरूले हाँकिदै ती फौज हामीतिर दगुरेर आए। मैले बुझेसम्ममा, ती फौजहरू भीरको पाटाको आफ्नो दुलाबाट कमिला जस्तै गरी निस्केका थिए। ती अफिसरहरू र पल्टनहरूसमेत सबैले मामूली चितुवाको छालाबाहेक अलखा लाएका थिए। पछिबाट मैले बुझें, उनीहरू शीकै शरीररक्षक रहेछन्।

उनीहरूको नेताले बिलालीकहाँ पुगी आफ्नो निधारमा हस्तिहाडको छडी तेर्सो पारी राखेर उसलाइ सलाम गर्‍यो, त्यसपछि केही कुरा सोध्यो, मैले निधो पाउन सकिनँ। बिलालीले उसलाइ छोटकरीमा जवाब दिएपछि त्यो पल्टन फर्केर पहाडको बगले बगल कूँच गर्‍यो। हाम्रा डोलीहरूको लश्कर पनि तिनीहरूको पछि पछि लाग्यो। यसरी आधा माइल जति सफर गरेपछि हामी फेरि एउटा अजङको गुफाको मुखको अगाडि थामियौं। यो गुफा करीब ६० फीट उचाइ ८० फीट चौडाइको थियो। यहाँ पुगेपछि बिलालीले आफ्नो डोलीबाट ओर्लेर जाँव र मलाइ पछि पछि आउनू भन्यो। लिओ बिरामी हुनाले जरूरै त्यसो गर्न सक्तैनथ्यो। उसले भनेको मैले मानें, अनि हामी त्यो ठूलो गुफाभित्र पस्यौं। अस्ताउन लागेका सूर्यको किरण त्यस गुफाभित्र केही टाढासम्म घुसेको थियो,

उज्यालो नपुग्ने ठाउँदेखि बत्तीहरूले मधुरो उज्यालो दिएका थिए। ती बत्तीहरू झण्डै अपरिमित दूरतासम्म, लण्डनको शून्य सडकका ग्याँस बत्ती झैं फैलिए जस्तो लाग्यो।

मैले देखेको पहिलो कुरो, यी भित्ताहरू उठाएर कुँदेका चित्रहरूले ढाकिएका थिए। धेरैजसो चित्रहरू मैले बयान गरेका भांडाहरू जस्तै थिए—मुख्य गरी आशकका दृश्यहरू, अनि शिकार खेलेका, ज्यानसजाय गरेका, टाउकोमा भांडो राखेर अपराधीहरूलाइ कष्ट दिएका तस्वीरहरू थिए। भांडा राता हुने गरी तातेको भन्ने ताड्न सकिन्थ्यो, उसैले हामीलाइ सन्मान गर्नेहरूले यो मजाको रीति यसैबाट झिकेका हुन् भन्ने स्पष्टै देखिन्थ्यो। त्यहाँ लडाइँका दृश्यहरू ज्यादै कम थिए, यद्यपि दुइ जना जुधेका, मानिसहरू दगुरेका र कुश्ती खेलेका धेरै थिए, यस कुराबाट मलाई यो विश्वास भयो कि यो जातिलाइ बाहिरका शत्रुहरूले उस्तो हमला गरेका रहेनछन्, या त यिनीहरूका मुलुक अरूबाट एकदम छुट्टिनाले हो वा उनीहरूको ठूलो बलले हो। ती चित्रहरूको बीचमा मलाइ बिलकुलै थाहा नभएको किसमका, ढुङ्गामा खोदिने अक्षरका ठाडा लहरहरू थिए; कमसे कम तिनीहरू नत ग्रीक, नत मिश्रदेशीय, नत हिब्रू, नत अशाइरियन थिए—यो कुराको मलाइ निश्चय छ। मैले जानेका अरू अक्षरभन्दा चिनियाँ अक्षरसित तिनीहरू निकै मिल्थे। गुफाको द्वारनेर तस्वीर र अक्षरहरू दुबै खिएका थिए, तर भित्रपट्टि धेरै ठाउँमा ती अक्षरहरू लोहकर्मीले काम गर्न छाडेकै दिनका जस्ता बिलकुल नयाँ र साबुत थिए।

शरीररक्षकको पल्टन गुफाको मुखदेखि आएन, त्यहाँ तिनीहरू हामी भित्र पस्ने बेलामा दुइतिर लाम कसी खडा भए।

त्यो ठाउँमा पसेपछि हामीहरूलाइ सेतो अलखा लाएको मानिसले भेटेर नम्रतापूर्वक झुकी सलाम गऱ्यो, तर केही भनेन। नबोलेकोमा ज्यादा अचम्मको कुरा रहेनछ, किनभने पछिबाट थाहा पाइयो उ लाटो र बहिरो रहेछ।

यसको द्वारबाट करीब वीस फीट टाढा त्यो ठूलो गुफासित समकोण परी गएको एउटा सानो चाहिं गुफा वा फराकिलो कोठा थियो। यस्तै अरू कोठा मूल गुफाका दाहिने र बायाँ पहरा खोदेर बनाइएका थिए। हाम्रो बायाँपट्टिको कोठाको अगिल्तिर दुइ जना पहरादार खडा थिए। त्यसबाट मैंले अनुमान गरें त्यो शीकै खण्डकै ढोका होला। दाहिनेपट्टिको कोठाको मुखमा पहरादार थिएनन्, त्यो लाटाले हामीलाइ त्यहीं जानू भन्ने इशारा गऱ्यो। वत्ती बालेको यो बाटोको केही गजसम्म हिंडेर हामी एउटा कोठाको द्वारमा पुग्यौं, त्यसमा कुनै घाँसले बनेको वस्तुको पर्दा हालेको थियो। त्यो पर्दा दुरुस्त ज्यान्जिबारको गुन्द्री जस्तो थियो।

त्यो लाटोले फेरि खूब निहुरेर सलाम गरी त्यो पर्दा हटायो, र अरू जस्तै खंदिलो चट्टान ताछी बनाएको निकै ठूलो कोठामा लग्यो। तर यस कोठामा भीरको पाटामा प्वाल पारेको दुलोबाट उज्यालो आएको देख्ता मेरो दिलबाट ठूलो बोझ हऱ्यो। यस कोठामा ढुंगाको पलङ, पखालपुखुल गर्नाको निमित्त पानी भरिएका भांडाहरू, र ओछ्याउनाका निमित्त राम्रोसंग पाको पारेका चितुवाका छालाहरू थिए।

यहाँ हामीले लिओलाइ छाड्यौं, किनभने उ अझ मस्तसंग निदाइरहेको थियो, उससित अस्टेन बसी। मैले देखें, त्यो लाटाले उसलाइ साह्रै कडासंग हेऱ्यो, मानो उसको आँखाले भनिरहेको थियो, 'तिमी को हौ, कसको हुकुमले यहाँ आयौ ?'

त्यसपछि उसले हामीलाइ एकदम उस्तै किसमको कोठामा लग्यो, त्यो कोठा चाहिं जौबले लियो। त्यसपछि त्यसले हामीलाइ अर्को कोठामा लग्यो, त्यहाँ बिलाली र म एकएकवटामा वस्यौं।

बाह्रौं परिच्छेद।

'शी'

लिओको स्याहारसुसार गरेपछि जौब र मेरो पहिलो काम नुहाइधुवाइ गर्नु र सुकिलो लुगा फेर्नु थियो। किनभने हामीले लाएको लुगा जहाज डुबेदेखि फेरेका थिएनौं। मैले भने जस्तो लाग्छ, सौभाग्यवश हाम्रा धेरैजसो झिटीमिटी डुंगामा प्याक गरेका थियौं, त्यस कारणले ती मालहरू वचेका हुनाले अहिले भरियाहरूले यहाँ ल्याएका थिए, यद्यपि त्यहाँका स्वदेशीलाइ दिन र उनीहरूसंग सट्टापट्टा गर्न हामीले ल्याएका मालहरू जहाजसितै वेपत्ता भए। धेरैजसो हाम्रा लुगा नसुक्ने र धेरै वलिया विभूति रंगका फलाटिनका थिए, हुन पनि यी ठाउँहरूमा सफर गर्नाको निमित्त यो कपड़ा साह्रै वेस लाग्यो। प्रत्येक तोलाको बढी ओजनले पनि लाउने मानिसलाई असर गर्ने गरम मुलुकमा ओजनको खूब खयाल रहन्छ। यस कपडाको कोट, कमीज, र चुस्ताको त करीब ८ पाउ मात्र ओजन पुगे तापनि न्यानो थियो, सूर्यको किरणबाट, र सबभन्दा बढ्ता, तापक्रमको अचानकको परिवर्तनबाट हुन आउने ठन्डीबाट राम्ररी बचाउंथ्यो। त्यस दिनको नुहाइ धुवाइ वुरुस लगाइको र ती सफा फलाटिनको आनन्द म कहिले बिर्सनेछैन। मेरो

खुशीलाइ पूर्ण गर्न बाँकी रहेको एक मात्र कुरा सावुनको डल्लो थियो, त्यो चाहिं हामीसित छँदै थिएन।

त्यसपछि मैले पत्ता लाएँ, उनीहरूका धेरै मननपर्दो गुणहरूमध्ये फोहर मैलाको ख्याल नराख्ने अमाहगर जातिले नुहाइ धुवाइको निमित्त एक किसमको पोलेको माटो चलन गर्दा रहेछन्, त्यो माटो बानी नपरेसम्म छुँदा बेमज्जा लाग्ने भए तापनि एक तरहले सावुनको काम दिंदो रहेछ।

मैले लुगा लाएं, र आफ्नो कालो दाह्री कोरें छाँटें। त्यति न-गरुन्ज्याल त मेरो दाह्रीको सांच्चि नै प्रशस्त खराब अवस्थाले बिलालीले मलाइ राखेको नाउं 'बबून' लाइ समर्थन गर्थ्यो। त्यस वेलासम्ममा मलाइ ज्यादै असाधारणसंग भोक लाग्न थाल्यो। त्यसै कारण, तयारीको अलिकति पनि आवाजको सूचना नदिई मेरो गुफाको ढोकाको पर्दा हटाएर, अर्कै लाटी, यो पटक चाहिं एउटी तरुनी ठिटीले मैले भूलै गर्न नसक्ने इशाराद्वारा—अर्थात् आफ्नो मुख बाएर त्यसभित्र देखाई खानाको निमित्त केही कुरा तयार छ भनी जनाउ दिंदा, मलाई खुशी लाग्यो। उसैले म उसको पछि लागी हामीले अहिलेसम्म नदेखेको अर्को कोठामा पसें। त्यहां अर्की राम्री लाटीले लगेको हुनाले सान्है अपठ्यारो मानिरहेको जौबलाइ देखें। जौबले तातो भांडा टाउकोमा राख्न लाउने आइमाईले आफूसंग प्रेम गरेको कहिले पनि बिर्सदैनथ्यो र उसको नजीक आउने सबै ठिटीको त्यही किसिमको मनसाय छ भन्ने शंका गर्थ्यो।

उसले माफी मागेको तौरले भन्यो, 'यी जवान ठिटीहरूको बगालको हेर्ने एउटा किसिम छ, हजूर, त्यसलाइ म इज्जतदार-लाइ सुहाउंदो भन्न सक्तिनँ।'

यस कोठाको नापो सुत्ने गुफाको भन्दा दोबर थियो।

तुरन्तै मैले देखें पहिले यो कोठाले मठको भोजनालय, र सम्भवतः, मृत व्यक्तिका पुरेतहरूको निमित्त नकुहुने मलहम लाउने कोठाको पनि काम दिएको थियो; किनभने यहीं भनिदिए पनि हुन्छ, यी खोदेर बनाइएका गुफाहरू बेपत्ता भएका ठूला जातिका लास कैयौं जुगदेखि रहिरहेका जमीनभित्र खोदी खोदी बनाइएका साक्षात् विशाल च्याहान थिए। ती जातिकै संझौटा चिह्नहरू हाम्रा वरिपरि मौजूद थिए। ती लास कसैले आजसम्म दांज लाग्न नसकेको सदाको लागि छिपाइएको कला र पूर्णताले जोगाइराखिएका थिए। यो चाहिं पहरे कोठाका दुवै बगलमा अन्दाजी ३ फीट चौडा र ३ फीट ६ इंची उच्चा लामा खँदिला ढुंगाका टेबिल थिए। यी टेबिल पहरा ताछी त्यसैको हिस्साबाट बनेका र बैठक अझै त्यससँग जोडिएका थिए। यिनबाट अन्दाजी २ फीट टाढा गुफाको वगल वगलै वेञ्च जस्तो गरी काटिएको ढुंगाको चप्लेटोमा वस्ने मानिसका घुंडालाइ ठाउं दिनाको निमित्त यी टेबिलहरू केही खोक्रो पारी वा भित्रपट्टि घुँगुख्याई बनाइएका थिए। ती दुवै टेबिल उज्यालो र हावा दिनाको निमित्त चट्टानमा छेडेको प्वालैमन्तिर टुंगिने गरी मिलाइएका थिए। तर तिनीहरूलाइ राम्ररी जांच्ता, पहिले मेरो दृष्टिमा नपरेको विभिन्नता तिनीहरूमा रहेछ भन्ने देखें; अर्थात्, त्यस गुफाभित्र पस्ता वायांपट्टिको टेबिल चाहिं भोजन गर्ना निमित्त होइन, लासलाइ नसड्ने औषधी घस्नाको निमित्त प्रयोग गरिएको रहेछ भन्ने स्पस्टै थाहा हुन्थ्यो। शंका उठ्न नसक्ने गरी त्यही कुरा हो भन्ने टेबिलको ढुंगामा पारेका पांचवटा लामा खाल्टाबाट स्पष्ट वुझिन्थ्यो। सबै खाल्टाहरू टाउंको रहनालाइ छुट्टै ठाउं र घांटी अड्याउनालाइ एउटा सानो ढिस्को भएका, मानिसको जीउको वान्की परेका थिए, प्रत्येक खाल्टा पूरा

बढेको मानिसदेखि केटाकेटीसम्म फरक फरक नापका शरीर अटाउनालाइ भिन्न भिन्न कदका थिए। झोल जानालाइ यसका बीच बीचमा प्वाल पारिएका थिए। वास्तवमा, यो कुराको अझ अरू समर्थन चाहिएदेखि हामीले त्यस गुफाको भित्तामाथि-तिर हेर्रे मात्र पुग्थ्यो। किनभने त्यहाँ, कोठाको वरिपरि करीब करीब सिद्धिएकै दिनमा जत्तिकै नयाँ देखिने गरी कुँदिएको, शायद यस मुलुकको प्राचीन बादशाह वा ठूलो मानिस होला, लामो दाह्री भएको एउटा बूढो मानिसको मरणको, नकुहुने औषधि घसेको, र गाडेको राम्रोसंग देखाएको तस्वीर थियो।

पहिलो तस्वीरमा उ मरेको देखाएको थियो। देख्ता-खेरि बाजाको नोटसंग आकार मिल्ने टुप्पामा गांठो भएको चारवटा घुँगुरिएका लट्ठामा उभ्याएको पलङमा उ लेटिरहेको थियो। उ मर्न आंटेको जस्तो देखिन्थ्यो, किनभने त्यस पलङको वरिपरि पछिल्तिर झाँक्रो फिंजाएका आइमाई र केटाकेटीहरू रोइरहेका थिए। अर्को तस्वीरले हाम्रो अगाडि भएको जस्तै खाल्टा भएको टेबिलमा त्यो शरीरलाइ निर्बाङ्ग पारी सुताई न-कुहुने औषधी प्रयोग गर्न लागेको दर्साउँथ्यो; शायद यो त्यही टेबिलको तस्वीर हुन सक्छ। तीन जना मानिस त्यो काममा लागेका थिए—एउटा चाहिं ठीक गर्छन् कि गर्दैनन् भनेर हेरि-रहेको थियो, अर्को चाहिं ठीक पोर्ट रक्सी छान्ने भांडो जस्तो बान्की परेको फनेल समातिरहेको थियो, त्यो भांडाको टुप्पो चाहिं छातीमा चिरेको ठाउँ, निस्सन्देह त्यहाँको ठूलो नसामा जोडिराखेको थियो; तेस्रो मान्छे चाहिं, लासलाइ टाङमन्तिर पारी उभिएर आफ्नो हातमा समातेको धेरै ठूलो भांडो माथि उचालेर ठीक फनेलमा पर्ने गरी बाफ आउने केही पन्यालो पदार्थ खन्याइरहेको थियो। यो ढुंगामा कुँदेको चित्रको सब-

भन्दा अनौठो कुरा यो छ, फनेल समात्ने र त्यो तरल पदार्थ खन्याउने दुवै मानिसले आफ्ना नाक थुनेका देखाइएका थिए, या त म ठान्छु त्यो शरीरबाट उठेको गन्धले हो, वा झन् बढ्ता संभव त्यो मरेको मानिसको नसामा भरिएको त्यो तातो तरल पदार्थका चर्को बाफ नाकभित्र पस्न नदिनालाइ हो। मैले व्याख्यान गर्न नसक्ने अर्को अनौठो कुरा यो छ, तीनै जना मानिस आँखाको निमित्त प्वाल पारेको कपडाको पट्टी बाँधेका दर्साइएका थिए।

तेस्रो चित्रमा चाहिं त्यो मरेको मानिसलाई गाडेको थियो। त्यसमा त्यो मानिस कपडाको अलखा लाएर ठरौं र चिसो भई लेटिरहेको, हाम्रो सफरको पहिलो जग्गामा म सुतेको जस्तै ढुंगा-को चप्लेटोमा आरामी लिइरहेको थियो। उसको टाउको र खुट्टानेर बत्ती बलिरहेका थिए, मैले बयान गरे जस्ता राम्रा रंगीन कैयन् भांडाहरू बगलमा राखिएका थिए, ती भांडा-मा शायद खाने सर्जाम भरिभराउ भएका ठानिएका होलान्। त्यो सानो कोठा मलामीहरू र लाइअरसित मिलने बाजा बजाउने संगीतकारहरूले भरिभराउ थियो। लासको खुट्टा-नेर चाहिं एउटा मानिस लासलाइ ढाक्नाको तयारीमा एउटा कात्रो समातिरहेको थियो।

यी ढुंगामा खोदिएका मूर्तिहरू, कलाको कामको रूपमा मात्र हेर्दा पनि, यति राम्रा थिए कि मैले तिनीहरूलाइ निकै पूरासंग बयान गरेकोमा माफी माग्दिनँ। फेरि म तिनीहरू-लाइ साह्रै चाखको वस्तु भन्ने सम्झन्छु, किनभने तिनीहरूले शायद खूब ठीकठीकसंग, बिलकुल बेपत्ता भएको जातिमा चलिआएको मर्दाखेरिको रीतिस्थिति दर्साउँछन्। त्यस बेला पनि, यी अनौठा अवशेषको बयान केम्ब्रिजका

प्राचीन वस्तुको खोजी गर्ने मेरा आफ्नै दोस्तहरूलाई सुनाउने मलाइ मौका मिल्यो भने तिनीहरूमध्ये कुनै कति डाहा गर्ने-छन् भन्ने मैले ठानें। यस इतिहासका हरेक पृष्ठले आफ्नै सत्यताको यति धेरै आन्तरिक प्रमाण धारण गरेको छ कि यो कुरा कथन मलाइ बिलकुलै असम्भव देखिन्छ तापनि शायद उनीहरू मैले कुरा बढाएको भन्नेछन्।

अब फेरि पहिलेकै कुरा पक्रूँ। मैले हतपतसंग यी उठाएर खोदिएका चित्रहरू जांचेपछि, हामी बोकाको उसिनेको मासु, ताजा दूध, र रोटीको साह्रै उत्तम भोजन गर्न वस्यौं। ती खाने कुराहरू सफा काठका थालमा टक्र्याइएका थिए।

हामीले खाइसकेपछि हामी चाहिं लिओलाइ हेर्न फर्क्यौं, बिलाली चाहिं शीकहां गई उनको आज्ञा सुन्नुपर्छ भनी हामी-संग आएन। लिओको कोठामा पुगेर हेर्दा उ ज्यादै बिरामी रहेछ। उसको मूर्छा खुलेछ तापनि एकदम मगज सड्केको रहेछ। उसलाइ थाम्न मुश्किल होला जस्तो थियो, बेसुरमा केम्ब्रिजको कुनै डुंगादौडको बारेमा एकनाससंग फतफताइरहे-को थियो। हामी कोठाभित्र पस्ता अस्टेनले उसलाइ समाति-राखेकी थिई। मैले लिओसंग कुरा गरें, अनि मेरो स्वरले उसलाइ केही शान्त पारेको देखियो; किनभने उसले क्विनाइनको एक मात्रा निल्न मान्यो।

एक घण्टासम्म उसंग बसिरहेको थिएँ, शायद—कमसे कम म संझन्छु त्यस वेला यतिको अंध्यारो हुन लागेको थियो कि मैले उसको टाउकोलाइ तकियामा सुनौला टलक जस्तो मात्र देख्न सक्थें, त्यो तकिया ब्यागलाइ कम्बलले छोपेर हामीले त्यस वेलाको गर्ज टारेका थियौं—त्यत्तिकैमा ठूलो महत्त्वको भाव लिई बिलाली आइपुग्यो, र शी आफैले मलाइ भेट्ने

इच्छा प्रकट गर्न निगाहा गरिन् भन्ने खबर दियो—जुन निगाहा इज्जतको कुरा हो र साह्रै थोरै मानिसले मात्र पाउंछन् भन्यो। त्यस इज्जतलाइ मैले एकदम वास्ता नगरेको देखेर त्यो केही डराएको जस्तो लाग्यो, तर सांच्चि कुरा क्या हो भने जतिसुकै स्वाधीन र रहस्यमयी भए तापनि कुनै असभ्य काली महारानी भेट्न पाउँछु भन्ने कुरामा कृतज्ञताले म गद्गद भएको थिइनँ, फेरि खास गरी मेरो मन प्यारो लिओको जीवनको निमित्त साह्रै डराउन थालेको हुनाले विह्वल थियो।

तैपनि, बिलालीको पछि पछि जान भनी म उठें। जाँदाखेरि भूईंमा केही टल्केको वस्तुमा मेरो आँखा पर्‍यो, त्यसलाइ टिपें। शायद पाठकले संझनुभएकै होला बाकसमा खपटासित स्क्यारब रत्न थियो। त्यसमा बाटुलो चक्का, हाँस, र अनौठो गूढ चित्राक्षर खोदिएको थियो। यो चिन्हको अर्थ 'सूर्यको राजसी पुत्र' हो। यो ज्यादै सानो स्क्यारब रत्नलाइ साधारण छापको औंठी जस्तो गरी ठूलो सुनको औंठीमा जड्न लिओले जिद्दी गरेको थियो। अहिले मैले पाएको चीज त्यही थियो। उसले ज्वरोको जोडमा यसलाइ झिकेर पहरे भूईंमा फ्याँकेको थियो। यहाँ छोडें भने हराउला भन्ने ठानी मैले त्यो औंठी मेरो कान्छी औंलामा घुसारें, त्यसपछि लिओकहाँ जौव र अस्टेनलाइ छोडी बिलालीको पछि पछि लागें।

हामीले त्यो बाटो नाघी, ठूलो अग्लो बरण्डा जस्तो गुफा पार गर्‍यौं, अनि अर्कोपट्टिको त्यस्तै बाटोमा पुग्यौं। त्यस बाटाको मुखमा दुइटा सालिक जस्तो गरी पहरादार उभिएका थिए। हामी आएको देखेर उनीहरूले सलामको रूपमा आफ्नो टाउको झुकाए, अनि सिपाहीहरूका नेताले पनि हामीलाइ भेट्ता आफ्नो हस्तिहाडको छडीले गरे झैं, आफ्ना लामा भाला उठाएर

आफ्ना आफ्ना निधारमा तेसौं गरी राखे। हामी उनीहरूको बीच-बाट गयौं, र दुरुस्तै आफ्ना खण्डहरूमा जाने वरण्डा जस्तै ठउँमा पुग्यौं, केवल यस बाटोमा, उसंग दाँज्दा चहकिलो उज्यालो थियो। यसभित्र चार कदम गएपछि दुइ जना लोग्ने मान्छे दुइ जना स्वास्नीमान्छे जम्मा चार जना लाटालाटी अगि बढेर हामीहरूलाइ खूब झुकेर सलाम गरे, अनि दुइ जना स्वास्नीमान्छे हाम्रो अगाडि दुइ जना लोग्नेमान्छे हाम्रो पछाडि लागे। यही किसमले हाम्रो लडपट्टिका पर्दाहरूसंग मिल्ने पर्दा हालेका कैयन् ढोका पार गर्दै अगाडि बढ्यौं। पछिबाट मैले थाहा पाएँ, ती द्वार शीको पाउरखवारी गर्ने लाटालाटीका कोठामा जाने द्वार थिए। केही कदम अगाडि बढेपछि अरूहरू जस्तो हाम्रो वायाँपट्टि होइन, हाम्रो सीधा अगाडि अर्को द्वारमा पुग्यौं, त्यहाँ पुगेपछि त्यो बाटो टुंगिएको देखिन्थ्यो। त्यहाँ अर्को दुइ जना सेता वा पहेंला अलखा लाएका रक्षक खडा थिए, तिनी-हरूले पनि हामीलाइ झुकेर सलाम गरी भालाले सलामी दिए, अनि हामीलाइ गरुँगो पर्दावाट ठूलो मटानमा पस्न दिए। बिलकुल चालीस फीट लमाइ र त्यत्तिकै चौडाइको त्यस मटा-नमा करीब आठ दश जना पहेंला कपाल भएका आइमाई थिए, तिनीहरूमध्ये धेरैजसो तरुनी र राम्रा थिए, गद्दामा वसी हस्तिहाडको सियोले कारचोपी काम गर्ने फ्रेम जस्तो वस्तुमा काम गरिरहेका थिए। यी आइमाई पनि बहिरा लाटा थिए।

बत्तीले झलमल्ल भएको यस ठूलो मटानको तल्लो छेउमा दोस्रो द्वार थियो। त्यसमा हाम्रा कोठाका ढोकामा झुण्ड्याइए-को पर्दाभन्दा बिलकुल फरक गरुँगो पूर्वीय छाँटको चित्रित पर्दा हालेको थियो,दायाँ बायाँ आफ्नो टाउको छातीतिर निहु-

ल्याएर, सान्है अदबसाथ आफ्नो हात बाँधेर दुइ जना निकै राम्रा लाटा ठिटी उभिइरहेका थिए। हामी अगाडि बढ्दा उनी-हरू दुवैले एउटा हात पसारी पर्दा उठाए। त्यसपछि बिलालीले एउटा अनौठो कुरो गर्‍यो। त्यो माननीय अनुहार भएको बूढो भलादमीले—किनभने भित्र दिलमा विलाली भलादमी नै हो, चार हातखुट्टा टेक्यो, र यस्तो बेइज्जतीको पोजीशनमा, आफ्नो लामो सेतो दार्‍हीलाइ भूइँमा घसारी, बामे सरेर भित्र पस्न लाग्यो। म उसको पछि पछि साबिकको हिसाबले उभिएरै गएँ। टेढो आँखाले पछिल्तिर हेरेर बिलालीले यो देख्यो।

'निहुर, मेरो छोरा; निहुर, मेरो बबून; चार हातखुट्टा टेक। हामीले शीको जुनाफमा प्रवेश गर्‍यौं, र, यदि तिमी विनीत भएनौ भने निश्चय नै उहाँले तिमी उभिएको ठाउँमा नै तिमीलाइ भस्म गर्नुहुनेछ।'

म अडिएँ र डराएँ। सांच्चि भनूँ भने, मेरो घुंडाले चल्न मात्र पनि छाड्न थाल्यो; तर विचार मलाइ मदत दिन आयो। म अंग्रेज हुँ, अनि किन, मैले आफूसँग सोधें, नाउँमा मात्र होइन सांच्चिकै बाँदर हुँ भने झैं गरी कुनै असभ्य आइमाईको सामुन्नेमा बामे सरू? मेरो जीवन र सुविस्ता यसमा भर पर्छ भन्ने मलाइ बिलकुल निश्चय नभएसम्म यो काम गर्ने मेरो इच्छा पनि छैन, गर्दा पनि गर्दिनँ। एक चोटि मैले घुंडा टेकेर घस्रन थालें भने मैले सधैं घस्रनुपर्छ, जुन कुरा गर्नु प्रत्यक्ष नीचता स्वीकार गर्नु हो। उसैले, असभ्य जातिको चालचलनको विरुद्ध बेलायती पक्षपातले बलियो भई तथा हाम्रा यस्ता पक्ष-पातहरूमध्ये धेरैजसोको आश्रय चोखो बुद्धिमानी समझ हो भन्ने संझी बहादुरीसंग अगाडि बढें। एक छिनपछि मटान-भन्दा निकै सानो अर्को कोठामा पुगें। त्यसका भित्ताहरूमा

ढोकामा हाले जस्तै चीजका बहुमूल्य भीतहरू झुण्ड्याइएका थिए। पछिवाट मैले पत्ता लाएँ, ती कपडा मटानमा बस्ने लाटी-हरूले धरोधरोमा बनी पछिवाट एकै ठाउँमा सिउँदा रहेछन्। यस कोठाको वरिपरि बीच बीचमा आबनूस किसमका राम्रा काला काठका हस्तिहाड जडेका कवजहरू थिए। भूईंमा चाहिं अरू चित्रित कपडाहरू वा रगहरू ओछ्याइएका थिए। यस कोठाको सिरानको छेउमा खोपा जस्तो देखिन्थ्यो, त्यहाँ पनि पर्दा हालेको थियो, त्यहींबाट उज्यालोको ज्योति निक्लेको थियो। अरू कुराको हकमा त्यो ठाउँ खाली र मानिसको नाउँमा शून्य थियो।

कष्टसंग र विस्तारै विस्तारै बूढो बिलाली त्यो गुफाको लमाइ-सम्म वामे सरेर गयो, म सकेसम्म ज्यादै ख्वाफिलो पाइलाले उसको पछिपछि गएँ। तर मैले थाहा पाएँ, ख्वाफ झिक्नामा म विफल भएको थिएँ। पहिलो प्रथमा, सर्प झैं पेटको बलले घिस्रने बूढो मानिसको पछाडि बसेर पछि लाग्दा कोही मान्छे ख्वाफिलो देखिइनु संभव छैन। उसैले, पूरासंग ढिलो हिंड्नालाई, या त मैले हरेक पाइलामा केही सेकण्डसम्म आफ्ना खुट्टा हल्लाई उचाल्नुपर्थ्यो, अथवा नाटकमा काटिन जाँदा स्कटकी महा-रानी मेरी जस्तै हरेक कदमको बीचमा पूरासंग अडी अगाडि बढ्नुपर्थ्यो। बिलालीको उमेरले गरेको होला—उ घिस्रनामा पोख्त थिएन, उसैले त्यो कोठा पार गर्न हामीलाइ निकै लामो समय लाग्यो। म उसकै पछाडि थिएँ, धेरै पटक लातले हानेर उसलाइ अगाडि जान मदत दिन ज्यादै सकसक लाग्यो। असभ्य महारानीको सामुन्नेमा आयलर्याण्डको मान्छेले सूंगुरलाइ बजा-रमा बेन्न लगेको झैं गरी जानु ज्यादै असंगत देखियो। हामी त्यस्तै देखिएका थियौं, त्यो विचार आउनासाथ झण्डै म ठूलो

आवाजले हाँसेको थिएँ । साँच्चि भनूँ भने, त्यो बेमौकाको हाँसो रोक्नालाइ मैले सीं गर्नुपर्‍यो । त्यसो गर्दा बूढो बिलाली डरले थर्कमान भयो, किनभने डेढो आँखाले पछिल्तिर हेरेर मतिर डराएको मुख बनाई गुनगुनायो,'ओहो, मेरो बिचरा बबून !'

आखिरमा हामी पर्दानेर पुग्यौं, त्यहाँ बिलाली छाती टेकी आफ्नो हात अगिल्तिर फैल्याई मरेको जस्तै गरी लम्पसार पर्‍यो । मलाइ के गर्ने थाहा नभएको हुनाले कोठावरिपरि हेर्न थालें । एकछिनपछि कुनै मानिसले पर्दापछिल्तिरबाट मलाइ हेरिरहेको छ भन्ने मलाइ थाहा भयो । मैले त्यो मानिसलाइ देख्न सकिनँ,तर त्यो लोग्ने वा स्वास्नीमानिसको दृष्टि म स्पष्टै-संग अनुभव गर्न सक्थें, त्यति मात्र होइन, मेरो नसानसामा यसले अनौठो प्रभाव पार्‍यो । मलाइ सार्‍है डर लाग्यो,किन हो मलाइ थाहा छैन । त्यो ठाउँ अनौठो थियो, त्यसमा केही सन्देह छैन, अनि बहुमूल्य भीत र बत्तीको कोमल उज्यालो हुँदा हुँदै पनि एकलासको देखिन्थ्यो—साँच्चि भनूँ भने, यी चीजहरूले यो ठाउँको एकान्त हटाउनुभन्दा झन् बढाउँथे, जस्तो बत्ती बालेको शून्य सडकमा अंध्यारो सडकमा भन्दा जैले पनि बढ्ता एक-लासको अनुहार हुन्छ । यो कोठा यस्तो शून्य थियो, त्यो गर्‍हुँगो पर्दाको अगाडि बिलाली मुर्दा जस्तो लम्पसार परेको थियो । त्यस पर्दाबाट अत्तरको वास्ना मास्तिरको गुमजदार छतको अन्धकारतिर रङमङिन लागेको जस्तो लाग्यो। मिनिट मिनिट बितिरहेका थिए, तैपनि न त्यहाँ जीवित वस्तुको कुनै लक्षण थियो, न ती भीतहरू हेल्लिएका थिए; तर नाउँ न-भएको डरले मलाइ आकुल पार्दै, हेरिरहेको व्यक्तिको दृष्टि झन् झन् मभित्र गाडिएको जस्तो लाग्नाले मेरो निधारमा चिट-चिट पसिना आयो ।

आखिरमा पर्दा हल्लन थाल्यो। यसको पछाडि को हुन सक्थ्यो ?—कुनै नंगी असभ्य महारानी, चाउरिंदै गएकी पूर्वीय सुन्दरी, वा बेलुकाको चिया खान लागेकी उन्नाइसौं शताब्दीकी एउटी तरुनी ? मेरो समझमा यो चाहिं होली भन्ने एकजात खयाल चढेको थिएन, उसैले तीन जनामध्ये जुनलाइ देखे पनि म अचम्म मान्दैनथें। हकीकतमा, मैले आश्चर्यको सिमाना काटिसकेको थिएं। एक छिनपछि त्यो पर्दा चल्यो, यसको मुजाको बीचबाट साह्रै गुलाफी नङमा टुंगिएका लामा सुरही बान्कीका औंला भएको हिउँ जस्तै सेतो र साह्रै राम्रो हात देखियो। यस हातलेत्यो पर्दालाइ समाती एकातिरतान्यो,अनि एउटा आवाज बोल्यो—मैले सुनेभरीमा त्यो आवाज सबभन्दा कोमल र तैपनि सबभन्दा रूपौलो आवाज थियो। यसले मलाइ खोलाको कलकल संझायो।

यो आवाजले अरबी भाषा, तर अमाहगर जातिले बोलेको भन्दा बढ्ता शुद्ध र बढ्ता पुरानो अरबी भाषामा भन्यो, 'परदेशी, तिमी किन यति विघ्न डराउँछौ ?'

म आफैलाइ तारीफ गर्छु, भित्र जतिसुकै डराए तापनि, मैले आफ्नो मुखलाइ बिग्रन दिएको थिइनँ, उसैले यो प्रश्न सुन्दा केही अचम्म मानें। तर यस प्रश्नको के जवाफ दिऊँ भन्ने मैले मनमा अठोट गर्नुअगाडि, त्यो पर्दा खुल्यो, अनि एउटा अग्लो मूर्ति मेरो अगाडि खडा भयो। म एउटा मूर्ति भन्छु, किनभने शरीर मात्र होइन, तर चेहरैसमेत नरम सेतो र छर्लङ्ग देखिने कपडाले यस्तो किसमले ढाकिएको थियो कि पहिलो पटक झ्वासझ्वासति देख्ता कात्रोमा बेन्हिएको मुर्दा नसंझी सकिनँ। तैपनि मलाइ थाहा छैन किन यस मूर्तिले मेरो मनमा यो विचार उब्जायो, किनभने ती बेन्हेका कपडा यस्ता पतला थिए कि म सफासंग ती कपडाभित्रको गुलाफी मासुको

झलक सफासंग देख्न सक्थें। या त संयोगले भएको, अथवा ज्यादा संभव छ गरूँ भनी गरेको कपडाका बेह्राइको किसमले मेरो मनमा त्यो खयाल आएको हुनुपर्छ। जेसुकै होस्, यो भूत जस्तो मूर्ति देखेर म पहिलेको भन्दा डराएँ, मेरा टाउकाका केश ठाडठाडा हुन थाले। जसै अमानुषिक केही चीजको अगाडि खडा भएँ भन्ने निश्चय हुँदै आयो। तर मेरो अगाडिको मुर्दा जस्तो गरी कपडामा बेह्रिएको मूर्ति हरेक अंशमा सौन्दर्यले र आजसम्म मैले तुलना गर्ने केही कुरा कहिले नदेखेको कुनै सर्प जस्तो लावण्यले पनि संयुक्त भएकी अग्ली राम्री आइमाईको आकृति हो भन्ने म सफासंग खुट्ट्याउन सक्थें। उनले हात वा खुट्टा चलाउँदा उनको सारा शरीर लहराएको देखिन्थ्यो, अनि घाँटी निहुँरदैनथ्यो, घुगुरिन्थ्यो।

त्यो अवाज—जसले सा-है कोमल संगीतको तानले जस्तै मबाट मेरो मुटु खिचें जस्तो लाग्यो—त्यो मीठो अवाजले फेरि सोध्यो, 'तिमी किन यसरी डराएको, परदेशी? मान्छेलाइ तर्साउने केही कुरा ममा छ र? उसो भए मानिसहरू पहिलेका जस्ता रहेनछन्, निश्चय नै बद्लिएछन्!' अनि पाखुराको सारा सौन्दर्य र हिउँ जस्तो सेतो अलखा साथै झण्डै उनको खराउ लाएको खुट्टासम्म हल्का हिसावले तरंगित हुँदै गएको काग जस्तो कालो प्रशस्त केश देखिने गरी एउटा पाखुरा उठाएर, केही छाले हिसावले तिनी फर्किन्।

के भन्ने हो थाहा नपाएर मैले नम्रतापूर्वक जवाव दिए, 'हे महारानी! मलाइ भयभित पार्ने हजुरको सौन्दर्य नै हो,' मैले बोल्नासाथ अझै भूईंमा लम्पसार परेको बूढो बिलालीले गुनगुनाएको मेरो कानमा झटक पऱ्यो, 'बेस, मेरो बबून, बेस!'

टाढाको चाँदीको घण्टी जस्तै अवाज गरी हाँसेर तिनले

जवाब दिइन्, 'बुझें, झुट्टा शब्दले हामी स्वास्नीमानिसलाइ कसरी फकाउनुपर्छ भन्ने लोग्नेमानिसहरूले अझ जानेकै रहेछन्। हो, परदेशी, मेरो आँखाले तिम्रो दिललाइ खोदलेको हुनाले तिमी डराएका थियौ त्यस कारण तिमी डराएका थियौ। तैपनि, केवल आइमाई हुनाले, झूटो बोलेकोमा म तिमीलाइ माफ दिन्छु, किनभने जो तिमीले बोल्यौ मिजास गरी बोल्यौ। अब मलाइ भन गुफामा बस्ने मानिसहरूको यो मुलुकमा—भास, खराब कुराहरू, र मरेका मानिसका मरेका पुराना छायाँको मुलुकमा यहाँ तिमीहरू किन आयौ? तिमीहरू के हेर्न आयौ? हियाको मूठीभित्र, "आज्ञा-मान्नैपर्ने-शी" को हतकेलाम आफ्नो प्राण राख्न सक्नेसम्म गरी तिमीहरूले आफ्नो प्राणलाइ कसरी यति तुच्छ कुरा ठान्न सक्यौ? फेरि मलाइ भन मैले बोल्ने भाषा तिमीले कसरी जान्यौ। यो पुरानो भाषा हो, प्राचीन सिरियाकको मनोहर बालक हो। के यो संसारमा अझै बाँचेको छ? मरेका मानिसका गुफामा म बसेको तिमीले देखिहाल्यौ, उसैले मलाइ मानिसहरूको कामकार्बाइको बारेमा केही थाहा छैन, न थाहा पाउनालाइ वास्ता गर्छु। मेरो संझनासित, ए परदेशी, म बसेकी छु, अनि मेरा संझनाहरू मेरै हातले बनाएका च्याहानभित्र छन्, किनभने यो कुरा सांच्चि नै हो कि मानिसको बच्चाले आफ्नै बाटोलाइ खराब बनाउँछ', यति भन्दा भन्दै उनको राम्रो स्वर काँप्यो, त्यसपछि जंगली चराको बोल जस्तै कोमल सुरमा निस्क्यो। एक्कासि उनको आँखा लम्पसार परेको बिलालीको शरीरमा पर्‍यो, अनि उनले आफूलाइ सझाले जस्तो देखियो।

'ओहो! तं त्यहां रहिछस्, बूढा। तेरो घरानामा यस्तो बेकाइदा कसरी भयो मलाइ भन्। सांच्चि त, यी मेरा पाहुना-

माथि हमला भयो क्यारे। हो, र ती पशु, तेरा छोराछोरीहरूले खानालाई एक जना त तातो भांडो टाउकोमा राखी मारिनै आंटेको थियो। अरूहरूले पनि बहादुरीसित नजुधेको भए तिनीहरू पनि मारिन्थे, अनि मैले पनि शरीरबाट एक चोटि फुत्केको ज्यानलाइ फर्काएर ल्याउन सक्तिनथें। यसको के मतलब हो, बूढा? मैले बदला लिनुपर्दा मेरो इच्छाबमोजिम गर्ने मानिसहरूको हातमा मैले तंलाइ किन नसुम्पनू, तेरो के भन्नु छ?'

त्यो आइमाईको स्वर रिसमा तीखो भई चट्टानी भित्ताले गर्दा स्पष्ट र ठण्डा भई गुंज्यो, अनि पतला कपडाबाट उनको आंखा चम्केको मैले देखे जस्तो लाग्यो। मैले सान्है निर्भय मान्छे भनिठानेको बिचरा बिलाली उनको वचन सुनेर डरले सांच्चि नै थरथर काम्यो।

भूइँबाट आफ्नो सेतो टाउको नउठाएर उसले भन्यो, हे हिया! हे शी! हे शी, हजूर ठूलो हुनुहुन्छ, दया गर्नुहोस्, किनभने म अहिले सधैंको जस्तो हजूरको आज्ञा मान्ने नोकर हुं। यो मेरो जाल वा कसुर होइन, हे शी; मेरा छोराछोरी भनाउंदा दुष्टहरूको यो करामत हो। हजुरको पाहुना सुंगर-ले हेला गरेकी स्वास्नीमानिसको फक्याहटमा लागेर तिनीहरूले मुलुकको पुरानो रीतभांतबमोजिम गरी कालो मानिसको बारेमा हजूरबाट केही हुकुम भएको छैन भन्ने ठानी हजुरका यी पाहुना बबून र अहिले बिरामी भएको सिंहसित यहां आए-को मोटो कालो परदेशीलाइ खान आंटेका थिए। तर तिनीहरू-ले यो गर्न आंटे भनी बबून र सिंहले बुझ्नासाथ, तिनीहरूले त्यो आइमाईलाइ मारे, अनि भांडाको भयानकताबाट बचाउना-लाइ आफ्नो नोकरलाइ पनि मारे। त्यसपछि ती दुष्ट मानिस-

हरू, खाडलमा वस्ने दुष्ट व्यक्तिका बच्चाहरू, रगतको तिर्सनाले बहुला भए, अनि सिंह, ववून, र सूंगुरको घोक्रो ताकी दगुरे। तर तिनीहरूले वडो बहादुरीसंग लडे। हे हिया ! तिनीहरू मानिस जस्तै गरेर जुधे, धेरै जनालाइ मारे, त्यतिका जनासंग बराबरी भए, अनि म पुगेर उनीहरूलाइ बचाएँ। ती बिराम गर्ने-हरूलाइ हजुरको महत्त्वद्वारा इनसाफ गरिनालाइ यहां कोरमा पठाएको छु। हे शी ! उनीहरू यहां छन्।'

'हो बूढा, मलाइ त्यो थाहा छ। भोलि ठूलो दलानमा वसी तिनीहरूको इनसाफ गर्छु, धन्दा नमान्। तेरो हकमा, तंलाइ माफ दिन्छु, तर वडो मुश्किलसंग। तेरो घरानालाइ असल वनाउनालाइ कोशिश गरेस्। जा !'

बिलाली अचम्मलाग्दो छिटोसंग घुंडा टेकी उभियो, तीन चोटि टाउको निहुराएर सलाम गर्‍यो, अनि आफ्नो सेतो दाह्री जमीनमा लतार्दै जसरी घस्रेर आएको थियो उसै गरी घस्रेर कोठावाहिर निस्कन थाल्यो। आखिरमा त्यो पर्दावाहिर वेपत्ता भयो। त्यो डरलाग्दी तर साह्रै मनमोहिनी आइमाईसंग एकलै पर्दा मलाइ निकै डर लाग्यो।

तेह्रौं परिच्छेद।

आश्शा घुम्टो झिक्छिन्

शीले भनिन्, 'ल, त्यो गयो, त्यो सेतो दाह्री भएको बूढो वेकूफ ! ओहो ! एउटा मानिसले आफ्नो जिन्दगीभर कति थोरै ज्ञान हासिल गर्छ। उसले ज्ञानलाइ पानी जस्तै गरी अँजुलीले सोहोर्छ, तर पानी जस्तै ज्ञान औंलाको वीचबाट चुहेर जान्छ,

तैपनि उसको हात शीतले जस्तो चिसो मात्रै भयो भने पनि बेकूफहरूका पुस्ता कराउन थाल्छन्, "हेर, उ बुद्धिमान् मानिस हो !" त्यसै होइन ? तर तिम्रो नाउँ क्या हो ? उ त "वबून" भन्छ नि, 'अनि उनी हाँसिन्; 'तर अनुमान गर्ने शक्ति नभएका यी असभ्य मानिसको यही चाला छ, तिनीहरू नाउँ खोज्नाको निमित्त आफूसँग मिल्ने पशुहरूपट्टि जान्छन्। तिम्रो मुलुकमा मानिसहरू तिमीलाइ के भनेर बोलाउँछन्, परदेशी ?'

मैले जवाब दिएँ, 'उनीहरू मलाइ होलि भन्छन्, महारानी।'

बडो मुश्किलसँग, तर तैपनि ज्यादै मनोहर झोक्का दिई उच्चारण गरेर तिनीले भनिन्, 'होलि; "होलि" भनेको क्या हो ?'

मैले जवाब दिएँ, '"होलि" भनेको काँढे रूख हो।'

'ए। तिम्रो काँढे तैपनि रूख जस्तो अनुहार छ। तिमी बलियो, नराम्रो छौ, तर, मेरो बुद्धिले मलाइ धोका दिंदैन भने, भित्र अन्तस्करणको ईमानदार र भरपर्दो लट्ठी; फेरि विचार गर्ने मान्छे पनि हौ। तर पर्ख, होलि, त्यहाँ नउभिऊ; मसँग भित्र पसेर मनेर बस। ती कमाराहरू जस्तो तिमी-लाइ म आफ्नो अगाडि घिस्लेको देख्न चाहन्न। तिनीहरूको पूजा र डरले म वाक्क भइसकें; कहिलेकहीं तिनीहरूले मलाइ रिस उठाउँदा मज्जाको निंति, र बाँकी रहेका मानिसहरू मुड्-सम्म नै डरले नीलो भएको हेर्नालाइ उनीहरूलाइ भस्म गर्न सक्छु।'

अनि तिनले मलाइ भित्र पस्न दिनालाइ आफ्नो हस्तिहाड जस्तो हातले त्यो पर्दा एकातिर पन्छाएर समातिन्।

म थरथर काम्दै भित्र पसें। ती आइमाई साह्रै डरलाग्दी थिइन्। पर्दाभित्र अन्दाजी बाह्र फीट लामो दश फीट चौडा

झोपो थियो, त्यसमा एउटा कवज, फलफूल र निर्मल पानी राखेको टेविल थिए। यसको नजीक छेउमा, कुंदेको ढुंगाले वनाएको आरी जस्तो भाँडो थियो, त्यसमा पनि निर्मल पानी भरिएको थियो। मैले वयान गरेका राम्रा भाँडाका बत्तीले त्यो ठाउँलाइ मन्द हिसावले उज्यालो पारेको थियो, त्यहाँको हावा र पर्दा मधुर वास्नाले सुगन्धित थिए। शीले बेह्रेका सेता लुगा र गौरवशाली केशबाट पनि वास्ना निक्ले जस्तो लाग्थ्यो। म त्यो सानो कोठाभित्र पसें र अकमक्क परेर उभिएँ।

कवज देखाएर शीले भनिन्, 'बस। अहिलेसम्म त मसित डराउने केही कारण छैन। जब कारण पर्न आउला, तिमीले धेरैसम्म डराउनुपर्नेछैन, किनभने म तिमीलाइ तुरुन्त मारिदिन्छु। त्यस कारणले बेफिक्र होऊ।'

म पानीको आरी जस्तो भाँडाको नजीक कवजको एक छेउमा वसें, शी चाहिं त्यसको अर्को छेउमा विस्तारै वसिन्।

उनले भनिन्, 'अब, होलि, अरवी भाषा तिमीले कसरी वोल्न जान्यौ? यो मेरो आफ्नै प्यारो भाषा हो, किनभने म जन्मले अरवी हुँ, "अल अरव अल अरिवा," अरवहरूको अरव, भने पनि हुन्छ। हाम्रा वावु यारव, काटनका छोरा हुन्। म उनकै जातिकी हुँ, किनभने म यामन द ह्यापिको प्रान्तमा राम्रो र प्राचीन शहर ओजलमा जन्मेकी हुँ। तैपनि तिमी त्यो भाषालाइ हामीले वोल्ने गरेको जस्तो गरी वोल्दैनौ। तिम्रो कुरामा मलाई सुन्न वानी परेको हाम्यारका जातिको मीठो भाषाको सङ्गीत छैन। केही शब्दहरू पनि वद्लिएको देखिन्छ। यी अमाहगर जातिले पनि यस भाषाको शुद्धतालाइ यस्तो नीच र

दूषित पारेका छन् कि मैले उनीहरूसित जुन भाषामा बोल्नुपर्छ त्यो भाषा मलाइ अर्कै जस्तो लाग्छ ।'[1]

मैले जवाब दिएँ, 'मैले त्यो भाषालाइ धेरै वर्षसम्म पढेको छु । यो भाषा मिश्रदेश र अरू ठाउँमा पनि बोलिन्छ ।'

'यो भाषा अझै बोलिन्छ, अझ मिश्रदेश छँदै छ? कुन फेरो सिंहासनमा बसेको छ? अझै पार्सी ओकसकै छोराहरूमध्ये एउटा हो कि, वा आएकीमेनिअनहरू बेपत्ता भए, किनभने ओकसको समय ज्यादै अगिको हो?'

आश्चर्यले चकित भएर मैले भनें, 'मिश्रदेशबाट पार्सीहरू गएका करीब दुइ हजार वर्ष पुग्न लाग्यो । त्यसपछि टलमिहरू, रोमनहरू, र अरूहरूको उदय हुँदै नाइलमा राज्य जमाई आफ्नो आफ्नो समय सिद्धिएपछि पतन हुँदै गए। पार्सी आर्टक्जर्क्सीजको बारे हजूरलाइ कसरी थाहा हुन सक्छ?'

जवाब नदिएर तिनी हाँसिन्, अनि फेरि मेरो शरीरमा चिसो सनसनी फैलियो । तिनले भनिन्, 'ग्रीस नि; ग्रीस अझ छ? ओहो मलाइ ग्रीकहरू मन पर्थे । तिनीहरू दिन जस्तै राम्रा

---

१. काटनको छोरा यारब एब्रह्यामको समयभन्दा केही शताब्दी अघि थिए । तिनी प्राचीन अरबहरूका बाबु थिए, र त्यतैबाट त्यस मुलुकको अरबा भन्ने नाउँ रह्यो । शीले आफूलाइ "अल अरब अल अरिबा" भन्नाको मतलब निःसन्देह नै म सच्चब रगतकी हुँ, "अल अरब अल मोटयारेबा" भनिने एब्रह्याम र हेगारका छोरा इश्मेअलका सन्तानहरू त्यही देशमा बसी अरब भएकाबाट म बेग्लै हुँ भन्ने हो । कोराइशको प्रान्तीय कुरालाइ साधारणतः सफा वा सजिलैसंग बुझिने अरबी भनिन्थ्यो, तर हामारिटिक प्रान्तीय कुरा चाहिं मूल सिरियाक भाषाको शुद्धताको नजीक पुग्थ्यो । ल० हो० हो०

र चलाक थिए, तर त्यसो भए तापनि दिलमा भने क्रूर र चञ्चल ।'

मैले भनें, 'हो, ग्रीस छँदै छ; हालसाल यो फेरि एक जाति बनेको छ । तैपनि आजका ग्रीकहरू पुरानो जमानाका ग्रीक जस्ता छैनन् , ग्रीस नै पहिलेको ग्रीसको नकल मात्र छ ।'

'त्यसो ! हीब्रूहरू नि, तिनीहरू जरूसलममै छन् ? वाइज किङले बनाएको मन्दिर खडै छ, त्यसो हो भने त्यहाँ उनीहरू कुन देवताको पूजा गर्छन् ? जसको बारेमा मानिसहरूले त्यति धर्मशिक्षा दिन्थे र उ आउँछ भनी त्यत्रो जोरसँग भविष्यवाणी गर्थे, के त्यो मानिस आयो, के उसले पृथिवीमा राज्य गरेको छ ?'

'यहूदीहरू भतासुंग भएर बिग्रे; ती जातिका टुक्राटाक्रीहरू संसारमा छरिएका छन् ; अब जरूसलम छैन । हेरडले बनाएको मन्दिरको हकमा—'

उनले भनिन् 'हेरड ! हेरड भनेको मैले सुनेको छैन । तर भइगयो भन्दै जाऊ ।'

'रोमनहरूले यसलाइ जलाए, अनि रोमन गिद्धहरू यसका भग्नावशेषमाथि उडे, अब जूडिअ मरुभूमि बनेको छ ।'

'ओहो, त्यस्तो भयो ! तिनीहरू त ठूला जाति थिए, ती रोमनहरू, अनि उनीहरू आफ्नो लक्षमा सीधै जान्थे—हो, तिनीहरू भाग्य जस्तै, वा उनीहरूकै गिद्ध जस्तै आफ्नो शिकारमाथि झम्टन्थे !—अनि शान्ति स्थापित गरी छोडेर जान्थे ।'

मैले ल्याटिनमा भनें, 'मरुभूमि गरे, शान्ति भने ।'

उनले अचम्म मानेर भनिन्, 'ओहो तिमी ल्याटिन भाषा पनि बोल्न सक्ता रहेछौ ! यतिका दिनपछि मेरो कानमा यो एकतमासको सुनिंदो रहेछ, तर जहाँ रोमनहरूले झोक्का पार्छन् त्यहाँ तिमीहरूको झोक्का परेन जस्तो लाग्छ । त्यो लेख्ने को रे ?

मलाइ त्यो कथन थाहा छैन, तर त्यो ठूलो जातिको बारेको साँचो कथन हो। मैले त विद्वान् मान्छेलाइ भेट्टाए जस्तो लाग्छ—संसारी विद्याको पानीलाइ अँजुलीमा लिएको मान्छे। तिमीलाइ ग्रीक भाषा पनि आउँछ ?'

'आउँछ, महारानी, हीब्रू भाषा पनि केही केही आउँछ, तर बोल्न भने राम्ररी जान्दिनँ। अहिले ती सबै भाषाहरू बोलिंदैनन्।'

उनले केटाकेटी जस्तो खुशी भएर थपड़ी बजाइन्। उनले भनिन्, 'साँच्चि नै, तिमी नराम्रो रूख भए तापनि बुद्धिका फल फलाउँछौ, ए होलि, तर ती यहूदीहरूको बारे जसलाइ म घृणा गर्छु, किनभने मेरो दर्शनशास्त्र उनीहरूलाइ सिकाउन खोज्दा मलाइ तिनीहरूले विधर्मी र मूर्तिपूजक भनें—के तिनीहरूको मसीहा आयो, अनि के त्यसले संसारलाइ शासन गरेको छ ?'

मैले आदरपूर्वक जवाब दिएँ, 'उनीहरूका मसीहा आए, तर उनी गरीब र नीच कुलका थिए, उसैले उनीहरूले उनलाइ अपनाएनन्। उनीहरूले उनलाइ दुःख दिए, रूखमा कीला ठोकेर मारे, तर अझै उनका वचन उनका काम जीवितै छन्, किनभने उनी परमेश्वरका छोरा थिए। साँच्चि भनूँ भने अहिले उनी आधा संसारलाइ शासन गर्छन्, तर संसारको साम्राज्यले होइन।'

उनले भनिन्, 'ओहो, क्रूर दिल भएका ब्वाँसाहरू, इन्द्रिय र धेरै देवताहरूका अनुयायी—द्रव्यपिशाच र भिन्न भिन्न समुदायमा छिन्नभिन्न भएका। म अझै तिनीहरूका अँध्यारा मुख देख्न सक्छु। उसो भए उनीहरूले आफ्नो मसीहालाइ कीला ठोकेर झुण्ड्याए ? म यो कुरा सरासर पत्याउन सक्छु।

उ जीवित आत्माको छोरो भएकोमा उनीहरू केही जत्ति मान्दैनथे, उ साँच्चि नै त्यस्तो हो वा होइन त्यसको बारेमा हामी पछि कुरा गरौँला। ख्वाफ धाकसित नआए कुनै देवताको पनि उनीहरू वास्ता गर्दैनथे। तिनीहरू, रोजिएका जाति, तिनीहरूले जिहोभ भनिने देवताको नोकर, हो, बेअल(देउता)को नोकर, आपस्टोरेथको नोकर, मिश्रदेशवासीका–ठूलो पेट भएका, धन र शक्ति दिने जे कुरामाथि पनि उत्सुक भएका जतिका—देवताहरूको नोकर। उसैले उनीहरूले आफ्ना मानिसहरूलाइ झुण्ड्याई कीला ठोके, किनभने उ झुत्रे भेषमा आयो—अनि अहिले उनीहरू संसारभर छ्यान्न ब्यान्न भएका छन् ? साँच्चि त, त्यस्तै हुन्छ भनेर उनीहरूका जैसीमध्ये एउटाले भनेको छ क्यारे। भइगयो तिनीहरूलाइ जानदेऊ—तिनीहरूले मेरो दिल भाँचे, ती यहूदीहरू, अनि मलाइ संसारलाइ दूषित आँखाले हेर्नें पारे, हो, अनि मलाइ यो मरुभूमिमा उनीहरूभन्दा अगाडिको एक राष्ट्रको यस ठाउँमा धपाए। मैले जरूसलममा उनीहरूलाइ बुद्धि सिकाउन खोज्दा तिनीहरूले मलाइ ढुङ्गा मुढाले हाने, हो, त्यो मन्दिरको ढोकामा ती सेता दाह्रीवाले कपटाचारीहरू र त्याबाइहरूले मलाइ ढुङ्गा हान्न भनी मानिसहरूलाइ लाए ! हेर, यहाँ आजसम्म पनि यसको दाग छ !' अनि उनको पुष्ट पाखुरामाथिको छर्लङ्ग देखिने कपडा झ्वाट्ट उठाएर दूध जस्तो सेतो मासुमा रातो खत देखाइन्।

म चकित भएर पछि हटें।

मैले भनें, 'महारानी मलाइ माफ दिनुहोस्, तर म छक्क परें। यहूदीको मसीहा गोलगथमा कीला ठोकी झुण्ड्याइको अन्दाजी दुइ हजार वर्ष पुग्न आँट्यो। हजूरले उनी हुनुभन्दा अगाडि यहूदीहरूलाइ आफ्नो दर्शनशास्त्र कसरी सिकाउनुभयो ?

हजूर आइमाई हुनुहुन्छ, प्रेत होइन । स्वास्नीमान्छे २००० वर्षसम्म कसरी बाञ्च सक्छ, हजूर मलाइ किन बेकूफ बनाउनु हुन्छ, महारानी ?'

उनी कबजमा अडेस लागिन्, अनि फेरि एक पटक उनको लुकेको आँखा मउपर नाचेको र मेरो दिललाइ खोदलेको जस्तो लाग्यो ।

उनले आखिरमा साह्रै विस्तारै सोची सोची भनिन्, 'ए मान्छे ! पृथिवीमा तिमीलाई थाहा नभएका रहस्यहरू छन् भन्ने देखिन्छ । तिमी पनि ती यहूदीहरूले पत्याए जस्तै सारा सृष्टि मर्छन् भन्ने कुरा पत्याउँछौ ? म तिमीलाइ भन्दछु, केही पनि मर्दैन। मृत्यु भन्ने चीज केही पनि छैन, यद्यपि परिवर्तन भन्ने कुरा छ । हेर, उनले पहरे भित्ताका कुंदिएका केही चित्रहरू देखाइन् । 'ती चित्रहरू खोद्ने ठूला जातिको पछिल्लो चाहिं महामारी आई नाश भएको ६००० वर्ष भयो, तैपनि तिनीहरू मरेका छैनन् । अहिलेसम्म तिनीहरू जीवित छन्, शायद उनीहरूका प्रेतात्मा यही घडी हामीहरूतर्फ खिंचिएका छन्,' अनि उनले वरिपरि हेरिन् । 'साँचि नै कहिलेकहीं मेरो आँखाले उनीहरूलाइ देख्न सके जस्तो लाग्छ ।'

'होला, तर यस संसारको निमित्त उनीहरू मरेका छन् ।'

'हो, केही समयको निमित्त; तर यस संसारमा पनि तिनीहरू फेरि फेरि जन्मन्छन् । म, हो म, आइशा—परदेशी, मेरो नाउँ यही हो—म तिमीलाइ भन्छु, मैले प्रेम गरेको मान्छे फेरि जन्मन्छ भनी म अहिले प्रतीक्षा गरिरहेकी छु, उसले मलाइ नभेट्टाएसम्म म यहाँ पर्खन्छु । किनभने मलाइ निश्चय छ कि त्यो यहाँ आउँछ, र यहाँ, यहाँ मात्र, उसले मसित भलाकुसारी गर्नेछ । किन म, जो सर्वशक्तिमती छु, म जसको

सौन्दर्य कविहरूले गीत गाइएकी युनानी हेलिनको सौन्दर्य-भन्दा पनि बढ्ता छ, जसको बुद्धि बढ्ता विस्तृत छ, बुद्धिमान् सोलमनको बुद्धिभन्दा पनि अगाध र गहिरो छ—म, जसले पृथिवी र यसका धनहरूको रहस्य जानेकी छु, सबै चीजहरू-लाइ मलाइ काम लाग्ने पारी परिवर्तित गर्न सक्छु,—म, जसले केही बेरको निमित्त तिमीहरूले मृत्यु भन्ने परिवर्तनसमेतलाइ जितेकी छु,—ल भन, ए परदेशी, किन मैले पशुभन्दा पनि नीच असभ्य जातिहरूसित यहाँ बसेकी हुँला तिमी विचार गर्न सक्छौ ?'

मैले नम्रतापूर्वक भने, 'अँहँ, भन्न सक्तिनँ ।'

'किनभने मेरो प्रेमीको निमित्त म पर्खिरहेंछु । मेरो जीवन शायद खराब छ—मलाइ थाहा छैन, किनभने कुन असल कुरा हो कुन खराब कुरा हो को भन्न सक्तछ ? त्यस कारण म मर्न सक्ने भए तापनि उ भएको ठाउँमा भेट्टाउन जानाको निमित्त मर्नालाइ म डराउँछु, तर मेरो समय नआईकन म मर्न सक्तिन; किनभने हामीहरूको बीचमा मैले चढ्न नसक्ने पर्खाल उठ्न सक्तछ; कमसे कम, मलाइ त्यसको डर छ । फेरि सदाको लागि ग्रहहरू घुमिरहने ठूलो जग्गामा उसलाइ खोज्दा बाटो हराउन केही बेर छैन । तर जरूर त्यो दिन आउनेछ, चाहे फेरि अरू ५००० वर्ष बितेर रातीको अन्धकारमा साना साना बादल बिलाए झैं समयको गुम्वजमा बिलाई हराएपछि होला, चाहे भोलि नै पनि हुन सक्ला, जब उ, मेरो प्रियतम, फेरि जन्मनेछ, र मानिस मात्रको युक्तिभन्दा बलियो नियमको पछि लागेर, मलाइ यहाँ भेट्टाउनेछ । यहाँ एक चोटि हामीले ख्वाइँ खाए-छिप, मैले उससाथि अपराध गरे तापनि उसको दिल निश्चय नै ममाथि पग्लनेछ। उसले मलाइ फेरि नचिने पनि, मेरो सौन्द-

यंको निमित्त मात्र भए तापनि, उसले मलाइ जरूरै प्रेम गर्नुपर्दछ !'

एक छिनसम्म म अलमल्ल परें, जवाब दिन सकिनँ। त्यो विषय ज्यादै गहिरो हुनाले मेरो बुद्धिले पक्रन सकेन।

मैले आखिरमा भनें, 'त्यसो हुन्छ भनूं भने पनि, महारानी, हाम्रो घुमी घुमी पुनर्जन्म हुन्छ भने तापनि, हजूरको कुरा सत्य हो भने, हजूरको त त्यसो भएन।' मैले त्यसो भन्दा उनले पुलुक्क हेरिन्, अनि फेरि मैले ती लुकेका आँखाको झलक देखें; मैले छिटोसँग भनें, 'हजूर त कहिले मर्नुभएको छैन ?'

उनले भनिन्, 'त्यो कुरा हो; आधा संयोगले आधा विद्या पढेर, मैले संसारको सबभन्दा ठूला रहस्यमध्ये एउटा हल गरेको हुनाले यस्तो भएको हो। मलाइ भन, परदेशी : जीवनको अस्तित्व छ—त्यसो भएपछि, किन यो जीवन केही समयको निमित्त नलम्मिनु ? जीवनको इतिहासमा दश, बीस, वा पचास हजार वर्ष भनेको कति हो र ? किन, दश हजार वर्षमा वर्षा र तूफानले पहाडको टाकुराको मोटाइलाई एक बित्ता पनि मुश्किलसंग घटाउन सक्लान्। दुइ हजार वर्षमा यी गुफाहरू बदलिएका छैनन्, पशुहरू, र ती पशु जत्तिकै मानिसबाहेक अरू केही कुरा बदलिएको छैन। तिमीले बुझ्न सकेदेखि त्यस विषयमा केही कुरा अचम्मको छैन। हो जीवनै अचम्मको छ, तर यो अलिकति लम्मिनु अचम्म होइन। प्रकृतिदेवीको बच्चा मानिस जस्तै प्रकृतिदेवीको सजीव पार्ने आत्मा छ। जसले त्यो आत्मालाइ पत्ता लाउन सक्छ, र आफूमा यसलाइ सास फेराउन सक्छ, त्यो मानिस प्रकृतिदेवीको जीवनसितै बाँच्छ। उ अनन्तसम्म बाँच्तैन, किनभने प्रकृतिदेवी अनन्त छैनन्, प्रकृतिदेवी पनि चन्द्रमाको प्रकृति मरे झैं मर्छिन्। प्रकृतिदेवी

नमरिछोड्दिनन्, अथवा भनूं परिवर्तित हुन्छिन्, अनि उनको फेरि बाँच्ने समय नआएसम्म मरिरहन्छिन्। तर उनी कहिले मर्छिन्? अहिले होइन, मलाइ थाहा छ, अनि जैलेसम्म उनी बाँच्छिन् त्यही वेलासम्म उनको सारा गुप्त जीवन पत्ता लाएको मानिस उनीसंग बाँच्छ। मैले सबै कुरा पत्ता लाएको छैन, तैपनि केही पत्ता लाएको छु, शायद मभन्दा अगाडिका मानिसहरूले भन्दा बढ्ता। अहिले निःसन्देह नै तिम्रो निमित्त यो ठूलो रहस्यको कुरा हो, त्यस कारण अहिले यो कुराले म तिमीलाइ विह्वल पार्दिन। मलाइ खुश उठ्यो भने अर्को पटक तिमीलाइ अर्को कुरा भनुंला, यद्यपि शायद यस बारेमा फेरि कहिले केही नभन्नु पनि बेर छैन। तिमीहरू यो मुलुकमा आउन लागेको मैले कसरी थाहा पाएर पोलिनाबाट तिम्रो टाउको कसरी बचाएं भन्ने कुरामा तिमीलाइ अचम्म लाग्यो?'

मैले कमजोरी हिसावले जवाब दिएँ, 'हो, महारानी।'

'त्यसो भए त्यो पानीमा हेर,' अनि, आह्ली जस्तो भाँडामा देखाएर तिनी अगिल्तिर निहुरिन् र त्यसमाथि आफ्ना हात पसारिन्।

मैले उठेर त्यसमा हेरें, अनि तुरुन्तै त्यो पानी धमिलियो। त्यसपछि यो छर्लङ्ग भयो, अनि आफ्नो जीवनमा जतिको अरू कुरा स्पष्टसंग देखेको थिएं त्यत्तिकै स्पष्टसंग देखें—मैले त्यो डरलाग्दो नहरमा आफ्नो डुंगा देखें। यसको पिंधमा मुख छोपिने गरी लामखुट्टेबाट बच्नालाइ आफूलाइ कोटले ढाकेर लिओ पल्टिरहेको थियो, म, जौब, र महमद चाहिं ढिस्कोमा हिंडेर डुंगा घिसारिरहेका थियौं।

म आश्चर्यचकित भएर पछिल्तिर हटें, अनि यो जादू हो भनेर कराएँ, किनभने चित्रित भएको त्यो दृश्यको हरेक विवरण मैले चिनें—त्यो साँच्चिकै भएको घटना थियो।

उनले जवाब दिइन्, 'होइन, होइन; ए होलि, यो जादू होइन—त्यो त मूर्खताको सपना हो। जादू भन्ने केही कुरा छैन, यद्यपि प्रकृति देवीको गोप्य नियमको ज्ञान भन्ने कुरा छ। यो पानी मेरो दर्पण हो; जब कहिलेकहीं मेरो अगाडि भइरहेको घटनालाइ डाकन मेरो इच्छा हुन्छ के भइरहेछ त्यो कुरा म यसमा हेर्छु। भूतकालको जे कुरा तिमीलाइ हेर्न मन छ त्यो कुरा तिमीलाइ म त्यसमा देखाउन सक्छु, तर त्यो कुरा यो मुलुकसँग संवन्ध भएको र मैले थाहा पाएको कुरा, वा तिमी हेर्नें मान्छेले थाहा पाएको कुरा हुनुपर्छ। तिमीलाइ इच्छा छ भने कुनै अनुहार संझ, अनि त्यो अनुहार तिम्रो मनवाट त्यस पानीमा छाया पर्छ। अझ मैले सबै रहस्य जानेको छैन—म भविष्य कुरा कुनै पनि जान्न सक्तिनँ। यो पुरानो रहस्य हो; मैले यसलाइ पत्ता लाउन सकिनँ। अरब र मिश्रदेशमा जादूगर-हरूले यसलाइ कैयौं शताब्दीअगि पत्ता लाएका थिए। उसैले एक दिन त्यो पुरानो नहर संजोगले संझें—वीस जुगअगाडि मैले त्यहाँ जहाज चढेकी थिएँ, अनि मलाइ त्यसलाइ फेरि हेर्न मन लाग्यो। उसैले मैले हेरें, अनि त्यहाँ मैले त्यो डुंगा, तीन जना मानिस हिंडेको र एउटा चाहिं डुंगाभित्र सुतिरहेको देखें। त्यो डुंगामा सुतेको मानिसको मुख भने मैले देख्न सकिनँ, तर सुडौल रूपको जवान थियो। अनि मैले खबर पठाएर तिमीहरूलाइ वचाएँ। ल अहिले जाऊ त। तर पर्ख, यो ठिटोको बारेमा मलाई भन—त्यो बूढो मानिसले सिंह भनेको मान्छेको बारे। त्यसलाइ हेर्थें, तर तिमी भन्छौ बिरामी छ—जरोले बिरामी छ, फेरि लडन्तमा घाइते पनि भएको छ।'

मैले अफसोस मानेर जवाब दिएँ, 'उ साह्रै बिरामी छ;

उसको निमित्त हजूर केही गर्न सक्नुहुन्न, महारानी ? जसलाइ यति धेरै कुराको ज्ञान छ ?'

'निश्चय नै म सक्छु; म उसलाइ निको पार्न सक्छु। तर तिमी किन यस्तो अफसोससाथ बोल्छौ ? के तिमी त्यो युवकलाइ माया गर्छौ ? शायद त्यो तिम्रो छोरा हो क्यारे ?'

'त्यो मेरो धर्मपुत्र हो, महारानी ! त्यसलाइ हजूरको अगाडि ल्याए हुन्न ?'

'हुन्न। त्यसलाइ जरो आएको कति भयो ?'

'आज तीन दिन भयो ।'

'वेस; अर्को एक दिन उसलाइ यसै राख । त्यसपछि शायद उ आफ्नै बलले जरोलाइ फ्याँक्नेछ, मैले निको पार्नुभन्दा त्यो वेस, किनभने मेरो औषधी ज्यानलाइ किल्लैसम्म हल्लाइदिने किसमको छ । तर भोलि राती उसलाइ पहिले जरो शुरू भएकै बेलामा कम हुन शुरू भएन भने, म उसकहाँ आएर निको पारिदिउँला । पख, उसलाइ कसले खुवाउनु पियाउनु गर्छ ?'

'हाम्रो गोरा नोकर, जसलाइ बिलालीले सूँगुर भन्छन्;अनि', यहाँ मैले केही अकमकाएर भनें,'अस्टेन भन्ने एउटा आइमाई, यस मुलुककी एउटी बिघ्नै राम्री आइमाई, जसले उसलाइ देख्नासाथ आएर अंकमाल गरी, त्यस वेलादेखि उसको साथैमा बसेकी छ । हजूरको दुनियाँको रीतभाँत त्यही हो भन्ने मैले बुझेको छु, महारानी !'

'मेरो दुनियाँ ! मेरो दुनियाँको बारे मलाइ नभन', उनले हतपताएर जवाब दिइन्; 'यी कमाराहरू मेरा प्रजा होइनन् ; तिनीहरू मेरो छुट्कारा‌को दिन नआएसम्म मैले अह्राएको कुरा गर्ने कुकुर मात्र हुन् ; उनीहरूको रीतभाँतको बारे,

तिनीहरूसित मेरो केही सम्बन्ध छैन। फेरि, मलाइ महारानी नभन—म खुशामद र पदवीहरूले वाक्क भइसकेकी छु—मलाइ आश्शा भन; त्यो नाउँले मेरो कानमा मधुर आवाज दिन्छ, यो भूतकालको प्रतिध्वनि हो । यो अस्टेनको बारे, मलाइ थाहा छैन । उसको बारेमा मलाइ जनाउ दिएको थियो, उसलाइ मेरो पालो मैले जनाउ दिएँ, त्यो त्यही आइमाई हो कि ? के त्यो आइमाईले--पख, म हेरूँ:' अनि अगिल्तिर झुकेर पानी हालेको अह्रीमाथि हात चलाइन् र त्यसमा एकोहोरोसंग हेरिन्। तिनले शान्त भएर भनिन् , 'हेर, त्यही आइमाई हो ?'

मैले पानीमा हेरें, अनि त्यहाँ, यसको सम्म सतहमा प्रतिबिम्बित भएको अस्टेनको रवाफिलो चेहराको पछाडि उज्यालो पर्नाले कालो बाह्य रेखा थियो। त्यो अगिल्तिर झुकेकी थिई, उसको चेहरामा अति कोमलताको भाव थियो। त्यो आफूमन्तिरको केही चीजलाइ हेरिरहेकी थिई, उसको गाढा खैरो कपालको झुत्तो दाहिने कुममा लट्किरहेको थियो।

मैले सुस्त आवाजमा भनें, किनभने यो ज्यादै असाधारण दृश्यले फेरि म ज्यादै विचलित भएको थिएँ, 'यो उही हो। निदाएको लिओलाइ हेरिरहेकी छ।'

मन एकातिर गएको आवाजले आश्शाले भनिन्, 'लिओ ! किन, त्यो त लेटिन भाषामा "सिंह" भनेको हो। त्यो बूढो मानिसले यो पटक सुहाउँदो नाउँ राखेछ। कस्तो अनौठो कुरा,' उनले आफैसँग कुरा गरे जस्तो गरी भन्दै गइन् , 'साह्रै अचम्म। कति मिलेको—तर सम्भव छैन !' अधैर्यको भाउ गरी उनले फेरि पानीमाथि हात हल्लाइन्। पानी धमिलो भयो, अनि त्यो मूर्ति जसरी निस्केको थियो त्यसै गरी चुपचाप

र रहस्यमय हिसावले वेपत्ता भयो, अनि फेरि त्यो बत्ती मात्र, त्यो निर्मल सजीव दर्पणको सम्म सतहमाथि झल्क्यो ।

एक छिन गौर गरेर तिनले भनिन्, 'जानुअगाडि तिम्रो मसंग केही कुरा सोध्नु छ कि, ए होलि ? यहाँ तिमीले रूखो जीवन विताउनुपर्छ, किनभने यो जाति असभ्य हुनाले सभ्य मानिसको चालचलन जान्दैनन् । त्यसो भए तापनि म चिन्तित छैन, किनभने मेरो खानेकुरो हेर', अनि त्यो सानो टेविलको फलफूललाइ तिनले देखाइन् । 'मेरो ओठभित्र फलफूलवाहेक अरू केही पर्दैन--फलफूल र रोटी, अनि अलिकति पानी । मैले मेरा ठिटीहरूलाइ तिम्रो सुसार गर्नू भनी अह्राएकी छु । तिनीहरू लाटा छन्, तिमीलाइ थाहा छ, बहिरा र लाटा, त्यस कारणले उनीहरूको चेहरा र चिन्ह बुझ्न सक्ने मानिसलाइ वाहेक ती नोकरहरूले केही भन्न सक्तैनन्, उसैले कुरा लैजालान् भन्ने डर छैन । मैले नै उनीहरूलाइ यस्ता किसमका पारी जन्माउन जोहो गरेकी हुँ--त्यस कामले धेरै शताब्दी लियो र सान्है दुःख भयो, तर आखिरमा मेरो विजय भयो । एक पटक अगाडि पनि म सफल भएकी थिएं, तर त्यस पटकको छिवल सान्है नराम्रो थियो, उसैले मैले त्यस छिवललाइ मर्न दिएँ. तर अहिले तिमीले देखिहाल्यौ, उनीहरू राम्रा छन् । एक पटक मैले बडे बडेमा जातिहरू पालेकी थिएं, तर केही वेरपछि प्रकृति देवीले त्यसदेखि वाक्क मानिन्, अनि त्यो जाति खिएर गयो । तिम्रो मसँग केही कुरा सोध्नु छ कि ?'

शूरो भएर, तर जति शूरो म देखिएँ हुला त्यति शूरता मनमा अनुभव नगरी मैले भनें, 'हो, एउटा कुरा, आश्शा, मलाइ हजरको मुख हेर्न मन छ ।'

आफ्नो घन्टी जस्तो स्वरमा तिनी हाँसिन्, अनि जवाव दिइन्, 'राम्ररी विचार गर होलि, राम्ररी विचार गर। तिमीले ग्रीसका देवताहरूका पुराना उपाख्यान थाहा पाए जस्तो बुझिन्छ। त्यहाँ एउटा आएक्टीअनले अति ज्यादा सौन्दर्यमा हेरेका हुनाले दुःखदायी हिसावले मर्नुपरेको होइन ? मैले तिमी लाइ मेरो चेहरा देखाएँ भने, शायद तिमीले पनि दुःखदायी हिसावले मर्नुपर्ला; शायद तिमीले शक्तिहीन इच्छामा आफ्नो जीवन खियाउनुपर्ला; किनभने याद राख म तिम्रो निमित्त होइनँ—म त एक पटक भएको तर अझसम्म नभएको मानिस छाडी अरू कुनै मानिसको निमित्त होइनँ।'

मैले भनें, 'आश्शा, हजूरको जो इच्छा। हजूरको सौन्दर्य-देखि डराउँदिन। फूल जस्तो नाश हुने आइमाईको सौन्दर्यको निरर्थक वस्तुबाट मैले आफ्नो दिल हटाएको छु।'

उनले भनिन्, 'होइन, तिमीले भूल गर्‍यौ; यो नाश हुँदैन। मेरो सौन्दर्य म रहे जस्तै रहिरहन्छ; तैपनि तिमी इच्छा गर्छौ भने, ए हतपते मान्छे, तिम्रो इच्छा पूर्ण गरिदिन्छु, तर घोडा फेर्ने मिश्रदेशीय सवारले घोडाको बच्चा चढे झैं यदि मनोवृत्तिले तिम्रो विवेकलाइ घोडा चढ्यो भने, र तिमीलाइ इच्छा नभए-को ठाउँमा तिम्रो विवेकलाइ त्यसले लग्यो भने मलाइ दोष न-लाए। आजतलक मेरो सौन्दर्य एक पटक देखेपछि कुनै मान्छे-ले आफ्नो मनबाट हटाउन सकेको छैन। त्यस कारण यी असभ्य मानिसहरूको बीचमा पनि म छोपिएरै हिंड्छु, नत्र उनीहरूले मलाइ दिक्क गर्छन्, अनि मैले मार्नुपर्छ। भन, तिमी हेर्छौ त ?

खुलदुलीले मर्न आँटेको हुनाले मैले जवाव दिएँ, 'हेर्छु।'

उनले आफ्नो सेतो र पुष्ट पाखुरा उठाइन्—मैले

यस्ता पाखुरा कहिले पनि देखेको थिएन--अनि सुस्तसँग, सान्है सुस्तसँग, उनले आफ्नो कपालमन्तिरको सुर्काउने तानिन्। त्यसपछि अकस्मात् लामो, मुर्दा जस्तो घुम्टो जमीनमा गिर्‍यो, अनि मेरो आँखा उनको मूर्तिमा डुल्यो। उनको शरीर अहिले टपक्क टाँसिएको सेतो लुगाले मात्र ढाकिएको थियो। त्यो लुगाले त्यो शरीरको स्वच्छ भरिलो र राजसी बान्की देखाउने काम मात्र दिन्थ्यो। त्यो शरीर प्राणभन्दा बढ्ता प्राण र मनुष्यको भन्दा सर्पको जस्तो कुनै लावण्यले पूर्ण थियो। उनको सानो खुट्टामा सुनको गाँठाले बाँधेका खराउ थिए। अनि आजसम्म प्रतिमाकारीले सपना देखेको भन्दा बढ्ता राम्रा गोलीगाँठा थिए। कम्मरनेर उनको सेतो पेटिकोटलाइ खँदिलो सुनको दुइटाउके सर्पले अड्याएको थियो, त्यसमाथि उनको मनोहारी रूप जस्तो उनीहरू राम्रा थिए त्यत्तिकै शुद्ध रेखामा फुक्तै गएको थियो, अनि त्यो पेटिकोट उनको बरफ जस्तो रुपौलो छातीमा टुङ्गिएको थियो, जसमाथि उनका दुइ हात बाँधिएका थिए। त्यसभन्दामाथि उनको मुखमा मैले हेरें, अनि--मैले कुरा बढाएको होइनँ--अन्धो र चकित भएर एकदम पछि हटें। मैले स्वर्गीय व्यक्तिको सौन्दर्यको बारेमा सुनेको थिएँ, अहिले प्रत्यक्षै देखें; केवल यो सौन्दर्य चाहिं, आफ्नो सारा भयङ्कर मनोहारिता र स्वच्छता हुँदा हुँदै पनि, अनिष्ट थियो—वा त्यस वेला, मेरो मनमा त्यो अनिष्ट छ भन्ने भावना नै अंकित भयो। म यसलाइ कसरी वयान गरूँ? सक्तिनँ—एकदम सक्तिनँ! मैले देखेको कुरा प्रकट गरी लेख्न सक्ने मान्छे जन्मेको छैन। ज्यादै गहिरो ज्यादै कोमल कालो बद्लिरहने ठूला ठूला आँखा, गुलाफी वर्णको मुख मण्डलको चौडा उन्नत निधार, त्यसमा तलसम्म उम्रेका

केश, र सुकुमारी अनौठा आकृतिको बारे म कुरा गर्न सक्थें। तर यी सबै सुन्दर, अति सुन्दर भए तापनि, उनको मनोहारिता, तिनीहरूमा थिएन। यो रहेको कुनै वासस्थान छ भन्न सकिन्छ भने, यो बरु प्रत्यक्ष गौरवमा, राजसी लावण्यमा, सजीव प्रभामण्डल जस्तै उज्ज्वल चेहरामा झल्केको मृदुकृत शक्तिको ईश्वरवत् चिन्हमा रहेको थियो। पहिले मैले उत्कृष्ट पारिएको सौन्दर्य कस्तो हुन्छ अन्दाज गरेको थिइनँ—तैपनि, यो उत्कृष्टता अँध्यारो चाहिं थियो—यो गौरव सबै स्वर्गको थिएन—तैपनि यो कम गौरवान्वित थिएन। यद्यपि मेरो सामुन्नेको चेहरा पूर्ण स्वास्थ्य र परिपक्व सौन्दर्यको पहिलो प्रवाहमा रहेकी निःसन्देह नै तीसभन्दा बढ्ता उमेर नभएकी तरुनीको थियो, तैपनि त्यस चेहरामा अवर्णनीय अनुभव, र अफसोस तथा मनोवृत्तिसंग गहिरो परिचय भएको छाप लागेको थियो। उनको खाने मुखनेरका गालाका खाल्डावरिपरि सधैं हिंडने मन्द मुस्कुराहटले पनि पाप र अफसोसको यो छायांलाइ लुकाउन सकेन। ती गौरवपूर्ण आँखाका झलकमा पनि यो देखिन्थ्यो, राजश्रीको भावमा पनि यो वर्तमान थियो, त्यसले भन्न लागेको जस्तो देखिन्थ्यो, 'मलाइ हेर, म जस्तो राम्रो कुनै आइमाई थिएनन् वा छैनन्, मैले अजम्मरी पाएकी छु, अर्ध ईश्वरी छु; संझनाले जुगजुगान्तरसम्म मलाइ खेद्छ, मनोवृत्तिले मलाइ हात समातेर डोर्‍याउँछ—मैले खराब काम गरेकी छु, जुगजुगान्तरसम्म मैले अफसोससित चिह्लाजानी गरेकी छु, र जुगजुगान्तरसम्म म अनिष्ट गर्नेछु, तथा मेरो मुक्ति नभएसम्म शोकलाइ चिन्हिरहनेछु।'

रोकिनसक्नु कुनै चुम्बकीय शक्तिले तानेको हुनाले मैले आफ्ना आँखालाइ उनको झलझल बलेको गेडीमा रहन दिएँ, ती

आँखाका गेडीवाट मकहाँ बिजुलीको तरंग आए जस्तो लाग्यो, जसले मलाइ चकित र अर्धान्ध पार्‍यो।

तिनी हाँसिन्—आहा, कस्तो संगीतपूर्ण रूपले!— अनि विजेता भीनस देवीलाइ सुहाउने उत्कृष्ट नखराको भावले मतिर उनको सानो शिर हल्लाइन्।

उनले भनिन्, 'दुर्दुङ्गे मान्छे! आएक्टीअन जस्तै, तिमीले आफ्नो इच्छा पूर्ण गर्‍यौ; याद राख नत्र आएक्टीअन जस्तै तिम्रो आफ्नै मनोवृत्तिका कुकुरहरूले धुजा धुजा पारी लुछिएर तिमी पनि दुःखदायी हिसावले मर्नेछौ। म पनि, ए होलि, कुमारी देवी हुँ,एउटा मानिसबाहेक अरू कुनै मान्छेले मलाइ असर पार्न सक्तैन, तर त्यो मान्छे तिमी होइनौ। भन, तिमीलाइ हेर्न पुग्यो।'

मैले आफ्नो हातले आँखा छोपेर धोत्रे स्वरले भनें, 'सौन्दर्यलाइ देखें, म अन्धो भएँ।'

'त्यसो! मैले तिमीलाइ के भनेकी थिएँ? सौन्दर्य आकाशको विजुली जस्तो हो : यो राम्रो छ, तर यसले नाश गर्छ—खास गरी रूखलाइ नाश गर्छ—होलि!' अनि फेरि तिनले टाउको हल्लाएर हाँसिन्। आश्शा रोकिइन्, अनि मेरो औंलाको अन्तरबाट उनको चेहरामा भयंकर परिवर्तन भएको देखें। ती ठूला आँखा एकाएक कुनै भावप्रकाशमा निश्चल भए। त्यो भावप्रकाशमा उनको अँध्यारो आत्माको गहिराइबाट उठेको कुनै भयंकर आशासित डर जुधे जस्तो देखियो। त्यो मनोहर चेहरा रूखो भयो र त्यो गौरवपूर्ण लत्याकलुलुक परेको रूख ठरौं भए जस्तो देखियो। उनले आफ्नो टाउकोलाइ डुड्न लागेको सर्पले झैं पछाडि फ्याँकेर आधा साहुती आधा सुसाएको आवाजमा भनिन्, 'मान्छे! मान्छे! तिमीले आफ्नो हातको स्क्यारबरत्न कहाँ पायौ? बोल, नत्र जीवनको आत्मा-

द्वारा जहाँ खडा छौ तिमीलाइ त्यहीं भस्म पार्छु !' अनि तिनले हल्का एक पाइला मतिर सारिन्, त्यस वेला उनको आँखाबाट एउटा भयंकर तेज निस्क्यो—मलाइ ज्वाला जस्तै लाग्यो—म उत्तिनैखेरि उनको अगाडि आतसमा गोलमालसंग फतफताउंदै जमीनमा गिरें। एकासि हावभाव बद्लेर आफ्नो पहिलेको कोमल स्वरमा उनले भनिन्, 'शान्ति ! मैले तिमीलाइ तर्साएँ। मलाइ माफ देऊ। तर कहिलेकहीं, ए होलि, झन्डै अपरिमित मन साह्रै परिमित मनको विलम्बले अधीर हुन्छ, र झिज्याहट लागेर आफ्नो शक्ति प्रयोग गर्न मलाइ मन लाग्छ। झण्डैले तिमी मरेको, तर मैले संझें। तर त्यो स्क्यारवरत्न—त्यो स्क्यारबको वारे ?'

फेरि उठेपछि मैले कमजोरसंग भकभकाउंदै भनें, 'मैले यो पाएँ,' यो सत्य कुरा हो, त्यस वेला मेरो मन साह्रै विचलित हुनाले त्यो रत्नलाइ लिओको गुफामा पाएको बाहेक त्यो औंठीको वारेमा केही संझन सकिनँ।

ती भयंकर आइमाईलाइ नसुहाउँदो स्त्रीवत् अचानकको कंपन र व्यग्रतापूर्वक उनले भनिन्, 'यो साह्रै अनौठो कुरा हो, तर एक चोटि मैले यसरी वनाएको स्क्यारवरत्न देखेको थिएँ। यो मैले प्रेम गरेको मान्छेको घांटीमा झुण्डिएको थियो,' अनि एक पटक केही घुँक्क गरिन्, उसैले साह्रै बूढी भए तापनि तिनी आखिरमा साधारण स्वास्नीमानिसै रहिछन् भन्ने मैले बुझें।

उनले भन्दै गइन्, 'उसैले यो उ जस्तै अर्को हुनुपर्छ, तै-पनि मैले यसको जोडा कहिले पनि देखेकी थिइनँ, किनभने त्यसमा एउटा इतिहास झुण्डिएको छ, यो लाउने मान्छेले यस-

लाइ खूब चाहा गर्थ्यो[1]। तर मैले देखेको स्क्यारबरल औंठी बनाएर यसरी जडिएको थिएन। अहिले जाऊ, होलि, जाऊ, सक्छौ भने, मैले आफ्नो मूर्खतावश आश्शाको सौन्दर्य हेरेको छु भन्ने कुरा बिर्सन कोशिश गर,' अनि, मबाट फर्केर, उनी कौचमा थ्याच्च बसी तकियामा आफ्नो मुख लुकाइन्।

मेरो हकमा, उनको सामुन्नेबाट लरफराउंदै गएँ, अनि कसरी म आफ्नो कोठरीमा पुगें मलाइ संझना छैन।

०

---

१. यो साह्रै मज्जाको र राम्नरी बनाएको स्क्यारबरल, 'सूर्यको राजसी पुत्र,' मैले देखाएको एउटा प्रख्यात र साह्रै विद्वान् मिश्रदेशी विद्या जान्ने मान्छेले मलाइ भन्यो, योसंग मिल्ने अर्को कहिले पनि देखेको छैन रे। यस विषयमा मिश्रदेशका राजाहरूलाइ अक्सर दिइने उपाधि छ तापनि, उसको रायमा यो फेरोको कार्टूश (गूढचित्राक्षरी चिन्ह इत्यादि भएको बदामी चक्का) हुनैपर्छ भन्ने केही छैन, जसमा या त सिंहासन या बादशाहको खास नाउं अक्सर खोदिन्छ। यो चाहिं स्क्यारबरलको इतिहास क्या हो दुर्भाग्यवश अब हामी कहिले बुझ्न सक्तैनौं, यद्यपि मलाइ अलिकति पनि शंका छैन कि यसले शाहजादी अमेनर्टस र उनको प्रेमी, आइसिसको किरिया हालेको पुरेत क्यालिक्रटीज-को दुःखान्त कथामा केही हिस्सा लिएको छ।   —सम्पादक।

चौद्धौं परिच्छेद

नरकमा परेको आत्मा

म ओछ्यानमा पल्टँदा रातको करीब दश बजेको थियो, आफ्ना छितरबितर भएका समझहरूलाइ बटुलेर आफूले देखे सुनेको कुरामा गौर गर्न थालें। तर जति जति गौर गर्थें उति उति कम यसलाई बुझ्न सक्थें। म बौलाएको, वा रक्सीले लठ्ठ परेको, वा सपना देखिरहेको थिएँ, वा अजङ्को र ज्यादै परिभ्राटपूर्वकको छलमा परेको मात्र थिएँ ? म, एउटा समझदार मान्छेले, हाम्रो इतिहासको प्रमुख वैज्ञानिक कुराहरूको ज्ञान भएको, र अहिलेसम्म यूरोपमा अतिप्राकृतिकको नाउँले प्रख्यात भएको सबै चटकलाइ बिलकुल र कत्ति पनि विश्वास नगर्ने मान्छेले, भर्खर बितेको केही मिनेटभित्र दुइ हजार चानचुन वर्षकी बूढी आइमाईसित कुरा गरें भनी पत्याउन सकें भन्ने कुरा कसरी विश्वासलाग्दो भयो ? यो कुरा मान्छे मात्रको अनुभवको बिलकुल विरुद्ध र एकदम तथा नितान्त असंभवको थियो। यो ठगी नै हुनुपर्छ, तैपनि यो ठगी हो भने, यसको मैले कसरी अर्थ लाउने ?

पानीमा देखिएका मूर्तिहरूको बारेमा, ती आइमाईको ज्यादै उहिलेको कालसित अचम्मको परिचय, र त्यसभन्दा पछिको इतिहासको बारेमा उनको अनभिज्ञता, वा हेर्दाखेरि अनभिज्ञताको बारे के भन्न सकिन्छ ? उनको अचम्म र डरलाग्दो मनोहारिताको बारेमा पनि के भन्ने ? कमसे कम यो चाहिं सोह्रै आना सत्य कुरा र संसारको अनुभवबाहिरको हो। केवल नश्वर आइमाई कुनै यस्तो अतिप्राकृतिक उज्ज्वलताले

जाज्वल्यमान हुन सक्तैनथी। यस बारेमा कमसे कम तिनले ठीक भनेकी थिइन्—यस्तो सौन्दर्य हेर्नु कुनै मानिसको निमित्त निर्विघ्न छैन। यस्ता विषयहरूमा म सार्‍हो भइसकेको भाँडो थिएँ, किनभने मेरो औलंदो बौलंदो र कच्चा जवानीको एउटा दुःखदायी अनुभवबाहेक, मेरो विचारबाट करीब करीब सारा अबला जातिलाइ (म कहिलेकहीं यसलाइ गल्ती नाउँ ठान्दछु) झन्डै झन्डै बहिष्कार गरेको थिएँ। तर अहिले, ती गौरवपूर्ण आँखाको झझल्को हटाउन सक्तिनँ भन्ने थाहा पाएकोले मलाइ ज्यादै डर लाग्यो; र अफसोस! ती आइमाईको शैतानीले, भयभीत र विरक्त पारे तापनि झन् ठूलो मात्रामा आकर्षण गर्‍यो। यदि कुनै आइमाई प्रेमपात्र हुन योग्य छ भने दुइ हजार वर्षअगाडिको अनुभव भएकी, यस्तो भयानक शक्तिको कमान भएकी, र मृत्युलाइ रोक्ने रहस्यको ज्ञान भएकी यिनी निस्सन्देह नै योग्य थिइन्। तर अफसोस! तिनी प्रेमको लायक थिइन् वा थिइनन् भन्ने यो प्रश्न होइन, किनभने जहाँसम्म म विचार गर्छु, यस्ता विषयमा पोख्त नभएको, आफ्नो कलेजको फेलो, आफ्ना परिचित मानिसहरूमा स्त्रीनिन्दक भनी प्रख्यात भएको, अहिले आधा उमेर बिताइसकेको इज्जतदार मानिस भएर मैले यो सेती बोक्सीको अगाडि बिलकुल तथा निस्सहाय हिसाबले पराजित हुनुपर्‍यो। वाहियात; त्यो वाहियातै हुनुपर्छ! तिनले मलाइ उचित हिसाबले जनाउ दिएकी थिइन्, मैले त्यो जनाउअनुसार काम गर्न इनकार गरें। आइमाईबाट घुम्टो तान्न मानिसलाइ संधै प्रेरित गर्ने प्राणनाशक खुलदुलीलाइ मेरो शराप, तथा यसलाइ पैदा गर्ने प्राकृतिक उद्वेगलाइ मेरो शराप! मेरो दुर्भाग्यको यो आधा—हो, आधाभन्दा बढ्ता—कारण हो। किन मानिसहरू एकलै बसेर

सुखी हुन, र आइमाईलाइ पनि एकलै बसेर सुखी हुन दिन सन्तोष गर्न सक्तैनन् ? तर शायद उनीहरू सुखी हुँदैनन् कि, हामी पनि सुखी हुन्छौं भन्ने मलाइ निश्चय छैन। यहाँ काम कुरो निकै वेस भयो, मेरो उमेरमा यो आधुनिक सर्सी बोक्सी-को शिकार वन्नु ! तर तिनी आधुनिक होइनन्, कमसे कम तिनी होइन भन्छिन्। यिनी करीव करीव मूल सर्सी जत्तिकै प्राचीन हुन्।

मैले आफ्नो कपाल लुछें र कौचवाट उफ्रेर खडा भएँ, किनभने केही गरिनँ भने म एकदम बौलाहा हुन्छु भन्ने ठानें। स्क्यारवरत्नको वारे तिनको के अर्थ हो नि ? यो लिओको स्क्यारव हो, करीव २१ वर्षअगाडि भिन्सिले मेरो कोठामा छाडेको पुरानो सन्दूसवाट निस्केको हो। आखिरमा त्यो कथा साँचो हो त, त्यो खपटामा लेखेको लेख कीर्ते होइन, अथवा कुनै मगज बिग्रेको धेरै अगाडि बिर्सेर बेपत्ता भएको व्यक्तिको आविष्कार होइन त ? त्यसो हो भने, शी ले पर्खेको मान्छे लिओ हो त—फेरि जन्मने भएको त्यो मरेको मान्छे ! असम्भव ! यो अनुमान बौलट्टी हो ! मान्छे फेरि जन्मेको आजसम्म कसले सुनेको छ ?

तर एउटी आइमाई २००० वर्षसम्म वाचनँ सक्नु सम्भव छ भने, यो पनि संभव हुन सक्छ—जे पनि संभव हुन सक्छ। मैले पहिले जे जानेको भए तापनि म नै कुनै अर्को बिर्सेको व्यक्तिको पुनर्जन्म भएको मान्छे, वा शायद म नै पुर्खाहरू वने-को लामो पिंढीको पछिल्लो मान्छे हुन सक्छु। वेस ! किन न-हुनु ? केवल दुर्भाग्यवश, यी पूर्वजन्मका कुराहरूको मलाइ एकजात संझना छैन। त्यो कुरा मलाइ यस्तो अनौठो लाग्यो कि ठूलो स्वरले हाँसेर गुफाको भित्ताको डरलाग्दो अनुहार

भएको योद्धाको खोदेको चित्रलाइ पुकारेर मैले ठूलो स्वरले भनें, 'कल्लाइ थाहा छ, बूढा बा?—शायद म तिम्रो समकालीन थिएँ। परमेश्वर! शायद म तिमी थिएँ र तिमी म हौ,' अनि आफ्नो मूर्खता देखेर म फेरि हाँसे, मेरो हाँसोको आवाज गुमजदार छतमा नरमाइलोसंग गुंज्यो, मानो त्यो योद्धाको प्रेतले हाँसोको प्रेतको प्रतिध्वनि निकालेको थियो।

त्यसपछि लिओलाइ कस्तो छ म हेर्न गइनँ भन्ने संझें, उसैले, आफ्नो ओछ्यानेर बलिरहेका बत्तीमध्येको एउटा टिपें, जुत्तामा खुट्टा घुसारेर बरण्डामा सुस्त सुस्त गई उसको सुत्ने गुफाको ढोकामा पुगें। रातीको सिरेटोको झोक्काले पर्दालाइ उचाली यता उता बिस्तारै बिस्तारै हल्लाइरहेको थियो, मानो प्रेतका हातले पर्दा तान्ने छोड्ने गरिरहेका थिए। मैले तहखाना जस्तो कोठामा पसेर वरिपरि हेरें। त्यहाँ बत्ती बलिरहेको थियो, त्यसको उज्यालोमा मैले खाटमा लेटेर निदाएको, तर जरोले छटपटाइरहेको लिओलाइ देखें। उसको बगलमा, केही भूइँमा पसारिएर, केही ढुङ्गाको खाटमा अडेस लागेर, अस्टेन उसको हात समाती उङिरहेकी थिई। दुइ जनाले राम्रो अथवा केही करुणारसको चित्र दर्साएका थिए। बिचरा लिओको गाला रातिएर रातो भएको थियो, आँखामन्तिर कालो छाया थियो, मुश्किलसित सास फेरिरहेको थियो। उ साह्रै साह्रै बिरामी थियो; मर्छ कि, अनि संसारमा म एकलो पर्छु भन्ने भयंकर डरले फेरि मलाइ पक्र्यो। यदि उ बाँच्यो भने पनि आश्शाको प्रेममा शायद उ मेरो प्रतिद्वंदी हुनेछ; उ त्यही मान्छे नभए तापनि, उसको उज्ज्वल जवानी र सौन्दर्यसित म अधवैंसे र नराम्रो मान्छेको के जोड चल्छ र? जे होस्, ईश्वरलाइ धन्यवाद! उचित कुरा देख्ने मेरो खयाल मरेको थिएन। शीले त्यस-

लाइ अझ मारेकी थिइनन्; अनि, त्यहाँ उभिंदा उभिंदै मैले मनमनै ईश्वरसंग प्रार्थना गरें, मेरो ठिटो, मेरो छोराभन्दा बढ्ता लाग्ने, बाँचोस्—हो, उ त्यही मानिस ठहरिन्छ भने तापनि।

त्यसपछि जसरी आएको थिएँ उसै गरी सुस्त फक, तैपनि निदाउन सकिन; त्यस्तो विरामी भएर आफ्नो अगिल्तिर लेटिरहेको लिओको दृश्य र विचारले मेरो अशान्तिलाइ झन् आगोमा घिउ हाले जस्तो मात्र भयो। मेरो थाकेको शरीर र ज्यादै परिश्रम परेको मनले मेरो सारा कल्पनालाइ अलौकिक कार्यकारितामा जागृत गरायो। विचार, दृश्य, प्रायः अवभास, मेरो मनको अगाडि अचम्मलाग्दो स्पष्टतासंग नाचे। तिनीहरूमध्ये धेरैजसो एकतमासका थिए, कुनै पैशाचिक थिए, कुनैले मेरो अतीत जीवनको घुरानभित्र वर्षौं गाडिएको विचार र इन्द्रियज्ञानलाइ संझाउँथ्यो। तर तिनीहरू सबैको पछाडि र माथितिर त्यस भयंकर आइमाईको रूप घुम्थ्यो, र तिनीहरूको बीचबाट उनको मोह गर्ने सौन्दर्यको संझना झल्कन्थ्यो। त्यस गुफाको यताउता म टहलें—कहिले यता कहिले उता।

एक्कासि मैले अगिबाट नदेखेको कुरा देखें, गारोमा एउटा सानो दुलो रहेछ। बत्ती लिएर त्यसलाई जाँचें; त्यस दुलाबाट एउटा बाटो गएको रहेछ। हामी जुन अवस्थामा थियौं त्यसमा, आफ्नो सुत्ने कोठाबाट कहाँ हो पत्तो नभएको ठाउँमा गएको बाटो भेट्टाउनु मजाको कुरा होइन भन्ने संझन सक्ने पुरा समझ त्यो वेलासम्म मेरो छंदै थियो। बाटो छ भने त्यहाँबाट मानिस आउन सक्छन्; आफू सुतिरहंदा तिनीहरू आउन सक्छन्।

अलिकति त यो बाटो कहाँ पुग्छ भनी हेर्नालाइ, अलिकति केही कुरा गरूँ भन्ने चंचल इच्छाले म त्यो बाटोमा सरासर

गएँ। केही पर गएपछि एउटा ढुंगाको सिंढीमा पुगें, त्यो सिढीं ओर्ल्हैं; त्यो सिढींले अर्को बाटो अथवा सुरुङमा लग्यो। त्यो पनि जमीनभित्रको पहरो ताछी बनाएको थियो, जहाँसम्म म विचार गर्न सक्छु, हाम्रो कोठाको ढोकामा जाने बरण्डाकै मनि र ठूलो बीचको गुफामनि गएको थियो। म त्यसको मन्तिर गएँ; त्यहाँ च्याहान जस्तै शून्य थियो तैपनि, आफूले परी लाउन नसक्ने कुनै इन्द्रियज्ञान वा आकर्षणद्वारा खिचिएर, म सरासर अगाडि बढ़ें। मेरो मोजा लाएको खुट्टा मसिनो ढुङ्गाको भूईंमा पर्दा आवाज आउँदैनथ्यो। अन्दाजी ५० गज जति हिंडेपछि ठीक तेर्सो गएको तेस्रो बाटोमा पुगें, त्यहाँ मलाइ एउटा भयानक कुरा भयो : कडा सिरेटो आएर मेरो बत्ती निभाइदियो। म चाहिं त्यो रहस्यपूर्ण ठाउँको आंतभित्र चुक घोप्ट्याए जस्तो अन्धकारमा परें। दुइ फड्का अगाडि बढेर तेर्सो गएको सुरुङलाइ पार गरें, किनभने एक पटक मलाइ कतापट्टि जाने हो भन्ने गोलमाल भयो भने अँध्यारोमा त्यो तेर्सो सुरुङपट्टि लागुंला भन्ने ज्यादै डर लाग्यो। त्यसपछि गौर गर्न थामिएँ। अब के गर्ने हो? मसंग सलाई थिएन; बिलकुल अंधकारमा यति लामो बाटो फर्केर जानालाइ कोशिश गर्न भयंकर लाग्यो, तैपनि म त्यहाँ रातभर उभिन सक्तैनथें, उभिएकै खण्डमा पनि, शायद त्यसले मलाइ उस्तो मदत हुने थिएन, किनभने त्यो पहराको गुफाभित्र मध्यरातमा जस्तै मध्यान्हमा पनि अन्धकारै रहनेछ। मैले पछिल्तिर हेरें— न केही देख्नु छ, न केही सुन्नु छ। अगिल्तिर अन्धकारमा मैले निहालेर हेरें; निश्चय नै, धेरै टाढा, मैले आगोको मधुरो उज्यालो जस्तै केही कुरा देखें। शायद यो गुफा हो जसमा म बत्ती पाउन सक्छु—कमसे कम यो क्या हो पत्ता लाउनु योग्य थियो।

बिस्तारै बिस्तारै र कष्टसाथ हातले भित्ता छाम्दै, खाल्टोमा खसुँला भन्ने डरले हरेक पाइलामा खुट्टा राख्नुअगाडि जिमीनमा छाम्दै सुरुङको अगिल्तिर बढें। ३० कदम—उज्यालो देखियो, चहकिलो उज्यालो जो पर्दाबाट छिरी आउने जाने गर्थ्यो! ५० कदम—यो नजीकै हो? साठी—ओहो, परमेश्वर!

म पर्दानेरै थिएँ, ती पर्दा टक्म जोरिएका थिएनन्, उसैले ती पर्दाभित्रको सानो ओडारमा म राम्रोसंग देख्न सक्थें। त्यस ठाउँको च्याहानको अनुंहार थियो, त्यसको बीचमा सेतो ज्वाला र धूवाँविना बलेको आगोले उज्यालो पारिएको थियो। वास्तवमा त्यहाँ बायाँपट्टि, तीन चार इञ्ची अग्लो चप्लेटो भएको ढुंगाको खाट थियो, त्यसमाथि मैले मुर्दा भनी अनुमान गरेको वस्तु सुताइराखेको थियो; कमसे कम सेतो केही कुराले ढाकेको हुनाले यो मुर्दा जस्तो देखिन्थ्यो। दाहिनेपट्टि त्यस्तै खाट थियो, त्यसमाथि कारचोपी भरेका तन्ना ओछ्याइएका थिए। आगोमाथि एउटा आइमाईको शरीर झुकेको थियो, त्यसले धिप धिप गरेको ज्वालामा एकटकसंग हेर्न लागेको देखिन्थ्यो; त्यस आइमाईले मेरो बगलतिर, मुर्दापट्टि मुख फर्काई घुँडा टेकी। त्यो स्वास्नीमानिसले माईको अलखाले जस्तै कालो अलखाले आफूलाई गुट्टमुट्ट पारेकी थिई। म के गर्नें भनी अठोट गर्न खोज्दै थिएँ, अकस्मात्, निराश भएको शक्तिको आवेशलाइ सूचन गर्ने झोकासहितको गतिले, त्यो आइमाई खडा भई र कालो अलखा फ्याँकी।

ती त शी नै रहिछन्!

तिनले घुम्टो झिक्ता मैले देखेकै जस्तो, उनको छातीको तलसम्म आउने, र कम्मरमा असभ्य किसिमको दुइ टाउके सर्पले बांधिएको जीउमा टपक्क टाँसिएको सेतो पेटिकोट लाएकी

थिइन्, उनको लहरदार कालो कपाल ठूलो मुठो परी झण्डै उनको खुट्टासम्म पुगेको थियो। तैपनि उनको मुखमण्डलले मेरो आँखालाइ पक्र्यो, र सनासोले जस्तै मलाइ समाति-राख्यो, यस पटक आफ्नो सौन्दर्यको जोडले होइन, लट्ठिएको डरको शक्तिले। सौन्दर्य्य त त्यस मुखमा छँदै थियो, तर ती कामेका आकृतिमा, र माथितिर फर्कका आँखाको व्यथित हेराइमा झल्केका वेदना, अन्धो मनोवृत्ति, र भयंकर प्रतिहिंसा यस्ता थिए जो बयान गर्न मेरो शक्ति छैन।

एक छिनसम्म तिनी चुपचाप लागेर खडा रहिन्, उनका हात उनको टाउकोमाथि उठेका थिए, उभिँदा सेतो अलखा उनको शरीरबाट चिप्लिएर सुनौला पेटीमा पुग्यो र उनको शरीरको अन्धो पार्ने सौन्दर्य नाङ्गै देखियो। तिनी उभिएकी थिइन्, उनका औंलाहरू मूठी परी कसिएका थिए, साथ साथै उनको चेहरामा अनिष्टको भयंकर अनुहार संकलित भई गहिरियो।

अकस्मात् मैले विचार गरें, तिनले मलाइ देखिन् भने के होला। त्यो विचारले मलाइ वेचैन र तोभा पार्‍यो। तर, म त्यहाँ बसें भने मर्छु भन्ने मैले थापा पाएको भए तापनि त्यो ठाउँलाइ छोडेर जान सक्थें जस्तो लाग्दैन, किनभने म बिल-कुल मोहित भएको थिएँ। तैपनि मलाइ यस्तो शंकट पर्छ भन्ने थाहा थियो। उनले मेरो अबाज सुनेको, वा पर्दाबाट मलाई देखेको खण्डमा, मैले छिक्का पनि गरेको, वा उनको जादूले तिनलाइ कसैले हेरिरहेको छ भनी सूचना दिएको खण्डमा— तुरुन्तै मेरो सर्वनाश हुन्थ्यो।

मुट्ठी पारेको हात उनको बगलमा झर्‍यो, त्यसपछि ती हात उनको टाउकोमाथि उठे, अनि जति निश्चय म जिउँदो र इज्जतदार मान्छे हुँ त्यति निश्चय आगोको सेतो लपका उनको

हातअनुसार झण्डै छतसम्म उफ्र्यो। त्यसो गर्दा शीमाथि नै, सेतो कपडामन्तिरको शरीरमा, चट्टानमा खोदेको हरेक मुट्ठा पारेको कागत जस्तो बुट्टा र अरू साना तिना कुरामा डरलाग्दो र भयानक उज्यालो पर्‍यो।

हस्तिहाड जस्ता दुइ पाखुरा फेरि तल ओर्ल्हे, ती हात ओर्ल्हँदा तिनीले अरबी भाषामा, मेरो रगत जमाउने र एक सेकण्डको निंति मेरो मुटु थाम्ने सुरमा बोलिन्, वा सुसाएर बोलिन्।

'त्यो आइमाईको भस्म होस्, उ अनन्त कालसम्म सराप परेर रहोस्।'

ती पाखुरा ओर्ल्हे अनि लपका पनि होचियो। ती पाखुरा फेरि माथि गए, अनि आगोको चाक्लो लप्का हातसाथै माथि पुग्यो, त्यसपछि फेरि ती झरे।

'त्यस आइमाईको स्मरणशक्ति भस्म होस्—त्यो मिश्रदेशवासिनीको संझनामा सराप परोस्।'

फेरि माथि गए, फेरि तल झरे।

'त्यस आइमाईको भस्म होस्, नाइलकी छोरीको भस्म होस्, किनभने उ राम्री छ।

'त्यस आइमाईको भस्म होस्, किनभने उसको जादूलाइ मेरो जादूले माथ गर्न सकेन।

'त्यस आइमाईको भस्म होस्, किनभने मेरो प्रियतमलाई मबाट रोकी।'

अनि फेरि त्यो लप्का घटेर छोट्टियो।

उनले आफ्नो आँखामा हात राखिन्, अनि, सुसाएको आवाजलाइ छोडेर ठूलो स्वरमा कराइन्ः—

'सरापेर के फायदा?—उसैले जिती फेरि उ मरी सकेकी छ।'

त्यसपछि तिनले अझ बढ्ता भयंकर शक्तिले शुरू गरिन्ः—

'जहाँ त्यो आइमाई छ त्यहीं त्यसको भस्म होस् । त्यो आइमाई जहाँ भए पनि मेरो सराप त्यसकहाँ पुगोस् र उसको शान्तिलाइ भस्म गरोस् ।

'तारैताराले ढाकेका ठाउँबाट गई मेरो सरापले त्यसलाई भस्म गरोस् । उसको छाया पनि भस्म होस् ।

'मेरो शक्तिले त्यो आइमाईलाइ त्यहाँ पनि भेट्टाओस् ।

'त्यस आइमाइले त्यहाँ पनि मेरा कुरा सुनोस् । त्यसले अन्धकारमा आफूलाइ लुकाओस् ।

'त्यो स्वास्नीमान्छे निराशको खाल्टोभित्र परोस्, किनभने एक दिन म त्यसलाइ भेट्टाउनेछु ।'

फेरि त्यो लप्का ओल्ह्यो, फेरि उनले आफ्नो आँखा छोपिन् ।

तिनले रुन्चे स्वरले कराएर भनिन्, 'यो मूर्खता हो, शक्तिका पखेटामनि सुतेकाहरूकहाँ को पुग्न सक्छ ? म पनि उनीहरूकहाँ पुग्न सक्तिनँ ।'

त्यसपछि फेरि उनले आफ्नो अपवित्र पद्धति थालिन् ।

'त्यो स्वास्नीमान्छे फेरि जन्मेपछि त्यसको भस्म होस् । सराप परेरै त्यो जन्मोस् ।

'त्यो आइमाई फेरि जन्मेदेखि निद्रा नपरेसम्म उसको बिलकुल भस्म होस् ।

'हो, त्यस वेला, त्यो आइमाईको भस्म होस्; किनभने त्यस वेला मेरो बदला पाउनेछ, म उसलाइ बिलकुलै नाश गर्नेछु ।'

यही हिसाबले त्यो काम चल्दै गयो ।

त्यो लप्का आरशाका पीडित आँखामा प्रतिबिम्बित हुँदै उक्लने ओर्लने गर्थ्यो, उनको भयानक सरापको खुसाएको

अवाज भित्तावरिपरि दौडदै साना साना प्रतिध्वनि भएर हराउँथ्यो। त्यो अवाज कस्तो भयानक थियो, मेरो कुनै शब्दले दर्साउन सक्तैन। अनि त्यो डरलाग्दो उज्यालो र गहिरो अन्धकार आलोपालोसँग ढुंगाको चितामा सुताएको सेतो तथा डरलाग्दो लासमा पर्थ्यो।

तर आखिरमा तिनले आफूलाइ थकाएको जस्तो देखियो अनि थामिइन्। उनी ढुङ्गाको भूइँमा बसिन्, राम्रो कपालको बाक्लो झाँक्रो आफ्नो मुख र छातीमा फिजारी हृदयविदारक निराशाको यन्त्रणामा भयंकरसँग घुँक्क घुँक्क गरी रुन थालिन्।

उनले रुँदै भनिन्, '२००० वर्ष, २००० वर्षसम्म मैले पर्खेर सहेँ; तर एक शताब्दी बिस्तारै बिती अर्को शताब्दी आउँछ, अनि एक समयले अर्को समयलाइ स्थान दिन्छ, संझनाको डसाइ घटेको छैन, आशाको ज्योतिको चहक बढ्दैन। ओहो, सारा मेरो मनोवृत्तिले मुटु खाँदै, मेरो पाप मेरो सामुन्नेमा संधै रही दुइ हजार वर्ष बाँच्नू! हरे, मेरो निमित्त जीवनले विस्मरण ल्याउन सक्तैन! हरे, गएको र अब आउने, संधै आउने, अनन्त र अन्त नभएका पट्टाइलाग्दा युगहरू!

'मेरो प्यारा! मेरो प्यारा! मेरो प्यारा! त्यो परदेशीले किन तिमीलाइ यसरी मेरो संझनामा ल्याउँछ? ५०० वर्षसम्म मैले यसरी दुःख पाएको थिइनँ। हरे, मैले तिम्रो उपरमा पाप गरेकी छु तापनि, त्यो पापलाइ मैले पखालिन? सबै कुरा भएकी, तैपनि तिमीविना केही नभएकी म दुःखीकहाँ तिमी कहिले फर्केर आउँछौ? मैले गर्ने कुरा के छ? के? के? के? शायद त्यो आइमाई—शायद त्यो मिश्रदेशवासिनी जहाँ तिमी छौ त्यहाँ तिम्रोसाथ बसी बसी मेरो संझनालाइ गिज्याइरहेकी छ। हरे, किन म तिमीसंग मर्न सकिनँ, म जसले तिमीलाइ मारें? अफसोस, म मर्न सकिनँ! अफसोस! अफसोस! अनि

तिनी जमीनमा लम्पसार परेर पछारिइन् र यसरी घुँक घुँक गरी रोइन् कि मलाइ उनको मुटु नै फुटे जस्तो लाग्यो ।

एक्कासि उनी थामिइन्, जुरुक्क उठिन्, आफ्नो अलखा तानतुन गरिन्, अनि अधैर्यपूर्वक आफ्नो लामो कपालको मुट्ठालाइ पछिल्तिर पन्छाएर ढुंगाको खाटमा राखेको मुर्दाकहाँ लम्केर गइन् ।

उनले कराइन्, 'ए क्यालिक्रटीज !' त्यो नाउँ सुनेर म काम्में, 'म तिम्रो मुखमा नहेरी सक्तिनँ, यद्यपि हेर्दा मेरो छाती चिरिन्छ। मैले मारेको--मेरो आफ्नै हातले मारेको तिमीलाइ नहेरेको वर्षौं बित्यो,' अनि काँपेको हातले त्यो ढुंगाको खाटमाथिको मूर्तिलाई ढाकेको कात्रो जस्तो कपडाको कुनामा उनले समातिन्, र एक छिन रोकिइन् । जब उनी फेरि बोलिन् उनको आवाज धकाएको साउतीमा निस्क्यो, मानो उनको विचार उनीलाई भयंकर थियो ।

मुर्दासितै कुरा गरेको जस्तै गरी उनले भनिन्, 'उहिले जस्तो मेरो अगाडि खडा हुने गरी म तिमीलाइ उठाइदिऊँ ? म तिमीलाइ उठाउन सक्छु,' अनि कात्रोले छोपेको मृत देहमाथि उनले आफ्ना हात पसारिन्, उनको शरीर चाहिं हेर्दै डरलाग्दो र ठर्रो भयो, अनि उनको आँखा निश्चल र निस्तेज भयो। म डराएँ र पर्दापछाडि मेरो टाउकोका रौं ठाडठाडा भए, मेरो अनुमान हो कि साँच्चि कुरा हो म भन्न सक्तिनँ, त्यो निश्चल देह कपडामन्तिर काम्न थालेको र त्यो कात्रो सुतेको मानिसको छातीमा रहेकै जस्तो गरी उचालिन थालेको जस्तो लाग्यो । एक्कासि आश्शाले आफ्नो हात हटाइन्, अनि त्यो मुर्दा चल्न छाड्यो ।

तिनले दुःखित भएर भनिन्, 'के को निति ? प्राण जस्तो देखिने कुरालाइ बोलाएर के काम लाग्दछ, किनभने म आत्मा-

लाइ फर्काएर ल्याउन सक्तिनँ ! तिमी मेरो अगाडि खडा भए तापनि तिमीले मलाइ चिन्न सक्तैनौ, अनि मैले अह्राएको बमोजिम मात्र गर्न सक्छौ । तिमीभित्रको प्राण मेरो प्राण हुन्छ, तिम्रो प्राण होइन, क्यालिक्रटीज ।'

एक छिनसम्म ती यसरी घोरिएर वसिरहिन्; त्यसपछि त्यो देहको नजीक घुँडा टेकेर कात्रोमा आफ्नो ओठ जोडेर रुन थालिन् । मृत देहमाथि धक फुकाएर आफ्नो शोक पोखेकी यो भयलाग्दी आइस्सईको हृदयमा केही कुरा यस्तो भयंकर थियो—अगाडि भएको अरू जुनसुकै कुराभन्दा पनि यति बढ्ता भयानक थियो—कि मैले यसमा हेर्दा खपिसक्नु भएन, अनि फर्की, सर्वांग काँपिरहेको हुनाले म अँध्यारो बाटोमा बिस्तारै बिस्तारै जान लागें । मेरो थर थर काँपेको दिलमा नरकमा रहेको आत्माको सपना देखे जस्तो लाग्यो ।

कसरी कसरी मलाइ थाहा छैन, अगाडि ढुनमुनाउँदै बढें । दुइ चोटि म लडें, एक पटक तेर्सो बाटोमा गएँ, तर सौभाग्यवश वखतैमा आफ्नो भूल थाहा पाएँ । बीस पच्चीस मिनेटसम्म म सुस्त सुस्त हिंडिरहें, आखिरमा मेरो मनमा लाग्यो मैले ओर्लेको सानो सिंढी छोडेर अगाडि गइसकें । उसैले, ज्यादै थाकेको हुनाले, र प्राण हुरुक्क जाला जस्तो गरी डराएको हुनाले, म त्यहीं ढुंगामा पल्टेर विस्मृतिको समुद्रमा डुबें ।

जब मलाइ होश भयो आफ्नो पछाडितिर बाटोमा उज्यालो देखें । म त्यहाँसम्म चाल मारेर गएँ, अनि त्यो सानो सिंढीबाट झिलमिलको मधुरो उज्यालो आएको रहेछ भन्ने थाहा पाएँ । सिंढीमा उक्लेर गएपछि म निर्विघ्नतापूर्वक आफ्नो कोठामा पुगें, र खाटमा पल्टी चाँडै नै निदाएँ, वा लट्ठिएँ ।

पन्ध्रौं परिच्छेद

आइशा इनसाफ गर्छिन्

त्यसपछि मैले आँखा खोल्दा जौवको रूप देखेको संझन्छु। जौव अहिले जरोवाट राम्रै उत्रिसकेको थियो भने पनि हुन्थो। त्यो वाहिरवाट गुफाभित्र छिरेको उज्यालोको रेखामा उभिएर, वुरुस नभएको हुनाले वुरुस लाउनाको सट्टा मेरो लुगा झारझुर गर्दै सफासंग पट्याएर ढुंगाको खाटको छेउमा राख्न लागेको थियो। यो काम गरिसकेपछि सफरी व्यागवाट मेरो सिंगार गर्ने छालाको वाकस झिक्यो, अनि मेरो निमित्त तयार पारेर खोलिराख्यो। पहिले उसले त्यसलाइ पनि ढुंगाको खाटको पुछारमाथि राख्यो, त्यसपछि मैले त्यो बाकस-लाइ लात्तले हानुँला भनी डराएर हो क्यारे, त्यो बाकस-लाइ भूईंमा चितुवाको छालामाथि राख्यो, अनि कस्तो देखियो भनी एक दुइ कदम हटेर हेर्‍यो। उसलाई चित्त बुझेन, उसैले व्यागलाइ बन्द गरेर ठड्यायो, अनि खाटको छेउमा जोडेर त्यस-माथि सिंगार गर्ने बाकस राख्यो। त्यसपछि उसले हाम्रो मुख धुने सर्वपूँजीका माल, अर्थात् पानी भरिएका भुङ्ल्काहरूमा हेर्‍यो। उसले गुनगुनाएको मैले सुनें, 'ओहो! यो पाजी ठाउँमा तातो पानी नै छैन। यी चुत्था मान्छेहरू परस्परलाई उमाल्नालाइ मात्र तातो पानी चलन गर्छन् क्यारे', अनि उसले लामो सास फेर्‍यो।

मैले भनें, 'के भो ए, जौव?'

उसले कपाल छोएर भन्यो, 'माफ रहोस्, हजूर। मैले त हजूरलाइ निद्रा परेको ठानें: मलाइ निश्चय छ हजूरलाइ तातो

पानी चाहिए जस्तो छ। हजूरको अनुहार हेर्ने मान्छेलाइ हजूर-लाइ राती बडो तकलीफ भएको छ भन्ने, एकदम थाहा हुन्छ।

जवाबको रूपमा मैले केवल कनें। साँच्चिकै रात बिताएको थिएँ, मलाइ आशा छ, यस्तो फेरि कहिले आउनेछैन।

'मिस्टर लिओलाइ कस्तो छ, जौब ?'

'उस्तै हो, हजूर। उहाँलाइ चाँडै संचो भएन भने रहनु-हुन्न क्यारे, हजूर; कुरा यत्तिकै हुन्। हुन त असभ्य अस्टेनले जलसंस्कार भएको क्रिस्तान व्यक्तिकै उहाँको निम्ति भरमग्दूर गरेकी छन् भन्नैपर्छ। उनी संधै उहाँसितै झुण्डिरहेर हेरचाहा गर्छिन्, मैले केही काम गर्न खोजें भने, तिनले डरलाग्दो अनुहार लाउँछिन्; उनको केश ठाडठाडा भएको देखिन्छ, र आफ्नो अपवित्र भाषामा सराप्ने फतफताउने गर्छिन्—कमसे कम उनको अनुहार हेर्दा उनले सरापे जस्तो लाग्छ।'

'त्यस वेला तँ के गर्छस् त ?'

'म उनलाइ नरमसंग सलाम गर्छु, अनि भन्छु, "नानी, तपाईंको अवस्था म बिलकुल बुझ्न सक्तिनँ, चिन्न पनि सक्तिनँ। तपाईंलाई भन्छु, बेथाले असक्त भएका मेरा मालिकमाथि मैले आफ्नो कर्तव्य गर्नुपर्छ, त्यो कर्तव्य म आफै असक्त नभए-सम्म म गर्न छाड्दिनँ," तर उनले मेरो कुराको परवाहै गर्दिनन्, अँहँ—झन् पहिलेको भन्दा बढ्ता सराप्ने फतफताउने मात्र गर्छिन्। हिजो राती तिनले लाएको राती लाउने कमीज जस्तो लुगाभित्र आफ्नो हात घुसारिन्, अनि घुगुरिएको काट्ने धार भएको छुरा थुत्त झिकिन्; उसैले मैले पनि मेरो पिस्तौल थुत्त झिकें, अनि हामी परस्परको वरिपरि घुम्यौं। आखिरमा तिनी खित्का छोडेर हाँसिन्। क्रिस्तानले जतिसुकै राम्री भए तापनि एउटी जंगली मान्छेबाट यति सहन पर्नु रोज कुरा होइन, तर

मान्छेले पाउनु भनी नलेखेका कुराहरू खोज्न यस ठाउँमा आउनेसम्मका मूर्खहरूलाइ' ('मूर्खहरूमा' जौवले ठूलो झोक्का दियो) 'यस्तो हुनु देखी छ। यो हाम्रो करनीअनुसारको फल हो, हजूर—मेरो त त्यही विचार छ; मेरो राय त यो छ. अहिलेसम्म हामीले आधा फल मात्र चाखेका छौं, अनि त्यो फल पूरा हुँदा हामी पनि भुस्कुट हुन्छौं, यी पाजी गुफाहरूभित्र सदाकालको निमित्त मुर्दा र भूतहरूसित बस्नुपर्छ। अब हजूर, मिस्टर लिओलाइ हेर्न जानुपऱ्यो, त्यो जंगली बिरालीले मलाइ छुन दिई भने मात्रै न हो; अनि शायद हजूर पनि जागा हुनुहुनेछ, हजूर, किनभने अहिले नौ बजिसक्यो।'

यस्तो रात बिताएको मानिसलाइ जौवका कुराहरू दिल खुश पार्ने किसमका एकदम थिएनन्; अनि कुरा क्या हो भने, ती कुराहरूमा सत्यताको अंश थियो। सबै कुरा विचार गर्दा, अहिले हामी जहाँ छौं, त्यस ठाउँबाट उम्कनु मलाइ बिलकुलै असम्भव लाग्यो। लिओलाइ निको भएको खण्डमा, र शीले हामीलाइ जान दिएको खण्डमा, जुन कुरा ज्यादै शंकनीय थियो, अनि तिनले झोक्किएको बखतमा हामीलाइ भस्म नगरेको खण्डमा, फेरि अमाहगरले हामीलाइ तातो भाँडो टाउकोमा राखेर नमारेको खण्डमा पनि हामीले आफ्नो बाटो भेट्टाउनै बिलकुल असम्भव हुनेछ। किनभने त्यो बाटो कैयन् अमाहगरका घरानावरिपरि मानिसले तर्जुमा गर्न वा बनाउन सक्ने जुनसुकै किल्लाभन्दा बढ्ता बलियो र बढ्ता अगम्य किल्ला बनेका अनगिन्ती माइलसम्म गएको भासै भासका जालाहरूको बीचमा थियो। अँहँ, गर्ने एउटा कुरा मात्र छ—निर्धक्कसँग यससँग सामना गर्नु; अझ, मेरो हकमा भनूँ भने त, आफ्नो मनको ज्यादै दुरावस्था थियो तापनि त्यो सारा अमानुषिक कथामा

यति ज्यादा चाख लागेको थियो कि खुलदुलीको निमित्त प्राण दिनुपरे तापनि, म त्यसभन्दा बढ्ता कुरा खोज्दैनथें। मनोविज्ञानमा भुतुक्क हुने कुन चाहिं मानिस मौका परेको वेलामा यो अचम्मकी आश्शाको जस्तो चरित्र अध्ययन गर्नामा मन थाम्न सक्ला ? ज्यादै डरले गर्दा यसको मनोमोहकता बढ्थ्यो; फेरि अहिले दिनको जागृत उज्यालोमा पनि आफ्नो मनमा स्वीकार नगरी सक्तिनँ, त्यस आइमाईका मैले बिर्सन नसक्ने आकर्षक कुरा थिए। राती मैले देखेको डरलाग्दो दृश्यले पनि मेरो मनबाट त्यो मूर्खतालाइ हटाउन सकेन; र, मैले यो कुरालाइ स्वीकार गर्नुपरेकोमा मलाइ अफसोस छ ! अहिलेसम्म पनि मेरो मनबाट त्यो हटेको छैन।

मैले लुगा लाइसकेपछि खाना खाने, वा नकुहुने औषधी लाउने कोठामा गएर केही खानेकुरा खाएँ। खानेकुरा पहिलेकै जस्तो लाटी ठिटीहरूले ल्याएर दिए । खाइसकेपछि म लिओलाइ हेर्न गएँ। उसको मगज पूरासंग सड्केकै थियो, मलाइ चिन्दै चिनेन। उसलाई कस्तो लागेको छ भनी मैले अस्टेनलाइ सोधें; तर उसले टाउको मात्र हल्लाई र केही रुन थाली। उसको आशा साह्रै कम थियो भन्ने स्पष्ट देखिन्थ्यो :—त्यही वेला मैले मसक्क आँटें, संभव भयो भने लिओलाइ हेर्न आउन शीलाइ राजी गराउंछु। उनको शक्ति भए उनलाई पक्कै निको पार्लिन्—उनले सक्छु भनेकी पनि छन्। म त्यो कोठामा छंदा बिलाली पस्यो, उसले पनि टाउको हल्लायो।

उसले भन्यो, 'रात परेपछि मर्छ।'

मैले जवाव दिए, 'परमेश्वरले त्यसो नगरून्, मेरो पिता,' अनि शोकपूर्ण हृदयले फरक्क फर्कें।

हामी पर्दाबाहिर पुग्नासाथ बूढो मान्छेले भन्यो, 'मेरो ववून "आज्ञा-मान्नैपर्ने-शी" ले तिमीलाइ आउनू भन्ने हुकुम दिनुभएको छ; तर, मेरो प्यारो छोरा. ज्यादै होश गर। हिजो उहाँको अगाडि तिमीले भूइँमा नघस्रेको देख्ता पक्का शीले तिमीलाइ भस्म गर्नुहुन्छ भन्ने मेरो मनमा लागेको थियो। अहिले उहाँ तिमीलाइ र सिंहलाइ हान्नेहरूको निसाफ गर्न ठूलो दलान-वैठकमा बस्नुहुनेछ। आऊ, मेरो छोरा, चांडै आऊ।'

म फर्कें र उसको पछिपछि लागी बरण्डै बरण्डा गएँ। बीचको ओडारमा हामी पुग्दा कुनै अलखा लाएका, कुनै चितुवाको छालाको मृदु सरलतामा मात्र भूषित भएका धेरै अमाहगर हस्याङफस्याङ गरी त्यतातिर जान लागेका थिए। हामी त्यस हूलमा मिसिएर त्यो अजङको, वास्तवमा झण्डै बेहदको ओडारमा गयौं। त्यसका सारा भित्ताहरू परिभ्राट गरी चित्रहरू बनाई खोदिएका थिए, हरेक बीस बीस कदम जतिमा यसको समकोणमा बाटो गएको थियो। बिलालीबाट थाहा पाएँ, ती बाटाबाट च्याहानमा पुगिन्छ, जुन च्याहानहरू उहिलेका मानिसले चट्टान खोपेर बनाएका थिए। उसले भन्यो, 'अहिले ती च्याहानहरूमा कोही जाँदैनन्;' प्राचीनकालविषयक अनुसन्धानको मौका आफ्नो अगाडि परेको विचार गर्दा मेरो मनमा खुशी लाग्यो।

आखिरमा हामी गुफाको सिरानमा पुग्यौं। त्यहाँ दुरुस्त, प्रचण्डरूपले हामी हमला गरिएकै चौकी जस्तै चट्टानको चौकी थियो। यस कुराले मेरो मनमा यो साबित गर्‍यो, यी चौकी संभवतः धार्मिक विधिविधान, र अझ खास गरेर मरेका मानिसलाइ गाड्ने कामसित संबन्ध भएका रीतभाँत गर्नानिमित्तका वेदीको रूपमा प्रयोग गरिएको हुनुपर्छ। यस चौकीको दुवै-

पट्टि दुइटा बाटो थिए। बिलालीबाट मैले सुनें, यसबाट मृत देहले टनाटन भएको अर्को गुफामा पुगिन्छ। उसले भन्यो, 'वास्तवमा सारा पहाड नै मरेका मानिसहरूले वास गरिएका छन् र करीब करीब ती सबै साबुत छन्।'

चौकीको सामुन्ने लोग्नेमान्छे स्वास्नीमान्छेहरूको ठूलो भीड लागेको थियो। तिनीहरू आफ्ना अनौठा दिक्कदारी ढाँचाले यता उता ट्वालट्वालति हेरेर उभिएका थिए। तिनीहरूको छाँटले गर्दा मार्क स्यामिलाइ पनि पाँच मिनेटभित्र दिक्कदार पार्थ्यो। त्यस चौकीमाथि बस्ने ठाउँ घाँसको सूतले बनेका, हस्तिहाड जडेका कालो काठका खस्रा मेच, र चौखटमा जडेका काठका फलैचाले बनेका खुट्टा राख्ने खटिया थिए।

एक्कासि 'हिया! हिया!' ('शी! शी!') को ठूलो कोलाहल मच्चियो, त्यसपछि दर्शकगणका सारा हूल तुरुन्तै जमीनमा लम्पसार परे, र तिनीहरू पृथक् पृथक् र समुदायरूपले भुतुक्कै पारी मारिए झैं निश्चलतासाथ लेटिरहे। म मात्र हत्याकाण्डमा एकलै बचेको कुनै मान्छे झैं खडा रहें। त्यही वेला:बायाँपट्टिको बाटोबाट शरीररक्षकहरूको एक लहर निस्कन थाल्यो र चौकीको दुइपट्टि मिलेर खडा भए। त्यसपछि अन्दाजी एक बीस लाटा त्यत्ति नै लाटीहरू बत्ती बोकेर आए, सबभन्दा पछि एउटा अग्लो सेतो मूर्ति टाउकोदेखि खुट्टासम्म कपडामा बेह्रिएर निक्ल्यो। त्यो मूर्ति शी, हो भन्ने मैले चिन्हें। तिनी चौकीमा चढेर मेचमा बसिन्, अनि ग्रीक भाषामा मसंग बोलिन्। उनले भनेको कुरा अरूहरूले नबुझून् भन्ने इच्छा गरेको हुनाले त्यस भाषामा बोलेकी हुन् भन्ने मैले ठानें।

उनले भनिन्, 'यता आऊ, ए होलि, मेरो खुट्टानेर बस, अनि तिमीलाइ मार्न खोज्ने मानिसहरूउपर मैले इनसाफ गरेको

हेर। मैले ग्रीक भाषा बोल्दा लंगडो मान्छे जस्तो खोच्याएकोमा मलाइ माफ गर; मैले यसको अबाज सुनेको यति धेरै भयो कि मेरो जिब्रो ठर्रो भएछ, शब्दलाइ मिल्ने गरी ठीकसंग फट्कारिंदैन।'

मैले टाउको झुकाएँ, अनि चौकीमा चढेर उनको खुट्टानेर बसें।

उनले सोधिन्, 'तिमीलाइ निद्रा कस्तो पऱ्यो, मेरो होलि?'

पूरा सत्य बोलीमा, मनभित्र भने मध्यरात मैले कुन तरहले बिताएँ शायद त्यो कुरा तिनले थाहा पाइन् कि भनी डराएर, मैले जवाब दिएँ, 'मलाइ राम्रो निद्रा परेन, आइशा।'

उनले अलिकति हाँसेर भनिन्, 'मलाइ पनि राम्रो निद्रा परेन। गएको राती मैले सपनाहरू देखें, तिमीले गर्दा मैले ती सपना देखे जस्तो लाग्छ, मेरो होलि।'

मैले बेवास्तासँग सोधें, 'के को सपना देख्नुभयो, आइशा?'

तिनले छिटोसँग जवाब दिइन्, 'म जसलाइ घृणा गर्छु त्यो मान्छे र म जसलाइ प्रेम गर्छु त्यो मानिसको सपना देखें,' त्यसपछि, कुरा अर्कोतिर लगे झैं गरी, उनले अरबी भाषामा आफ्नो शरीररक्षकको कप्तानलाइ भनिन्, 'ती मानिसहरूलाइ मेरो अगाडि ले।'

कप्तानले झुकेर सलाम गऱ्यो, किनभने शरीररक्षक र उनका नोकर चाकरहरू खडै रहन्थे, लम्पसार पर्दैनथे, अनि त्यो कप्तान आफ्ना मातहतका मान्छे साथ लिएर दाहिनेपट्टिको बाटोमा गयो।

त्यसपछि सुनसान भयो। शीले कपडाले बेह्रेको आफ्नो टाउको हातमा अड्याइन् र विचारमा तल्लीन भएकी देखिइन्, उनको सामुन्नेको हूल चाहिं केवल एक आँखाले हामीलाइ हेर्ना

निमित्त आफ्नो टाउको अलिकति घुमाएर लम्पसार परिरह्यो, उनीहरूकी महारानी दुनियाँको मुखेन्जि यति कम देखा पर्थिन् कि उनीहरू उनलाइ हेर्न वा साँच्चि भनूँ भने उनको लुगा हेर्ने मौका छोप्नालाई (किनभने मबाहेक त्यहाँका कुनै जिउँदा मानिसले उनको मुख देखेका थिएनन्), यो बेसुबिस्ता, र अझ बढ्ता जोखिम भोग्नालाइ राजी थिए भन्ने देखिन्थ्यो। आखिरमा हामीले बत्तीहरू झल्याकझुलुक भएको देख्यौं, बाटोमा मानिसहरू आउन लागेको अवाज पनि सुन्यौं। त्यसपछि लाम बाँधेर शरीररक्षकहरू, र उनीहरूको साथमा हाम्रो हत्या गर्न खोज्ने मानिसहरूमध्ये बाँचेका बीस बाईस जना थिए। उनीहरूको चेहराको घोसेपनको स्वाभाविक भावप्रकाश र जंगली दिलमा स्पष्टरूपसँग भरिभराउ भएको डर आपसमा जुधिरहेका थिए। उनीहरू चौकीको अगाडि लहरै खडा गरिए, दर्शकहरू जस्तै गुफाको भूईंमा लम्पसार पर्न खोजेका थिए, तर शीले रोकिन्।

उनले आफ्नो साह्रै कमलो स्वरमा भनिन्, 'भइगयो, खडै रहो; म तिमीहरूलाई खडै रहन प्रार्थना गर्छु शायद त्यो समय चाँडै आउला, जब तिमीहरू लम्पसार पर्न बाक्क मान्नैछौ', अनि तिनले संगीतपूर्णरूपले हाँसिन्।

मारिने भएका अभागीहरूको कतारमा डरको नीच वशवर्तिता जनाउने भाव दौडेको देखें, अनि दुष्ट पाजीहरू भए तापनि उनीहरूको निमित्त दिक्क लाग्यो। केही मिनेट, शायद दुइ तीन मिनेटसम्म नयाँ कुरा केही भएन, त्यस बेला शीको टाउकोको चलाइबाट (किनभने, हामी उनको आँखा देख्न सक्तैनथ्यौं) हरेक अपराधीलाइ बिस्तारै होशपूर्वक जाँचे जस्तो देखियो। आखिरमा शान्त र शोचीशोची बोलेको स्वरमा मलाइ भनिन्।

'मेरो पाहुना, तिमी यिनीहरूलाइ चिन्छौ ?'

मैले भनें, 'हो, महारानी, करीब करीब ती सबैलाइ', मैले त्यसो भन्दा तिनीहरूले मलाइ घुरेर हेरेको देखें।

'त्यसो भए मलाई र यो ठूलो जमातलाइ मैले सुनेको बयान सुनाऊ।'

यस्तो आज्ञा पाएको हुनाले मैले सकेसम्म छोटकरीमा नरमांसाहारी भोजको र हाम्रो विचरो नोकरलाइ दिन थालेको यातनाको इतिहास बयान गरें। त्यो बयान अपराधी र दर्शकगण दुवैले र शीले पनि पूरा चुपचापसँग सुने। जब मैले भनिसिध्याएं, आश्शाले बिलालीको नाउँ काटेर बोलाइन्, अनि त्यो बूढो मानिसले भूइँबाट टाउको मात्र उठाएर मेरो बयानलाइ समर्थन गर्‍यो। अरू साक्षी प्रमाण बुझिएन।

आखिरमा शीले उनको साबिकको स्वरभन्दा एकदम फरक बेवास्ताको सफा स्वरमा भनिन्—हकिकतमा, यो अनौठो असाधारण व्यक्तिका सबभन्दा गजब कुराहरूमध्ये एउटा उनको स्वरलाइ मौकाको भावमा गजबसँग सुहाउँदो पार्ने शक्ति थियो, 'हे वागी बच्चा हो तिमीहरूको के भन्नु छ, किन तिमीहरूलाइ बदला नदिऊँ ?'

केही बेरसम्म कसैले जवाब दिएन, तर आखिरमा तिनीहरूमध्ये एउटा, लायकको, चौडा छाती भएको, अधबैंसे उमेरको, सल्याकसुलुक परेको अनुहार भएको र बाज जस्तो आँखा भएको मान्छेले बोल्यो। उसले भन्यो, 'हामीले गोराहरूको हानि नगर्नू भन्ने हुकुम पाएका थियौं; उनीहरूको कालो नोकरको बारेमा केही आज्ञा पाएका थिएनौं, उसैले, अहिले मरेकी आइमाईले उचालेकीले उसलाइ पछिबाट खानाको मनसायले हामीले हाम्रो मुलुकको प्राचीन र इज्जतदार आदरणीय रीतभाँतबमोजिम

उसलाइ तातो भाँडो टाउकोमा राख्न खोजेका थियौं। गोराहरू-माथि हमला गरेको हकमा चाहिं, अवझटको रिसको झोकमा गरेका हौं। यो कुरा गरेमा हामीलाइ साह्रै पश्चाताप छ।' अनि उसले उनीहरूउपर निगाह होस्; वा, कमसे कम, भाग्यजोग्यले मरोस् वा बाँचोस् भासमा निकाला होस् भनी नम्रतापूर्वक प्रार्थना गरी आफ्नो कुरा टुङ्ग्यायो। तर निगाहा हुन्छ भन्ने साह्रै कम उसलाइ आशा छ भन्ने उसको मुखमा लेखेको मैले देखें।

त्यसपछि एक छिनसम्म केही भएन, अनि त्यो अँध्यारो ठाउँमा ज्यादै गहिरो निस्तब्धताले शासन गर्‍यो। चट्टानी भित्तामा उज्यालो र छायाको ठूलठूला बुट्टा पार्ने बत्तीहरूको धिपधिपले मधुरोसँग उज्यालो भएको त्यो ठाउँ त्यस अपवित्र मुलुकमा पनि मैले देखेका अरू कुरा जत्तिकै अनौठो लाग्यो। चौकीको अगाडिको जमीनमा दर्शकहरूका मुर्दा जस्ता सयकडौं शरीर पसारिएका थिए, हुँदाहुँदा तिनीहरू-का लामा लहर अंध्यारो भूइँमा दबिएका थिए। यी लम्पसार परेका दर्शकको अगाडि बेवास्ताको बहादुरी अनुहारले आफ्ना प्राकृतिक डरलाइ लुकाउन खोजिरहेका अपराधीहरूको झुण्ड थियो। दायाँ र वायाँ सेतो लुगा लाएका, ठूलठूला भाला र खञ्जर लिएका चुपचाप लागेका शरीररक्षक, र क्रूर खुलदुलीको आँखाले हेरिरहेका मर्दना र जनाना लाटाहरू उभिएका थिए। त्यसपछि, मलाइ खुट्टानेर राखेर उनीहरू सबैभन्दा माथि घुम्टो हालेकी गोरी आइमाई आफ्नो खस्राधस्रा मेचमा बसेकी थिइन्। ती आइमाईको मनोमोहकता र धकलाग्दो शक्ति, प्रभामण्डल वा कुनै नदेखिएको उज्यालोबाट आएको ज्योति झैं उनको वरिपरि देखिने गरी झल्केको जस्तो देखिन्थ्यो। उनको कपडामा ढाकिएको रूपलाइ उनले प्रतिहिंसाको निमित्त आफू-

लाइ दृढ पार्दा त्यस वेलाको भन्दा बढ्ता भयंकर मैले कहिले देखेको छैन ।

आखिरमा त्यो निकल्यो ।

शीले पहिले धीमा आवाजमा भन्न थालिन्, अनि जति जति भन्दै गइन् उनको स्वरको शक्ति बढ्दै गयो, आखिरमा ठाउँ नै त्यो स्वरले गुंज्यो—'कुकुर र सर्प हो, नरमांसाहारी, तिमीहरूले दुइ थोक गर्‍यौ । पहिले, तिमीहरूले गोरा भए तापनि यी परदेशीहरूमाथि हमला गर्‍यौ, अनि उनीहरूको नोकरलाइ मार्न लागेका थियौ; त्यति गरेकैमा पनि तिमीहरूलाइ मृत्युको दण्ड हुन्छ । तर त्यति मात्र होइन । तिमीहरूले मेरो आज्ञा भंग गर्न साहस गरेका छौ । के मैले मेरो नोकर तथा तिमीहरूको घरानाको पिता बिलालीद्वारा तिमीहरूलाइ सूचन पठाएको थिइन ? के मैले यी परदेशीहरूलाइ मानमिजाससंग अतिथिसत्कार गर्नू भनेर तिमीहरूलाइ अह्राएकी थिइन ? यिनै परदेशीहरूलाइ तिमीहरूले मार्न कोशिश गर्‍यौ, मानिसको बलभन्दा बढ्ता बलियो र शूरो नभएको भए उनीहरूको तिमीहरूले निष्ठुरतापूर्वक हत्या गर्दैनथ्यौ ? बालककालदेखि नै यो कुरा तिमीहरूलाइ सिकाइएको छैन कि हियाको ऐन सदाको निमित्तको निश्चित ऐन हो, जसले यसलाइ एकमात्रा पनि उलंघन गर्छ त्यो मारिनेछ ? र मेरो ज्यादै हल्का शब्द पनि ऐन होइन ? तिमीहरू केटाकेटी छंदैमा तिम्रा पिताहरूले तिमीहरूलाइ यो सिकाएका छैनन् ? तिमीहरूलाइ थाहा छैन ? तिमीहरूले यी ठूला गुफाहरूलाइ तिमीहरूउपर खस्नू, वा सूर्यलाइ उसको बाटोमा थामिनू भनेर अह्राउनु, र तिमीहरूको खुशबमोजिम मेरो वचनलाइ हल्का वा महत्त्वको पार्न, वा मलाइ मेरो मार्गबाट फर्काउन आशा गर्नु बराबर हो । तिमीहरूलाइ राम्रीर

थाहा छ, हे दुष्ट मानिस हो, तर तिमीहरू सबै खराब—भित्रसम्म खराब—छौ, उसैले त्यो दुष्टता वसन्त ऋतुमा पानीको मूल जस्तै तिमीहरूको भित्र उम्लेर आउँछ। मैले नगरेको भए, पुर्स्तौंअगाडि तिमीहरू सखाप हुन्थ्यौ, किनभने आफ्नै खराब चालाले तिमीहरू परस्परलाइ नाश गर्थ्यौ। अहिले, तिमीहरूले यो कुरा गरेको हुनाले, यी मानिस, मेरा पाहुनाहरूलाइ मार्न खोजेका हुनाले, र अझ बढ्ता तिमीहरूले मेरो वचन लंघन गर्न साहस गरेका हुनाले, यो सजाय तिमीहरूलाइ म दिन्छु: यातना दिने गुफामा[1] तिमीहरूलाइ लाने, यातना दिनेहरूलाइ सुम्पने, अनि भोलिका सूर्य अस्ताउँदा तिमीहरूमध्ये जति जिउँदै बाँकी रहन्छौ यो मेरो पाहुनाको नोकरलाइ तिमीहरूले जुन किसिमले मार्न थियौ उसै गरी मारिने।'

तिनी थामिइन्, अनि गुफाभरी नै डरको धीमा गुनगुन फैलियो। सजाय पाउनेहरूको बारेमा चाहिं जसै उनीहरूले

---

१. 'यातना दिने गुफा'—यो भयंकर ठाउँलाइ मैले पछिबाट देखें, यो पनि कोरमा बस्ने इतिहासअगाडिका जातिबाट यिनीहरूले पाएका रहेछन्। त्यो गुफामा केवल सास्ती दिनेहरूलाइ काम गर्न सजिलो पार्नालाइ धेरै किसमले मिलाइराखिएका ढुंगाका चप्लेटाहरू मात्र थिए। प्वाल प्वाल परेको ढुंगाका यी चपलेटाहरूमध्ये धेरैजसो प्राचीन अपराधीहरूको रगतले भिजेर बिलकुल काला भई रंगिएका थिए। कोठाको बीचमा आगो बाल्ने ठाउँ पनि थियो, जहाँ पहिलेदेखि चलिआएको भाँडा तताउने खाडल थियो। तर त्यस गुफामा सबभन्दा डरलाग्दो कुरा हरेक चप्लेटामाथि त्यहाँ दिइने सुहाउँदो यन्त्रणा खोदेको चित्र थियो। यी चित्रहरू यस्ता भयानक थिए कि तिनीहरूका बयान गर्न खोजेर म पाठकलाइ दिक्क पार्दिनँ। —ल० हो० हो०।

आफ्नो सजायको पूरा घोरता थाहा पाए, उनीहरूको उदा-सीनताले उनीहरूलाइ छाड्यो, अनि भूइँमा पछारिएर देख्तै भयङ्कर किसमले माफ माग्दै रोए । म पनि आश्शातिर फर्कें-र उनीहरूलाइ बचाउनालाइ अथवा कमसे कम कुनै कम डर-लाग्दो किसमले उनीहरूको करनीको फल चखाउनालाई भनें । तर उनी पत्थरै जस्तो कडा ठहरिन् ।

तिनले फेरि ग्रीक भाषामा बोलिन्, सांच्चि भनूं भने, म सँधै धेरै मानिसभन्दा त्यो भाषाको असल विद्वान् ठहरिएको थिएँ तापनि उनको भाषा बुझ्न निकै गाह्रो लाग्यो, मुख्य गरी, झोक्का पर्ने ठाउँ बदलिएको हुनाले । 'मेरो होलि, यो कुरा हुन सक्तैन । यी ब्वाँसाहरूलाइ मैले दया देखाएँ भने, तिम्रो ज्यान यी मानिसहरूको बीचमा एक दिन पनि निर्विघ्न रहँदैन । तिमीले उनीहरूलाइ चिन्हेका छैनौ । उनीहरू बाघ जस्त रगत चाट्छन्,अहिले पनि तिम्रो प्राणको निमित्त लालायित छन् । यी मानिसहरूलाइ म कसरी शासन गर्छु भन्ने ठान्छौ ? मैले अह्राएको गर्ने शरीररक्षकको एक पल्टन मात्र मसँग छ, त्यस कारणले बल प्रयोग गरेर शासन गरिएको होइन । यो डरद्वारा गरिएको छ । मेरो साम्राज्य कल्पनाको छ । जीवनभरमा एक पटक शायद मैले अहिले गरे जस्तो गर्छु, बीस बाइस जनालाइ सास्ती दिएर मार्छु । म निठूर हुन्छु भन्ने, वा यस्तो नीच कुराउपर बदला लिन्छु भन्ने विश्वास नगर । यिनीहरू जस्तासंग बदला लिएर मलाइ के फाइदा हुन्छ ? धेरै बाँच्ने मान्छेहरूको, मेरो

---

२. आश्शाले वास्तवमा उनका समकालीनको झोक्का दिएर बोलिन्, हामीलाइ भने ठीक उच्चारणको बाटो देखाउनालाई केवल परम्परागत प्रथा र आधुनिक भाषा मात्र छन् । —ले० हो० हो० ।

होली, उनीहरूलाइ चाख लागेको कुराबाहेक अरू कुनै मनोवृत्ति हुँदैन। यद्यपि मैले रिसमा, अथवा मेरो मिजासमा खटपट पर्नाले मैले मारेको जस्तो देखिन्छ तापनि, त्यसो होइन। तिमीले देखेका छौ कसरी आकाशमा साना साना बादलहरू विनामतलबले यता उता दौडन्छन्, तैपनि तिनीहरूको पछाडि जता मन लाग्छ आफ्नो बाटोमा बहने ठूलो हावा छ। ठीक त्यही किसिम ममा छ, ए होलि। मेरा मिजाज र परिवर्तनहरू साना बादलहरू हुन्, तिनीहरू मनपरीसंग मोडिएका देखिन्छन्; तर तिनीहरूको पछाडि मेरो उद्देश्यको ठूलो हावा बहिरहन्छ। अँहँ, यी मानिसहरूले मर्नैपर्छ; मैले भने जस्तो गरी मर्नुपर्छ।' त्यसपछि, शरीररक्षकको कप्तानतिर फरक्क फर्केर, तिनले भनिन् :—

'मैले जे भनेको छु, त्यही कुरा होस्!'

सोह्रौं परिच्छेद

कोरका च्याह्यान

ती कैदीहरूलाई लगेपछि आश्शाले आफ्नो हात हल्लाइन्, अनि ती दर्शकहरू फर्केर भेंडाका छ्यान्नब्यान्न भएका बथान जस्तै घस्रेर गुफाबाहिर निस्कन थाले। तर चौकीको केही टाढा पुगेपछि उनीहरू उठेर हिंडे; र धेरैजसो शरीररक्षकहरू सजा पाएका मानिससित गएका हुनाले केही शरीररक्षक र लाटाहरूबाहेक उनीहरूकी महारानी र मलाइ ती दर्शकहरूले एकलै छोडे।

अहिले मौका ठीक छ भन्ने ठानी, मैले शीलाइ लिओको कडा वेथाको बारेमा कुरा गरेर उसलाइ हेर्न आउनुहोस् भनें; तर तिनले मानिनन्, किनभने त्यो ज्वरोबाट मानिसहरू रात परेपछि वा विहान पखवाहेक नमर्नें हुनाले साँझ पर्नुअगाडि उ निश्चय नै मर्दैन भनिन्। तिनले निको पार्नुभन्दा अगाडि विरामीको अवधि जति सक्यो बढ्ता पुग्न दिनु असल हुन्छ पनि भनिन्। उसैले, म जानालाइ उठ्नै लागेको थिएँ, तर तिनले भनिन्, 'तिमीसंग कुरा गर्नु छ, फेरि गुफाका गजबका कुराहरू पनि देखाइदिन्छु, मेरो पछि पछि आऊ।'

इच्छा लागेको भए तापनि नाइँ भन्न नसक्ने गरी उनको मोहनीको फन्दामा परिसकेको थिएँ, उसैले मन्जूर गरेर शिर निहुराएँ; अनि तिनी आफ्नो मेचबाट उठिन् र लाटीहरूलाइ केही इशारा गरेर चौकीबाट ओर्लिन्। जसै तिनी ओर्लिन्, चार जना ठिटीले बत्ती बोके, दुइ जना हाम्रो अगाडि दुइ जना हाम्रो पछाडि भएर सिले, तर अरूहरू र शरीर रक्षकहरू भने गए।

उनले भनिन् , 'अहिले, होलि, तिमी यो ठाउँको केही गजब कुराहरू हेर्छौ ? यो ठूलो गुफामा हेर। यसको जोडा तिमीले कहिले देखेका छौ ? तैपनि यसलाइ र अरू धेरैलाइ यो मैदान-को शहरमा एक पटक बसेका मरेका जातिका हातले खोपेर बनाएका हुन्। कोरका ती मानिसहरू ठूला र गजबका जाति हुनन्, तर मिश्रदेशवासी झैं तिनीहरूले पनि बाँचेको भन्दा मरेको मानिसको बारेमा धेरै विचार गर्थे। यो गुफा र यसका अनन्त बरण्डाहरू खन्न कति जना मानिसलाइ कति धेरै वर्ष काम गर्नुपर्‍यो होला भन्ने तिमीलाइ लाग्छ ?

मैले जवाब दिएँ, 'लखौं।'

'त्यसै हो, होलि। यी मानिसहरू मिश्रदेशवासी हुनुभन्दा अगाडिका पुराना जाति थिए। तिनीहरूको टीका पत्ता लाएको हुनाले तिनीहरूका शिलालेख म अलि अलि पढ्न सक्छु-- अनि, यहाँ हेर, तिनीहरूले बनाएका सबभन्दा पछाडिका गुफा-हरूमध्ये यो एउटा हो,' अनि, आफ्नो बगलको चट्टानतिर फर्केर, उनले लाटीहरूलाइ बत्ती देखाउन इशारा गरिन्। चौकी-माथि मेचमा आफ्नो हातमा हस्तिहाडको डण्डा लिएर बसेको बूढो मानिसको मूर्ति खोदेको थियो। मेरो मनमा लाग्यो, त्यसको अनुहार हामीले खाना खाने कोठामा दर्साइएका नकुहुने मलहम लाउन लागेको मानिसको अनुहारसित ज्यादै मिल्थ्यो। यो मेचमनि, जो आशाले इनसाफ गर्न बसेको मेचको जस्तै बान्की परेको थियो, मैले अगाडि भनेको अनौठो अक्षरमा खोदेको छोटो लेख थियो। त्यो अक्षर बिर्सेको हुनाले म देखाउन सक्तिनँ। मैले थाहा पाएका अरू अक्षरभन्दा यो चिनियाँ अक्षरसँग धेरै मिल्थ्यो। यस लेखलाइ केही मुश्किलसँग र अकमकाएर आश्शाले सुनिने गरी बाँच्न र उल्था गर्न लागिन्। यो तल लेखे-बमोजिमको थियो:—

शाही कोरको शहर खड़ा भएको चार हजार दुइ सय उनसट्ठी सालमा यो गुफा (वा मृत देहलाइ राख्ने ठाउँ) कोरको राजा टिस्नोले समाप्त गरियो। त्यहाँका रैती र तिनीहरूका कमाराले तीन पुस्तासम्म परिश्रम गर्नुपर्‍यो। यो च्याहान पछि आउने उनीहरूका दर्जावाल शहरियाहरूको निमित्त हो। स्वर्ग-माथिको स्वर्गको आशीष तिनीहरूको काममाथि बर्सोस्, जसको अनुहारको सादृश्य माथि खोदिएको छ, ती प्रतापवान् बादशाह टिस्नोको निद्रालाइ बिउँझाउने[1]

---

१. पुनर्जन्ममा विश्वास भए जस्तो झल्काउने हुनाले यो वाक्यांश गजबको छ। —संपादक।

दिनसम्म, र उनका नोकरहरूको, र उनपछि उदय हुने तर उनीसरहै आफ्नो शिर तलतिर ढलाउने उनका जातिका मानिसहरूको निद्रालाइ पनि मस्त र आनन्दको निद्रा पारोस् ।'

उनले भनिन्, 'तिमीले देख्यौ, होलि, यी जातिहरूले त्यो शहर यो गुफा सिद्धिनु चार हजार वर्षअगाडि खडा गरे, जसका भग्नावशेषहरू अझै सामुन्नेको मैदानमा खचाखच छन् । तैपनि, २००० वर्षअगाडि मेरो आँखा पहिलो पटक यसमा पर्दा यो अहिले जस्तो थियो । यस कारणले विचार गर, यो शहर कति पुरानो होला ! अब मेरो पछिपछि आऊ, अनि म तिमीलाइ देखाइदिन्छु, पतन हुने समय आएपछि यो ठूलो जाति कुन किसमले पतित भयो ।' त्यसपछि तिनले गुफाको बीचतिर लगिन् । भूइँमा पारेको मान्छे छिर्नै ठूलो ढलको किसमको प्वालमा वाटुलो ढुङ्गा जडेको ठाउँमा ती अडिन् । लण्डनको बाटोमा कोइला फ्याँक्ने प्वालमा फलामको चक्का मिले जस्तै गरी यसमा यो ढुङ्गा टम्म मिलेको थियो । उनले भनिन्, 'तिमीले देख्यौ, मलाइ भन, यो क्या हो ?'

मैले भनें, 'अँहँ मलाइ थाहा छैन;' अनि तिनी गुफाको बायाँ-पट्टि (द्वारतिर फर्कंदा) गइन् र लाटीहरूलाइ बत्ती देखाउन इशारा गरिन् । यो भित्तामा कोरको राजा टिस्नोको खोदेको चित्रमन्तिर लेखेको जस्तै अक्षरमा रातो रङले केही कुरा लेखेको थियो । यो लामो शिलालेख आश्शाले मलाइ उल्था गरेर सुनाइन्, किनभने त्यो रङ अजसम्म जस्ताको तस्तै हुनाले अक्षरको रूप देखिन्थ्यो । यो तल लेखेबमोजिम थियो:—

'म, जुनिस, कोरको ठूलो मन्दिरको पुरेतले, कोर खड़ा भएको चार हजार आठ सय तीन सालमा मरेको मान्छे गाड्ने ठाउँको चट्टानमा यो लेखेको

हुँ । कोरको पतन भयो ! त्यहाँको दलानबैठकमा शक्तिशालीहरूले अबदेखि मोज खानेछैनन्, अबदेखि यो मुलुकले संसारमा शासन गर्नेछैन, न संसार-सित बेपार गर्न यहाँका जहाज जानेछन्। कोरको पतन भयो, अनि त्यसका ठूलाठूला घर, कोरका सारा शहर, कोरले बनाएका सारा बन्दरगाह र उसले खनेका नहरहरू ब्वाँसो, लाटोकोसेरो, जंगली रजहाँस, र पछि जन्मने असभ्य जातिका निमित्त हुनेछन्। पच्चिस पूर्णिमाअगाडि एउटा बादल कोर, र कोरका सय शहरमाथि छायो; अनि त्यो बादलबाट एउटा देशान निस्क्यो र कोरको जातिलाइ सखाप पार्‍यो, बूढो भनेन ज्वान भनेन, एक एकबटा गरेर सारालाइ बितायो, कसैलाइ बचाएन। एक एकबटा गरेर कालो हुँदै मर्दै गए—जवान र बूढा, धनी र गरीब, मर्दना र जनाना, शाहजादा र कमारा। त्यो देशानले लगातार मार्दै गयो, न दिनमा थामियो न रातमा, अनि जो यो देशानबाट उम्के ती पनि कालको हातबाट मारिए। अब कोरका बच्चाहरूका शरीर प्राचीन रीतभाँतबमोजिम नकुहाएर राख्न साध्यै भएन, किनभने कैयन् मरेका थिए, यस कारणले गुफाको भूइँमा पारेको प्वालबाट यो गुफाको मन्तिरको ठूलो खाल्टामा तिनीहरू फ्याँकिए। त्यसपछि, आखिरमा, सारा संसारको ज्योति, यो ठूलो जातिको अवशेषले तीरमा गएर जहाजमा चढी उत्तरतिर यात्रा गर्‍यो; अहिलो यो लेख्ने मान्छे म, पुरोहित जुनिस, मानिसहरूको यो ठूलो शहरको जिउँदो रहेको अन्तिम मानिस हुँ, तर अरू शहरहरूमा अझै कोही बाँकी छन् कि मलाई थाहा छैन। यो कुरा मर्नुअगाडि दिलमा दुःखित भएर मैले लेखेको छु, किनभने शाही कोर अब छैन, त्यहाँको मन्दिरमा पूजा गर्ने कोही छैनन्, यहाँका सबै महलहरू खाली छन्, यहाँका शाहजादा, नायक, बेपारी, र सुन्दर आइमाई सदाको निमित्त पृथिवीको काखबाट गए।'

अचम्म मानेर मैले लामो सास फेरें—खस्रा किरीमिरीमा दर्साइएको नितान्त न्यासोपन प्रभावशाली थियो। प्रतापी जातिको एकलो बाँचेको मान्छेले आफू पनि अन्धकारमा जानु

अगाडि यो जातिको अवस्था अंकित गरेको विचार गर्दा भया-
नक थियो। थरहरी पार्ने डरलाग्दो एकलासमा अन्धकारको
सानो जगालाइ मधुरोसँग उज्यालो पारेको एउटा बत्तीको
उज्यालोले, आफ्नो जातिको मृत्युको इतिहास गुफाको भित्तामा
थोरै छोटकरी पंक्तिमा लेख्ता त्यो बूढो मानिसको मनमा कस्तो
लाग्यो होला? नितीज्ञ, वा चित्रकारी, वा वास्तवमा गौड गर्न
सक्ने जुनसुकै मानिसको निमित्त कस्तो विषय!

आश्शाले मेरो कुममा आफ्नो हात राखेर भनिन्, 'तिमी के
ठान्छौ, होलि, के यहाँबाट उत्तरपट्टि जलयात्रा गरेका ती
मानिसहरू पहिला मिश्रदेशवासीहरूका पुर्खा होओइनन्?'

मैले जवाव दिएँ, 'अँहँ, मलाइ थाहा छैन; संसार धेरै पुरानो
जस्तो देखिन्छ।'

'पुरानो? हो, यो वास्तवमा पुरानो हो। समय बित्तै जाँदा
राष्ट्रहरू, हो, धनी र बलिया राष्ट्रहरू, कलाहरूमा पोख्त भएका
राष्ट्रहरू बित्तै बिर्सिंदै गएका छन्, उनीहरूको कुनै संज्ञना-
समेत बाँकी रहेको छैन। यो कैयन्मध्येको एउटा मात्र हो;
किनभने मानिसले कोरको जातिले जस्तै गुफाहरूमा नखने-
देखि मानिसले बनाएका कुराहरू समयले खाइदिन्छ त्यसपछि
कि त समुद्रले उनीहरूलाइ निलिदिन्छ, कि त भूकम्पले हल्ला-
एर मैदान पार्छ। कसलाइ थाहा छ पृथ्वीमा के थियो, वा के
हुन्छ? बुद्धिमान् हीब्रूले धेरैअगाडि लेखे जस्तै सूर्यको मन्तिर
केही कुरा नयाँ छैन। तैपनि म विचार गर्छु यी जाति बिलकुलै
नष्ट भएका थिएनन्। केही मानिसहरू अरू शहरहरूमा बाँकी
रहे, किनभने तिनीहरूका शहर धेरै थिए। तर दक्षिणबाट
आएका असभ्य जातिहरू, वा शायद मेरा रैतीहरू याने अरबी-
हरूले उनीहरूमाथि हमला गरे, र उनका आइमाईहरूलाइ आफ्ना

स्वास्नी वनाए। अहिले भएको अमाहगर[1] जाति कोरका महान् पुत्रहरूको ठिमाहा छिंवल हो, हेर यो जाति आफ्नो पुरुखाका हाडसित च्याहानमा वस्छ। तर मलाइ थाहा छैन: कसले थाहा पाउन सक्छ? मेरो कलाले समयको रातको कालोपनमा यति टाढासम्म छेड्न सक्तैन। उनीहरू ठूला जाति थिए। उनीहरूले जित्न बाँकी राखेनन्, सबैलाइ जिते, त्यसपछि तिनीहरू आफ्ना चट्टानी पहाडका पहराभित्र आफ्ना नोकर, नोकर्नी, गवैया, मूर्तिकार, भित्रिनीहरू लिएर सुविस्तासाथ बसे, वेपार गरे, झगडा गरे, खाए, शिकार खेले, सुते; आफ्नो समय नआए-सम्म मोजमज्जा गरे। तर आऊ, म तिमीलाइ गुफामनि ठूलो खाल्टो देखाउँछु जसको बारेमा त्यस लेखले भन्छ। तिम्रो आँखाले यस्तो अर्को दृष्य कहिल्यै देख्नेछैन।'

उसैले म मुख्य गुफाबाट गएको बगलको बाटोमा उनको पछि पछि गएं, त्यसपछि धेरै खुड्किलाहरू ओर्लें र चट्टानको सतहभन्दा पुगनपुग साठी फीट मनिको सुरुङमा पुगें। त्यो सुरुङमा अनौठा प्वालहरूबाट हावा आउँथ्यो, ती प्वाल कहाँसम्म पुगेका थिए मलाइ थाहा छैन। एक्कासि त्यो बाटो टुङ्गियो, अनि आइशा बत्ती देखाउनू भनी लाटीहरूलाइ अह्राएर अडिन्। उनले अगिबाट भने जस्तै, मैले यस्तो दृश्य देखें जो मैले फेरि देख्ने संभव छैन। हामी अजङ्को खाल्टामा, वा

---

१. यस जातिको नाउँ "अमा-हगर," ले ज्याम्बेजिको आसपासमा सजिलैसंग हुन सक्ने जातिहरूको अनौठो छ्यासमिस सूचन गरे जस्तो देखिन्छ। उपसर्ग "अमा" जुलु र त्योसँग मिल्ने जातिमा मामूली छ, यसको अर्थ "जाति" हो, "हगर" चाहिं "पत्थर" अर्थ भएको अरबी शब्द हो। —सम्पादक।

यसको किनारामा उभिएका थियौं, मैले किनारा भनें किनभने यो हामी उभिएको तलभन्दा धेरै—मलाइ थाहा छैन कति धेरै—तल गएको र पहराको होचो पर्खालले घेरिएको थियो। जहाँसम्म म विचार गर्न सक्छु यो खाल्टो लण्डनको सन्ट पलको गोल गुम्बजमनिको जग्गा जत्रो थियो, वत्ती उठाउँदा मैले देखें, यो मुर्दा फ्याँक्ने उग्र ठूलो घरबाहेक केही रहेनछ। मनुष्यका हजारौं अस्थिपञ्जरले साँच्चि नै यो भरिभराउ थियो, ती अस्थिपञ्जर एउटामाथि अर्को खसाल्दा सबभन्दा माथि रहेका शरीरहरू चिप्लेर बनेको अजङ्को टल्कने सूचीस्तम्भ परी थुप्रिएर रहेका थिए। बितिसकेका जातिका अवशेषको गट्ठा परेको यो थुप्रोभन्दा ज्यादा भयलाग्दो अरू केही कुरा कल्पना गर्न सक्तिनँ, अनि त्यसलाइ झन् भयंकर केले पार्थ्यो भने यो सुखा हावामा निकै धेरै शरीरहरू अझ छाला रहँदा रहँदै सुकुटी बनेका थिए, र अहिले, हुन सक्ने हरेक पोजिशनमा अड्किएर, मनुष्यताका अद्भुत किसमका डरलाग्दा बहुरूपी नक्कलले सेता हाडहरूको पहाडबाट हामीलाइ तिनीहरूले झ्वाल्झ्वालति हेरे। मैले अचम्म मानेर कराउँदा मेरो आवाजको प्रतिध्वनिले त्यो गुम्बजवाल जग्गामा गुँज्दै त्यो थुप्रोको चुलीनेर कैयन् हजारौं वर्षसम्म मिहीन रूपले वजन मिलेर रहेको खप्परलाइ हल्लाइदियो। यो हामीतिर खुशीसित उफ्रँदै तलतिर हुरिँदै आयो, अनि जरूरै त्यसपछि अरू हाडहरूको पैरो गयो, आखिरमा त्यो सारा खाल्टो नै उनीहरूका हलचलले गडगडायो, मानो ती अस्थिपञ्जरहरू हामीलाइ स्वागत गर्न उठिरहेका थिए।

मैले भनें, 'आउनुहोस्! हामी यहाँबाट जाऔं।' अनि फर्कँदा फर्कँदै मैले सोधें, 'यी शरीर ठूलो रोगले मरेका मानिसका हुन्—होइन त ?'

'हो। कोरका पुत्रहरूले मिश्रदेशवासी झैं आफ्ना लासलाइ सधैं नकुहुने पारी औषधी लाउंथे, तर तिनीहरूको विद्या मिश्र-देशवासीहरूको विद्याभन्दा ठूलो थियो, किनभने, मिश्रदेश-वासीहरू आन्द्राभुंडी झिके गिदी थुत्ने गर्थे, कोरका मानिस-हरू चाहिं नसामा रस घुसाउँथे र यसरी हरेक हिस्सामा पुग्याउँथे। तर पर्ख, तिमी देख्नेछौ,' अनि तिनी हामी हिंडि-रहेको बाटोबाट गएका साना ढोकाहरूमध्ये संजोगले अगाडि पर्ने आएको एउटामा अडिनिँ, र हामीलाइ त्यसभित्र बत्ती देखाउन लाटीहरूलाइ इशारा गरिन्। हाम्रो पहिलो वासमा म सुतेको जस्तै एउटा सानो कोठामा हामी पस्यौं, केवल यसमा एउटाको सट्टा दुइटा ढुंगाका बेन्च वा खाट थिए। त्यो वेन्चमाथि पहेंलो कपडाले[1] ढाकिएका मूर्ति थिए, जसमाथि समयले गर्दा मिही र छुँदा थाहा नहुने धूलो जम्मा भएको थियो, तर जति धूलो हुनुपर्ने भनेर आशा गरिन्छ त्यसको लेखा केही पनि थिएन, किनभने यी तलसम्म खनिएका गुफाभित्र धूलो हुने केही वस्तु छैन। ती लासको वरिपरि ढुंगाका तखता र च्याहानको भूईमा धेरै रङ्गित भांडाहरू थिए, तर मैले जुन-सुकै खण्डमा पनि साह्रै थोरै गहना वा हतियार देखें।

आइशाले भनिन्, 'कपडा हटाऊ, होलि,' तर उनले भनेको मान्नालाई मैले हात अगि सारेको मात्र थिएँ फेरि हटाएँ।

---

१. अमाहगरले लाएका सबै कपडा कब्रहरूबाट झिकेका थिए, उसैले यसको रङ पहेंलो भएको रहेछ। तर यसलाइ राम्ररी धोएर ठीकसंग सेतो पारियो भने यसको पहिलेकै बरफ जस्तो सेतो रङ हुन्थ्यो, र मैले आज-सम्म देखेकोमा सबभन्दा नरम र असल सूती कपडा थियो।

—ल० हो० हो०।

यसो गर्नु पाप जस्तो लाग्यो, सांच्चि भनूं भने, त्यो ठाउँ र हाम्रो अगाडिका उपस्थित कुराहरूको डरलाग्दो गंभीरताले म धकाएको थिएँ। त्यसपछि, मैले डराएकोमा हाँसेर उनले आफै ती कपडा हटाइन्। त्यसको मन्तिर अर्को र अझ मिहीन कपडा त्यो ढुंगाको बेन्चमाथिका शरीरमाथि राखेको देखियो। ती कपडाहरूलाइ पनि तिनले झिकिन्, र हजारौं वर्षमा पहिलो पटक जीवित आँखाले त्यो चिसो मृतदेहको चेहरामा हेर्‍यो। त्यो आइमाई थिई; त्यो तीस वर्षको उमेरकी होली, वा शायद त्यसभन्दा पनि कम र साँच्चै नै राम्री हुँदी हो। अहिले पनि उसको शान्त सल्याकसुलुक परेको अनुहार, वत्तीको उज्यालोमा हस्तिहाड जस्तो मुखमण्डलमा छायाका साना साना रेखा पार्ने, सुकुमारी आँखिभूइँ र लामा लामा परेलाले सुशोभित भएको अचम्मको राम्रो थियो। त्यहाँ, त्यसले लाएको सेतो अलखाको तलतिरसम्म उसको नीलो नीलो कालो कपाल लहराइरहेको थियो, त्यो आइमाई आफ्नो आखिरी लामो निद्रामा सुतेकी थिई। उसको पाखुराको सिरान गरी छातीमा मुख घुसारेर एउटा सानो वालक लेटेको थियो। त्यो दृश्य त्यति भयलाग्दो भए तापनि यति मधुर थियो, कि—लाज मानेर भन्छु—मैले मुश्किलसंग आँसु रोकें। यस दृश्यले मलाइ युगहरुको धमिलो खाईको पारी पछिल्तिर नाश भएको शाही कोरको कुनै सुखमय घरमा लग्यो, जहाँ यो सौन्दर्यले भूषित भएकी मनमोहिनी स्वास्त्रीमानिस बाँचेकी र मरेकी थिई, र मर्दा आफैसित च्याहानमा सबभन्दा पछिवाट जन्मेको आफ्नो वालकलाइ लगेकी थिई। त्यहाँ हाम्रो अगाडि ती आमा र वालक छोरो सुतेका थिए, बिर्सेको मानवी इतिहासका सेता संझनाले उनीहरूका जीवनको लेखिएको जुनसुकै बयानले भन्दा

बढ़्ता वाक्पटुतापूर्वक दिलसंग कुरा गर्थ्यो। आदरपूर्वक मैले ती कात्राहरूलाइ अगिकै जस्तो गरी राखें, र अनन्त परमेश्वरको मनसायमा यति राम्रा फूलहरू च्याहानमा जम्मा हुनालाइ मात्र फुल्नु भन्ने रहेछ भन्ने संझी सुस्केरा हालें। अनि अर्को खाटको मूर्तितिर फर्की सुस्तसंग यसको कपडा झिकें। यो चाहिं निकै उमेर पुगेको, लामो तीलचामले दाह्री भएको मानिसको लास थियो। यसले पनि सेतो अलखा लाएको थियो, संभवतः त्यही स्वास्नीमानिसको लोग्ने होला, जो, उभन्दा धेरै वर्ष बाँची आखिरमा फेरि सधैंभरी उसको बगलमा सुत्न आएको होला।

हामीले त्यस ठाउँलाइ छोडेर अरू ठाउँमा पस्यौं। मैले त्यहाँ देखेका धेरै चीजहरू बयान गर्दा ज्यादै लामो हुन्छ। हरेकको भित्र लासहरू थिए—किनभने देखादेखि नै यो गुफा बनिसिद्धिएदेखि त्यस जातिको ध्वंस नहुनूज्यालसम्म बितेका ५०० चानचुन वर्ष, ती कोठाहरू असंख्य थिए तापनि तिनीहरू-लाइ भर्न यथेष्ट थिए—सबै कोठाहरूमा ती लास त्यहाँ राखेको दिनदेखि कोही नपसे जस्तो देखिन्थ्यो। तिनीहरूको बयानले म एउटा किताब भर्न सक्थें, तर यसो गर्नु, मैले भनिसकेको कुरा फरक पारेर दोहोऱ्याउनु मात्र हुनेथियो।

तिनीहरूमा प्रयोग गरेको कला यस्तो शक्तिशाली थियो कि करीब करीब सबै लासहरू हजारौं वर्षअगाडि मरेको दिन-मै जत्तिको पूर्ण रूपका थिए। जगैमा रहेको चट्टानको गहिरो निस्तब्धतामा उनीहरूलाइ हानि गर्ने केही कुरा आएनन्; तिनीहरू गर्मी, जाडो वा ओसको पहुँचबाहिर थिए, तिनी-हरूमा भिजेको चर्को गन्ध आउने औषधीको प्रभाव साँच्चि नै सधैं एकनासको रहने जस्तो देखिन्छ। तर कहींकहीं औषधीले फेल खाएको देख्यौं, त्यस्तोमा चाहिं बाहिरपट्टि

मासु केही नभएको देखिए तापनि, छुँदाखेरि बुरुरु झर्थ्यो र त्यो शरीर धूलाको थुप्रो मात्र हो भन्ने कुरा प्रकाश गर्थ्यो। आश्शावाट मैले थाहा पाएँ यी खास लासहरू या त च्याहानमा राख्नाको हातपतले या त अरू कारणले मासुको सत्वभित्र त्यो नकुहुने औषधी घुसाउनाको सट्टामा त्यो औषधीमा डुबाउनाले यो कुरा भएको हो।

तर हामी गएको पछिल्लो च्याहानको बारेमा मैले केही कुरा भन्नैपर्छ, किनभने यसमा रहेका कुराले पहिलोमा रहेका कुराले भन्दा पनि मानुषिक सहानुभूतिको बारेमा बढ्ता

---

१. जसको पातबाट यो प्राचीन नकुहुने औषधी बनाइन्थ्यो त्यो रूख पछिबाट आश्शाले मलाइ देखाइन्। यो बचकना झाडी जस्तो रूख हुन्छ, जो आजसम्म पनि पहाडहरूका बगलमा वा यसका चट्टानी भीरमा गएका सलामीमा छकलाग्दो किसमले प्रशस्तसँग उम्रेको छ। यी पातहरू लामा र सुत्त परेका हुन्छन्, यिनको रङ चहकिलो हरियो हुन्छ, तर शरद्ऋतुमा चहकिलो रातो बन्छ, बाहिरी अनुहारमा लरल बूटाका पातसँग मिल्छ। हरियो हुँदा तिनीहरूको उस्तो गन्ध हुँदैन, तर उमाल्यो भने तिनीहरूको यत्तिको पीरो गन्ध हुन्छ कि सहनै सकिंदैन। तर सबभन्दा असल औषधी चाहिं जराबाट बन्दो रहेछ। आश्शाले मलाई देखाएका कुनै शिलालेखमा सूचन गरेको कोरका जातिमा एउटा ऐन रहेछ, त्यसको मतलब यो रहे छः कुनै दर्जामन्तिरका कसैले यी जराबाट तयार पारिएका औषधी प्रयोग गर्‍यो भने कडा सजा हुनेछ। जरूरै यो ऐनको मतलब वा उद्देश्य रूखलाइ मासिनाबाट बचाउनु थियो। त्यो रूखका पात र जराको बिक्रीमा सरकारी एकलौटी हक थियो, यसबाट कोरका राजाहरूले आफ्ना निजी निजायत आमदानीको ठूलो अंश हासिल गर्थे।

—ल० हो० हो०

प्रस्टसँग बोलेका थिए। यसमा दुइटा लास मात्र थिए, एउटै खाटमा सङसङै लेटेका थिए। मैले कात्रा थुतें, त्यहाँ एउटा तरुनो ठिठो र वैंसले भरिएकी एउटी ठिटी छाती जोडी अंकमाल गरिरहेका थिए। त्यो ठिटीको टाउको ठिटाको पाखुरामा रहेको थियो, ठिटाका ओठ ठिटीको निधारमा टाँस्सिएका थिए। मैले लोग्नेमान्छेको सूती अलखा खोल्दा उसको मुटुमाथि खञ्जरको घाउ देखें, ठिटीको सुन्दर छातीमनि पनि त्यस्तै किसमको निष्ठुर घसाइ थियो, जसबाट उसको प्राण निक्लेर गएको थियो। माथितिर चट्टानमा तीन पदको लेख थियो। आइशाले उसलाइ उल्था गरिन्। त्यसको अर्थ, 'मरणमा विवाहित।'

यी दुइ जनाको रामकहानी के थियो, जो साँच्चि नै, जिउँदो हुँदा राम्रा थिए, र आफ्नो मृत्युमा छुट्याइएका थिएनन्?

मैले आफ्नो आँखा बन्द गरें, मेरो अनुमानले, विचारको धागोलाइ लिएर पछिल्तिर कैयौं जुगपारी आफ्नो छिटो थुरीलाइ हुत्यायो, तथा जुगको कालोपनमा यस्तो साँच्चिको र स्पष्ट विवरणसहितको चित्र बुन्यो कि मैले समयउपर विजय प्राप्त गरें, मेरो दृष्टिले भूतकालको रहस्यलाइ छेड्यो भन्ने केही समयको निमित्त मैले झन्डै झन्डै ठान्न सकें।

मैले यो राम्री ठिटीको मूर्ति देखे जस्तो लाग्यो—पहेंलो केश उसको तलसम्म पुगेको, उसको लुगाको बरफ जस्तो सेतोको टक्कर परेर झल्केको, अनि उसको अलखाभन्दा पनि सेता स्तनले आफ्नो उज्ज्वलताले गर्दा झल्कने सुनको गहनालाइ पनि मधुरो पारेको। मैले त्यो ठूलो गुफा फलामका लुगा लाएका दाह्रीवाल योद्धाहरूले भरिएको, र आइशाले इनसाफ गरेको चौकीमा आफ्नो पुरोहितको दर्जाका चिन्हले भूषित भएर

अलखा लाएको एउटा मान्छे उभिएको देखे जस्तो लाग्यो। त्यसै वेला गोलसजन लुगा लाएको एउटा मान्छे त्यस गुफामा आयो, त्यस मानिसको अगाडि र पछाडि गवैयाहरू र राम्रा कुमारीहरू विवाहको गीत गाउँदै हिंडे। वेदीको अगाडि त्यहाँ भएका सबभन्दा राम्रीभन्दा पनि राम्री—कमलभन्दा पनि पवित्र, र कमलको गुभोमा झल्कने शीतभन्दा पनि चिसी शुक्लवसना कुमारी उभिई। तर जसै त्यो मानिस नजीकै आयो त्यो कुमारी कामी। त्यसपछि त्यो भीड र घुइँचोवाट कालो कपाल भएको एउटा तरुनो मान्छे उफ्रेर आयो, अनि धेरै दिन-देखि विर्सिएकी ठिटीलाइ अंकमाल गरेर उसको सेतो चेहरामा चुम्बन गर्‍यो, जसमा निस्तब्ध आकाशमा अरुणोदयको किरण जस्तै लाली चढ्यो। त्यसपछि त्यहाँ गोलमाल र हल्लाखल्ला भयो. अनि तरवारहरू चम्के. त्यसपछि तिनीहरूले त्यस ठिटीको अंकमालवाट छुटाएर त्यस ठिटोलाइ छुरा धसे, तर चिच्याएर त्यस कुमारीले ठिटोको पेटीवाट छुरा थुती, अनि मुटुसम्म जाने गरी आफ्नो वरफ जस्तो छातीमा त्यो छुरा गोपेर पछारिई। त्यसपछि रुवावासी र अलापविलापको हरेक आवाजको साथ-साथै मेरो दिवास्वप्नको क्षेत्रवाट त्यो भड्किलो दृश्य विलायो, फेरि भूतकालले आफ्नो पुस्तक वन्द गर्‍यो।

भएको कुराको इतिहासमा सपना घुसाएकोमा पाठकहरूले मलाइ माफ गरून्। तर यसले मलाइ ज्यादै आन्तरिकरूपले असर गर्‍यो—मानो मैले एक छिनमा यो सबै विघ्नै सफासंग देखें; यसवाहेक, अनुमानमा सांच्चि कुरा, भूत, वर्तमान, वा भविष्यकालको कति अंश रहन सक्छ को भन्न सक्ला ? कल्पना भनेको क्या हो ? शायद यो वुझ्न नसक्ने सत्यको छायाँ हो कि, शायद यो आत्माको विचार हो कि ?

एक छिनमा त्यो तस्वीर मेरो मगजबाट हरायो। त्यस वेलामा शीले मलाइ भनिरहेकी थिइन्।

मरेका आशकीहरूमाथि कात्रो ओढाइदिंदा मैले देखेको सपनालाइ राम्ररी सुहाउने गम्भीर थर्केको आवाजमा घुम्टो हालेकी आश्शाले भनिन्, मानिसको भाग्य हेर! आखिरमा हामीहरू सबैले च्याहान, र च्याहानमा लुक्के विस्मृतिमा आउनुपर्छ! हो, यति धेरै बांच्ने मैले पनि। मेरो निमित्त पनि, होलि, आजका हजारौं हजारौं वर्षपछि; तिमी ढोकाबाट गएर हुस्सुमा वेपत्ता भएपछि हजारौं वर्षमा एउटा दिन झल्कने-छ जुन दिनमा म मर्छु, अनि तिमी र यिनीहरू जस्तै हुन्छु। उसैले आखिरमा मर्नु जति परेपछि प्रकृतिबाट निचोरेर लिएको विद्याद्वारा मृत्युलाइ केहींसम्म पर सारेर मैले केही वढ्ता बांचेको के सार होला; समयको इतिहासमा दश हजार वर्ष वा त्यसको दशगुना वर्षको समय भनेको कति हो र? यो केही पनि होइन—घाममा वेपत्ता हुने हुस्सु जस्तो हो; यो सुतेको घण्टा जस्तो वा जाडोको हिउँ पग्ले जस्तो गरी उड्छ। मानिसको भाग्य हेर! सांच्चि नै यसले हामीलाइ भेट्टाउनेछ, अनि हामी निदाउनेछौं। निश्चय नै हामी विउँझौंला र फेरि जिउँदा हौंला, अनि फेरि निदाऔंला, यही रीतले, यो संसार र त्यसभन्दा पारीका अरू संसारहरू पनि नमरेसम्म—जो प्राण हो त्यो आत्माबाहेक अरू केही बाँच्तैन—अवधि, अवकाश, र समय, महायुगदेखि अर्को महायुगसम्म चलिरहनेछ, तर हामी दुइ जनाको निमित्त र यी मरेकाको निमित्त अन्त्यहरूको अन्त्य जीवन होला वा मृत्यु होला? अहिलेसम्म मृत्यु केवल जीवनको रात हो, त्यस रात-बाट फेरि भोलि जन्मन्छ, अनि फेरि रात उत्पन्न हुन्छ। केवल जब रात र दिन, जीवन र मृत्यु टुंगिन्छन् र जताबाट यिनीहरू

आए त्यसैभित्र निलिन्छन्, हाम्रो भाग्य के होला, ए होलि ? यति टाढा को देख्न सक्छ ? म पनि सक्तिनँ !'

त्यसपछि उनले स्वर र ढङ्ग एक्कासि बदलेर भनिन्—

'मेरो परदेशी पाहुना, तिमीलाइ हेर्न पुग्यो, वा मेरो महलका दलानबैठक बनेका यी च्याहानहरूका अरू अचम्म कुराहरू म तिमीलाइ देखाऊँ ? तिमीलाइ इच्छा छ भने, जसको पालामा यी गुफाहरू बनिसिद्धिए कोरको त्यही सबभन्दा ठूलो र सबभन्दा बहादुर राजा टिस्नो भडकसाँथ लेटेको ठाउँमा म तिमीलाइ लान्छु । त्यस राजाको रवाफले फुस्सापनलाइ गिज्याएको र भूतकालका रित्ता छायालाई ढुंगामा खोदिएको आफ्नो वृथाभिमानको सत्कार गर्न अह्राएको देखिन्छ !'

मैले जवाब दिएँ, 'मलाइ हेर्न पुगिसक्यो, महारानी, किनभने मेरो दिल यो उपस्थित मृत्युको शक्तिले व्याकुल भएको छ । मर्त्यता कमजोर छ, आफ्नो अन्त्यलाइ पर्खेको धूलोको साथमा सजिलैसँग विचलित हुन्छ । मलाइ यहाँबाट लानोस्, हे आश्शा !'

सत्रौं परिच्छेद

तराजू अर्कोपट्टि ढल्कन्छ

पानीको गाग्रो कम्मरमा अड्याएर बोके जस्तै गरी बहिरा लाटीहरूले बोकेका बत्तीहरू आफै बगेर गएका जस्तो देखिन्थ्यो । ती बत्तीको पछि पछि लागी हामी एक छिनमा शीको मटानमा जाने भऱ्याङमा आइपुग्यौं । यो मटान त्यही हो जहाँ अगिल्लो दिन बिलाली चार हातखुट्टा टेकी घस्रेको थियो । त्यहाँ मैले महारानीसित बिदा लिन खोजें, तर उनले मानिनन् ।

उनले भनिन् , 'अँहँ, होलि, मसँगै बस, किनभने साँच्चि नै तिम्रो कुराले मेरो दिल खुशी पार्छ । विचार गर, होलि; किनभने दुइ हजार वर्षसम्म कमाराहरू र मेरै आत्मासित बाहेक अरू कोहीसँग मैले कुरा गर्न पाएकी छैन, हुन त यसरी विचार गर्नाले धेरै बुद्धि हासिल गरेकी छु, र धेरै रहस्यहरू छर्लङ्ग भएका छन् , तैपनि आफ्ना विचारहरूदेखि वाक्क भएकी छु, आफ्नै संगतलाइ घृणा गर्न लागेकी छु, किनभने निश्चय नै संझनाले खान दिएको खानेकुरा तीतो स्वादको हुन्छ, आशाको दाँतले मात्र हामी यसलाइ चपाउन सक्छौं । अहिले, तिम्रो मगज यति कम उमेरको मान्छेलाइ सुहाउँदो काँचो र कमलो छ, तापनि यो विचार गर्ने मान्छे को छ । साँच्चि नै तिमीले मेरो मनमा ती बूढा दार्शनिकहरूमध्ये कुनै कुनैको संझना गराउँछौं जोसित उहिले उहिले मैले आएथिन्जमा र अरबको बेकामा शास्त्रार्थ गरेकी थिएँ । किनभने खराबसँग लेखिएको ग्रीक भाषा पढेर तिमीले आफ्नो जिन्दगी बिताएको र लेखोट पत्रको धूलो दलिएर कालो भएको जस्तो गरी, तिनीहरूकै जस्तो रूखो ढाँचा र फुस्रेधुस्रे अनुहार तिम्रो छ । उसैले पर्दा उघार र यहाँ मसँग बस, अनि हामी फलफूल खाएर रसिला रसिला कुरा गरौंला । हेर, फेरि म तिम्रो अगाडि घुम्टो खोल्छु । तिमीले यो आफैं खोजेको कुरा हो, होलि; मैले तिमीलाई सफासँग जनाउ दिएकी थिएँ—तिमीले ती बूढा दार्शनिकहरूले गर्ने गरेका जस्तै—धिक्कार छ तिनीहरूलाइ—आफ्नो दर्शनशास्त्र बिर्सेर मलाई राम्री भन्नेछौ !'

अनि केही भडक नगरेर तिनी जुरुक्क उठिन् र बेह्रेको सेतो कपडा फालिन्, अनि काँचुली फेरेपछिको कुनै झल्कने सर्प जस्तै उज्ज्वल र गौरवशालिनी भएर निक्लिन् ; हो, अनि जुनसुकै ब्याजिलिस्कको भन्दा पनि घातक अचम्मको आफ्नो

आँखा ममाथि जमाइन्, र ती आँखाको सौन्दर्यले मलाइ वारपार गरी छेडिन्, अनि चाँदीका घण्टीको टिङ टिङ जस्तै हावामा गुंजायमान पार्दै हल्का खित्का छोडिन्।

उनमाथि नयाँ मिजाज सवार थियो, यसमन्तिर उनको अगाध मनको रंग बदलिएको थियो। उफ्रने ज्वालाद्वारा आफ्नी मरेकी जोरीलाइ तिनले सराप्ता मैले देखेको जस्तो यो मिजाज यन्त्रणाले छियाछिया परेको र घृणापूर्ण थिएन; इनसाफ गर्ने दलानबैठकमा झैं बेवास्ताको भयंकर अहिले थिएन; मरेका मानिसका वासस्थानमा जस्तै टिरिअन कपडा-सँग मिल्ने भड्किलो, गंभीर र उज्ज्वल अहिले थिएन। अँहँ, उनको मिजाज अहिले विजयले उल्लसित भएको आएफ्रडाइटिको जस्तो थियो। देदीप्यमान, आह्लादपूर्ण, आश्चर्यमय जीवन उनी र उनको वरिपरिवाट प्रवाहित भएको देखिन्थ्यो। मधुरतासँग उनले हाँसिन् र मुस्केरा हालिन्, अनि उनको दृष्टि छिटोसँग नाच्यो। उनले आफ्नो कपालको टूलो झाँक्रो हल्लाइन्, अनि त्यसको सुगन्धले त्यो ठाउँ नै भरियो; उनले खराउ लाएको आफ्नो सानो खुट्टाले भूइँमा हानी ताल दिएर बिहाको कुनै पुरानो ग्रीक गीतको टुक्रा हुनहुनाइन्। सबै राजश्री हराएको थियो, अथवा घाममा देखेको आकाश-बिजुली जस्तै उनको हाँसेको आँखामा त्यो लुकेको र हल्कासँग झिलझिल गरिरहेको मात्र थियो। उनले उफ्रने लपकाको भयलाइ, अहिले पनि धमाधम चलिरहेको इनसाफको बेफिक्रीको शक्तिलाइ, र च्याहानको बुद्धि-पूर्ण दिक्‌दारपनलाइ फ्याँकेकी थिइन्—उनले लाएको सेतो कपडालाइ जस्तै तिनीहरूलाइ फ्याँकेर आफ्नो पछाडि राखेकी थिइन्. अहिले आफूभन्दा अगाडि आजसम्म भएका आइमाई-भन्दा बढ्ता पूर्ण-र एक हिसावले बढ्ता आध्यात्मिक-बनेर,

मनोहारी आकर्षक नारीत्वको अवतार भएर तिनी खडा भएकी थिइन् ।

'उसैले, मेरो होलि, तिमी मलाइ नदेख्ने ठाउँमा बस। यो तिम्रो आफ्नै इच्छाले हो, संझ--फेरि म भन्छु, खोजीनीति गर्नै तिम्रो आँखालाइ मउपर पर्नुअगाडि बरु मरेकै भए हुन्थ्यो भन्ने दिलमा विरक्त भएको दुःखले आफ्नो छोटो जिन्दगी खेर फाल्यौ भने मलाइ दोष नलाऊ। त्यहाँ, यसरी बस र मलाइ भन, किनभने साँच्चि नै अहिले मलाइ तारीफको चाहना छ--मलाइ भन, म राम्री छैन त ? होइन, यति हतपताएर नबोल; यो कुरालाइ राम्रोसँग विचार गर; मेरो अंग प्रत्यंग छुट्टा छुट्टै लेऊ, मेरो जीउडाल, मेरा हातखुट्टा, मेरो केश, अनि मेरो छालाको सेतोपनलाइ नबिर्स। त्यसपछि साँचो भन, तिमीले अझसम्म कुनै आइमाईलाइ देखेका छौ जो जुनसुकै कुरामा होस्, हो, उसको सौन्दर्यको एउटा सानो अंशमा, परेलाको घुम्राइमा पनि, वा शंख जस्तो कानको छाँटमा, मेरो सौन्दर्यको खुट्टामा झुण्ड्याउन लायककी छ ? अहिले, मेरो कम्मर ! शायद तिमीलाइ यो ज्यादा मोटो लाग्ला, तर साँच्चि भनूँ भने यो मोटो छैन; यो सुनौला सर्पले यसलाइ मोटो देखाएको हो, जत्तिको कस्नुपर्ने हो त्यत्ति को कस्तैन। यो बुद्धिमान् सर्प हो, कम्मरमा कस्नु खराब हो भन्ने यसलाइ थाहा छ। तर हेर, मलाइ तिम्रो हात देऊ-यसरी-अब मेरो वरिपरि थिचः ल, अलिकति बल गर्‍यौ भने तिम्रा औंला जोडिन्छन् भने पनि हुन्छ, होलि।'

मैले अब यो खप्न सकिनँ। म केवल मानिस हुँ, उनी चाहिं आइमाईभन्दा बढ्ता थिइन्। परमेश्वरलाइ थाहा छ तिनी के थिइन्-मलाइ थाहा छैन ! तर उत्तिनैखेरि उनको अगाडि मैले

घुँडा टेकें, अनि वाक्लाग्दो खिचडी भाषामा (किनभने यस्तो मौकामा विचार गोलमालिन्छन्) उनलाइ भनें, 'म हजूरको जति पूजा गर्छु त्यति कोही आइमाई पूजा गरिएकी छैन। हजूर-सँग विवाह गर्न पाए मेरो अमर आत्मालाइ पनि त्याग गर्न सक्छु।' त्यस वेलामा साँच्चि नै उनलाइ विवाह गर्नाको निमित्त त्यतिसम्म गर्नेथिएँ, वास्तवमा जुनसुकै अरू मान्छे अथवा थिचथाच गरी एउटै पारिएका मनुष्यका सम्पूर्ण जातिले त्यसै गर्थे। एक छिनसम्म तिनले केहीं अचम्म मानिन्; त्यसपछि खुशीले थपडी वजाई हाँस्न लागिन्।

उनले भनिन्, 'ओहो, यति चाँडै, मेरो होलि! तिमीलाइ घुँडा टेकाउन कति मिनेट लाग्ला जस्तो मलाइ लागेको थियो। यतिका जुगसम्म मेरो अगाडि मान्छेले घुँडा टेकेको मैले देखेको छैन, मेरो विश्वास गर, स्वास्नीमानिसको दिललाइ यो दृश्य साह्रै राम्रो लाग्छ—हो, बुद्धि र समयको लमाइले हामी आइमाईको एक मात्र हक भएको प्यारो आनन्दलाइ हटाउँदैन।

'तिमी के गर्छौ?—तिमी के गर्छौ? तिमी के गरिरहेछौ तिमीलाइ थाहा छैन। म तिम्रो निमित्त होइनँ भनेर तिमीलाइ मैले भनेकी छैन र? म एक जनालाइ मात्र प्रेम गर्छु, तर तिमी त्यो मान्छे होइनौ। ओहो, होलि, तिम्रो सारा बुद्धि हुँदाहुँदै पनि--एक किसमले तिमी बुद्धिमान् छौ—केवल मूर्खताको पछि दगुर्ने मूर्ख हौ। तिमी मेरो आँखामा हेर्न जिद्दी गर्छौ--तिमी मलाइ चुम्बन गर्न जिद्दी गर्छौ! हुन्छ, तिमीलाइ खुशी लाग्छ भने, हेर!' अनि तिनी मतिर झुकिन्, र आफ्नो कालो र रोमाञ्चकारी आँखा ममाथि जमाइन्; 'हुन्छ, तिमीलाइ इच्छा लाग्छ भने चुम्बन पनि गर, किनभने, वस्तुहरूको परिवन्दलाई धन्यवाद छ, दिलमा वाहेक चुम्बनको दाग रहँदैन। तर तिमीले स्वाइ खायौ

भने, म तिमीलाइ भन्छु निश्चय नै तिमी मेरो प्रेमले गर्दा आफ्नो मुट्टु खाएर मर्नेछौ !' अनि तिनी अझ बढ्ता मतिर झुकिन्, हुँदा हुँदा उनको मुलायम केशले मेरो निधारलाइ छोयो, उनको वास्ना आउने स्वास मेरो मुखमा खेल्यो र मलाइ लस्त र कमजोर पाय्यो । त्यसपछि उनलाइ अंकमाल गर्न मैले हात पसारेको मात्र थिएँ तिनी एक्कासि ठाडो भइन्, र उनमाथि तुरुन्तै परिवर्तन भयो । आफ्नो हात पसारेर उनले मेरो टाउकोमाथि नछुने गरी राखिन्, केही कुरा त्यहाँबाट निस्केको जस्तो मलाइ लाग्यो जसले मलाइ ठन्डा पारी सहज बुद्धिमा तथा औचित्य र गृहस्थधर्मको ज्ञानमा फर्कायो ।

केही कडाइको भाव झल्काई उनले भनिन्, 'यो मनमोजी खेल पुग्यो । सुन, होलि । तिमी असल र ईमानदार मान्छे हौ, उसैले म तिमीलाइ खुशीसाथ बचाउँछु; तर, ओहो ! स्वास्नीमानिसले दया गर्न साह्है गाह्रो छ । मैले भनिहालें म तिम्रो निमित्तको होइन, त्यस कारणले आफ्ना विचारलाई मलाइ नाघेर बेफ्वाँकको हावा जस्तै गरी जान देऊ, आफ्नो अनुमानका धूलालाइ फेरि गहिराइमा निथ्रिन देऊ—हुन्छ, तिमीलाइ इच्छा लाग्छ भने निरासको गहिराइमा भन । तिमीले मलाइ चिह्नेका छैनौ, होलि । १० घण्टाअगाडि क्रोधले मलाइ पक्रेको बखतमा तिमीले मलाइ देखेको भए तिमी डराएर काँप्तै मबाट दव्कन्थ्यौ । म धेरै भावहरूकी बनेकी छु, त्यस भाँडाको पानी जस्तै, धेरै चीजहरूको छाया ममा देखिन्छ; तर तिनीहरू जान्छन्, मेरो होलि; तिनीहरू जान्छन्, बिर्सिन्छन् । केवल त्यो पानी पानी नै रहन्छ, म म नै रहन्छु, अनि त्यो पानीलाइ बनाउनेले पानीलाइ बनाउँछ र मलाइ बनाउनेले मलाइ बनाउँछ, तर मेरो गुण बदलिन सक्तैन । त्यस कारणले, म जस्ती देखिन्छु त्यसको

वास्ता नगर किनभने म के हुँ तिमी जान्न सक्तैनौ। तिमीले मलाइ फेरि दुःख दियौ भने घुम्टो हाल्छु, अनि तिमी कहिले पनि मेरो मुख देख्न पाउनेछैनौ।'

म उठें, र उनको छेउमा गद्दा हालेको खाटमा थ्याच्च वसें। एक छिनको लागि मेरो बौलट्टी कामवासना हटेको थियो तापनि, म उमङ्गले काँपिरहेकै थिएँ, जस्तो रूखका पातहरू आफूलाइ हल्लाउने हावाको झोका गइसकेपछि पनि काँपिनैरहन्छन्। मैले उनलाइ च्याहानभित्र आगोतिर फर्केर मन्त्र गुनगुनाइरहँदा त्यो गहिरो र नारकीय मिजाजमा देखेको थिएँ भन्न साहस गरिनँ।

उनले भन्दै गइन्, 'उसैले, यो फल खाऊ; मलाइ पत्याऊ मानिसको निमित्त यो मात्र साँच्चिको खानेकुरो हो। अहिले मलाइ मभन्दा पछि जन्मेको हीब्रू मसीहको दर्शनशास्त्र सुनाऊ। तिमी भन्छौ, उनी आजकाल रोम, ग्रीस, मिश्रदेश, र त्यसभन्दा परका असभ्य जातिहरूलाइ शासन गर्छन्। उनले सिकाएको दर्शनशास्त्र अद्भुतको हुनुपर्छ, किनभने मेरो जमानामा मानिसहरू हाम्रो दर्शनशास्त्र सुन्दै सुन्दैनथे। आनन्द मनाउनु, व्यसनमा लठ हुनु, रक्सी धोक्नु, रगत तथा चिसो इस्पात, र लडाइँमा जम्मा भएका मानिसको डर-- यिनै कुरा उनीहरूको जातका धार्मिक नियम थिए।'

त्यस वेलासम्ममा मेरो केही होश ठेगानमा आएको थियो, अनि आफूले देखाएको कमजोरीको साह्रै लाज मानेर उनलाइ क्रिस्तानधर्मका नियमहरू बुझाउनालाइ भरसक गरें। तर त्यसमा केवल स्वर्ग र नरकको हाम्रो सिद्धान्तबाहेक अरू कुरामा तिनीले उस्तो ध्यान नदिएको मैले देखें। उनको सारा चाख त्यो धर्म सिकाउने मान्छेतर्फ झुकेको थियो। मैले उन-

लाइ उनकै जाति याने अरबहरूमा अर्को धर्मसंस्थापक महम्मद भन्ने निस्की नयाँ धर्म प्रचार गरेको र, त्यो धर्म अहिले करोडौं मानिसले लिएका छन् भन्ने कुरा पनि सुनाएँ।

उनले भनिन्, 'ओहो! मैले बुझें--दुइटा नयाँ धर्म! मैले यति धेरै धर्म जानेकी छु, कोरका यी गुफाबाहिरको मैले केही कुरा सुन्न छाडेदेखि निःसन्देह नै अरू धर्महरू निस्केका रहेछन्। मानिसजातिले सधैं आकाशलाइ त्यसको पछिल्तिर के छ देखाउनालाइ पुकार्छन्। यो अन्त्यको डर र स्वार्थको मिही रूप मात्र हो--धर्महरूलाई पैदा गर्ने यही हो। हेर, मेरो होलि, हरेक धर्मले आफ्नो अनुयायीको निमित्त परत्रको दावा गर्छ; अथवा, कमसे कम, त्यसमा हुने असल कुराको। त्यो धर्म नमान्ने अनभिज्ञहरूका निमित्त हानि छ; किनभने तिनीहरूले सच्चा धार्मिक मान्छेले पूजा गर्ने ज्योतिलाइ माछाले तारालाई देखे जस्तै धमिलोसँग मात्र देख्छन्। धर्महरू आउँछन्, जान्छन्, सभ्यता आउँछन् र जान्छन्, तर संसार र मानवी प्राकृतिबाहेक अरू केही रहँदैन। ओहो! मानिसले आशा भित्रैबाट आउँछ बाहिरबाट होइन भन्ने देखेदेखि--आफ्नो मुक्तिको निमित्त आफूले काम गर्नुपर्छ भन्ने देखेदेखि! त्यो त्यहीं छ, मानिसको भित्र जीवनका स्वास र उसको लेखि जे असल र खराब हो त्यो असल र खराब कुराको ज्ञान छ। त्यसैमा उसले भर परोस् र ठाडो भएर उभियोस्, अनि क्षुद्र आफू जस्तै ढालिएको तर खराब कुरा सोच्नालाइ बढ्ता गिदी भएको र खराब कुरा गर्नालाइ आफ्नो भन्दा लामो हात भएको कुनै अज्ञात ईश्वरको मूर्तिअगाडि आफूलाइ नअन्भख्वाओस्।'

मैले मनमनमा सोचें—उनको वहस उन्नाइसौं शताब्दीमा

र कोरका गुफावाहेक अन्यत्र सुनेका कुनै कुनै बहसहरूसित ज्यादै मिल्थ्यो । ईश्वरज्ञानसम्बन्धी बहसका दोहोरिने बहस-मध्येको एउटा हुनाले यो कति पुरानो रहेछ भन्ने देखिन्छ । यो तर्क म बिलकुल मान्दिनँ, तर उनीसित यो प्रश्न बहस गर्ने प्रयत्न गर्न मन लागेन । किनभने पहिलो कुरा, मैले भोगेका सारा उमङ्गले गर्दा मेरो मन ज्यादै स्वस्थ थियो, दोस्रो कुरा, यसमा म हार्छु भन्ने मलाइ थाहा थियो । मामूली भौतिकवादी-सित बहस गर्नु साह्रै पट्टाइलाग्दो काम हुन्छ, किनभने त्यसले तिम्रो टाउकोमा भूगर्भशास्त्रसम्बन्धी कुराका सारा पत्र र तथ्यावली डुरेल्छ । तिमी चाहिं अनुमान, अन्तर्ज्ञान, र विश्वासका हिमांशले उसलाइ रोक्नमात्र सक्छौ । जुन हिमांश, अफसोस ! हाम्रो दुःखको तातो भुंग्रामा पग्लन ज्यादै सम्भव छ । त्यसो हुनाले अतिमानसिक रूपले तिखारिएको बुद्धि भएकी र आफ्नो वशमा ल्याएको प्रकृतिका रहस्यका सबै किसिमका ज्ञानवाहेक दुइ हजार वर्षको अनुभव भएकी व्यक्तिलाइ मैले जित्नु कति कम आशा छ ! मैले उनको विश्वास बदल्नुभन्दा मेरो विश्वास उनले बदल्नु धेरै संभव छ भन्ने संझी, त्यो कुरालाइ छुँदै नछुनु बेस ठह-याएँ, उसैले चुपचाप लागेर बसें । यसो गरेकोमा त्यसपछि धेरै पल्ट मैले चौपट्ट पछुताएँ, किनभने त्यसो गर्नाले आरशाको हकीकतमा के विश्वास थियो, उनको दर्शनशास्त्र के थियो त्यो कुरा निश्चित गर्ने मैले संझेको एक मात्र मौका गुमाएँ ।

उनले भन्दै गइन्, 'त, मेरो होलि, उस्तो भए मेरा जातिका मानिसहरूले पनि धर्मसंस्थापक भेट्टाएछन्--उसलाइ तिमी झूठो धर्मसंस्थापक भन्छौ, किनभने उ तिम्रो आफ्नो होइन, हकीकतमा, मलाइ त्यस कुराको सन्देह छैन । तैपनि मेरो सम-

यमा त्यो चाल थिएन, किनभने त्यस वेलामा अरबहरूका धेरै देवता थिए। आग्लाट थिए, अनि स्याबा, स्वर्गका देवदूत; अल अजअ, तथा ढुङ्गाका मना, जसको निमित्त वलिका रगत बहन्थे; वाड, सवा, र यामनमा बस्नेहरूको सिंह य्याग्हथ; अनि याअक, मोरडका घोडा; ह्यास्यरको गिद्ध नास्र्; यस्ता धेरै अरू अरू। ओहो, यो सबैको मूर्खता, लज्जा र खेदपूर्ण मूर्खता! तैपनि जब म बुद्धिमती भएर निस्कें र यस कुराको बारेमा बोलें, निश्चय नै तिनीहरूले आफ्ना अपमानित देवताहरूको नाउँमा मलाइ माथें। यस्तो सधैं भएको छ;—तर, मेरो होलि, अहिले नै तिमी मदेखि वाक्क भइसकेको हुनाले तिमी यसरी चुप लागेर बसेका हौ? अथवा मैले तिमीलाइ आफ्नो दर्शन-शास्त्र सिकाउँला भनेर डराएका हौ?--किनभने तिमीलाइ थाहा होस् मेरो एउटा दर्शनशास्त्र छ! आफ्नै दर्शनशास्त्र नभए गुरु-माको के गति हुन्छ? अनि तिमीले मलाइ ज्यादा दिक गर्यौ भने, होश राख; किनभने तिमीलाइ म यो नसिकाइछोड्नेछैन, र तिमी मेरो चेलो हुनुपर्नेछ, अनि हामी दुइ जनाले एउटा धर्म खड़ा गर्नेछौं जसले अरू सबै धर्मलाइ निल्नेछ। अस्थिर मनुष्य! आधा घण्टाअगि मलाइ प्रेम गर्छु भन्दै किरिया हाल्दै तिमीले घुँडा टेकेका थियौ--त्यो आसन तिमीलाइ खुल्दैन, होलि। हामी के गरौं?—होइन, मैले बुझें! म आएर तिमीसँग आएको धिरामी भएको युवकलाइ हेर्छु, जसलाइ बूढा बिलालीले सिंह भन्छ। अहिलेसम्म जरोको अवधि पुग्नु-पर्छ, उ मर्न लागेको रहेछ भने म उसलाइ निको पार्छु। न-डराऊ, मेरो होलि; म कुनै जादूगरी प्रयोग गर्दिनँ। मैले तिमी-लाइ भनेको छैन? यद्यपि प्रकृतिमा भएका शक्तिहरूलाइ वशमा ल्याउने र शासन गर्ने कुरा छ, जादूगरी भन्ने केही कुरा छैन।

ल जाऊ, एक छिनमा, मैले औषधी तयार पारिसकेपछि, म त्यहाँ आउँला[1]।'

उनले भनेमुताविक म गएँ। जौब र अस्टेन ज्यादै अफसोस मानिरहेका रहेछन्। उनीहरूले भने लिओ मृत्युको प्रचण्ड वेदनामा छ, उनीहरूले मलाइ सारा ठाउँमा धुइँधुइँति खोजिरहेका थिए रे। म छोप्तै खाटमा पुगेर लिओलाइ हेरें; उ मर्न लागेको स्पष्टै देखिन्थ्यो। उ वेहोश थियो, परिश्रमसाथ दम चलिरहेको थियो, तर उसका ओठ काँपिरहेका थिए, सारा जीउभर वरावर केही कम्प छुट्थ्यो। अव अर्को घण्टामा उ सांसारिक मदतको पहुँचवाहिर हुनेछ भन्ने थाहा पाउने सम्मको डाक्टरी विषय मैले जानेको थिएँ—शायद पाँचै मिनेटमा प्राण जान केही वेर थिएन। मेरो प्यारो लड़का मर्न लागेको वेलामा आश्शासित अल्लारिरहने मेरो स्वार्थ र मूर्खतालाइ मैले के विघ्न सरापें! अफसोस, अफसोस! हामीमध्ये सवभन्दा असल पनि आइमाईका आँखाको झलकले खराव कुरामा कति सजिलोसँग ओर्लिन्छौं! म कस्तो दुष्ट चाण्डाल! वास्तवमा, अहिले वितेको आधा घण्टासम्म मैले लिओको विचारै गरेको थिइनँ--फेरि यो कुरा संझना रहोस्, वीस वर्षसम्म मेरो सवभन्दा प्यारो साथी र मेरो अस्तित्वको

---

१. आश्शा ठूली रसायनशास्त्रज्ञा थिइन्; वास्तवमा, रसायनशास्त्र नै उनको एक मात्र दिल वहलाउने कुरा र पेशा देखिन्छ। एउटा गुफा त्यो काम गर्ने कोठाको रूपमा सजाइएको थियो, उनका सामानहरू स्वभावतः खस्रा किसमका थिए, तापनि उनले हासिल गरेका परिणामहरू प्रशस्त छकलाग्दा थिए। यो वर्णनको यथास्थानमा सो कुरा स्पष्टै हुनेछ।

—ल० हो० हो०।

मुख्य चाख भएको मान्छेको बारेमा। अहिले, शायद असाध्य भइसक्यो !

मैले आफ्नो हात निमोठें र वरिपरि हेरें। अस्टेन खाटको नजीक बसिरहेकी थिई। उसका आँखामा निराशको धमिलो ज्योति बलेको थियो। जौब चाहिं सुनिने गरी कुनामा बडबडाइरहेको थियो—यसभन्दा बढ्ता सुकुमारी शब्दले उसको अफसोसको नाउँ नदिन सकेकोमा मलाइ अफसोस छ। मेरो आँखा आफूमाथि जमेको देखेर, वरण्डामा आफ्नो अफसोसलाइ निकास दिन उ बाहिरपट्टि गयो। सबै कुराबाट विचार गर्दा केवल आश्शामा आशा झुन्डिएको थियो। वास्तवमा तिनी ठगाही होइनन् भने—ठगाही हुन् भन्ने मलाइ विश्वासै थिएन—उनले केवल उनले मात्र उसलाइ बचाउन सक्थिन्। उनलाइ आउनोस् भनी विन्ती गर्न जान्छु भन्ने मनमा लाग्यो। तर म हिंडेको मात्र थिएँ जौब डरले साँच्चि नै रौं ठाडठाडो पारी कोठामा हामफाल्दै आयो।

डराएको साहुतीमा उसले करायो, 'ओहो परमेश्वरले हाम्रो रक्षा गरून्, हजूर! वरण्डाबाट सल्ल एउटा मुर्दा यहाँ आइरहेछ!'

एक छिनसम्म म अल्लमल्ल परें, तर एक छिनमै जरूरै मैले लख काटें, उसले कात्रो जस्तो लुगामा बेह्रिएकी आश्शालाइ देखेको हुनुपर्छ, उनको हिंडाइको असामान्य लहरदार सिह्रीपनले गर्दा उनलाइ सेतो भूत आफूतिर सल्ल आइरहेको भनी भूलले ठानेको हुनुपर्छ। वास्तवमा, उत्तिनै खेरि यो प्रश्न हल भयो, किनभने साक्षात् आश्शा नै कोठा अथवा गुफाभित्र देखापरिन्। जौबले फर्केर उनलाइ, सेतो कपडामा ढाकिएको देख्यो, यसपछि अतालिएर 'यहाँ आइपुग्यो!' भनी कराउँदै कुनामा

उफ्रेर गयो र आफ्नो टाउको भित्तामा लुकायो; अस्टेन चाहिं, तर्साउने व्यक्ति फलानो हुनुपर्छ भन्ने अन्दाज गरेर लरुप-सार परी।

मैले भनें, 'हजूर ठीक वखतमा आउनुभयो आश्शा ! किनभने मेरो लडका मर्नै आँटेको छ।'

उनले कोमल स्वरमा भनिन् , 'उ नमरेको भए त केही धन्दा छैन, किनभने म उसलाइ बचाउन सक्छु, मेरो होलि। त्यो मान्छे तिम्रो नोकर हो, तिम्रो मुलुकमा नोकरहरूले त्यही किसमले सन्मान गर्छन् ?'

मैले जवाब दिएँ, 'हजूरको लुगा देखेर त्यो तर्स्यो--यो लुगाको मृत्यु जस्तो छाँट छ।'

उनी हाँसिन्।

'अनि त्यो ठिटी नि ? ए, अहिले मैले बुझें। तिमीले मसंग कुरा गरेको यही ठिटीको बारेमा हो। भइगयो यिनीहरू दुवैलाइ जानू भन, अनि हामी त्यो विरामी सिंहपट्टि लागौं। सानातिना मानिसलाइ मेरो बुद्धि बर्कत देखाउन मलाइ निको लाग्दैन।'

त्यसपछि मैले अस्टेनलाइ अरबी भाषा र जौबलाइ अंग्रेजी भाषामा कोठाबाट बाहिर जानू भनें; जौबले चाहिं त त्यो आज्ञा तुरुन्तै मान्यो, मान्नालाई खुशी पनि थियो, किनभने उसले आफ्नो डरलाई केही गरे पनि दमन गर्न सकेको थिएन। तर अस्टेनको हकमा भने अर्कै कुरो भयो।

भयंकर महारानीको डर र लिओको नजीक वस्ने आग्रहको बीचमा चुँडिएर उसले साउती गरी, 'शी के चाहनुहुन्छ ? आफ्नो पोइ मर्दा संगै बस्नु निश्चय नै स्वास्नीको हक हो। अँहँ, म जान्न, मेरो मालिक बबून।'

गुफाको अर्को छेउमा आश्शा भित्तामा खोदेका केही चित्र जाँच्न लागेकी थिइन्। त्यहाँबाट उनले सोधिन्, 'त्यो आइमाई किन जान्न हँ, मेरो होलि ?'

के भनूँ के भनूँ भएर मैले जवाब दिएँ, 'लिओलाइ छाड्ने उसको इच्छा छैन।' आश्शा फरक्क फर्किन्, अनि युवती अस्टेनलाइ देखाएर एक शब्द, केवल एक शब्द भनिन्, तर त्यति नै प्रशस्त थियो, किनभने यिनले बोलेको स्वरले ठेलीका ठेली मतलब बुझाउँथ्यो।

'जा !'

अनि अस्टेन चार हातखुट्टा टेकेर घस्रँदै उनलाइ पार गरेर गई।

केही हाँसेर आश्शाले भनिन्, 'तिमीले देख्यौ, मेरो होलि, मैले यी मानिसहरुलाइ आज्ञाकारिताको शिक्षा दिन आवश्यक थियो। झण्डै त्यो ठिटीले मेरो आज्ञा नमानेकी; तर त्यो ठिटीले मेरो आज्ञा नमान्नेलाइ आज दिउँसो के गरें थाहा पाएकी थिइन। भइगयो, त्यो गइहाली; अब युवकलाइ हेरूँ', अनि उनी लिओ पल्टेको खाटतिर बगेको जस्तो गरी गइन्। लिओको मुखमा छाया परेको र भित्तातिर फर्केको थियो।

उसको चेहरामा हेर्न निहुरँदा निहुरँदै उनले भनिन्, 'यो मान्छेको रवाफदार जीउडाल रहेछ।'

अर्को निमेषैमा उनको अग्लो र लल्याकलुलुक पर्ने शरीर गोली लागेको अथवा छुरा धसिएको जस्तो गरी ढुनमुनाउँदै कोठामा हटिरहेको थियो, हट्ता हट्ता आखिरमा तिनले गुफाको भित्तामा ठक्कर खाइन्, अनि त्यसपछि उनको ओठबाट ज्यादै भयानक र असांसारिक चिल्लाहट निस्क्यो जो सुन्ने आजसम्म मलाई मौका परेको छैन।

मैले कराएर भनें, 'के हँ, आश्शा ? मरेछ ?'

उनी फर्किन् र बघिनी जस्तो गरी मतिर झस्टिन् ।

उनले सर्पको स्वाँ स्वाँ जस्तो सुनिने आफ्नो भयानक साउतीमा भनिन्, 'कुकुर ! किन मबाट यो कुरा लुकाएको ?' अनि उनले आफ्नो पाखुरा पसारिन्, उसैले तिनले मलाइ मार्न लागिन् भन्ने ठानें । मैले ज्यादै वास्तविक डरमा चिच्याएँ, 'के भयो ? के भयो ?'

उनले भनिन्, 'ओहो ! शायद तिमीले थाहा पाएनौ । यो कुरा थाहा पाऊ, मेरो होलि, थाहा पाऊ : त्यहाँ—त्यहाँ मेरो हराएको क्यालिक्रटीज छ । आखिरमा मकहाँ फर्केर आएको क्यालिक्रटीज, किनभने उ नआइछोड्दैन भन्ने मलाइ थाहा थियो ! उ नआइछोड्दैन भन्ने मलाइ थाहा थियो,' अनि उनी घुँकघुँक गर्न, हाँस्न, र वास्तवमा असर परेका अरू आइमाई जस्तै गरेर 'क्यालिक्रटीज, क्यालिक्रटीज !' भन्दै गुनगुनाउन थालिन् ।

मैले मन मनमा भनें, 'वाहियात', तर सुन्ने गरी भन्न साहस गरिन; हकीकतमा, त्यस वेला त्यो भयानक उत्सुकतामा सबै कुरा बिर्सेर लिओको जिन्दगीको बारेमा विचार गरिरहेको थिएँ । आश्शालाइ हिस्टिरियाले व्याकुल पारिरहेको वेलामा उ मर्ला भन्ने मलाइ अहिले डर लागेको थियो ।

नम्रतापूर्वक मैले भनें, 'हजूरले उसलाइ सहायता दिन सक्नुभएन भने, आश्शा, हजूरको क्यालिक्रटीज हजूरले बोलाउन नसक्नेसम्मको टाढा चाँडै नै पुग्नेछ । निश्चय नै उ अहिले नै मर्न लागेको छ ।'

उनले झस्केर भनिन्, 'साँच्चि हो । ओहो ! किन म चाँडै आइनँ ? म काँपिरहेकी छु—मेरो हात काँपिरहेछ, मेरो पनि—तर तैपनि यो साह्रै सजिलो छ । ल, होलि, यो भाँडो समात,'

अनि तिनले आफ्नो लुगाको पत्रबाट माटोको सानो भाँडो झिकिन्, 'अनि यसमा भएको झोल औषधी उसको घाँटीभित्र छिर्ने गरी खन्याइदेऊ। नमरेको भए यसले उसलाइ निको पार्नेछ। छिटो, अहिले नै! छिटो! त्यो मान्छे मर्न लाग्यो'।

मैले उतिर हेरें; उनले भनेको साँच्चि रहेछ—लिओको अन्त्य अवस्थाको दम आइसकेको थियो। मैले बिचराको मुख नीलो भएको देखें, उसको श्वास घ्यार घ्यार हुन लागेको सुनें। गोल्फुमा काठको बिर्को लाएको थियो। त्यो बिर्कोलाइ मैले दाँतले तानें, भित्रपट्टिको औषधीको एक थोपा मेरो जिभ्रोमा पऱ्यो। यसको मीठो स्वाद थियो, एक सेकेण्डसम्म मेरो टाउको चक्कर खाने र मेरो आँखाअगाडि धमिलो बादल जम्मा हुने पाऱ्यो, तर सौभाग्यवश त्यो असर जति चाँडो आएको थियो उति चाँडो गयो।

लिओको नजीकै म पुग्दा उ मर्न लागेको थियो—उसको सुनौला टाउको बिस्तारै बिस्तारै हल्लिरहेको र उसले अलिकति मुख बाएको थियो। मैले आश्शालाइ उसको टाउको समात्नू भनें। ती आइमाई टाउकोदेखि खुट्टासम्म बबुरका पात वा झस्कने घोडा जस्तै काँपिरहेकी थिइन् तापनि जसो तसो गरी उसको टाउको समातिन्। त्यसपछि, अलिकति मुख फट्याएर मैले गोल्फुको औषधी उसको मुखमा खन्याएँ। एक छिनैमा यसबाट नाइट्रिक अम्ललाई चलाउँदा निस्कने जस्तो केही बाफ निस्क्यो, यस चिकित्साको प्रभावको हकमा अगिबाटै फीका भइसकेको मेरो आशालाइ यो दृश्यले बढाएन।

तर एउटा कुरा भने निश्चय थियो, मर्ने वेलाको दम थामियो—लिओले त्यसलाइ नाघेको र डरलाग्दो नदी पार गरेको हुनाले त्यसो भएको होला भन्ने पहिले मैले ठानें। उसको मुख फुस्रो

नीलो भयो, अनि उसको मुटुको ढुकढुक पहिलेभन्दा पनि कमजोर भएकोमा एकदमै थामिएको जस्तो लाग्यो—केवल उसका पट्टल अझै फिरफिर चलिरहेका थिए। मलाइ शंका भएकोले मैले आश्शालाइ हेरें। उनको टाउकोलाइ ढाकेको घुम्टो उनी कोठामा ढुनमुनाएको वखतमा उनको उत्तेजनामा चिप्लिएर पछिल्तिर सरेको थियो। उनले अझै लिओको टाउको समातेकै थिइन्, लिओकै जत्तिकै फुस्रो मुख लाएर अद्यापि मैले कहिले नदेखेको व्यथित चिन्ताको भावले उसको मुख-मण्डलमा हेरिरहेकी थिइन्। उ बाँच्छ कि मर्छ भन्ने उनलाइ थाहा थिएन भन्ने स्पष्टै देखिन्थ्यो। पाँच मिनेट विस्तारै विस्तारै वित्यो, र उनले आशा मारिरहेकी थिइन् भन्ने मैले देखें; उनको मनोहर बदामी चेहरा खिस्रिक परेको र स्पष्ट गरी मानसिक दुःखको बोझमन्तिर दुब्लाएको देखिन्थ्यो। त्यही मानसिक वेदनाको पेन्सिलले उनको आँखाको वरिपरि काला धर्सा खिच्यो। उनको ओठबाट पनि मुगा रङ उड्यो, र आखिरमा ती ओठ लिओको मुख जत्तिकै सेतो र दुःखदायी हिसाबले काँपिरहेका थिए। उनलाइ हेर्दा डर लाग्यो; मेरो आफ्नै शोकमा पनि मलाइ उनमाथि दया उठ्यो।

मैले निसासिएर भनें, 'अब नहुने भयो ?'

उनले हातले आफ्नो मुख छोपिन्, केही जवाब दिइनन्, अनि म पनि लिओबाट फर्कें। तर फर्कंदा ज्यादै लामो सास फेरेको मैले सुनें, फेरि उतिर फर्केर हेर्दा लिओको चेहरामा चढ्दै आएको लालीमाको एक रेखा देखें, त्यसपछि अर्को, अनि अर्को, र, ताजुबमाथिको ताजुब, जसलाइ हामीले मरेको ठानेका थियौं त्यो मानिस कोल्टे फर्क्यो। मैले कानेखुसीमा भनें, 'हजूरले देख्नुभयो ?'

उनले धोत्रे स्वरमा जवाब दिइन्, 'मैले देखें। उ बाँच्यो। हामी ढिलो भयौं भन्ने ठानेकी थिएँ; अर्को क्षणमा—एउटा निमेष बितेको भए—उ मरिहाल्थ्यो!' अनि उनले आँसुको भयंकर खोलो बगाइन्, मुटु नै फुट्ला जस्तो गरी घुँक घुँक गरिन्, तैपनि उनी रुँदा झन् मनोहर देखिइन्। आखिरमा उनले रुन छोडिन्।

उनले भनिन्, 'मलाइ माफ देऊ मेरो होलि—मेरो कमजोरीको निमित्त मलाइ माफ देऊ! तिमीले देखिहाल्यौ आखिरमा म एउटी स्वास्नीमानिस मात्र हुँ। विचार गर—अहिले यो कुराको विचार गर! आज विहान तिमीले तिम्रो नयाँ धर्मले नियुक्त गरेको यातनाको ठाउँको बारेमा कुरा गरेका थियौ। यसलाइ तिमीले नरक वा पाताल भन्यौ—यस ठाउँमा प्राण-सत्व बाँच्छ र व्यक्तिगत संज्ञना राखिछोड्छ, अनि यस ठाउँमा विवेकको सारा भूल र गल्ती, अतृप्त मनोवृत्ति, कुनै समयमा योसित संबन्ध भएको मनका असार डरहरू, यसको आफ्नै निराशताको स्वप्नले सधैं सधैं मुटु निमोठ्न, गिज्याउन, रैथाने भई वास गर्न, र खिज्याउन आउँछन्। यसरी, ठीक यसै रीतले, अपराधको संज्ञनाले संतप्त भएर, पूर्ण नभएको इच्छाले रातो दिन यातना भोगेर विना संगत, विना सुविस्ता, विना मृत्यु, र कतै कतै धिप धिप गर्ने र अहिले उज्ज्वलसंग बलेको छ भने एक छिनमै हराउने आशारूपी भासका बत्तीको सहाराले मेरो उच्चाटलाग्दो, तैपनि, मेरो ज्ञानले पूर्वसूचना दिए जस्तै, एक दिन मलाइ मेरो उद्धारककहाँ पुर्‍याउने सडकमा मात्र गएर पूरा दुइ हजार वर्ष—तिमीले समय गन्ने हिसावले करीव छयसट्ठी पुस्तासम्म बाँचेकी छु।

'त्यसपछि—अझ यस कुराको विचार गर, ए होलि, किन-

भने तिमी यस्तो अर्को कथा कहिले सुन्नेछैनौ, वा यस्तो अर्को दृश्य कहिले देख्नेछैनौ, अँहँ, मैले १०००० वर्षको आयु दिए पनि सक्नेछैनौ—इच्छा गरेको खण्डमा ज्यालाको रूपमा तिमीले त्यति आयु पाउनेछौ—विचार गर: आखिरमा मेरो उद्धारक—जसको निमित्त पुस्तौंसम्म मैले बाटो हेरिरहेकी र कुरिरहेकी थिएं—निर्दिष्ट समयमा मलाइ खोज्न आयो। उ नआइछोड्दैन भन्ने मलाइ थाहा छँदै थियो, किनभने मेरो बुद्धि भूल गर्न सक्तैनथ्यो, यद्यपि कहिले वा कसरी आउँछ त्यो मलाइ थाहा थिएन। तैपनि हेर म कति अनभिज्ञा थिएँ! हेर मेरो ज्ञान कति थोरै, ताकत कति कम! घण्टौंसम्म मरणान्त परी बिरामी भएर उ यहाँ पडिरह्यो, मैले त्यो कुरा थाहा पाइनँ—म जसले दुइ हजार वर्षसम्म उसलाइ पर्खिरहेकी थिएँ—मैले यो कुरा थाहा पाइनँ! अनि त्यसपछि आखिरमा मैले उसलाई देखें, फेरि तमाशा हेर! मेरो मौका त्यो कुरा पाउनुअगाडि नै रौंप्रमाणले गइसकेको थियो, किनभने उ कालको कराल गाँसमै परिसकेको थियो, जसबाट मेरो कुनै शक्तिले उसलाइ थुत्न सक्तैनथ्यो। उ मरेको भए, निश्चय नै मैले फेरि अर्को पटक त्यो नरकमा बाँच्नुपर्थ्यो—फेरि एक पटक मैले थकाइलाग्दा शताब्दीको सन्मुख पर्नुपर्थ्यो, र समयले परिपक्व भई मेरो प्रियतम मकहाँ फिर्ता नल्याएसम्म मैले पर्खि पर्खिरहनुपर्थ्यो। जब तिमीले उसलाइ औषधी दियौ, अनि उ बाँच्छ कि मर्छ भनी मैले छुट्ट्याउन सक्नुअगाडि त्यो पाँच मिनेट बित्यो, म तिमीलाइ भन्छु, बितेका सारा साठी पुस्ता[1] ती पाँच मिनेट जति लामा थिएनन्। तर आखिरमा ती पाँच मिनेट

---

१. अंग्रेजीमा एक पुस्तामा ३० वर्ष हुन्छ।—अनुवादक।

बिते, तैपनि उसले बाँच्ने चिन्ह देखाएन। जहाँसम्म मेरो ज्ञान थियो त्यस वेला त्यो औषधीले काम गरेन भने यसले कत्ति पनि काम गर्दैन भन्ने मलाइ थाहा थियो। त्यसपछि मैले विचार गरें, उ फेरि मर्यो. र सारा वर्षका सारा यन्त्रणाहरू एउटै विषालु भाला बनी समेटिएर मलाइ वारपार गरेर छेडे, किनभने फेरि मैले क्यालिक्रटीजलाइ गुमाएँ! अब, सबै कुरा भएपछि हेर! उसले लामो सास फेर्यो, हेर! उ बाँच्यो, मलाइ निश्चय थियो उ बाँच्छ, किनभने यो औषधीले असर गरेको कोहीं मान्छे पनि मर्दैन। अहिले यो कुराको विचार गर मेरो होलि—यो कुराको अचम्मको बारे विचार गर! उ बाह्र घण्टासम्म निदाउनेछ, अनि रोगले उसलाइ छोड्छ—जीवन भोग्न मेरो काखमा छोडिदिन्छ!'

उनी थामिइन्, सुनौला टाउकोमाथि आफ्नो हात राखिन्; त्यसपछि निहुरेर मायाको पवित्र बेफिक्रीले उसको निधारमा चुम्बन गरिन्। मलाइ डाहा छुटेको हुनाले त्यो दृश्यले मेरो मुटुलाइ नछेडदो हो त त्यो चुम्बन देखता आनन्द लाग्थ्यो।

अठारौं परिच्छेद

'जा, खालीमान्छे!'

त्यसपछि एक मिनेट जति चुपचापमा बित्यो, त्यस बीचमा कसैले उनको मुखमण्डलको झण्डै देवदूतीय आनन्दबाट विचार गर्न सकेदेखि—किनभने कहिलेकहीं उनी देवदूत जस्तै देखिन्थिन्—शी आनन्दको लहरीमा गोता खाइरहेकी देखिन्थिन्।

तर एक्कासि, एउटा नयाँ विचार उनको मनमा चढ्यो, उनको भावप्रकाश देवदूतीयको एकदम उल्टा भयो ।

उनले भनिन्, 'अस्टेन भन्ने आइमाईलाई मैले झण्डै बिर्सेकी थिएँ। त्यो क्यालिक्रटीजको को हो—उसकी नोकर्नी, अथवा—' अनि उनी अड्किन्, उनको आवाज काँप्यो।

मैले कुम हल्लाएँ र जवाव दिएँ, 'अमाहगरको रीतभाँत-वमोजिम उसको लिओसँग विवाह भएको छ भन्ने मैले संझेको छु, तर मलाइ थाहा छैन ।'

उनको चेहरा गड्याङगुडुङ हुँदाको वादल जस्तो अँध्यारो भयो। उमेर पुगेकी भए तापनि आश्शाले डाहालाइ जित्न सकेकी थिइनन् ।

उनले भनिन्, 'उसो भए त्यो कुरा खतम भयो; त्यो आइ-माईले अहिले नै मर्नुपर्छ !'

भयभीत भएर मैले सोधें, 'के विराममा ? हजूर दोषी न-हुनुभएको कुनै कुराको त्यो आइमाई दोषी छैन, आश्शा । त्यस आइमाईले यस मानिसलाइ प्रेम गर्छे, उसले त्यो आइ-माईको प्रेमलाइ खुशीसाथ मन्जूर गरेको छ; उसैले यसमा उसको के अपराध ?'

करीव करीव झर्केर उनले जवाब दिइन्, 'साँच्चि नै, होलि, तिमी वेकूफ छौ। केमा उसको अपराध ? त्यो आइमाईको अपराध म र मेरो इच्छाको वीचमा खडा हुनु हो, मलाइ राम्रो थाहा छ, उसवाट म उनलाइ खोस्न सक्छु—किनभने, ए होलि, मैले आफ्नो ताकत निकालें भने मलाइ रोक्न सक्ने यस पृथ्वी-तलमा कोही मानिस छ ? प्रलोभनले छोएर गएसम्म मात्र मानिसहरू ईमानदार छन्, त्यो प्रलोभन पूरा जोडदार मात्र भयो भने, मानिस दबिहाल्छ, किनभने जोडको कुनै मात्रा

पुग्यो भने हरेक डोरी जस्तै हरेक मानिस चुँडिन्छ, अनि आइमाईलाइ सुन र शक्ति जे हुन् लोग्नेमानिसलाइ कामवासना उही हो—अर्थात् उनीहरूको कमजोरीउपरको बोझा हो। मेरो कुरा पत्याऊ, प्रेतिनीहरू बढ्ता राम्रा मात्र भए तिमीले भनेको स्वर्गमा मर्त्य आइमाईहरूलाइ दुःख हुनेछ, किनभने उनीहरूका खसम उनीहरूलाइ हेर्नालाइ कहिले फर्कनेछैनन्, अनि उनीहरूको स्वर्ग नरक हुनेछ। किनभने प्रशस्त सुन्दरी मात्र भई भने, आइमाईको सौन्दर्यले लोग्नेमानिस किन्न सकिन्छ; सुन प्रशस्त भयो भने पनि सुनले आइमाईको सौन्दर्य सधैं किन्न सकिन्छ। मेरो समयमा यो कुरा यस्तै थियो, समयको अन्तसम्म यो कुरा यस्तै हुनेछ। संसार ठूलो वजार हो, मेरो होलि, जहाँ सबै चीजहरू त्यस मानिसलाइ बिक्री हुन्छन् जसले हाम्रो इच्छाको नगदमा सबभन्दा बढी बोल्छ।'

आइशाको उमेर र अनुभवकी आइमाईबाट आशा गर्न सक्ने जत्तिकै खिसी गर्ने यी वचनहरू मलाइ खट्के, अनि मैले च्याट्टिएर जवाव दिएं, 'हाम्रो स्वर्गमा बिहावारी छैन।'

उनले भनिन्, 'नत्र यो स्वर्ग हुने थिएन, तिम्रो भनाइको मतलब त्यही हो? हामी आइमाईलाइ यस्तो खराव ठान्ने, होलि, तिमीलाइ धिक्कार छ! उसो भने तिम्रो स्वर्ग र नरकको बीचमा सीमानाको धर्को काट्ने विवाह हो त? तर यो कुरा भइगयो। अहिले वहस गर्ने र हाम्रो वठ्याइँ जुधाउने समय छैन। तिमी किन सधैं तर्क गर्छौ? तिमी पनि हालसालका दार्शनिक हौ? यो आइमाईको हकमा उसले मर्नैपर्छ; किनभने, त्यो आइमाईबाट उसको प्रेमीलाइ म खोस्न सक्छु तापनि, त्यो आइमाई बाँचुन्ज्यालसम्म उनले उसलाइ माया गरेर संझिरहन

सक्छन्, अनि त्यो कुरा म सहन सक्तिनँ। मेरो खसमको विचारमा अरू कोही आइमाईले वास गर्न हुँदैन; मेरो साम्राज्य विलकुल मेरो आफ्नै हुनुपर्छ। उसले यतिसम्म चैन काटि-हाली, यसमै उसले संतोष गर्नुपर्छ; किनभने प्रेमसहितको एक घण्टा एकलोपनको एक शताब्दीभन्दा निको छ—अब रात्रीले त्यो आइमाईलाइ निल्छ।'

मैले कराएँ, 'होइन, होइन, यो घोर अपराध हुनेछ; अप-राधबाट खराव कुराबाहेक केही आउँदैन। हजूर आफ्नो असलको लागि यो काम नगर्नुहोस्।'

'उसो भने, ए बेकूफ मनुष्य, हामी र हाम्रो उद्देश्यको बीचमा रहेको कुरालाइ खलल गर्नु अपराध हो ? त्यसो भए, मेरो होलि, हाम्रो जीवन एउटा लम्बे अपराध हो; कारण हामी बाँच्न सकौं भनी दिनहुँ हामी नाश गर्छौं, किनभने यस संसारमा बलिष्ठबाहेक कुनै मानिस टिक्न सक्तैन। कम-जोरले मर्नैपर्छ; यो पृथिवी बलियो र बलियोबाट निस्केक फलको निमित्त हो। बलियो रूखले आफ्नो भाग लेओस् भनी उम्रने हरेक रूखको निंति बीसवटा सुकेर मर्छन्। हामी विफल हुने र ढल्ने मानिसहरूका देहमाथि स्थान र शक्ति भेट्टा-उन दौडन्छौं; हो, हामीले खाएको खानेकुरो भोकले मर्न लागेका बालबच्चाहरूको मुख मोसेर लिन्छौं। प्रकृतिको यही नियम छ। फेरि, तिमी अपराधले खराव कुरो पैदा गर्छ भन्छौ, तर त्यो कुरामा तिमीलाइ अनुभव रहेनछ; किनभने अपराध-बाट धेरै असल कुराहरू निस्कन्छन्, असल कुराबाट धेरै खराव कुरा पैदा हुन्छन्। निर्दयी शासकको निष्ठुर रिसले उपछि हुने हजारौं मानिसको निमित्त शुभ कुरा हुन आउन सक्छ, कुनै महात्माको कोमल सहृदयताले राष्ट्रलाइ कमारो

बनाउन सक्तछ। मानिसले आफ्नो दिलको असल कुरा र खराब कुराबाट काम गर्छः तर आफ्नो इन्द्रियले आफूलाई के काम गर्न लाउंछ त्यो थाहा पाउंदैन; किनभने उसले हान्दा त्यो प्रहार कहाँ पर्छ त्यसको बारेमा उ अन्धो छ, न परिस्थितिको जाल बुनिएको मिही धागोलाइ गन्न सक्छ। असल र खराब, प्रेम र घृणा, रात र दिन, गुलियो र तीतो, लोग्नेमानिस र आइमाई, माथिको आकाश र तलको पृथ्वी—यी सबै चीजहरू एउटा अर्कोको निमित्त आवश्यक छन्, हरेकको मतलब कस-लाइ थाहा छ? म तिमीलाइ भन्छु यसको उद्देश्यको भार बोक्न तिनीहरूलाइ बेर्हे नसीबको हात हो, सबै चीजहरू त्यो ठूलो लखाकीमा समेटिन्छन् जसलाइ सबै कुरा चाहिन्छ। त्यसकारणले हामीलाइ यो कुरा खराब छ र यो कुरा असल छ, वा अँध्यारो घृणित छ र उज्यालो राम्रो छ भन्न सुहाउंदैन; किनभने हाम्रो बाहेक अर्को आँखालाइ खराब कुरा असल हुन सक्छ, अन्धकार दिनभन्दा राम्रो लाग्न सक्छ, अथवा सबै कुरा एकनासको असल जँच्न सक्छ। तिमीले सुन्यौ, मेरो होलि?'.

यस किसमको हेत्वाभासको विरुद्ध बहस गर्न साध्य छैन भन्ने मलाइ लाग्यो। यस हेत्वाभासलाइ यसको नैतिक सिद्धान्तमा लग्यो भने, हामीले सदाचार भन्ने ठानेका सबै कुरालाइ यसले बिलकुलै नाश गर्नछ भन्ने लाग्यो। तर आश्शाको कुराले मेरो मनमा डरको नयां रोमाञ्च पैदा गऱ्यो, किनभने मानुषिक ऐनले नबाधिएको र उचित अनुचितको सदाचारी खयालद्वारा पनि बिलकुलै बन्धन नभएको व्यक्तिलाइ के कुरा संभव हुन सक्तैन? तर हाम्रो ब्रह्मले हामीलाइ भन्छ, सदाचार जतिसुकै पक्षपाती र रीतभाँतको भए तापनि पशुबाट मानव-

जातिलाइ छुट्टयाउने व्यक्तिगत उत्तरदायित्वको ठूलो पर्खालमा आश्रित छ।

तैपनि अस्टेनलाइ उसकी वलवती जोरीको हातबाट भोग्नुपर्ने देखिएको भयंकर दशाबाट वचाउन म ज्यादै उत्सुक थिएँ, किनभने म उसलाइ आदर गर्थें, रुचाउँथें। यस कारणले मैले एक पटक फेरि विन्तिभाउ गरें।

मैले भनें, 'आइशा, मेरो निंति हजूर असाध्य गहिरो हुनुहुन्छ; तर हजूरैले मलाइ भन्नभएको छ, प्रत्येक मानिसले आफूउपर ऐन वन्नुपर्दछ, अनि आफ्नो दिलको शिक्षापछि लाग्नुपर्छ। जसको ठाउँ हजूरले लिन आँट्नुभएको छ, त्यस आइमाईप्रति हजूरको दिलमा दया छैन? विचार गर्नुहोस्, हजूरले भन्नुभएबमोजिम—यद्यपि मलाई त्यो कुराको पत्यार छैन—हजूरले तिर्सना गर्नुभएको मानिस यति वर्षपछि हजूर-कहाँ फर्केर आएको छ, अहिले भर्खर हजूरले, हजूरको भनाइ-वमोजिम, कालको कराल गाँसबाट उसलाई थुतेर झिक्नुभएको छ। के हजूर त्यो मानिसको आगमन उसलाई प्रेम गर्ने आइमाई, र शायद उसले पनि प्रेम गरेकी आइमाईको हत्याले मनाउनुहुन्छ? जुन आइमाईले कमसे कम उसलाइ मार्न लागेका हजूरका नोकरहरूको भालाबाट हजूरको निमित्त उसको ज्यान वचाई? हजूर यो पनि भन्नुहुन्छ, गए दिनमा हजूरले यस मानिसलाइ साह्रै नराम्रोसँग अन्याय गर्नुभएको थियो, उसले प्रेम गरेकी मिश्रदेशी अमेनर्टसको लागि उसलाई हजूरले आफ्नो हातले मार्नुभयो।'

मेरो पाखुरा समातेर बीचैमा कराएर भनिन्, 'तिमीले त्यो कुरा कसरी थाहा पायौ, ए परदेशी? तिमीले त्यो नाउँ कसरी थाहा पायौ? मैले त्यो नाउँ तिमीलाइ भनेको छैन।'

मैले जवाव दिएँ, 'शायद मैले सपना देखें; कोरका यी गुफामा अनौठा अनौठा सपना घुमिरहन्छन्। हकीकतमा यो सपनामा सत्यको छाया भएको जस्तो देखिन्छ। हजूरको बौलट्टी अपरीयबाट हजूरले के पाउनुभयो। दुइ हजार वर्षको कुहाइ, त्यही होइन? अहिले हजूर त्यही इतिहासलाइ दो-हो-याउन खोज्नुहुन्छ? हजूरले जे कुरै भन्नुहोस्, म यति भन्छु, यसबाट अनिष्ट हुनेछ; किनभने कमसे कम गर्ने मानिसलाइ असल कुराले असलै गर्छ खराब कुराले खराबै गर्छ, यद्यपि पछि पछि खराब कुराबाट असल कुरा आओस् सही। अपराध आउनैपर्छ; तर जसबाट अपराध निस्कन्छ त्यसले दुःख पाउँछ। जसो मैले हजूरलाइ भनें ईसामसीहले उसै भनेका छन्, यो कुरा साँच्चै पनि हो। हजूरले यो निरपराध आइमाईलाइ मार्नु-भयो भने म हजूरलाइ भनिदिन्छु, हजूरको सत्यनाश हुनेछ, हजूर आफ्नो प्रेमको प्राचीन रूपबाट कुनै फल टिप्न सक्नुहुने-छैन। फेरि हजूर के विचार गर्नुहुन्छ? आफूलाइ प्रेम गर्ने र स्याहारसुसार गर्ने आइमाईको हत्या गर्ने हजूरलाइ ताततातै यो मानिसले कसरी लेला?'

उनले जवाव दिइन्, 'यस बारेमा मैले तिमीलाइ अगि नै जवाव दिइसकें। मैले उसलाइ र तिमीलाइ समेत मारे पनि उनले मलाइ प्रेम नगरिछाड्दैनन्, होलि, किनभने त्यो कुराबाट उनी आफूलाइ त्यत्तिकै बचाउन सक्तैनन् जति मैले तिमीलाइ मारेको खण्डमा तिमी आफूलाइ बचाउन सक्तैनौ, होलि। तर तैपनि तिमीले भनेको कुरा साँचो हुन सक्छ, किनभने एक तरहले मेरो मनमा यो झुण्डिरहेको छ। हुन सक्छ भने, म यो आइमाईलाइ बचाउनेछु; किनभने मैले तिमीलाइ भनेको छैन? निष्ठुरताकै निंति म निष्ठुर छैन। मलाइ यातना हेर्ने अथवा

गराउन निको लाग्दैन। त्यस आइमाईलाइ मेरो अगाडि आउनू भन—झट्ट अहिले नै मेरो मिजाज नबदलिंदै,' अनि तिनले छर्लङ्ग देखिने कपडाले हत्तपत्त आफ्नो मुख ढाकिन्। यतिसम्म सफल भएकोमा पनि निकै खुशी भएर, म बरण्डामा निस्कें अनि अस्टेनलाइ बोलाएँ। उसको सेतो लुगा त्यो सुरुङमा फरक फरक गरेर लहरै राखिएका माटाका बत्तीदानहरूमध्ये एउटामा जोरिएर पोको परिरहेको केही गज टाढा देखें। त्यो उठी, र म-कहाँ दगुरेर आई।

आँसुले पोतरिएको आफ्नो असराफ देखिने चेहरा मतिर फर्काएर मेरो मुट्ठसम्म पुगेको अत्यन्त विनीतभावले उसले कराएर भनी, 'मेरो खसम मर्नुभयो ? ओहो, उहाँ मर्नुभयो भनेर नसुनाउनुहोस् !'

मैले जवाब दिएँ, 'अँहँ, उनी बाँचे। शीले उनलाइ बचाइन्। आऊ।'

उसले लामो सास फेरी, भित्र पसी, अनि अमाहगर जातिको रीतबमोजिम डर मानिएकी शीको सामुन्नेमा हात खुट्टा टेकेर लम्पसार परी।

आश्शाले बेवास्ताको स्वरमा भनिन्, 'उठेर यता आइज।'

अस्टेन आज्ञा मानी टाउको निहुराएर उनको अगाडि खडा भई।

त्यसपछि चकमन्द भयो, अनि आश्शाले कुरा उठाइन्।

सुतेको लिओपट्टि देखाएर उनले भनिन्, 'त्यो मान्छे को हो ?'

त्यसले धीमा स्वरमा जवाब दिई, 'ती मेरो लोग्ने हुन्।'

'तँलाइ कसले त्यो पोइ दियो ?'

'हाम्रो मुलुकको रीतभाँतबमोजिम मैले उनलाइ लिएँ, शी।'

'परदेशी हुनाले यो मानिस लिनु, आइमाई, तैंले खराब काम गरिस्। उ तेरो आफ्नै जातिको मान्छे होइन, उसैले त्यहाँ तेरो रीतभाँत लाग्दैन। सुन्; शायद तैंले यो काम नजानेर गरिस्, त्यस कारणले, अइमाई, तेरो ज्यान म लिन्न, नत्र तँ मारिनेथिइस्। फेरि सुन्। यताबाट आफ्नै ठाउँमा फर्केर जा, र कहिले पनि फेरि यो मानिससित बोल्ने वा यो मानिसमाथि आँखा लाउने साहस नगरेस्। त्यो तेरो निमित्तको होइन। तेस्रो पटक सुन्। तैंले यो मेरो ऐनलाइ भंग गरिस् भने त्यहीं घडी त मर्छेस्। जा!'

तर अस्टेनले अड्डी लिई।

'जा, स्वास्नीमान्छे!'

त्यसपछि अस्टेनले टाउको ठाडो गरेर हेरी, अनि मैले उसको चेहरा मनोवृत्तिले व्यथित भएको देखें।

निसासिएको स्वरमा त्यसले भनी, 'अँहँ, शी, म जान्न; ती मानिस मेरो लोग्ने हुन्, म उनलाइ प्रेम गर्छु—म उनलाइ प्रेम गर्छु, उसैले म उनलाइ छोड्दिनँ। मेरो पोइलाइ छाड्नू भनी मलाइ आज्ञा दिने हजूरको के हक?'

आश्शाको सारा शरीर काँपेको मैले देखें, अनि खराब कुरा हुन्छ भन्ने डरले आफै काँपें।

मैले लेटिन भाषामा भनें, 'जनी गर्नोस्; केवल प्रकृतिले काम गरिरहेको छ।'

उही भाषामा उनले बेवास्तासंग जवाब दिइन्, 'मैले जनी गरेकी छु; मैले जनी नगरेको भए अहिलेसम्ममा त्यो मर्ने-थिई।' अनि, अस्टेनलाइ भनिन्, 'स्वास्नीमानिस, म तँलाइ भन्छु, तँ उभिएको ठाउँमा मैले तँलाइ नाश गर्नुअगाडि जा!'

दुःखित भएर उसले कराई, 'म जान्न! उनी मेरो हुन्—

मेरो ! मैले उनलाइ लिएँ, उनको ज्यान बचाएँ ! उसो भए, हजूरको शक्ति छ भने मलाइ नाश गर्नुहोस् ! म हजूरलाइ मेरो लोग्ने दिन्नँ–किमार्थ दिन्नँ–किमार्थ दिन्नँ !'

आश्शाले मेरो आँखाले पक्रनै नसक्नेसम्मको छिटो गति गरिन्, तर उनले बिचरी ठिटीलाइ हल्कासँग आफ्नो हातले हाने जस्तो मलाइ लाग्यो । मैले अस्टेनलाइ हेरें, अनि डरले दुनमुनाएर पछि हटें, किनभने उसको कपालको गाढा कैलो आँठामा सीधा तेर्सिएका औंलाका बरफ जस्ता सेता तीन चिन्ह देखिए । त्यस ठिटीको हकमा उसले अक्क न बक्क परेको मानिसले जस्तो टाउकोतिर दुवै हात उठाई ।

अमानुषिक शक्तिको यो सबभन्दा भयंकर प्रदर्शन देख्ता सातोपुत्लो उडेर मैले भनें, 'परमेश्वर !'; तर शीले केवल अलिकति हाँसिन् ।

त्यो अकमक्क परेकी आइमाईलाइ उनले भनिन्, 'चुत्थी लाटी वेकूफ, मार्ने शक्ति मेरो छैन भन्ने ठान्छेस् । हेर्, त्यहाँ दर्पण छ,' अनि तिनले लिओको दाह्री बनाउने वाटुलो ऐना देखाइन्, जसलाइ जौवले अरू कुरासँग तह लाएर उसको झिटीमिटीमाथि राखेको थियो; 'त्यो यस आइमाईलाइ देऊ, मेरो होलि, अनि उसले आफ्नो कपालमा के छ देखोस् र मेरो मार्ने शक्ति छ छैन जानोस् ।'

मैले ऐना झिकेर अस्टेनलाइ देखाएँ । त्यसले हेरी, आफ्नो कपालमा छामी, अनि त्यसपछि फेरि हेरी, अनि एक छिनपछि बुजो मारेको घुँक्कको अवाज गरी जमीनमा थ्याच्च बसी ।

गिज्याएर आश्शाले भनिन्, 'अब जान्छेस् कि फेरि अर्को पटक हान्नुपर्‍यो ? हेर्, तँलाइ मैले मेरो छाप लाएकी छु, उसैले तेरो सबै कपाल त्यत्तिकै सेतो नभएसम्म तँलाइ म

चिन्न सक्छु। मैले फेरि तेरो मुख देखें भने पक्का ठान् तेरो हाड चाँडै नै तेरो कपालमा लागेको मेरो छाप भन्दा सेतो हुनेछ।'

ज्यादै थरहरी भई लुत्रुक परेर, त्यो विचरी उठी, अनि, त्यो डरलाग्दो चिह्नले चिह्नित भएर नराम्रोसँग घुँक घुँक गर्दै कोठा-बाहिर गई।

उ गएपछि आश्शाले भनिन्, 'त्यस्तो तर्सेको अनुहार नलाऊन, मेरो होलि। म तिमीलाइ भन्छु म जादूगरी गर्दिनँ–जादू छँदै छैन। यो केवल शक्ति हो जो तिमी बुझ्दैनौ। उसको मुटुमा डर पसाउनालाई मैले उसलाइ चिह्न लाएकी हुँ, नत्र म उसलाई मारिहाल्थें नि। अब मेरो खसम क्यालिक्रटीजलाइ मेरो कोठानेर लानू भनी आफ्नो नोकरहरूलाइ अह्राउँछु, त्यसो भए-पछि म उनको हेरचाहा गर्न सक्छु, र अनि बिउँझेपछि उनको सन्मान गर्न तयार हुन सक्छु; तिमी र तिम्रो गोरा नोकर पनि त्यतै आउनू, मेरो होलि। तर आफ्नो ज्यानको माया भए एउटा कुरा संझिराख। त्यो आइमाई कसरी गई त्यसको बारेमा क्यालिक्रटीजलाइ तिमीले केही नभन्नू, मेरो बारेमा पनि जति थोरै हुन सकछ त्यति मात्र भन्नू। अहिले, मैले तिमीलाइ जनाउ दिएको छु नि!' पहिलेको भन्दा बिलकुलै अलमलमा मलाइ छोडी उनी बगेको जस्तो गरी अह्राउपह्राउ गर्न गइन्।

वास्तवमा, म यतिको छक्क परेको थिएँ, कैयन् उद्वेगका सिलसिलाले यतिको व्यथित र चुँडिएको थिएँ कि बौलाउँछु, कि भनी विचार गर्न लागें। तर, शायद भाग्यवश, मेरो गौर गर्ने समय थिएन, किनभने एक छिनमै ती लाटाहरू बीचको गुफाबाट सुतेको लिओ र हाम्रा झिटीमिटी लैजान आइपुगे, उसैले केही समयसम्म खैलाबैला भयो। हाम्रा नयाँ कोठा हामीले आशाको गुप्ति, खोपी भन्ने नाउँ राखेको कोठाकै–

मैले उनलाइ सबभन्दा पहिले देखेको पर्दा हालेको ठाउँकै—पछाडि थिए। उनी कहाँ सुत्थिन् त्यस वेला मलाइ थाहा थिएन, तर नजीकै सुत्थिन्।

त्यो रात मैले लिओको कोठामा गुजारें, तर उ एक पटक पनि नचलेर मरेको मानिस जस्तै गरी सुत्यो। म पनि राम्रो-सँग निदाएँ, हुन पनि मलाइ सुत्न परेकै थियो, तर मेरो निद्रा मैले भोगेका सबै डरलाग्दा र अचम्मका कुराका सपनाले भरि-एको थियो। तर मुख्य गरी अस्टेनको कपालमा आशाले औंलाको चिह्न पारेको जादूको डरलाग्दो कामले मलाइ पिरेको थियो। उनको छिटो, सर्प जस्तो गति र एकदम तीन घर्सों परी सेतो भएकामा यस्तो भयंकर केही कुरा थियो कि त्यसको असर अस्टेनलाइ त्योभन्दा ज्यादै बढ्ता डरलाग्दो भएको भए, मलाइ त्यतिको असर पर्दैनथ्यो कि क्या। आजसम्म बराबर त्यो भयंकर दृश्यको सपना देख्छु, बिछोड भएकी तथा केन जस्तो दाग लागेकी आइमाईले रुँदै आफ्नो प्रेमीमा आखिरी नजर दिएकी, र आफ्नी डरलाग्दी महारानीको जुनाफबाट गएकी देख्छु।

मलाइ दुःख दिने अर्को सपना चाहिं हाडैहाडका अजङ्का सूचीस्तम्भमा उत्पत्ति भएको थियो। मैले सपना देखें, उनीहरू सबै उठे, अनि स्काड्रन, कम्पनी, र पल्टन बनी हजारौं दश हजारौंले मेरो अगाडि मार्च पास्ट गरे, त्यस वेला उनीहरूका खोक्रा करङबाट घाम छिरिरहेको थियो। उनीहरू आफ्ना राजसी घर कोरतर्फ मैदानको बीचबाट हुर्रिएर गएका थिए; मैले उनीहरूको अगाडि भाँचेर उठाउने पुलहरू खसेका देखें; पित्तले ढोकाभन्तिर उनीहरूका अस्थिपञ्जर बजेका सुनें। उनीहरू अगाडि बढ्दै, राम्रा सडक उँभो, मानिसको आँखाले कहिले नदेखेका फोहरा, महल, र देवलहरूलाई पार गर्दै गए।

तर बजारमा उनीहरूलाइ स्वागत गर्ने कोही मान्छे थिएन, झ्यालमा कुनै आइमाईको मुख देखिएन—केवल उनीहरूको अगाडि अशरीरी आवाज कराउँथ्यो, 'राजसी कोर ध्वस्त भयो !—ध्वस्त भयो !—ध्वस्त भयो !—ध्वस्त भयो ! शहरको बीचबाट ती टल्कने लामहरू बढ्दै गए, र तिनीहरूका हाडे कुल्चाइको कड कड डरलाग्दोसँग अगाडि बढ्दै जाँदा निस्तब्ध हावामा गुँज्यो। उनीहरू शहरको बीचबाट गएर पर्खालमाथि उक्ले, अनि त्यही पर्खालमाथि बनेको ठूलो सडकमा फटाफट हिंड्न लागे, आखिरमा फेरि एक पटक उनीहरू भाँच्ने पुलमा आइपुगे। त्यसपछि, सूर्य अस्ताउन लाग्दा, उनीहरू फेरि आफ्नो च्याहानतिर फर्के, उनीहरूका खोक्रा आँखाका घरमा सूर्यको किरण डरलाग्दोसँग पर्‍यो। उनीहरूका हाडका वडेवडेमा छायाँ निक्ली तन्किंदै गए, र उनीहरूका पल्टन मैदानमा मोडिंदा अजङ्का माकुराका खुट्टा झैं खाउ-खाउ गरी सर्न लागे। अब उनीहरू गुफामा आए, र कहिले नटुंगिने लाम मिलेर प्वाल-बाट मृत्युको खाल्टामा फेरि एक एक गरी हामफाले। अनि म काँप्तै बिउँझदा शीलाई देखें। मेरो र लिओको खाटको बीचमा उनी उभिइरहेकी रहिछन्, छायाँ जस्तो गरी कोठाबाट सल्ल गइन्।

यसपछि म फेरि निदाएँ, यस पटक चाहिं विहानैसम्म मस्त निदाएँ। बिउँझदा म निकै चंगा भएको रहेछु, अनि उठें। आखिरमा आरशाको भनाइबमोजिम लिओ बिउँझने समय वरवर आयो, उसको साथसाथै घुम्टो हालेकी शी पनि आइन्।

उनले भनिन्, 'तिमी देख्नेछौ, होलि। एक छिनमा उनको मगज सारसउँदो भई बिउँझनेछ, जरोले पनि छाडेको हुन्छ।'

उनको मुखबाट त्यो कुरा निस्केको मात्र थियो लिओ कोल्टे

फर्क्यौं, अनि हात तानेर हाईगर्‍यो, आँखा पनि खोल्यो, त्यसपछि आफूमाथि एउटा आइमाईको मूर्ति झुकेको देखेर उनलाइ अँगालो हालेर म्वाइ खायो, शायद अस्टेन भनी झुक्किएर होला। कमसे कम उसले अरबी भाषामा भन्यो, 'ओहो अस्टेन ! किन तिमीले आफ्नो टाउको त्यो कपडामा मोरेको? तिम्रो दाँत दुख्यो?' त्यसपछि अंग्रेजीमा भन्यो, 'मलाइ त उग्र भोक लागेको छ। किन ए जौब, थोत्रो सिपाही, हामी कहाँ पुग्यौं—ए ?'

जौवले आश्शालाई शंका गरी टेढो आँखाले हेर्‍यो, किनभने उसले उनलाइ अझै ज्यादै घृणा गर्थ्यो र डर मान्थ्यो; बिउँतेकी मुर्दा उनी होइनन् भन्ने कुरामा केही गरे पनि उसलाइ पत्यार पदनथ्यो। उसले भन्यो, 'कहां पुग्यौं त्यो कुरा थाहा पाउन मलाइ मन लागेको छ, मिस्टर लिओ; तर हजूरले कुरा गर्नु हुँदैन मिस्टर लिओ, हजूर साह्रै बिरामी हुनुभएको छ, हामीलाइ साह्रै ताप पार्नुभयो, अनि यो साहेबनी,' आश्शा तिर हेरेर, 'मेहरवानीसाथ हटिदिनुभए म हजूरलाइ सुरुवा ल्याइदिन्छु।'

यो कुराले लिओको ध्यान चुपचाप लागेर उभिइरहेकी साहेबनीतिर गयो। उसले भन्यो, 'किन ? त्यो अस्टेन होइन—अस्टेन खोइ त ?'

त्यसपछि पहिला पटक, आश्शाले उसँग बोलिन्, उनको पहिलो वचन झूटो थियो। उनले भनिन्, 'कोही मानिसलाइ भेट्न यहाँबाट उ गई; हेर ! उसको सट्टामा म तिम्रो दासीको रूपमा यहाँ छु।'

आश्शाको मुर्दा जस्तो बेह्वारले जत्तिकै उनको रुपौली स्वरले लिओको अर्धजागृत बुद्धिलाइ अलमल्ल पारेको देखियो। तर, उसले केही जबाफ दिएन, खालि आग्रहसाथ

सुरुवा पिएर अर्कोतिर फर्क्यो र फेरि बेलुकासम्म सुत्यो। दोस्रो पटक बिउँझदा उसले मलाइ देख्यो, र के के भयो भनेर सोध्न थाल्यो, तर मैले भोलि भनुँला भनेर सकेसम्म थामथुम पारें। भोलिपल्ट उ उठ्ता अचम्मलाग्दो गरी फाइदा भएको थियो। त्यस वेला मैले उसको व्यथा र आफूले गरेको कामको बारे केही कुरा भनें, तर आश्शा त्यहाँ हुनाले उसलाइ धेरै कुरा भन्न सकिनँ। खालि यति मात्र भनें, तिनी यस मुलुककी महारानी हुन्, हाम्रो उपर उनको निगाह छ, घुम्टो हालेर हिंड्न उनलाइ खुश लाग्छ; किनभने जरूरै मैले अंग्रेजीमा कुरा गरेको थिएँ तापनि हाम्रो मुखको भावबाट त्यो कुरा उनले बुझ्न सक्थिन् भन्ने मलाइ डर लागेको थियो। त्यस-बाहेक मैले उनको जनाउ संझेको थिएँ।

भोलिपल्ट विहान लिओ उठ्ता करीब करीब बिलकुलै निको भइसकेको थियो। उसको कोखाको घाउ पुरिइसकेको थियो, र जीउ प्रकृतिले नै बलियो भएको हुनाले भयंकर जरो आएपछि हुने ग्लानि चाँडै नै हराएको थियो। यति चाँडो भएको, आश्शाले उसलाई दिएको अचम्मको औषधीको प्रभाव, र शायद उ थोरै दिन बिरामी भएको हुनाले धेरै दुब्लाउन नपाएकोले हुन सक्छ भन्ने मात्र म विचार गर्न सक्छु। उसको स्वास्थ्य ज्यूँका त्यूँ भएपछि भासमा बेहोश नभए-सम्मका सबै घटनाहरूको पूरा संझना उसलाइ भयो, जरूरै अस्टेनलाइ पनि संझ्यो, उसलाइ उसको निकै माया लाग्ने भइसकेको थियो भन्ने मैले पत्ता पाएँ। हकीकतमा, त्यो बिचरी लडकीको बारेमा प्रश्नका प्रश्न सोधेर उसले मलाइ आच्छु आच्छु पार्‍यो। यी प्रश्नको जबाफ दिन मैले साहस गरिनँ, किनभने लिओ पहिलो पटक बिउँझेपछि शीले मलाइ

डाकून पठाएर उसलाइ त्यस कुराको बारेमा केही पनि प्रकाश नगर्नू भनी फेरि गंभीरतापूर्वक सूचना दिएकी थिइन् । साथ-साथै 'तिमीले केही गरी त्यो प्रकाश गर्‍यौ भने तिमीलाइ ठीक हुनेछैन' भनी उनले फीकासँग संकेत पनि गरेकी थिइन् । त्यसबाहेक दोस्रो पटक, 'आफ्नो बेलामा आफै लिओलाइ सबै कुरा भन्नेछु, मेरो बारेमा नभनी नहुनेबाहेक केही कुरा लिओ-लाइ नभन्नू' भनी उनले मलाइ जनाउ दिएकी थिइन् ।

वास्तवमा, उनको सारा चालढाल बदलियो । उनले आफ्नो पुरानो संसारको प्रियतम भन्ने पत्याएको मानिसलाइ दाबा गर्ने सबभन्दा बरको मौका खोज्लिन् भन्ने जाने बुझेको सबै कुरा विचार गर्दा मैले आशा गरेको थिएँ, तर त्यस बेलामा मैले बिलकुलै बुझ्न नसकेको उनको आफ्नै कुनै कारणले तिनले त्यसो गरिनन् । केवल उनले चुपचापसँग र आफ्ना पहिलेको शाही हावभावसित एकदम उल्टा खाने नम्रतापूर्वक लिओले चाहेको कुराको हेरचाहा गर्ने, उसलाइ सधैं आदरकै जस्तो स्वरमा बोलाउने, र हुन सकेसम्म उसको साथै बस्ने गरिन् । जरूरै यी रहस्यमयी आइमाईको बारे उसको खुलदुली मेरै जत्तिकै तिखारिएको थियो, उ खास गरी उनको चेहरा हेर्न उत्सुक थियो । अरू कुरा नगरेर मैले उनको रूप र स्वर जस्तै उनको चेहरा पनि राम्रै थियो भनेर उसलाइ भनेको थिएँ । यही कुराले मात्र पनि जुनसुकै तरुनो मानिसको अशालाइ जोखिमी मात्रामा पुर्‍याउन सक्थ्यो, उसको बेमारीको प्रभावले अझै उसलाई असर नगरेको भए, र अस्टेनको बारेमा उसको मन चिन्तित नभएको भए (जसको माया र साहसी भक्ति-को बारेमा मुट्ठमा बिझ्ने बोलीमा उसले कुरा गर्थ्यो) मलाइ शंकै छैन, आश्शाको जालमा उ फस्नेथियो, तथा मुखै नदेखे

तापनि यत्तिको राम्री होली भन्ने ठानेर मात्रै पनि उसको आसकमा पर्नेथियो। तर संयोगले गर्दा, कस्ती छ भन्ने उस-लाइ खुलदुली मात्र थियो, म जस्तै केही धक मानेको पनि थियो, किनभने आफ्नो असाधारण उमेरको बारे शीले उसलाइ केही सूचना दिएकी थिइन् तापनि, स्वभावतः उसले तिन-लाइ खपटामा लेखिएकी आइमाई नै हो भन्ने ठानेको थियो। तेस्रो बिहान उसले लुगा लाउँदाखेरि समाधि बसाँएका उसका लगातारका प्रश्नहरूले बिलकुलै अँठिएर मैले एकदम सत्य बोलीमा अस्टेन कहाँ छ मलाइ थाहा छैन, आश्शालाइ सोध भनें। त्यही कुराको अनुसार, लिओले मजासँग बिहानको खाना खाएपछि, शीको सामुन्ने हामी गयौं, किनभने जैले आए पनि हामीलाइ छाडिदिनू भनी उनले लाटाहरूलाई अह्राएकी थिइन्।

त्यसभन्दा असल शब्द नपाएर हामीले गुप्ति खोपी भनी नाउँ राखेको कोठामा, अगिपछि जस्तै, उनी बसेकी थिइन्, पर्दा खोलेपछि उनी आफ्नो कौचबाट उठिन् र, दुवै हात पसारेर हामीलाइ, अर्थात् लिओलाइ स्वागत गर्न अगाडि बढिन्; किनभने, अनुमान गर्न सकिने कुरा हो, म त अहिले बिलकुलै पाखा परिसकेको थिएँ। उनको ढाकिएको शरीर, विभूति रंगको फलाटिनको लुगा लाएको मजबूत जवान अंग्रेजतिर सल्ल आएको राम्रो दृश्य थियो; किनभने, उसमा आधा रगत ग्रीकको भए तापनि, उसको कपाल-बाहेक, लिओ मैले देखेभरीमा खूब अंग्रेज देखिने मानिसमध्येको छ। उसमा आधुनिक ग्रीकको लल्याकलुलुक पर्ने रूप अथवा चाल छैन, यद्यपि आफ्नो व्यक्तिगत सौन्दर्यमा आफ्नी विदेशी आमागोता गएको हो भन्ने ठान्छु। उसकी

आमाको तस्वीरसंग उ निकै मिल्दछ । त्यो साह्रै अग्लो र चौडा छाती भएको छ, तापनि धेरै डँडाक मान्छे भए जस्तो बेछाँटको छैन, उसको टाउको उसलाइ घमण्डी र बलवान् हावभाव दिने किसिमले रहेको छ, जुन भावलाई अमाहगरले उसलाई राखेको नाउँ 'सिंह' ले राम्रोसँग दर्शाउँछ ।

आश्शाले आफ्नो सबभन्दा कोमल स्वरमा भनिन्, 'मेरो खसम र पाहुना तिमीलाइ स्वागत । तिमी खडा भएको देख्न पाउँदा म निहायत खुशी छु । मेरो विश्वास गर, आखिरमा मैले तिमीलाइ नबचाएको भए तो खुट्टा टेकेर कहिल्यै उभिंदैनथ्यौ । तर संकट गयो, अब,—यी शब्दहरूमा उनले धेरै अर्थ घुसाइन्—'यो फेरि नफर्कोस् भन्ने मेरो ध्याउन्न हुनेछ ।'

लिओले शिर झुकाएर आदर गऱ्यो; त्यसपछि, आफूले जानेको सबभन्दा बेस अरबी भाषामा अपरिचित परदेशीलाइ सुसार गर्नामा उनको सारा मेहरबानी र मानमिजासको निमित्त उनलाइ उसले धन्यवाद दियो ।

कोमलतासंग उनले जवाब दिइन्, 'अँहँ, यस्तो मानिसलाइ संसारले हतपति गुमाउन सक्तैन । यस पृथ्वीमा सौन्दर्य साह्रै महँगो छ । मलाइ धन्यवाद नदेऊ, म त तिमी आएकैले खुशी भएकी छु ।'

उनले नसुन्ने गरी लिओले अंग्रेजीमा मलाइ भन्यो, 'हुँ ! बूढ़ा बा, यी महिला साह्रै मिजासिली छन् । हामी त सुबिस्ता र सोखमा पर्न आए जस्तो देखिन्छ । म आशा गर्छु, तिमीले आफ्नो मौकाको सदुपयोग गऱ्यौ होला । ओहो ! कस्ता पाखुरा !'

मैले उसलाइ चुप लाग्नु भनेर इशारा गरें, किनभने आश्शाको कौतुहलपूर्ण रूपले मलाइ हेरिरहेको घुम्टो हालेको आँखाबाट शंकाको झलक निस्केको देखें ।

उनले भन्दै गइन्, 'मेरा नोकरहरूले तिम्रो राम्ररी सेवा गरेका छन् भन्नें लाग्छ; यो गरीब ठाउँमा सुविस्ता हुन सक्छ भने, यति निश्चय मान त्यो कुरा तिमीलाइ पुग्नेछ। तिमीलाइ इच्छा लागेको अरू केही कुरा छ?'

लिओले हत्तपत्त जवाब दियो, 'छ, शी! मसितकी आइमाई कता बेपत्ता भई थाहा पाउन मन लागेको छ।'

आश्शाले भनिन्, 'ए! त्यो टिटी—हो, मैले उसलाइ देखें। अँहँ मलाई थाहा छैन; उ जान्छु भन्थी, कता हो मलाई थाहा छैन। शायद उ फर्कली, शायद फर्कन्न कि। बिरामीलाइ कुर्दाखेरि साह्रै पट्ट्याइ लाग्छ, फेरि यी असभ्य आइमाई मन डुलाउँछन्।

यो कुरा सुनेर लिओ अलमल्ल र दिक्क भएको देखियो।

उसले मलाइ अंग्रेजीमा भन्यो, 'यो त साह्रै अनौठो कुरा हो;' त्यसपछि, शीलाइ भन्यो, 'मैले बुझ्न सकिन; त्यो तरुनी आइमाई र म—केरे—हामी परस्परको खायस राख्थ्यौं।'

आश्शाले साह्रै संगीतपूर्ण हिसाबले अलिकति हाँसिन् र कुरा अर्कैतिर लगिन्।

उन्नाइसौं परिच्छेद

'मलाइ कालो बोका देऊ!'

यसपछिको बातचीत यस्तो छ्यासमिसे किसमको थियो कि मलाइ बिलकुलै संझना छैन। केही कारणले, शायद आफ्नो परिचय र लक्षण गोप्य राख्ने इच्छाले, अगिपछि जस्तो खुलम-खुल्लासँग आश्शाले कुरा गरिनन्। तर एक छिनपछि, हाम्रो दिल बहलाउनाको निमित्त त्यस रात एउटा नाच हुने भएको

छ भनेर उनले लिओलाइ खबर दिइन् । अमाहगर जातिका यस्ता रसिला कुराहरूमा नलाग्ने छाँटका साह्रै घोसे बानी विचार गर्दा यो कुरा सुनेर मलाइ अचम्म लाग्यो; तर एक छिनपछि झन् स्पष्टै हुनेछ, अमाहगर जातिको नाच असभ्य वा सभ्य अरू मुलुकका यी रङ्गीरङ्का जात्रासित अलिकति पनि मिल्दो रहेनछ भन्ने देखियो । त्यसपछि, हामी जान लागेको बेलामा लिओलाइ यी गुफाहरूका केही अचम्म कुराहरू हेर्न मन लाग्छ कि भनेर उनले संझाइन्, अनि त्यही कुरामुताबिक जौब र बिलालीसहित हामी त्यतै गयौं ।

हामी त्यहाँ गएको कुरा बयान गर्नु मैले अगि नै बयान गरेको कुरा धेरैजसो दोहोऱ्याउनु मात्र हुनेछ । हुन त, हामी भिन्नै च्याहानहरूमा गएका थियौं, किनभने सारा पहरा नै च्याहानहरूले माहुरीको चाका जस्तै बनेको थियो, तर यिनीहरूका भित्र रहेका कुरा उस्तो फरक थिएनन् । त्यसपछि अगिल्लो राती मैले सपनामा देखेका हाडैहाडका सूचीस्तम्भ हेर्न हामी गयौं, अनि त्यहाँबाट लामो बाटोमा ओर्ल्हीं शाही कोरका झन् गरीब शहरियाहरूका लास रहेका ठूलठूला तहखानामध्ये एउटामा गयौं । यी लासहरूलाइ धनीवर्गका लासहरू जस्तो गरी राम्ररी नकुहुने पारिएका थिएनन् । धेरैजसोका त ढाक्ने कपडा पनि थिएनन्; फेरि, ५०० देखि १०००

१. यी असंख्य गुफाहरू कपेर बनाउँदा निस्केका ढुंगाका अजङ्का रास कहाँ फ्याँकिए होलान् भनी घेरैसम्म म अलमल्ल परेको थिएँ; तर पछिबाट मैले पत्ता लाएँ, त्यसका घेरैजसो ढुंगाले कोरका पर्खाल र महलहरू बनाइएका रहेछन् । फेरि मुहानका पोखरीहरू र ढलहरूमा ओछयाउन ती ढुंगा खर्च गरिएका रहेछन् । —ल० हो० हो० ।

सम्म एउटै ठूलो तहखानामा हालिएका थिए। कतैकतै त मारिएका मानिसका थुप्रै जस्तो गरी एउटा लासलाई अर्को-माथि खप्ट्याई टिनु पारी थुप्र्याइएका थिए।

जरूरै लिओले यो विशाल र जोडा नभएको दृश्यमा ज्यादै चाख मानेको थियो, जुन दृश्य, हकीकतमा, मानिसमा रहेको सारा अनुमानलाइ ज्यादै कार्यकारी सजीवतामा जागृत गर्न एकदम सक्ने थियो। तर बिचरो जौव-को निमित्त यो दृश्य आकर्षक ठहरिएन। अनुमान गर्न सकिने कुरा हो, यो भयंकर मुलुकमा आइपुगेदेखि हामीले भोगेको कुराले ज्यादै खलबलिइसकेको मनलाइ उसको आँखा-अगाडि जस्ताको तस्तै रहेका, खालि उनीहरूका आवाज संधै-को लागी त्यस च्याहानको अनन्त निस्तब्धतामा विलीन भएका लासका यी रासहरूको दृश्यले अझ बढ्ता खल-बल्यायो। 'यी मरेका मानिसदेखि डराउनु हुँदैन, किनभने तिमी पनि चाँडै नै तिनीहरू जस्तै हुन्छौ' भनी बूढो बिलालीले उसको प्रत्यक्ष विह्वलतालाइ सान्त्वना दिनाको लागि संझा-उँदा पनि जौवलाइ शान्ति मिलेन।

यो छोटकरी कुराको उल्था गरेर सुनाउँदा जौवेले कराएर भन्यो, 'मानिसको बारेमा त्यसो भन्नु राम्रो कुरा हो! तर के, नरमांसाहारी बूढो असभ्य मानिसको बारेमा बढ्ता के आशा गरिन्छ र? तर उसले भनेको ठीक होइन भन्ने मेरो कुरा होइन,' अनि जौवले लामो सास फेर्‍यो।

हामीले गुफाहरू हेर्ने काम सिध्याएपछि त्यहाँबाट फर्केर खानेकुरो खायौं, किनभने बेलुकाको चार बजिसकेकोले हामीहरू सबैलाइ खानेकुरो र आरामीको जरूरतै थियो—खास गरी लिओलाई। ६ बजे, जौवसहित हामी आश्शाको चाकरीमा

गयौं । उनले आह्री जस्तो भाँडाको पानीमा हाम्रो विचरो नोकर-लाइ तस्वीरहरू देखाएर झन् तर्साउन थालिन् । उ सब जना भाइबहिनीमध्येको एउटा हो भन्ने उनले मबाट थाहा पाइन्, त्यसपछि उसलाइ उसका सबै भाइबहिनीलाई, अथवा जति सक्छ उतिलाइ, उसको बाबुको झुपडीमा जम्मा भएको संझनू भनिन् । अनि उनले उसलाइ पानीमा हेर्नू भनिन्, त्यहाँ, नहल्लिएको सतहमा छायाँ परेर, धेरै वर्षअगाडिको बितिसकेको दृश्य देखियो, ठीक जस्तो हाम्रो बैठकेको मगजमा संझना भएर आएको थियो । कुनै चेहराहरू एकदम स्पष्ट थिए, तर कुनै धमिलिएका र धुस्म परेका मात्र थिए, अथवा एउटा अंग न-राम्रो गरी बढेको थियो; कुरा क्या हो भने, स्पष्ट नदेखिएको कुरामा, जौबले ती व्यक्तिहरूको ठीक अनुहार संझन सक्त-नथ्यो, अथवा उसको जातिको एउटै अनौठो कुराले मात्र उनीहरूलाइ संझेको थियो, अनि उसले आफ्नो मनको आँखाले देखेको कुराको छाया पार्न मात्र त्यो पानीले सक्यो ।

यो कुरा संझनुपर्छ, वास्तवमा, यी कुराहरूमा शीको शक्ति-मा कडासङ हद बाँधिएको थियो; किनभने, सार्है कम कुरा-हरूमा बाहेक, उनले आफ्नो सामुन्ने रहेको कुनै मानिसको मनमा भएको कुराको उसको इच्छाद्वारा मात्र पानीमा केवल चित्र खिच्न सक्थिन् । तर कुनै ठाउँ उनी आफैले चिन्हेको खण्डमा, जस्तो हाम्रो र डुंगाको बारेको कुरामा भयो, उनले त्यो ठाउँको छायाँ पानीमा पार्न सक्थिन्, फेरि, यो पनि बुझिन्छ, त्यस बेलामा त्यहाँ भइरहेको बाहिरको कुनै कुराको छाया पनि त्यो साथसाथै आउँथ्यो । तर यो शक्ति अरू मानिसका मन-सम्म पुग्दैनथ्यो । उदाहरणको निमित्त, उनले मैले संझेको जस्तो मेरो कलेजको गिर्जाघरको भित्री खण्ड देखाउन

सक्थिन्, तर त्यो फोटो देखेको वेलाको जस्तो होइन; किनभने, अरू मानिसको संबन्धमा, उनको विद्या त्यस वेलामा ती मानिसहरूको मनमा उपस्थित भएका कुराहरू वा संज्ञनाको अधीनमा हुन्थ्यो। यो कुरा यति अचुक थियो कि हामीले उनको मजाको निमित्त सेन पल, महासभाका घर जस्ता प्रख्यात महलहरूका तस्वीर उनलाइ देखाउन कोशिश गर्दा, परिणाम ज्यादै अधूरो भयो; किनभने, जरूरै, तिनीहरूको रूपको हामीलाइ सर्वसाधारण खयाल भए तापनि, हामी वस्तुनिर्माणकलासंवन्धी विवरण संज्ञन असमर्थ थियौं, त्यसै कारणले पूर्ण प्रतिविम्वलाइ चाहिने सानो तिनो कुराको कमी थियो।

तर जौवलाइ यो कुरा संझाउन सकिएन, सबै कुरा विचार गर्दा अनौठो भए तापनि, तारीफलायकको र पूर्ण रूपको मानसिक संक्रमणको कामवाहेक केही नभएको विषयको प्राकृतिक व्याख्यानलाइ मन्जूर गर्नु कता कता, उसले त यो घटनालाइ जटिल जादूको प्रदर्शन ठान्यो। निश्चल पानीवाट उसका धेरै अगाडि यताउता छरिएका दाइभाइहरूका थोर वहुत पूर्ण रूपका तस्वीरले आफूलाइ ट्वालट्वालति हेरिरहेको देख्ता उसले डराएर कोहोलो हालेको, अथवा उसको व्याकुलता देख्ता निस्केको आश्शाको हाँसोको आनन्दपूर्ण तीखो आवाज म कहिले विर्सनेछैन। लिओलाइ पनि त्यो तमाशा उस्तो निको लागेन, आफ्नो पहेंला केशको मुन्द्राको बीचमा औंला घुसार्दै 'यो कुराले मेरो जीउ सिरिङ्ग भयो' भन्यो।

अन्दाजी एक घण्टासम्म यही किसिमको तमाशा भयो। तर जौव त्यो तमाशाको पछिल्लो हिस्सामा हेर्न वसेन। त्यसपछि बिलाली आएको छ भनी लाटीहरूले इशारा गरे। उसलाइ

घस्रेर आउनू भन्ने आज्ञा भएको हुनाले साबिकबमोजिम एक तमाससंग घस्रेर आयो, र नाच तयार भयो, शी र गोरा परदेशीहरू हेर्न पाल्नुहुन्छ कि भनी विन्ति गर्‍यो। एक छिनपछि हामी सबै उठ्यौं, आश्शाले आफ्नो सेतो कपड़ामाथि कालो अलखा हुलेपछि (त्यो कालो अलखा आगोनेर वसी सरापेको देखेको वेलामा उनले लाएकी थिइन्), हामी रवाना भयौं। त्यो नाच ठूलो गुफाको अगिल्तिर सम्म परेको चट्टानी मैदानमा खुला ठाउँमा हुने हुनाले त्यतै हामी गयौं।

गुफाको मुखबाट करीब १५ कदममा हामीले तीनवटा मेच राखेको देख्यौं, र त्यहाँ बसेर पर्‍यौं, किनभने अझसम्म कुनै नाच्ने मान्छे देखिएका थिएनन्। रात झण्डैले अँध्यारो थियो, तर बिलकुलै अँध्यारो भने होइन, किनभने चन्द्रमा अझ उदाएका थिएनन्। त्यो नाच कसरी हेर्नैं होला भनी हामीलाइ अचम्म लाग्यो।

लिओले सोध्दा अलिकति हाँसेर आश्शाले भनिन्, 'तिमी एक छिनमा बुझ्नेछौ।'

उनको मुखबाट त्यो कुरा निस्केको मात्र थियो जतातत्तैबाट काला मूर्तिहरू, पहिले देख्ताखेरि हामीले ज्वाला निस्केको अजङ्को चिराग भनी ठानेको कुरा हरेकले लिएर दगुर्दै आएको हामीले देख्यौं। ती कुराहरू जेसुकै हुन्, बेपरवाहसंग सल्किरहेका थिए किनभने ती ज्वाला बोक्ने मानिसहरूभन्दा एक दुइ गज परसम्म पुगेका थिए। ह्वारह्वार बलेका भारी बोकेर नरकबाट निस्केका पिचासहरू जस्तै देखिने ती पचास साठी मानिसहरू अगि बढ्दै आए। यी भारीहरू के हुन् भन्ने लिओले पहिले पत्ता लायो।

उसले भन्यो, 'हे परमेश्वर ! तिनीहरु त आगो सल्काएका

मुर्दाहरू पो रहेछन् !' मैले निहारेर हेरें, फेरि निहारेर हेरें। उसले भनेको बिलकुल ठीक थियो—हामीलाई देखाउने तमाशामा उज्यालो दिने चिरागहरू गुफाबाट झिकेका मानिसका नकुहुने पारेका लासहरू थिए !

दनदनति बलेका लासहरू बोकेका मानिस दौडेर आए, अनि, हाम्रो सामुन्ने बीस कदम जति टाढा एउटा ठाउँमा जम्मा भएर, आफ्ना भयंकर भारीलाइ तेर्स्याएर अजङ्को धूनी बनाए। ईश्वर ! तिनीहरू कत्रो अवाज निकालेर दन्के ! ती नकुहुने पारेका लास जस्तो कुनै अलकत्राका पीपा सल्कन सकतैनथ्यो। यति मात्रै होइन। एक्कासि एउटा ठूलो मानिसले बलेको शरीरबाट खसेको मानिसको बल्दो हात टिपेर अन्धकारमा हुरिएर गएको मैले देखें। एक छिनमा उ थामियो, अनि आगोको लामो लपका आकाशतिर हानिएर गयो, र अँध्यारोको साथसाथै यो जसबाट निस्केको थियो त्यो लस्फालाइ पनि उज्यालो पाऱ्यो। त्यो लस्फा चट्टानमा गाडेको बलियो खामोमा बाँधेको एउटी आइमाईको नकुहुने पारेको लास थियो, त्यो मानिसले उसको कपालमा आगो लाएको रहेछ। त्यो केही कदम अगाडि बढ्यो र अर्कोलाइ सल्कायो, अनि त्यसपछि तेस्रो अनि चौथालाइ सल्काउँदै गयो, र आखिरमा तीनैतिर प्रचण्ड रूपले दन्केर बलेका मुर्दाहरूको ठूलो घेराले हामी घेरिएका थियौं। तिनीहरूलाइ नकुहुने पारेको मसलाले तिनीहरूलाइ यतिका बल्ने पारेको थियो कि साँच्चि नै ज्वालाहरू एक दुइ फुट लामो आगोको लपका बनी मुख र कानबाट निस्की रहेका थिए।

रोमन सम्राट् नीरोले अलकत्रामा चोपलेका जिउँदा क्रिस्तानहरूलाई सल्काई आफ्ना बगैंचा उज्यालो पारेका थिए, हामी-

हरूलाई अहिले त्यही किसिमको दृश्य देखाइएको थियो, शायद उनको समयदेखि यस्तो भएको यही पहिलो पटक होला, केवल हाम्रा लम्फाहरू भाग्यवश जिउँदा थिएनन् ।

तर भाग्यले, भयंकर कुराको यो अंग नभए तापनि, हामीलाइ देखाइएको दृश्यको भयलाग्दो र विरक्तलाग्दो महत्त्वलाइ वयान गर्न, म ठान्दछु, मेरो क्षुद्र शक्तिको यतिसम्म वाहिर छ कि म यो वयान गर्ने प्रयत्न गर्न साहसै गर्दिनँ । पहिलो कुरा, यसले आचारसम्वन्धी तथा शारीरिक ग्रहणक्षमतालाइ असर गर्थ्यो । जीवित मानिसहरूका मोजमज्जालाई उहिले उहिलेका मरेका मानिसद्वारा उज्यालो दिने यो काममा साह्रै भयंकर, र तैपनि ज्यादै मोह गर्ने केही कुरा थियो; यही कुरैमा जीवित र मृत दुवैउपरको गिल्ला थियो । सीजरको धूलोले–अथवा आएलेग्जाण्डर को हो ?—पीपाको प्वाल टाल्न सक्छ, तर भूतकालका यी मृत सीजरहरूको काम असभ्यले वेवुद्धिमानीसँग आदर गरेको नाचलाइ उज्यालो दिनु थियो । हामी यस्ता नीच काममा लाग्ने हुन आउनेछौं, हामीले पैदा गर्ने उत्सुक जनताको मनमा हामी यति कम कदरका हुन सक्छौं, ती जनताका धेरैजसोले हाम्रो संज्ञनालाइ आदर गर्नु कता, यस्तो दुःखमय संसारमा उनीहरूलाइ जन्माएकोमा हामीलाइ सराप्न वाँच्नेछन् ।

त्यसपछि त्यो दृश्यको भौतिक पक्ष थियो, त्यो पक्ष उन्मत्त र भडकिलो चाहिं थियो । उनीहरूले खोदेको कुरा र शिलालेखवाट विचार गर्दा, जसरी कोरका प्राचीन शहरियाहरू मोजमज्जा गरी साह्रै चाँडचाँडै मरेका थिए, त्यत्तिकै छिटो र उदारतासँग तिनीहरू जले । त्यसवाहेक ती लासहरू प्रशस्तै थिए । एउटा लासलाइ गोलीगाँठासम्म खाग हुन वीस मिनेट लाग्थ्यो, एउटा खाग हुनेसाथ वाँकी खुट्टालाइ लातले हुर्याई त्यो

लासको ठाउँमा अर्को राखिन्थ्यो। त्यो धूनी पनि त्यही किसमले छेलोखेलो गरी मुर्दा थपी थपी बालिन्थ्यो, त्यसका लपका खाइँ स्वाइँ गर्दै पड्कँदै अँध्यारोलाइ धेरै टाढासम्म छेडी उज्यालोको ठूलो चहक फिजाउँदै पच्चीस तीस फीटसम्म माथि जान्थे। त्यही उज्यालोमा नारकी आगोलाई मुर्दा थप्तै पिशाच जस्ता यताउता दगुरेका अमाहगरका काला मूर्तिहरू देखिन्थे। हामी सबै जना चकित परी ट्वालट्वालती हेरिरहेका थियौं। यस्तो अनौठो दृश्य देख्ता हामीलाइ घृणासहितको डर लागे तापनि मोहित भएका थियौं, ती दनदन बलेका शरीरले एक पटक ढाकेका प्रेतात्मा आफूहरूलाइ अपवित्र पार्नेहरूलाइ बदला दिन अँध्यारो ठाउँबाट चाल मारेर आएको देख्छौं भन्ने झण्डै झण्डै लागेको थियो।

आश्शाले हाँसेर भनिन्, तिनको मनलाइ मात्र यसले असर गरेको देखिदैनथ्यो, 'मैले तिमीलाइ एउटा अनौठो दृश्य देखाउँछु भनी कबूल गरेको थिएँ, मेरी होलि, मैले तिमीलाइ हिस्स्याइनँ। फेरि, यसमा शिक्षा पनि छ, भविष्यलाइ नपत्याऊ, किनभने कसलाइ थाहा छ भविष्यमा के हुन्छ! त्यस कारण, आजैको दिन मात्र बाँच, मानिसको आखिरमा हुने धूलोबाट बच्न प्रयत्न न गर। ती धेरै अगाडि बिर्सेर गएका भारदारहरू र घरानिया आइमाईहरूले कुनै युगमा आफ्नो शरीर असभ्यहरूको नाचमा उज्यालो दिन सल्काइन्छ भन्ने थाहा पाएका भए तिनीहरूले के ठान्दा हुन् भन्ने तिमी विचार गर्छौ? तर हेर, गुनगुनको अवाज आयो; खूब खुशियाली मनाउने मानिसहरू हुन्—होइनन् त? नाच घरमा उज्यालो पारियो—अब नाच।'

उनले बोल्नेसाथ हामीले मानवी धूनीको वरपर लोग्ने-

मानिस र स्वास्नीमानिसका दुइ लहर आएका देख्यौं। तिनी-हरू १०० जना जति थिए, हरेकले खालि मामूली चितुवा र मृगको छाला मात्र लाएका थिए। चुपचाप लागेर उनीहरू आगो र हामीहरूको बीचमा परस्परलाइ मुखामुख गरी लाम बाँधेर खडा भए, त्यसपछि एक किसिमको नारकी र पैशाचिक माथि माथिसम्म खुट्टा उफार्नै नाच शुरू भयो। यो बयान गर्न बिलकुलै असम्भव छ, तर खुट्टा उफार्नै र खुट्टा घिसारेर चाल्ने निकै थियो तापनि, यो हाम्रो नसधिएको मनलाई नाच-भन्दा खेल जस्तो लाग्यो। आफू बस्ने गुफाबाट यिनीहरूको चरित्रले रङ लिने हुनाले, र यिनीहरूको ठट्टा र खेलबहाड यिनीहरूले आफ्ना घर बाँडी बसेका नकुहुने पारी राखिएको मनुष्यताका कहिले नसिद्धिने खजानाबाट झिकिएका हुनाले, यी डरलाग्दा जातिमा मामूली रूपले हुने जस्तो त्यो विषय साह्रै डरलाग्दो थियो।

पहिले त्यस नाचले खून गर्न खोजेको जस्तो देखियो, त्यसपछि कब्जामा परेको त्यस मानिसलाइ जिउँदै गाड्ने काम र त्यस च्याहानबाट उसले बल गरी निस्कने काम देखायो; पूरा निस्तब्धतामा खेलिएको घृणित नाटकको हरेक अंक धूनीको रातो उज्यालोमा भूइँमा छटपटाएको हत्या गरिएको भनिठानिएको मानिसको वरिपरि प्रचण्ड रूपको र साह्रै थाकलाग्दो नाचले खतम हुन्थ्यो।

तर, एक्कासि, यो मज्जाको खेल भंग भयो। केही खलबल उठ्यो, मैले सबभन्दा जोडसँग नाच्नेमध्येकी भनी ठहऱ्याएकी एउटी ठूली बलियी आइमाई, अपवित्र उत्तेजनाले उन्मत्त भएर बौलाएर हामीतिर उफ्रँदै डुनमुनाउँदै आउँदा आउँदै उसले चिच्याई:—

'मलाइ एउटा कालो बोके चाहिन्छ, मलाइ एउटा कालो बोका नभई भएन, मलाइ एउटा कालो बोके ल्याइदेऊ!' यति भन्दै दुङ्गाको भूईंमा पछारिई, फींज काढदै छटपटाउँदै, र कालो बोकाको निमित्त चिच्याएर अनुमान गर्न सकिनेसम्मको घृणित दृश्य देखाई।

एक छिनमै धेरैजसो नाच्नेहरू त्यो आइमाईको वरिपरि जम्मा भए, तर कुनै कुनै अङ्ग पछिल्तिर उफ्रँदै थिए।

एक जनाले भन्यो, 'यिनलाइ भूत लाग्यो। दगुर्दै गएर कालो बोको ल्याऊ। ल भूत, अब चुप लाग्! चुप लाग्! तँ एक छिनमा कालो बोको पाउलास्। मानिसहरू त्यो लिन गए, भूत।'

लडी-बडी खेलेकी आइमाईले फींज काढ्दै फेरि चिच्याई, 'मलाई कालो बोका चाहिन्छ, मलाइ कालो बोका नभइहुन्न!'

'हुन्छ, भूत, बोको एक छिनमै यहाँ आइपुग्छ! चुप लाग्, यो भूत असल छ!'

आखिरमा नजीकको गोठबाट सीङमा समाती घिसार्दै ल्याएको बोका म्याम्या गर्दै त्यहाँ नआइपुगुन्ज्यालसम्म यस्तै चलिरह्यो।

भूत लागेकी आइमाईले चिच्च्याई, 'यो कालो बोका हो? यो कालो बोका हो?'

'हो, हो, भूत, रातै जत्तिको कालो!' त्यसपछि उसले नसुन्ने गरी, 'तिम्रो पछाडि राख, यसको पुट्ठा र पेटको सेतो टीका भूतले देखून नपाओस्। एक छिन, भूत। ल, यसको घोक्रो काट, छिटो। थाल खोइ?'

'बोका! बोका! बोका! मेरो कालो बोकाको रगत देऊ! मलाइ यो नभई हुँदैन, मलाइ नभई हुन्न भन्ने देख्तैनौ? ओहो! ओहो! ओहो! मलाइ त्यो बोकाको रगत देऊ।'

एक छिनमा तर्सेको म्याको अबाजले त्यो बिचरा जन्तु मारियो भन्ने जतायो, अनि उत्तिनैखेरि रगत भरिएको थाल लिएर एउटी आइमाई आई। भूत लागेको स्वास्नीमान्छे त्यस बेला प्रचण्डसँग फींज काढ्ने र फलाक्ने गरिरहेकी थिई, त्यो ल्याउनेसाथ समातेर पिई। अनि हिस्टिरिया, वा मूर्छा, वा भूत लागेको, अथवा जे डरलाग्दो कुरा त्यो आइमाईलाइ भएको होस् तुरुन्त निको भयो। त्यसले आङ तानी, अलिकति मुसुक्क हाँसी, र नाच्ने मानिसकहाँ गई. त्यसपछि जसरी उनीहरू आएका थिए त्यसै गरी डबल पंक्तिमा धूनी र हाम्रो बीचको जग्गालाइ खाली पारेर गए।

मैले तमाशा खतम भयो भन्ने ठानें, र बाक्क मानेर हामी उठौं कि भनी शीलाइ सोध्न लागेको मात्र थिएँ, एक्कासि पहिले देख्ता मैले बाँदर ठानेको जीव आगोलाइ घुमी उफ्रँदै आयो, अर्कोपट्टिबाट चाहिं एउटा सिंह, अथवा सिंहको छाला लाएको मान्छे आयो। त्यसपछि एउटा बोको देखियो, अनि हाँसोउठ्दो गरी सीङ यताउता हल्लाउँदै साँढेको छालामा बेह्रिएको मान्छे आयो। त्यसपछि ब्लेसबक जन्तु, अनि इम्पाला जन्तु, अनि क्रूद्ध मृग, अनि अरू बोकाहरू, र अरू धेरै जन्तुहरू आए, अजिंगरको टल्कने कत्ले छालामा बेह्रिएकी लडकी-समेत आफ्नो पछाडि जमीनमा त्यो छालाको कैयन् गज लतार्दै आई। जब सबै जानवरका छालामा ढाकिएका मानिसहरू जम्मा भएथे तिनीहरू भद्दा अस्वाभाविक किसमले नाच्न थाले, र आफू आफूले दर्साएका जन्तुहरूको आवाज नकल गर्न थाले, आखिरमा गर्जन, म्याम्या, र सर्पका स्वाँस्वाँले ठूलो हल्ला मच्चियो।

धेरै बेरसम्म यही किसम भइरह्यो, अनि त्यो नकलले

पट्याइ लागेर मैले आइशासँग मानुषिक चिराग हेर्न लिओ र म जाऊँ कि भनेर सोधें, अनि तिनले नरीकेकीले वायाँपट्टिवाट हिंड्न थाल्यौं। दन्केका एक दुइ लास हेरेपछि त्यो हृदयको अनौठो अभौतिकता देखेर ज्यादै विरक्त भई फर्कन लागेका मात्र थियौं, हाम्रो ध्यान. नाच्ने मानिसहरूमध्ये एउटा खास गरी फुर्तिलो चितुवापट्टि खिंचियो। त्यो चितुवा आफ्ना साथी पशुहरूसित छुट्टिएर हाम्रो नजीकै, तर अलि अलि गरेर दुइटा बल्न लागेका लासहरूको ठीक वीचमा सबभन्दा अँध्यारो छायाँ भएको ठाउँतिर उफ्रँदै गइरहेको थियो। हामी खुलदुली लागेकोले त्यसको पछिपछि गयौं, अनि एक्कासि हाम्रो छेउवाट हानिएर त्यो चितुवा अँध्यारोमा गयो, जाँदाखेरि त्यो उभियो र आऊ भनी साउती गर्‍यो। स्वरले त्यो अस्टेन हो भन्ने हामी दुवैले चिन्यौं। मसित सल्लाह गर्न नथामिएर लिओ फरक्क फर्केर उसको पछि घेरावाहिरको अन्धकारमा गयो, म पनि डरले थर्कमान भएर उनीहरूको पछि दौडेर गएँ। त्यो चितुवा अन्दाजी पचास कदमसम्म चाल मारेर गयो। त्यहाँ आगो र चिरागहरूको उज्यालो विलकुलै पुग्दैनथ्यो। त्यसपछि लिओ त्यो चितुवा याने अस्टेनकहाँ पुग्यो।

उसले साउती गरेको मैले सुनें, 'ओहो, मेरो खसम, आखिरमा मैले तपाईंलाइ भेट्टाएँ! सुन्नुहोस्। "आज्ञा-मान्नैपर्नेशी" वाट मेरो ज्यान जाला भन्ने त्रासमा छु। निश्चय नै उनले मलाई तपाईंकहाँबाट निकालेका कुरा ववूनले तपाईंलाई भनेका होलान्? म तपाईंलाइ प्रेम गर्छु, मेरो खसम, यो मुलुकको स्थितिवमोजिम तपाईं मेरो हुनुभएको छ। मैले तपाईंको ज्यान वचाएँ; उसैले तपाईं मलाइ छोडन सक्नुहुन्न, मेरो प्यारा, मेरो प्यारा!'

लिओले कराएर भन्यो, 'जरूरै छोड्दिनँ; म तिमीलाइ खोजिरहेको थिएँ, अस्टेन । महारानीकहाँ गएर सबै कुरा भनौं ।'

'नाइँ, नाइँ, उनले हामीलाइ मार्छिन्। तपाईंलाइ उनको शक्ति थाहा छैन--उ बबून, उनलाई थाहा छ, किनभने उनले देखे। सुन्नुहोस् ! एउटा बाटो मात्र छ; तपाईंले मलाई छाडनुहुन्न भने, यही घडी तपाईंले मसँग भासको बीचबाट भाग्नुपर्छ, अनि'त्यसपछि हामी उम्कौंला ।'

'परमेश्वरको दुहाइ, लिओ,'—मैले भन्न आँटेको थिएँ, तर उसले कुरा काटी--

'होइन, मेरो कुरा सुन्नुहोस्। छिटो--छिटो गर्नुहोस्— हामीले सास फेरेको हावामै काल छ। अहिले नै, शायद, शीले हामीहरूको कुरा सुनिसकिन् होला', अरू कुराकानी गर्न छोडेर उसले लिओलाइ अंकमाल गरेर आफ्नो वहसलाइ जोड दिन लागी। उसले यसो गर्दा चितुवाको छाला उसको कपालबाट सर्‍यो, र मैले ताराको उज्यालोमा मधुरोसँग झल्केको त्यस-माथिका तीनवटा औंलाका सेता डाम देखें।

त्यो अवस्थाको निराश प्रकृतिले थरहरी भएर, फेरि एक पटक तिनीहरूलाइ संझाउन लागेको मात्र थिएँ, किनभने मलाइ थाहा थियो आइमाईको संबन्ध भएको कुरामा लिओको मन बलियो छैन, त्यही वेला मैले आफ्ना पछाडि रुपौलो मन्द हाँसो सुनें। म फरक्क फर्कें, अनि–ओहो, कस्तो डरको कुरा !– त्यहाँ आफ्नो बिलाली र दुइ लाटासहित साक्षात् शी खडा थिइन्। म निसासिएर झण्डै ढलेको थिएँ, किनभने यस्तो अवस्थाको परिणाम कुनै डरलाग्दो दुःखान्त घटना नभई छाड्न भन्ने मलाइ निश्चय थियो, त्यसको पहिलो मार ममा नै पर्छदै

भन्ने ज्यादै संभव देखियो । अस्टेनको हकमा, आफ्नो प्रियतमलाइ छोडी, हातले आँखा छोपी, लिओ चाहिं, त्यो अवस्थाको पूर्ण भयंकरता थाहा नपाएर, यस्तो पासोमा परेको मान्छेले स्वभावतः गर्ने जस्तो, खालि रातो मुख लायो र लज्जित भएको देखियो ।

बीसौं परिच्छेद

विजय

त्यसपछि मैले आजसम्म नभोगेको साह्रै दुःखदायी निस्तब्धताको क्षण बित्यो । लिओसँग बोलेर आइशाले यसलाई भंग गरिन् ।

आफ्नो कोमलतम स्वरमा उनले भनिन्, तर त्यसमा इस्पातको रन्का भने छँदै थियो, 'भइगयो, अहिले, मेरो खसम तथा पाहुना, यति लज्जित नहोऊ । निश्चय नै त्यो दृश्य राम्रो थियो—चितुवा र सिंह !'

लिओले अंग्रेजीमा भन्यो, 'ओहो, फसाद !'

उनले भन्दै गइन्, 'तँ, अस्टेन, साँच्चि भनूँ भने तेरो कपालका ती धर्सामा उज्यालो नपरेको भए म तँलाइ नचिह्नेर जान्थें,' अनि तिनले भर्खर क्षितिजमाथि उदाउन लागेका चन्द्रमाको उज्यालो चहकिलो घेरालाइ देखाइन् । 'भइगयो ! भइगयो ! नाच सिद्धियो—हेर, चिराखहरू बलेर सिद्धिए, सबै कुराहरूको निस्तब्धता र खरानीमा अन्त हुन्छ । उसैले तैंले यसलाइ प्रेमको सुऔसर ठानिस, अस्टेन, मेरी नोकर्नी—मैले, मेरो

आज्ञा लंघन हुन सक्छ भन्ने सपनैमा पनि नदेखी, तँ धेरै ठाढा गइसकिस् भन्ने ठानेकी थिएँ।'

अभागिनीले रुँदै भनी, 'मलाइ नखेलाउनुहोस्; मलाइ मार्नुभएर, यस कुरालाइ खतम पार्नुहोस्।'

'अँहँ, किन? प्रेमका ताता ओठबाट त्यति चाँडै च्याहानको ठण्डा मुखमा जानु वेस छैन,' अनि आश्शाले लाटाहरूलाइ इशारा गरिन्, तुरुन्तै अगि वढी त्यस ठिटीका दुवै पाखुरामा तिनीहरूले समाते। रिसको बोली निकालेर लिओले आफ्नो नजीकको लाटालाई झम्टी जमीनमा पछार्‍यो, त्यसपछि आफ्नो मूठी कसेर दाह्रा किटी उसलाई टाङमनि पारी खडा भयो।

फेरि आश्शा हाँसिन्। 'खूब राम्ररी पछार्‍यौ, मेरो पाहुना: बिरामीबाट भर्खर उठेको मानिस हेरी तिम्रो वलियो पाखुरा रहेछ। तर अब तिम्रो सोहोमतको खयालबाट म तिमीलाइ प्रार्थना गर्छु, त्यस मानिसलाइ बाँच्न देऊ र मैले भनेको मान। उसले त्यस ठिटीलाइ केही हानि गर्दैन; रातको हावा चिसो भयो, उसैले म त्यसलाइ आफ्नै कोठामा स्वागत गर्छु। निश्चय नै तिमीले निगाह गरेकोलाइ म पनि निगाह गर्नेछु।'

मैले पाखुरामा समातेर लिओलाइ लम्पसार परेको लाटाबाट घिसारें, आधा अलमल्ल परेर उसले मान्यो र त्यस मानिसलाइ छोड्यो। त्यसपछि हामी त्यो सम्म जग्गालाइ पार गरी गुफापट्टि लाग्यौं। त्यस ठाउँबाट नाच्नेहरू वेपत्ता भइसकेका थिए। त्यहाँ उनीहरूको नाचमा उज्यालो दिएको आगोको बाँकी रहेको सर्वपूँजी मानिसको सेतो खरानीको थुप्रो थियो।

यथासमयमा हामी आश्शाको गुप्त खोपीमा पुग्यौं—अब हुने कुराको शोकको पूर्वज्ञान मेरो मनमा बोझिलोसँग रहे-

कोले मलाइ ज्यादै चाँडो पुगे जस्तो लाग्यो। आश्शा आफ्नो कौचमा बसिन्, र, जौब र बिलालीलाइ बिदा दिएपछि, ती लाटाहरूलाइ बत्ती उकासेर जानू भन्ने इशारा दिइन्। उनकी मन परेकी हजुरिया ठिटी सुसारेलाइ चाहिं राखिन्। हामी तीनै जना खडै रह्यौं, अभागी अस्टेन चाहिं हामीहरूको केही बायाँतिर थिई।

आश्शाले भन्न थालिन्, 'अब, ए होलि, यो कसरी भयो, यस बिग्याहीलाइ,'—अनि तिनले अस्टेनलाइ देखाइन्—'यहाँबाट जानू भनी मैले आज्ञा दिंदा मेरो वचन सुन्ने मानिस तिमी--जसको प्रार्थनाले मैले कमजोरीले त्यसको ज्यान बचाएँ--कसरी यो हुन आयो, म भन्छु, मैले आज राती देखेको कुरामा तिमी मतियार बन्यौ ? जबाब देऊ, तिम्रै लागि, म भन्छु, सबै साँचो कुरा बोल, किनभने यस विषयमा झूटो कुरा सुन्न मेरो मन छैन।'

मैले जबाब दिएँ, 'संयोग परेको मात्र हो, महारानी! मलाइ यो कुरा केही थाहा छैन।'

उनले बेवास्तासँग जबाब दिइन्, 'म तिमीलाइ पत्याउँछु, होलि, मैले पत्याएको हुनाले तिम्रो कल्याण छ। उसो भने सबै बिराम यही ठिटीको रहेछ।'

लिओले बीचैमा भन्यो, 'यसमा केही बिराम देख्तिनँ। अरू कसैकी स्वास्नी उ होइन, यस भयंकर ठाउँको रीतभाँतबमोजिम उसले मसँग विवाह गरेकी देखिन्छ, उसैले यसमा कसलाई हानि छ? जे होस्, श्रीमती, उसले जे गरेको हो मैले गरेको हुँ, उसैले उसले सजा खाने हो भने मलाई पनि सजा होस्; म हजूरलाइ भन्दछु,' रिसले चूर हुँदै उसले भन्दै गयो, 'उसलाइ फेरि छुनू भनेर ती बहिरा र लाटा कमाराहरू-

मध्ये जसलाइ हजूर अह्राउनुहुन्छ म त्यसलाई धुजा धुजा पार्छु !'

आश्शाले वेवास्तासँग चुप लागेर सुनिरहिन्, केही बोलिनन् । ;तर उसको कुरा सिद्धिएपछि उनले अस्टेनलाइ भनिन् ।

'तेरो के भन्नु छ, स्वास्नीमान्छे ? तँ मूर्ख झारको त्यान्द्रो, तँ प्वाँख, जो मेरो इच्छाको ठूलो हावाको विरुद्ध पनि, तेरो कामवासनाको चुत्थो उद्देश्यतिर बग्ने इच्छा गर्छेस् ! मलाइ भन्, तैंले यो काम किन गरिस् त्यो बुझ्ने मेरो इच्छा छ ?'

त्यसपछि मैले ठानें, अनुमान गर्न संभव भएको मानसिक साहस र शूरताको सबभन्दा गजबको दृष्टान्त देखें । किनभने यो विचरी मर्नै भएकी लडकीले, आफ्नी भयंकर महारानीका हातबाट के आशा गर्नुपर्छ भन्ने जानीजानीकन पनि, फेरि दुःखदायी अनुभवबाट, उनकी विपक्षीको शक्ति कति ठूलो छ भन्ने जानीजानीकन पनि, कत्ति नडगेर खडा रही, र आफ्नो निराशका गहिराइबाट नै उनलाइ हाँक दिने शक्ति झिकी ।

आफ्नो टाउकोबाट चितुवाको छाला फ्याँकेर, आफ्नो रवाफिलो उच्चाइको पूर्णतामा आफूलाइ तन्काएर उसले जवाब दिई, 'मैले यो काम गरें, ए शी, किनभने मेरो प्रेम च्याहानभन्दा गहिरो छ । मैले यो काम गरें किनभने मेरो जीवन मेरो दिलले रोजेको यो मानिसबाहेक सजीव मृत्यु मात्र हुन्छ । त्यस कारण मैले आफ्नो ज्यानको सौदा गरें, अहिले, हजरको रिसमा प्राण जान्छ भन्ने थाहा पाएपछि पनि म खुशी नै छु—मैले यसको सौदा गरें र सौदा गरेकोमा ज्यान फ्याँकेर तिर्नुपर्‍यो, हो, किनभने उनले एक पटक अंकमाल गरेर मलाइ अझै प्रेम गर्छन् भन्ने कुरा सुनाए ।'

यहाँनेर आश्शा कौचबाट अलिकति उठिन्, अनि त्यसपछि फेरि थ्याच्च बसिन् ।

आफ्नो मधुर स्वर शक्तिपूर्वक तथा पूर्ण रूपले गुँजाएर अस्टेनले भन्दै गई, 'मैले जादू जानेकी छैन, म महारानी होइन, न म सदाकाल बांचिरहन्छु; तर आइमाईको दिल जति गहिरो पानीमा पनि डुब्न सक्ने गरुँगो हुन्छ, हे महारानी! स्वास्नीमानिसको आँखा हजूरको घुम्टोमित्र पनि छिर्न सक्ने तीखो हुन्छ, हे महारानी !

'सुन्नुहोस् ः मलाइ थाहा छ, हजूर आफै यो मानिसलाइ प्रेम गर्नुहुन्छ, त्यस कारणले, हजूरको बाटोको कसिंगर भएकी मलाइ नाश गर्न इच्छा गर्नुहुन्छ । हो, म मर्छु—म मर्छु, अंधकारभित्र जान्छु, कता जान्छु मलाइ थाहा छैन । तर मलाइ यो कुरा थाहा छ । मेरो छातीमा एउटा ज्योति बलिरहेछ, बत्तीको सहाराले झैं त्यो ज्योतिको सहाराले, म सत्यलाइ देख्छु, मैले बेहोर्नुनपर्ने भविष्यत् कागतको मुट्ठा जस्तो मेरो अगाडि फुक्तछ । पहिले मैले मेरो खसमलाइ चिन्हेको बेलामा', अनि उसले लिओलाइ देखाई, 'उहाँले मलाइ दिने दुलहीको उपहार काल हुनेछ भन्ने पनि मैले थाहा पाएकी थिएँ—एकासि मेरो मनमा यो सुइँकेर आयो, तर म पछिल्तिर फर्किनँ, किनभने मोल तिर्नालाइ म तयार थिएँ, हेर्नुहोस, मृत्यु यहाँ मौजूद छ! अहिले, जसरी मैले यो कुरा जान, उसरी, नाशको सीढीमा उभिंदा उभिंदै, मलाइ थाहा छ हजूरले आफ्नो अपराधबाट लाभ उठाउन सक्नुहुन्न । उहाँ मेरै हुनुहुन्छ, यद्यपि हजुरको सौन्दर्य ताराहरूमध्ये सूर्य जस्तो देदीप्यमान छ, हजूरको लेखि उहाँ मेरै रहनुहुनेछ । यस जिन्दगीमा उहाँले कहिले पनि हजरको आँखामा हेर्नुहुनेछैन, हजरलाइ

खाली भन्नुहुनेछैन। हजूरलाइ पनि सजा हुन्छ, म देख्छु र—'
उसको स्वर अवभास भएकी माईको कराइ जस्तो चर्को भयो:
'ओहो, म देख्छु—'

त्यसपछि जवावमा रिस र डरको कराइ त्यहाँ गुँज्यो। मैले आफ्नो टाउको फर्काएँ। आश्शा उठेर आफ्नो पसारेको हातले अस्टेनलाइ देखाइरहेकी थिइन्, अस्टेन चाहिं एक्कासि चुपचाप भई। मैले त्यो विचरी आइमाईलाइ हेरें, हेर्दाहेर्दै उसको चेहरामा, पहिले उसले उन्मत्त हिसावले बकेको वेलामा मैले देखेकै डरको अचल दिकदारी भावप्रकाश छाएको देखें। उसका आँखा ठूला भए, उसको नाक फुस्यो, ओठ सेता भए।

आश्शाले केही पनि भनिनन्, उनले केही आवाज गरिनन्, उनले केवल तन्केर ठाडो हुँदै आफ्नो हात पसारिन्। उनको कपडाले ढाकेको अग्लो शरीर ववूरको पात जस्तै कँपाउँदै आफ्नो शत्रुलाइ कारकारति हेरेको जस्तो देखियो। उनले अस्टेनलाई हेर्दाहेर्दै अस्टेनले दुवै हात टाउकोमा लगी, एक पटक तीखोसँग चिरर कराई, दुइ पटक फर्की, अनि त्यसपछि डङ्ग्रङ्ङ उत्तानो परी पछारिएर जमीनमा लम्पसार परी। लिओ र म दौडेर उसकहाँ गयौं। उ भुतुक्क मरिसकेकी थिई--भयंकर शीले वशमा ल्याएको कुनै रहस्यमय, विजुलीको कर्तृत्व वा रोक्न नसकिने इच्छाशक्तिद्वारा मरण भइसकेको थियो।

एक छिनसम्म लिओले के भएको थियो विलकुल वुझेन। तर, जव उसलाइ यो कुरा खुल्दै आयो, उसको मुख हेर्नै नसकिने भयंकर भयो। रिसको असभ्य वोली निकालेर लासको वगलमा वसेकोवाट उठ्यो, अनि फर्केर, अश्शालाइ साँच्चि नै झम्ट्यो। तर उनी सतर्क थिइन्, उ आएको देखेर, फेरि आफ्नो हात पसारिन्, अनि उ डुनमुनाउँदै मतिर पछि हट्तै आयो,

मैले नसमातेको भए पछारिन्थ्यो पनि । पछिबाट उसले भन्थ्यो, उसलाइ छातीमा प्रचण्ड प्रहार एकासि लागे जस्तो लाग्यो, त्यस बाहेक, मानो सारा मनुष्यत्व नै उसबाट झिकिएको जस्तो गरी, बिलकुलै कायल भएको जस्तो लाग्यो ।

त्यसपछि आइशा बोलिन् । उनले कोमलतासँग उसलाइ भनिन्, 'मेरो इनसाफले तिमीमा घृणासहितको भय पैदा गरेको भए, मेरो पाउना, मलाइ माफ देऊ ।'

रिस र अफसोसले आफ्नो हात मल्दै विचरो लिओ करायो, 'तँलाइ माफ दिने, तँ पिशाच्नीलाइ ! तँलाइ माफ दिने, तँ हत्यारिनीलाइ ! ईश्वर संझेर शपथ खान्छु, सकेदेखि म तँलाइ मार्छु !'

उही कोमल अवाजमा उनले जवाब दिइन्, 'होइन, होइन, तिमी बुझ्दैनौ—तिमीले बुझ्ने समय आएको छ । तिमी मेरो प्यारा, मेरो क्यालिक्रटीज, मेरो सुन्दर, मेरो बलवान् हौ ! दुइ हजार वर्षसम्म, क्यालिक्रटीज, म तिम्रो निमित्त पर्खिरहेकी छु, अहिले आखिरमा तिमी मकहाँ फर्केर आएका छौ; यो आइमाईको हकमा,' लासलाइ देखाएर, 'मेरो र तिम्रो बीचमा यो बाधा भई, त्यस कारण मैले उसलाइ खाग पारें, क्यालिक्रटीज ।'

लिओले भन्यो, 'यो झूट कुरा हो ! मेरो नाउँ क्यालिक्रटीज होइन ! म लिओ भिन्सि हुँ; मेरो पुरखा क्यालिक्रटीज थिए-- कमसे कम, उनी थिए भन्ने मलाइ विश्वास छ ।'

'ओहो, तिमी यसो भन्छौ--तिम्रो पुरखा क्यालिक्रटीज थिए, तथा तिमी, तिमी नै, फेरि जन्मेको र फर्केर आएको क्यालिक्रटीज हौ—र मेरो आफ्नो प्रिय खसम हौ !'

'म क्यालिक्रटीज होइनँ, तिम्रो खसम हुनुभन्दा त वा तिमीसित केही कुराको संबन्ध गर्नुभन्दा त म बरु नरकवासिनी

पिशाच्नीको खसम हुँला, किनभने त्यो पिशाचिनी तिमी-भन्दा असल होली।'

'तिमी त्यसो भन्छौ--तिमी त्यसो भन्छौ, क्यालिक्रटीज? होइन, तर तिमीले यतिकासम्म मलाइ देखेका छैनौ, उसैले मेरो संज्ञना छैन। तैपनि म वहुत राम्री छु, क्यालिक्रटीज!'

'म तिमीलाइ घृणा गर्छु, हत्यारिनी, तिमीलाइ हेर्नें मेरो इच्छा छैन। तिमी जति राम्री भए पनि मलाइ के? मैले भनि-हालें, म तिमीलाइ घृणा गर्छु।'

मधुर गिज्याउने हाँसोमा आश्शाले जवाब दिइन्, 'तैपनि थोरै समयभित्र नै तिमी घस्रँदै मेरो घुँडानेर आउनेछौ, मलाइ प्रेम गर्छु भनी किरिया हाल्नेछौ। आऊ, अहिलेको मौका जस्तो अरू मौका हुन्न। यहाँ, तिमीले प्रेम गरेकी यो मरेकी लडकीको अगाडि, हामी त्यो कुरालाइ जाँचिहेरौं।

'अब मलाइ हेर क्यालिक्रटीज!' अनि इवाट्ट आफ्नो शरीर ढाकेको पत्ला कपडालाइ फातफुत्त फ्याँकेर आफ्नो छोटो पेटी कोट र सर्प जस्तो पेटीमा, आफ्नो गौरवशाली उज्ज्वल सौन्दर्य र आफ्नो शाही लावण्यमा, मानु छालवाट भीनस देवी वा सिंगमरमरवाट ग्यालटिअ, वा च्याहानवाट सुन्दर पारिएको आत्मा उठे झैं आफ्ना लुगाहरूको बीचवाट उठेर खडा भइन्। उनी खडा भइन्, उनले आफ्नो गहिरो चम्कने आँखा लिओको आँखामा जमाइन्, अनि उसको दृढ र काँपेका आकृति उनको हेराइमा फुस्केको र उसको कस्सिएको मूठी खुलेको देखें। मैले उसको अचम्म र ताजुप प्रशंसामा, अनि तिर्सनामा बदलिएको देखें, जति जति उ फुत्कन खोज्थ्यो उति बढ्ता उस-माथि उनको भयंकर सौन्दर्यको शक्ति जमेको र उसका इन्द्रियलाइ लागु खुवाउँदै उसबाट मुटु तान्दै ती इन्द्रियलाइ

कब्जामा लिएको देखें। त्यो पद्धति मलाइ थाहा थिएन? लिओका दोवर उमेर भएको म आफैले त्यो भोगेको थिइनँ र? उनको मधुर र कामार्त हेराइ ममा थिएन तापनि, त्यस वेला पनि फेरि उही किसिम मैले भोगिरहेको थिइनँ? हो, अफसोस! मैले भोगिरहेको थिएँ। अफसोस! त्यही वेलामा म बलौट्टी र प्रचण्ड डाहले छिया छिया भएको थिएँ भनी मैले स्वीकार गर्नैपर्छ। लिओमाथि म झम्टन सक्थें, कत्रो लाजको कुरो! यस आइमाईले मेरो सदाचारी ज्ञानलाइ गोलमाल पारेकी र झण्डै नाश पारेकी थिईं, उसै गरी वास्तवमा उनले आफ्नो अतिमानुषिक सौन्दर्यमा हेर्ने सबै मानिसको मनलाइ गोलमाल नपारी छोड्दिनथिन्। तर—कसरी हो मलाइ थाहा छैन—मैले आफूलाइ समालें, र फेरि एक पटक त्यो भयंकर दुःखान्त घटनाको सीमालाइ हेर्न फर्कें।

लिओले निसासिएर भन्यो, 'ओहो, हे परमेश्वर! तिमी स्वास्नीमान्छे हौ?'

उनले आफ्ना भुकुल्ल परेका हस्तिहाड जस्ता सेता पाखुरा उसपट्टि फैलाएर, ओहो, के बिघ्न मधुरतासँग! मुस्कुराएर जवाब दिइन्, 'साँच्चि नै--एकदम पक्का--स्वास्नीमान्छे नै हुँ, तिम्रै स्वास्नी, क्यालिक्रटीज!'

उसले उनलाइ हेरिरह्यो, हेरिरह्यो, अनि बिस्तारै बिस्तारै उनको झन् झन् नजीक उ सर्दै गएको मैले देखें। एकासि उसको आँखा बिचरी अस्टेनको लासमा पर्‍यो, र उ कांपेर चुपचाप लागी खडा भयो।

उसले धोत्रे स्वरमा भन्यो, 'म कहिले प्रेम गर्थें? तिमी हत्यारिनी हौ; उसले मलाइ प्रेम गर्थी।'

पाठकवर्गले विचार गर्नुहोला, आफूले त्यस ठिटीलाइ

"आऊ!"

माया गरेको थियो भन्ने कुरा उसले अहिले नै बिर्सिसकेको थियो।

आइशाले गुनगुनाएर भनिन्, अनि उनको स्वर रूखहरूमा छिरेर गएको रातको हावा जत्तिकै मीठो सुनियो; 'त्यो केही होइन। त्यो केही कुरै होइन। मैले अपराध गरेको भए, त्यो अपराधको जिम्मेवार मेरो सौन्दर्य होओस्। मैले अपराध गरेको भए, त्यो तिम्रो प्रेमको निमित्त हो: उसैले मेरो बिरामलाई एकातिर हाल र बिर्स;' अनि फेरि तिनले आफ्ना हात पसारेर साउतीमा भनिन्, 'आऊ।' त्यसपछि केही सेकेण्डभित्र सबै खतम भयो।

उसले छुट्न बल गरेको मैले देखें—भाग्नालाइ उ फर्केको पनि मैले देखें; तर उनका आंखाले उसलाइ फलामको बन्धनले भन्दा पनि बलियोसँग तान्यो, अनि उनको सौन्दर्यको जादू र एकत्रित भएका इच्छा र कामवासना उसमा घुसेर उसलाइ वशमा ल्यायो--हो, त्यहीं नै, उसको निमित्त मर्नेसम्मको राम्ररी उसलाइ प्रेम गर्ने आइमाईको लासको सामुन्ने। यो कुरा वास्तवमा भयंकर र खराब कुरा जस्तो लाग्छ, तर उसलाई ज्यादा दोष दिनु हुन्न, निश्चय नै उसले आफ्नो पाप भोग्नुपर्‍यो। उसलाइ खराब कुरा गराउने मोहिनी मनुष्यभन्दा बढ़ता थिइन्, उनको सौन्दर्य मानिसका छोरीहरूका मनोहरताभन्दा बढीचढी थियो।

फेरि मैले हेरें, अहिले उनको पूर्ण रूप उसको अंगालो भित्र थियो; अनि उनका ओठ उसका ओठमा जोडिएका थिए; यसरी, वेदीको सट्टा उसकी मृत प्रेमिकाको लासनजीक, लिओ भिन्सिले त्यही प्रेमिकाको भर्खरकी हत्यारिनीसंग विवाह-बन्धन बाँध्यो--सदाको निमित्त वाचाबन्धन गर्‍यो। किनभने आफ्नै इज्जतको मूल्य तिरेर, तथा आफ्नो

लम्पटताको तलसम्म पल्ला होच्याउनालाइ तराजूमा आफ्नो आत्मा फ्याँकेर जुन मानिसहरू आफूलाइ त्यस्तै राज्यमा बेच्छन्, तिनीहरूले मुश्किलसंग छुटकारा लिनुपर्छ। कामवासनाका केराउका फूलहरू उनीहरूका हातमा वैलाए तापनि, उनीहरूले रोपेका फूल अमनमा थन्क्याएका तीता मास मात्र भए तापनि, आफूले जस्तो रोपेको छ त्यस्तै तिनीहरूले पाउँछन् ।

एक्कासि सर्प जस्तो गतिले तिनी उसको अंकमालबाट चिप्लेर फुत्केकी जस्तो देखियो, अनि फेरि तिनले विजयी गिल्लाको मन्द हाँसो झिकिन्, र मरेकी अस्टेनलाइ देखाएर भनिन् :—

'थोरै अवधिभित्र तिमी घस्रँदै मेरो धुँडानेर आउनेछौ भनी मैले तिमीलाइ भनेकी थिइनँ र, क्यालिक्रटीज ? निश्चय नै त्यो अवधि लामो भएन ।'

लिओले लज्जा र दुःखले कन्यो; किनभने उ पराजित र आहत भए तापनि, आफू डुबेको हीनताको गहिराइ थाहा नपाउनेसम्म गरी बिग्रेको थिएन। अझ, त्यस रातमा मैले थाहा पाएँ, उसको पतित स्वत्वको विरुद्धमा उसको असल प्रकृति हतियार लिएर खडा भयो।

आइशा तेस्रो पटक हाँसिन्, त्यसपछि, हत्तपत्त घुम्टोले आफूलाइ छोपेर, त्यो अनौठो हश्यलाइ खुलदुली र तर्सेको आँखाले हेरिरहेकी लाटीलाइ इशारा गरिन्। त्यो ठिटी निस्केर एक छिनपछि दुइ जना लाटालाइ लिएर फर्की, तिनीहरुलाइ महारानीले अर्को इशारा गरिन्। अनि तिनीहरू तीनै जनाले विचरी अस्टेनको लासलाइ पाखुरामा समाते, अनि त्यो गुफाबाट बोझासँग घिसारेर छेउको पर्दाबाहिर

लगे। लिओले एक छिनसम्म त्यसलाइ हेर्‍यो, त्यसपछि दुवै हातले आफ्नो मुख ढाक्यो। मेरो मन उत्तेजित भएको हुनाले, घिस्रारेर लाँदा मरेकी अस्टेनका टल्केका आँखाले पनि हामीलाइ हेरे जस्तो लाग्यो।

पर्दापछाडि त्यो डरलाग्दो ताँती गायब भएपछि पर्दा हल्ली आफ्नो ठाउँमा खस्नेसाथ आइशाले गंभीरतापूर्वक भनिन्, 'बितिसकेको भूतकाल गयो।' त्यसपछि, मैले भनिसकेको मिजासको एउटा उन्मत्त परिवर्तनले, फेरि तिनले आफ्नो घुम्टो मिल्काइन्, अनि अरब देशका वासिन्दाहरुको प्राचीन कवितामय ढाँचाले, विजयोल्लासको गीत, वा विवाहसंबन्धी कविता एक्कासि निकालिन्, जो भरिलो तथा राम्रो हुनाले उल्था गर्न साह्रै कठिन छ; जो, वास्तवमा, लेख्नु र पढ्नुभन्दा बाजासित गाउनुपर्छ। यो दुइ हिस्सा—एउटा

---

१. प्राचीन अरबीहरूमा गद्यमा होस् वा पद्यमा होस् कवितामय भाषणको शक्ति सबभन्दा इज्जत र आदरको मानिएको थियो, यसमा निपुण भएको मानिसलाई 'खातेब,' वा वक्ता भन्थे। बर्सैनि सर्वसाधारण भेला हुन्थ्यो, जसमा जोडको तोड गर्ने कविहरुले आफ्रा आफ्रा रचनाहरू बाँच्थे, र जसै लेखनकलाको ज्ञान सर्वसाधारणमा फैलियो, सबभन्दा बेस ठहरिएका कविताहरू सुनका अक्षरले रेशममा लेखिन्थे, र खुलेआममा देखाइन्थे। ती कविताहरूलाइ 'अल मोधहबात,' वा 'सुनौला श्लोक' भन्दथे। मिस्टर होलिले माथि दिएको गीतमा, आइशाले उनका जातिको वंशपरम्परागत गद्यमय ढाँचाको अनुकरण गरेकी देखिन्छ। त्यस्ता गीतमा केही असंबद्ध वाक्यहरूको सिलसिलामा आफ्ना विचार दर्साइन्थे, र हरेक वाक्य आफ्नो सौन्दर्य र भावप्रकाशको लालित्यको निमित्त तारीफलायकको हुन्थ्यो।—सम्पादक।

वर्णात्मक, अर्को व्यक्तिगतमा बाँडिएको थियो; जहाँसम्म म संझन सक्छु, तल लेखिएबमोजिमको थियोः—

प्रेम मरुभूमिको फूल हो ।

यो अरबदेशको धिउकुमारी जस्तो हो, जो एक चोटि फुलेर मर्छ; यो जीवनको नुनिलो शून्यतामा फुल्छ, यसको सौन्दर्यको चहक तूफानमा परेको तारा जस्तै बाँझोमा पर्छ ।

यसको माथितिर सूर्य हुन्छ जो आत्मा हो, यसको वरिपरि ईश्वरत्वको हावा बहन्छ ।

पाइलाको प्रतिध्वनिमा प्रेम फुल्छ, म भन्छु; म भन्छु प्रेम फुल्छ, र आफ्नो सौन्दर्यलाइ आफूनजीक भएर जाने मान्छेसितसमेत मिलाउँछ ।

उसले यसलाइ टिप्छ, हो, उसले मह भरिएको रातो कचौरा टिप्छ, यसलाइ लिएर जान्छ; मरुभूमिमा जाँदाजाँदा फूल वैलाउँछ, लिएर जाँदा जाँदा मरुभूमि नै सिद्धिन्छ ।

जीवनको मरुभूमिमा एक मात्र पूर्णरूपको फूल हुन्छ ।

त्यो फूल प्रेम हो !

हाम्रो घुमघामको हुस्सुमा एउटा मात्र निश्चल ज्योति छ ।

त्यो ज्योति प्रेम हो !

हाम्रो नैराश्य रातमा एक मात्र आशा छ ।

त्यो आशा प्रेम हो !

अरू सबै कुरा झूटो हो । अरू सबै कुरा पानीमाथि चल्ने छायां हो । अरू सबै कुरा हावा र वृथाभिमान हो ।

प्रेमको तौल वा नाप को भन्न सक्छ ?

यो मासुबाट जन्मन्छ, आत्मामा बस्छ । हरेकबाट यसले आफ्नो सुविस्ता लिन्छ ।

सौन्दर्यको निमित्त यो तारा जस्तो छ ।

यसका धेरै आकार छन्, तर सबै राम्रा छन्, त्यो तारा कहाँबाट उदायो, अथवा यो अस्ताउने कुन क्षितिज हो कसैलाइ थाहा छैन ।

त्यसपछि, लिओतर्फ फर्केर, अनि उसको कुममा आफ्नो हात राखेर आश्शाले काल्पनिक गद्यबाट स्वच्छ र गौरवपूर्ण श्लोकमा अलि अलि गरेर बढ्दै र उच्च हुँदै जाने तौलिएका वाक्यहरूमा बोलेर झन् गहकिलो र झन् विजयोल्लासपूर्ण स्वरमा भन्दै गइन् :—

मैले तिमीलाइ धेरैसम्म प्रेम गरेकी छु, हे मेरो प्यारा; तैपनि मेरो प्रेम घटेको छैन ।

तिम्रो निमित्त मैले धेरैसम्म पर्खेकी छु, हेर मेरो इनाम नजीक आएको छ—यहीं छ !

धेरै टाढा मैले एक चोटि तिमीलाइ देखें, र मबाट तिमीलाइ हरिदिए ।

त्यसपछि च्याहानमा मैले धैर्यको बीज रोपें, र आशाको घाम यसमाथि पारें, पश्चात्तापको आँसुले यसलाइ पानी दिएँ, मेरो ज्ञानको श्वासले यस-उपर हावा दिएँ ।

अहिले, हेर ! यो उम्र्यो, र फल फल्यो । हेर ! च्याहानबाट यो उम्रेर आयो । हो, मरेको देहका सुखा हाड र खरानीको बीचबाट ।

मैले पर्खें, मेरो पुरस्कार मसँग छ ।

मैले काललाइ जितें, कालले मलाइ मरेको मानिस फिर्ता ल्याइदियो ।

त्यस कारण म खुशी हुन्छु, किनभने भविष्य सुन्दर छ ।

बान्हमासे चौरमा हामीले कुल्चने बाटाहरू हरिया छन् ।

त्यो समय नजीक छ । रात खोल्साहरूमा भागेर गए ।

प्रभातले शैलशिखरलाइ चुम्बन गर्छ ।

नरमी हिसाबले हामी जीवन बिताऔंला, मेरा प्यारा, सुगमसित हामी जाऔंला ।

राजाहरूका जुहारातले हामी मुकुट लाऔंला ।
पूजा गर्ने र छक्क परेका संसारका सबै मानिसहरू,
अन्धो भएर, हाम्रे' सौन्दर्य्य र हाम्रो बलको अगाडि घोप्टिनेछन् ।
अनन्त दिनको धूलामा रथ जस्तै गुडेर,
एक समयदेखि अर्को समयमा हाम्रो महत्ता गुंज्दै जानेछ ।
आफ्नो विजय र ख्वाफमा हामी हाँस्तै जानेछौं,
पहाडहरूमा उफ्रँदा दिनको उज्यालो जस्तै हाँसी हाँसी ।
अगाडि बढ्दै, अझ विजयी बनी, संधै नयाँ नयाँ विजयमा !
अगाडि बढ्दै, कहिले नथाकेर, उज्ज्वलताको अलखा लाएर !
आखिरमा हाम्रो भाग्य खतम हुनेछ, अनि रात खनिनेछ ।

उनले अनौठो र ज्यादै रोमाञ्चकारी रूपक गीत सिध्याइन् । त्यस गीतको, दुर्भाग्यवश, मैले मजबून मात्र दिन सकें भन्ने मलाइ केही डर लाग्छ । त्यसपछि उनले भनिन्ः—

'शायद तिमी मेरो कुरा पत्याउँदैनौ, क्यालिक्रटीज—शायद तिमीलाइ मैले छलेकी हुँ, त्यतिका वर्ष म बाँचेकी होइनँ, तिम्रो पुनर्जन्म भएर मकहाँ तिमी आएका होइनौ भन्ने तिमी ठान्छौ । होइन, यसरी नहेर—शंकाको फुस्रो छायांलाइ छाड, किनभने ओहो, पक्का ठान, यहाँ भूल टिक्न सक्तैन ! बरु सूर्यहरूले आफ्नो बाटो बिर्सलान्, गौंथलीले आफ्नो गुँड बिराउला, क्यालिक्रटीज, मेरो आत्मा झूटो कुरालाई किरिया हालेर तिमीबाट छुट्टिएर अन्यत्र लगिनेछैन । मलाइ अन्धो पार, मेरो आँखा झिकिदेऊ, र अन्धकारले मलाइ बिलकुलै घेर, तैपनि तिम्रो नबिर्सिएको अबाजले मेरो इन्द्रियका ढोकामा पित्तले घाँटी भएका बिगुलका आवाजले भन्दा ठूलो स्वरले हान्ने हुनाले त्यस स्वरको आवाज मेरो कानले पक्रन्छ :—मेरो सुन्ने शक्ति

पनि बन्द गर, हजार जनाले मेरो निधारमा छोऊन्, तर म तिमीले छुनासाथ फलानाले छोएको हो भन्न सकछु :—हो, मेरा सबै इन्द्रियहरू हर, मलाइ बहिरो, अन्धो, लाटो, स्पर्शेन्द्रियले रहित भएर उभिएको हेर, तैपनि मेरो आत्मा गर्भमा भर्खर चलन लागेको केटाकेटी जस्तो मेरो भित्र उफ्रनेछ र मेरो दिलमा कराउनेछ, "क्यालिक्रटीजलाइ हेर्! ए कुनै स्त्री हेर्, तेरो रातका पहरा खतम भए! रातको याममा खोज्ने तँ हेर्, तेरो विहानको तारा उदायो"।'

तिनी एक छिन थामिइन् र उत्तिखेरि भन्न लागिन्, 'पर्ख; तिम्रो दिल बलियो सत्यबाट मोडिई अझै कडा रहेको छ भने, र तिमीलाइ बुझ्न नसक्नेसम्मको अनौठो लागेको कुराको केही बाहिरी सबुत तिमी खोज्छौ भने, अहिले नै त्यो तिमीलाइ, र ए मेरो होलि, तिमीलाइ पनि दिइनेछ। दुवै जनाले एक एक वटा बत्ती बोक, म तिमीहरूलाई जता जता लान्छु उतै मेरो पछि पछि आओ।'

विचार गर्न नअडेर हामीले बत्ती टिप्यौं र उनको पछि पछि लाग्यौं, साँच्चि भनूँ भने, मेरो हकमा त, विचार गर्ने उद्योग निरर्थक पारेको देखिने परिस्थितिमा त्यसको उद्योगलाइ करीब करीब मैले छाडेको थिएँ, किनभने घण्टा घण्टामा आश्चर्यको कालो पर्खालको अगाडि विचार झन् झन् निस्सहाय हुँदै गएको थियो। आफ्नो कोठाको छेउसम्म सल्ल गई, आरशाले एउटा पर्दा उठाउँदा त्यो किसिमको सानो सीँढी देखियो जो कोरका यी अँध्यारा गुफाहरूमा यति मासूली छ। हामी सरासर भर्याङमा ओर्लंदा मैले देखें ती सीँढीहरू बीचमा यति खिएका थिए कि तिनीहरूमध्ये कुनै कुनै साढे सात इञ्चीबाट (तिनीहरूका पहिलेका उच्चाइ मैले त्यति अन्दाज गरें)

अन्दाजी साढे तीन इञ्ची हुने गरी घटेका थिए। मैले त्यो गुफामा देखेका अरू सींढी भने बिलकुल खिएका थिएनन्। नखिइनु नै पर्ने किनभने नयाँ मरेकालाइ च्याहानमा लानुपर्दा बाहेक त्यसमा हिंड्ने कामै पर्दैनथ्यो। त्यस्को कारण यो कुराले मेरो खयाललाई यस्तो अनौठाको जोडसँग असर गऱ्यो, जुन जोडले हाम्रो मन जोडदार इन्द्रियज्ञानका एक्कासीको आवेगले, मानो यसका सतहमा रहेका सारा साना कुरा अस्वाभाविक प्रमुखतामा निस्कने गरेर तूफानका पहिला पटकको उठाइमा परेको समुद्र जस्तै चेप्टो पारी पिटिई बिलकुल व्याकुल हुँदा साना चीजहरूले हामीलाई आघात पार्छन्।

सींढीको आखिरमा थामिएर ती खिएका सींढीहरूमा हेरें, अनि आश्शाले फर्केर मलाइ देखिन्।

उनले सोधिन्, 'यो ढुंगा कसका खुट्टाले खियो होला भन्ने तिमीलाई लाग्यो, मेरो होलि? ती खुट्टा मेरा हुन्—मेरै साना खुट्टा! ती सींढीहरू नयाँ र सम्म भएका म संझन सक्छु, तर दुइ हजार वर्षभन्दा बढ़्ता दिनहुँ म यतावाट हिंडेकी छु, हेर, मेरा खराउले त्यो साह्रो ढुंगालाइ खायो!'

मैले केही जवाब दिइनँ, तर यो व्यक्तिको कोमल खुट्टाले खियाएको यो कडा पत्थरको दृश्यले जस्तो मैले देखे वा सुनेका अरू कुनै कुराले उनको गजबको प्राचीनताको खयाल यति सफासंग मेरो संकीर्ण समझमा चढाएन जस्तो लाग्छ। यसरी खियाउनालाइ कति लाखौं पटक तिनले त्यो सींढीमा ओर्ल्हने उक्लने गरी होलिन्?

यस सींढीबाट गएपछि सुरुङमा पुगियो, यसको मुखबाट केही कदम पर पर्दा लाएको ढोका भेट्टियो। यसलाई झलक हेर्दैमा मैले थाहा पाइहालें, यो त्यही कोठा थियो जसमा मैले

उफ्रने लपकाको नजीकमा भयानक दृश्य देखेको थिएँ। मैले पर्दाको बुट्टा चिन्हें, त्यसको दृश्यले मेरो आँखाअगाडि झलझलि त्यो डर-लाग्दो घटना ल्यायो र मलाइ यसको संझनाले मात्र पनि कँपायो। आश्शा त्यो च्याहानमा पसिन्, किनभने यो च्याहानै थियो, हामी उनको पछि लाग्यौं—म चाहिं त्यो ठाउँको रहस्य खुल्न लाग्यो भनी एक किसिमले खुशी थिएँ, एक किसिमले त्यसको अर्थको मुख पर्न डराएको थिएँ।

एक्काईसौं परिच्छेद

मृत र जीवित भेट्छन्

लिओको हातबाट बत्ती लिएर आफ्नो टाउकोमाथि सो बत्तीलाइ उठाई आश्शाले भनिन्, 'दुइ हजार वर्षसम्म मैले सुतेको ठाउँ हेर।' त्यस बत्तीको उज्यालो जमीनको खाडलमा पऱ्यो, जहाँ मैले आज्ञाकारी उफ्रने लपका देखेको थिएँ, तर अहिले त्यो आगो निभेको थियो। त्यस बत्तीको उज्यालो ढुंगाको तखतामा कपडाहरूले छोपी लम्पसार परेको सेतो मूर्तिमा, च्याहानको खिएको खोदेको बुट्टामा, र त्यो लास रहेको तखताको सामुन्ने ढुंगाको अर्को तखतामा पऱ्यो। ती दुइ तखता गुफाको गजले मात्र छुट्ट्याइएका थिए।

त्यस ढुंगामा हात राखेर आश्शाले भन्दै गइन्, 'यतिका वर्षसम्म रातका रात खालि अलखा मात्र लाएर म यहाँ सुतेकी छु। मेरो पोइ त्यहाँ,' अनि तिनले त्यो ठर्रो मूर्तिलाइ देखाइन्, 'मरणावस्थामा कक्रक परी पल्टिरहँदा मैले नरम वस्तुमा पल्टन सुहाउँदैन। यहाँ हरेक रात उनको चिसो

संसर्गमा म सुतेकीछु--आखिरमा तिमीले देखिहाल्यौ यो वाक्‌लो चप्लेटो, हामी आएको सीँढी जस्तै मैले ओल्टो कोल्टो फर्कँदा खिएर पातलो भएको छ--तिमी सुतिरहेको समयमा पनि म तिम्री यति पतिव्रता रहेंकी छु, क्यालिक्रटीज। अहिले, मेरो खसम, तिमी अचम्मको कुरा देख्नेछौ--जिउँदा तिमीले मरेका तिमीलाइ देख्नेछौ--किनभने यतिका वर्षभरी नै मैले तिमीलाइ राम्रोसँग सुसार गरेकी छु, क्यालिक्रटीज। तिमी तयार छौ?'

हामीले केही जवाव दिएनौं, तर तर्सेको आँखाले परस्परलाइ हेर्‍यौं, त्यो दृश्य यस्तो भयानक र यस्तो गम्भीर थियो। आइशा अगि बढिन्, र कात्रोको छेउमा आफ्नो हात राखिन्। त्यसपछि फेरि एक पटक बोलिन्।

उनले भनिन्, 'नडराऊ, यद्यपि त्यो कुरा तिमीलाइ अचम्मको लाग्ने छ--बाँचेका हामी सबै यसरी पहिले बाँचेका थियौं; न त हाम्रा अहिलेका रूपहरु सूर्यलाइ अपरिचित छन्! केवल हामी थाहा पाउँदैनौं, किनभने संझनाले कुनै इतिहास लेख्तैन, पृथ्वीले हामीलाइ बालिगरी दिएको माटो फेरि बटुल्छिन्, किनभने कसैले च्याहानबाट हाम्रो महिमा बचाएको छैन। तर तिम्रो मुखमण्डलको सौन्दर्य्यको मैनमा लाएको जस्तो छाप मेरो आँखाअगाडि सधैं रहिरहोस् भनेर मेरो विद्याले र मैले सिकेको कोरका मरेका मानिसहरुको विद्याले, ए क्यालिक्रटीज, मट्टी हुनुबाट तिमीलाई मैले बचाएकी छु। भूतकालबाट तिम्रो उपस्थिति डाक्नालाई, र बितेका दिनका सपनाले मेरो तिर्सनालाई थामपूर गर्नं नकुहुने पारेको लासरूपी जीवनमा भूषित भएर मेरो विचारका घरमा डुलफिर गर्न संझनालाइ बल दिने काम दिएर त्यसलाई भर्न सक्ने यो मकुण्डो हो।

'अब हेर, मरेको र बाँचेको भेट गरून् ! समयको खाल्टोको वरिपरि भए पनि तिनीहरू एउटै हुन् । सनाखतलाइ जित्ने शक्ति समयको छैन; यद्यपि दयालु निद्राले हाम्रो मनको सिलेट-लाइ मेटेको छ तथा अफसोसलाइ विस्मरणले छाप मारी बन्द गरेको छ, नत्र अत्यन्त निराशाको बहुलट्टीपनमा गिदी नफुटे-सम्म वट्टुलिँदै गएका दिक्कले मगज भर्दै एक जीवनदेखि अर्को जीवनसम्म ती अफसोसले हामीलाइ खेदो गर्थे । तैपनि तिनीहरू एउटै हुन्, किनभने हाम्रो विश्रामका छोप्ने कपडाहरु हुरीको अगाडि गड्याङगुडुङ गर्ने बादल झैं हटेर जानेछन्; भूतकाल-का टक्क जमेका आवाजहरु सूर्यमनि पहाड़ी हिउँहरुमा संगीत बनी पग्लनेछन्; अनि बितेका घन्टाहरुको रोदन र हाँसो असंख्य वर्षको चुचुरोमाथि साह्रै मधुरोसँग प्रतिध्वनित भएको फेरि एक पटक सुनिनेछ ।

'उसैले, क्यालिक्रटीज, तिमीले—सजीव र भर्खर मात्र जन्मेका तिमीले--यति वर्षअगाडि जन्मी मरेका तिमी आफैंलाइ हेर्दा नडराऊ । अस्तित्वको तिम्रो किताबमा म केवल एक पत्र पल्टाउँछु, र त्यहाँ के लेखिएको छ तिमीलाइ देखाउँछु ।

'हेर !'

चिसो मुर्दाबाट तिनले कात्रो झ्वाट्ट झिकिन्, अनि यसमा बत्तीको उज्यालो खेल्न दिइन् । मैले हेरें, अनि खङ्ग्रङ्ङ पर्दै पछाडि हटें; किनभने तिनले जेसुकै भनून्, त्यो दृश्य अमानु-षिक थियो--किनभने उनले परी लाएको कुरा हाम्रो सीमा-बद्ध मनले वुझ्न सक्तैनथ्यो, र अस्पष्ट गुप्त दर्शनशास्त्रका हुस्सुबाट छुटाएर ठण्डा र डरलाग्दो यथार्थ कुरासँग भेट खुवाउँदा, ती कुराहरूको शक्ति धेरै घट्तैनथ्यो ! किनभने,

ह्रास्रो अगाडिको ढुंगाको तखतामा लम्पसार परेको, सेतो अलखा लाएर पूर्ण रूपले नकुहुने पारिएको लिओ भिन्सि नै देखिने लाश थियो। मैले त्यहाँ उभिइरहेको लिओलाइ हेरेर त्यहाँ मरेर लेटेको लिओलाइ हेरें, तर ती दुइ जनामा केही फरक देख्न सकिनँ; केवल, शायद, मरेको चाहिं केही उमेर पुगेको देखिन्थ्यो। नाक आँखा मुख भिन्न भिन्न लिंदा पनि उही थिए, कपालका साना सुनौला मुन्द्रासम्म पनि उस्तै थिए, जुन केश लियोको साह्रै असाधारण सौन्दर्य थियो। मैले हेरिरहँदा मलाई यस्तो पनि लाग्यो, मरेको मानिसको चेहराको भावप्रकाश लिओ मस्त निद्रामा पर्दा लिओको चेहरामा कहिले-कहीं देखिने भावप्रकाशसँग मिल्थ्यो। मरेको र जिउँदो जोडामा जत्तिको एकदम अनुहार मिल्ने मैले कुनै जुम्ल्याहा देखेको छैन भनेर त्यो दुरुस्त सादृश्यको केवल सारांश दोहोर्‍याउन सक्छु।

मरेको आफैंलाइ देख्ता लिओमाथि कस्तो प्रभाव पर्‍यो भन्ने हेर्नालाइ म फर्कंदा त उ अर्धमोहावस्थामा परेको रहेछ। दुइ तीन मिनेटसम्म चुपचाप लागेर त्यसले ट्वालट्वालति हेरिरह्यो, अनि आखिरमा बोल्दा, यति मात्र करायोः—

'त्यसलाइ ढाकिदेऊ, मलाई यताबाट लैजाऊ।'

आश्शाले भनिन्, 'अँहँ, पर्ख, क्यालिक्रटीज।' उज्यालो आफ्नो गहकिलो सौन्दर्य र तखतामाथिको मृत्युको लुगा लाएको रूपको ठण्डा आश्चर्यमाथि पर्ने गरी आफ्नो टाउकोमाथि वत्ती उठाएर खडा हुँदा आश्शा आइमाईसंग भन्दा ईश्वरसंचारिता सिबिलसँग मिलिथन्, अनि आफ्ना गौरवपूर्ण वाक्यहरू उच्चारणको यस्तो रवाफ र स्वतन्त्रता गम्काए र निकालिन् जसको, अफसोस! म अनुवाद गर्न सक्तिनँ।

'पर्ख। मेरो कुनै अपराध तिमीबाट नलुकोस् भन्नाको लागि तिमीलाइ केही कुरा देखाउँछु। ए होलि, मृत क्यालिक्रटीजको छातीको लुगा खोल, किनभने शायद मेरा खसम मरेको आफूलाइ छुन डराउलान्।'

कामेको हातले मैले उनको आज्ञा मानें। मेरो बगलको जीवित मानिसको सुतेको प्रतिमा चलाउनु बिट्ठुल्याइँ र अपवित्र कुरा जस्तो लाग्यो। एक छिनमा चिसो छाती नांगो भयो, अनि त्यसमा मुटुभन्दा माथि भाला अथवा खन्जरले पारेको जस्तो घाउ देखियो।

उनले भनिन्, 'तिमीले देख्यौ, क्यालिक्रटीज़? अब तिमीलाइ यो कुरा विदित होस्, तिमीलाइ मार्ने मै हुँ : जीवनको सट्टामा मैले तिमीलाइ मृत्यु दिएँ। तिमीले प्रेम गरेकी मिश्रदेशीय अमेनर्टसको लागि मैले तिमीलाइ मारें, किनभने आफ्नो चलाकीले उसले तिम्रो दिल आफ्नो बनाई, उसलाइ अगिको आइमाईलाइ मैले भर्खर मारे जस्तो गरी मार्न सक्तिनथें, किनभने उ मैले आँट्न नसक्नेसम्मकी बलियी थिई। हतपत र दारुण रिसमा मैले तिमीलाइ मारें, अनि अहिले यी सारा जुगभरी मैले तिम्रो बिलौना गरेर तिमी नफर्कसम्म पर्खिरहें। अब तिमी आयौ, तिम्रो र मेरो बीचमा कुनै बाधा रहन सक्तैन, फेरि निश्चय अब मृत्युको सट्टा म तिमीलाइ आयु दिन्छु—अनन्त आयु होइन, किनभने त्यो कुरा कसैले दिन सक्तैन, तर आयु र जवानी जो लाखौं वर्षसम्म खपिरहन्छ, र त्यसको साथसाथै रवाफ, शक्ति, धन, असल र राम्रा सबै कुराहरू, जो तिमीभन्दा अगाडिका मानिसले पाएका छैनन्, न पछि हुने मान्छेले पाउनेछन्। तर एउटा कुरा छ, तिमीले आरामी लिनुपर्छ, तिम्रो पुनर्जन्मको दिनको निमित्त तयार हुनपर्छ। तिमी

यो शरीरलाइ देख्छौ, जो तिम्रै थियो। यी शताब्दीसम्म यो मेरो चित्त बुझाउने कुरा र मेरो साथी थियो; अब मलाइ यसको दरकार छैन, किनभने मसँग जीवित तिमी भयौ, अब मैले खुशीसाथ विर्सन खोज्ने संझनाहरूलाइ हुँडल्ने काम मात्र यसले दिन सक्छ। त्यस कारण यो त्यही मट्टी हुन जाओस् जसबाट मैले यसलाई जोगाएकी छु।

'हेर! यो आनन्दको समयको लागि मैले तयार पारेको छु!' त्यसपछि, आफूले सुत्ने गरेको छु भनेको ढुंगाको अर्को तखता वा चप्लेटोबाट आश्शाले एउटा ठूलो काँचको डबलकाने भाँडो झिकिन्। त्यसको मुख छालाले ढाकिएको थियो। तिनले त्यो छाला फुकाइन् अनि, पहिले निहुरी मरेको मानिसको सेतो निधारलाइ विस्तारै म्वाइ खाइन्, र त्यो भाँडाको मुख खोली त्यहाँ रहेको वस्तु खूब होशसँग लासमाथि छर्किन्। मैले देखें, उनले त्यो औषधिको कुनै थोपा हामी अथवा आफूलाइ नपरोस् भनी ठूलो ख्याल राखिन्। त्यसपछि बाँकी रहेको झोल वस्तु मुर्दाको छाती र टाउकोमा खन्याइन्। एक छिनमा गाढा वाफ उठ्यो र निसासिने धूवाँले गुफा भरियो, जसले गर्दा हामीले केहा देखेनौं, जुन वेला कडा बिखालु अम्लले आफ्नो काम गरिरहेको थियो, किनभने म अनुमान गर्छु त्यो पन्यालो पदार्थ त्यही किसमको कुनै जोडदार मसला होला। लास रहेका ठाउँबाट भयानक स्वाँइ स्वाँइ र पट्याकपुट्टुकको आवाज आयो, तर त्यो आवाज धूँवा हराउनुअगाडि थामियो। आखिरमा धूवाँ सबै हरायो र खालि त्यो मुर्दामाथि अलिकति धूवाँ अड्डै थियो। दुइ तीन मिनेटमा यो पनि बेपत्ता भयो, अनि जति अचम्म लागोस् तापनि यो सत्य कुरा हो, यतिका शताब्दीसम्म प्राचीन क्यालिक्रटीजको नश्वर अवशेष रहेको ढुंगाको खाट-

माथि अहिले पुतपुत धूवाँ आएको दुइ चार मूठी सेतो धूलो-वाहेक केही देखिंदैनथ्यो । अस्लले त्यो शरीरलाइ बिलकुलै सखाप पारेको थियो, कुनै कुनै ठाउँमा त ढुंगालाई पनि खाएको थियो। आश्शा निहुरिन्, अनि त्यस धूलोबाट एक मूठी झिकेर त्यसलाइ माथितिर फ्याँकिन्। साथसाथै शान्त गंभीरताको अवाजमा भनिन् :—

'धूलो धूलैमा ! —भूतकाल भूतकालैमा ! —गुमेको कुरा गुमेकै कुरामा !—क्यालिक्रटीज मरे, फेरि जन्मे !'

त्यो खरानी हाम्रो वरिपरि उडेर ढुङ्गाको भूइँमा झर्‍यो, हामीले चाहिं धकाएर चुपचाप लागी त्यो खरानी झरेको हेर्‍यौं, किनभने वक्के नफुट्नेसम्म गरी हामीलाइ असर परेको थियो।

उनले भनिन्, 'अब मलाइ एकलै छोड, अनि सक्छौ भने सुत। मैले जाग्राम बसेर विचार गर्नुपर्छ, किनभने भोलिको रात हामी यहाँबाट जान्छौं, हामीले जाने बाटो नकुल्चेको धेरै भयो।'

उनको भनाइबमोजिम सलामको रूपले हामीले शिर निहुरायौं, र उनलाइ एकलै छोड्यौं ।

हामी आफ्नो कोठामा जान लाग्दा जौबको के हाल छ भनी उसको सुत्ने कोठाँमा मैले च्याएं, किनभने अमाहगर जातिका मोज मज्जाका डरले बिलकुलै थरहरी भई, मारिएकी अस्टेन-सित हाम्रो भेटघाट हुनुभन्दा केही अगि जौब गएको थियो। त्यो असल ईमानदार मान्छे मस्त निदाएको थियो, उसको मन धेरै अशिक्षित मानिसको जस्तो निफर हुनाले यो भयंकर दिनका आखिरी घटनाहरू उसलाइ हेर्न नपरेकोमा मलाइ खुशी लाग्यो ! त्यसपछि हामी आफ्नो कोठामा पस्यौं, यहाँ

आखिरमा बिचरो लिओ अफसोसको प्रवाहमा गोता खान थाल्यो । किनभने आफू जिउँदोको ठन्डाराम भएको प्रतिमा देखेदेखि उ मूर्छाभन्दा उस्तो असल अवस्थामा थिएन। अब डरलाग्दी शीको जुनाफमा उ नहुनाले आइपरेका सबै कुराको भयंकर खयाल र ज्यास्ता गरी यतिको घनिष्ठ गाँठोले आफूसँग बाँधिएकी अस्टेनको दूषित हत्याको खयाल, तूफान जस्तो गरी उसमाथि छुट्यो, उसलाइ पश्चात्ताप र डरको दारुण वेदनाले पिस्यो, त्यो देख्ता छाती चिरिन्थ्यो। उसले आफूलाइ सराप्यो—यस्तो रहस्यमय रूपले साँचो ठहरिएको खपटाको लेख पहिले हामीले देखेको समयलाइ उसले सराप्यो, अनि आफ्नै कमजोरीलाइ उसले नराम्रो गरी सराप्यो। आश्शालाइ सराप्ने साहस उसले गरेन—यस्ती आइमाईको बारे खराब कुरा बोल्न को साहस गर्छ ? तिनको प्रेतात्माले, हरेक घडी हामीलाइ हेरिरहन्थ्यो भन्ने उसको मनमा परेको थियो।

असह्य दुःखले मेरा कुममा टाउको अड्याएर उसले ठस ठस कन्दै भन्यो, 'म के गरूँ, वूढा बा ? मैले उसलाइ मारिन दिएँ—मैले रोक्न सक्ने कुरा त होइन, तर पाँच मिनेट भित्रैमा म उसको मृत शरीरमाथि उसकी हत्यारिनीलाइ म्वाइ खाइरहेको थिएँ। म नीच पशु हुँ, तर म यो कुरा रोक्न सक्तिनँ, अनि यहाँ उसले आफ्नो स्वर दवायो—'भयलाग्दी बोक्सी। मलाइ थाहा छ, म भोलि त्यही कुरा गर्छु; मलाइ थाहा छ सधैं म उसको मूठीभित्र हुन्छु; मैले उसलाइ फेरि कहिले देखिन भने पनि जिन्दगीभरमा म अरू कुनै आइमाईको विचार गर्दिनँ; सियोले चुम्बकको पछि लागे जस्तै मैले उसको पछि लाग्नुपर्छ; अहिले मैले सके पनि जाने थिइनँ; म उसलाइ छोड्न सक्तिनँ,

मेरो खुट्टाले मलाइ लाँदैन, तर मेरो मन भने अझै फुक्का छ, मनमा म उसलाई घृणा गर्छु—कमसेकम मलाइ त्यस्तो लाग्छ। यो सबै कुरा यस्तो भयंकर छ; अनि—त्यो मरेको मान्छे! म त्यसलाइ के ठान्न सक्छु? त्यो म हुँ! म बाँधा भई बेचिएको छु, बूढा बा, उसले आफ्नो मोल बापत मेरो आत्मा लिनेछ!'

त्यसपछि, पहिलो पटक, म पनि त्यसभन्दा साह्रै थोरै असल अवस्थामा मात्र छु भनेर उसलाइ भनें; मेरो भन्नु कर्तव्य हो, आफू मोहित हुँदा हुँदै पनि उसको मउपर सहानुभूति प्रकट गर्ने शिष्टता थियो। शायद उसले डाहा गर्न योग्य ठानेन, किनभने जहाँसम्म श्रीमतीको संबन्ध थियो डाहा गर्ने कारणै थिएन भनी उसले बुझेको थियो। भागौं भन्ने कुरासम्म पनि मैले उठाएँ; तर हामीले चाँडै नै त्यो प्रस्तावलाइ निरर्थक भनी खारिज गर्‍यौं, फेरि ईमानको कुरा गरूँ भने, कुनै ठूलो शक्तिले हामीलाइ यी उराठलाग्दा गुफाबाट लगेर केम्ब्रिजमा राखिदिन्छु भनी एकासि प्रस्ताव गरेको भए पनि हामी दुवैले आश्शालाइ हकीकतमा छाड्ने थिएनौं भन्ने हामीलाइ विश्वास छ। जस्तो पुतलीले आफूलाइ नाश गर्ने बत्तीलाइ छोड्न सक्दैन उस्तै हामी पनि उनलाइ छोड्न सक्तैनथ्यौं। हामी पूरा अफिम्ची जस्ता थियौं; आफ्नो कामको प्राणघातक प्रकृति होश ठीक हुँदा हामीलाइ राम्ररी थाहा थियो, तर निश्चय नै हामी यो भयङ्कर आनन्दलाइ त्याग्न तयार थिएनौं।

घुस्टो नहालेकी शीलाइ एक पटक देखेको, उनको स्वरको संगीत सुनेको र उनका शब्दको तीतो बुद्धि पिएको कुनै मान्छेले शान्त आनन्दको सारा समुद्रको सट्टा पनि त्यस आनन्दलाइ खुशीसित त्याग्न सक्तैनथ्यो। उसैले मेरो कुरा पर्खौं, लिओको हकमा जस्तै यस असाधारण प्राणीले आफ्नो

नितान्त गाढ भक्ति देखाउँदा, र उसलाइ करीब दुइ हजार वर्ष-सम्म त्यो भक्ति अविच्छिन्न रहेको प्रमाण जस्तो देखिने कुरा झल्काउँदा झन् उसलाइ छाड्नु कति बढता असंभव थियो ?

निस्सन्देह नै तिनी दुष्ट आइमाई थिइन्, निश्चय नै तिनले आफ्नो बाटोमा उभिएकी अस्टेनको हत्या गरिन्; तर त्यसो भए पनि, तिनी साह्रै ईमानदार थिइन्, प्रकृतिको नियमले गर्दा आइमाईका कसूरको बारे, खास गरी त्यो आइमाई राम्री थिई र त्यो अपराध आफ्नै प्रेमको निमित्त गरिएको हो भने मानिसले उस्तो ख्याल राख्तैन।

अनि, अहिले लिओलाइ परेको जस्तो यसभन्दा अगाडि कुन मान्छेलाई अझसम्म यस्तो मौका परेको थियो ? साँचो, यस्ती डरलाग्दी आइमाईसित आफ्नो बन्धन बाँध्दा उसले आफ्नो जीवन खराब प्रवृत्ति[1] भएकी रहस्यमयी

---

१. यस उक्तिलाइ केही महीनासम्म विचार गरेपछि यसको सत्यतामा मलाइ बिलकुलै चित्त बुझेन भनी मैले स्वीकार गर्नैपर्छ। आइशाले हत्या गरिन्, यो साँचो हो, तर हामीले उही पूर्ण शक्ति पाएका भए, र हाम्रो उही भयङ्कर स्वार्थ जोखिममा परेको भए, हामीले त्यही किसिमको परिस्थितिमा त्यही कुरा गर्नु धेरै सम्भव छ भन्ने मलाइ शंका लाग्छ। फेरि यो कुरा संझनुपर्छ, सानो कुरा नमाने तापनि ज्यान सजा दिने आफ्नो स्थितिबमोजिम आज्ञा नमानेको सजा उनले यसलाइ ठानिन्। हत्याको कुरा छोडेर, हाम्रो प्रथाको विरुद्ध होइन भने हाम्रो धर्मसिद्धान्तको विरुद्ध मत प्रकट गर्नु र मनसाय स्वीकार गर्नु मात्र उनको खराब काम हुन आउँछ। अहिले झ्वाट्ट हेर्दा यो खराब प्रकृतिको प्रमाण हो भन्ने सहजै मान्न सकिन्छ, तर यस व्यक्तिको अति प्राचीनताको हामीले विचार गर्दा, उमेर, कठोर अनुभव, र निरीक्षण-

प्राणीको प्रभावमा राख्नुपर्थ्यो, तर जुनसुकै साधारण विवाहमा पनि उसलाइ त्यो कुरा पर्नै प्रशस्त संभव थियो। तर अर्को कुरा, कुनै साधारण विवाहले उसलाइ यस्तो भयङ्कर सौन्दर्य मिल्दैनथ्यो--किनभने यसलाइ बयान गर्न शक्ने शब्द भयङ्कर मात्र हो--यस्तो दिव्यशक्ति, यस्तो बुद्धि, र प्रकृतिका रहस्य-उपर कमान, तथा तीद्वारा प्राप्त हुने स्थान र शक्ति, अथवा

को असामान्य शक्तिको अधिकारबाट उठ्ने प्राकृतिक मानव-विद्वेषभन्दा बढ्ता अरू यो होला होवैन भन्ने शंका उठ्छ। यो सबैलाइ थाहा भएकै कुरा हो कि प्रायः, बाल्यावस्थाको समयलाइ तर्कको हदबाहिर पार्दा, जति जति हामी बूढा हुन्छौं, त्यति त्यति बढ्ता विश्वनिन्दक र कडा हुन्छौं; हकीकतमा, मौकाको मृत्युले मात्र आचारभ्रष्टताबाट नभए तापनि आचारजडताबाट हामीमध्ये धेरैजसो जोगिन्छौं। कसैले इनकार गर्नैछैन सरदर जवान मान्छे बूढो मान्छेभन्दा असल हुन्छ, किनभने प्रकृतिको नियमको त्यो अनुभव उसलाइ हुँदैन जुन अनुभवले कुनै विचारशील स्वभावमा मानव-विद्वेष पैदा गर्न ज्यादै संभव हुन्छ, अनि स्वीकृत विधि र स्थापित स्थिति रीतिको त्यही अनादरलाई हामी खराब कुरा भन्छौं। अहिले पृथ्वीको सबभन्दा बूढो मान्छे आइशासित दाँज्दा दूधे बालक हुन्थ्यों, संसारको सबभंदा बुद्धिमान् मान्छे उनको अगाडि तीन खण्डको एक खण्ड पनि बुद्धिमान् हुँदैनथ्यो। अनि उनको बुद्धिको फल यो थियो: एउटै चीजको निमित्त मात्र बाँच्नु योग्य छ, त्यो हो उच्चतम अर्थमा प्रेम, त्यो श्रेय कुरा प्राप्त गर्नालाई सानातिना कुरालाई लत्याउन उनी तयार थिइन्। वास्तवमा उनको खराब कुराको तेरीज यही हो, फेरि यो कुरा पनि संझनुपर्छ, तिनीहरूको बारे जे ठहरियोस्, तिनको कुनै गुण स्त्री पुरुष दुवैमा सारै असाधारण देखिने मात्रामा बढ़ेको थियो—उदाहरणार्थ स्थिरता।

—ल० हो० हो०।

सबभन्दा पछिल्लो कुरा, उनले दिन साँच्चै सक्ने हो भने कहिले नटुंगिने जवानीको राजसी मुकुट कुनै साधारण विवाहबाट उसलाइ प्राप्त हुँदैनथ्यो। होइन, सबै कुरा विचार गर्दा ,जुन-सुकै भलादमीले पनि त्यस अवस्थामा अनुभव गर्ने, अत्यन्त लज्जा र अफसोसमा लिओ डुबेको थियो तापनि आफ्नो असा-धारण भाग्यबाट भागेर जाने खयाल लिन तयार थिएन भन्ने कुरामा केही अचम्म छैन।

मेरो रायमा त्यसले त्यसो गरेको खण्डमा त्यो पागल हुन्थ्यो। तर, मैले भन्नैपर्छ, यस विषयको मेरो राय पूर्णरूपले लिनु हुँदैन। आजसम्म म आफैं आश्शाको प्रेममा लट्ठ भएको छु, र जीवनभर संसारका अरू कुनै आइ-माईको प्रेमपात्र हुनुभन्दा एउटा छोटो हप्तासम्म उनको प्रेम-पात्र हुन निको मान्थें। फेरि म भन्छु, यसबयानलाइ शंका गर्ने र यो बयान गरेकोमा मलाइ मूर्ख ठान्ने जो कोही मानि-सले आश्शाले घुम्टो झिकेको र उनको दृष्टिमा सौन्दर्य विक-सित भएको देख्न पाए उसको राय मसँग एकदम मिल्थ्यो। जरूरै सबै मानिसको बारेमा मैले भनेको हुँ। आश्शाको बारेमा कुनै आइमाईको के राय हुन्छ त्यो हामीले थाहा पाउन सकेनौं, तर त्यसले यी महारानीलाइ नफरत गर्ने बिलकुल सम्भव छ भन्ने म ठान्दछु, त्यसले आफ्नो अरुचि थोर बहुत निर्दिष्टरूपले प्रकाश गर्थी, अनि आखिरमा भस्म हुन्थी।

दुइ तीन घण्टासम्म लिओ र म विचलित मन र तर्सेका आँखा लाएर बस्यौं, हामीले भोगेका रहस्यमय घटनाहरुको बारे कुरा गर्‍यौं। गंभीर, युक्तिपूर्ण यथार्थ कुराको सट्टा यो सपना वा परीको कथा जस्तो देखिन्छ। खपटाको लेख साँचो मात्र होइन, त्यसलाइ सत्य प्रमाणित गर्न हामी बाँचूतछौं, हामी

आउँछौं भनी कोरका गुफामा धैर्यसंग पर्खिरहेकी खोजेकै आइमाईलाइ खोज तलाश गर्ने हामी दुइ जनाले भेट्टाउँछौ भन्ने कल्ले पत्याउँथ्यो ? कसको मनमा थियो—यी रहस्यमयी आइ-माईले शताब्दीदेखि शताब्दीसम्म ढुकेको र त्यही रातसम्म पनि पहिलेको पार्थिव देह जोगाइराखेको व्यक्तिलाइ, उनको विश्वासको हिसाबले, लिओको शरीरमा उनले पाउलिन् ? तर कुरा त्यही थियो। मासूली विचारवान् मानिसको हैसियतले हाम्रो निमित्त यसको सत्यतामा हामीले देखेका सबै कुराको मुश्किल अब शङ्का गर्नु मुश्किल थियो। त्यस कारणले आखिरमा, विनीत हृदय र मानवी ज्ञानको असारताको तथा अनुभव नभएको कुराको संभवलाइ इनकार गर्ने धारणाको हठीपनको गहिरो समझ लिएर हामी सुत्न पल्ट्यौं, अनि यसरी मानुषिक अज्ञानको घुम्टो हामीलाइ तान्न दिन र असल वा खराबको निमित्त जीवनका शक्तिका झलक हामीलाई प्रकाश गर्न रोजेका निरीक्षक दैवको हातमा आफ्नो भाग्यलाइ सुम्प्यौं।

बाईसौं परिच्छेद

जौबलाइ पूर्वसूचना भयो

भोलिपल्ट विहान नौ बजे अझै तर्सेको अनुहार लाएको र कामेको जौब मलाइ उठाउन, र साथसाथै हाम्रो ओछ्यानमा हामीलाइ जिउँदै भेट्टाएकोमा कृतज्ञता प्रकट गर्न भित्र आयो। हामीलाइ बाँचेको देख्छु भन्ने उसले आशा गरेको रहेनछ।

मैले उसलाइ विचरी अस्टेनको भयङ्कर अन्तको बारेमा भन्दा हामी बाँचेकामा उ झन् बढ्ता कृतज्ञ भयो, र ज्यादै डरायो: हुन त, साँच्चि भनूँ भनें, न उसलाइ अस्टेन मन परेकी थिई, न अस्टेनलाइ उ। मिसाहा अरबी भाषामा अस्टेन उसलाइ सूंगुर भन्थी, उ चाहिं उसलाइ शुद्ध अंग्रेजीमा 'घरबूढी' भन्थ्यो, तर आफ्नी महारानीबाट अस्टेनले भोग्नुपरेको परिणामको सामुन्ने यी वैरभाव बिर्सिए।

मेरो वृत्तान्त सुनेर कराउन छाडेपछि जौबले भन्यो, मन नपर्नें केही कुरा भन्न मेरो इच्छा छैन, हजूर, तर मेरो रायमा त शी शैतान नै हुन्, वा शायद उसकी स्वास्नी, उसकी स्वास्नी छ भने नि, मलाइ त उसकी स्वास्नी छ जस्तो लाग्छ, किनभने एकलै त उ यतिको दुष्ट हुन शक्तैन। एन्डरकी बोक्सी त उनको अगाडि बेकूफ भई, हजूर: ए रात्तै, मलाइ फलाटिनको टुक्रामा चम्सुरको साग उमार्नुभन्दा यी काई परेका च्याहानबाट बाइबलका सबै भलादमीलाइ जगाउन उनलाइ सजिलो छ! यो पिशाचहरूको मुलुक हो, त्यही हो, हजूर, उनी तिनीहरूकी मालिक्नी हुन्; हामी यताबाट फुत्क्यौं भने म यहीं छु। म त जाने बाटो कतै देख्तिनँ। त्यो बोक्सीले मिस्टर लिओ जस्तो राम्रो तरुनोलाइ छाड्ने संभव छैन।

मैले भनें, 'ल, जे भए पनि उनले उसको ज्यान त बचाइन्।'

'हो, त्यसको मोल वापत उनले उहाँको आत्मा लिन्छिन्। उनले उहाँलाइ पनि आफू जस्तै बोक्सी बनाउछिन्। म भन्छु— यी किसिमका मानिसहरूसित संसर्ग हुनु खराब हो। गए राती, हजूर, मलाइ निद्रा परेन अनि मेरी विचरी आमाले मलाइ दिनुभएको सानो बाइबलमा बोक्सीहरू र त्यस्ता मानिस-हरूलाइ के हुन्छ भन्ने बारेमा पढें, पढदा पढदै मेरा रौं ठाडठाडा

भए। ईश्वर, उनको जौव कहाँ पुग्यो भन्ने देखिन् भने बूढियाले कसरी ट्वालट्वालति हेर्लिन् !'

मैले मुस्केरा हालें, किनभने, जौव जस्तो म बूढीरूढी पत्याउन्नथें तापनि, प्रकृतिभन्दा माथिका चीजहरूबाट हुने अनुसन्धान गर्न नसकिने स्वाभाविक संकोचलाइ म स्वीकार गर्छु। अनि मैले जवाब दिएँ, 'हो, यो अनौठो मुलुक छ, मानिस पनि अनौठा छन्, जौव।'

उसले जवाब दियो, 'हजूरले भनेको ठीक हो, हजूर, अनि मलाइ साह्रै बेकूफ ठान्नुहुँदैन भने, अहिले मिस्टर लिओ नहुनु भएको वेलामा हजूरलाइ केही कुरा भन्न मन लागेको थियो,'—(लिओ सवेरै उठेर टहलिन लागेको थियो)—'अर्थात्, यस संसारमा अब मैले देख्ने आखिरको मुलुक यही हो भन्ने मलाइ थाहा छ। गए राती मलाइ एउटा सपना भयो। मैले सपनामा मेरो बूढो बाबुलाइ देखें। उनले यहाँका मानिसहरूले विशेष किसिमको पूरा पूरा लुगामा कसिन खोज्दा लाउने जस्तो खुट्टाखेरि लाउने कमीज लाएका थिए, अनि उनको हातमा प्वाँख जस्तो झार थियो। त्यो झार तिनले बाटोमा बढुलेको हुनुपर्छ, किनभने यो कुहिएको गुफाको मुखबाट तीन सय गज जति पर हिजो मैले यस्तो झार थुप्रै देखेथें।

'गंभीरतापूर्वक, तैपनि मैले विचार गर्न सक्ने अरू कुनै कुराभन्दा आफ्नो छिमेकीसित दोषी घोड़ा दिई असल घोड़ा साट्ता त्यस कामबाट बीस गिन्नी नाफा हुँदाको मेथोडिस्ट मेम्बर जस्तो एक किसमको सन्तोष झल्काएर मेरो बाले मलाइ भने, "जौव, वेला भयो, जौव; तर यस ठाउँमा आएर तँलाइ खोज्नुपर्ला भन्ने मैले कहिले पनि ठानेको थिइनँ, जौव ! तँलाइ पत्ता लाउनलाई मलाइ यस्तो भारत पर्‍यो; तेरो बिचरो बूढो

बाबुलाइ यस्तो दौडधूप गराउनु मेहरबानी होइन, अझ यो कोर भन्ने ठाउँबाट खराब मान्छेहरूका अनौठा हूलले सत्कार गरी कराएको कुरै छाडिदे।"

मैले भनें, 'सूचना दियो होला।'

'हो, हजूर--जरूरै, हजूर, ठीक उनले त्यसै भने--"सूचना, एकदमै प्रस्ट किसिमका"--हजूर, उनीहरू र उनीहरूको तातो भाँडा राख्ने रीतको बारेमा मैले थाहा पाएकोबाट विचार गर्दा मलाइ निश्चय छ, त्यसमा म शंका गर्दिनँ,' जौवले दिकदारीसित भन्दै गयो। 'जे होस्, वेला पुग्यो भन्ने मेरो बालाइ निश्चय थियो, उसैले चाँडै नै हामीले खोजेको भन्दा बढ्ता हामी आफूस आफूसलाइ भेट्नेछौं भनेर गए। म ठान्छु, उनले तीन दिन पनि बा र म मिलेर बस्न नसकूने कुरा विचार गरिरहेका थिए, मलाइ निश्चय छ, फेरि भेट हुँदा त्यस्तै हुनेछ।'

मैले भनें, 'तैंले तेरो बूढा बाबुको सपना देखेको हुनाले तेरो काल आइपुग्यो भन्ने निश्चय नै तँ ठान्नेछैनस्। आफ्नो बाबुको सपना देख्ता मान्छे मर्छ भने, आफ्नी सासूको सपना देख्ता मानिसलाइ के होला?'

जौवले भन्यो, 'ओहो, हजूर, हजूर त मलाइ गिज्याउनुहुन्छ, तर, बुझ्नुभयो, हजूरले मेरो बालाइ चिन्नुभएको छैन। अरू मान्छे भएको भए--दृष्टान्तलाई, जाँगर भएकी मेरै फुपू भएकी भए-यो कुराको म उस्तो ख्याल गर्दैनथें; सब छोरा-छोरी भएर अल्छी नहुनुपर्नें हो, तर मेरा बा अल्छी थिए, उसैले यो ठाउँ हेर्नालाइ मात्र उनले यहाँ आउने दुःख कहिले गर्दैनथे। होइन, हजूर; मलाइ थाहा छ उनले साँच्चिकै भनेको हो। जे होस्, हजूर; म यसलाइ नमानी सक्तिनँ; सबैले एक

किसमले होस् वा अर्को किसमले होस् जानैपर्छ भन्ने मलाइ लाग्छ, हुन त यस्तो ढुलोमा मर्नु गाह्रो कुरा हो, जहाँ क्रिस्तानी दफन आफू जत्रै सुन दिए पनि पाइँदैन। मैले असल मानिस हुन कोशिश गरेको छु, हजूर, मेरो कर्तव्य ईमानसँग गर्छु। गए राती बाले एक किसिमको उद्धत मिजास नझिक्नुभएको भए—मेरो सिफारिश र प्रमाण-पत्रको उनी केही मान्दै मान्दैनथे भने जस्तो गरी मानो मलाइ नाक चेप्न्याएको किसम नगरेको भए—मेरो मनमा पूरा सुविस्ता हुन्थ्यो। जे होस्, हजूर, हजूर र मिस्टर लिओको, उहाँको जय होस्! म असल नोकर भएको छु—किन, दुइपैसे छडी लिएर सडकको यताउति उहाँलाइ डोऱ्याएर लगेको हिजै जस्तो लाग्छ;—हजूरहरू यो ठाउँबाट निस्कनुभयो भने—बाले हजूरहरूको नाउँ नलिनुभएको हुनाले शायद हजूरहरू निस्कनुहोला—म आशा गर्छु, हजूरहरूले मेरा सेता भएका हाडहरूलाइ मेहरवानीसंग संझनुहुनेछ, र औसर माफ भए म बिन्ति गर्छु, फूलदानमा लेखेका ग्रीक लेखसित अब केही संबंध नराख्नोस्, हजर।'

मैले कडासँग भनें, 'फेरि विचार गर्, फेरि विचार गर्, जौब, तँलाइ थाहा छ, यो सबै रद्दी कुरा हो। मनमा यस्तो विचार ल्याउनेसम्मको मूर्ख तैंले हुनु हुँदैन। हामी केही अनौठा कुराहरूबाट बचेका छौं, त्यही किसमले तकिरहनेछौं भन्ने मलाइ आशा छ।'

मलाइ नराम्रोसँग खट्कने विश्वासको स्वरमा जौबले जवाब दियो, 'होइन, हजूर, यो रद्दी कुरा होइन। म मनें भइसकेको छु, यो कुरा मैले भोगिरहेंछु, फेरि यो अचम्मको असजिलो भोगाइ हुँदो रहेछ, हजूर, किनभने यो कसरी आउँछ भन्ने विचार

मानिसले नगरी सक्दैन। हजूरले खाना खाने वेलामा विष संझनु-भयो भने, त्यसले हजूरको पेटलाइ गोलमाल पार्छ, यी अँध्यारा चौघडाका डुलामा हिँड्न लाग्नुभएको वेलामा हजूरले छुरी संझनुभयो भने, हे ईश्वर, हजूरको आङ सिरिङ्ग हुदैन ? त्यो विचरी लडकीको जस्तो त्यो छुरी धारिलो भए, हजूर, म धन्दा मान्दिनँ। अहिले त उ मरिसकी, उसको बारेमा यसो उसो भन्न दिक्क लाग्छ, तर नराम्रो देखिने गरी ज्यादै छिटो विहा भयो भन्ने मैले ठानेको हुनाले त्यसरी विहा गरिएकीमा उसको आचार म निको मान्दिनं। तैपनि, हजूर,' अनि विचरो जौवले केही नीलो भएर भन्यो, 'तातो भाँडाको खेल यो हुनेछैन भन्ने म आशा गर्छु।'

'वाहियात', मैले रिसाएर भनें, 'वाहियात!'

जौवले भन्यो, 'भइगयो, हजूर, हजूरसित राय वझाउने मेरो औकात छैन, हजूर, तर हजूर कहीं जानुभयो भने, हजूर, मलाइ हजूरसित लाने बन्दोवस्त गर्न सक्नुभएदेखि म ठूलो निगाह संझन्थें, किनभने वेला आइपुग्दा मानो यसबाट पार गर्नालाइ मदत दिन मात्र मित्रभावको चेहरा हेर्न पाए मलाइ खुशी लाग्थ्यो। अहिले, हजूर, म विहानको खाना लिन जान्छु', यति भनी मलाइ मनको साह्रै वेचैनी अवस्थामा छोडेर गयो।

ससँग वसउठ भएका जिन्दगीका सबै कक्षाका सबभन्दा वेस र ईमानदार मान्छेहरूमध्येको एउटा बूढो जौव हुनाले मलाइ उसको ज्यादै माया लाग्थ्यो। हकीकतमा त्यो नोकरभन्दा मित्र जस्तो थियो, उसलाइ केही कुरा हुन्छ भन्ने खयालले मात्र पनि मेरो घाँटी मटक्क कसियो। केही कुरा हुन्छ भन्ने उसलाइ बिलकुल निश्चय थियो भन्ने उसका हाँसउठ्ता सबै कुराभित्र मैले देखें, हुन त धेरै पटक यी विश्वासहरू बिलकुल बौलट्टी

कुरा हुन आउँछन्—झन् यो विश्वास चाहिं त खास गरेर यो विश्वास परेको मानिस न्याम्रो बानी नपरेको ठाउँमा पर्न आएको हुनाले भएको हो भन्ने पूरा कारण दिन सकिन्थ्यो—तापनि यस कुराले मेरो दिलमा पनि थोर बहुत चिसो पाम्र्यो, किनभने कुनै विश्वास जतिसुकै असङ्गत भए तापनि प्रत्यक्षरूपले विश्वासको सच्चा कारण बनेको जुनसुकै डरले त्यस्तो पार्न संभव छ।

एक छिनमा बिहानको खाना, र यसको साथसाथ लिओ पनि आइपुग्यो। आफ्नो मन सफा गर्छु भनी लिओ गुफाबाहिर डुल्न गएको थियो; दुवैलाइ देख्ता मलाइ साह्रै खुशी लाग्यो, किनभने तिनीहरूले मलाइ मेरा दिक्दार विचारवाट फुर्सत दिए। बिहानको खाना खाएपछि हामी फेरि टहलिन निस्कयौं, र अमाहगर जातिका केही मानिसले एक चक्ला जमीनमा बियर रक्सी बनाउने अन्न रोपेका हेर्‍यौं। यो काम तिनीहरूले हाम्रो धर्मशास्त्रमा लेखिएको किसमले गरे—बाखाको छालाले बनेको थैलो कम्मरमा बाँधेको एउटा मानिस बीउ छर्दै त्यो जग्गामा ओहोरो दोहोरो गरिरहेको थियो। यस्ता डरलाग्दा मानिसले खेत रोप्ने जस्तो साधा र सज्जाको केही काम गरेको देख्ता दिल साँच्चिकै चंगा हुन्थ्यो, शायद यसले ती मानिस-हरूलाइ अरू जातिहरूसित संबन्ध जोडेको देखिनाले होला।

फर्कन लाग्दा बिलालीले हामीहरूलाइ भेट्यो, र शीले हामीलाइ डाकेकी छन् भन्ने खबर दियो। सोही कुराबमोजिम हामी उनको जुनाफमा गयौं, तर निर्धकसँग होइन, किनभने आश्शा चलेको नियमसँग निश्चय नै नमिल्ने थिइन्: उनीसँगको हिमचिमले कामवासना, अचम्म, र डर पैदा गर्न सक्थ्यो र गर्दथ्यो पनि, तर पक्का यसले हेला पैदा गर्दैनथ्यो।

साविकबमोजिम हामीलाइ लाटीहरूले लगे, अनि उनीहरू गएपछि आश्शाले घुम्टो झिकिन्, अनि फेरि एक पटक आफूलाइ अंकमाल गर्न लिओलाइ अह्राइन्। उसले चाहिं अगिल्लो रातो आफूले गरेका मनका कुराहरू एकातिर हाली, सुहाउँदो नम्र चालचलनलाई चाहिनेभन्दा बढ्ता फूर्ति र जोशले अंकमाल गर्‍यो।

उनले आफ्नो सेतो हात उसको टाउकोमाथि राखिन्, अनि उसलाइ माया गरी आँखामा हेरिन्। उनले भनिन्, 'मेरो क्यालिक्रटीज, कहिले मलाइ बिलकुल आफ्नै भनुँला र कहिले हामी साँच्चि नै परस्परको निमित्तको र परस्परलाइ हुनेछौं भन्ने तिमीलाइ लाग्छ ? म तिमीलाई भन्छु। पहिले तिमी म जस्तै हुनुपर्छ, जरूर अमर त होइन, किनभने म अमर होइनँ। तिमीले समयका हमलाहरूको असर नपर्ने गरी यति कडा भएको र खोल हालिएको हुनुपर्छ कि समयका काणहरू तिम्रो बलियो जीवनको कवचबाट चिप्लेर जानेछन्, जस्तो सूर्य्यका किरण पानीमाथिबाट तर्केर जान्छन्। अझ म तिमीसित सहवास गर्नछैन, किनभने तिमी र म फरक छौं; मेरो अस्तित्वको उज्ज्वलताले नै तिमीलाइ जलाउनेछ, शायद तिमीलाइ नाशै पार्नेछ। तिमी मलाइ धेरै बेरसम्म हेरिरहन पनि सक्तैनौ, नत्र तिम्रो आँखा दुख्नेछ, तिम्रो मगजले चक्कर खानेछ, त्यसकारण'—अलिकति टाउको हल्लाएर—'फेरि एक छिनमा म घुम्टो हाल्छु। (तर त्यसो भने तिनले गरिनन्।) 'होइन : सुन। खपितसक्नु गरी तिमीलाई परिश्रम पारिनेछैन, किनभने भरे बेलुकै, सूर्यास्त हुनुभन्दा एक घण्टाअगाडि हामी यहाँबाट बाटो लाग्छौं, यदि सबै कुरा बेस भयो भने र मैले बाटो भुलिनँ भने,

नभुलूँ भन्ने मेरो प्रार्थना छ, भोलि झमक्क हुदा हामी जीवनको ठाउँमा पुग्नेछौं। त्यहाँ तिमी आगोमा नुहाउनेछौ, र आफूभन्दा अगाडि कहिले कोही मानिस नभए जस्तो गौरवपूर्ण भई तिमी निस्कनेछौ। त्यसपछि, क्यालिक्रटीज, तिमीले मलाइ स्वास्नी भन्न पाउँछौ, तिमीलाइ म लोग्ने भन्नेछु।'

यो छकलाग्दो बयानको जवाबमा लिओले के हो कुन्नि गुनगुनायो, अनि उ अकमकाएको देखूता उनी अलिअलि हाँसिन्, अनि भन्दैगइन् :—

'अनि तिमीलाइ पनि, ए होलि; तिमीलाइ पनि यो वरदान दिन्छु, त्यसपछि साँच्चि नै तिमी कहिले नबैलाउने गरी हरियो हुनेछौ, म यसो गर्छु—बुझ्यौ, किनभने म तिमीसित खुशी छु, होलि। किनभने तिमी मानिसका धेरैजसो छोराहरू जस्तै एकदम बेकूफ छैनौ, प्राचीन कालका दर्शनशास्त्र जस्तै तिम्रो दर्शनको संप्रदाय पनि वाहियात कुराले भरिएको छ, तापनि तिमीले आइमाईका आँखाको बारे राम्रो वाक्यांश घुमाउन बिर्सेका छैनौ।'

उसको दिल पहिलेको जस्तै चंगा भएको हुनाले लिओले साहुती गर्‍यो, 'ओहो, काका ! तपाईंले पनि फकाउनुभएको थियो ? तपाईंले त्यसो गर्नुहोला भन्ने कहिल्यै ठानेको थिइनं !'

जति खाफ झिक्न सकें उति खाफसँग मैले जवाब दिएँ, 'हजूरलाइ धन्यवाद छ, आश्शा, तर हजूरले बयान गर्नु-भए जस्तो ठाउँ छ भने, र यो अनौठो ठाउँमा हात समातेर हामीलाई टिप्न आउँदा मृत्युलाइ रोक्न सक्ने गरी अग्नि-मय गुण पाउन सकिन्छ भने पनि म यसलाइ एकदम खोज्दिनँ। मेरो निति, हे आश्शा, सधैं यसमा लेट्न

चाहना हुनेसम्मको कोमल गुँड संसार सावित भएको छैन। हाम्री पृथ्वी पत्थरिलो छाती भएकी आमा हुन्। उनले आफ्ना छोराछोरीलाइ दिनहुँ खान दिने रोटी पत्थर हुन्। खानालाइ ढुंगा, तिर्खा मार्नाको निमित्त तीतो पानी, र कोमल लालनपालनको सट्टा सोंटा। धेरै जन्मसम्म यो कसले सहन सक्ला ? कसले चितेका समय र प्रेमका, तथा आफूले घटाउन नसकिने आफ्ना छिमेकीका सुर्ताका संझनाले, र सान्त्वना नदिने बुद्धिले यसरी आफ्नो पिठिउँ लाद्ला ? मनु कठिन छ, किनभने आफूले नछुने कीराबाट, तथा हाम्रो दृष्टिबाट कात्रोले छेकेको अज्ञात कुराबाट हाम्रो सुकुमारी शरीर हच्कन्छ। तर हरियोपाते र रात्रो भए तापनि, गुभोमा भने सरेको र कुहिएको भई बाँच्नु, अनि सुडुमा संझनाको अरू गुप्ती कीराले टोकेको थाहा पाउनु, मेरो विचारमा, झन् कठिन छ।'

उनले भनिन्, 'विचार गर, होलि, तैपनि अपरिमेय सौन्दर्य, बल, र लामो आयुले शक्ति र मानिसलाइ प्यारो लाग्ने सबै कुरा दिन्छन्।'

मैले जवाब दिएँ, 'मानिसलाई प्यारो लाग्ने, हे महारानी, के कुरा हो ? तिनीहरू पानीका फोका होइनन् ? उच्चाभिलाष केवल अनन्त भर्याङ होइन ? जसद्वारा नपुगिने पछिल्लो खुड्किला नचढेसम्म कहिले कुनै उच्चतामा पुगिन्न। किनभने उच्चताले अर्को उच्चतामा लान्छ, र तिनमाथि अडिने जग्गा हुँदैन, अनि खुड्किलामाथि खुड्किला बढ्दै जान्छन्, र तिनको संख्याको कुनै हद छैन। धनले असन हुँदैन, वाक लाग्दैन, अनि चित्त बुझाउन वा आनन्द दिन, वा एक घण्टाका लागि मनको शान्ति किन्न नसक्ने हुँदैन र ? हामीले कमाउन आशा राख्न सकिने बुद्धिको कुनै सीमा छ र ? जति जति हामी

सिक्तै जान्छौं उति राम्रोसँग आफ्नो अज्ञान पारख गर्न सक्ने मात्र हुँदैनौं र? दश हजार वर्ष बाँच्यौं भने पनि सूर्यहरूका, सूर्यहरूपारीका जग्गाको, स्वर्गमा तिनीहरूलाई झुण्ड्याउने हातका रहस्य पत्ता लाउने आशा हामीले राख्न सक्छौं? हाम्रो चेतनालाइ दिनहुँ हाम्रो आत्माको रित्तो तिर्सनाको ज्ञान संझाउने तथा लुछिरहने सोक मात्र हाम्रो वुद्धि होओइन? यी ठूला गुफाहरूमध्ये एउटाका बत्ती जस्तो मात्र यो हुनेछैन, जुन बत्ती उज्यालोसँग बलोस्, झन् उज्यालोसँग बलोस्, तैपनि आफ्नो वरिपरिको अंधकारको गाढता देखाउनालाई मात्र त्यसले बढ्ता काम दिन्छ? अनि आयु लम्याएर त्यसभन्दा पर असल कुरा हामी के पाऔंला?

'होइन, मेरो होलि, प्रेम छ—प्रेम जसले सबै चीजलाई राम्रो पार्छ, हो, हामीले कुल्चेकै धूलोमा पनि ईश्वरत्व जगाउँछ। पृथ्वीको नीच लज्जा र मूर्खताको उपर चीलका पखेटामाथि सुन्नेको दिल टक पारी अड्याउन सक्ने शक्ति भएको कुनै ठूलो संगीतध्वनि जस्तो प्रेमले जीवनलाई एक वर्षदेखि अर्को वर्षसम्म गौरवपूर्णरूपले गुड्याउनेछ।'

मैले जवाब दिएँ, 'त्यो हुन सक्तछ, तर प्रेम गरेको मान्छे हामीलाई छेड्नालाइ भाँच्चिएको सिरु ठहरियो भनें, अथवा प्रेमिकालाई व्यर्थमा प्रेम गरियो भने—अनि के गर्ने? मानिसले आफ्नो अफसोस पानीमा मात्र लेख्ने जरूरत हुदा त्यसले ती अफसोस ढुंगामा खोद्‌ला? अँहँ, हे शी, मलाइ आफ्नो आयुदीभर बाँच्न र आफ्नो पुस्तासँग बूढो हुन, अनि काल आएपछि मर्न, र बिर्सेर जान इच्छा छ। किनभने म त्यो अजरम्मरीको निति आशा गर्छु जसको अगाडि शायदहजूरले दिन सक्ने छोटो अवधि ठूलो संसारको नापोसित दाँज्दा एक औंलको

लमाइ मात्र जस्तो हुनेछ; यो कुराको विचार राख्नुहोस्! मैले आशा गरेको र मेरो धर्मले मलाइ कबुलेको अमरताले मेरो आत्मालाई यहीं नबाँधी नछोड्ने बन्धनबाट मुक्त गर्नेछ। किनभने, शरीर रहेसम्म सन्ताप, खराब कुरा, र पापका बिच्छीडसाइ पनि नरही छोड्दैन; तर हामीबाट मासु खसेपछि, अविच्छिन्न कल्याणको उज्ज्वलताको लुगा लाएर आत्मा झल्कँदै निस्कनेछ, आफ्नो साधारण हावाको सट्टा साह्रै उच्च विचारका यस्ता दुर्लभ बादलउपरका आकाशमा त्यसले सास फेर्नेछ, जसमा रङमङिन हाम्रो मनुष्यत्वको उच्चतम आकाङ्क्षा, अथवा कुमारीको प्रार्थनाको अति पवित्र धूपसमेत, ज्यादै अपवित्र ठहरिनेछ।'

अलि अलि हाँसेर आरशाले जवाब दिइन्, 'तिमी माथि हेर्छौ, र बिगुल जस्तो स्पष्टसँग, र निश्चित आवाजले कुरा गर्छौ। तैपनि म विचार गर्छु, अहिले भर्खर तिमीले त्यो अज्ञात कुराको बारेमा कुरा गर्‍यौ जसबाट कात्रोले हामीलाई छेक्छ। जे होस्, शायद तिमी यसको उज्ज्वलता, अर्थात् पछि हुने उज्ज्वलतामा, आफ्ना अनुमानको रंगित ऐनाद्वारा आफ्नो धर्मको आँखाले हेर्छौ। अनुमानका यी नाना किसिमका रङ र विश्वासको यस कुचीले मनुष्य जातिले यसरी खिच्न सक्ने भविष्यका तस्वीरहरू अनौठा हुन्छन्! यो कुरा पनि अनौठा, छ कुनै एउटा तस्वीर अर्कोसँग मिल्दैन! म तिमीलाई भन्न सक्थें—तर भइगयो, के फाइदा—मूर्खबाट उसको पानीको फोका किन खोस्नू? जानदेऊ, अनि म प्रार्थना गर्छु, ए होलि, तिमीमाथि बिस्तारै बिस्तारै घस्रंदै आएको बूढो उमेरले र मगजमा बुढ्याइँको बोधो धारले धूमधाम गरेको तिमीले थाहा पाउँदा, मैले तिमीलाइ दिन खोजेको राजसी वरदान तिमीले

फ्याँक्यौ भन्ने कुराले चित्त दुखाएर पश्चात्ताप नगरे। तर भएरै आएको कुरा हो; मानिस आफ्नो हातले टिप्न सकेको कुराले कहिले पनि संतुष्ट हुन सक्तैनन्। अँध्यारोमा उसलाइ उज्यालो दिन उसैको निमित्त बत्ती बल्यो भने, सोझै उसले त्यस बत्तीलाइ फ्याँकिदिन्छ, किनभने त्यो तारा होइन। भासहरूमा राँके भूत जस्तै, उसको खुट्टाको एकदम अगाडि सुक्ख नाच्छ, अनि यही आगो नसमाती उसलाइ चित्त बुझ्दैन, त्यो तारा नलिई उसलाइ चित्त बुझ्दैन! उसको निमित्त सौन्दर्य केही कुरा होइन, किनभने झन् मह जस्ता गुलिया अधर पाइन्छन्; अनि धन दारिद्र्य हो, किनभने झन् गहँगो धनद्वारा उसलाइ अर्कोले हलुंगो पार्न सक्छ; तथा कीर्ति फोस्रो हो, किनभने, उभन्दा ठूला मानिस अरू भएका छन्। तिमीले यसो भन्यौ, म तिम्रै कुराले तिमीलाई उल्ट्याउँछु। भइगयो, तारालाइ अठ्याँउछु भन्ने सपना तिमी देख्छौ। म यो कुरा पत्याउन्नँ, उसैले म तिमीलाइ, 'मेरो होलि, बत्ती फ्याँकेकोमा बेकूफ भन्छु।'

मैले केही जवाब दिइन किनभने, खासगरी लिओको अगाडि, म उनलाइ भन्न सक्तैनथें कि मैले उनको चेहरा हेरेको हुनाले यो सधैं मेरो आँखाअगाडि रहिरहन्छ भन्ने मलाइ थाहा थियो, र उनको संझनाले र नअघाएको प्रेमको अत्यन्त जलनले सधैं पिरिएर तथा सास्ती भोगेर जीवन लम्याउने इच्छा मलाइ थिएन। तर हुन पनि त्यस्तै थियो, त्यस्तै, अफसोस, अहिलेको घडीसम्म पनि छ!

आफ्नो स्वरलाइ र विषयलाइ एकदमै बदलेर शीले भनिन्, 'अब मलाइ भन, मेरो क्यालिक्रटीज, किनभने अहिलेसम्म मलाइ थाहा छैन, कसरी तिमीहरुले मलाइ यहाँ खोज्दै आयौ?

हिजो राती क्यालिक्रटीजलाई—जसलाइ तिमीले मरेको देख्यौ—तिमीले तिम्रा पुरुखा हुन् भन्यौ। कसरी? मलाइ भन—तिमी धेरै बोल्दैनौ!'

उनले यसरी आग्रह गरेको हुनाले, बट्टा र आफ्नी पुरुखा मिश्रदेशीय अमेनर्टसले लेखेको खपटाको गजबको कथा नै हामीलाइ यहाँ ल्याउने कुरा हो भनेर लिओले उनलाइ भन्यो। आश्शाले ध्यान दिएर सुनिन्, अनि, उसको कुरा सिद्धिएपछि, मलाइ भनिन्।

हामीले असल र खराबको वारेमा कुरा गर्दा 'मैले एक पटक, भनेको होइन, ए होलि—मेरा प्रियतम विरामी भएर ओछ्यान परेको वेलाको कुरा हो—कि असल कुराबाट खराब कुरा, खराब कुराबाट असल कुरा आउँछ—जसले रोप्छ त्यसलाइ यस्तो बाली हुन्छ भन्ने थाहा हुँदैन, न त हान्ने मान्छेलाइ प्रहार यहाँ पर्छ भन्ने थाहा हुन्छ? हेर, अहिले; यो मिश्रदेशीय अमेनर्टस, नाइलकी यो शाहजादी, जसले मलाइ घृणा गरी, जसलाइ म अहिले पनि घृणा गर्छु, किनभने एक हिसाबले उसले मलाइ जिती—हेर, म भन्छु, उही नै आफ्नो आशकीलाइ मेरो अँगालोमा डोऱ्याएर ल्याउने अगुवी बनी! उसैको निमित्त मैले उनलाइ मारें, अहिले हेर, उसैले गर्दा उनी मकहाँ फर्कैर आए! उसले मेरो अनिष्ट गर्न खोजेकी थिई, मैले कुअन्नको बाली काट्नुपरोस् भनी आफ्नो बीउ छरी, तर हेर उसले मलाइ सारा संसारले दिन सक्नेभन्दा बढता कुरा दिई, उसैले खराब र असल कुराको तिम्रो वृत्त मिलाउनालाई तिम्रो निमित्त अनौठो वर्गक्षेत्र आइपुगेको छ, ए होलि!

'अनि उसैले,' एक छिन थामिएर उनले भनिन्—'अनि उसैले सकेदेखि मलाइ मार्नू भनी आफ्नो छोरालाइ उसले अह्राई,

किनभने उसको बावुलाइ मैले मारें । तिमी, मेरो क्यालिक्रटीज, वावु ह्वौ, र एक हिसाबले तिमी छोरो पनि हौ; तिमी आफूउपरको अन्यायको, र धेरै टाढाकी आफ्नी आमाउपरको अन्यायको बदला मसँग लिन्छौ, ए क्यालिक्रटीज ? हेर,' अनि तिनले घुँडा टेकिन् र आफ्नो हस्तिहाड जस्तो छातीको सेतो लुगा उघारिन्—'हेर, यहाँ मेरो मुटु ढुकढुक गर्छ, त्यहाँ गहुँगो धारिलो लामो छुरी, विराम गर्ने आइमाईलाई मार्ने नै छुरी, तिमीले भिरेका छौ । अब छुरी झिकेर बदला लेऊ। धस, भित्रसम्म पस्ने गरी धस !--यसो गर्नाले तिमी संतुष्ट हुनेछौ क्यालिक्रटीज, जीवनभर सुखी मान्छे हुनेछौ, किनभने तिमीले अपराधको बदला चुकाउँछौ र भूतकालको आदेशलाइ मान्छौ ।'

उसले उनलाइ हेर्‍यो; अनि आफ्नो हात पसारी उनलाई तानेर उभ्यायो ।

दिकदारीसँग उसले भन्यो, 'उठ्नुहोस्, आश्शा, हजरको अपकार गर्न म सक्तिनँ भन्ने, अँहँ, हजूरले हिजो राती मारेकी आइमाईको निमित्त पनि सक्तिनँ भन्ने हजूरलाइ राम्ररी थाहा छ। म हजूरको मूठीमा छु, हजूरको कमारै छु । म हजूरलाइ कसरी मार्न सक्छु ?--त्यसमन्दा अगाडि बरु म आफैलाइ मार्छु !'

उनले मुसुक्क हाँसेर जवाव दिइन्, 'तिमीले मसँग प्रेम गर्न थालिसक्यौ भने पनि हुन्छ, क्यालिक्रटीज । अब मलाइ आफ्नो मुलुकको कुरा सुनाऊ—रोमकै जत्रो साम्राज्य भएको त्यो ठूलो जाति छ, होइन ? निश्चय नै तिमी त्यहाँ फर्कनेछौ, त्यो वेस हो, किनभने कोरका यी गुफाहरूमा तिमीले बस्नु भन्ने मेरो इच्छा छैन । अँहँ, तिमी म जस्तो हुनेसाथ हामी

यताबाट जाऔंला—नडराऊ म बाटो निकालुँला—त्यसपछि हामी तिम्रो त्यस इङ्ल्याण्डतिर यात्रा गरौंला, र आफू सुहाउँदो गरी बसौंला। यी त्राक्लाग्दा गुफाहरू र यी घोसे अनुहार भएका मानिसहरूलाइ चटक्क छोडन पाउने दिनलाइ दुइ हज्जार वर्षसम्म पर्खेकी थिएँ, अहिले त्यो दिन आइपुग्यो, र बिदाको दिनतिर केटाकेटीको दिल जस्तै यसलाइ भेट्नालाई मेरो दिल उफ्रन्छ। किनभने तिमी त्यो इङ्ल्याण्डलाई शासन गर्नेछौ—'

लिओले हतपताएर बीचैमा भन्यो, 'तर हाम्री एउटी महारानी अहिले खड़ै हुनुहुन्छ।'

आश्शाले भनिन्, 'त्यो कुरा केही होइन; तिनलाई गद्दीबाट खारीज गर्न सकिन्छ।'

यो कुरा सुनेर हामी दुवै जना आत्तिएर करायौं, उहाँलाई उखाड्नुभन्दा त बरु आफैंहरूलाई उखाडुँला भनेर उनलाइ संझाइदियौं।

अचम्म मानेर आश्शाले भनिन्, 'तर यो त बडो अनौठो कुरो भयो, आफ्ना रैतीले प्रेम गरेकी महारानी! साँच्चि नै म कोरमा बसेदेखि संसार बदलिएको हुनपर्छ।'

फेरि हामीले उनलाइ संझाइदियौं राजाकै चरित्र बदलिएको हो, जुन महारानीको मनि हामी छौं उहाँका विस्तृत मुलुकभरमा सारा विचारवान् मानिसले उहाँको आदर र भक्ति गर्छन्। हामीले यो कुरा पनि उनलाइ भन्यौं कि हाम्रो मुलुकको वास्तविक शक्ति रैतीको हातमा छ; वास्तवमा, हामी जनसमाजका तल्ला सबभन्दा कम शिक्षितवर्गका भोटद्वारा शासन गरिन्छौं।

उनले भनिन्, 'ए, प्रजातन्त्र—त्यसो भए निश्चय नै त्यहाँ

निर्दयी शासक छ, किनभने मैले धेरै अगाडि देखेको छु, प्रजातन्त्रहरूको आफ्नै स्पष्ट इच्छा नहुनाले आखिरमा एउटा निर्दयी शासक खडा गरेर पूजा गरिन्छ।'

मैले भनें, 'हो, हाम्रा निर्दयी शासकहरू छन्।'

उनले अपरिहार्य कुरालाइ मानेर जवाब दिइन्, 'भइगयो, जेसुकै भए पनि हामी यी निर्दयी शासकहरूलाइ नष्ट गर्न सक्छौं र क्यालिक्रटीजले त्यो मुलुकमा शासन गर्नेछन्।'

मैले तुरुन्तै आइशालाइ थाहा दिएँ, इङ्ल्याण्डमा भस्म गर्ने काम सजाविना गर्न सकिने खेलबाड छैन, जुनसुकै यस्तो प्रयत्नलाइ ऐनले विचार गर्छ, र संभवतः आखिरमा फाँसी चढ्नुपर्छ।

उनले नाक चेप्प्याएर हाँसिन्, 'ऐन! ऐन! तिमी बुझ्न सक्तैनौ, होलि, म त्यो ऐनभन्दा माथि छु, क्यालिक्रटीज पनि त्यस्तै हुनेछन्? सारा मानवी ऐन हाम्रो निमित्त पहाडलाइ उत्तर हावा भए जस्तै हुनेछ। हावाले पर्वतलाइ निहुर्‍याउँछ वा पर्वतले हावालाइ? अब मलाई एकलै छोडिदेऊ, र तिमी पनि, मेरो आफ्नो क्यालिक्रटीज, किनभने मैले हाम्रो सफरको निमित्त तयारी गर्नुपर्छ, तिमी दुवैले र तिम्रो नोकरले पनि तयारी गर। तर तिमीसित लुगाको ठूलो भारी नल्याऊ, किनभने हाम्रो तीन दिनको मात्र सफर हुनेछ भन्ने मलाइ लाग्छ। त्यसपछि हामी यहाँ फर्कनेछौं, र सदाको लागि कोरका यी च्याहानसित हामीले बिदा लिन सक्ने बन्दोबस्त मिलाउनेछु। हो, निश्चय नै तिमीले मेरो हातमा चुम्बन गरे हुन्छ!'

उसैले हामी गयौं, मचाहिं, हाम्रो अगाडि अहिले उपस्थित भएको समस्याको भयंकर प्रकृतिमा गहिरोसँग विचार गर्दै गएँ। प्रत्यक्षरूपले भयंकरी शीले इङ्ल्याण्डमा जान मसक्क

आँटेकी थिइन्, उनी त्यहाँ पुग्दाको परिणाम के होला भन्ने विचार गर्दा मलाइ कम्प छुट्थ्यो। उनको शक्ति कति थियो मलाइ थाहा थियो, त्यस शक्तिलाइ पूरासँग उनी प्रयोग गर्छिन् भन्ने कुरामा मलाइ दोधार थिएन। केही समयको निमित्त उनलाइ कायममा राख्नु संभव होला, तर उनको घमण्डी उच्चाभिलाषी आत्मा निश्चय नै फुत्केर आफ्नो एकान्तवासका लामा शताब्दीको सट्टा बदला लिनेछ। जरूरत परेको खण्डमा, र उनको सौन्दर्यको सहायताविनाको शक्तिले उनको मतलब सिद्ध गरेन भने, उनले मनमा अठोट गरेको उद्देश्यतिर उनले भस्म गर्दै आफ्नो बाटो बनाउँछिन्, उनी मर्न नसक्ने हुनाले, र मैले बुझे सम्ममा मारिनँ पनि नसक्ने हुनाले, उनलाइ रोक्ने के कुरा छ? आखिरमा, मलाइ शंका थिएन, तिनले ब्रिटिश राज्यउपर, र संभवतः सारा संसारउपर पूरापूर कब्जा जमाउलिन्, र, तिनले हाम्रो राज्यलाइ अझसम्म संसारले कहिले न-देखेको सबभन्दा गौरवशाली र वैभवपूर्ण चाँडै नै पार्नेछन् भन्ने मलाइ निश्चय थियो तापनि, यो कुरा ज्यानको भयंकर बलि दिएर मात्र हुन सक्थ्यो।

---

१. यो कुरा भन्दा मलाइ दिक्क लाग्छ, जीवनका दुर्घटनाले शीलाइ छुन सक्ने नसक्ने मैले कहिले पनि निश्चित गर्न सकिनं। अनुमान गर्दा छुन सक्तैन भन्ने लाग्थ्यो, नत्र यतिका शताब्दीमा कुनै दुर्घटनाले उनलाइ निश्चय नै खतम पर्ने थियो। यो साँचो कुरा हो, उनले लिओ-लाइ मलाइ मार भनिन्, तर धेरै संभव छ यो आफूप्रति उसको मिजास र मानसिक धारणा जाँचिहेर्नालाइ मात्र थियो। आइशाले कुनै गरँगो उद्देश्यविना मनको आवेग कहिले पनि देखाइनन्।—

ल० हो० हो०

त्यो कथा सपना वा कल्पनाशील मगजको कुनै असामान्य आविष्कार जस्तो लाग्थ्यो, तैपनि यो साँचो कुरा थियो—अचम्मको साँचो कुरा—जसको बारेमा विश्वले चाँडै नै ख्याल राख्नुपर्ला। यी सबै कुराको के अर्थ थियो? धेरै विचार गरेपछि मैले यो सिद्धान्त मात्र झिक्न सकें, यो गजबको प्राणी, जसको मनोवृत्तिले मानो सिक्रीले झैं बन्धन गरेर, र तुलना गर्दा अनपकारी तुल्याएर यतिका शताब्दीसम्म उनलाइ राखेको थियो, संसारको नियम बदल्ने, र शायद, भाग्यको हुकुम जस्तै नमान्न वा चाइँचुइँ गर्न नसकिने शक्ति खडा गरेर असलको निमित्त यस संसारलाइ बिलकुलै बदल्ने हतियारको रूपमा दैवले अहिले प्रयोग गरिन लागेकी थिइन्।

तेईसौं परिच्छेद

सत्यको मन्दिर

हामीले तयारी गर्न धेरै लागेन। जनही एक जोर फेर्नें लुगा प्याक गर्यौं, मेरो हाते व्यागमा केही जगेडा बूट जुत्ता हाल्यौं; फेरि हामीले प्रशस्त गोली गट्ठासाथ आफ्नो पेस्तवाल र एक एकवटा एक्सप्रेस बन्दूक भिर्यौं। ईश्वरको करुणाले र यस बचाउद्वारा हामीले पछि पछि आफ्नो ज्यान धेरै पटक बचायौं। अरू झिटीमुटीहरू, र गह्रुंगा बन्दूकहरू हामीले कोरका गुफामै छाड्यौं।

तोकिएको समयभन्दा केही मिनेटअगाडि आइशाको गुप्त

खोपीमा हामीलाई बोलावट भयो, उनी पनि तयार भएकी रहिछन्, उनले मुर्दाको जस्तो कपडामाथि कालो अलखा लाएकी थिइन्।

उनले भनिन्, 'ठूलो जोखिमको निमित्त तिमीहरू तयार छौ?'

मैले जवाब दिएँ, 'हामी तयार छौं, यद्यपि मेरो हकमा, आश्शा, त्यसमा मलाइ केही विश्वास छैन।'

उनले भनिन्, 'साँचि नै, मेरो होलि, तिमी ती बूढा यहूदी जस्ता छौ—जसको संझनाले मलाइ ज्यादै दिक पार्छ—न-पत्याउने, र आफूले नजानेको कुरा स्वीकार गर्न ढीलो। तिमी देख्नेछौ : त्यहाँको मेरो दर्पणले झूटो बक्तैन भने,' तिनले निर्मल पानीको आह्री जस्तो भाँडालाइ देखाइन्, 'त्यो बाटो प्राचीन समयको जस्तो अझै खुला छ। लौ अब हामी त्यो नयाँ जीवन शुरू गर्नालाई जाऔं, जुन जीवन—कसलाइ थाहा छ कहाँ टुङ्गिन्छ?'

मैले त्यही कुरा दोहो-याएँ, 'ओहो, कसलाइ थाहा छ कहाँ टुङ्गिन्छ?' अनि हामी माझको ठूलो गुफाबाट गएर दिनको उज्यालोमा निस्क्यौं। गुफाको मुखमा लाटै लाटा छ जना डोलेसहित एउटै डोली मात्र पर्खिरहेको देख्यौं; यिनीहरू-सित हाम्रो पुरानो दोस्त बिलाली देख्ता मेरो मन हलका भयो, किनभने मलाइ उसको एक किसिमको माया लाग्थ्यो। लस्बेचौडे गरी परी लाउन आवश्यक नभएको कारणले, आश्शाले आफूबाहेक हामीलाइ पैदल हिंड्न असल ठानेकी थिइन् भन्ने देखियो। गुफामा धेरैसम्म थुनिएपछि यसो गर्न हामीले एकदम गह्‍ुकाएनौं। ती गुफा मरेकाको आखिरी घरको रूपमा काम दिन जतिसुकै सुहाउँदा हुन् तापनि, हामी जस्ता सास फेर्दै रहेका मर्त्य जीवको निमित्त खिन्न पार्ने थिए। संयोगले हो कि वा शीको आज्ञाले हो, गुफाअगाडिको

हामीले भयंकर नाच हेरेको जग्गामा तमाशेहरू थिएनन् । कुनै मान्छे देखिंदैनथ्यो, उसैले शायद शीकै सुसुल्को गर्नै आफूले देखेको कुरा आफ्नै पेटमा राख्ने बानी आवश्यकरूपले परेका लाटीहरूलाई बाहेक कसैलाई हामी गएको थाहा छ भन्ने मलाइ विश्वास थिएन ।

केही मिनेटमा हामी डरलाग्दा भीरको घेरामा जडिएको अजङ्को पन्ना जस्तो खनजोत गरिएको ठूलो मैदान वा पोखरीको पिंदमा फटाफट हिंड्न लागेगी थियौं । आफ्नो राजधानी गर्न कोरका यी प्राचीन जातिले रोजेको त्यो जग्गाको अनौठो किसिममा, पानीको यति ठूलो ताललाइ निकास खोलेर सुकाउन, तथा पछि जम्न नदिने गरी यसलाइ बचाइराख्नालाइ, त्यो शहर बसाउनेहरूले गर्नैपरेको परिश्रम, अक्कल र कालीगडी सीपको छक्कलाग्दो परिणाममा ताजुप मान्ने ताजा मौका यहाँ हामीले पायौं । जहाँसम्म मेरो अनुभव छ, यो, हकीकतमा, प्रकृतिको चेहरामा मानिसले गर्न सक्ने कुराको अद्वितीय उदाहरण हो, किनभने मेरो रायमा सुइज नहर जस्ता, वा मन्सनी सुरुङ जस्ता कामहरू, विचारको महत्ता र विशालतामा यो प्राचीन कामको नजीक पुग्दैनन् ।

हामी करीब आधा घण्टा जति मजालाग्दो शीतलमा ज्यादै आनन्द मानी हिंडिरहेका थियौं । दिनको यस समयमा त्यो शीतलपन कोरको ठूलो मैदानमा सधैं ओल्हैंको :जस्तो देखिन्थ्यो, र जमीनका वा समुद्रका सबै हावाको खाँचोलाइ त्यसले केही टारिदिन्थ्यो—किनभने सबै हावालाइ चट्टानी पहाडको पर्खालले छेकेको थियो । त्यस बेला हामीले ती घरहरूलाइ सफासँग ठमाउन थाल्यौं, ठूलो शहरका ती भग्नावशेष रहेछन् भन्ने विलालीबाट हामीले थाहा पायौं ।

यति टाढावाट पनि ती भग्नावशेष कस्ता गजबका थिए हामी देख्न सक्थ्यौं, जुन कुरा हरेक कदममा झन् झन् पक्का हुँदै जान्थ्यो । वेबिलोन वा थीब्ज, वा उहिलेका ज्यादै पुराना अरू शहरसित दाँज्दा त्यो शहर धेरै ठूलो थिएन; शायद यसको बाहिरी खावामा बाह्र वर्गमाइल जति वा अलिकता बढ्ता जमीन थियो । ती पर्खालहरू पनि, हामी त्यसको नजीक पुग्दा जहाँसम्म विचार गर्न सक्थ्यौं, धेरै अग्ला थिएनन्। जमीन भासिएर, वा कुनै यस्तै कारणले भत्की नढलेको ठाउँमा ती परखालहरूको पहिलेको उच्चाइ शायद चालीस फीटभन्दा बढ्ता थिएन। निःसन्देह नै, यसको कारण के थियो भने, मानिसका हातले खडा गर्न सक्ने जुनसुकैभन्दा ज्यादै बढ्ता भयानक आलीले बाहिरको हमलाबाट कोरका जाति सुरक्षित भएका हुनाले, उनीहरूलाई गृहकलहबाट बचाउ गर्न र देखौवाको निमित्त मात्र पर्खाल चाहिन्थ्यो । तर, अर्को कुरा, ती पर्खालहरू जति अग्ला थिए उत्तिकै चौडा थिए, यी जस्मै, शायद, ती विशाल ओडारहरूबाट ताछेर झिकिएका, कुँदेका ढुंगाले बनेका, र अन्दाजी ६० फीट चौडाइको ठूलो खावाले घेरिएका थिए। यी खावामध्ये धेरैजसो अहिले पनि पानीले भरिएका थिए। सूर्य राम्रै अस्ताउनुभन्दा करीब दश मिनेटअग़ाडि हामी यस खावामा पुग्यौं, अनि यसभित्र ओर्ली यसलाइ पार गर्न ठूलो पुलका टुक्राटाक्रीहरू थुप्रिएको जस्तो देखिने रासमा उक्लनुपर्‍यो, अनि केही मुश्किलसंग पर्खालको सलामीमा चढी टाउकोमा पुग्यौं । त्यस वेला हाम्रो आँखामा परेको दृश्यको महत्ताको खयाल दिन मेरो कलमको शक्ति भए हुन्थ्यो भन्ने म इच्छा गर्छु । त्यहाँ, अस्ताउन लागेका सूर्यका सेता किरणमा सबै नुहाएका, माइलका

माइल भग्नावशेष थिए—हरिया झाडीका टाटाहरू बीच बीचमा रहेका लट्ठा, मन्दिर, पवित्रस्थान, र राजाका महलहरू। जरूरै, यी घरहरूका छाना धेरै अगाडि खसेर सडी वेपत्ता भएका थिए, तर ज्यादै भारीसग गारो लाएको हुनाले, र त्यहाँ काममा लाइएका पहराहरू कडा र खप्ने हुनाले, धेरैजसो क्लास गारा र ठूला लट्ठाहरू अझै खडा रहेका थिएं।

सीधा हाम्रो अगाडि शहरको मूल सडक जस्तो देखिने सोतो फैलिएको थियो, किनभने यो साह्रै फराकिलो र एकनासको थियो। यो टेम्स नदीको तीरभन्दा पनि फराकिलो थियो। हामीले पछिवाट थाहा पायौं, पर्खालहरूमा लाएका जस्तै कुंदेको ढुंगाका चकलाहरूले सबै छापिएको वा बनाइएको हुनाले अहिले पनि यसमा साह्रै कम घाँस र झारपात उम्रेका थिए, किनभने तिनीहरूले बाँझालाइ अलिकता पनि माटो भेट्टाउन सक्तैनथे। तर वाग र बगैंचा भने घना जंगल भएका थिए। हकीकतमा तिनीहरूमा उम्रेका थोरै झारहरूको डढेलो लागेको अनुहारले कैयन् सडकहरूको मार्ग टाढाबाट

---

१. यति धेरै समय—कमसे कम ६ हज्जार वर्षपछि यी—भग्नावशेषको बचिरहेको असाधारण अवस्थाको संबन्धमा यो कुरा संझनुपर्छ कि कोर शत्रु वा भैंचालोले नाश पारिएको वा सल्काइएको थिएन, तर भयंकर महामारीले गर्दा उजाड भएको थियो। उसैले ती घरहरू नबिगारेर छाडिएका थिए; फेरि त्यो मैदानको हावा पानी ज्यादै बेस र सुक्खा थियो, हावा वा वर्षा साह्रै कम आउँथ्यो। यसैले यी अनौठा स्मारकचिन्हहरूले अरू कुराले मदत नदिएको समयको असरसित मात्र लड्नुपर्‍यो, जुन असरले गारोका यस्ता गहकिला ढीकमाथि ढीलोसँग मात्र काम गर्छ।—ल० हो० हो०

पनि पहिल्याउन सजिलो थियो। यी सडकहरू सबै उही रंगका ढुंगाले बनेका थिए। यिनीहरूमध्ये धेरैमा लट्ठाहरू थिए। हजारौं वर्षसम्म कुनै मानिसको खुट्टाले नकुल्चेको (त्यसो भन्दा मैले भूल गरिन भन्ने मलाइ विश्वास छ) मूल सडकमा हामीले छिटोसँग हिंड्दा त्यो हराउन लागेको उज्यालोमा ती लट्ठाहरू मात्र हामी देख्न सकथ्यौं[1]।

एक छिनपछि हामी एउटा कमसे कम ८ एकड जमीन ढाकेको अजङ्को रासमा आइपुग्यौं। त्यसलाइ हामीले ठीक-सँग मन्दिर भन्ने ठान्यौं, जो चोकका सिलसिलामा मिलाइएका थिए, तिनीहरूमध्ये हरेकले चिनियाँ बाकसको किसमले आर्को सानोचाहिंलाइ घेरेका थिए, यो चोकहरु अजङ्का लट्ठाका पंक्तिले छुट्याइएका थिए। मैले यसको विचार गरेको वेलामा, यी लट्ठाहरुको अनौठो आकारको पनि बयान गर्छु, जुन लट्ठाहरु मैले देखेसुनेको कुनैसँग मिल्दैनथे, किनभने

---

१. बिलालीले मलाइ भन्यो, त्यो शहरको जग्गामा भूतप्रेतले वास गरेको छ भन्ने अमाहगरको विश्वास छ, उसैले जे दिए पनि यस-भित्र पस्न उनीहरूलाइ मनाउन सकिंदैन। वास्तवमा, उ आफै पनि यो रिवाजलाइ नमान्न गर्न कत्ति पनि निको मान्दैनथ्यो, र शीको सीधै रक्षामा हुनाले मात्र चित्त बुझाएको थियो भन्ने मैले बुझन सकें। लिओ र मलाइ सारै अनौठा लाग्यो, जुन मानिसहरूलाइ मरेका-हरूसित बस्नालाइ केही आपत्ति छैन, जुन मुर्दासित उनीहरूको घनिष्ठताले शायद हेला पैदा गरेको छ, तथा दाउरा गरेर उनीहरूको शरीरलाइ प्रयोग गर्न पनि सक्छन्, तिनै मानिस यी मरेकै मानिसले जिउँदो हुँदा बसेको घरको नजीक आउँदा डराउँछन्। तर, यो केवल असभ्य असंगतता मात्र हो।—ऊ० हो० हो०

यिनीहरू बीचमा कम्मर छिनेका र तलमाथि फुकेका थिए। पहिले हामीले विचार गर्‍यौं, यो आकारले, धेरै धर्महरूका प्राचीन धार्मिक वस्तुनिर्माणकौशलको साधारण किसम-बमोजिम, मोटामोटी हिसाबले आइमाईको रूप सूचन गर्न वा चिह्नरूपले दर्साउनालाई मतलब गरिएको थियो। तर भोलि पल्ट हामीले भीरमा चढ्दा, खाफिला यस्तै किसमसँग उम्रेका फेद भएका तारका रूखहरू थुप्रै देख्यौं। अहिले मलाइ शंका छैन, ती लट्ठाहरूको नक्सा गर्ने पहिलो मान्छेले आफ्नो विचार यही तारका रूखहरू, वा यिनीहरूका पुरुखाहरूका लज्जत परेका घुमावटबाट झिकेका थिए। यी ताडका पुरुखाहरूले अन्दाजी नौ दश हजार वर्षअगाडि प्राचीन ज्वालामुखीका तालका किनारा बनेका पहाडका सलामीलाइ राम्रो पारेका होलान्।

यो अजङको मन्दिरको मोहडामा हाम्रो सानो ताँती थामियो, आश्शा आफ्नो डोलीबाट ओर्लिहिन्। त्यो मन्दिर मेरो अन्दाजले झन्डै थीब्जको एल-कार्न्याकको मन्दिर जत्रै ठूलो छ (सबभन्दा ठूला लट्ठाहरुमध्ये कुनैलाइ मैले नाप्ता पिंधमा अठार-देखि बीस फीटबीचको मोटाइ र अन्दाजी ७० फीट उचाइका रहेछन्)।

उनलाइ ओर्लेन मद्दत दिन गएको लिओलाइ उनले भनिन्, 'यहाँ मान्छेले सुत्न हुने एउटा कोठा थियो, क्यालिक्रटीज। दुइ हजार वर्षअगाडि तिमी र त्यो मिश्रदेशीय साँप त्यसभित्र बसेका थियौ, तर त्यस बेलादेखि मैले यहाँ पाइला हालेको छैन, र शायद यो भत्केको होला।' त्यसपछि हामीहरुलाइ पछि लाएर उनी खुड्किलाहरु भत्केको फराकिलो सीढीमाथि चढेर बाहिरी चोकमा गइन्, र अँध्यारोमा वरिपरि हेरिन्।

एक छिनपछि उनलाइ संज्ञना भएको देखियो, अनि बायाँ-पट्टिको पर्खालनेरबाट केही कदम गएर तिनी थामिइन्।

रसद र हाम्रा अलिकता भारी बोकेका दुइ लाटाहरूलाइ अघि वढ्न इशारा गरेर आश्शाले भनिन्, 'यहाँ पहिलेकै जस्तो छ।' ती लाटाहरूमध्ये एउटा अगाडि आयो, र बत्ती झिकेर आफ्नो फिलिंगे भाँडाबाट त्यसलाइ सल्कायो, किनभने अमाहगरले सफर गर्दा आगो सल्काउनाको निमित्त वलेको फिलिंगो हालेको सानो पोका सधैं आफूसित बोक्छन्। यो फिलिंगो हाल्ने भाँडाको झुलो नकुहुने पारेका मुर्दाको भाँचेका टुक्राहरु वडो होशियारीसँग भिजाएर बनाएको हुन्थ्यो, चिसो पार्ने मिसावट ठीकसँग गरिएको छ भने यो अपवित्र मसला धेरै घण्टासम्म सल्किरहन्छे जसै वत्ती वल्यो हामी आश्शा अडिएको ठाउँमा पस्यौं। यो गारोको मोटाइमा खोदेर बनाएको कोठरी रहेछ र, गहुँगो ढुंगाको टेबुल रहेकोबाट, शायद त्यो ठूलो मन्दिरका ढोकेहरुमध्ये एउटाको बस्ने कोठाको रूपमा यसले काम दिएको थियो भन्ने मैले अनुमान गर्नुपर्छ।

यहाँ हामी बास बस्यौं, अनि त्यस ठाउँलाइ सफा गरेपछि तथा परिस्थिति र अन्धकारले दिएसम्म सुविस्ताको तुल्याएपछि, अलिकति चिसो मासु खायौं—कमसे कम लिओ, जौव,

---

१. आखिरमा हामी यी विषयमा अमाहगरभन्दा बढ्ता पुगेका छैनौं। "ममी (नकुहुने पारेको मुर्दा)," अर्थात्, पिंधेको प्राचीन मिश्रदेशवासी, चित्रकारीहरुले, र खास गरी पुराना कहलिएका चित्रकारहरुका चित्रको नकल उतार्नामा आफ्नो जेहेनलाइ ढल्काउने चित्रकारीहरूचाहिंले प्रयोग गरिएका रोगन हो भन्ने मलाइ पत्यार छ।—सम्पादक।

र मैले खाएँ, किनभने मैले एक ठाउँमा भने जस्तो लाग्छ,आश्शा रोटी, फलफूल र पानीबाहेक अरू केही कहिले छुँदैनथिन् । हामीले खाइरहेको वेलामा पूर्ण चन्द्रमा पर्खालरूपी पहाड्-माथि उदाएर रुपौला किरणले त्यस ठाउँलाइ व्याप्त गर्न थालेका थिए।

आश्शाले आफ्नो हातमा टाउको अड्याएर मन्दिरका गंभीर लट्ठाहरुमाथि स्वर्गकी कुनै महारानी जस्तै उदाउँदा त्यो ठूलो मण्डललाई हेरेर भनिन्, 'तिमीहरुलाइ आज राती यहाँ मैले किन ल्याएँ थाहा छ, मेरो होलि ? मैले तिमीलाइ ल्याएँ--होइन, अनौठो कुरा हो, तर तिमीलाइ थाहा छ, क्यालीक्रटीज, अहिले तिमी त्यही ठाउँमा पल्टेका छौ जहाँ यतिका वर्षअगाडि कोरका ती गुफामा मैले तिमीलाइ बोकेर ल्याँदा तिम्रो मृत शरीर रहेको थियो ? त्यो दृश्य मेरो मनमा फेरि जागृत हुन्छ। म त्यसलाइ देख्न सक्छु, मेरो दृश्यमा त्यो साह्रै भयानक छ !' अनि तिनी काँपिन्।

त्यो सुन्दा लिओ हत्तपत्त उठ्यो र ठाउँ फेरेर बस्यो। त्यस संझनाले अश्शालाई जतिसुकै असर गरोस, उसलाई त्यसमा चाख लागेको सफासँग देखिन्थ्यो।

एक छिनपछि उनले भन्दै गइन्, 'मानिसका आँखाले अझसम्म देखेका कुराहरुमा सबभन्दा गजबको दृश्य तिमीले देख्न सके भनी मैले तिमीहरुलाई ल्याएको हुँ—अर्थात् भग्नावशेष कोरमाथि उदाएको पूर्ण चन्द्र। तिमीले खाइसकेपछि—फलबाहेक अरू केही नखान तिमीलाई मैले सिकाउन सके हुन्थ्यो, क्यालिक्रटीज, तर त्यो कुरा तिमीले आगोमा नुहाएपछि आउनेछ; एक पटक म पनि, क्रूर पशु जस्तो मासु सान्थें—तिमीहरुले खाइसकेपछि हामी बाहिर जाऔंला,

अनि म तिमीलाई यो ठूलो मन्दिर र मानिसहरुले एक चोटि त्यहाँ पूजा गरेको देउतालाइ देखाउँला।'

जरूरै हामी तुरुन्तै उठ्यौं, र रमाना भयौं। यहाँ पनि मेरो कलमले धर्म छोड्छ। मैले नापो लिएको खण्डमा पनि त्यस मन्दिरका कैयन् चोकहरुका विवरण र नापोका सिलसिला दिनु झर्को लाग्ने मात्र हुनेछ; तैपनि आफूले देखेका कुरा कसरी मैले बयान गर्नें मलाइ थाहा छैन। यो भत्केको बिग्रेको अवस्थामा पनि झण्डै समझको शक्तिबाहिरको गौरवशाली थियो। धमिला चोकमाथि चोक, अजङ्का लट्ठाहरुको पंक्तिमाथि पंक्ति—खास गरी ढोकामा उनीहरुमध्ये कुनै, टाउकोदेखि फेदसम्म कुँदिएका—खालि कोठाहरुको जग्गामाथि जग्गा जसले जुनसुकै भीड लागेका सडकहरुभन्दा कल्पनामा बढ्ता वाक्पटुतासँग बोल्थ्यो। अनि सबै कुरामाथि मरेका-हरुको पट्ट निस्तब्धता, बिलकुल एकलासपनको खयाल, र भूतकालको झ्यास्म छोप्ने प्रभाव! यो कति राम्रो थियो, तैपनि कति उच्चाटलाग्दो! हामीले ठूलो स्वरले बोल्न साहस गरेनौं। आइशा नै पनि त्यो प्राचीनताको सामुन्नेमा धकाएकी थिइन् जुन प्राचीनतासित दाँज्दा उनको आयुको लम्बेपन पनि सानो कुरा मात्र थियो; हामीले साहुती मात्र गर्‍यौं, हाम्रो साहुती लट्ठा लट्ठामा दौडेको जस्तो लाग्थ्यो, आखिरमा तिनीहरु शान्त हावामा वेपत्ता हुन्थे। लट्ठा, चोक र छिया छिया भएका पर्खालमा उज्ज्वलसँग जून पर्‍यो र रातको अनौठो महिमाले उनीहरुको सेतो गौरबलाई लुगा लाएर आफनो रुपौलो पोशा-कमा उनीहरुका सारा छिद्र र अपूर्णतालाई ढाक्यो। कोरको यो भत्केको मन्दिरमा पूर्णचन्द्रले घेरेको हेर्नु गजबको दृश्य थियो। कति हजारौं वर्षसम्म माथिको मरेको मण्डल र

तलको मृत शहरले परस्परलाई कसरी हेरेका, र जग्गाको बिलकुल एकान्तमा परस्परलाई आफ्नो बितेको जीवन र धेरै अगाडि लोप भएको महिमाको कथा सुनाएको विचार गर्दा अचम्म लाग्थ्यो । त्यो सेतो उज्यालो माथिबाट पर्‍यो, र मिनेट मिनेट शान्त छायाँ घाँस उम्रेको चोकमा प्राचीन पुरेतहरुका प्रेत आफ्नो पूजाको घरमा रैथाने भएको जस्तो गरी सर्‍यो—त्यो सेतो उज्यालो माथिबाट पर्‍यो, लामा छायाँहरू बढ्दै गए, र आखिरमा त्यस जग्गाको सौन्दर्य र महत्ता तथा यसको वर्तमान मृत्युको तालीम नगरेको गौरव हाम्रो आत्मैसम्म गाडिएको देखियो, तथा च्याहानले निलेको, र स्मरणशक्तिले नै बिर्सेको गौरव र महिमाको सम्बन्धमा पल्टनको कोहोलोभन्दा पनि ठूलो आवाजसँग बोलेको जस्तो लाग्यो ।

मलाई थाहा छैन कति बेरसम्म हामीले एकोहोरो हेरिरह्यौं । पछि आश्शाले भनिन्, 'आऊ, समयलाई आफ्नो सौन्दर्यले गिज्याउन र घुम्टो पछाडिको कुराको निमित्तको तिर्सनाले मानिसको दिललाई भर्न अझै खडा छ भने. साक्षात् आश्चर्यकै मुकुट र मनोहरताको पत्थरिलो फूल म तिमीहरुलाई देखाउँछु,' अनि, जवाफको निमित्त नपर्खेर त्यस प्राचीन मन्दिरको भित्रीचाहिँ पवित्र स्थानमा अझ दुइटा लट्ठावाल. चोकबाट हामीलाई तिनले लगिन् ।

त्यहाँ, अन्दाजी ५०, ६० वर्ग गज भएको सबभन्दा भित्रको चोकको बीचमा पृथिवीलाई आफ्ना पुत्रहरुको जेहेनले अझसम्म दिएकोमा शायद सबभन्दा भारी कलाको रूपकसंबन्धी कामको सन्मुखमा हामी खडा भयौं । किनभने चोकको ठीक माझमा, चट्टानको मोटो चारपाटे चप्लेटोमा अन्दाजी २० फीट

व्यास भएको कालो रङ्को ढुङ्गाको अजङ्को गोला थियो। त्यस गोलामा उभिएको यस्तो मोह पार्ने र ईश्वरीय सौन्दर्य-को पखेटावाल अजङ्को मूर्ति थियो कि चन्द्रमाको कोमल ज्योतिद्वारा उज्यालो र छायाँ परेको यसमा पहिलो पटक मेरो आँखा पर्दा मेरो श्वास बन्द भयो र एक छिनसम्म मेरो मुटुले ढुकढुक गर्न छोड्यो।

यो सालिक यस्तो शुद्ध र सेतो सिंगमरमरको बनेको थियो कि अहिले पनि, ती सारा जुगपछि, चन्द्रमाको किरण यसमाथि नाच्ता यो चहकिलो भयो; र यसको उच्चाइ २० फीटभन्दा बढ्ता थियो भन्नैपर्छ। यो सालिकले यस्तो अचम्मको रूपको सुकुमारीपन र मनोहारिता भएकी आइमाईको पखेटावाल मूर्ति दर्साउँथ्यो कि त्यस कदले यसको यस्तो मानुषिक र तैपनि बढ्ता आध्यात्मिक सौन्दर्य-लाइ घटाउनुभन्दा बढाएकै देखिन्थ्यो। त्यो आइमाई अगितिर झुकेर मानो झुक्ता आफ्नो तौल ठीक राख्नलाइ झैं आफ्नो आधा फिंजाएको पखेटामा आफूलाई अड्याई उभिएकी थिई। उसका हात ज्यादै प्रेम गरेको मान्छेलाइ अङ्कमाल गर्न खोजे-की कुनै आइमाईको हात जस्तो पसारिएका थिए; उनको सारा छाँटले चाहिं सारै कोमल निवेदनको भाव दिन्थ्यो। उनको पूर्ण र ज्यादै लज्जतदार रूप निर्वाङ्ग थियो, खालि—यो चाहिं असामान्य कुरा छ—चेहरामा पत्ला घुम्टो थियो, उसैले हामीले उनको आकृतिको बाह्य रेखा छुट्याउन मात्र सक्थ्यौं। छर्लङ्ग देखिने घुम्टोले टाउकोलाइ मोहोरेको थियो, र यसका दुइ टुप्पामध्ये यौटाचाहिं त्यसमनि उठेको उनको बायाँ छाती-माथि लट्केको थियो, आर्कोचाहिं, अहिले भाँचिएको, उनको पछाडि हावामा उडेको थियो।



सत्यको मन्दिर

त्यस सालिकबाट मेरो आँखा हटाउन सक्नासाथ मैले सोधें, 'तिनी को हुन् ?'

आश्शाले जवाफ दिइन्, 'तिमी अन्दाज गर्न सक्तैनौ, ए होलि ? उसो भने खै त तिम्रो कल्पना ? यस पृथ्वीमाथि उभिएको र आफ्ना पुत्रहरूलाई मेरो मुखबाट घुम्टो झिक भनेर पुकारिरहेको सत्य हो । बैठकमा के लेखेको छ हेर । यो निःसन्देह कोरका यी मानिसहरुका धर्मशास्त्रका पुस्तकबाट झिकेको हो,' अनि उनले सालिकको पिंदमा हामीलाई लगिन्, जहाँ चिनियाँ जस्तो देखिने मासूली किरीमिरी भएको लेख यति गहिरोसँग खोदिएको थियो कि यो अझसम्म, कमसे कम आश्शाको निमित्त, बिलकुल बुझिने थियो । उनको अनुवादको हिसाबले त्यो तल लेखिएबमोजिमको थियो :—

'घुम्टो तानेर मेरो मुखमा हेर्ने कुनै मान्छे छैन, किनभने यो सारै राम्रो छ ? जसले मेरो घुम्टो तान्छ म उसैकी हुन्छु, अनि म उसलाइ शान्ति, तथा ज्ञान र सुकर्मका राम्रा छोराछोरी दिन्छु ।

अनि एउटा अवाजले भन्यो, 'तँलाइ खोज्ने सबैले तँलाई चाहन्छन् तापनिः हेर् ! तँ कुमारी छस् , समय रहेसम्म तँ कुमारी नै हुनेछस् । तेरो घुम्टो तानेर बाच्न सक्ने कुनै मान्छे आइमाईबाट जन्मेको छैन, न पछि जन्मन्छ । मृत्युद्वारा मात्रै तेरो घुम्टो तान्न सकिन्छ, हे सत्य !'

अनि सत्यले आफ्नो हात पसारेर रोई, किनभने फकाउनेहरूले उसलाइ लिन सक्तैनथे न उसलाइ मुखामुख गरेर हेर्न सक्थे ।

अनुवाद गरिसकेपछि आश्शाले भनिन्, 'तिमीले बुझ्यौ, प्राचीन कोरका यी जातिकी देवी सत्य थिइन्, अनि तिनीहरूले पवित्र स्थान बनाएर उनलाई खोजे; कहिल्यै पनि हामी पाउदैनौं भन्ने जान्दाजान्दै पनि उनीहरूले खोजे ।'

मैले दिकदार मानेर थपें, 'उसै गरी, अहिलेसम्म पनि मानिसहरू खोज्छन्, तर पाउँदैनन्, र यस धर्मशास्त्रले भने-बमोजिम, पछि पनि तिनीहरूले पाउनेछैनन् ; किनभने मृत्युमा मात्र सत्य पाइन्छ ।'

त्यसपछि, यो घुम्टो हालेको र आध्यात्मिक पारिएको मनोहारितामा फेरि एक पटक हेरेर हामी त्यो विशाल जून लागेका चोकहरूको बीचबाट जुन बाटोले आयौं उही बाटोले फर्क्यौं । त्यो सालिकको मनोहरता यस्तो पूर्ण र यस्तो पवित्र थियो, हामी करीब करीब अनुमान गर्न सक्थ्यौं, त्यो सिंगमर-मरको बन्धनबाट मानिसलाई उच्च र आकाशीय विचारमा लान सजीव आत्माको ज्योति चम्केको थियो--कविको सौन्दर्य-को सपना जमेर यो ढुंगा भएको, बाचुञ्ज्यालसम्म म कहिल्यै त्यो बिर्सनेछैन । मैले त्यो सालिकलाई फेरि देखिनँ, यो कुराको म झन् खेद मान्छु, किनभने त्यो मूर्त्ति उभिएको पृथ्वीलाई दर्साउने ढुङ्गाको ठूलो गोलामा रेखाहरू खिचिएका थिए जो, पूरा उज्यालो भएको भए, कोरका जातिलाई थाहा भएबमोजिमको विश्वको मानचित्र हामीले भेट्टाउन धेरै सम्भव थियो । कमसे कम यसले सत्यका यी धेरै अघि मरेका पूजारी-हरूले पृथ्वी गोल छ भन्ने कुरा मानेका थिए भन्ने कुनै वैज्ञानिक ज्ञानको सूचन गर्छ ।

चौबीसौं परिच्छेद

फल्याकको फट्के

भोलिपल्ट लाटाहरूले हामीलाइ झिसमिसे नहुँदै उठाए। हामीले आँखा मिचेर निद्रा धपायौं अनि पानीको मूलमा नुहाएर चङ्गा भयौं। त्यो मूल अझसम्म वडेमा बाहिरी चोकको उत्तर चारपाटे पाटोको बीचमा सिंगमरमरको रहेपहेको पोखरीमा भुलभुल निस्किरहेको थियो। त्यस वेलासम्म हामीले शीलाइ बाटो लाग्न तयार भई डोलीको नजीक उभिइरहेकी देख्यौं, बूढो बिलाली र दुइ जना लाटा डोलेचाहिं झिटीमिटी बटुल्न लागिरहेका थिए। साविकबमोजिम आश्शाले सिंगमरमरकी सत्यजस्तै घुम्टो हालेकी थिइन्, त्यस वेला मेरो मनमा झट्ट आयो, तिनले आफ्नो सौन्दर्य ढाक्ने खयाल त्यस सालिकबाट लिएकी हुनुपर्छ। तर मैले देखें, उनी सारै खिन्न भएकी थिइन्, त्यो अहंकारी र फूर्तिलो ढब उनमा कत्ति पनि थिएन, जुन ढबले गर्दा उनी जस्तै घुम्टो हालेकी भए तापनि उही कदका हजार आइमाईको बीचमा उनलाई चिन्हाउँथ्यो। हामी आउनासाथ उनले शिर उठाइन्—किनभने उनको शिर निहुरेको थियो—अनि हामीलाई स्वागत गरिन्। लिओले राम्रोसित सुत्नुभयो भनी उनलाई सोध्यो।

उनले जवाब दिइन्, 'खराबसँग, मेरो क्यालिक्रटीज, खराबसँग! आज राती मेरो मगजमा अनौठा र बीभत्स सपनाहरू सलसलती आए, मलाइ थाहा छैन तिनीहरूले के जताउँछन्। कुनै अनिष्ट कुराले मलाइ झन्डै घेरे जस्तो लाग्छ; तैपनि, कसरी अनिष्ट कुराले मलाइ छु न सक्छ? मलाइ केही भयो भने,' आइ-

माईमा हुने कोमलताको अकस्मात्को उच्छ्वाससहित तिनले भन्दै गइन्, 'त्यसले गर्दा म केही बेरसम्म सुतें र तिमीलाइ विउँझै छोडें भने तिमी मेरो उपर माया गर्छौ कि गर्दैनौ भन्ने लाग्छ? तिमी नफर्कुन्ज्याल मैले यतिका शताब्दीसम्म पर्खें जस्तै, मेरो क्यालिक्रटीज, म नफर्केसम्म पर्खन्छौ कि पर्खंदैनौ भन्ने लाग्छ?'

त्यसपछि, जवाबलाइ नपर्खेर तिनले भन्दैंगइन्, 'हामीलाइ टाढा जानु छ, बाटो लागौं। त्यो नीलो आकाशमा अर्को दिन जन्मनुअगाडि जीवनको स्थानमा हामीले उभिनुपर्छ।'

पांचै मिनेटपछि फेरि हामी त्यो भत्केको शहरको बीचबाट जान लागेका थियौं। त्यो शहर राम्ररी नउम्रेको विहानको उज्यालोमा एकदम भडकदार र दिलमा बोझ पार्ने किसिमले दुवै तर्फ धुमधुमति परेको थियो। कथाले युक्त भएको उचाटलाग्दो यस ठाउँको बीचबाट उदाउन लागेका सूर्यको पहिलो किरण सुनौला काण जस्तै हानिएकै वेलामा हामी बाहिरी पर्खालको पल्लो ढोकामा पुग्यौं। यहाँ, आफू हिंडेको बाटोवरिपरिको सेतो र लट्ठादार गौरवमा एक पटक नजर दिएर, अनि—भत्केको कुरामा चाख नमान्ने जौवबाहेक--यसको भित्र भित्र गई हामीलाइ जाँच्ने फुर्सत भएन भन्ने खेदको लामो सास फेरी, वरिपरिको खावालाई पार गरेर हामी पल्लोपट्टिको मैदानमा गयौं।

जसै सूर्य चढ्दै गए आश्शाको फूर्ति पनि बढ्द गयो, अनि आखिरमा उनको फूर्ति आफ्नो साविकको ठाउँमा पुग्यो, तिनले हाँसेर आफ्नो खिन्नताको दोष उनी सुतेको ठाउँको सेरोफेरोलाई लाइन्।

उनले भनिन्, 'कोरमा भूतप्रेतले वास गरेको भनी यी

जंगलीहरू किरिया हाल्छन्, साच्चि नै म उनीहरूले भनेको पत्याउँछु, किनभने एक पटकबाहेक यस्तो खराब रात मैले कहिले पनि जानेकी थिइनं। त्यो रात म अहिले संझन्छु। तिम्रो लास मेरो खुट्टामा पसारिएको वेलामा त्यही ठाउँमा हो, क्यालिक्रटीज। म त्यस ठाउँमा फेरि कहिल्यै पनि जान्न; त्यो अलच्छिना ठाउँ हो।'

विहानको खानाको निमित्त एक्कै छिन विलम्ब गरेर हामी यस्तो खुशीसित अगाडि बढ्यौं कि दिनको दुइ बजे ज्वालामुखीको डिल बनेको चट्टानको अजङको भीरको फेदीमा पुग्यौं। त्यो भीर यस ठाउँमा हाम्रो माथि पन्ध्र सय वा दुइ हज्जार फीटसम्म ठाडो भएर गएको थियो। यहाँ हामी अड्यौं, त्यसमा केही ताजुव थिएन, किनभने त्यसभन्दा अगाडि वढ्न संभव छ भन्ने मैले देखेको थिइनँ।

डोलीवाट ओर्लेर आइशाले भनिन्, 'अव हाम्रो परिश्रम भर्खर शुरू हुन्छ, किनभने हामीले यी मानिसलाइ यहीं छोडेर यहाँदेखि झिटीमिटी आफ आफैले बोक्नुपर्छ।' त्यसपछि उनले बिलालीलाइ भनिन्, 'तँ र यी कमाराहरू यहाँ वसेर हामी नफर्केसम्म पर्खनू। भोलि मध्यान्हमा हामी तिमीहरूकहाँ आइपुग्नेछौं--आइपुगेनौं भने, पर्खनू।'

बिलाली नम्रतापूर्वक झुक्यो, अनि बूढो भएसम्म पनि त्यहीं वसिरहनुपर्छ भने पनि उनको पूज्य आज्ञा मानिनेछ भन्यो।

जौबलाइ देखाएर शीले भनिन्, 'यो मान्छेले पनि, ए होलि, यहीं पर्खेर वस्नु सवभन्दा बढिया कुरा हो, किनभने यसको दिल उच्च र साहस ठूलो छैन भने, शायद उसलाइ कुनै अनिष्ट हुन केही वेर छैन। फेरि, हामी जान लागेका ठाउँको रहस्य जसको पायो उसको आँखालाइ योग्य छैन।'

मैले जौवलाइ यो कुरा उल्था गरेर सुनाउँदा तुरुन्तै उसले मलाइ नछोड्नुहोस् भनी झन्डै रोएर आग्रहपूर्वक मसँग विन्ति विन्ति गर्‍यो। उसले भन्यो, 'अघिबाटै देखिसकेको भन्दा खराब कुरो देखिनै सक्तैन भन्ने मलाइ निश्चय छ, यी लाटा मानिसहरूसित एकलै छाडिने भन्ने विचारले मात्र पनि म डरले भुतुक्क हुन्छु। किनभने ती लाटा मानिसहरूले तातो भाँडो मेरो टाउकोमा राखी मार्ने मौका छोप्न केही बेर छैन भन्ने म ठान्छु।'

उसको कुरा उल्था गरेर मैले आइशालाइ भन्दा उनले कुम हल्लाएर जवाब दिइन्, 'भइगयो, आउन देऊ, त्यसमा मलाइ केही छैन; जवाबदेही उसैको टाउकोमा परोस्। उसले बत्ती र यो बोकने काम दिनेछ,' अनि उनले आफ्नो डोलीको लामो डाँडीमाथि बाँधेको अन्दाजी सोह्र फीट लामो सानो फांद भएको फल्याकलाइ देखाइन्। झापनलाई फराकिलो पार्न त्यो फल्याक त्यसरी बाँधिएको होला भन्ने मैले ठानेको थिएं, तर अहिलेको कुराबाट देखियो, हाम्रो असाधारण कामसित संबन्ध भएको कुनै नजानिएको मनसायको निमित्त रहेछ।

उनको आज्ञाबमोजिम दरिलो भए तापनि साह्रै हलका त्यो फल्याक र एउटा बत्ती जौबले बोक्यो। अर्को बत्तीचाहिं जगेरा तेलको भाँडोसमेत मैले आफ्नो पिठिउँमा झुण्डाएँ, लिओले चाहिं रसद र बाखाको छालाको तुम्बीमा केही पानी बोक्यो। यति गरेपछि शीले बिलाली र छ जना लाटा डोलेलाइ हामी देखिन नछोडेसम्म त्यताबाट निस्क्यौ भने मारिने छौ भनी अन्दाजी सय गज टाढा चाँपाको कुञ्जपछाडि जानू भनेर अह्राइन्। उनीहरू नम्रतापूर्वक झुकेर गए। जाने वेलामा बूढो बिलालीले मित्रतापूर्वक मसँग हात मिलायो, अनि साहुती

गरेर भन्यो, 'यो अचम्मको यात्रामा "आज्ञा-मान्नैपर्ने-शी" सित म जानुभन्दा बरु तिमी गएकोमा म खुशी छु।' उसको विचारमा मलाइ पनि सहमत हुन मन लाग्यो। एक छिनमै उनीहरू गए; त्यसपछि, 'तिमीहरू तयार छौ कि छैनौ' भनी छोटकरीसंग सोधेर, आश्शा फर्किन् र अग्लो भीरतिर हेरिन्।

मैले भनें, 'हे परमेश्वर, लिओ, पक्का हामीले त्यो भीर चढ्ने होओइन!'

आधा मोह परेको, आधा उत्सुक रहस्यीकरण अवस्थामा रहेको लिओले आफ्नो कुम हल्लायो, अनि त्यस वेलामा आश्शा एक्कासि उफ्रेर त्यो भीर चढ्न थालिन्। त्यहाँ जरूरै हामीले उनको पछि पछि जानुपर्थ्यो। एक चट्टानबाट अर्को चट्टानमा उनी उफ्रँदा, र सानो पेटीमा झुल्दाको सुगमता र लावण्य देख्ता छक लाग्थ्यो। फर्केर हेर्दा बेमज्जा लाग्ने एक दुइ खराब ठाउँ पार गर्‍यौं तापनि, त्यो भीर चढ्न ठाने जति मुश्किल थिएन; किनभने यहाँ यो चट्टान अझ सलामी परेको थियो, जति जति माथि हुँदै गयो एकदम ठाडो थिएन।

यसरी, थोरै परिश्रमले--किनभने सम्झाल्न अपठ्यारो कुरा जौवको फल्याक मात्र थियो--हामी अघि उभिएको ठाउँभन्दा अन्दाजी ६० फीट ऊचाइमा चढ्यौं, र यसो गर्दा हामीले चढ्न थालेको ठाउँको बायाँपट्टि साठी वा सत्तरी कदम लाग्यौं, किनभने गँगटाले हिंडे जस्तै पाखा चापेर हिंडेका थियौं। एक छिनपछि हामी सोतोमा पुग्यौं। त्यो पहिले ज्यादै साँघुरो थियो, तर जाँदा जाँदा फराकिलो हुँदै गयो, र फूलको पत्ता जस्तो, भित्रपट्टि सलामी पनि पर्‍यो, उसैले हामी झन्झन् गहिरो हुँदै गएको, र आखिरमा ढुंगामा बनेको डेभन्शिअरको गल्लीसित

मिल्ने पहराको एक किसिमको खोल्सो वा पत्रभित्र अलि अलि गरेर पस्यौं, त्यहाँ फेदीमा कोही हेर्ने मानिस भएको भए त्यसले हामीलाइ बिलकुल नदेख्ने हुन्थ्यो। प्राकृतिक बनौट जस्तो देखिने यो गल्ली अन्दाजी ३०-४० गज गएर, एक्कासि गुफाको मुखमा टुङ्गिएको थियो। त्यो गुफा पनि प्राकृतिक थियो। त्यो गुफा त्यस गल्लीसंग समकोण परी गएको थियो। मानिसको परिश्रमबाट त्यो बनेको होइन भन्ने मलाइ निश्चय छ, किनभने यसको अनियमित, टेढिएको आकार र यो गएको छाँटले यसलाई सबभन्दा कम बाधाको रेखामा गएर यसको कुनै भयंकर फुटाइद्वारा पहाडको मोटाइमा फुटेर गएको अनुहार दिएको थियो। कोरका प्राचीन व्यक्तिहरूले खोदेर बनाएका सारा गुफाहरूचाहिं छाँटकाँट मिलेका र एकदम नियमित हिसाबले काटिएका थिए।

यस गुफाको मुखमा आइशा थिइन्, हामीलाइ दुइटा बत्ती बाल्न अह्राइन्। ती बत्ती बाली एउटा उनलाइ दिएँ, अर्को आफैसँग राखें। त्यसपछि, अघि अघि लागेर होशियारीसँग पाइला राख्तै तिनी त्यस गुफाभित्र पसिन्। त्यसो गर्न साँच्चि नै आवश्यक थियो, किनभने त्यो जग्गा ज्यादै खाल्टा खुल्टी परेको थियो—खोलाको पिंधमा जस्तै ढुंगाका टुक्राहरू छरिएका र कुनै कुनै ठाउँमा सजिलैसँग खुट्टा भाँचिने ज्यादै गहिरा दुलाहरू थिए।

यस गुफाभित्र हामी बीस मिनेटभन्दा बढ्तै गयौं। जहाँसम्म म विचार गर्न सक्छु, यो अन्दाजी एक चौथाइ माइल लामो थियो। कैयन् ठाउँमा घुमेको र बांगिएको हुनाले त्यहाँ जानु सजिलो काम थिएन।

तर आखिरमा, हामी यसको पल्लो छेउमा अडियौं, र म

बाहिरको मिरमिरे उज्यालोमा आफ्ना आँखालाइ बानी पार्न खोजिरहेकै थिएँ हावाको ठूलो झोका गुफाबाट जोडसित आई दुवै बत्ती निभाइदियो ।

आश्शाले हामीलाइ बोलाइन्, हामी उनीकहाँ बिस्तारै पुग्यौं, किनभने उनी अलिकति अगाडि थिइन् । त्यहाँ पुग्दा त्यसको अँध्यारोपन र गौरवले साच्चिकै मुटु थर्काउने दृश्यको संमुख हामी पऱ्यौं । हाम्रो अगाडि मानो चट्याङचुटुङको चोटमाथि चोटले चिरिएको जस्तो गरी, प्रकृतिको कुनै भयंकर उचालपछारद्वारा धेरै अगाडि बितेको युगमा चरक्क चिरेको, फुटाएको, र थुङथुङ्याएको कालो चट्टानसा अजङको खाडल थियो। भीरहरूले घेरिएको यो खाडल, त्यस वेला हामीले पल्लोपट्टिको वगल देख्न सक्तैनथ्यौं तापनि, जति चौडा पनि हुन सक्थ्यो, तर यसको अँध्यारोपनबाट धेरै चौडा हुन सक्तैन भन्ने मेरो विचार छ। यसको बाह्यरेखा अथवा यो कतिसम्म गएको छ भन्ने कुराको निधो गर्न असंभव थियो, त्यसको सोझो कारण यो थियो, हामी उभिएको ठाउँ त्यस चट्टानको माथिल्लो सतहभन्दा ज्यादै, अर्थात् कमसेकम पन्ध्र सय अथवा दुइ हजार फीट तल थियो, उसैले माथिबाट हामीकहाँ साह्रै धमिलो उज्यालो मात्र चुहीछिरी आउँथ्यो । हामी आएको गुफाको मुखले एउटा साह्रै अनौठो र अजङको ढुंगाको चोसो निकालेको थियो। हाम्रो अगाडिको खाडलमा त्यो चोसो टुप्पामा तीखो चुच्चो परेर अन्दाजी ५० गज टाढासम्म निस्केको थियो। आकारमा कुखुराको नङ्ग्छुरीभन्दा बढ्ता मैले विचार गर्न सक्ने अरू कुरासँग त्यो मिल्दैनथ्यो । यो अजङको चोसो ठीक कुखुराको नङ्छुरी उसको खुट्टामा जोडिए जस्तै फेदले मात्र मूल भीरसंग जोडिएको थियो । त्यो फेद जरूरै अजङको

थियो। यसबाहेक यसलाई थाम्ने कुरा बिलकुलै अरू थिएन।

आश्शाले भनिन्, 'हामीले यहाँ जानुपर्छ, होश गर नत्र तिमीलाइ रिंगटा लाग्ला, अथवा हावाले हुत्त्याएर तिमीलाइ मन्तिरको खाडलमा पुऱ्याउला, किनभने साँच्चि नै यसको पिंध छैन;' अनि, तर्सनालाई हामीलाइ धेरै फुर्सत नदिई, हामीलाइ जसरी सकिन्छ उसरी उनको पछि पछि आउनालाइ छाडेर तिनी त्यस चोसोमा हिंड्न थालिन्। तिनीभन्दा पछाडि म थिएँ, त्यसपछि जौब कष्टसाथ फल्याक घिसार्दै आयो, लिओ चाहिं सबभन्दा पछाडि थियो। ती बहादुर आइमाई त्यो भयंकर ठाउँमा नडराएर सल्ल हिंडेको देख्ता अचम्म लाग्थ्यो। मेरो हकमा, अलिकति गज मात्र हामी गएपछि, केही हावाको जोडले र केही अलिकता खुट्टा चिप्लिनासाथ हुने परिणामको भयङ्कर खयालले, मैले चार हातखुट्टा टेकेर घस्रन आवश्यक ठानें, अनि अरूहरूले पनि त्यसै गरे।

तर आश्शा कहिले पनि यो नीच उपायको सहारा लिन निहुरिनन्। हावाको झोकामा आफ्नो शरीर ढल्काएर, र आफ्नो मगज वा आफ्नो तौल ठीक राखेको देखाउँदै उनी अगि बढ्दै गइन्।

केही मिनेटमा, हरेक पाइलामा साँघुरिंदै जाने यो भयंकर पुलको अन्दाजी बीस कदम हामीले पार गरेका थियौं, त्यस बेला अकस्मात् एउटा ठूलो झोका त्यो खोंचमा जोडसंग आयो। मैले आश्शा त्यो हावापट्टि ढल्केकी देखें, तर त्यो कडा सिरेटो उनको कालो अलखाभित्र घुसेर त्यसलाइ खोस्यो, अनि त्यो अलखा घाइते चरा जस्तो फ्याल फ्याल गर्दै हावासित तलतिर गयो। कालोपनमा बेपत्ता नभएसम्म यो गएको हेर्नु डरलाग्दो कुरा थियो।

त्यो ठूलो चोसो, जिउँदो कुरा जस्तै, हाम्रो मन्तिर हुनहुनाएको आवाज गरी थर्कंदा ढुङ्गाको ख्याँच्च परेको पाटामा टाँस्सिएर मैले वरिपरि हेरें। त्यो दृश्य साँच्चि नै भयलाग्दो थियो। पृथ्वी र आकाशको बीचमा त्यो अंधकारभित्र हामी त्यहाँ झुण्डिइरहेका थियौं। हाम्रो मन्तिर आखिरमा बिलकुलै कालो नभएसम्म अलि अलि गरेर कालो हुँदै जाने सयकडौं फीटसम्म खालीपन फैलिएको थियो, अनि कति गहिराइमा यो टुंगिएको थियो, त्यो कुरा अन्दाज गर्न म सक्तिनँ। माथितिर टाढा, टाढा नीलो आकाशको एक धर्सोमा रिंगटालाग्दो हावा-को अपरिमेय अवकाशको थियो। हामी चुचुरामा बसेको यस अजङको खाडलको तलतिर आफ्नो अगाडि वाफका हुस्सुदार लहर र बादललाइ धपाउँदै ठूलो लिरेटो हानिएर तल जान्थ्यो र गर्जन्थ्यो, अनि आखिरमा हामी झन्डै अन्धा, र बिलकुलै होश गुम भएका भयौं।

वास्तवमा, त्यो अवस्था यस्तो डरलाग्दो र यस्तो नितान्त असांसारिक थियो, कि यसले साच्चि नै डरको हाम्रो ज्ञानलाइ लड्यायो भन्ने म पत्याउँछु; अहिलेसम्म पनि म अक्सर यसलाइ आफ्नो सपनामा पनि देख्छु, यसको केवल कल्पनामा मात्र पनि चिसो पसिनाले तर बतर भई म बिउँझन्छु।

हाम्रो अगाडिको सेतो मूर्तिले कराइन्, किनभने अहिले अलखा गएको हुनाले शी सेतो लुगामा थिइन्, र आइमाई-भन्दा हुरीमा चढेकी प्रेत जस्ती देखिन्थिन्, 'अगाडि बढ! अगाडि बढ! नत्र तिमीहरू खसेर धूलोपीठो हुनेछौ। आँखा भूइँमा जमाओ, त्यस ढुंगामा बेस्सरी टाँस्सिओ।'

हामीले उनले भनेको मान्यौं, थर्कने बाटोमा कष्टसाथ घिस्र्यौं। त्यस बाटोलाइ हावाले कुनै अजङको तिनीमुनी बाज

जस्तो गुनगुनाउँने पारी हल्लाउँदा हावाबाट चिच्च्याएको र बिलौना गरेको अवाज निस्कन्थ्यो । कति बेरसम्म हो मलाइ थाहा छैन, एकदम आवश्यक हुँदा मात्र कहिलेकहीं यताउता हेरी हामी अगाडि बढ्यौं, र आखिरमा चट्टानको चप्लेटो, मामूली टेबिलभन्दा अलिकति मात्र ठूलो, ज्यादा इञ्जिन भएको अग्निबोट जस्तै थर्कने र उफ्रने त्यस चोसोको टुप्पैमा आफू पुगेको हामीले थाहा पायौं। त्यहाँ त्यस ढुंगामा टाँसिएर आफ्नो वरिपरि ह्वालह्वालति हेरेर हामी बसिरह्यौं, आश्शाले चाहिं मन्तिर मुख बाएको डरलाग्दो गहिराइको बिलकुलै परवाह नगरेर, आफ्नो लामो कपाललाइ उडाइरहेको हावामा ढेस्सिएर उभिई आफ्नो अगाडि देखाइन्। त्यस वेला जौव र मैले यति कष्टसाथ बोकेको साँघुरो फाँद भएको फल्याक किन ल्याएको रहेछ हामीले बुझ्यौं । अगिल्तिर खाली जग्गा ह्वाङह्वाङति परेको थियो, त्यसको अर्को पट्टि केही चीज थियो, जो अझै हामीले देख्न सकेनौं, किनभने यहाँ—सामुन्ने चट्टानको छायाले हो, वा कुनै अरू कारणले हो—बदली रातको जस्तो अन्धकार थियो ।

आश्शाले भनिन्, 'हामीले एक छिन पर्खनुपर्छ; चाँडै नै उज्यालो हुन्छ ।'

त्यस वेला उनको भनाइको के मतलब हो मैले अनुमान गर्न सकिनँ । यो डरलाग्दो जग्गामा पहिले भएको भन्दा बढ्ता उज्यालो कसरी आउन सक्थ्यो ? म अचम्म मानिरहेकै थिएँ, एक्कासि, अस्ताउन लागेका सूर्यको एउटा किरणले, ज्वालाको ठूलो तरवार जस्तै गरी, त्यो नारकी अन्धकारलाई छेड्यो, र हामी टाँस्सिएको चट्टानको टुप्पामा पर्दै आश्शाको मनोहर रूपलाई अलौकिक उज्ज्वलताले देदीप्यमान पार्‍यो । त्यस अन्ध-

कारमा तेर्सिएको र खाडलको तुँवालोको लहरलाइ हुत्याउने आगोको त्यस तरवारको उन्मत्त र गजबको सौन्दर्यलाइ मैले बयान गर्न सकेको भए हुन्थ्यो भन्ने मात्र इच्छा गर्छु। कसरी त्यो उज्यालो त्यहाँ आयो अहिलेसम्म मलाइ थाहा छैन, तर सामुन्नेको भीरमा कुनै चीरो वा प्वाल थियो, अस्ताउँदा सूर्य सीधा पर्दा त्यसबाट उज्यालो छिरेर आउँथ्यो भन्ने अनुमान गर्छु। मैले भन्न सक्ने सबै कुरा यति हो, मैले देखेको भरीमा त्यो प्रभाव सबभन्दा गजवको थियो। त्यस अन्धकारको ठीक मुटुमा त्यो आगो जस्तो तरवार धसिएको हुनाले, यो रहेको ठाउँमा उज्यालो ज्यादै चर्को थियो, यति चर्को कि यति टाढा-बाट पनि हामी त्यो चट्टानको दाना देख्न सकथ्यौं, यस उज्या-लोको बाहिर भने—हो, यसको तेज धारको केही इन्चीभित्र—गुटुमुटिएको छायाँबाहेक केही थिएन।

हजारौं वर्षसम्म यस याममा यस किरणले सधैं साँझमा यसरी छेडेको छ भन्ने थाहा पाएर शीले पर्खिरहेको, र हामी आइपुग्दा ठीक हुने गरी टाइम मिलाएको यो विशाल सूर्य्य किरणद्वारा, अब, हामीले आफ्नो अगाडि के रहेछ देख्यौं। हामी उभिएको जिब्रो जस्तो ढुङ्गाको टुप्पैदेखि ११।१२ गजभित्र, शायद खाडलको तलको पिंदबाट, मिस्त्रीको डल्लाका आकारको शंकु उठेको थियो, जसको टाकुरो ठीक हाम्रो सामुन्ने थियो। तर त्यहाँ टाकुरो मात्र भएको भए हामीलाइ उस्तो काम लाग्दैनथ्यो, किनभने यसको परिधिको सबभन्दा नजीकको जगा हामी भएको ठाउँबाट अन्दाजी ४० फीट पर थियो। तर, यो टाकुराको वृत्ताकार र खोक्रो परेको किनारामा केही हिम-शिलाको ढुङ्गो जस्तो, ठूलो चेप्टो ढीक थियो—मैले जाने-सम्ममा शायद यो एउटै थियो—त्यस ढीकको छेउ हाम्रो

१२ फीट नजीक आएको थियो। यो अजङ्को थोर वहुत रक्सी खाने गिलाँसको बिटमा राखिएको आधा क्राउन जस्तो त्यो शंकु वा चिट्टे ज्वालामुखी पहाडको मुखको किनारामा ठीकसँग तौल मिलेर रहेको वडेमा झुल्ने ढुङ्गो नै थियो; किनभने, यो र हामीमाथि परेको प्रचण्ड उज्यालोमा, हावाको झोक्कामा परी यो झुल्न लागेको देख्न सक्थ्यौं।

आश्शाले भनिन्, 'छिटो! त्यो फल्याक—उज्यालो छँदैमा हामीले पार गर्नुपर्छ; एकै छिनमा यो उज्यालो जान्छ।'

मैले अह्राएबमोजिम त्यो लामो फल्याक मतिर घुचेट्ता जौब करायो, 'हे ईश्वर, हजूर! यस ठाउँमा त्यस्तो चीजमाथि हामीले हिंड्नू भन्ने पक्कै तिनको मतलब होओइन।'

त्यो फल्याकमा हिंड्ने विचार उसलाइ भन्दा मलाइ मज्जा लाग्दो थिएन तापनि अमानुषिक आनन्दमा मैले कराएँ, 'त्यही त हो, जौब।'

मैले त्यो फल्याक आश्शालाइ पुन्न दिएँ, अनि तिनले त्यो फल्याकलाइ, एउटा टुप्पो झुल्ने ढुङ्गामाथि, अर्को टुप्पोचाहिं काम्ने चोसाको टुप्पामाथि रहने गरी त्यो खाडलको वारपार दक्षतापूर्वक तेर्स्याइन्। त्यसपछि, हावाले उडाउन नदिनालाइ यसमाथि आफ्नो खुट्टा राखेर, तिनी मतिर फर्किन्।

तिनले भनिन्, 'पछिल्लो पटक म यहाँ आएदेखि, ए होलि, त्यो हल्लने ढुङ्गाको सहारा केही घटेको छ, उसैले यसले हाम्रो वोझ थेग्छ थेग्दैन मलाइ निश्चय छैन। त्यस कारणले म पहिले पार गर्छु, किनभने मलाइ केही चोटपटक लाग्दैन', अनि, समसमति, त्यो नाजुक फट्केमा तिनी हल्कासँग तर दृढतापूर्वक टेकेर गइन्, र अर्को सेकेण्डमै हल्लने ढुङ्गामा पुगिन्।

उनले भनिन्, 'यो निर्विघ्न छ। हेर, त्यो फल्याक समात! तिमीहरूको गऱ्हुंगो बोझले यसको तौल नखुस्कोस् भन्नाको लागि यस चट्टानको अर्कोपट्टि म उभिन्छु। अब आऊ, ए होलि, किनभने चाँडै नै त्यो उज्यालोले हामीलाइ फेलो खुवाउँछ।'

म घुँडा टेकेर कष्टसाथ उभिएँ, अनि जिन्दगीभरमा कहिल्यै डराएको भए म त्यसै बेला डराएँ; वास्तवमा, अनकनाएँ, आलेटाले गरें भन्न म लाज मान्दिनँ।

झुल्ने ढुङ्गाको सबभन्दा अग्लो ठाउँमा चरा जस्तै तौल मिलाएर उनी उभिएको ठाउँबाट, हुरी साम्य भएको बेलामा, यी अनौठी प्राणीले कराइन्, 'तिमी डराएको त अवश्यै होओइनौ। उसो भए क्यालिक्रटीजलाइ ठाउँ छाड त।'

यस कुराले मलाइ दृढ पाऱ्यो; यस्ती आइमाईद्वारा खिसी गरिनुभन्दा त भीरबाट खसेर मर्नु निको; उसैले दाह्रा किटें र अर्को निमेषमा त्यो सानो फाँद भएको, लचक्क नुहुने फट्केमाथि पुगें। मेरो मन्तिर र वरिपरि टुंगो नभएको जग्गा थियो। अग्लो ठाउँ कहिल्यै पनि मलाइ मन पर्दैन, तर यस्तो अवस्थामा हुन सक्ने पूरा डरलाइ अघि कहिले पनि मैले बुझेको थिइनँ। ओहो, दुइटा हल्लने आधारमाथि रहेको लच्कने फल्याकको खङ्खाङखुड्रुङ पार्ने अनुभव। मलाई रिंगटा लाग्यो, अनि म नलसी छाड्दिन भन्ने ठानें; मेरो डँडाल्नु सिरिङ्ग गऱ्यो; म खसिरहेको जस्तो लाग्यो, अनि छालमा परेको डुंगा जस्तै मेरो मन्तिर उठ्ने ओर्लने गरेको ढुंगामाथि आफू पसारिएको थाहा पाउँदा मेरो खुशी शब्दबाट जाहेर हुन सक्तैन। मैले थाहा पाएको कुरा यत्ति हो, यतिसम्म मलाइ बचाएकोमा, छोट्करी सँग तर खूब एकाग्र भई विधातालाई मैले धन्यवाद दिएँ।

त्यसपछि लिओको पाली आयो, अनि, उ डरले नीलो देखियो तापनि डोरीमा नाच्ने सर्कसीले जस्तो दगुरेर पार गयो । उसको हात समातालाई आश्शाले आफ्नो हात तन्काइन्, त्यसै वेला उनले भनेको मैले सुनें, 'वहादुरीसाथ पार गयौ, मेरो प्रियतम—बहादुरीसँग पार गयौ ! प्राचीन ग्रीक आत्मा अझै तिमीमा बाँचेको छ !'

अब खाडलको पल्लोपट्टि विचरो जौब मात्र बाँकी रह्यो। उ पनि बिस्तारै फल्याकसम्म घिस्रँदै आयो, अनि चिच्यायो, 'म त त्यसो गर्न सक्तिनँ, हजूर । म त्यो कुहिएका ठाउँमा खस्छु ।'

नसुहाउँदो ठट्यौलोपनसँग मैले जवाव दिएको संझन्छु—'तैंले हिंड्नैपर्छ, जौब; यो झिंगा समात्न जत्तिकै सजिलो छ ।' मेरो अन्तः करणलाइ संतोष गर्न मैले यो भनेको हुनुपर्छ भन्ने लाग्छ, किनभने, त्यो भनाइले सुगमताको अचम्मको खयाल दिन्छ तापनि, साँच्चि भनूँ भने—अर्थात्, वर्षा याममा, तर लामखुट्टे समात्ने कुरा छोडेर नि, झिंगा सभात्नुभन्दा वढ्ता गाह्रो काम संसारभरमा मलाइ थाहा छैन ।

'म सक्तिनँ, हजूर—म साँच्चि नै सक्तिनँ ।'

आश्शाले भनिन्, 'त्यो मान्छे आओस, अथवा उसलाइ त्यहीं बसेर मर्न देऊ । हेर, उज्यालो हराउन लागिरहेछ ! एक छिनमा यो जान्छ !'

मैले हेरें । तिनले भनेको ठीक थियो । हामीकहाँ किरण छिरेर आएको भीरको प्वाल वा चिराको तलमनि सूर्य पुग्न आँटेका थिए ।

मैले भनें, 'तँ त्यहाँ अडिइस् भने, जौब, तँ एकलै मर्नेछस्; उज्यालो जान लाग्यो ।

लिओले चिच्यायो, 'आऊ, साहस गर, जौब, यो बिलकुल सजिलो छ।'

यसो भनेकोले, डरलाग्दोसँग चिच्च्याएर, त्यो अभागी जौब फट्केमाथि घोप्टो परेर पछारियो—यसमा हिंड्न खोज्न उसले साहस गरेन, उसलाइ उस्तो दोष छैन—फट्केको दुवै-पट्टि मन्तिरको शून्यतामा आफ्ना बिचरा खुट्टाहरूलाई झुण्डाएर छोटो छोटो झोक्का दिएर उ त्यसमाथि घस्रन थाल्यो।

त्यो नाजुक फट्केमाथिको उसको प्रचंड झोकाले चट्टानको केही इन्ची माथि मात्र तौल मिलेर रहेको ढुंगालाइ साह्रै भयंकर हिसावले झुल्ने तुल्यायो। यसरी त्यो आधा बाटोमा मात्र पुगेको थियो, सेतो उज्यालोको लामो किरण पर्दा हालेको कोठाभित्र निभेको बत्ती जस्तै एक्कासि हराएर हावाको कराउने सारा असीम परिमाण अन्धकारले काल भइदिनाले पार गर्नालाई झन् गाह्रो भयो।

हरेक झुलाइले गति बढ्दै गएर त्यो ढुंगा, त्यसमा अड्नै कठिन हुनेसम्मको प्रचण्डताले झुल्न लाग्दा डरले थर्कमान भएर मैले चिच्च्याएँ, 'आ, जौब, ईश्वरको निमित्त!' यो साँचि नै भयानक अवस्था थियो।

अन्धकारबाट बिचरो जौबले करायो, 'ईश्वर ममाथि दया गर! ओहो, त्यो फट्के सर्किरहेछ!' अनि प्रचण्डसँग छटपटाएको सुनेर उ गयो भन्ने ठानें।

तर त्यही बखतमा उसको पसारेको हातले, आतसले खाली ठाउमा समात्ता, मेरो हातलाई भेट्टायो। मैले तानें—ओहो! विधाताले यति बढ्ता गरी मलाइ दिन मञ्जूर गरेको सारा बल झिकी मैले कसरी तानें—आखिर अर्को मिनेटैमा जौबले मेरो नजीकैको ढुंगालाई समातेकोमा मलाई ज्यादै हर्ष

लाग्यो। तर फट्के ! मैले यो चिप्लेको थाहा पाएँ, अनि चट्टानको बाहिर निस्केको गाँठोमा ठक्कर खाएको सुनें। त्यसपछि त्यो बेपत्ता भयो।

मैले चिच्च्याएँ, 'हे परमेश्वर ! हामीले कसरी फर्कने हो?'

अन्धकारबाट लिओले जवाब दियो, 'मलाई थाहा छैन। "दिनभरीकै अनिष्ट कुरा त्यो दिनलाइ यथेष्ट छ।" म यहाँ भएकैमा कृतज्ञ छु।'

तर आश्शाले केवल उनको हात समातेर मलाई पछि पछि आउनू भनिन्।

पच्चीसौं परिच्छेद

प्राणको आत्मा

उनले भनेबमोजिम मैले गरें, डराएर काँप्तै त्यस ढुंगाको छेउमा डोख्याइएको थाहा पाएँ। मैले आफ्नो खुट्टाले छामें, तर केही छुन सकिनँ।

मैले निसासिएर भनें, 'म खस्न आँटें !'

आश्शाले जवाब दिइन्, 'उसो भने खस, मेरो विश्वास मान।'

अब, त्यो अवस्था विचार गरेको खण्डमा, सजिलैसँग बुझिनेछ, आश्शाको चरित्रको मेरो ज्ञानले अनुमोदन गर्नेभन्दा बढ्ता मेरो विश्वासमा भीड परेको थियो। मैले जानेसम्ममा तिनले मलाई भयंकर दशामा पुर्‍याउने आँटेकी थिइन्। तर जीवनमा हामीले कहिलेकहीं अनौठो वेदीमा आफ्नो विश्वास आश्रित गराउनुपर्छ, अहिले त्यस्तै परेको थियो।

तिनले फेरि कराइन्, 'तिमी खस!' अरू गर्ने कुरा केही नदेखेर, म खसें।

चट्टानको सलामी परेको सतहमा एक दुइ कदम चिप्लेको थाहा पाएँ, त्यसपछि खाली ठाउँमा परेर अब भने बितें भन्ने मेरो मनमा झल्क्यो। तर होइन! एक छिनमा मेरो खुट्टा पहरे भूइँमा ठोकियो, र बतासको पहुँचबाहिर कुनै खँदिलो जग्गामा उभिइरहेंछु भन्ने थाहा पाएँ। बतासचाहिं माथितिर सुइँ सुइँ गरिरहेको सुन्थें। यी साना दयाको निमित्त परमेश्वरलाई धन्यवाद दिएर म त्यहाँ उभिइरहेकै थिएँ, त्यसै वेला चिप्लेको र भड्याङभुड्डङको अवाज भयो, अनि लिओ मेरो बगलमा झर्‍यो।

उसले कराएर भन्यो, 'बेस, बूढा बा! तपाईं त्यहाँ हुनुहुन्छ? मज्जै हो, होइन त?'

त्यही वेला, डरलाग्दोसँग चिच्च्याउँदै, जौब हाम्रो टाउकोमाथि आइपुग्यो र हामी दुवैलाई पछार्‍यो। हामी हात खुट्टा टेकेर खडा हुँदासम्ममा आरशा हाम्रो बीचमा खडा भई वत्ती बाल्नू भनी हामीलाई अह्राइरहेकी थिइन्। भाग्यवश वत्ती र जगेरा तेलको भाँडो साबुत थिए।

मैले मेरो मैनदार सलाईको बट्टा खोजेर झिकें, र लण्डनको बैठकमा जत्तिकै खुशीसाथ त्यो भयंकर ठाउँमा बालें।

अर्को मिनेटमा दुवै वत्तीले झलमल्ल भएर अनौठो दृश्य प्रकाश गरे। हामीहरू अन्दाजी १० फीट चारपाटे चट्टानी कोठामा गुजुमुज्ज भएका थियौं, हामी सांह्रै तर्सेका देखिएका थियौं; अर्थात्, आरशाबाहेक, उनी त वत्ती नबलेसम्म पर्खेर आफ्नो हात बाँधेर शान्तिपूर्वक उभिएकी थिइन्। यो कोठा केही प्राकृतिक केही ज्वालामुखीको मुखको टाउको खोक्र्याएको जस्तो

देखिन्थ्यो। प्राकृतिक हिस्साको छत झुल्ने ढुंगाले बनेको थियो, त्यस कोठाको पछिल्तिरको माथिको हिस्साचाहिं तलतिर सलामी परेको र चट्टानैबाट ताछिएको थियो। अरू कुराको हकमा, त्यो ठाउँ न्यानो र सुक्खा थियो—माथिको रिंगटालाग्दो चुचुरोसँग, र बीचमा योसँग भेट्नालाई चुच्चो परेको थर्कने चोसोसँग दाँज्दा पूरा विश्रामको ठाउँ।

शीले भनिन्, 'ल! हामी निर्विघ्नपूर्वक आयौं, हुन त त्यो झुल्ने ढुंगा तिमीहरूलाई लिएर खस्ला, र तिमीहरूलाई मन्तिरको पिंध नभएको गहिराइमा हुरेला भनेर म एक पटक डराएकी थिएँ, किनभने मलाई पत्यार छ सामुन्नेको चिरा पृथ्वीको गर्भसम्म गएको, र त्यो ठीक अडिएको चट्टान यसको झुल्ने बोझमनि खिएको छ। तर अहिले त्यसले', भूईंमा बसेर कमजोरसँग रातो सूती पाकेटरुमालले आफ्नो निधार पुछिरहेको जौबतिर फर्की टाउको हल्लाएर, 'जसलाई तिनीहरूले सुहाउँदो गरी सुँगुर नाउँ राखेका छन्, किनभने त्यो सुँगुर जस्तै लम्फू छ, त्यसले फल्याक खसालेको हुनाले, त्यो खाडललाई पार गरेर फर्कनु सजिलो छैन, त्यसको लागि मैले कुनै जुक्ति सोच्नुपर्छ। तिमीहरू एक छिन आराम गर, यो ठाउँ हेर। यो ठाउँ के हो भन्ने तिमीहरू विचार गर्छौ?'

मैले जवाब दिएँ, 'हामी भन्न सक्तैनौं।'

'तिमी पत्याउँछौ, ए होलि, एक पटक एउटा मानिसले दिनहुँको वासस्थानको निमित्त यो गुंडलाई रोज्यो? धेरै वर्षसम्म त्यो यहाँ बस्यो। हामी यहाँ आएको सुरुङको मुखमा बाह्र बाह्र दिनमा अर्पणको रूपमा, उसले बोक्न सक्नेभन्दा बढ्ता, मानिसहरूले ल्याएर राखेका खाने कुरा पानी र तेल खोज्न उ एक दिन यो ठाउँलाइ छोडथ्यो।'

प्रश्नको भाव देखाई मैले उनलाई हेरें, अनि उनले भन्दै गइन्—

'तैपनि हो कुरा त्यही थियो। एउटा मान्छे थियो—उसले आफ्नो नाम नूट राखेको थियो—पछिको जमानाको भए तापनि, कोरका पुत्रहरूको जस्तै उसको बुद्धि थियो। त्यो सिद्ध, दार्शनिक, र प्रकृतिको रहस्यमा साह्रै दक्ष थियो। मैले तिमीहरूलाई देखाउने आगो उसैले पत्ता लाएको हो, जुन आगो प्रकृतिको रगत र प्राण हो, जसमा नुहाउने र जसबाट श्वास लिने मानिस प्रकृति बाँचेसम्म बाँच्नेछ। तर तिमी जस्तै, ए होलि, नूट आफ्नो ज्ञानबाट फाइदा लिंदैनथ्यो। उ भन्दथ्यो, "मानिसले बाँच्नु खराब हो, किनभने मान्छे मर्नालाइ जन्मेको हो।" त्यस कारणले उसले आफ्नो गुप्ती कुरा कसैलाइ भनेन, त्यसै कारण उ यहाँ बस्थ्यो, जुन ठाउँलाई जीवन खोज्ने मान्छेले पार गर्नुपर्छ, अनि त्यस समयका अमाहगरहरूले पवित्र र सिद्ध भनी उसलाई आदर गर्दथे।

'पहिलो पटक म यो मुलुकमा आउँदा—तिमीलाई थाहा छ म कसरी आएँ, क्यालिक्रटीज ? अर्को पटक म तिमीलाई भनुँला; यो अनौठो कथा छ—मैले यो दार्शनिकको बारेमा सुनें, त्यहाँ आफ्नो खाने कुरो खोज्न उ नआएसम्म उसको निमित्त पर्खें अनि उसित यहाँ आएँ, यद्यपि त्यो खाडल पार गर्न ज्यादै डराएकी थिएँ। त्यसपछि उसलाई मेरो सौन्दर्य र बठ्याइँले लट्ठ पारें, अनि मैले आफ्नो जिब्रोले उसलाइ बेसार घसें, त्यसैले उसले मलाई त्यस आगोको घरमा लग्यो, र त्यस आगोको रहस्य बतायो। तर उसले मलाइ त्यस आगोभित्र पस्न दिएन। त्यो मानिस साह्रै बूढो थियो, चाँडै नै मर्छ भन्ने थाहा पाएर, उसले मलाई मार्ला भन्ने डरले उसले भनेको मानें। उसैले

संसारको अद्भुत आत्माको बारेमा उसले जाने जति सबै कुरा उसबाट सिकेर म फर्कँ, त्यो कुरा धेरै थियो, किनभने यो मानिस बुद्धिमान् र साह्रै बूढो थियो, उसको पवित्रता, संयम, र आफ्नो निर्दोष मनको ध्यानद्वारा हामीले देखेको कुरा र ती ठूला अदृश्य सत्यहरूको (जसका पखेटाका साउती संसारको दूषित हावाको बीचमा ती सत्य उड्दा कहिलेकहिले हामी सुन्छौं) बीचको घुम्टोलाई पत्‌ला हुने गरी धस्काएको थियो। अनि—त्यसको केही दिन मात्र पछि--मैले तिमीलाई भेटें, मेरो क्यालिक्रटीज। तिमी मिश्रदेशीय सुन्दरी अमेनर्टससित यहाँ डुल्दै आएका थियौ, मैले पहिलो र आखिरी पटक, एक पटक र सदाको लागि प्रेम गर्न सिकें, उसैले मेरो मनमा तिमीसित यहाँ आएर तिम्रो र आफ्नो निमित्त जीवनको प्रदान लिने विचार घुस्यो। त्यस कारण हामी, छाड्न मन नगरेकी त्यस मिश्र-देशीय आइमाईसहित आयौं, अनि, हेर! हामीले भर्खर मरेर पसारिरहेको बूढो नूटलाई भेट्टायौं। त्यहाँ त्यो लम्पसार परेको थियो, उसको सेतो दाह्रीले उसलाई लुगा जस्तो गरी ढाकेको थियो,' अनि तिनले म बसिरहेको नजीकैको ठाउँलाई देखाइन्; 'तर निश्चय नै त्यो धेरै अगाडि धूलो भएर गइसक्यो, र हावाले उसको खरानीलाई यताबाट उडाइसक्यो।'

यति कुरा सुन्दा मैले हात पसारेर धूलोमा छामें, अनि एक छिनमा मेरा औंलाले केही चीजलाई छोए, त्यो मानिसको दाँत थियो, साह्रै पहेंलो, तर साबुत। मैले त्यसलाई टिपेर आरशालाई देखाएँ, तिनी हाँसिन्।

तिनले भनिन्, 'हो, निःसन्देह यो उसैको हो। हेर नूट र उसको बुद्धिको के बाँकी रह्यो--एउटा सानो दाँत! तैपनि त्यो मान्छेको हैकमसा सारा जीवन थियो, तर आफ्नै ब्रह्म

प्रमाण मानेर उ यो कत्ति पनि लिंदैनथ्यो । त, त्यहाँ त्यो भर्खर मरेर पछारिएको रहेछ, अनि हामी अहिले तिमीहरूलाई लाने ठाउँमा ओह्लयौं, त्यसपछि, आफ्नो सारा साहस बटुलेर, र मृत्युलाई जिस्क्याउँदै, शायद म जीवनको यति गौरवशाली मुकुट पाउँछु भनेर त्यस आगोको लपकामा पसें, अनि हेर ! तिमीले पनि आफैले नभोगेसम्म कहिल्यै थाहा नपाउने जीवन मभित्र प्रवाहित भयो, अनि म नमर्ने तथा कल्पनातीत सुन्दरी भएर निस्कें । अनि मैले अंकमाल गर्न तिमीपट्टि हात पसारें, क्यालिक्रटीज, र आफ्नी अजम्मरी पाप्की दुलहीलाई लेऊ भनेर तिमीलाई अह्राएँ, तर हेर ! मेरो निर्वाङ्ग सौन्दर्यले अन्धो भएर, तिमीले मबाट फर्केर अमेनर्टसको छातीमा आफ्नो आँखा लुकायौ । त्यसपछि मलाई बौलाही तुल्याउने गरी विघ्न झोक उठ्यो, अनि तिमीले बोकेको छोटो भाला लिएर तिमीलाई धसें, उसैले जीवनकै ठाउँमा, मेरो खुट्टामा, तिमीले कन्दै प्राण त्याग्यौ। आफ्नो आँखाले आफ्नो इच्छाको शक्तिद्वारा मार्न सक्ने ताकत मसा थियो भन्ने त्यस वेला मलाई थाहा थिएन, त्यस कारण बौलट्टीपनामा तिमीलाइ भाला धसेर मैले मारें[1] ।

[1]. क्यालिक्रटीजको मरणको आश्शाको बयान अमेनर्टसले खपटामा लेखेको बयानबाट बिलकुलै फरक खान्छ भन्ने कुरा देखिन्छ । त्यो खपटाको लेखले भन्छ, 'त्यसपछि उनले जागेर आफ्नो जादूगरीद्वारा उनलाइ हानिन्, उनी मरे ।' कुनचाहिं बयान ठीक हो हामीले कहिल्यै पनि निस्तुक गरेनौं, तर क्यालिक्रटीजको शरीरमा भालाको घाउ देखिएको थियो भन्ने कुरा संझना होला, यस कुराले यसलाइ निर्णय गर्छ, केही गरी मृत्युपछि यो घाउ पारिएको भए बेग्लै कुरा हो । अर्को कुरा हामीले कहिल्यै निस्तुक गरेनौं, कसरी ती दुइ आइमाईले—शी र मिश्रदेशीय

'जब तिमी मर्‍यौ, ऊः ! म रोएँ, किनभने मैले अजम्मरी पाइसकेकी थिएँ तर तिमी भने मर्‍यौ। जीवनको यस ठाउँमा म यसरी रोएँ, म मर्त्य भएकी भए मेरो छाती अवश्य फुट्ने थियो। त्यो कलचौंडो मिश्रदेशवासिनी—त्यसले आफ्ना देवता-हरू पुकारेर मलाई सरापी। ओसाइरिस पुकारेर अनि आइ-सिस, नेफ्थिस, अन्यूबिस, बिरालाको टाउको भएको सेकेट, र सेट पुकारेर त्यसले मलाई सरापी, अनि ममाथि अनिष्ट, अनिष्ट र सदैव रहने एकलासपनको आह्वान गरी। ओहो ! अहिले उसको अँध्यारो चेहरा तूफान जस्तै ममाथि घुरिरहेको म देख्न सक्छु, तर उ मेरो हानि गर्न सक्तैनथी, मलाई—मलाई पनि थाहा छैन, म उसको हानि गर्न सक्थें सक्तिनथें। मैले गरेर पनि हेरिनँ; त्यस वेला मलाई त्यो कुराको वास्ता थिएन; उसैले हामी दुइ जनाले सँगसँगै बोकेर तिमीलाई यहाँबाट लग्यौं। त्यसपछि मैले उस-लाई—त्यो मिश्रदेशवासिनीलाई—धापको बाटोबाट पठाएँ, अनि छोरो जन्माउन र तिमीलाइ, याने उसको पोइलाई, उसकी जोरी र तिम्री हत्यारिनी भएकी मकहाँ ल्याइपुर्‍याउने कथा लेख्ना-लाई उ बाँचिछ भन्ने देखिन्छ।

'कथा यही हो, मेरो प्यारा, अहिले त्यस कथालाई अलंकृत गराउने समय वर छ। पृथ्वीको सबै चीज जस्तो, यो खराब र

अमेनर्टसले—उनीहरू दुवैले प्रेम गरेको मानिसको लासलाई डरलाग्दो खाडल पारी थर्कने चोसोमा बोकेर लान सके। दुइ जना बिलखबन्द परेका प्राणीले आफ्ना शोक र सौन्दर्यमा मरेको मानिसलाइ त्यस्तो भयं-कर ठाउँमा आफूहरूको बीचमा परिश्रमसाथ लाँदा कस्तो दृश्य उपस्थित गरे होलान् ! तर संभवतः त्यस वेला यसको बाटो सजिलो थियो क्यारे ! —ल० हो० हो०

असल कुरा मिसिएर बनेको छ—शायद, असल कुराभन्दा धेरै खराब कुरा मिसिएको छ; रगतको मुट्ठामा लेखिएको छ। यो सत्य कुरा हो; तिमीसँग मैले केही कुरा छिपाएको छैन, क्यालिक्रटीज। अब, तिम्रो परीक्षाको समयअगाडि एउटा कुरा छ। हामी मृत्युको संमुख जान्छौं, किनभने जीवन र मृत्यु सान्है नजीक नजीक छन्, र—कसलाई थाहा छ—कुह्राइको अर्को म्यादसम्म हामीलाइ छुट्टयाउने केही कुरा परिआउन सक्तछ? म केवल आइमाई हुँ, सिद्धिनी होइन, म पछि हुने कुरा जान्न सक्तिनँ। तर यो कुरा मलाई थाहा छ—किनभने मैले यो कुरा बुद्धिमान् नूटको मुखबाट सुनेकी हुँ—कि मेरो जीवन लम्बिएको र बढ्ता चहकिलो पारिएको मात्र हो। यो सधैं टिक्न सक्तैन। त्यस कारण, हामी जानुअगाडि, मलाई भन, ए क्यालिक्रटीज, साँच्चि नै तिमी मलाई क्षमा गर्छौ, र दिलैदेखि नै मेरो माया गर्छौ। हेर, क्यालिक्रटीज: मैले धेरै खराब काम गरेकी छु—शायद तिमीलाई प्रेम गर्ने लडकीलाइ दुइ रात-अगाडि मात्र मारेर ठण्डाराम पार्नु खराब कुरा हो, तर त्यसले मेरो आज्ञा उल्लङ्घन गरी र मलाई दुर्गति आइपर्छ भन्ने भविष्य बोलेर मलाइ रिस उठाई, उसैले मैले मारें। तिमीलाइ पनि शक्ति आएपछि होश गरे, नत्र तिमी पनि आफ्नो रिस वा डाहमा मार्ने-छौ, किनभने भूल गर्ने मानिसको हातमा अजेय शक्ति खराब हतियार हो। हो, मैले अपराध गरें—ठूलो प्रेमबाट उब्जेको निर्दयीपनबाट मैले अपराध गरेकी हुँ—तैपनि सुकर्म र दुष्कर्म मलाई थाहा छ, न मेरो दिल बिलकुलै कडा भएको छ। तिम्रो प्रेम, क्यालिक्रटीज, मेरो उद्धारको द्वार हुनेछ, यद्यपि उहिले मेरो आशक म खराब कुरामा दगुरेको बाटो थियो। किनभने बदला नपाएको गहिरो प्रेम असराफ दिलको नरक र हतभाग्यले

पाउने भाग हो, तर हामीले इच्छा गरेको व्यक्तिको आत्माबाट बढ्ता पूर्ण भई प्रतिबिम्बित भएको प्रेम, हामीलाई आफ्नै माथि उचाल्न, र हामी हुन सक्ने कुरा हामीलाई बनाउनालाई पखेटाको छाँट पाछ। यस कारण, क्यालिक्रटीज, मेरो हात समात, अनि म कुनै किसानकी छोरी भएकी भए, र यो विस्तृत संसारमा सबभन्दा बुद्धिमती तथा सबभन्दा राम्री आइमाई नभएकी भए जसरी नडराएर तिमी गर्थ्यौ त्यसरी मेरो घुम्टो उचाल, अनि आँखामा हेर, म तिमीलाइ दिलैदेखि माफी दिन्छु, दिलैदेखि तिमीलाई पूजा गर्छु भन।'

तिनी थामिइन्, तिनको स्वरको असीम कोमलता हाम्रो वरिपरि मरेको मानिसको कुनै संझना जस्तै झुण्डिइरहेको जस्तो लाग्यो। मलाइ थाहा छ, उनको वचनले भन्दा यसले मलाई ज्यादा दिक्क गरायो, यो यति विघ्न मानुषिक—यति विघ्न आइमाईपनको थियो। लिओलाई पनि अनौठोसँग असर परेको थियो। अहिलेसम्म त लिओ सर्प देखेर चरो लट्ठिए झैं उच्चतर विवेकको विरुद्ध लट्ठिएको थियो, तर अहिले म ठान्छु यो सबै कुरा गयो, तथा उसले थाहा पायो, उ यो अनौठी र गौरवशाली प्राणीलाई साँच्चि नै प्रेम गर्छ, जस्तो, अफसोस! मैले पनि उनलाई प्रेम गर्थें। कमसे कम मैले उसका आँखा आँसुले भरिएका देखें जसै, छिटोसँग उनकहाँ गई उसले त्यो छर्लङ्ग देखिने घुम्टो फुकालेर उनको हात समात्यो, अनि उनको मनोहर मुखमण्डलमा हेरेर भन्यो—

'आएशा, म तिमीलाई दिलैदेखि प्रेम गर्छु, सम्भव भए सम्म तिमीलाई अस्टेनको मृत्युको निमित्त क्षमा गर्छु। अरू कुराको हकमा, तिमी र तिम्रो विधाताको बीचमा छ; यसको बारेमा मलाई थाहा छैन। मलाई केवल यति कुरा थाहा छ,

अझसम्म कहिले कसैलाई नगरे जति तिमीलाई प्रेम गर्छु, नजीक होस् वा टाढा होस्, म आखिरीसम्म तिमीसँग टाँसिइरहनेछु।'

अभिमानपूर्ण नम्रतासहित आरशाले जवाब दिइन्, 'अब, मेरो खसमले यस्तो फुका हातले माफ दिएर यसरी राजसी हिसावले बोलेपछि, उपहार दिनामा पछि हटेर आफ्नो उदारता-बाट वञ्चित हुन मलाई सुहाउँदैन। हेर!' उनले उसको हात समातिन् र, आफ्नो छाँट परेको टाउकोमाथि त्यो हात राखेर, एक छिनसम्म जमीनलाई एउटा घुँडाले नछोएसम्म बिस्तारै बिस्तारै निहुरँदै गइन्—'हेर! वश्यतास्वीकारको चिन्हमा मेरो खसमको अगाडि निहुरन्छु! हेर!' अनि उनले उसको ओठमा चुम्बन गरिन्, पत्नीलाई सुहाउँदो प्रेमको चिन्हमा म मेरो खसमलाई चुम्बन गर्छु। हेर!' अनि तिनले आफ्नो हात उसको छातीमा राखिन्, 'मैले गरेको पाप साक्षी राखेर, यसलाई मेट्ने मेरो प्रतीक्षाका निर्जन शताब्दीलाई साक्षी राखेर, मैले प्रेम गरेको ठूलो प्रेमलाई साक्षी राखेर, र—सबै जीवन निस्कने त्यो नित्य चीजलाई, जसबाट यो निस्कन्छ, र जसमा यो फेरि फर्कन्छ—त्यस आत्मालाई साक्षी राखेर म किरिया हाल्छु :—

'पूर्ण भएको स्त्रीत्वको पहिलो सबभन्दा पवित्रको समयमा पनि म किरिया हाल्छु, म सुकर्मलाई दिलमा स्थान दिन्छु, कुकर्मलाई त्याग्छु। म किरिया हाल्छु, कर्तव्यको सबभन्दा सोझो बाटोमा सधैं तिम्रो वचनबमोजिम हिंड्नेछु। म किरिया हाल्छु, उच्चाभिलाषा त्याग्नेछु, मेरो अनन्त आयुभर, सत्य र ठीक कुराको ज्ञानमा मलाई लान शासक ताराको रूपमा आफूमाथि बुद्धिलाई राख्छु। म यो पनि किरिया हाल्छु, समयको भेलले मेरो अँगालोमा बगाएर फिर्ता ल्याएको तिमी, क्यालिक्रटीजलाई,

ढीलो होस् वा चाँडो होस्, दर्गाहको समय नआएसम्म म खातिरजामा गर्छु, र दिलमा स्थान दिन्छु। म किरिया हाल्छु— अँहँ, अब किरिया हाल्दिनँ, किनभने शब्द के हुन्? तैपनि तिमी थाहा पाउनेछौ आश्शाको झूटो जिब्रो छैन।

'यसरी मैले किरिया हालेकी छु, तिमी, मेरो होलि, यो किरियाको साक्षी छौ। यहीं हाम्रो विवाह भयो, मेरो पति, दुलहीको चँदुवाको सट्टा अन्धकारसहित—सबै कुराको अन्त्यसम्म विवाह भयो; यहाँ हुइँकने बतासमा हाम्रो विवाहको हामी किरिया लेख्छौं, जुन बतासले ती किरियालाई आकाशमा लानेछन्, र घुमिरहने पृथ्वीको वरिपरि निरन्तर लानेछन्।

'दुलहीको उपहारको सट्टा म तिमीलाई आफ्नो सौन्दर्यको तारामय मुकुटले, रहिरहने जीवनले, अपरिमेय बुद्धिले, र अगणनीय धनले विभूषित पार्छु। हेर! पृथ्वीका ठूलठूला मानिसहरू तिम्रो खुट्टावरिपरि घिस्रनेछन्, पृथ्वीका राम्रा आइमाईले तिम्रो चेहराको देदीप्यमान महिमा देखेर आफ्ना आँखा छोप्नेछन्, पृथ्वीका बुद्धिमान् मानिसहरू तिम्रो अगाडि लज्जित हुनेछन्। तिमी मानिसका दिललाई खुला लेख जस्तो गरी पढ्नेछौ, र जहाँ खुशी लाग्छ उहीं तिनीहरूलाई लानेछौ। मिश्रदेशको प्राचीन स्फिङ्क्स जस्तै तिमी जुग-जुगान्तरसम्म बस्नेछौ, सधैं तिनीहरूले तिम्रो अविनाशी महत्ताको कूट हल गर्न तिमीलाई पुकार्नेछन्, सधैं तिमी उनी-हरूलाई आफ्नो मौनताले गिज्याउनेछौ!

'हेर! फेरि एक पटक तिमीलाई म चुम्बन गर्छु, त्यस चुम्बनद्वारा तिमीलाई समुद्र र पृथ्वीमाथिको, आफ्नो झुपडीमा बसेका खेतीवालउपर, आफ्नो महलको बैठकमा बसेको सम्राट्-उपर, तथा बुर्जाहरूले विभूषित भएका शहरहरू, र त्यसमा

बाँचेका सबै मानिसउपरको राज्य दिन्छु। जहाँ सूर्यले आफ्ना झालाहरू झार्छन्, जहाँ एकलासको समुद्रले चन्द्रमालाई प्रतिविम्बित पार्छ, जहाँ तूफानहरू गडगडाउँछन्, जहाँ स्वर्गको रङ्गित धनु आकाशमा घुम्रिन्छ—संसारका बीचको जग्गावारपार, हिउँको लुगा लाएको स्वच्छ उत्तरदेखि त्यो ठाउँसम्म जहाँ प्रेममग्न दक्षिण, समुद्रको नीलो कौचमा दुलही जस्तै पल्टेर मेहदीको बास्नाले मीठो भएको लामो सास फेर्छ—त्यहाँ तिम्रो शक्ति पुग्ने र तिम्रो राज्य जम्नेछ। न त रोगव्याध, न त बर्फिलो आँला भएको डर, न शोक सन्ताप, न सधैं मनुष्यताउपर झुण्डिहरहने मन र मासुको नीलो क्षति, यतिसम्म कि तिनीहरूको पखेटाको छायाको पनि तिमीमाथि छायासम्म पनि पर्नेछैन। आफ्नो हातको मुट्ठीमा सुकर्म र दुष्कर्म लिएर तिमी देवतै जस्ता हुनेछौ, र म, म पनि, तिम्रो अगाडि विनीत हुनेछु। प्रेमको यस्तो शक्ति छ, र दुलहीको उपहार यस्तो छ, जो, क्यालिक्रटीज, तिमी मेरा मालिक र सबैका मालिकलाई म दिन्छु।

'अब यो कुरा भयो भयो; अहिले तिम्रो निमित्त मैले आफ्नो कुमारीत्वको चिन्ह गुमाएँ; तूफान आओस्, घाम लागोस्, असल आओस्, खराब आओस्, जीवन आओस्, मृत्यु आओस्, यो कहिले, कहिल्यै पनि बदर हुन सक्तैन। किनभने, निश्चय नै, त्यो जो छ, छ, एक चोटि गरेपछि, सधैंको निमित्त गरियो, अनि बदलिंदैन। भन्ने कुरा मैले भनिसकें—अब हामी यताबाट जाऔं, सबै कुरा क्रमैसँग सिद्धियोस्;' अनि, आश्रा एउटा बत्ती लिएर, झुल्ने ढुङ्गाको छत भएको कोठाको छेउतिर बढिन्, त्यहाँ पुगेपछि थामिइन्।

हामी उनको पछि पछि गयौं, अनि शङ्कुको भित्तामा

एउटा भ्ख्याङ देख्यौं, अथवा, ठीक ठीक बयान गरूँ भने, ढुङ्गाका चोसो उठेका केही गाँठाहरू भ्ख्याङको दुरुस्त नकल बन्ने गरी बान्की परेका थिए। आरशा एक खुड्किलाबाट अर्को खुड्किलामा हरिण जस्तै उफ्रेर त्यो भ्ख्याङमा ओर्लेन थालिन्, उनको पछि पछि उनको भन्दा कम फूर्तिसँग हामी ओर्ल्यौं। अन्दाजी १५।१६ खुड्किला ओर्लेपछि ती खुड्किला उभिन्डिएको शङ्कुको फनेल जस्तो बान्की परेको लामो ढुङ्गाको सलामी परी टुङ्गिएको हामीले देख्यौं।

यो सलामी साह्रै भिरालो र अकसर ठाड़ो थियो, तर कुनै ठाउँमा पनि जान नसकिने भने थिएन, उसैले बत्तीको उज्यालोमा उस्तो कष्ट नपरी, हामी ओर्ल्यौं, हुन त ज्वालामुखीको सेलाएको मुटुभित्र आफूले अत्तोपत्तो नपाएको ठाउँमा यसरी हिंडनु ज्यादै डराठलाग्दो काम थियो। तर जाँदा जाँदै सकेसम्म आफ्नो बाटोको निस्सा संझिराख्ने होश मैले गरें; यता उता छरिएका ढुङ्गाहरूका असामान्य र ज्यादै अनौठा आकार हुनाले यसो गर्नु उस्तो गाह्रो थिएन। मधुरो उज्यालोमा ती ढुंगामध्ये धेरैजसो मामूली ढुंगाका ढीकभन्दा छानाको मध्ययुगी ढुँडमा बनेका डरलाग्दा अनुहार जस्ता देखिन्थे।

धेरै बेरसम्म हामी यसरी गयौं। मेरो अन्दाजले आधा घण्टा त हिंड्यौं होऔंला, अनि सयकडौं फीट ओर्लेपछि, उभिण्डिएको शंकुको टिप्पामा पुगे जस्तो लाग्यो। त्यहाँ त्यस फतेलको शिरोबिन्दुमै, हामीले यति होचो र साँघुरो बाटो देख्यौं, यसमा जाँदा हामीलाई निहुरन करै लाग्यो। यसरी निहुरेर अन्दाजी पचास गज गएपछि त्यो बाटो एकासि चौडा भएर गुफा बन्यो। त्यो गुफा यति ठूलो थियो कि हामी न त छत न

त वगल देख्न सक्थ्यौं। वास्तवमा, आफ्ना पाइलाको प्रतिध्वनि र गुम्सिएको हावा पूरा शान्त हुनाले मात्र हामीले यो गुफा हो भन्ने थाहा पायौं। नरकका पिंधमा पतितात्माहरू जस्तै, ज्यादै धक मानी चुपचाप लागेर हामी कैयौं मिनेटसम्म हिंड्यौं, आश्शाको सेतो र प्रेत जस्तो रूपचाहिँ हाम्रो अगाडि सल्ल गइरहेको थियो, आखिरमा फेरि एउटा बाटोमा पुग्यौं, त्यहाँबाट पहिलेको भन्दा धेरै सानो दोस्रो ओह्रालो लाग्यो। यो दोस्रो ओडारका छत र ढुंगाका भित्ताहरू हामीले सफासँग खुट्याउन सक्थ्यौं। तिनीहरूको चिरिएको दरदर परेको अनुहारबाट, थर्कने चोसामा पुग्नुभन्दा अगाडि हामी आएको भीर छेडिएर बनेको पहिलो लामो बाटो जस्तै, कुनै विस्फोटक ग्याँसको भयंकर शक्तिद्वारा त्यस पहराका गर्भहरू फुटेर यो बनेको हो भन्ने हामीले विचार गर्‍यौं। आखिरमा यो ओडार तेस्रो सुरुङमा टुङ्गियो, त्यहाँ उज्यालोको हलका तेज निस्केको थियो।

यताबाट आयो भन्ने हामीलाई थाहा नभएको यो उज्यालो हाम्रो आँखामा पर्नासाथ आश्शाले भारी बिसाउँदाको जस्तो लामो सास फेरेकी मैले सुनें।

उनले भनिन्, 'बेस भयो। पृथ्वीको गर्भमा पस्न तयार होओ, जहाँ मानिस र पशुमा—हो, हरेक रूख र फूलमा—पसेको तिमीहरूले देखेका प्राणलाई पृथ्वीले गर्भ धारण गर्छिन्। तयार होओ, हे मानिस हो, किनभने यहाँ तिमीहरूको पुनर्जन्म हुन्छ!'

तिनी छिटो छिटो अगाडि बढ़िन्, उनको पछि पछि हामी दुनमुनाउँदै सकेसम्म राम्ररी गयौं। हाम्रो दिल कचौरा जस्तै डर र खुलदुलीको मिसावटले भरिएको थियो। हामीले के देख्न लाग्यौं? त्यस सुरुङमा सरासर गयौं; उज्यालो झन् झन् चर्को

हुँदै आयो। आलोकगृहवाट किरणहरू ढाढा ढाढासम्म समुद्रको अंधकारमा एक एक गरी फैलिए झैं वेसरी झ्वाल-झ्वाल भएर अहिले त्यो उज्यालो हामीकहाँ आइरहेको थियो। यति मात्रै होइन, किनभने झ्वालझ्वालको साथै चट्याङचुट्टुङको र रूखहरूलाई झ्याम्झुरुम पारेको जस्तै मुट्टु थर्काउने आवाज पनि आउँथ्यो। अहिले बाटोमा थियौं, अनि—हे ईश्वर!

हामी अन्दाजी पचास फीट लामो शायद त्यत्तिकै उचा, र तीस फीट चौडा तेस्रो गुफामा उभिएका थियौं। यसको भूइमा मिही सेतो बालुवा थियो, यसका भित्ताहरू आगो वा पानीको प्रभावद्वारा खिएर चिप्लो भएका थिए। यो गुफा अरू अरू जस्तो अँध्यारो थिएन—यसमा, विचार गर्न सकिने जुनसुकैभन्दा बढ्ता मनोहर देखिने, गुलाफी रंगको उज्यालाको नरसी चहक भरिएको थियो। तर पहिले हामीले कत्ति पनि झ्वालझ्वाल देखेनौं, न त फेरि चट्याङचुट्टुङको जस्तो अवाजै सुन्यौं! तर एकै छिनमा, त्यो अचम्मको दृश्यमा हेरेर गुलाफी चहक कतावाट आयो होला भन्ने ठानी अलमल्ल परी हामी उभिइरहेकै वेलामा, एउटा डरलाग्दो र राम्रो कुरा भयो। त्यस गुफाको पल्लो छेउमा; पिंधेको र चूर पारेको अवाज गरी—यस्तो डरलाग्दो र भयसंचारित गर्ने अवाज कि हामी सबै काँप्यौं, जौवलेत सांच्चि नै घुँडा टेक्यो—बहुरङ्गी इन्द्रेणी जस्तो, र आकाशबिजुली जस्तो चहकिलो आगोको भयानक बादल वा मुस्लो प्रदीप्त भयो। एक छिनसम्म, शायद चालीस सेकेन्ड, बिस्तारै बिस्तारै घुमेर यो त्यसरी गर्जेर बलिरह्यो; त्यसपछि अलि अलि गरेर त्यो भयंकर आवाज थामियो, र आगो सितै हरायो—नजाने कहाँ गयो—अनि हामीले पहिले देखेको उही गुलाफी चहक मात्र रह्यो।

रोमाञ्चित विजयोल्लासको स्वरले आज्ञा कराइन्, 'नजीक आऊ, नजीक आऊ ! यस विशाल संसारको हृदयमा ढुकढुक गर्दा प्राणको मुट्ठ र फोहरा हेर। सबै चीजहरूले आफ्नो शक्ति जसबाट खिंचतछन् त्यस पदार्थ, अर्थात् पृथ्वीको चहकिलो आत्मालाई हेर, जुनविना यो पृथ्वी बाँच्न सक्तैन, मृत चन्द्रमाले जस्तै चिसो हुन र मर्नैपर्छ। नजीक आऊ, अनि त्यो सजीव ज्वालाहरूमा नुहाऊ, बिलकुल चोखो बलमा तिमीहरूका गुण आफ्ना शरीरभित्र लेऊ—बीचमा रहेका हजारौं प्राणीका मिही चलनीद्वारा छानिई, तिम्रो छातीभित्र कमजोरसँग अहिले चम्के जस्तो होइन, यो यहाँ पार्थिव जीवको साक्षात् मूल तथा मुहानमा भए जस्तै गरी।'

त्यो गुलाफी उज्यालाको बीचबाट त्यस गुफाको सिह्रानतिर हामी उनको पछि पछि गयौं, आखिरमा ठूलो नाडी बलक बलक गर्ने तथा ठूलो आगोको लपका जाने ठाउँको अगाडि हामी उभियौं। हामी गएको वेलामा उन्मत्त र गौरवशाली विजयोल्लासको, जीवनको यस्तो प्रचण्ड गाढताको गौरवपूर्ण इन्द्रियज्ञानको अनुभव हामीलाई भयो, जसको अगाडि हाम्रो बलका सबभन्दा फुर्तिला समय फीका, साधा, र कमजोर लाग्यो। त्यो आगो धुम्दा फ्याँकिएको व्यापक इथर हामीभित्र पसी हामीलाई राक्षस जस्तो बलियो र चील जस्तो छिटो पार्ने, त्यस ज्वालाको केवल क्षुद्र कणको प्रभाव थियो।

हामीले गुफाको सिह्रानमा पुगेर त्यो गौरवशाली तेजमा परस्परलाई हेर्‍यौं, अनि आफ्नो दिलको हलकापन र मगजको दिव्य लट्ठ्याइँमा ठूलो स्वरले हाँस्यौं—एक हप्तादेखि नहाँसेको जौब पनि हाँस्यो। मानिसको बुद्धिलाइ सम्भव भएसम्मका सबै प्रतिभाको वर्षौंदी ममाथि खसे जस्तो भान मलाइ परेको

थियो भन्ने म थाहा पाउँछु । शेक्सपियरको काव्यसौन्दर्यको अनुष्टुप् छन्दमा म बोल्न सक्थें; अवभास भएका दृश्यहरू मेरो मनमा चम्के; मेरो शरीरको बन्धन खुकुलो भएर अनुमान गरिन नसक्ने आफ्नो शक्तिको स्वर्गमा उड्न आत्मालाई स्वतन्त्र छोडेको जस्तो भएको थियो । ममाथि खनिएका इन्द्रियज्ञान अवर्णनीय छन् । ज्यादा बढ्ता तीक्ष्णरूपले बाँचेको, उपल्लो आनन्दमा पुगेको, यसभन्दा अगाडि चाख्ने कहिले पनि मेरो भाग्य नभएको सूक्ष्मतर विचारको सुराहीबाट पिएको जस्तो मलाई लाग्यो । म अर्कै र ज्यादै गौरवशाली पारिएको स्व थिएँ, संभव भएका कुराको साह्रा मार्ग केही बेरसम्म मेरो मानुषिक पाइलाको अगाडि खुलेर रहेका थिए ।

त्यसपछि, एक्कासि, भर्खर पत्ता लागेका स्वको यो गौरवशाली शक्ति पाएर म खुशी हुँदै थिएँ, टाढा टाढाबाट डरलाग्दो गुनगुनाएको अबाज आयो । त्यो बढ्दै गएर चट्याङचुट्ङको आवाज र गर्जन भयो, तिनमा भयङ्कर भएर पनि गौरवशाली शब्दका संभव भएसम्मका सबै कुरा एक गट्ठा भएका थिए । यो अवाज झन् झन् नजीक आयो, र त्यो आखिरमा आकाशबिजुलीका घोडापछाडिको स्वर्गका सारा चट्याङचुट्ङका पाङ्ग्राहरू जस्तै गुड्दै हाम्रो नजीकै भयो । यो बढ्दै गयो, यसको साथसाथै गौरवशाली बहुरङ्गी उज्यालोको अन्धो पार्ने बादल आयो, र बिस्तारै घुमेर केही बेर हाम्रो अगाडि अडिएको जस्तो लाग्यो; त्यसपछि, आफ्नो साथको अवाजको रवाफले युक्त भएर यो गयो, मलाइ थाहा छैन कता हो ।

त्यो अद्भुत दृश्य यस्तो छकलाग्दो थियो, खडा भएर त्यस आगोपट्टि हात पसार्ने शीबाहेक हामी सबै जना यसको अगाडि घोप्टो पर्‍यौं र बालुवामा आफ्नो मुख लुकायौं ।

त्यो गएपछि आश्शा बोलिन् ।

उनले भनिन्, 'आखिरमा, क्यालिक्रटीज, त्यो समय नजीक आयो । फेरि त्यो ज्वाला आएपछि तिमीले त्यसभित्र पस्नुपर्छ; तिमी आफ्ना लुगा फ्याँक, किनभने यसले तिमालाई पोल्दैन तापनि ती लुगा डढाउँछ । होश रहेसम्म तिमीले त्यस आगोभित्र उभिनुपर्छ, अनि यसले तिमीलाई अंकमाल गरेको वेलामा तिम्रो मुटुसम्म त्यो सार चुस, र यसलाई आफ्ना हरेक हातखुट्टावरिपरि उफ्रन र खेल्न देऊ, त्यसो गर्नाले तिमी यसको गुणको एक रैन पनि गुमाउँदैनौ । मैले भनेको सुन्यौ, क्यालिक्रटीज ?'

लिओले जवाब दियो, 'तिमीले भनेको मैले सुनें, आश्शा, तर, साँच्चि नै—म लाछी होइन—तर मलाइ त्यो दन्केको ज्वालाको शंका लाग्छ । म आफैंलाई र तिमीलाई पनि मैले गुमाउने गरी यसले मलाइ बिलकुलै नाश पार्दैन भनेर म कसरी थाहा पाऊँ ? जे होस् म तिमीले भनेको कुरा गर्छु,' उसले पछिवाट यति थप्यो ।

आश्शाले एक छिन गम गरेर भनिन्—

'तिमीले शंका मान्नु अचम्म होइन । मलाई भन, क्यालिक्रटीज : तिमीले मलाई त्यस ज्वालाभित्र उभिएकी र केही नभएर निस्केकी देख्यौ भने तिमी पनि पसौला ?'

उसले जवाव दियो, 'पस्छु, यसले मलाई मारे पनि पस्छु । म अहिले नै पस्छु भनेर मैले भनिहालें नि ।'

मैले कराएँ, 'म पनि पस्छु त ।'

'क्या हो, मेरो होलि !' उनी ठूलो स्वरले हाँसिन्; 'तिमी त आयु एकदम वढाउन्नौ भन्ने पो मलाई लागेको थियो । किन, यो विचार कसरी आयो ?'

मैले जवाब दिएँ, 'अँहँ, मलाइ थाहा छैन, तर मेरो दिलमा केही कुरा छ जसले मलाइ त्यो ज्वाला चाख्नू, र बाँचिरहनू भन्छ।'

उनले भनिन्, 'बढिया कुरा हो। तिमी मूर्खतामा एकदम डुबेका छैनौ। अहिले हेर, यो सजीव तलाउमा दोस्रो पटक म नुहाउँछु। संभव भएदेखि खुशीसाथ मेरो सौन्दर्य र मेरो आयुमा थपथाप गर्थें। यो संभव नभएदेखि पनि, कमसे कम यसले मलाई केही हानि गर्न सक्तैन।

एक छिन चुप लागेर तिनले फेरि भनिन्, 'अनि, त्यस आगोमा फेरि म चोपलिनुपर्ने अर्को गहिरो कारण छ। पहिले मैले यसको गुण चाख्ता मेरो दिल र मनोवृत्ति त्यस मिश्रदेशीय अमेनर्टसको घृणाले पूर्ण थियो, त्यसै कारणले, उनीहरूबाट स्वतन्त्र हुन मैले कोशिश गरे तापनि, त्यस शोकपूर्ण समयदेखि अहिलेसम्म मेरो आत्मामा मनोवृत्ति र घृणाको छाप लागेको छ। तर अहिले त्यस्तो छैन। अब मेरो मिजाज आनन्दी मिजाज छ, म विचारको अति स्वच्छ भागले भरिएकी छु, सधैं त्यस्तै हुन म खोज्छु। त्यस कारणले, क्यालिक्रटीज, एक पटक म फेरि नुहाएर आफूलाई पवित्र र सफा पार्छु, अझ तिम्रो निमित्त लायक बनाउँछु। त्यसै कारणले, आफ्नो पालोमा त्यस आगोमा उभिंदा, तिमी पनि आफ्नो दिललाई सारा खराब कुराले खाली पार, तिम्रो मनको तराजू संतोषलाई समान्न लगाऊ। तिम्रो आत्माका पखेटा टकटक्याएर स्वतन्त्र पार, तिम्री आमाको चुम्बनपट्टि ध्यान लगाऊ, अनि आफ्ना सपनाको निस्तब्धतामा रुपौला पखेटामा अहिलेसम्म उडेमध्येमा उच्चतम सुकर्मको दृश्यपट्टि आफूलाई फर्काऊ। किनभने त्यस भयानक समयमा तिमी जे छौ त्यसको बीजबाट सारा अगणनीय समयमा तिमी जे हुनेछौ त्यस कुराको फल उम्रनेछ।

'अब आफूलाई तयार पार, मानो तिम्रो आखिरी समय नजीक आएको छ, महिमाका ढोकाद्वारा सुन्दर पारिएको जीवनको राज्यमा होइन, मृत्युद्वारा छायाको मुलुकमा जान लागेको छु भन्ने संझी तयार होऊ! तयार होऊ, म भन्छु, क्यालिक्रटीज!'

छब्बीसौं परिच्छेद

हामीले के देख्यौं।

त्यसपछि केही समय चुपचापमा वित्यो, त्यस बीचमा आश्शाले अग्निपरीक्षाको निमित्त आफ्नो वल एकत्रित पारेको जस्तो देखियो, हामीचाहिं आपसमा टाँसिएर विलकुल चुपचाप लागी पर्खिरह्यौं।

आखिरमा, टाढ़ा, टाढ़ावाट, अवाजको पहिलो गुनगुन आयो। त्यो अवाज बढ्दै जम्मा हुँदै पर चट्याङचुट्ढुङको अवाज गर्न र गर्जन थाल्यो। आश्शाले यो सुन्नासाथ हत्तपत्त आफ्नो छर्लङ्ग देखिने कपड़ा फ्याँकिन्, अनि आफ्नो जामावाट सुनको सर्पवाल पेटी फुकालिन्। त्यसपछि, आफ्ना राम्रा केश हलाएर लुगाको काम लिइन्, यसले ढाकेर तिनले सेतो अलखा खसालिन् अनि छरिएको झाँक्रोवाहिर सर्पवाल पेटी बाँधिन्। शायद आदमको अगाडि हव्वा उभिए जस्तै हाम्रो अगाडि कस्मरका सुनौला पेटीले वरिपरि बाँधिएको आफ्नो प्रशस्त कपालवाहेक निर्वाङ्ग भई तिनी उभिइन्; कति मनोहर—कति स्वर्गीय तिनी देखिइन् मेरो कुनै शब्दले बयान गर्न सक्तैन। आगोका चट्याङचुट्ढुङरूपी पाङ्ग्राहरू झन् झन् नजीक आए,

उनीहरू आएको वेलामा आफ्नो कपालको कालो रासबाट आफ्नो हस्तिहाड जस्तो हात झिकेर तिनले लिओको गर्धनमा अँगालो हालिन् ।

उनले गुनगुनाएर भनिन्, 'ओहो, मेरो प्यारा, मेरो प्रियतम ! म तिमीलाई कति माया गर्छु तिमी कहिले थाहा पाउलौ ?' अनि उनले उसको निधारमा म्वाईं खाइन्, शङ्का माने जस्तै गरी एक छिन अकमकाइन्, त्यसपछि अगाडि बढेर जीवनको ज्वालाको मार्गमा उभिइन् ।

म संझन्छु, उनको शब्दमा र अङ्कमालसहितको लिओको निधारको त्यस चुम्बनमा मेरो मनमा साह्रै असर गर्ने केही कुरा थियो । यो आमाको चुम्बन जस्तो थियो, यसको साथमा आसीक रहेको जस्तो देखिन्थ्यो ।

त्यो चट्याङचुट्टुङ गर्ने, गर्जने आवाज वर वर आयो, जङ्गललाइ कडा हुरीले सम्म पार्ने गरी नुहाएको, र झारहरूलाइ जस्तै माथि उचाली गर्जेर पहाडको बगलमा पछारेको अबाज जस्तो त्यसको अबाज थियो । यो झन्‌झन् नजीक आयो; ज्वालाको त्यो फनफन घुम्ने मुस्लाका रिसल्ला, उज्यालोका झ्वालझ्वाल, अहिले त्यो गुलाफी आकाशमा काँड जस्तै गइरहेका थिए; अब त्यो मुस्लाको किनारा नै देखियो । आइशा त्यसपट्टि फर्किन्, र त्यसलाइ स्वागत गर्न हात पसारिन् । यो साह्रै विस्तारै गुडिंदै आयो, अनि आगोले उनको वरिपरि चाट्यो । मैले त्यस सत्त्वलाई उनको शरीरमाथि दगुरेको देखें । उनले यसलाइ पानीलाई जस्तै दुवै अँजुलिले उठाएर आफ्नो टाउकोमा खन्याएको देखें । मुख बाएर यसलाइ फोक्सोमा उनले तानेको पनि मैले देखें, यो डरलाग्दो र अचम्मको दृश्य थियो ।

त्यसपछि तिनी अडिइन्, अनि, दुवै हात फैलाएर, स्वर्गीय

रूपले मुस्कुराउँदै तिनी चुपचाप खडा भइन् , मानो तिनी त्यो ज्वालाको साक्षात् आत्मा थिइन् ।

त्यो रहस्यमय आगो उनको कालो र लहरदार झाँक्रोभित्र भित्र र वरिपरि बटारिंदै बेह्रिंदै सुनौला फित्ताका धागा जस्तै तिनीहरूको तलमाथि खेल्यो; यो उनको हस्तिहाड जस्तो सेतो छाती र कुममा चम्क्यो, जसबाट केश सरेको थियो; यो उनको स्तम्भ जस्तो घाँटी र सुकुमारी चेहरामा चिप्ल्यो, अनि त्यसले बल्दो आध्यात्मिक ईथरभन्दा पनि तेजिलोसँग चम्केका गौरवशाली आँखामा घर बनाए जस्तो देखियो ।

ओहो, त्यस ज्वालामा तिनी कस्ती राम्री देखिइन् ! स्वर्ग-बाट निस्केका कुनै देवदूतले त्यसभन्दा बढ्ता मनोहारिता धारण गर्न सकोइन । खाली आगोमा निर्वाङ्ग खड़ा भई उनले हाम्रो धकाएको चेहरामा हेरी मुस्कुराएको संझनाको अगाडि मेरो दिल अहिले पनि लस्त हुन्छ । फेरि एक पटक तिनले यस्तो गरेको हेर्नाको निमित्त यस पृथ्वीको मेरो बाँकी रहेको आयु आधा दिने थिएँ ।

तर एकासि—मैले भन्न सक्नुभन्दा बढ्ता एकासि—अवर्णनीय परिवर्तन उनको चेहरामा आयो, मैले बयान गर्न वा परी लाउन नसक्ने परिवर्तन, तर जे होस् आखिरमा परि-वर्तन । त्यो मुस्कुराहट बेपत्ता भयो, अनि यसको सट्टामा नीरस, कडा अनुहार आयो; त्यो भुकुल्ल परेको चेहरा खपटे देखिन थाल्यो, मानो कुनै ठूलो चिन्ताले आफ्नो छापा त्यहाँ छाडेको थियो । ती गौरवशाली आँखाले पनि आफ्नो तेजलाई छोडे, त्यो शरीरले पनि आफ्नो पूर्ण बान्की र ठाडोपन छाडेको जस्तो लाग्यो ।

कुनै भ्रमको फेला परें कि, अथवा त्यो ज्यादा उज्यालोको

किरणले आँखाको भूल पार्‍यो कि भन्ने ठानी मैले आँखा मिचें; म अचम्म मान्दै थिएँ, त्यो दन्केको मुस्लो बिस्तारै बटारियो र आश्‍शालाई उही ठाउँमा ठिङ्ग उभिएकै छाडेर विशाल पृथ्वीको गर्भभित्र जहाँ जान्थ्यो उहीं गर्जंदै गयो ।

त्यो जानासाथ तिनी लिओको छेउमा आइन्—उनको पाइलामा कत्ति लचकपन नभए जस्तो मलाई लाग्यो—उनले उसको कुममा राख्न आफ्नो हात पसारिन् । मैले उनको पाखुरामा हेरें । यसको अचम्मको पुष्टता र सौन्दर्य कहाँ गयो ? यो झिनो र कङ्क्रङ्ग परेको देखियो । अनि उनको चेहरा—हे ईश्वर—सैरै आँखाअगाडि उनको चेहरा बूढो हुँदै आइरहेको थियो ! लिओले पनि यो देखेको होला भन्ने मलाई लाग्छ; साँच्चि नै उ केही हट्यो ।

उनले भनिन्, 'यो क्या हो, मेरो क्यालिक्रटीज ?' अनि उनको स्वर—त्यो गम्भीर र रोमाञ्चकारी स्वर के भयो ? उनको बोली तीखो र रूखो आवाजमा निक्ल्यो ।

तिनले अलमलल परेर भनिन्, 'किन, यो क्या हो—यो के भयो ? मेरो आँखा तिरमिरायो । निश्चय नै त्यो आगोको गुण बदलिएको होओइन । जीवनको नियम बदलिन सक्छ ? मलाई भन, क्यालिक्रटीज, मेरो आँखामा केही भएको छ ? म सफासित देख्न सक्तिनँ,' अनि तिनले आफ्नो हात टाउकोमा लगेर आफ्नो कपाल छोइन्,—अनि ओहो, भयंकरमाथि भयंकर !—त्यो सबै भूइँमा झर्‍यो ।

आँखाको गेडी निस्कलै जस्तो गरी, मुखमा फींज काढी डरको चिर्र परेको अवाजमा जौवले चिच्यायो, हेर !—हेर !—हेर ! उनी चाउरिएर गइन् ! हेर !—हेर !—हेर ! तिनी बाँदर्नी हुन लागिन् !' अनि त्यो जमीनमा पछारियो, बेहोश भएर फींज काढ्न र दाह्रा किट्न थाल्यो ।

साँच्चि नै—त्यो भयंकर स्मरणको सजीव उपस्थितिमा यो लेख्ता म पनि शिथिल हुन्छु—आश्शा चाउरिँदै गएकी थिइन्; उनको लज्जतदार शरीरलाई बेह्रेको सुनौला सर्प उनको पुट्ठाबाट चिप्लेर भूईंमा खस्यो। उनी झन् झन् सानी हुँदै गइन्; उनको छालाको रंग बदलियो, टलकको पूर्ण सेतोपनको सट्टामा, चाउरिएको चर्मपत्रको पुरानो टुक्रा जस्तै, मड्किलो खैरो र पहेँलो भयो। उनले आफ्नो टाउको छामिन्; त्यो सुकुमारी हात अहिले चराको पञ्जासिवाय केही भएन—खरावसँग मसला, लाएको मिश्रदेशीय लासको हातसित मिल्ने मानुषिक नक्सा। त्यसपछि तिनले आफूमा के किसिमको परिवर्तन भइरहेको थियो बुझे जस्तो देखियो, अनि तिनी चिच्याइन्—ओहो, तिनी चिच्याइन्!—आश्शा जमीनमा लडीबडी खेलेर चिच्याइन्।

तिनी झन् झन् सानी हुँदै गइन्, आखिरमा तिनी बाँदर-भन्दा ठूली भइनन्। अहिले तिनको छाला लाखौं चाउरी परेर खुम्चिएको थियो, आकाररहित चेहरामा अकथनीय उमेरको छापा थियो। यो जस्तो केही चीज मैले कहिल्यै पनि देखेको छैन; खप्पर उही कदको रहिरहे पनि, दुइ महीने बालकको भन्दा अन्न ठूलो नभएको त्यो डरलाग्दो चेहरामा अङ्कित भएको अनन्त उमेरको दाँज लाग्ने कुनै कुरा अझसम्म कसैले देखेको छैन; मानिसहरूले आफ्नो मगज स्थिर राख्न इच्छा गर्छन् भने कहिले पनि नदेखौं भनी तिनीहरूले प्रार्थना गरून्।

आखिरमा तिनी चुपचाप लागेर लेटिन् अथवा कमजोरी हिसावसँग मात्र चलिरहेकी थिइन्। यिनी, जसले दुइ मिनेट मात्र अगाडि हामीलाई हेरेकी थिइन्—संसारले अझसम्म देखेकोमा सबभन्दा राम्री, सबभन्दा असराफ, सबभन्दा गौरवशाली आइ-माई—तिनी हाम्रो अगाडि ठूलो एप बाँदर जत्रै भएर आफ्नै कालो

केशाको रासको नजीकमा चुपचाप लागेर पल्टेकी थिइन्, डर-लाग्दी—ओहो शब्दहरूले जाहेर गर्न नसक्नेसम्मकी डर-लाग्दी! तैपनि, यो कुराको विचार गर्नुहोस्—त्यही वेलामा मैले विचार गरें— यो त्यही आइमाई हो!

तिनी मर्नै लागेकी थिइन्: हामीले त्यो कुरा देख्यौं, ईश्वर-लाई धन्यवाद दियौं—किनभने बाँचुन्ज्याल तिनीलाई पीर पर्न सक्थ्यो, तिनलाई कस्तो पीर परेको हुँदो हो? आफ्नो हाडे हात टेकेर उनी उठिन्, कछुवाले जस्तै आफ्नो टाउको विस्तारै दायाँ बायाँ झुलाएर अन्धो हिसाबले वरिपरि हेरिन्। तिनी देख्न सक्तैनथिन्, किनभने तिनका सेता सेता आँखा जालोले ढाकिए-का थिए। ओहो, यो दृश्यको भयंकर करुणारस! तर तिनी अझ बोल्न सक्थिन्।

तिनले स्वाइँस्वाइँ परेको, काँप्ने अवाजमा भनिन्, 'क्या-लिक्रटीज, मलाई नबिर्स, क्यालिक्रटीज। मेरो लज्जामाथि करुणा गर; म मर्दिनँ। म फेरि आउँछु, फेरि एक पटक सुन्दरी हुनेछु, म किरिया हाल्दछु—यो साँचो हो! ओहो—ह्—ह्—' अनि घुप्लुक्क परेर हलचल गरिनन्।

हो, यसरी, २० शताब्दीभन्दा बढ्ता अगाडि आफूले पुरो-हित क्यालिक्रटीजलाई मारेकै ठाउँमा, आइशा आफै ढलेर मरिन्।

अत्यन्त डरले व्याकुल भएर हामी पनि त्यो भयंकर ठाउँको वलौटे भूइँमा पल्टेर मूर्च्छा पर्यौं।

× × × ×

कति बेरसम्म हामी त्यस किसिमले रह्यौं मलाई पत्ता छैन। धेरै घण्टा भयो होला भन्ने मलाई लाग्छ। आखिरमा मेरो आँखा खुल्दा अरू दुइ जना भूइँमा लम्पसार परेकै थिए। त्यो गुलाफी उज्यालो अझ स्वर्गीय प्रभात जस्तै प्रकाशमान भइरहेकै थियो,

र जीवनको आत्माका चस्याङचुट्टुङरूपी पाङ्ग्रा आफ्ना साबिकका मार्गमा गुडिइरहेकै थिए, किनभने म विउँझदाखेरि त्यो ठूलो मुस्लो गइरहेको थियो। त्यहाँ, चाउरी परेको पहेंलो चर्मपत्रले ढाकिएको त्यो सानो बाँदरको शरीर पनि पडिरहेको थियो, जुन शरीर एक पटक गौरवशाली शी भएको थियो। अफसोस! यो नफ्रतलाग्दो सपना थिएन—यो भयंकर र अद्वितीय यथार्थ कुरा थियो!

दिललाई विरक्त पार्ने यो परिवर्तन के कुराले संयोग पर्‍यो? जीवन दिने आगोको प्रकृति फरक भयो? शायद यसले बीच बीचमा जीवनको सरचको बदला मृत्युको सत्त्व पठाउँथ्यो कि? अथवा यसको अद्भुत गुणले एक पटक व्याप्त भएको शरीरले त्यसभन्दा बढ्ता सहन गर्न सक्तैनथ्यो, उसैले त्यो विधि दोहोऱ्याइयो भने—जति समय बितोस् त्यसको वास्ता छैन—दुइ सञ्चारणले परस्परलाई अकार्यकारी पार्थ्यो, अनि तिनीहरूले असर गरेको शरीरलाई अस्तित्वको प्रत्यक्ष मूलसित संसर्ग हुनुभन्दा अगाडि त्यो जस्तो थियो त्यस्तै छाड्थ्यो। आइशाको दुइ हज्जार वर्षको सारा अवकाशले उनीमाथि असर गरे झैं, उनको अचानक र भयंकर बुढ्याइँको कारण यो, र यही मात्र देखिन्थ्यो। कुनै असामान्य उपायद्वारा कुनै आइमाईमा आयु लम्स्याउन सकेको भए र त्यो आइमाई लगभग २२ सय वर्षको उमेरमा मरेकी भए त्यसको शरीर दुरुस्त मेरो अगाडि अहिले पडिरहेको आकारको हुन्थ्यो भन्ने कत्ति पनि शंका थिएन।

तर के भयो को भन्न सक्छ? भएको कुरा त्यही हो। त्यो भयङ्कर समयदेखि, अक्सर, त्यस विषयमा विधाताको औंला देख्न अनुमानको कुनै ठूलो दौड चाहिंदैन भन्ने मैले गौर गरेको छ। आफ्नो प्रियतमको आगमनको निमित्त जुगजुगान्तर पर्खेर,

आफ्नो सजीव चिहानमा थुनिएकी आश्शाले संसारको क्रममा थोरै परिवर्तन मात्र गरिन् । तर अविनाशी जवानी, ईश्वरीय सौन्दर्य र शक्ति, र कैयन् शताब्दीको बुद्धिले विभूषित भएकी आफ्नो प्रेममा बलवती र सुखी आश्शाले समाजलाई उलटपुलट पार्थिन्, र शायद मानवजातिको भाग्यलाई पनि बदल्थिन् । यसरी तिनी नित्य नियमको विरुद्ध खडा भइन्, उसैले तिनी शक्तिमती थिइन् तापनि, त्यही नियमद्वारा फेरि शून्यतामै हुत्तिइन्—लज्जा र घृणित गिल्लासहित हुत्तिइन् !

केही मिनेटसम्म यी डरलाग्दा कुराहरूलाई आफ्नो मनमा कमजोरसँग ओर्कोईफर्कोई पल्टिरहें, मेरो शारीरिक शक्ति-चाहिं फर्कर आयो, त्यो फुर्तिलो वायुमण्डलमा त्यो शक्ति छिटोसँग फर्क्यो । त्यसपछि मैले अरूहरूको विचार गरें, अनि उनीहरूलाई बिउँझाउन सक्छु कि भनी हेर्नालाई जुरमुराएर उठें । तर पहिले मैले आश्शाको अलखा र मानिसका आँखाबाट आफ्नो तिरमिऱ्याउने मनोहारिता लुकाउने गरेको पतला घुम्टो टिपें र, यसमा हेर्न नपरोस् भनी आफ्नो मुन्टो फर्काई, मैले त्यो गौरवपूर्ण मरेकी आइमाईको भयंकर स्मारकचिन्हलाई, मानुषिक सौन्दर्य र मानुषिक जीवनको दिलमा आघात पर्ने त्यो सारसंग्रहलाई ढाकें । लिओ बिउँझेर यसलाई फेरि देख्ला भन्ने डरले यो काम मैले हतपतसँग गरें ।

त्यसपछि, बालुवामा छरिएका काला केशका बास्ना आउने राशलाई नाघ्दै, घोप्टो परेर पसारिइरहेको जौबकहाँ गएर उसलाई पल्टाएँ । मैले उसलाई उचाल्दा उसको हात निको रंग-सँग लत्रेन—त्यसले गर्दा साँच्चि नै मेरो मन खङ्रङ्ग भयो—अनि मैले उसको मुखमा निहारेर हेरें। एक हेराइ काफी थियो । हाम्रो पुरानो ईमान- दार नोकरले फुस्रो आँखा पल्टाइसकेको थियो ।

उसले देखेका र भोगेका सबै कुराले अघिबाटै जीर्ण भइसकेकोले, यो पछिल्लो घोर दृश्यले उसको ताकत बिलकुलै तोड्यो, उसैले डरले, वा डरबाट भएको मूर्छामा त्यो मरेको थियो। यो कुराको निश्चय गर्न मैले उसको आकृतिमा हेरे मात्र पुग्थ्यो।

यो अर्को चोट थियो; तर हामीले भोगेको अनुभव कति आकुल पार्ने किसिमको भयंकर थियो सो बुझ्नालाई, त्यस वेला हामीलाई त्यो कुरा उस्तो केही लागेन भन्दा मानिसहरूलाई मदत हुनेछ। बिचरो त्यो बूढो मर्नु बिलकुलै स्वाभाविक लाग्यो। अन्दाजी दशमिनेटपछि कन्दै हातखुट्टा कमाउँदै लिओ बिउँझेपछि मैले जौव मर्‍यो भनेर सुनाउँदा उसले पनि खालि 'ए!' भन्यो। तर ध्यान राख्नुहोस्, निर्दयी भएर होइन, किनभने जौव र उसमा खूब माया बसेको थियो; लिओ आजकल अक्सर जौवको बारेमा गाढा खेद र मायासहित कुरा गर्छ। त्यो उसको मगजले वढ्ता थेग्न नसकेर मात्र भएको थियो। जतिसुकै जोडले हानियोस्, वीणाले अवाजको कुनै परिमाण मात्र दिन सक्छ।

अनि, लिओलाई बिउँझाउनपट्टि लागें। लिओलाई नमरेको, मूर्छामात्र परेको देख्ता मेरो मनबाट ठूलो बोझ हट्यो। आखिरमा, मैले भने जस्तै, मेरो काम सफल भयो, अनि उ टुक्रुक्क बस्यो। त्यसपछि मैले अर्को भयंकर कुरा देखें। हामी त्यो भयानक ठाउँमा पस्ता उसको घुँगरवाल केश निकै रातोपट्टि ढल्केको सुनौला रंगको थियो; अहिले यो विभूति रंगको हुन लागेको थियो, अनि हामी बाहिरको हावामा पुग्दासम्म त्यो केश वरफ जस्तो सेतो भयो। त्यसबाहेक, उसको उमेरमा बीस वर्ष थपिए जस्तो देखियो।

उसको मन केही सफा भएपछि, र, भएको कुराको संझना

उसमा बलैसँग घुसेपछि उसले एक किसिमको खोक्रो मरेको स्वरमा भन्यो, 'के गर्नें, बूढा बा ?'

मैले जवाफ दिएँ, 'कोशिश गरेर निस्कन श्रेय ठान्छु, अर्थात्, तिमीलाई त्यसभित्र पस्न मन छैन भने,' अनि मैले फेरि गुडिरहेको आगोको मुस्लोमा देखाएँ।

अलिकति हाँसेर उसले भन्यो, 'यसले मलाई मार्छ भन्ने निश्चय भए म पस्थें। मेरो कुहिएको आनाकानीले गर्दा यो भएको हो। मैले शंका नमानेको भए मलाई बाटो देखाउनालाई शीले किमार्थ कोशिश गर्ने थिइनन्। तर मलाई निश्चय छैन। त्यो आगोको ममाथि उल्टा असर पर्न सक्छ। यसले मलाई अजम्मरी पार्न सक्छ; अनि, बूढ़ा बा, उनले मेरो निमित्त गरे जस्तै उनी फर्केर नआएसम्म दुइ हजार वर्ष पर्खने मेरो धैर्य छैन। वरु आफ्नो काल आएपछि मर्छु— त्यो पनि धेरै टाढा छैन जस्तो लाग्छ—अनि उनलाई खोज्न म आफ्नो बाटो लाग्छु। तपाईंलाई मन लाग्छ भने त्यसमा पस्नुहोस्।'

मैले खालि टाउको हल्लाएँ; मेरो उत्तेजना खाल्टोको पानी जस्तै मरेको थियो, अनि हाम्रो नश्वर अवकाश लम्म्याउनाको निमित्त मेरो अरुचि पहिलेको भन्दा पनि बढ्ता कडासँग ममाथि फर्केर आएको थियो। त्यसबाहेक, त्यो सत्त्वको के प्रभाव हुन्छ हामी दुवैलाई थाहा थिएन। शीउपरको परिणाम प्रोत्साहन दिने प्रकृतिको भएको थियो, अनि त्यो परिणाम पैदा गर्ने ठीक कारणबाट, जरूरै, हामी अनभिज्ञ थियौं।

मैले भनें, 'ल, नानी, यी दुइ जनाको पछि नलागेसम्म हामी यहाँ पर्खन सक्तैनौं,' अनि मैले सेतो कपडामनिको सानो थुप्रो र विचरो जौवको ठर्रो हुँदै गएको लासलाई देखाएँ। 'हामी जाने हौं भने जाइजान बढिया छ। तर, ए

साँच्चि, ती बत्तीहरू त निभिसके क्यारे,' अनि त्यसमा हेर्नालाई एउटा बत्ती टिपें, नभन्दै निभेको थियो ।

लिओले बेवास्तासँग भन्यो, 'कमसे कम, भाँडो नफुटेको भए त्यसमा केही तेल छ ।'

मैले त्यो भाँडो जाँचे—साबुत थियो । काँपेको हातले मैले ती बत्तीमा तेल भरें—भाग्यले त्यहाँ अझ नसक्केको सूती सिठी अलिकति थियो । त्यसपछि हाम्रो मैनदार सलाईले ती बत्ती बालें । मैले त्यसो गरिरहेको बेलामा आफ्ना कहिल्यै नटुंगिने यात्रामा जान लागेको आगोको मुस्लो फेरि आएको हामीले सुन्यौं, वास्तवमा, वृत्ताकारमा आउने र जाने उही मुस्लो भएको खण्डमा नि है ।

लिओले भन्यो, 'फेरि यो आएको हेरौं, यस संसारमा फेरि यस्तो अरू कुनै चीज हामीले देख्नेछैनौं ।'

यो निरर्थकको खुलदुली मात्र देखियो, तैपनि किन किन त्यसमा सामेल भएँ, उसैले हामी पर्ख्यौं । आखिरमा, बल्दो वादल आफ्नो धुरमा बिस्तारै बिस्तारै घुमेर ज्वलित भयो अनि गर्जंदै आयो; कति लाखन् वर्षसम्म यो घटना पृथ्वीका गर्भमा दोहोरियो, र कति हजारौं वर्षसम्म यो दोहोरिएला भनी मैले विचार गरेको म सम्झन्छु । फेरि, कुनै नश्वर आँखाले अब कहिल्यै यसको मार्ग हेर्नेछ छैन, वा कुनै नश्वर कान यसको गौरवपूर्ण आवाजको बढ्दो मात्राले रोमाञ्चित र मोहित हुनेछ छैन भन्ने मैले विचार गरें । त्यसो होला भन्ने म ठान्दिनँ; त्यो असंसारिक दृश्य देख्न पाउने आखिरी मान्छे हामी नै हौं भन्ने मेरो विश्वास छ । एक छिनमा त्यो गयो, अनि हामी पनि जान भनी फर्क्यौं ।

आफू जानुअगाडि पालै पालोसँग जौवको चिसो हात

समातेर हल्लायौं। यसो गर्नु भयंकर र रीतभाँतको लाग्यो, तर त्यो ईमानदार मृत व्यक्तिलाई हाम्रो आदर देखाउने र उसको अन्त्येष्टि क्रिया गर्ने हाम्रो शक्तिभित्र यही उपाय मात्र थियो। सेतो कपड़ामन्तिरको थुप्रो उघारेर हेरेनौं। त्यो भयानक दृश्यलाई फेरि हेर्ने इच्छा थिएन। हजार स्वाभाविक मृत्युभन्दा खराब नफ्रतलाग्दो परिवर्तनको दिक्‌मा उनीबाट झरेको लहरदार केशको थुप्रोमा गएर हामी दुवैले यसबाट एक एक ओटा टल्कने गुच्छा थुत्यौं। यी गुच्छा हामीसँग अझै छन्—उनको लावण्य र गौरवको पूर्णतामा हामीले उनलाई जान्दाखेरिको आश्शाको हामीसित रहेको एक मात्र संझौटो। लिओले त्यो बास्ना आउने केश आफ्नो ओठमा थिच्यो।

उसले धोत्रे अवाजले भन्यो, 'उनले मलाई नबिर्सनू भनिन्, र हाम्रो फेरि भेट हुनेछ भनी किरिया हालिन्। ईश्वर साक्षी छन्! म उनलाई कहिल्यै बिर्सन्नँ। यहाँ म किरिया हाल्छु, यसबाट हामी उस्कनालाई बाँच्यौं भने, जिन्दगीभर म अरू कुनै जीवित आइमाईसित संवन्ध राख्नेछैन, अनि म जहाँ गए तापनि उनले मेरो निति पर्खेकै जस्तो ईमानदारीसँग उनको लागि पर्खनेछु।'

मैले मनमनै विचार गरें, 'हो, हामीले उनलाई देखे जति सुन्दर भएर फर्किन् भने। तर त्यस्ती भएर फर्किन् भने!'[1]

---

१. कुरै कुरामा, यो कस्तो डरलाग्दो विचार हो, हाम्रो साहित्तु नपर्ने आइमाईउपरको लगभग सबै हाम्रो गाढा प्रेम उनीहरूको अनुहारमा भर पर्छ—कमसे कम पहिलो झमटमा। हामीले उनीहरूलाई गुमायौं भने, र अरू सबै कुरामा उही भए तापनि भयंकर अनुहार भएका उनीहरूलाई फेरि भेट्टायौं भने, के हामी उनीहरूलाई प्रेम गरिरहौंला त?
—ल० हो० हो०

त्यसपछि हामी हिंड्यौं। हामी गयौं, अनि यी दुइ जनालाई जीवनको गुप्त इनार र मूलको सामुन्ने, तर मृत्युको ठन्डा साथमा जस्मा भएका छाड्यौं। त्यहाँ पसारिएका तिनीहरू कस्ता एकला, र कस्ता जोडा नमिलेका देखिन्थे! त्यो सानो थुप्रो २००० वर्षसम्म सारा विश्वभरमा सबभन्दा बुद्धिमती, सबभन्दा सुन्दरी, र सबभन्दा घमण्डी प्राणी भएकी थिइन्—उनलाई म स्वास्नीमानिस भन्न सक्तिनँ। आफ्नो किसममा ती बदमास्नी पनि थिइन्; तर, अफसोस! मानिसको दिलको चंचलता यस्तो छ, उनको दुष्टताले उनको मोहिनी शक्तिलाई घटाएको थिएन। वास्तवमा, यसले उनको त्यस शक्तिलाई बढाएन भन्ने मलाइ निश्चय छैन। आखिरमा यो दुष्टता भारी कक्षाको थियो; आश्शाको बारे केही कुरा पनि नीच वा चानचुने थिएन।

अनि बिचरो जौव! उसको सपना साँचो भयो, र त्यसरी खतम भयो। जे होस्, उसले अनौठो च्याहान भेट्टायो—नर्कको कुनै मान्छेको त्यसभन्दा अनौठो च्याहान थिएन, न पछि होला; फेरि शाही शीको क्षुद्र अवशेषसित उही च्याहानमा रहनु सानो कुरा होइन।

हामीले आखिरी पटक उनीहरूलाई र उनीहरू रहेको अवर्णनीय गुलाफी ज्योतिलाई हेर्‍यौं; त्यसपछि, शब्दले जाहेर गर्न नसक्ने ज्यादै गह्रुंगो दिलले, उनीहरूलाई छोडेर त्यहाँबाट उत्साह भंग भएका मानिस बनी बिस्तारै आयौं—यस्तो भङ्ग भएका कि हामीले साँच्चि नै अजम्मरी हुने मौका त्याग्यौं, किनभने जीवनलाई कीमती पार्ने सबै कुरा हामीबाट गएको थियो, त्यस वेलामा पनि हामीलाई थाहा थियो, आफ्नो आयु बेहदसँग लम्म्याउनु हाम्रो दुःख लम्म्याउनु मात्र हुनेछ। किनभने हामीलाई लाग्यो—हो, हामी दुवैलाई—एक पटक

आश्शालाई आँखामा हेरेपछि, संज्ञना र व्यक्तित्व रहेसम्म कहिल्यै कहिल्यै पनि उनलाई बिर्सन सक्तैनौं। हामी दुवैले अहिले र सधैं प्रेम गरेका थियौं; तिनी हाम्रो दिलमा अंकित भएकी तथा गाडिएकी थिइन्, र कुनै आइमाई अथवा चाखले कहिल्यै त्यो गौरवपूर्ण टकलाइ मेट्न सक्तैनथ्यो।

मेरो—वेदना त्यहाँनेर छ—मेरो उनलाई यसरी विचार गर्ने हक थिएन र छैन। उनले मलाई भनेबमोजिम, उनको निमित्त म केही पनि थिइनँ, वास्तवमा, अवस्था बदलिएर दुइ जना मानिसले एउटी आइमाईलाई प्रेम गर्न सक्ने, र हकीकतमा तीनै जना सुखी हुने दिन आखिरमा नआएसम्म समयको अपरिमेय गहिराइसम्म म उनको निमित्त केही पनि हुनेछैन। मेरो टुटेको दिलको एक मात्र आशा, र केही फीका आशा यही छ। यसभन्दा बाहेक मेरो केही छैन। मैले यो चर्को मूल्य तिरेको छु—यहाँ र यसपछि म जे कुराको योग्य छु त्यही सबै, र त्यही मेरो एक मात्र पुरस्कार हो।

लिओको हकमा बेग्लै कुरा छ, बराबर म उसको सुखी भाग्यको नराम्रोसँग डाहा गर्छु, किनभने शीले भनेको ठीक हो, र उनको बुद्धि र ज्ञानले उनलाइ आखिरमा फेलो खुवाएन भने, लिओले आशा गर्ने केही भविष्य कुरा छ। उनको आफ्नो हालतको नजीरबाट तर्क गर्दा उनी फेलो खालिन् जस्तो मलाई कत्ति पनि लाग्दैन। तर मेरो भने आशा गर्ने कुरा केही छैन, तैपनि—मानवी हृदयको मूर्खता र कमजोरी हेर्नुहोस्, जो कमजोर हुनुहुन्छ यसबाट बुद्धि सिक्नुहोस्—तैपनि मलाई अरू कुरा होस् भन्ने छैन। मेरो मतलब, मैले दिएको र सधैं दिनुपर्ने कुरा दिन, र मेरो आसकीको टेबिलबाट खसेका धूलाधाली त्यसको मूल्य रूपमा लिन संतोष छुः अलिकति मेहरबानीसम्मको संज्ञना,

टाढा सपनै नदेखेको भविष्यमा एक दिन पहिचानको एक दुइ मनोहर मुस्कुराहटको आशा, अलिकति नम्र मित्रता, र उनी—र लिओउपरको भक्तिको निमित्त धन्यवादको अलिकति देखावट।

यति कुराले सच्चा प्रेम बन्दैन भने, केले बन्छ मलाई थाहा छैन। मेरो भन्नु यति मात्र हो, अधबैंसे उमेर बिताइसकेको मानिसको निमित्त त्यसमा फस्नु मनको साह्रै खराब अवस्था हो।

सत्ताईसौं परिच्छेद

हामी फट्कन्छौं

हामीले सजिलैसँग गुफाहरूलाई पार गर्‍यौं, तर उल्टिएको शंकुको सलामीमा पुग्दा दुइ बाधा हाम्रो सन्मुख खडा भए। पहिलो चाहिं उकालोको परिश्रम पर्ने किसिम, अनि दोस्रोचाहिं आफ्नो बाटो भेट्टाउन ज्यादै कठिनता। वास्तवमा, मैले भाग्यवश मनमनै कैयन् ढुंगाका रूपको ख्याल नराखेको भए त्यो बाटो कहिले पनि नभेट्टाई त्यस ज्वालामुखीको गर्भमा यताउता भौंतारिने थियौं—किनभने यो एक पटक एक किसिमको ज्वालामुखी थियो भन्ने लाग्छ—र आखिरमा शिथिल र निराश भएर हामी मर्‍यौं भन्ने निश्चय थियो। खयाल राख्ता राख्तै पनि हामी धेरै पटक गल्ती बाटोमा गएछौं, र एक पटक झण्डैले अजङको चिरा वा खाल्टामा खसेका थियौं। गहिरो अंधकार र भयंकर निस्तब्धतामा एउटा ढीकबाट अर्को ढीकमा बिस्तारै हिंड्नु, र बत्तीको मधुरो उज्यालोमा तिनीहरूका आकार चिन्न सक्नु

सक्तिनँ भनी तिनीहरूलाई जाँच्नु भयंकर काम थियो। दिलमा ज्यादै दिकदारी हुनाले हामीले बहुतै कम कुरा गऱ्यौं। केवल जिद्दी गरेर कहिले लड्दै, कहिले चोट खाँदै मुन्टिन्दै अगाडि गयौं। कुरा के हो भने हाम्रो उत्साह बिलकुलै भंग भएको थियो, आफूलाई जे भए तापनि बडे ख्याल गर्दैनथ्यौं। सकभर आफ्नो ज्यान बचाउनु कर्तव्य हो भन्ने मात्र हामीलाई लागेको थियो, वास्तवमा प्राकृतिक अन्तर्ज्ञानले हामीलाई यसपट्टि प्रेरित गरेको थियो। उसैले हामीले अन्दाजी तीन चार घण्टासम्म भूल गऱ्यौं जस्तो लाग्छ—ठीकसंग यति म भन्न सक्तिनँ, किनभने हामीसित चल्ने घडी थिएन। पछिल्लो दुइ घण्टामा हामी एकदमै बेपत्ता भयौं, र कुनै बगलको शंकुको फनेलमा भौंतारियौं भनेर मलाई डर लाग्यो, आखिरमा मैले आफूहरू ओर्लन थालेको एक छिनपछि देखेको साह्रै ठूलो ढुंगा अकस्मात्संग चिनें। मैले त्यसलाई चिन्नु अचम्मको कुरा हो; वास्तवमा, ठीक बाटोको समकोण गएर यसलाइ पार गरिसकेका थियौं, त्यही वेलामा यस बारेमा केही कुरा मनमा झ्वास्स आयो। मैले फर्केर यसलाई रह्लिएको किसिमले जाँचें, यो संजोग हाम्रो ज्यान बचाउने ठहरियो।

यसपछि हामीले उस्तो दुःख नपाईकन नै ढुंगाको प्राकृतिक भऱ्याङ भेट्टायौं, अनि यथासमयमा मानसिक अन्धकारमा अलमलिएको नूट बसेको र मरेको सानो कोठामा पुग्यौं।

तर अहिले अर्को नयाँ डर हाम्रो संमुख उपस्थित भयो। अजङ्को चोसोबाट झुल्ने ढुंगामा जाँदा हामी हिंडेको फट्के जौबको डर र बेढंगले गर्दा तलको भयंकर खाडलमा वैरिएको पाठकलाई संझना होला।

हामीले त्यो फटकेविना कसरी पार गर्ने ?

एउटा जवाब मात्र थियो—हामीले त्यसलाई फट्कन कोशिश गर्नुपर्छ, अथवा जहाँ छौं त्यहीं मर्नुपर्छ। फासलाकै हकमा त उस्तो ज्यादा थिएन, लगभग एघार बाह्र फीट हुँदो हो, कलेजमा जवान ठिटो हुँदा बीस फीट-भन्दा बढ्ता लिओले नाघेको मैले देखेको छु; तर त्यसो भनेर हुँदैन, अवस्थाको विचार गर्नुहोस्! दुइ जना थाकेका, र शिथिल भएका मान्छे, एक जनाचाहिं चालीस नाघिसकेको, उफ्रनुअगाडि दगुर्नेचाहिं झुल्ने ढुंगो; फट्केर ओर्ल्हनेचाहिं केही फीट चौडा थर्कने चट्टानको चोसो, र प्रचण्ड हुरीमा फट्कनुपर्ने अथाह खाडल! यो कुरा प्रशस्त खराब थियो, ईश्वर जान्दछन्; तर मैले यी कुरा लिओलाई भन्दा, त्यो रोजाइ निर्दयी थियो तापनि, हामीले त्यस कोठामा टङ्गिइरहने मृत्युको निश्चय र खाली जग्गामा एक छिनको मृत्युको जोखिमको बीचमा रोज्नुपर्छ भन्ने जवाब दिए र सारा विषयलाई छोट्करीमा टुंग्यायो।

यो बहसलाई काट्ने कुरा थिएन, तर अन्धकारमा फट्कन हामी प्रयत्न गर्न सक्तैनौं भन्ने स्पष्ट थियो; केवल गर्ने कुरा सूर्यास्तमा त्यो खाडीमा छिरेर आउने उज्यालोको किरणको निमित्त पर्खनु थियो। त्यो सूर्यास्त कति नजीक वा कति टाढा थियो भन्ने कुराको हामी दुवै जनालाई अलकति पनि खयाल थिएन; हामीलाई यति कुरा मात्र थाहा थियो, आखिरमा त्यो उज्यालो आएपछि बढीमा दुइ मिनेटभन्दा टिक्तैछैन, उसैले हामीले त्यो आउँदाखेरिलाई तयारी रहनुपर्छ। त्यही विचार-अनुसार, त्यो झुल्ने ढुंगाको सिरानमा बिस्तारै गई त्यहाँ तयारी रही पल्टनालाई मसक्क आँट्यौं। हाम्रो बत्ती फेरि सिद्धिने आँटेको हुनाले यो काम गर्न अझ खुरुक्क हामी लाग्यौं—वास्तवमा, एउटा अघि नै निभिसकेको थियो, अर्कोचाहिं तेल सकिंदा

लम्फाको ज्वाला जस्तै तल माथि उफ्रिरहेको थियो। उसैले, यसको मर्न लागेको उज्यालोको सहाराले, हामी हत्तपत्त त्यस सानो कोठाबाहिर कुप्रिएर निस्क्यौं र त्यस ठूलो ढुंगाको बगलमा उक्ल्यौं।

त्यही वेला बत्ती निभ्यो।

हाम्रो अवस्थाको परिवर्तन पूरापूर अनौठो थियो। तल, त्यो सानो कोठामा, हामीले माथिको हुरीको गर्जन मात्र सुनेका थियौं—यहाँ, त्यो झुल्ने ढुंगामा घोप्टो परेर लेट्ता हामी यसको पूरा शक्ति र प्रचण्डतामा परेका थियौं, जसै त्यो ठूला हुरी पहिले यो दिशाबाट र त्यसपछि अर्को दिशाबाट, अजङ्को भीरमा हानिएर चट्टानी पहाडको बीचबाट लखाँ निराशपूर्ण आत्मा जस्तो चिच्च्याउंदै हानिन्थ्यो। यस्तो गहिरो मनको डर र दुःखमा हामी घन्टन्‌का घन्टन् त्यहाँ लेटिरह्यौं, म त्यसलाई बयान गर्न प्रयत्न गर्दिनँ, र कुनै भयंकर बीणाबाट झैं हावा हुनहुनाएको सासुन्नेको चोसोको गहिरो दबेको आवाजसित मिली एक भीरबाट अर्को भीरमा परस्परलाई बोलाउँदा त्यो टार्टरसका प्रचण्ड तूफानी स्वर सुन्यौं। भत्केको जहाजका मल्लाह जहाजको एउटा काठमा जस्तै हामी टाँसिंदा, र हावाको कालो, अपरिमेय मरुभूमिमा ओल्ट्याङ पल्ट्याङ भइरहँदा, मानिसले देखेको कुनै डरलाग्दो सपना, अद्भुत कथालेखकको कुनै घोर आविष्कार त्यो ठाउँको सजीव भय, र त्यस रातका ती आवाजका पैशाचिक कराइ बराबर हुन सक्तैन। भाग्यले गर्दा तापक्रम ओर्लेको थिएन; वास्तवमा, हावा न्यानो थियो, नत्र हामी मर्ने थियौं। उसैले हामी टाँसिएर सुनिरह्यौं, अनि हामी त्यस चट्टानमा पसारिइरहँदा, निःसन्देह केवल संजोग थियो तापनि, एउटा कुरा आफैमा यस्तो सूचनकारी र अनौठो घटित भयो कि यसले

हाम्रो मनको बोझ हलका पार्नु त परै रहोस्, झन् गह्रुँगो पाख्यो ।

हामीले पार गरेर त्यो झुल्ने ढुंगामा पुग्नुअगाडि, त्यो चोसोमा आश्‍शा उभिइरहँदा बतासले उनको बर्सादी खोसेर लगेको, र यता लग्यो भन्ने हामीले देख्न नसक्ने गरी त्यो खाडलको अन्धकारमा उडाएर लगेको पाठकलाई संझना होला । त—त्यो बयान गर्न मलाई कत्ति मन छैन; यो यस्तो अनौठा छ—हामी त्यो झुल्ने ढुंगामाथि पल्टिरहँदा त्यही बर्सादी, मरेको व्यक्तिको संझना जस्तै, त्यो कालो जग्गाबाट उड्दै आयो, र लिओमाथि खस्यो—यस किसिमले खस्यो कि त्यसले उसलाई झण्डै टाउकोदेखि खुट्टासम्मै ढाक्यो । पहिले हामीले यो के हो भनी अनुमान गर्न सकेनौं, तर चाँडै नै यसको बुनोटले पत्ता लगायौं, अनि त्यसपछि, पहिलो पटक, विचरा लिओले मन थाम्न सकेन र त्यस ढुंगामाथि उसले घुँक घुँक गरेको मैले सुनें । निःसन्देह नै त्यो बर्सादी त्यो पहाडको कुनै चोसोमा अल्झेको, र त्यतावाट हावाको संजोगको झोक्काले यता उडाएर ल्याएको थियो; कमसे कम, यो ज्यादै अनौठो र दिलमा असर पार्ने घटना थियो ।

यसको एक छिनपछि, एक्कासि, अघिबाट अलिकति पनि सूचना नदिई, उज्यालोको रातो छुरीले अन्धकारलाई वारपार पुग्‍याई गोपेको देखियो—हामी बसेको झुल्ने ढुंगामा पर्‍यो, अनि यसको अप्राकृतिक रङको टुप्पो सामुन्नेको चोसोमा रह्यो ।

लिओले भन्यो, 'ल अब; कि अहिले कि कहिले होइन ।'

हामीले उठेर आङ तान्यौं, मन्तिरको रिङटा लाग्ने गहिराइमा हानिएर जाँदा त्यो रातो किरणले रगत जस्तै रङाइएका बादलका मालामा पहिले हेर्‍यौं, त्यसपछि झुल्ने ढुंगा र थर्कने

चट्टानको बीचको खाली जग्गामा हेर्थ्यौं, अनि, मृत्युको निमित्त तयार भई, दिलभित्र, निराश भयौं। निराशले लापरवाह भएका थियौं तापनि निश्चय नै हामी त्यसलाई फट्कन सक्तैनथ्यौं।

मैले भनें, 'पहिले को जाने ?'

लिओले जवाब दियो, 'तपाईं जानुहोस्, बूढा बा। यो ढुङ्गालाई नहल्लने पार्नालाई म अर्को छेउमा बस्छु। तपाईंले हुन सक्तेसम्म टाढाबाट दगुरेर माथिसम्म उफ्रनुपर्छ; अनि परमेश्वरको हामीमाथि अनुग्रह होस् !'

मैले टाउको हल्लाएर मञ्जूर गरें, त्यसपछि लिओ सानो बालख छँदाखेरिदेखि कहिले पनि मैले नगरेको कुरा गरें। फरक फर्केर उसलाई अँगालो हाली निधारमा म्वाईं खाएँ। यो केही फ्रान्सिसी चलन जस्तो देखिन्छ, तर उ मेरो दोबर छोरो भए तापनि यसभन्दा आफूले बढ्ता माया गर्न नसक्ने मानिसबाट आखिरी बिदाइ लिइरहेको थिएँ।

मैले भनें, 'बिदा, मेरो नानी, हामी जहाँ गए तापनि हाम्रो फेरि भेट होला भन्ने आशा गर्छु।'

हो कुरा के भने मलाई अर्को दुइ मिनेट पनि बाँचुँला भन्ने आशा थिएन।

त्यसपछि म त्यस चट्टानको पल्लो छेउमा गएँ, अनि जता जता पायो उतै फरक फर्कने हावाको एउटा झोका आफ्नो पछाडि नपरेसम्म पर्खें; त्यसपछि त्यो अजङ्को ढुङ्गाको वारका पार, अन्दाजी ३०।३५ फीट कुदें, अनि रिङ्टालाग्दो हावामा बेफ्रूकसंग उफ्रें। ओहो ! त्यस चट्टानको सानो टुप्पामा ओर्लन लाग्दा मलाई लागेको भाउन्न हुने आतस, आफ्नो फट्काइ छोटो भन्ने ख्याल मगजमा झल्कँदा निराशको भयंकर अनुभव ! तर त्यस्तै भएको थियो; मेरो खुट्टाले त्यो चोसो-

लाई कहिल्यै छोएन, त्यो खाली ठाउँमा गयो, केवल हात र शरीरले मात्र यसलाई छोयो । चिच्याएर मैले त्यो चोसोलाई समातें, तर एउटा हात चिप्ल्यो, अनि अर्को हातले समाती तर्लङ्ग झुण्डिएकैमा फनक्क घुमें, उसैले अब म झुल्ने ढुंगापट्टि फर्कें । अतिशय शारीरिक कष्टमा बायाँ हातले समात्न खोजें, यो पटक चट्टानको गाँठो पक्रन सकें, र त्यहाँ हजारौं फीट खाली जग्गाको माथि प्रचण्ड, रातो उज्यालोमा झुण्डिएँ । मेरा दुइ हातले त्यस चोसाको मन्तिरको दुवैपट्टि समातिराखेका थिए, उसैले यसको चुच्चोले मेरो टाउकोमा छोइ-रहेको थियो । त्यस कारणले, जोड पुगेको भए तापनि, म माथि उचालिन सक्तैनथें । मैले गर्न सक्ने हदको कुरा करीब एक मिनेट-सम्म झुण्डिनु र, त्यसपछि अथाह खाल्डोमा खस्नु थियो । कुनै मानिसले यसभन्दा भयंकर अवस्था अनुमान गर्न सक्छ भने, बोलोस् ! मैले थाहा पाएको कुरा यत्ति हो, त्यस आधा मिनेटको वेदनाले मेरो मगज झण्डै सड्केको थियो ।

मैले लिओ कराएको सुनें, त्यसपछि अकस्मात् मैले उसलाई बराँठ जस्तो माथितिर उफ्रेर आएको देखें । आफ्नो डर र निराशाको प्रभावमा परी उसले गरेको फड्काइ गौरवपूर्ण थियो । केही जत्ति नमानी त्यो डरलाग्दो खाडीलाई फड्की, त्यो चट्टानी टुप्पामा राम्ररी ओर्ली, उछिट्टिएर खाडलमा पर्नुबाट बच्नालाई घोप्टो परेर पछारियो । उसको धक्काको जाडले ममाथिको चोसो काँपेको थाहा पाएँ, यो काँपेको वेलामा लिओ उफ्रँदा उसद्वारा प्रचण्डरूपले किचिएको त्यो अजङ्को झुल्ने ढुंगो उसको बोझ छुट्नासाथ माथि उफ्रेर गएको मैले देखें । अनि यी सारा शताब्दीमा पहिलो पटक, तौल फुस्कने गरी झुलेकोले, अति भयानक गन्थ्याङ्को अवाज गरी दार्शनिक नूटलाई कुटीको

काम दिएको चट्टानी कोठामा खोज्नै खसेर, मलाई शंका छैन, जीवनको स्थानमा लाने बाटोलाई सयकडौं टनको चट्टानले सदाको लागि बन्द गर्‍यो ।

यो सबै कुरा एक सेकेण्डमै भयो र, अनौठासँग, मैले आफ्नो भयंकर दुर्दशामा पनि, मानो स्वतः, त्यो कुरालाई देखें ! त्यो डरलाग्दो बाटोमा फेरि कोही मान्छेजाने छैन भन्ने विचार गरेको पनि संझन्छु ।

उत्तिनैखेरि लिओले दुवै हातले मेरो दाहिने नारी समातेको थाहा पाएँ। त्यस चट्टानको टुप्पामा घोप्टो परेर उसले मलाई भेट्टाउनसम्म सक्थ्यो ।

उसले शान्त र सह्यालिएको स्वरमा भन्यो, 'तपाईंले छोडिदिएर कतै नछोई तर्लङ्ग झुण्डिनुपर्‍यो, त्यसपछि तपाईंलाई माथि तान्न कोशिश गर्छु, अथवा हामी दुवै सङसङै खस्छौं। तपाईं तयार हुनुहुन्छ ?'

जवाफको रूपमा मैले त्यस ढुङ्गालाई छोडें, पहिले मेरो देब्रे हातले त्यसपछि दाहिने हातले, र, फलतः मेरो बोझ लिओका हातमा झुण्डाएर, माथितिरको चोसोबाट फरक भई झुलें। यो डरलाग्दो समय थियो। त्यो साँच्चिकै बलवान् मानिस थियो, मलाई थाहा थियो, तर उसको पोजिशनले गर्दा यति कम पयठ उसले पाएको हुनाले, त्यस चोसोको टुप्पा मैले समात्न नसकुन्जेल मलाई तान्न सक्ने उसको बल थियो ?

केही सेकेण्डसम्म म तर्लङ्ग झुण्डिएर झुलें, उसले चाहिं त्यस प्रयत्नको निमित्त बल एकत्रित पार्‍यो, त्यसपछि ममाथि उसका नसा पट्केको सुनें, र मानो बालकलाई जस्तै मलाई उचालेको थाहा पाएँ। हुँदा हुँदा आफ्नो बायाँ पाखुराले त्यस ढुङ्गोलाई फेरो मारें, अनि मेरो शरीर यसद्वारा थेगियो।

म तर्लङ्ग झुरिडएर झुलें ।

अनि त सजिलै थियो; दुइ तीन सेकेण्डमै म माथि पुगें, अनि आफ्नो छालाबाट डरको चिसो पसीना तप तप चुहाउँदै, पात जस्तै काँपी, सँगसँगै स्याँ स्याँ गर्दै हामी पल्ट्यौं।

त्यसपछि, पहिलेकै जस्तो, त्यो उज्यालो बत्ती जस्तै झ्याप्प भयो।

करीब आधा घण्टासम्म हामीले एक शब्द नबोलेर आरामी लियौं, तर आखिरमा त्यो गाढा अन्धकारमा सकेसम्म राम्ररी त्यो ठूलो चोसामाथि घस्रन थाल्यौं। भित्ताबाट कीलो निस्के जस्तै त्यो चोसो निस्केको भीरको पाटापट्टि हामी जति जति गयौं उज्यालो बढ्दै गयो, तर, साह्रै थोरै मात्र थियो, किनभने माथि रात परेको थियो। यसपछि हावाको झोका घट्यो; हामी निकै हिंड्यौं र आखिरमा पहिलो गुफा वा सुरुङको मुखमा पुग्यौं। तर अब हाम्रो अगाडि नयाँ दुःख खडा भयो : हाम्रो तेल सिद्धिएको थियो, बत्तीहरू, निःसन्देह नै, झुल्ने ढुङ्गा खसेर धूलो-पीठो भएका थिए। तिर्खा मार्नालाई एक थोपा पानी थिएन, किनभने बाँकी रहेको पानी नूटको कोठामा खाइसकेका थियौं। यो ढुङ्गा छरिएका गुफामा कसरी बाटो देख्ने हो ?

प्रस्टै हामीले गर्न सक्ने कुरा आफ्नो स्पर्श ज्ञानमा विश्वास गर्नै, र अन्धकारमा बाटो पहिल्याउन कोशिश गर्नै थियो; उसैले हामीले ढीला गर्यौं भने स्वस्थ हुन्छौं, र शायद जहाँ थियौं त्यहीं पसारिएर मर्नुपर्ला भन्ने डरले हामी बिस्तारै बिस्तारै भित्र पस्यौं।

ओहो, त्यो पछिल्लो सुरुङको भयंकरता! त्यस ठाउँमा ढुङ्गै ढुङ्गा छरिएका थिए, हामी त्यसमाथि लड्यौं, तिनीहरूमा ठक्कर खायौं, हुँदाहुँदा १५-२० घाउ भएर हाम्रो शरीरबाट रगत बगि-रहेको थियो। हाम्रो बाटो देखाउने आफैले छोडराखेको गुफाको

भित्तो मात्र थियो, त्यस अन्धकारमा हामी यत्तिको अलमल्ल परेका थियौं कि हामी फर्केर गल्ती बाटोबाट हिंडिरहेका छौं भन्ने डरलाग्दो खयाल तीन पटक मनमा चढ्यो। आफ्नो बल सिद्धिएको हुनाले आरामी लिन बराबर केही मिनेट थामिँदै, लखाङ्लुरुङ गर्दै, झन् झन् बढ्ता कमजोरीसँग ताती गर्दै, कैयन् घन्टासम्म, हामी अगाडि बढ्यौं। एक पटक हामी निदायौं र, केही घण्टासम्म सुत्यौं जस्तो लाग्छ, किनभने हामी बिउँझदा हात खुट्टा एकदम कक्रिएका थिए, काटेको र दरफराएको घाउबाट आएको रगत जमी छालामा कक्रक परी सुकेको थियो। त्यसपछि फेरि हामी लखाङ्लुरुङ गरी जान थाल्यौं, र आखिरमा, निराशाले हाम्रो दिलमा वास गर्न लाग्दा हामीले फेरि दिनको उज्यालो देख्यौं, सुरुङबाहिर त्यो चट्टानी पत्र वा गल्लीमा हामी रहेछौं, पाठकलाई संझना होला, भीरको बाहिरी पाटोबाट यसमा त्यो गएको थियो।

त्यस वेला विहान सबेरै थियो—त्यो कुरा हामीले फेरि कहिले देख्न आशा नभएको आनन्द दिने आकाशको अनुहार र मीठो हावाको अनुभवले हामी भन्न सक्थ्यौं। हामीले थाहा पाएसम्ममा, सूर्यास्तको एक घण्टापछि त्यस सुरुङमा हामी पस्यौं, त्यसबाट यो भयंकर ठाउँ हिंडिसक्न हामीलाई रातभर लाग्यो भन्ने देखिन्छ।

मैले निसासिएर भनें, 'अब एक प्रयत्नले, लिओ, हामी त्यो सलामीमा पुग्छौं, बिलाली नगएको भए त्यहाँ हुनुपर्छ। आऊ, हिक्मत नहार', किनभने उ घोप्टो परेर पसारिएको थियो।

उ उठ्यो अनि, परस्परमाथि भर परेर, पहाडको ५० फीट जति तल लरखरिएर ओर्ल्हौं—यसरी भन्ने मलाई अलिकति पनि खयाल छैन। फेदीमा एकै थुप्रो परी हामी पसारिरहेका रहेछौं

भन्ने थाहा पाएको मात्र म सँझन्छु, अनि त्यसपछि फेरि शीले उनी नफर्केसम्म पर्खनू भनी बिलालीलाई अह्राएको कुञ्जतिर चार हातखुट्टा टेकेर घिस्रन थाल्यौं, किनभने हामी एक हात पनि हिँड्न सक्तैनथ्यौं। यस किसिमले चालीस गज पनि गएका थिएनौं, एक्कासि एउटा लाटो हाम्रो बायाँपट्टिका रूखहरूबाट निस्क्यो—म ठान्छु, त्यहाँ त्यो बिहानको भ्रमण गर्न लागेको हुदो हो—अनि हामी कस्तो अनौटो जानवर हौं भनी हेर्नालाई हामी भएतिर दगुर्‍यो। उसले ट्वालट्वालति हेर्‍यो, हेर्‍यो, अनि डराएर दुवै हात उठाई झण्डै जमीनमा पछारिएको थियो। अनि, सकेसम्म छिटो दगुरेर कुञ्जतिर त्यो गयो। कुञ्ज अन्दाजी २०० गज टाढा थियो। हाम्रो अनुहार देखेर उ तर्सिएकोमा कुनै अचम्म थिएन, किनभने हाम्रो डरलाग्दो अनुहार भएको हुनुपर्छ। पहिलो प्रथमा, लिओ, सुनौला मुन्द्रा परेका केश बरफ जस्ता सेता भएका, लुगा शरीरबाट धुजाधुजा भई झण्डै खसिसकेका, मुख ख्याप्ल्याक्क बसेको, अनि हात नीलडाम, घाउचोट, र रगत सुकी पत्र जमेको फोहोर कुराको थुप्रो बनेको, कष्टसाथ जमीनमा घस्रेर आउँदा प्रशस्त तर्साउने अनुहारको थियो, अनि मेरो गति पनि उसभन्दा कम थिएन भन्ने मलाई निश्चय छ। मलाई थाहा छ, दुइ दिन पछि, पानीमा आफ्नो मुख हेर्दा मैले आफूलाई चिन्न सकिनँ। सौन्दर्यको निमित्त म कहिले पनि प्रख्यात भएको छैन, तर मेरो आकृतिमा कुरूपताबाहेक अरू केही कुरा अंकित भएको थियो जो आजतक मबाट गएको छैन। झस्केको मानिस गहिरो निद्राबाट बिउँझँदाको उन्मत्त अनुहारसँग मिल्ने केही कुरा मेरो मुखमा अंकित भएको थियो। साँच्चै भनूँ भने यसमा ताजुब हुने कुरा छैन। हाम्रो मगज कत्ति पनि नबिग्रेकोमा पो म ताजुब हुन्छु।

एक छिनपछि, बूढो बिलाली हतपताएर हामीतिर आएको देख्ता मेरो मन ज्यादै हलका भयो। उसको आदरपूर्ण अनुहारमा आत्तिएको भाव देख्ता त्यस वेलामा पनि मुश्किलसँग मुस्कुराहट रोक्न सकें।

उसले करायो, 'ओहो, मेरो बबून ! मेरो बबून ! मेरो प्यारो छोरा, साँच्चि नै तिमी र सिंह हौ ? किन, पाकेको धान जस्तो उसको जगर बरफ जस्तो सेतो भएछ। तिमीहरू कहाँबाट आयौ ? अनि सुंगुर कहाँ छ, फेरि "आज्ञा-मान्नैपर्ने-शी" पनि कता ?'

मैले जबाफ दिएँ, 'मरे, दुवै मरे ! तर कुनै सवाल नसोध्नुहोस्; हामीलाई मदत दिनुहोस्, अनि खान पिन दिनुहोस्, नत्र तपाईंकै आँखाअगाडि हामी पनि मर्नेछौं। देख्नुहुन्न हाम्रो जिभ्रो पानी नपाएर काला भइरहेछन्? अनि, हामी कसरी कुरा गर्न सक्छौं ?'

उसले निसासिएर भन्यो, 'मरे ! असंभव ! कहिल्यै पनि नमर्ने शी—मरिन्, यो कसरी हुनसक्छ ?' त्यसपछि, हामीहरूकहाँ दगुरेर आएका लाटाहरूले आफ्नो मुख हेरिरहेका छन् भन्ने थाहा पाएर होला, उसले आफूलाई सम्हाल्यो, अनि हामीलाई वासमा लानू भनी उनीहरूलाई इशारा गर्‍यो, तिनीहरूले लगे।

भाग्यले हामी पुग्दा अलिकति सुरुवा आगोमा उम्लिरहेको थियो। बिलालीले हामीलाई त्यही पिलायो—किनभने हामी आफै खान नसक्ने सम्मका निर्धा भएका थियौं—त्यसरी, मलाई दृढ विश्वास छ, शिथिलताबाट हुने मृत्युदेखि हामीलाई बचायो। त्यसपछि भिजेको टालाले हाम्रो मैला र रगत धुनू भनी त्यसले ती लाटाहरूलाई अह्रायो, अनि त्यति गरेपछि हामीलाई वास्ना

आउने घाँसको थुप्रोमा सुताइदियो, र तुरुन्तै हामी मन र शरीर बिलकुल लोत्र्यासम्म परेपछि आउने मरेको हो कि बाँचेको थाहा नहुने निद्रामा पर्‍यौं ।

अट्ठाईसौं परिच्छेद

पर्वतमा

त्यसपछि मैले संझेका कुरा, ज्यादै भयंकर कैंडा लागेको अनुभव, र भर्खर चुटिएको गलैंचा म हुँ भन्ने मेरो अर्द्धजागृत मगजमा आएको अनौठो, अस्पष्ट विचार हो । मैले आँखा खोलें, मेरो आँखा परेको पहिलो कुरा उही बूढो मित्र बिलालीको आदरणीय रूप थियो । म सुतेको दुःखजिलोको ओछ्यानको बगलमा बसेर उ आफ्नो लामो दाह्री विचारपूर्वक मुसारिरहेको थियो । उसको उपस्थितिले तुरुन्त मेरो मनमा हामीले भर्खर भोगेको सबै कुराको स्मरण जागृत गर्‍यो, त्यसमाथि मेरो सामुन्नेमा लेटिरहेको बिचरो लिओको दृश्यले रंग चढ़ायो । उसको मुख नील डामले कालो भएको थियो, उसको राम्रो घुँघरवाल केश पनि पहेंलोबाट सफेद भएको थियो । त्यो देख्ता मैले फेरि आँखा बन्द गरेर कनें ।

बूढो बिलालीले भन्यो, 'तिमी धेरै सुत्यौ मेरो बबून ।'

मैले सोधें, 'कति सुतें, मेरो पिता ?'

---

१. अनौठोसँग, हालसाल लिओको कपालमा केही पहिलेको रङ आएको छ—अर्थात्, यो अहिले पहेंलो पहेंलो विभूति छ, मलाई आशा छ, कालान्तरमा यो बिलकुल पहिलेकै जस्तो हुनेछ ।—ल० हो० हो०

'एक फन्को सूर्य्य र एक फन्को चन्द्रमा, छर्लङ्ग एक दिन र एक रात तिमी सुत्यौ, त्यो सिंह पनि । हेर, त्यो अझ सुतेकै छ ।'

मैले जवाब दिएँ, 'निद्रा आनन्द दिने कुरा हो, किनभने यसले संझनालाई निल्छ ।'

उसले भन्यो, 'मलाई भन, तिमीहरूलाई के भयो, अनि नमर्ने शीको मृत्युको यो अनौठो कथा क्या हो । खयाल गर, मेरो छोरा: यो कुरा साँचो हो भने त, तिमीलाई र सिंहलाई साह्रै ठूलो जोखिम पर्नेछ—त्यति मात्र होइन, तिमीहरूलाई टाउकोमा राखेर मार्ने भाँडो लाल भई तातिसकेको छ, तथा तिमीहरूलाई खाने मान्छेहरूको पेट त्यस भोजको निमित्त अहिले नै भोकाएका छ । यी अमाहगर, मेरा बालक, गुफामा बस्ने यी मानिसहरूले तिमीहरूलाई घृणा गर्छन् भन्ने थाहा छैन ? परदेशी हुनाले यसै तिमीहरूलाई उनीहरू घृणा गर्दछन्, फेरि तिमीहरूको निमित्त शीले सास्ती दिएका आफ्ना भाइहरूको निमित्त झन् उनीहरू तिमीहरूलाई घृणा गर्छन् । निश्चय नै, हियाबाट, ती भयंकर आज्ञा-मान्नेपर्ने-व्यक्तिबाट डराउने केही कुरा छैन भन्ने तिनी-हरूले एक पटक थाहा पाए भने तिमीहरूलाई भाँडाले मार्ने-छन् । तर तिम्रो कुरा सुनूँ, मेरो बिचरो बबून ।'

यसो भनेको हुनाले मैले उसलाई भन्न थालें—हकीकतमा, सबै थोक भनिनँ, बेलीबिस्तार लाउन बढिया ठानिनँ, तर ज्वालामुखीको आगोमा खसेर त्यस आगोले भस्म पारेको हुनाले—मैले त्यसो भनें—शी अब छैनन् भन्ने उसलाई संझाउने मेरो मनसायलाई चाहिने प्रशस्त कुरा भनें; किनभने साँचो कुरा भनेको भए उसले बुझ्न सक्तैनथ्यो । आफू उम्कँदा हामीले भोगेका केही भयंकर कुरा पनि मैले भनें, त्यसले उसलाई

साह्रै असर पार्‍यो । तर मैले स्पष्ट देखें, आश्शा मरेको कुरामा उसले विश्वास मानेन। हामीले उनलाई मरेकी ठान्यौं भन्ने उसले जरूरै पत्यायो, तर उनलाई केही छिन बेपत्ता हुन परेको हुनाले त्यसो भएको भन्ने उसले अर्थ लायो । उसले भन्यो, 'एक चोटि मेरा बाबुको पालामा, तिनी १२ वर्षसम्म बेपत्ता भएकी थिइन्, अनि धेरै शताब्दीअगाडि एक पुस्ताभर उनलाई कसैले देखेनन्, फेरि एक्कासि तिनी देखापरिन्, अनि महारानी भएर बसेकी एउटी आइमाईको नाश गरिन् भन्ने विश्वास यस मुलुकमा पुस्ता दरपुस्तादेखि चलिआएको छ।' यस कुरालाई मैले केही भनिनँ, खालि दिकदारीसँग टाउको हल्लाएँ। अफसोस! आश्शा अब फर्कन्नन्, अथवा कमसे कम बिलालीले उनलाई कहिले पनि देख्तैन भन्ने मलाइ खूब राम्रोसँग थाहा थियो। अर्को ठाउँमा हामीले उनलाई भेट्टाउन सकौंला, र, मलाई विश्वास छ, उनलाई हामी भेट्टाउनेछौं, तर यहाँ होइन ।

बिलालीले कुरा टुंग्यायो, 'अब, तिमी के गर्छौ, मेरो बबून ?'

मैले भनें, 'अँहँ, मलाई थाहा छैन, मेरो पिता । यस मुलुकबाट हामी उम्कन सक्तैनौं ?'

उसले टाउको हल्लायो ।

'त्यो त साह्रै मुश्किल छ । कोरको बाटो तिमीहरू जान सक्तैनौ; किनभने तिमीहरूलाई देखिहाल्छन्, अनि जसै यी मापाका मानिसले तिमीहरू एकलै छौ भन्ने थाहा पाउँछन्—बस,' अनि उसले आफ्नो ठाउकोमा टोप राखे जस्तो गरी हात उचालेर अर्थ छ भन्ने देखिने गरी मुस्कुरायो। 'तर मैले एक चोटि तिमीलाई भनेको त्यो भीरमाथिको बाटो छ। त्यस बाटोबाट चराउनाका निमित्त गाई बाखा धपाएर लान्छन् । ती चरनको पल्लोपट्टि भासै भास छन् । तीन दिनको बाटो

त्यसैमा पर्छ, त्यसपछि मलाई थाहा छैन, तर मैले सुनेको छु त्यहाँबाट सात दिन हिंडेपछि ठूलो खोलो आउँछ, त्यो कालो पानीमा खस्छ। तिमीहरू यसको किनारमा पुग्यौ भने, शायद् उम्कन सकौला, तर त्यहाँ कसरी पुग्न सक्छौ ?'

मैले भनें, 'बिलाली, तपाईंलाइ थाहै छ, एक पटक मैले तपाईंको ज्यान बचाएँथें। अहिले त्यो ऋण तिर्नुहोस्, मेरो पिता, मेरो निमित्त मेरो र मेरो छोरो, सिंहको ज्यान बचाइदिनुहोस्। तपाईंको वेला आइपुग्दा विचार गर्न यो कुरा तपाईंको निमित्त आनन्ददायक हुनेछ, तपाईंले केही गरी कुनै कुकर्म गर्नुभएको भए, तपाईंको दिनको कुकर्मभन्दा माथि उचाल्ने गरी तराजूमा केही कुरा राखिनेछ। फेरि, तपाईंले भनेको ठीक भए, र शी लुकेकी मात्र रहिछन् भने, निश्चय नै फेरि आउँदा उनले तपाईंलाई पुरस्कार देलिन्।'

त्यो बूढो मानिसले जवाब दियो, 'मेरो छोरा, बबून, मेरो बेगुनी मन छ भन्ने नठान। म डुबेको देख्तादेख्तै ती कुकुरहरू ठिङ्ग उभिइरहँदा तिमीले मलाई बचाएको म राम्रोसँग संझन्छु। गुनको बदला गुनैले तिर्छु, तिमी बच्न सक्छौ भने, म पक्का बचाइदिउँला। सुन : भोलि बिहान सखारै तयार होऊ, किनभने तिमीहरूलाई बोकेर पर्वतहरूमा लान, र त्यहाँभन्दा पारीको भास कटाउन यहाँ डोली आउनेछन्। यसै गर्नू भन्ने शीको आज्ञा छ; जसले शीको आज्ञा मान्दैन, त्यो मान्छे लकरबाघको खाजा हुन्छ भनेर यो काम गराउँछु। अनि, त्यो भास काटेपछि, तिमीहरूले आफ्नै भर पर्नुपर्छ, उसैले शायद, भाग्य रहेछ भने, तिमीले मलाई भनेको त्यो कालो पानीमा नआइपुगेसम्म बाँच्नेछौ। ल अब, हेर, सिंह बिउँझ्यो, तिमीहरूको निमित्त मैले तयार पारेको खानेकुरो खानुपर्छ।'

लिओ राम्रोसँग बिउँझेपछि, उसको अनुहारबाट ठान्नु-पर्ने जति उसको अवस्था खराब ठहरिएन, अनि हामी दुवैले मजासँग खायौं। त्यो भोजनको, साँच्चि नै, हामीलाई अत्यन्त आवश्यक थियो। त्यसपछि हामी खोच्याउँदै पानीको मूलमा नुहाउन गयौं। त्यहाँबाट फर्केर साँझसम्म फेरि सुत्यौं, उठे-पछि फेरि पेटभरी खायौं। बिलाली दिनभरी नै थिएन, निःसन्देह डोली र डोलेहरूको बन्दोबस्त गरिरहेको हुँदो हो, किनभने आधारातमा त्यो वास बसेको सानो ठाउँमा थुप्रै मानिसहरू आउनाले हामी बिउँझ्यौं।

बिहान सखारै त्यो बूढो मानिस नै आइपुग्यो, र शीको डर-लाग्दो नाउँ लिएर चाहिंदा मान्छेहरू, र उनीहरूको साथमा भासमा हामीलाई बाटो देखाएर लाने दुइटा अगुवालाई प्रभाव पार्नामा केही मुश्किलसँग उ सफल भयो भन्ने कुरा हामीलाई सुनायो। फेरि उसले हामीलाई तुरुन्तै बाटो लाग्न कर लायो, साथसाथै हामीलाई धोखाबाट बचाउन हाम्रो साथ लाग्ने आफ्नो इच्छा पनि प्रकट गर्‍यो। दुइ जना बिलकुलै निःसहाय परदेशीउपर त्यो छटेल असभ्य बूढाको दयाको यस कामले मलाई निकै असर गर्‍यो। फर्कंदा लाग्ने दिनको समेत हिसाब गर्दा छ दिनसम्म त्यस प्राणघातक भासमा सफर गर्नु त्यस उमेरको मानिसको निमित्त लरतरो कुरा थिएन, तर उसले हामीलाई निर्विघ्न पार्न खुशीसाथ मन्जूर गर्‍यो। यसबाट यो सिद्ध हुन्छ कि ती भयानक अमाहगर जातिमा पनि—जुन जाति आफ्नो घोसेपन, पैशाचिक तथा क्रूर रीतभाँतले गर्दा मैले अझसम्म सुनेभरमा पक्कै सबभन्दा निकै बढ्ता भयङ्कर जंगली छ—दयालु मन भएका मानिस हुँदा रहेछन्। जरूरै उसको फाइदाको केही कुराको यससँग संबन्ध हुन सक्छ।

शी एक्कासि निस्केर उससँग हाम्रो कुरा सोध्छिन् भन्ने बिलालीले ठान्न सक्छ। तैपनि, यी सब कुरा थिए तापनि, त्यस परिस्थितिमा हामीले आशा गर्न सक्नेभन्दा ज्यादै बढ्ता काम उसले गऱ्यो, र म केवल यति भन्न सक्छु कि जैलेसम्म म बाँच्छु मेरो नाउँ मात्रको पिता, बिलालीको ज्यादै स्नेहपूर्ण संझनालाइ दिलमा स्थान दिनेछु।

उसले भनेबमोजिम, विहानको खाना खाएर, हामी डोली चढी बाटो लाग्यौं। आफ्नो लामो आरामी र निद्रापछि शारीरिक हिसाबले हामी झण्डै ज्यूँका त्यूँ भइसकेका थियौं। हाम्रो मनको अवस्थाचाहिं अनुमानको भरमा मैले छोड्नुपर्छ।

त्यसपछि हामी डरलाग्दो भीर चढ्न थाल्यौं। कहिलेकहीं उकालो प्राकृतिक थियो, धेरै ठाउँमा, निस्सन्देह, कोरका प्राचीन वासिन्दाहरूले अगाडि जस्तो आयो उस्तै काटी बनाएको नागबेली बाटो थियो। अमाहगरको कुराबाट उनीहरू आफ्ना जगेडा गाई बाखाहरूलाई वर्षको एक पटक त्यसको पारीपट्टि चराउनालाई यो बाटो लान्छन्; तर यो कुरा साँचो हो भने, ती गाई बाखाहरू असामान्य फूर्तिला हुनुपर्छ। निःसन्देह ती डोलीहरू यहाँ काम लाग्दैनथे, उसैले हामीलाई हिंड्नै कर लाग्यो।

तर मध्याह्नमा, हामी ढुङ्गाको त्यो अजङ्को पर्खालको ठूलो मुण्डा भन्ज्याङमा पुग्यौं, त्यसबाट देखिने दृश्य वास्तवमा भारी थियो। एकापट्टि कोरको मैदान, जसको बीचमा हामी सत्यको मन्दिरका लट्ठावाल भग्नावशेषलाई सफासँग छुट्ट्याउन सक्थ्यौं, अर्कोपट्टिचाहिं सीमारहित र न्याय्रोलाग्दो भास थियो। निःसन्देह नै ज्वालामुखीको मुखको एक पटक बिट बनेको ढुङ्गाको यो पर्खाल अन्दाजी डेढ माइल मोटो ठहरियो, र अझै

गिरिस्रावको रासले ढाकिएको थियो। यहाँ केही पनि उम्रेको थिएन; तर कतै कतै केही खाल्टो भएको ठाउँमा, बीचबीचमा पानीका दहको दृश्यले आँखाको पट्टन्याइ माथ्यौं, किनभने हाल-सालै पानी परेको थियो। यो अजङको भित्ताको मुन्डा टाकुरा-माथि हामी उक्ल्यौं, अनि हाम्रो बाटो ओह्रालो लाग्यो, उकालो जस्तो गाह्रो नभए तापनि, त्यो ज्यादै ठाडो थियो, उसैले सूर्यास्त नभई त्यो ओह्रालो काट्न सकिएन। जे भए तापनि, त्यो रात तलको भासमा गएको फराकिलो सलामीमा हामी निर्विघ्नपूर्वक वास बस्यौं।

भोलिपल्ट बिहान, करीब ११ बजे, मैले अघिबाटै बयान गरेको त्यो भयंकर धापिलो फाँटको बीचबाट हाम्रो डरलाग्दो यात्रा शुरू भयो।

पूरापूर तीन दिनसम्म, दुर्गन्ध, हिलो, र जरोको सबै-लाई व्याप्त गर्ने गन्धमा हाम्रा डोलेहरू परिश्रमसाथ हिंडे। आखिरमा, त्यो साह्रै उच्चाटलाग्दो, र अगुवा नभएको भए बिलकुलै जान नसकिने हातापारी हामी, सबै किसिमका जन्तु-हरू भएको, तर बिलकुलै खनजोत नगरेको, र धेरैजसो रूख नभएको गह्रा गह्रा परेको खुला जमीनमा आइपुग्यौं। यहाँ भोलिपल्ट बिहान, केही दिक्क मानेर हामी बूढो बिलालीसित बिदा भयौं। उसले आफ्नो सफेद दाह्री मुसारेर हामीलाई गंभीरतापूर्वक आसीक दियो।

उसले भन्यो, 'बिदा, मेरो छोरा बबून, अनि ए सिंह, तिमीसँग पनि म बिदा हुन्छु। यसभन्दा बढ्ता तिमीहरूलाई मदत दिन सक्तिनँ। तर केही गरी आफ्नो मुलुकमा पुग्यौ भने, मेरो सल्लाह मान, फेरि कहिले पनि आफूले थाहा नपाएको मुलु-कमा जान साहस नगरे, नत्र तिमी कहिले पनि फर्कन पाउने-

छैनौ, बरु आफ्ना यात्राको हद जनाउन आफ्ना सेता हाड छोड्नेछौ। फेरि बिदा; अक्सर म तिमीहरूलाई संझनेछु; न तिमी मलाई बिर्सनेछौ, मेरो बबून, किनभने तिम्रो अनुहार नराम्रो भए तापनि तिम्रो दिल सच्चा छ।' त्यसपछि उ फर्केर गयो, उसको साथसाथ ती अग्ला र घोसे अनुहार भएका डोलेहरू पनि गए। आखिरमा हामीले असाहगर देखेको त्यहीं हो। हामीले लडाइँबाट मरेका मानिसलाई बोकेर लगेको लास जस्तै आफ्ना रित्ता डोली बोकेर नागबेली परी गएका उनीहरूलाई हेर्‍यौं। आखिरमा भासको हुस्सुले वरिपरि जम्मा भएर उनीहरूलाई लुकायो, त्यसपछि, अजङ्को बाँझो जग्गामा बिलकुलै छोडिएका हामी फर्क्यौं, आफ्नो चारैतिर र परस्परलाई हेर्‍यौं।

तीन हप्ताअगाडि कोरका भासमा ४ जना मानिस पसेका थियौं, अहिले हामीमध्ये दुइ जना मरे, बाँचेका हामी यस्तो अनौठो र भयंकर घटना र अनुभवमा परेका थियौं कि मृत्युकै पनि त्यसभन्दा बढ्ता डरलाग्दो अनुहार छैन। तीन हप्ता— केवल तीन हप्ता! साँच्चि नै समयलाई घटनाले नाप्नुपर्छ, घण्टाको बिताइले होइन। आफ्नो डुंगामा हामी पक्रिएका ३० वर्ष भए जस्तो लाग्यो।

मैले भनें, 'हामी ज्याम्बीजितर्फ लाग्नुपर्छ, लिओ, तर हामी त्यहाँ पुग्न सक्छौं सक्तैनौं ईश्वरलाई थाहा छ।'

लिओले टाउको हल्लायो; उ केही दिनदेखि निकै चुपचाप लागेर वस्ने भएको थियो। उसैले आफूले लाएको लुगा, दिक्सूचक यन्त्र, पिस्तौल, एक्सप्रेस बन्दूक, र अन्दाजी दुइसय गोलीबाहेक केही नलिएर हामी रमाना भयौं, र यस किसिमले गौरवशाली र शाही कोरका प्राचीन भग्नावशेषमा हाम्रो यात्राको इतिहास खतम भयो।

त्यसपछि हामीलाई भएको घटना र खतराको हकमा, अनौठो र फरक फरक भए तापनि, गौड गरेपछि तिनीहरूलाई यहाँ नलेख्ने निश्चय गरें । यी पृष्ठहरूमा अझसम्म नभएको भन्ने मलाई पत्यार परेको घटनाको छोटो र सफा वयान मात्र दिन्छु । मैले यसो गरेको तुरुन्तै प्रकाश गर्ने विचारले होइन, तर मेरो मगजमा आलै हुँदा हाम्रो सफर र यसका परिणामको विवरण लेखिहालूँ भनेर मात्र हो । ती वयानलाई प्रकाश गर्ने हामीले कुनै दिन निश्चय गर्‍यौं भने तिनीहरू संसारलाई मज्जा लाग्ने हुनेछन् भन्ने मेरो विश्वास छ । तर, हाम्रो संयुक्त जीवन रहेसम्म यसलाई प्रकाश गर्ने हाम्रो वर्तमान विचार छैन ।

अरू कुराको हकमा, मध्य अफ्रिकाका धेरै जात्रुको अनुभवसँग मिल्ने हुनाले सर्वसाधारणलाई यो चाखलाग्दो छैन । यति भने पुग्छ, पत्याइनसक्नु कठिनता र अभाव भोगी हामी ज्याम्बीजिमा पुग्यौं । त्यो हामीले विलालीलाई छोडेको ठाउँबाट अन्दाजी १७० माइल दक्खिनमा रहेछ भन्ने थाहा पाइयो । त्यहाँ एउटा जंगली जातिले, मुख्य गरी लिओको जवानी चेहरा र वरफ जस्तो सेतो केशले गर्दा, हामीलाई अतिप्राकृतिक जीव ठानेर ६ महीनासम्म कैद गर्‍यो । यी जातिबाट हामी उम्केर ज्याम्बीजि तरी दक्खिनतिर लाग्यौं । यहाँ भोकले मर्न लागेकै वेलामा साह्रै ठूलो भाग्यले हामीले ठिमाहा पर्चुगीज शिकारीलाई भेट्यौं । त्यो शिकारी हात्तीको बथानपछिपछि लागी यसभन्दा अगाडि आफू कहिले नगएको भित्रसम्म पसेको थियो । त्यस मान्छेले हामीलाई साह्रै मानमिजास गर्‍यो र, असंख्य दुःख र दुर्घटनापछि, आखिरमा, उसको मदतले, कोरको धापमा पसेको समयदेखि १८ महीनाभन्दा बढ्तामा, हामी डेलगोअ खाडीमा पुग्यौं, अनि दोस्रो दिन उत्तमाश

अन्तरीपबाट इङ्ल्याण्डमा वेपार गर्ने अग्निबोटहरूमध्ये एउटा-लाई भेट्टाउनेसम्मका भाग्यमानी बन्यौं । हाम्रो घरतर्फको यात्रा साह्रै अनुकूलको थियो, हाम्रो बौलट्टी र देख्ताखेरि हाँस-उठ्तो खोजीमा हामी रमाना भएको मितिदेखि ठीक २ वर्षमा साउथ्याम्प्टनको बन्दरगाहमा हामीले खुट्टा राख्यौं । अन्दाजी २२ वर्षअगाडि मेरो पुरानो मित्र भिन्सि आफ्नो मृत्युको स्मरणीय रातमा फलामको सन्दूस बोकेर धुनमुनाउँदै आएकै, मेरो कलेजको पुरानो कोठामा मेरो कुममा लिओले अडेस लाग्दा अहिले म यी पछिल्ला शब्द लेख्छु ।

विज्ञान र बाहिरी संसारसँग संबन्ध भएसम्मसा यो इतिहास यहाँ टुङ्गिन्छ। लिओ र मेरो हकमा यसको अन्त के हुन्छ त्यो मैले अन्दाज गर्न सक्नुभन्दा बढ्ता छ। तर त्यहाँ अझ पुगेका छैनौं भन्ने हामीलाई लाग्छ। २००० वर्षभन्दा अगाडि शुरू भएको कथा अस्पष्ट र टाढाको भविष्यतामा धेरै पर सम्म लम्बिन सक्तछ।

लिओ साँच्चि नै शिलालेखले भनेको त्यो प्राचीन क्यालि-क्रटीजको पुनर्जन्म हो ? अथवा आश्शा कुनै वंशानुगत सादृश्य-ले ठगिएकी हुन् ? अर्को प्रश्न : पुनर्जन्मको यो खेलमा, अस्टेन-को धेरै समय अगाडिको अमेनर्टससित केही संबन्ध थियो? अरू विषयमा जस्तै यी विषयमा पनि पाठकले आफ्नो राय कायम गर्नुपर्दछ। मेरो राय त यो छ, लिओको हकमा शीले भूल गरेकी होइनन् ।

अक्सर म मेरो मनको आँखाले नजन्मेको समयको कालिमामा ट्वालट्वालति हेरेर, कुन आकार र रूपमा त्यो ठूलो नाटकको आखिरमा विकाश होला, र कहाँ यसको अंकको दृश्य राखिएला भन्ने ठानी, राती एकलै बस्छु। अनि, जब, आखिरमा,

त्यो कहिले डेग नचल्ले भाग्य र कहिले नबदलिने अभिप्रायको आज्ञा मानेर, हुनैपर्छ र हुन्छ भन्ने मलाई शंकै नभएबमोजिम, त्यो अन्तिम विकारा हुँदा, जसको प्रेमको लागि पुरोहित क्यालिक्रटीजले आइसिस देवीप्रतिको शपथ भंग गर्‍यो, र अपमानित देवीको निष्ठुर बदलाले लगारिएर कोरमा दुर्दशा भोग्न लिबियाको तीरउँधो भागेथ्यो, फेरोका राजवंशकी त्यो शाहजादी सुन्दरी मिश्रदेशीय अमेनर्टसले कुन पाठ लेली ?

॥ इति ॥

KIRAN

223
2041 92 29